विद्यावारिधि

यथार्थवादी नेपाली कथामा शक्तिसम्बन्ध - नरेन्द्रप्रसाद कोइराला

२०८१

# यथार्थवादी नेपाली कथामा शक्तिसम्बन्ध

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र

सङ्कायअन्तर्गत नेपाली विषयमा विद्यावारिधि

उपाधि प्राप्त गर्ने प्रयोजनका लागि

प्रस्तुत

## शोधप्रबन्ध

शोधकर्ता

नरेन्द्रप्रसाद कोइराला

त्रि.वि. दर्ता नं. २०८/०५१

२०८१ मार्ग

# यथार्थवादी नेपाली कथामा शक्तिसम्बन्ध

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली विषयमा विद्यावारिधि
उपाधि प्राप्त गर्ने प्रयोजनका लागि
प्रस्तुत

## शोधप्रबन्ध

**शोधकर्ता**
नरेन्द्रप्रसाद कोइराला
त्रि.वि. दर्ता नं. २०८/०५१

२०८१ मार्ग

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयमा विद्यावारिधि उपाधि हासिल गर्ने प्रयोजनका लागि श्री नरेन्द्रप्रसाद कोइरालाले *यथार्थवादी नेपाली कथामा शक्तिसम्बन्ध* शीर्षकको प्रस्तुत शोधप्रबन्ध निकै परिश्रमपूर्वक तयार पार्नुभएको हो । यो शोधार्थी कोइरालाको मौलिक कार्य हो । हामी उहाँको शोधकार्यप्रति सन्तुष्ट छौँ र यसको आवश्यक मूल्याङ्कन प्रक्रिया अगाडि बढाइदिनका लागि त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डिनको कार्यालयअर्न्तगतको विद्यावारिधि तहको अनुसन्धान समितिसमक्ष सिफारिस गर्दछौँ ।

..................................

प्रा.डा. रमेशप्रसाद भट्टराई

शोधनिर्देशक

...............................

डा. नेत्रमणि सुवेदी

सहशोधनिर्देशक

मितिः २०८१/१०/०८

# प्रतिबद्धता पत्र

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र सङ्काय डिनको कार्यालयमा विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत *यथार्थवादी नेपाली कथामा शक्तिसम्बन्ध* शीर्षकको यो शोधप्रबन्ध मैले मेरा शोधनिर्देशक र शोधविशेषज्ञको निर्देशनमा रही सम्पन्न गरेको पूर्णतः मौलिक कार्य हो । मैले यस शोधप्रबन्धको लेखनका क्रममा विभिन्न स्रोतहरूबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु र ती सबैप्रति कृतज्ञ पनि छु । यस शोधप्रबन्धमा प्रस्तुत निष्कर्षलाई मैले यसअघि कहीँ पनि कुनै उपाधि अथवा अन्य प्रयोजनका निम्ति प्रस्तुत गरेको छैन । यस शोधप्रबन्धको कुनै पाठ वा अंश पुस्तक वा पुस्तकको अंशका रूपमा प्रकाशित गरे गराएको छैन । मैले यहाँ प्रस्तुत गरेको यो प्रतिबद्धताका विरुद्ध कुनै प्रमाण भेटिए म त्यसप्रति पूर्णतः जिम्मेवार हुने छु ।

..........................

शोधकर्ता

नरेन्द्रप्रसाद कोइराला

मितिः २०८१/१०/०८

# कृतज्ञताज्ञापन

*यथार्थवादी नेपाली कथामा शक्तिसम्बन्ध* शीर्षकको शोधप्रबन्ध विद्यावारिधि उपाधिका लागि तयार गरिएको हो । प्रस्तुत शोधप्रबन्धमा यथार्थवादी नेपाली कथाहरूमा भएको शक्तिसम्बन्धको विश्लेषण गरिएको छ । त्यस क्रममा वर्गीय, लैङ्गिक, जातीय र प्रतिरोधात्मक शक्तिसम्बन्धका दृष्टिबाट कथाहरूको विश्लेषण गरी समग्र निष्कर्ष निकालिएको छ ।

प्रस्तुत शोधकार्य मैले आदरणीय गुरु प्रा.डा. रमेशप्रसाद भट्टराईको कुशल निर्देशनमा तयार पारेको हुँ । खोज अनुसन्धान जस्तो गहन र जटिल कार्यमा आरम्भदेखि कार्य सम्पादनसम्म स्नेहपूर्वक उत्साहित बनाउँदै आफ्ना सल्लाह, सुझावसहित उचित निर्देशन गराउनुभएकामा उहाँप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यस शोधकार्यमा विषय विशेषज्ञका रूपमा प्राज्ञिक सल्लाह, सुझाव दिँदै आवश्यक सहयोग गर्नुहुने आदरणीय गुरु सहशोधनिर्देशक डा. नेत्रमणि सुवेदीज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

शोधप्रबन्ध सम्पन्न हुने अवधिसम्म मलाई हौसला प्रदान गर्नुहुने जनमैत्री बहुमुखी क्याम्पसका आदरणीय क्याम्पस प्रमुख भोलानाथ ओझा र सहकर्मी मित्रहरू, विद्यार्थी साथीहरू, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय डिनको कार्यालयका पदाधिकारीहरू तथा सम्पूर्ण कर्मचारीहरू, बुबा हरिप्रसाद कोइराला, श्रीमती जानुका प्रसाईंलगायत सम्पूर्णलाई आभार प्रकट गर्दछु । प्रस्तुत शोधप्रबन्ध छिटो सक्न घच्घच्याउनुहुने यादवप्रसाद लामिछाने, वेदराज केसी, मीरा प्रधान, पद्मप्रसाद खतिवडा, दिलनाथ दङ्गाल, विष्णु ज्ञवालीलगायत सम्पूर्ण सहयोगी मित्रहरूलाई आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा सन्दर्भसामग्री ग्रन्थहरू उपलब्ध गराएर सहयोग पुऱ्याउने जनमैत्री बहुमुखी क्याम्पस पुस्तकालय, त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, मदन पुस्तकालय, वाल्मीकि विद्यापीठ पुस्तकालय, डिल्लीरमण पुस्तकालय, केशर पुस्तकालय, नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र, नेपाल राष्ट्रिय पुस्तकालय, नेपाल प्रज्ञाप्रतिष्ठान पुस्तकालय, काठमाडौँ उपत्यका सार्वजनिक पुस्तकालय, नेपाल भारत सांस्कृतिक केन्द्र पुस्तकालय तथा साहित्यकार गायत्री विष्ट, विनोद कार्की, लालबहादुर जिसी, विष्णु जिसी, गोविन्द लुइँटेल, सुवास काफ्ले, राम पौडेल, टीकादत्त सुवेदी, कुलबहादुर राना, नेत्र ज्ञवाली, शिवराज सञ्जेल, साहित्यकार भवानी घिमिरे प्रतिष्ठान, हरिप्रसाद तिमल्सिना, गोकर्ण ज्ञवाली लगायत जनमैत्री बहुमुखी क्याम्पस नेपाली तथा आमसञ्चार विभागका सबै सहकर्मी मित्रहरूप्रति आभारी छु ।

प्रस्तुत शोधकार्य गर्नका लागि मलाई अवसर मिलाइदिने त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग र मानविकी तथा सामाजिक शास्त्र सङ्काय डिनको कार्यालयका सबै व्यक्तित्वहरूलाई कृतज्ञताज्ञापन गर्दछु । शोधप्रबन्ध सम्पन्न गर्नका लागि सहज बनाइदिने सम्बन्धित विद्वान्हरू, विभिन्न ग्रन्थका ग्रन्थकार, समालोचक, सम्पादकलगायतका व्यक्तित्वहरू तथा यस शोधप्रबन्धको

सन्दर्भग्रन्थका रूपमा लिएका सम्पूर्ण ग्रन्थकारहरूप्रति कृतज्ञता प्रकट गर्दछु । यो शोधकार्य गर्नका लागि छात्रवृत्ति प्रदान गरी आवश्यक आर्थिक सहयोग जुटाइदिने विश्वविद्यालय अनुदान आयोग र उक्त कार्यमा प्रत्यक्ष सहयोग गर्नुहुने विषयविज्ञ आदरणीय गुरुहरू प्रा.डा. महादेव अवस्थी र प्रा. केशवप्रसाद सुवेदीज्यूहरूप्रति सधैँ आभारी रहने छु । शोधप्रबन्धको टङ्कणकार्य गरेर सहयोग पुऱ्याउनुहुने मित्रहरू भीष्मराज पौडेल र रामकृष्ण महर्जनप्रति आभारी छु । समग्रमा प्रस्तुत शोधप्रबन्ध तयारीको आरम्भदेखि सम्पन्न हुने अवधिसम्म विभिन्न ढङ्गले सहयोग पुऱ्याउनुहुने सम्पूर्णमा हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

अन्त्यमा प्रस्तुत शोधप्रबन्धलाई आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालयसमक्ष प्रस्तुत गर्दछु ।

...........................

मिति: २०८१/१०/०८

शोधकर्ता

नरेन्द्रप्रसाद कोइराला

दर्ता नं. २०८

# शोधसार

समाजमा विद्यमान वर्गीय, लैङ्गिक र जातीय विशेषताका कारण कला साहित्यमा पनि उक्त अवस्थाको प्रतिबिम्बन हुन आउँछ । त्यसले समाजमा रहेको शक्तिको प्रयोगको अवस्थालाई वास्तविक ढङ्गले प्रस्तुत गरिरहेको हुन्छ । देश, काल र परिस्थितिका सापेक्षतामा हुने यस प्रकारको अवस्थालाई विश्लेषण गर्ने सांस्कृतिक अध्ययनको एउटा पक्ष शक्तिसम्बन्ध हो । यथार्थवादी नेपाली कथाको रचना परम्परालाई हेर्दा गुरुप्रसाद मैनालीको 'नासो' (१९९२) कथाले निर्माण गरेको पृष्ठभूमिमा पूर्णदास श्रेष्ठको *धानको बाला* (२००१), पूर्णप्रसाद ब्राह्मणको *एक्काईस कथा* (२००३), कृष्णप्रसाद चापागाईंको *टुक्राटाक्री* (२००८), कृष्णबम मल्लको *गुरुजीको मलामी* (२००९), कवीन्द्रमान सिहंको *विरहिणी* (२०१०), गोविन्दप्रसाद लोहनीको *नेतृत्वको भोक* (२०१०), कोशराज रेग्मीको *को अटेरी* (२०११) हुँदै क्रमशः सबल बन्दै अघि बढेको देखिन्छ । यथार्थवादी नेपाली कथा लेखन परम्पराको निरन्तरतामा फड्को मार्दै रमेश विकलको *नयाँ सडकको गीत* ( २०१९) कथासङ्ग्रहको प्रकाशनसँगै लगभग छ दर्जन कथासङ्ग्रहहरूका साथमा पूर्णता प्राप्त गरेको छ । प्रस्तुत शोधप्रबन्धमा यही समयावधि (१९९२-२०१९)मा प्रकाशित यथार्थवादी नेपाली कथाहरूलाई नै शोध्यविषय वा शोधको क्षेत्र बनाइएको छ । यस अवधिमा सिर्जना भएका यथार्थवादी नेपाली कथामा शक्तिसम्बन्धको अवस्था के कस्तो रहेको छ भन्ने प्राज्ञिक जिज्ञासा नै प्रस्तुत शोधकार्यको प्रमुख शोध समस्याका रूपमा रहेको छ ।

यस शोधप्रबन्धमा वर्गीय, लैङ्गिक र जातीय दृष्टिले सबल रहेका यथार्थवादी नेपाली कथाहरूलाई मात्र विश्लेष्य कृति मानिएको छ । यस प्रकारका कथाहरूको रेखाङ्कन तथा सर्वेक्षण र विश्लेषणका क्रममा वर्गीय सम्बन्ध, वर्गचेतना, वर्गहित, वर्गीय विभेद, दमन र शोषणलाई आधार मानिएको छ । लैङ्गिक सम्बन्ध, पितृसत्ता अनि लैङ्गिक विभेद, दमन र शोषण लैङ्गिक शक्तिसम्बन्धका लागि कथाहरूको छनोट र विश्लेषणको आधार बनाइएको छ । त्यसैगरी जातीय शक्तिसम्बन्ध मूलस्वर भएका कथाहरूको छनोट र विश्लेषणका लागि जातीय सम्बन्ध, जातीय विभेद अनि जातीय दमन र शोषणलाई आधार बनाइएको छ । यिनै आधारहरूको प्रयोग र उपस्थिति तुलनात्मक रूपले सबल रहेका निर्धारित अवधिभित्रका कथाहरूलाई नै प्रतिनिधि मानी विवेच्य बनाइएको छ । यसरी हेर्दा वर्गीय शक्तिसम्बन्धको विश्लेषणका लागि तेह्रओटा, लैङ्गिक शक्तिसम्बन्धको विश्लेषणका लागि दसओटा र जातीय शक्तिसम्बन्धको विश्लेषणका लागि आठओटा कथाहरूलाई उद्देश्यमूलक नमुना छनोट विधिका माध्यमबाट चयन गरिएको छ । यसरी चयन र विश्लेषण गरिएका सबै कथाको प्रतिशोधात्मक शक्तिसम्बन्धको विश्लेषण गरिएको छ । यस शोधप्रबन्धभित्र यिनै जम्मा एकतिस ओटा कथाहरूलाई प्रतिनिधि कथाका रूपमा लिई विश्लेषण गरिएको छ । यी कथाहरूले निर्धारित अवधिका यथार्थवादी नेपाली कथाहरूमा भएको शक्तिसम्बन्धको सम्यक् प्रतिनिधित्व गर्ने सामर्थ्य राख्दछन् ।

प्रस्तुत शोधकार्यमा सङ्कलित सामग्रीको विश्लेषणका लागि सांस्कृतिक अध्ययनअन्तर्गतको शक्तिसम्बन्धको सिद्धान्तलाई प्रमुख आधार मानिएको छ । परिवार, स्थानीय क्षेत्र र केन्द्रिय सत्तासम्म शासक र अधीनस्थ समुदायका पात्रहरूले एकआपसमा गर्ने शक्तिको प्रयोगको अवस्था

नै वास्तवमा शक्तिसम्बन्ध हो । यसमा शक्तिसम्बन्धअन्तर्गतका विभिन्न मान्यतामध्ये वर्गीय, लैङ्गिक, जातीय र प्रतिरोधात्मक शक्तिसम्बन्धलाई मुख्य आधार बनाइएको छ । त्यसकारण शक्तिसम्बन्धको मान्यताका आधारमा कथा अध्ययनको प्राज्ञिक समस्याको समाधान खोजिएको हुनाले शोधका लागि मूलतः पाठ विश्लेषणात्मक, वर्णनात्मक र व्याख्यात्मक विधिको उपयोग गरिएको छ ।

यस शोधकार्यमा शक्तिसम्बन्धी अवधारणाको प्राज्ञिक समाधानका लागि कार्ल मार्क्स, एन्टोनियो ग्राम्ची, मिसेल फुकोका सैद्धान्तिक मान्यताको प्रमुख रूपमा उपयोग गरिएको छ । नमुना छनोटमा परेका कथाहरू वा सामग्री सङ्कलनका क्रममा प्राप्त भएका सबै तथ्यहरूलाई विश्लेषण गर्नका लागि प्रभुत्व, ज्ञान, शक्ति र सत्य अनि प्रतिरोध सिद्धान्तहरूको सहयोग लिइएको छ ।

यथार्थवादी धाराका विश्लेष्य कथाहरूमा शासक वर्गको दमन र शासित समुदायको प्रतिरोध उल्लेखनीय रूपमा रहेको छ । प्रतिरोधको मात्रा, कोण, धरातलका माध्यमबाट शासक र शासित समुदायका बिचको शक्तिसम्बन्ध निर्देशित हुने हुनाले प्रस्तावित शोधकार्यको उद्देश्य प्राप्त गर्न कथाहरूको विश्लेषणका लागि यिनै आधारहरू प्रमुख हुन् । यिनै आधारहरूको उपयोग गरी यथार्थवादी नेपाली कथामा अभिव्यक्त अधीनस्थ समुदायको प्रतिरोधका कारण निर्मित शक्तिसम्बन्धलाई विश्लेषण गरिएको छ ।

वर्गीय, जातीय, लैङ्गिक र प्रतिरोधात्मक शक्तिसम्बन्धको सिद्धान्तलाई मूल आधार मानी १९९२ देखि २०१९ सम्मका यथार्थवादी धाराका जम्मा ५१ जना कथाकारहरूको ४९८ ओटा कथाहरूको सर्वेक्षण गरिएको छ । सर्वेक्षण गरिएका कथाहरूमध्ये जम्मा ९९ ओटा कथाहरूमा शक्तिसम्बन्धको सघन प्रस्तुति भएको पाइन्छ । यिनै कथाहरूमध्येबाट सोद्देश्य नमुना छनोट गरी जम्मा ३१ ओटा कथाहरू विश्लेषणका लागि चयन गरिएको छ । यथार्थवादी नेपाली कथाहरूमा उच्च र निम्नवर्ग, नारी र पुरुष अनि उच्च र निम्नजातका बिचको शक्तिसम्बन्ध सघन रूपमा प्रस्तुत गरिएको छ र त्यसलाई तत्कालीन समाजमा विद्यमान सामन्तवादी शासन व्यवस्था, परम्परागत वर्णव्यवस्था र पितृसत्ताका आधारमा निर्मित विमर्शात्मक संरचनाका माध्यमबाट अभिव्यक्त गरिएको छ ।

यथार्थवादी नेपाली कथाहरूमा सामन्तवादी शासन व्यवस्थाबाट निर्देशित विमर्शात्मक संरचनाबाट प्राप्त शक्तिलाई प्रयोग गरी उच्चवर्गले निम्नवर्गको श्रमको शोषण गरेको, जालझेल र षड्यन्त्र गरी जायजेथा हडपेको, हत्या गरेको, शारीरिक र मानसिक पीडा दिएको, जेल हालेको, अपमान र घृणा गरेको हुनाले वर्गीय सम्बन्धले शत्रुतापूर्ण स्वरूप धारण गरेको छ । त्यसकारण यस धाराका कथामा शक्तिसम्बन्ध असन्तुलित बनेर निम्नवर्गको जीवन अधीनस्थ अवस्थामा पुगेको छ । 'नुनको साझो', 'सहीको सही', 'शान्तिको खोजमा', 'विदा', 'तोर्मे' जस्ता कथाहरूमा यसप्रकारको प्रवृत्ति पाइन्छ । सामन्तवादबाट निर्देशित विमर्शात्मक संरचनाका आधारमा निर्मित ज्ञानको प्रसारण तथा विस्तारका कारण निम्नवर्गमा आत्मबोधसहितको वर्गचेतनाको उदय हुन नसकेको, ढिलो भएको तथा वर्गचेतना नै विभाजित भएका कारणले उच्चवर्गको शक्ति विस्तार

हुँदा वर्गीय शक्तिसम्बन्ध असन्तुलित बन्न पुगेको छ । यसले उच्चवर्गलाई दमनकारी र निम्नवर्ग दमित अवस्थामा स्थान तय गरिदिएको हुनाले निम्नवर्गको अवस्था पीडादायी बनेको छ । 'खेतीको फल', 'तेसू खोलो', 'शान्तिको खोजमा', 'लाहुरी भैँसी', 'तोर्मे' जस्ता कथाहरूमा यसप्रकारको प्रवृत्ति पाइन्छ ।

निम्नवर्गमा भएको कमजोर वर्गचेतनाकै कारण उनीहरूका कार्य र व्यवहारबाट उच्चवर्गको हितमा सघाउ पुगेको हुनाले वर्गीय शक्तिसम्बन्धमा असन्तुलन आएको छ । त्यसले निम्नवर्गको जीवनलाई थप कष्टकर बनाउने कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष ढङ्गबाट सहयोग गरेको छ । 'नुनको सोझो', 'सहीको सही', 'शान्तिको खोजमा', 'तोर्मे' जस्ता कथाहरूमा यसप्रकारको प्रवृत्ति पाइन्छ । तत्कालीन समाजमा स्थापित सामन्तवादी स्वरूपको विमर्शात्मक संरचनाका कारण ज्ञानका क्षेत्रमा, उत्पादनका साधनमा, वितरण प्रणालीमा, सामाजिक न्यायमा, सत्तासँगको सम्बन्धमा सबैतिर नै उच्चवर्गको मात्र वर्चस्व स्थापित भएको हुनाले निम्नवर्गमाथि चरम विभेद, दमन र शोषण भएको हुनाले वर्गीय शक्तिसम्बन्ध असन्तुलित हुन पुग्दा निम्नवर्गको जीवन अधीनस्थ अवस्थाबाट मुक्त हुन सकेको छैन । 'दाङका थारू', 'सहीको सही', 'शान्तिको खोजमा', 'झोपडीको आँसु', 'साह्रोगाह्रो र छेकोभाँजो' जस्ता कथाहरूमा यसप्रकारको प्रवृत्ति पाइन्छ । यस अध्यायमा विश्लेषण गरिएका कथाहरूमध्ये 'लाहुरी भैँसी', 'दाङका थारू', 'तेसू खोलो' र 'सत्यको बाटो' उत्कृष्ट छन् ।

यथार्थवादी धाराका विश्लेषित कथाहरूमा नारीलाई सन्तान जन्माउने साधनका रूपमा उपयोग गरेर, यौनचाहना परिपूर्तिका लागि प्रयोग गरेर, विधवा अवस्थामा अपमान र घृणा गरेर, भोग र आम्दानीको माध्यम बनाएर, बिक्रीको वस्तु बनाएर, श्रमको शोषण गरेर, शारीरिक र मानसिक यातना दिएर पुरषले चरम अन्याय गरेको हुनाले लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बनेको देखिन्छ । यसले नारीको जीवनलाई निरुपाय अवस्थामा पुऱ्याएर पुरुषलाई सर्वशक्तिमान् बनाउन निर्णायक भूमिकाको निर्वाह गरेको छ । 'समाजको अंचलमा', 'दोषी को ?', 'नासो' जस्ता कथाहरूमा यसप्रकारको प्रवृत्ति पाइन्छ । विश्लेषित सबै कथाहरूमा लैङ्गिक हिंसालाई पितृसत्ताका माध्यमबाट वैधता प्रदान गरिएको छ । त्यसका लागि नारीलाई उत्पादनका साधन, सामाजिक न्याय, पारिवारिक, सामाजिक र केन्द्रीय सत्तासँगको सम्बन्ध, अवसर आदि जीवनका सबै महत्त्वपूर्ण क्षेत्रबाट विमुख गराएर अनि रूढि र अन्धविश्वासका आधारमा निर्मित ज्ञानको प्रयोग गरेर एक्ल्याइएको हुनाले लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बनेको छ । 'छोरीको जात', 'दोषी को ?', 'त्यो पहाडी कन्या' जस्ता कथाहरूमा यसप्रकारको प्रवृत्ति पाइन्छ । तत्कालीन समाजमा रहेको विभेदकारी पितृसत्ता र सामन्तवादी शासन व्यवस्थाबाट निर्देशित विमर्शात्मक संरचनाका आधारमा पुरुषका सापेक्षतामा मात्र नारीको मूल्य र महत्त्व स्थापित गरी नारीमाथि चरम विभेद, दमन र शोषण गरिएको हुनाले लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बन्न पुगी नारीको जीवन पीडाग्रस्त भएको छ । 'जिम्मावारी कसको ?', 'कैली', 'दुई रुपियाँ नोट' जस्ता कथाहरूमा यसप्रकारको प्रवृत्ति पाइन्छ । लैङ्गिक शक्तिसम्बन्धका दृष्टिबाट अध्ययन गरिएका कथाहरूमध्ये 'दुई रुपियाँ नोट', 'छोरीको जात' र 'जिम्मावारी कसको ?' उत्कृष्ट रहेका छन् ।

यथार्थवादी धाराका विश्लेषित कथाहरूभित्र वर्णव्यवस्थाबाट निर्देशित विमर्शात्मक संरचनाका आधारमा शक्ति प्राप्त गरी उच्चजातले निम्नजातको जीवनमा सधैँ समस्या मात्र सिर्जना गर्ने कार्य गरेको हुनाले जातीय सम्बन्धले शत्रुतापूर्ण स्वरूप धारण गरेको छ । 'दमाई', 'पापको परिणाम', 'हली' जस्ता कथाहरूमा यस प्रकारको प्रवृत्ति पाइन्छ । मानिसको प्राकृतिक जातलाई उपेक्षा गरी समाजद्वारा निर्मित विभेदकारी जातकै आधारमा उच्चजातले निम्नजातलाई सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक क्षेत्रबाट एक्ल्याएर अत्यन्त घृणा तथा अपमान गरेको हुनाले विश्लेषित कथाहरूभित्र जातीय सम्बन्धको सुमधुर स्वरूप निर्माण हुन सकेको छैन । 'वीरेकी आमा', 'पापको परिणाम', 'सार्की' जस्ता कथाहरूमा यसप्रकारको प्रवृत्ति पाइन्छ ।

विश्लेषित कथाहरूभित्र जातलाई नै आधार बनाई राज्यका स्रोतसाधनबाट विमुख गराएर, उत्पादनका साधनमाथिको स्वामित्व खोसेर, यौनको शोषण गरेर, अपमान तथा घृणा गरेर, छुवाछुतजस्तो जघन्य अपराध गरेर, वैवाहिक सम्बन्धमा रोक लगाएर, सामाजिक वञ्चितीकरणमा पारेर, धार्मिक कार्यमा बिटुलो बनाएर, ज्यादै क्रुरतापूर्वक सजाय वा यातना दिएर, अत्यन्त तल्लोस्तरको भाषाको प्रयोग गरेर उच्चजातले निम्नजातमाथि गरेको विभेदलाई वर्णव्यवस्थाबाट निर्देशित विमर्शात्मक संरचनाका माध्यमबाट वैधता प्रदान गरिएको छ । 'को अटेरी ?', 'ऊ रुन थाल्यो', 'हली ' जस्ता कथाहरूमा यसप्रकारको प्रवृत्ति पाइन्छ । निम्नजातको जायजेथामाथि कब्जा जमाएर, सामाजिक र शैक्षिक बहिष्करणमा पारेर, अमानवीय स्वरूपको सजाय दिएर, जालझेल गरी सम्पत्ति हडपेर, श्रमको शोषण गरेर, अपमान तथा घृणा गरेर, पुर्ख्यौली थातथलो छोड्न विवश बनाएर उच्चजातले गरेको दमन र शोषणलाई वर्णव्यवस्थाबाट निर्देशित विमर्शात्मक संरचनाले वैधता प्रदान गरेको हुनाले जातीय शक्तिसम्बन्ध असन्तुलि हुन गई निम्नजातको जीवन समस्याग्रस्त बनेको छ । 'वीरेकी आमा', 'पापको परिणाम', 'सार्की' जस्ता कथाहरूमा यसप्रकारको प्रवृत्ति पाइन्छ । यस अध्यायमा जातीय शक्तिसम्बन्धका दृष्टिले अध्ययन गरिएका कथाहरूमध्ये 'वीरेकी आमा', 'दमाई' र 'ऊ रुन थाल्यो' कथाहरू उत्कृष्ट रहेका छन् ।

यथार्थवादी धाराका विश्लेषित कथाहरूमा उच्चवर्गले गरेको शोषण र उत्पीडनका विरुद्धमा निम्नवर्गका पात्रले बोलेर, मौन बसेर, शारीरिक रूपमा प्रतिक्रिया जनाएर वा भौतिक आक्रमणमै उत्रिएर प्रतिरोध गरेका छन् । सामन्तवादी शासन व्यवस्थाबाट निर्देशित विमर्शात्मक संरचनाका कारण उक्त प्रतिरोध विफल हुन पुग्दा वर्गीय शक्तिसम्बन्ध असन्तुलित हुन पुगेको छ । 'लाहुरी भैँसी', 'दाङका थारू', 'तेसू खोलो', 'सत्यको बाटो', र 'ऊ रुन थाल्यो' जस्ता कथाहरूमा यस प्रकारको प्रवृत्ति पाइन्छ । जमिन, जङ्गल र श्रम जस्ता सबै उत्पादनका साधन, सामाजिक न्याय, प्रभुत्व, ज्ञान, वितरण प्रणाली, सत्तासम्बन्धमाथि केवल उच्चवर्गकै मात्र वर्चस्व कायम रहेको छ । निम्नवर्गको प्रतिरोधले निर्णायक स्वरूप धारण गर्न नसकेको हुनाले वर्गीय शक्तिसम्बन्धमा असन्तुलन आई निम्नवर्गको अवस्था ज्यादै कारुणिक बनेको छ । 'लाहुरी भैँसी', 'दाङका थारू', 'सत्यको बाटो', 'दुई रुपियाँ नोट', 'दमाई' र 'ऊ रुन थाल्यो' जस्ता कथाहरूमा यस प्रकारको प्रवृत्ति पाइन्छ ।

पितृसत्ताका पक्षमा निर्णायक बनेर उभिएको विमर्शात्मक संरचनाको शक्तिलाई उपयोग गरी पुरुषले अपमान गरेर, यौनको शोषण गरेर, सन्तान जन्माउने साधनका रूपमा उपयोग गरेर, सामाजिक न्यायबाट विमुख गराएर, उत्पादनका साधनबाट अलग गरेर, श्रमको शोषण गरेर, पुरुषका सापेक्षतामा मात्र नारीको अस्तित्व स्थापित गरेर गरेको विभेद, दमन र शोषण गरेको छ । यसका विरुद्धमा नारी पात्रहरूले रोएर, मौन बसेर, शारीरिक प्रतिक्रिया जनाएर, आत्महत्या गरेर, घर र समाज नै छोडेर जेजसरी प्रतिरोध जनाए पनि त्यसले सफलता नपाउँदा लैङ्गिक प्रतिरोधात्मक शक्तिसम्बन्ध असन्तुलित हुन पुगेको छ । 'छोरीको जात', 'जिम्मावारी कसको ?', 'वीरेकी आमा', 'दमाई' जस्ता कथाहरूमा यस प्रकारको प्रवृत्ति पाइन्छ । वर्णव्यवस्थाबाट निर्देशित र सामन्तवादी शासन व्यवस्थाबाट संरक्षित विमर्शात्मक संरचनाका शक्तिलाई उपयोग गरी उच्चजातले अपमान गरेर, निम्नस्तरको घृणित भाषाको प्रयोग गरेर, श्रमको शोषण गरेर, अमानवीय स्वरूपको सजाय वा यातना दिएर, पुर्ख्यौली थातथलो वा सम्पत्ति हडपेर, सामाजिक बहिष्करणमा पारेर, छुवाछुतजन्य विभेद गरेर, हत्या गरेर निम्नजातमाथि दमन, शोषण र उत्पीडन गरेको छ । यसका विरुद्धमा निम्नजातले मौन बसेर, एक्लै रिसाएर, शारीरिक, मानसिक, भौतिक जेजस्तो प्रतिरोध गरेको भए पनि त्यो सफल हुन सकेको छैन । 'वीरेकी आमा', 'दमाई' र 'ऊ रुन थाल्यो' कथाहरूमा यसप्रकारको प्रवृत्ति रहेको पाइन्छ ।

'लाहुरी भैँसी', 'दाङका थारू', 'तेसू खोलो', 'सत्यको बाटो', 'दुई रुपियाँ नोट', 'छोरीको जात', 'जिम्मावारी कसको ?', 'वीरेकी आमा', 'दमाई' र 'ऊ रुन थाल्यो' कथाहरू शक्तिसम्बन्धका दृष्टिबाट उत्कृष्ट रहेका छन् । यथार्थवादी धाराका यी कथाहरूभित्र तत्कालीन समाजमा विद्यमान वर्गीय, लैङ्गिक र जातीय विभेद, दमन, शोषण तथा उत्पीडनका विरुद्धमा विस्तारै सामाजिक संचेतनाको स्वर प्रबल हुन थालेको र त्यसले समाजको अग्रगतिका लागि मार्गदर्शन प्रारम्भ गरेको पाइन्छ । तत्कालीन समाजको निम्नवर्गमा भएको कमजोर वर्गीय चेतना र अस्पष्ट अवस्थामा रहेको वर्गीय हितका कारण विभेद, दमन र शोषणको पराकाष्ठामा वर्गीय सम्बन्ध शत्रुतापूर्ण बनेको हुनाले त्यसलाई प्रबल वर्गीय चेतनाका माध्यमबाट शक्तिशाली प्रतिरोधी स्वरको विस्तार गरी समाधान गर्न सकिने स्पष्ट विचार कथाहरूमा उल्लेख गरिएको छ । सामन्तवादबाट निर्देशित विमर्शात्मक संरचना र त्यसका आडमा टिकेको पितृसतात्मक विभेदकारी तथा अन्यायपूर्ण सामाजिक विचारधाराका बलमा भएको नारीमाथिको विभेद, दमन तथा शोषणको अन्त्यका लागि लैङ्गिक रूपमा समानतामूलक शक्तिसम्बन्धको अपेक्षा गर्दै कथाकारहरूले लैङ्गिक जागरणका लागि उन्नत स्तरको प्रतिरोधको आवश्यकतातर्फ स्पष्ट सङ्केत गरेका छन् । सामन्तवादकै आधारभूमिमा उभिएर निर्माण गरिएको जातिवादी विमर्शात्मक संरचनाका कारण निम्नजातका पात्रहरूमाथि उच्चजातका पात्रको विभेद, दमन र शोषणले दमित जातिका पात्रलाई अधीनस्थ अवस्थामा पुऱ्याएको हुनाले त्यसबाट मुक्तिका लागि जातीय एकता र जागरण आवश्यक रहेको देखिन्छ । यथार्थवादी नेपाली कथामा भएको वर्गीय, लैङ्गिक र जातीय समस्याको प्रमुख कारक नै तत्कालीन समाजमा विद्यमान सबै क्षेत्रको असन्तुलित शक्तिसम्बन्ध बनेको छ । यसकै कारण समाजमा वर्गमैत्री, लिङ्गमैत्री र जातिमैत्री वातावरण बन्न नसकेको हुनाले शक्तिसम्बन्धमा सन्तुलन

वा समता आवश्यक रहेको छ । यसप्रकारको समाधानको प्रमुख बाधकका रूपमा वर्गीय अवस्था रहेको छ । समाजमा शोषण, दमन र उत्पीडनमा परी अधीनस्थ अवस्थामा पुगेका नारी र निम्नजातका पात्रहरू सबै वर्गीय रूपमा कमजोर रहेका छन् । त्यसकारण वर्गीय शक्तिसम्बन्धमा सन्तुलन आउँदा त्यसले धेरै हदसम्म जातीय र लैङ्गिक शक्तिसम्बन्धमा पनि सन्तुलन ल्याउन सक्छ तर लैङ्गिक र जातीय क्षेत्रका समस्यालाई निमिट्यान्न पार्न भने थप पहल आवश्यक हुन्छ । समग्रतः यथार्थवादी नेपाली कथामा उच्चवर्गले निम्नवर्गमाथि गरेको विभेद, दमन र शोषणका कारण वर्गीय शक्तिसम्बन्ध असन्तुलित भएको छ भने पुरुषले नारीमाथि गरेको विभेद, दमन र शोषणका कारण लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित हुन पुगेको छ । त्यसैगरी उच्चजातले निम्नजातमाथि गरेको विभेद, दमन र शोषणका कारण जातीय शक्तिसम्बन्धमा असमानता आएको छ । यस प्रकारको वर्गीय, जातीय र लैङ्गिक शक्तिसम्बन्धको निर्माणमा तत्कालीन समाजमा स्थापित सामन्तवादी स्वरूपको विमर्शात्मक संरचना मुख्य रूपमा निर्णायक बनेको छ । त्यसकै कारण निम्नवर्ग, नारी र निम्नजातको प्रतिरोध कार्य कमजोर भएकाले सबैका बिचको शक्तिसम्बन्धमा असन्तुलन आउँदा सामाजिक उत्थानमै अवरोध सिर्जना भएको छ । त्यसकारण सामन्तवादी शासन व्यवस्था, पितृसत्ता र वर्णव्यवस्थाका कारण तत्कालीन समयको समग्र युगीन शक्तिसम्बन्ध नै असन्तुलित थियो भन्ने आधार प्राप्त भएको हुनाले वर्गीय, लैङ्गिक र जातीय समस्याबाट मुक्तिका लागि वर्चस्वशाली शक्तिको प्रभुत्व अन्त्य गर्न शोषित, पीडित वर्ग, जाति र लिङ्गको एकतावद्ध र सशक्त प्रतिरोधी कार्यले मात्र समाजको शक्तिसम्बन्धमा सन्तुलन ल्याउन सक्ने अन्तिम निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ ।

# विषयसूची


## अध्याय एक

**१. शोधपरिचय** **१**
१.१ विषयपरिचय १
१.२ समस्याकथन ३
१.३ अध्ययनको उद्देश्य ४
१.४ पूर्वकार्यको अध्ययन ४
१.५ शोधकार्यको औचित्य र महत्त्व १६
१.६ शोधको क्षेत्र र सीमाङ्कन १६
१.७ शोधविधि १७
१.७.१ सामग्री सङ्कलन १७
१.७.२ सामग्री विश्लेषण विधि १७
१.७.३ सैद्धान्तिक आधार र सामग्री विश्लेषणको ढाँचा १८
१.८ शोधप्रबन्धको रूपरेखा १९

## अध्याय दुई

**२. यथार्थवादी नेपाली कथाको सर्वेक्षण र नमुना छनोट** **२१**
२.१ विषयपरिचय २१
२.२ वर्गीय शक्तिसम्बन्ध मूलस्वर भएका कथाहरूको सर्वेक्षण २१
२.२.१ वर्गीय शक्तिसम्बन्ध मूलस्वर भएका कथाहरूको विश्लेषणका निम्ति नमुना छनोट ३५
२.३ लैङ्गिक शक्तिसम्बन्ध मूलस्वर भएका कथाहरूको सर्वेक्षण ३५
२.३.१ लैङ्गिक शक्तिसम्बन्ध मूलस्वर भएका कथाहरूको नमुना छनोट ४६
२.४ जातीय शक्तिसम्बन्ध मूलस्वर भएका कथाहरूको सर्वेक्षण ४७
२.४.१ जातीय शक्तिसम्बन्ध मूलस्वर भएका कथाहरूको विश्लेषणका निम्ति नमुना छनोट ५६
२.५ निष्कर्ष ५६

## अध्याय तीन

**३. यथार्थवादी नेपाली कथामा वर्गीय शक्तिसम्बन्ध** **५८**
३.१ विषयपरिचय ५८
३.२ वर्गीय शक्तिसम्बन्धको सैद्धान्तिक अवधारणा ५८
३.२.१ वर्गीय सम्बन्धको निर्मिति र शक्तिसम्बन्ध ६५
३.२.२ वर्गचेतना र शक्तिसम्बन्ध ६७
३.२.३ वर्गहित र शक्तिसम्बन्ध ६८
३.२.४ वर्ग विभेद, दमन, शोषण र शक्तिसम्बन्ध ७०
३.३ यथार्थवादी नेपाली कथाको वर्गीय शक्तिसम्बन्धको विश्लेषण ७४

३.३.१ यथार्थवादी नेपाली कथामा वर्गीय सम्बन्धको निर्मिति र शक्तिसम्बन्ध ७५
३.३.२ यथार्थवादी नेपाली कथामा वर्गीय हित ९०
३.३.३ यथार्थवादी नेपाली कथामा वर्गीय चेतना १०२
३.३.४ यथार्थवादी नेपाली कथामा वर्गविभेद, दमन र शोषण ११४
३.४ निष्कर्ष १२७

## अध्याय चार

**४. यथार्थवादी नेपाली कथामा लैङ्गिक शक्तिसम्बन्ध १३०**
४.१ विषयपरिचय १३०
४.२ लैङ्गिक शक्तिसम्बन्धको सैद्धान्तिक अवधारणा १३०
४.२.१ लैङ्गिक सम्बन्धको निर्मिति र शक्तिसम्बन्ध १३३
४.२.२ पितृसत्ता र शक्तिसम्बन्ध १३४
४.२.३ लैङ्गिक विभेद, दमन, शोषण र शक्तिसम्बन्ध १३५
४.३ यथार्थवादी नेपाली कथाको लैङ्गिक शक्तिसम्बन्धको विश्लेषण १३७
४.३.१ यथार्थवादी नेपाली कथामा लैङ्गिक सम्बन्धको निर्मिति र शक्तिसम्बन्ध १३७
४.३.२ यथार्थवादी नेपाली कथामा पितृसत्ता र शक्तिसम्बन्ध १४८
४.३.३ यथार्थवादी नेपाली कथामा लैङ्गिक विभेद, दमन, शोषण र शक्तिसम्बन्ध १५८
४.४ निष्कर्ष १७१

## अध्याय पाँच

**५. यथार्थवादी नेपाली कथामा जातीय शक्तिसम्बन्ध १७३**
५.१ विषयपरिचय १७३
५.२ जातीय शक्तिसम्बन्धको सैद्धान्तिक अवधारणा १७३
५.२.१ जातीय सम्बन्धको निर्मिति र शक्तिसम्बन्ध १७६
५.२.२ जातीय विभेद र शक्तिसम्बन्ध १७७
५.२.३ जातीय दमन, शोषण र शक्तिसम्बन्ध १७८
५.३ जातीय शक्तिसम्बन्धका आधारमा यथार्थवादी नेपाली कथाहरूको विश्लेषण १७९
५.३.१ यथार्थवादी नेपाली कथामा जातीय सम्बन्धको निर्मिति र शक्तिसम्बन्ध १८०
५.३.२ यथार्थवादी नेपाली कथामा जातीय विभेद १९०
५.३.३ यथार्थवादी नेपाली कथामा जातीय दमन र शोषण १९७
५.४ निष्कर्ष २०६

## अध्याय छ

**६. यथार्थवादी नेपाली कथामा प्रतिरोधात्मक शक्तिसम्बन्ध २०९**
६.१ विषयपरिचय २०९
६.२ प्रतिरोध र शक्तिसम्बन्धको सैद्धान्तिक अवधारणा २०९

६.३ यथार्थवादी नेपाली कथामा वर्गीय प्रतिरोध २१४
६.४ यथार्थवादी नेपाली कथामा लैङ्गिक प्रतिरोध २३४
६.५ यथार्थवादी नेपाली कथामा जातीय प्रतिरोध २५२
६.६ निष्कर्ष २६८

**अध्याय सात**

**७. सारांश, प्राप्ति तथा निष्कर्ष २७१**
७.१ सारांश २७१
७.२ प्राप्ति तथा प्राज्ञिक योगदान २७९
७.३ निष्कर्ष २८०

**परिशिष्ट २८६**

**सन्दर्भ सामग्रीसूची ३०५**

# सङ्क्षिप्त शब्दसूची

| **सङ्क्षिप्त रूप** | **पूर्ण शब्द** |
|---|---|
| अनु. | अनुवादक |
| आ. दी. | आचार्य दीक्षित |
| ए. संस्क. | एघारौँ संस्करण |
| चौथो संस्क. | चौथो संस्करण |
| छै. संस्क. | छैटौँ संस्करण |
| तृ. संस्क. | तृतीय संस्करण |
| द्वि. संस्क. | द्वितीय संस्करण |
| न. | नम्बर |
| पं. | पण्डित |
| सन् | इस्वी संवत् |
| सम्पा. | सम्पादक |

# अध्याय एक

# शोधपरिचय

## १.१ विषयपरिचय

प्रस्तुत शोधकार्यको शोध्य विषय *यथार्थवादी नेपाली कथामा शक्तिसम्बन्ध* रहेको छ । अङ्ग्रेजीको Realism शब्दको नेपाली रूपान्तरण यथार्थवादले जस्तो छ त्यस्तै भन्ने अर्थलाई व्यक्त गर्दछ । इन्द्रिय प्रत्यक्षबाट वस्तु र विषयका बारेमा प्राप्त हुने ज्ञान नै यथार्थ हो । दर्शन र साहित्य दुबै क्षेत्रमा यो शब्द प्रचलनमा छ । दर्शनका क्षेत्रमा भौतिक जगत् नै वास्तविकता हो । यस मान्यताले मानसिक जगत्मा आधारित नभई यथार्थको स्वतन्त्र सत्ता वा अस्तित्वलाई प्रकट गर्दछ । रहस्य, आदर्श, भावुकता, आत्मवाद सन्दर्भले वस्तुगत यथार्थलाई प्रभाव पार्न सक्तैन भन्ने निष्कर्ष यस मान्यतामा अघि सारिएको छ । त्यसकारण जीवन र जगत्को सम्बन्धले मानव समाजमा पार्ने प्रभावको वर्णनमा यथार्थवादले विशेष जोड दिन्छ । स्वच्छन्दतावादको विरोधमा फ्रान्सबाट बाल्जाक, बेलायतबाट जर्ज इलियट, अमेरिकाबाट विलियम हावेल्स देखापरे । यी स्रष्टाहरूले कुनै स्थान विशेष, चरित्र, बोली, व्यवहार आदिलाई आफ्नो लेखनीमा उच्च स्थान दिएपछि यथार्थवाद सर्वव्यापी मान्यता बन्यो । मार्क्स, लेनिन, प्लेखानोभ, जर्जलुकाज, कड्वेल, बेलिन्स्की र चेरिन्स्कीका अवधारणासँगै यथार्थवादी मान्यताले सामाजिक र वैज्ञानिक स्वरूप धारण गऱ्यो । त्यसपछि सामाजिक अन्याय, अत्याचार, दमन र शोषणका विषयलाई ग्रहण गरी त्यसका विरुद्धमा विद्रोहको आवाज उठाउने सिद्धान्तका रूपमा यथार्थवाद स्थापित भयो । यिनै कारणहरूले यथार्थवाद भौतिकवादी दर्शन र विज्ञानसम्मत चेतनामा आधारित छ । यो सत्यलाई निरपेक्षभन्दा पनि देशकाल, युग, परिवेश, समय, मूल्यका सापेक्षतामा व्याख्या गर्ने मान्यता हो । आधुनिक नेपाली कथाका क्षेत्रमा यस मान्यतासँग जोडिन आउने कथाकार तथा कथाहरू नै यथार्थवादी हुन् ।

नेपाली कथाको विकास परम्परालाई हेर्दा १८२७ देखि हालसम्मको समयलाई विभिन्न कालखण्डहरूमा विभाजन गरी अध्ययन गर्ने परम्परा रहिआएको पाइन्छ । यस क्रममा १८२७ देखि १९५७ सम्मको समयलाई प्राथमिक काल, १९५८ देखि १९९१ सम्मको समयलाई माध्यमिक काल र १९९२ देखि हालसम्मको समयलाई आधुनिक काल गरी जम्मा तीन कालखण्डमा विभाजन गर्ने परम्परा रहेको छ । आधुनिक काललाई १९९२ देखि २०३५ सम्मको समयलाई पूर्ववर्ती चरण र २०३६ देखि यताको समयलाई उत्तरवर्ती चरणका रूपमा अध्ययन गरिँदै आइएको छ । उक्त पूर्ववर्ती चरणलाई पनि १९९२ देखि २०१९ सम्मको समयलाई यथार्थवादी धाराको समय र २०२० देखि २०३५ सम्मको समयलाई प्रयोगवादी धाराको समय हो भन्ने मान्यता रहेको छ । यसै स्थितिलाई दृष्टिगत गर्दै यस शोधमा आधुनिक नेपाली कथाको १९९२ देखि २०१९ सम्मको समयका यथार्थवादी नेपाली कथाहरूमा अभिव्यक्त भएको शक्तिसम्बन्धको अध्ययन गर्ने उद्देश्य राखिएको छ ।

आधुनिक नेपाली कथालेखनमा यथार्थवादी धारा १९९२ देखि २०१९ सम्मको यथार्थवादी धाराको समय कथा सिर्जनाको दृष्टिले अत्यन्त उर्वर रहेको छ । यस धाराका कथाहरूमा नेपाली समाजका सामाजिक र सांस्कृतिक मूल्यहरूको उठान गर्दै तत्कालीन नेपाली समाजका समस्याका कारणहरूको उद्घाटन गरिएको छ । यस चरणका कथाहरूमा व्यङ्ग्यका माध्यमद्वारा सामाजिक समस्याहरूप्रति विरोध जनाउँदै गलत विचार, कार्य तथा आचरणहरूप्रति असहमति व्यक्त गर्ने कामसमेत गरिएको छ । त्यसैगरी मानवीय कमजोरी र विसङ्गतिको विरोध, नारीहरूको दुरवस्थाप्रतिको संवेदना, अमानवीय आचरणप्रति असहमति, आडम्बरयुक्त रीतिरिवाजको विरोध अनि गरिब वर्गको दुर्नियति पनि यस धाराका कथाका विषय बनेका छन् । यस धाराका कथामा मानवहितका विरुद्ध देखिएका सामाजिक मूल्य तथा मानकको विरोध गर्दै कुरीति, कुपरम्परा, शोषण, दुराचार, आर्थिक सङ्घर्ष अनि मानवताको अवमूल्यन जस्ता सामाजिक समस्याका कारकहरूप्रति सशक्त प्रहार गरिएको छ । यसरी यस धाराका सर्जकहरूले समाजमा विद्यमान विकृति, विसङ्गतिको चित्रण तथा विरोध गर्ने क्रममा जाति, धर्म, संस्कृति, परम्परा, विमर्शात्मक संरचना, पहुँच आदिका आधारमा भएका शक्तिको प्रयोग तथा दुरुपयोग र त्यसको परिणतिलाई मूल रूपमा उठाएका छन् । यस समयका कथाहरूमा नेपाली समाजमा विद्यमान शासक र शासित समुदायका बिचको शक्तिसम्बन्धको अवस्थाका कारण सिर्जित शोषण, उत्पीडनजन्य समस्यालाई प्रभावकारी ढङ्गले प्रस्तुत गरिएको छ । यी सर्जकहरूका कथाहरू सङ्ग्रहका अतिरिक्त फुटकर रूपमा पनि प्रकाशित भएका छन् । उनीहरूका कथाहरूमा तत्कालीन समाजमा विद्यमान शक्तिसम्बन्धको अवस्था प्रकट भएको छ । त्यसैको परिणतिस्वरूप सिर्जित वर्गीय, लैङ्गिक र जातीय समस्या प्रबल रूपमा उठेको भए तापनि हालसम्म यस पक्षमा केन्द्रित भएर अध्ययन नभएको हुनाले यो अध्ययन आवश्यक र औचित्यपूर्ण देखिन्छ ।

व्यक्ति, परिवार, समाज तथा समस्त भौतिक एवं आत्मिक क्षेत्रलाई परिचालन गर्ने सामर्थ्य नै शक्ति हो । ज्ञान, सामाजिक परम्परा, वर्ग, लिङ्ग, जाति, प्रतिरोध तथा विमर्शात्मक संरचनाको योगबाट शक्तिको निर्माण हुन्छ । शक्ति र विधि एकआपसमा जोडिएका हुन्छन् । शक्तिले विधिको निर्माण गर्छ र विधिले शक्तिलाई स्थापित गरी स्थायित्वको मार्गमा अगाडि बढाउँछ । समाजमा रहेका विभिन्न वर्ग, जाति, लिङ्ग आदिले प्रयोग गरेका शक्तिका आधारमा समाजभित्रको शक्तिसम्बन्धको विश्लेषण गरिन्छ । शक्तिसम्बन्धका आधारमा युगीन संरचनाको पहिचान गर्न सकिन्छ । शक्तिसम्बन्ध सांस्कृतिक अध्ययनसँग सम्बद्ध विषय हो । यस मान्यताअनुसार कथामा चित्रण गरिएका पात्रहरूका कार्य तथा व्यवहारबाट समाजमा शक्तिको प्रयोगको अवस्था पहिचान गरिन्छ । त्यस क्रममा वर्गीय, जातीय र लैङ्गिक रूपमा शक्तिसम्बन्ध सन्तुलित वा असन्तुलित के छ भन्ने कुराको विश्लेषण गरिन्छ । यसका साथै प्रभुत्वशाली वर्ग र अधीनस्थ वर्गको उपस्थिति कथामा कसरी भएको छ र शासक वर्गीय चरित्रले शासित चरित्रहरूलाई कसरी शोषण र दमन गरी अधीनस्थ बनाएका छन् भन्ने आधारमा पनि शक्तिसम्बन्धको अवस्था पहिचान गरी विश्लेषण गरिन्छ ।

समाजमा शक्तिको निर्माण र परिचालनका अनेक आधारहरू रहेका हुन्छन् । कतै कुनै जातविशेषका आधारमा शक्तिको निर्माण हुन्छ । यस्तो अवस्थामा मानिएको उच्चजातले मानिएको निम्नजातमाथि वा वहुसङ्ख्यक जातिले अल्पसङ्ख्यक जातिमाथि निर्मम ढङ्गले शक्तिको प्रयोग गर्छ । यस्तो परिस्थितिमा जातीय शक्तिसम्बन्ध असमान हुन्छ । अर्थतत्त्व पनि समाजको खण्डात्मक विभाजन गर्ने अर्को आधार हो । यस आधारमा उच्चवर्गले शक्ति आर्जन गर्छ र निम्नवर्गमाथि प्रयोग गर्छ । यस्तो अवस्थामा वर्गीय दृष्टिले असन्तुलित शक्तिसम्बन्धको निर्माण हुन्छ । लैङ्गिक आधारमा नारीका सापेक्षतामा पुरुषले बढी शक्ति आर्जन गर्छ र त्यसको प्रयोग नारीमाथि गर्दा लैङ्गिक शक्तिसम्बन्ध खलबलिन पुग्छ । यस्तै अवस्था उच्च र निम्न पद, शक्तिशाली र कमजोर समूह, पहुँच पुग्ने र नपुग्ने, शासक र शासित, स्वतन्त्र र अधीनस्थ, शिक्षित र अशिक्षित आदि अनेक क्षेत्रमा हुन सक्छ ।

राज्यका निकायहरू, सामाजिक सङ्घसंस्थाहरू, आर्थिक क्षेत्रहरू, शैक्षिक निकायहरूमा शक्ति रहेको हुन्छ । सिङ्गो समाजको सञ्चालनमा यी सबै क्षेत्रहरू आआफ्ना स्थानमा सक्रिय रहेका हुन्छन् र शक्तिको प्रयोग वा दुरुपयोग गरिरहेका हुन्छन् । यस्ता सबै क्षेत्रहरूले प्रयोग गरेको शक्तिले समाजमा शक्तिको जालो निर्माण भएको हुन्छ र यसको सीमाबाट कोही पनि बाहिर रहन सक्दैन । वास्तवमा शक्तिको यही जालो अथवा समाजमा विद्यमान शासक र शासितका बिचको शक्ति प्रयोगको अवस्था नै शक्तिसम्बन्ध हो । यो सम्बन्धलाई वर्गीय, जातीय, लैङ्गिक र प्रतिरोधका कोणबाट विश्लेषण गरी स्पष्ट बनाउन सकिन्छ । आधुनिक नेपाली कथाको यथार्थवादी धाराका सर्जकहरूले आफ्ना सिर्जनामा यस प्रकारको शक्तिसम्बन्धलाई प्रस्तुत गरेका भए पनि हालसम्म यस कोणबाट अध्ययन हुन नसकिरहेको अवस्थामा यो अध्ययन त्यसैको खोजी र विश्लेषणमा केन्द्रित रहेको छ ।

## १.२ समस्याकथन

यथार्थवादी धारा (१९९२-२०१९) का कथाहरूमा समकालीन नेपाली समाजका यथार्थहरू अभिव्यक्त भएका छन् । नेपाली समाजको विभाजनमा सम्प्रदाय, जाति, वर्ग, लिङ्ग, क्षेत्र, विचार, धर्म, पेसा, पद, समूह, शिक्षा आदि विभाजक आधारहरू रहेका छन् । ती आधारहरूमा निर्माण अनि प्रयोग भएको शक्तिका कारण समाजमा विभिन्न प्रकारका दमित वर्ग वा समुदायको निर्माण भएको छ । शक्तिकै आधारमा समाजको शासित वा सीमान्तीकृत वर्ग सबै प्रकारका अवसर र अधिकारबाट वञ्चित हुन पुगेको छ तापनि यी कथाको अध्ययन गरी नेपाली समाजको शक्तिसम्बन्ध यी कथामा कसरी प्रस्तुत भएको छ भन्ने कुराको अध्ययन समस्याका रूपमा रहेको छ । यसरी १९९२-२०१९ मा लेखिएका कथाहरूमा अभिव्यक्त शक्तिसम्बन्धको विश्लेषण हुन नसकेको हुँदा प्रस्तुत शोधले नेपाली कथाको शक्तिसम्बन्धलाई नै मूल प्राज्ञिक समस्याका रूपमा पहिचान गरी उक्त समस्याको समाधान गर्ने उद्देश्य राखेको छ । यस प्रकारका समस्याहरूलाई यथार्थवादी धाराका कथाकारहरूले आफ्ना कथाका विषय बनाएका छन् । उनीहरूका कथाहरूमा अभिव्यक्त शक्तिसम्बन्धको अवस्था विश्लेषण गरी निष्कर्षसम्म पुग्नु नै प्रस्तुत अध्ययन कार्यको

प्रमुख प्राज्ञिक समस्या रहेको छ । यस शोध समस्यामा आधारित भई प्रस्तुत शोधका निम्नलिखित प्रश्नहरूको समाधान खोजिएको छ :

(क) यथार्थवादी नेपाली कथामा वर्गीय शक्तिसम्बन्ध केकसरी प्रस्तुत भएको छ ?

(ख) यथार्थवादी नेपाली कथामा केकस्तो लैङ्गिक शक्तिसम्बन्ध छ ?

(ग) यथार्थवादी नेपाली कथामा केकस्तो जातीय शक्तिसम्बन्ध छ ?

(घ) यथार्थवादी नेपाली कथामा शासित समुदायको प्रतिरोधको अवस्था कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

यथार्थवादी नेपाली कथाहरूमा चित्रण गरिएको वर्गीय, लैङ्गिक र जातीय अवस्थाको पहिचान गरी शासित समुदायको प्रतिरोधको अवस्था पहिल्याएर शक्तिसम्बन्धको विश्लेषण गर्नु नै यस अध्ययन कार्यको प्रमुख उद्देश्य रहेको छ । यस उद्देश्यलाई निम्नलिखित बुँदाहरूबाट थप प्रस्ट पार्न सकिन्छ :

(क) यथार्थवादी नेपाली कथामा अभिव्यक्त वर्गीय शक्तिसम्बन्धको विश्लेषण गर्नु,

(ख) यथार्थवादी नेपाली कथामा अभिव्यक्त लैङ्गिक शक्तिसम्बन्धको व्याख्या गर्नु,

(ग) यथार्थवादी नेपाली कथामा अभिव्यक्त जातीय शक्तिसम्बन्धको मूल्याङ्कन गर्नु ,

(घ) यथार्थवादी नेपाली कथामा अभिव्यक्त शासित समुदायको प्रतिरोध अवस्थाको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको अध्ययन

समाज शासक र शासित वर्गका बिचमा भएको शक्तिसम्बन्धको जालोभित्र जेलिएर निरन्तर सञ्चालित भइरहेको हुन्छ । समाजमा शक्ति प्रयोगको सामान्य अवस्थालाई विश्लेषण गर्दा अभिजात वर्ग र दमित वर्गले प्रयोग गर्ने शक्तिको क्षेत्र र सीमा फरक हुन्छ । यसरी भिन्न देखिएका क्षेत्र र सीमाका अवस्थाहरू जेजस्ता भए पनि तिनलाई विमर्शात्मक संरचनामा स्थापित वा निर्मित शक्तिको स्वरूपले आपसमा जोडेर राख्छ वा अन्तरसम्बन्धित तुल्याउँछ । यसरी एउटा समाजभित्र निर्माण हुने शासक र शासितका बिचको सम्बन्ध नै शक्तिसम्बन्ध हो । यही सम्बन्धका आधारमा यथार्थवादी नेपाली कथाभित्र रहेको शक्तिसम्बन्धलाई पहिचान गर्न सकिन्छ । शासक र शासित समुदायका बिचको शक्तिसम्बन्धलाई प्रमुख आधार मानी नेपाली साहित्यको अध्ययन गर्ने परम्परा स्थापित हुन सकेको छैन । त्यसकारण यस सिद्धान्तका आधारमा यथार्थवादी नेपाली कथाको समग्र अध्ययन भएको छैन । यसअघिका शोधार्थी र समालोचकहरूले कुनै खास स्रष्टामा केन्द्रित अथवा कृतिमा केन्द्रित अध्ययन गर्ने सन्दर्भमा शक्तिसम्बन्धका विषयमा अध्ययन विश्लेषणहरू गरेका छन् । यसरी गरिएका अध्ययन, विश्लेषणहरूलाई यस शोधकार्यको पूर्वकार्यका रूपमा लिइएको छ । त्यसकारण यसअघि भएका अध्ययनलाई पूर्वकार्यका रूपमा अलगअलग अध्ययन गरिएको छ । त्यसलाई शोध, पुस्तक र पत्रपत्रिकामा भएका अध्ययनहरूलाई कालक्रमिक ढङ्गले यस प्रकार प्रस्तुत गरिएको छ :

सूर्यविक्रम ज्ञवाली (१९९५) को *कथाकुसुम* शीर्षकको सम्पादित कृतिमा आधुनिक नेपाली कथाको यथर्थवादी धाराका प्रारम्भिक चरणका कथाकार र कथाहरू समावेश गरिएका छन् । यस क्रममा गुरुप्रसाद मैनाली, पुष्कर शमशेर, बालकृष्ण सम र विश्वेश्वरप्रसाद कोइरालाका कथाहरू समावेश गरी तिनका कथाकारिताको विश्लेषण गरिएको छ । कथासिद्धान्तको समेत उल्लेख गरिएको ज्ञवालीको प्रस्तुत अध्ययनमा कथाकारहरूले चित्रण गरेको ग्रामीण जीवन, पात्रहरूको कमजोर आर्थिक अवस्था, नारी र पुरुषका बिचको पारिवारिक र सामाजिक सम्बन्ध तथा नारीको स्थान र अन्धविश्वासको चर्चा गरिएको छ । त्यसकारण ज्ञवालीले गरेको प्रस्तुत अध्ययन उल्लिखित कथाकारहरूको प्रवृत्ति पहिचान र तत्कालीन समाजको यथार्थ चित्रण गर्ने कार्यमा मात्र केन्द्रित रहेको छ । त्यसैले उनको अध्ययनले शक्तिसम्बन्धको विश्लेषण गर्दैन तर वर्गीय शक्तिसम्बन्धको विश्लेषण गर्ने कार्यका लागि सहयोग पुऱ्याएको छ ।

ईश्वर बराल (२००६) को *भ्यालबाट* सम्पादित कृतिमा कथाको सिद्धान्त र विकासक्रमको चर्चा गर्दै तत्कालीन कथाकारहरू गुरुप्रसाद मैनाली, बालकृष्ण सम र विश्वेश्वप्रसाद कोइरालाका कथाहरूको सम्पादन र मूल्याङ्कन गर्ने कार्य गरिएको छ । त्यस क्रममा बरालले वि. सं. १९९२ देखि १९९४ सम्मको समयलाई आधुनिक नेपाली कथाको निर्माण कालका रूपमा चर्चा गरेका छन् । बरालको यस अध्ययनमा मैनाली र समका कथाभित्र तत्कालीन समाजमा रहेका अन्याय, षड्यन्त्र, धोका, अभाव तथा गरिबी, अन्धविश्वास आदि सामाजिक समस्याहरू यथार्थ ढङ्गले प्रस्तुत भएको उल्लेख छ । बरालको यो अध्ययन कथातत्त्वका आधारमा कथाको विश्लेषण गर्ने र कथाकारको प्रवृत्ति निरूपण गर्ने कार्यतर्फ बढी केन्द्रित भएको हुनाले शक्तिसम्बन्धको अध्ययन गर्न पर्याप्त छैन तथापि वर्गीय शक्तिसम्बन्धको विश्लेषण गर्ने कार्यका लागि सहयोगी बनेको छ ।

ईश्वर बराल (२०१०) ले *आधुनिक नेपाली साहित्यको क्रमविकास* शीर्षकको लेखमा गुरुप्रसाद मैनाली, भवानी भिक्षु र विश्वेश्वरप्रसाद कोइरालाका कथाबाट नेपाली कथाले आधुनिकता प्राप्त गरेको विचार उल्लेख गरेका छन् । त्यसपछि आएका कथाकारहरू तारिणीप्रसाद कोइराला, गोविन्द गोठाले, कृष्णप्रसाद चापागाईं, कृष्णबम मल्ल, केशवलाल कर्माचार्य, शिवकुमार राई, माधवलाल कर्माचार्य, हृदयचन्द्रसिंह प्रधान आदि कथाकारहरूका कृतिले यथार्थवादी कथाको लेखनमा विशेष योगदान दिएको बरालले उल्लेख गरेका छन् । बरालको यस अध्ययनमा नेपाली साहित्यको सर्वेक्षण गरी आधुनिक कालका प्रारम्भिक चरणका कथाकारहरूको योगदानको चर्चा गरिएको हुनाले तत्कालीन समाजको यथार्थ पहिचान गर्न र त्यसका आधारमा शक्तिसम्बन्धको विश्लेषण गर्नका लागि सहयोगी बनेको छ ।

यज्ञराज सत्याल (२०१७) को *नेपाली साहित्यको भूमिका* नामक पुस्तकको 'कथा साहित्य' शीर्षकको खण्डमा कथाको विकासक्रमको चर्चा गर्दै कथाको परिचय, परिभाषा, तत्त्व, विषय, स्वरूप आदि उल्लेख गरिएको छ । सत्यालले गुरुप्रसाद मैनाली, पुष्कर शमशेर, विश्वेश्वरप्रसाद कोइराला, पूर्णदास श्रेष्ठ, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, भीमनिधि तिवारी, कृष्णप्रसाद चापागाईं, कृष्णबम मल्ल आदि कथाकारका प्रवृत्ति र कथाका विषयमा चर्चा गरेका छन् । त्यस

क्रममा उनले माथि उल्लिखित कथाकारहरूले तत्कालीन नेपाली समाजको सामाजिक यथार्थ, गरिबी, अभाव, विसङ्गतिलाई प्रस्तुत गरेको उल्लेख गरेका छन् । त्यसकारण सत्यालको यो अध्ययन शक्तिसम्बन्धको विश्लेषणमा केन्द्रित नभए पनि यस शोधकार्यमा यथार्थको पहिचान र पात्रको अवस्था विश्लेषण गर्ने कार्यका लागि सहयोगी भएको छ ।

तारानाथ शर्मा (२०२१) को *घोत्ल्याइँहरू* शीर्षकको कृतिभित्र 'नेपाली कथा साहित्यको विवेचना' शीर्षकको खण्डमा गुरुप्रसाद मैनालीको 'नासो', बालकृष्ण समको 'पराइघर' र विश्वेश्वरप्रसाद कोइरालाले 'चन्द्रवदन' कथा लेखेपछि आधुनिक नेपाली कथाको प्रारम्भ भएको उल्लेख गरिएको छ । यस अध्ययनमा शर्माले गुरुप्रसाद मैनाली, बालकृष्ण सम, भीमनिधि तिवारी, बालकृष्ण पोखरेल, कृष्णप्रसाद चापागाईं, पूर्णदास श्रेष्ठ, कृष्णबम मल्ल आदिलाई यथार्थवादी कथाकारका रूपमा चिनाएका छन् । शर्माको यस अध्ययनमा मैनाली, सम र पुष्कर शमशेरका कथामा नेपाली समाजका ग्रामीण र सहरिया जनजीवनका समस्याको यथार्थ चित्रण पाइन्छ भनी उल्लेख गरिएको छ । शर्माको यो अध्ययनको प्रमुख विषय शक्तिसम्बन्ध नभए पनि सामाजिक समस्याको कारण शक्तिसम्बन्ध हुने भएकाले यस अध्ययनका लागि सहयोगी बनेको छ ।

कृष्णचन्द्रसिंह प्रधान (सम्पा.) *साझा समालोचना* (२०२५) भित्र समेटिएको ईश्वर बरालको 'नेपाली कथासाहित्यका विषयमा' शीर्षकको लेखमा कथाको विकासक्रम निर्धारण गरी उक्त समयमा देखिएका प्रमुख प्रवृत्तिहरूको निरूपण गरिएको छ । त्यस क्रममा उनले नेपाली कथाको प्रथम उत्थान काल १९९१-०९४, कथाको दोस्रो उत्थान विकास काल १९९५-२००३ र तेस्रो उत्थान जागरण काल २००४-२००६ भनी समय निर्धारण गरेका छन् । बरालले प्रथम उत्थान कालमा गुरुप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, बालकृष्ण सम, पूर्णदास श्रेष्ठ, गंगाविक्रम सिजापति आदि कथाकारहरूले सामाजिक, ऐतिहासिक, पौराणिक, वीरता, नारीका समस्या, नैतिक आदर्शजस्ता विषयलाई आफ्ना कथामा स्थान दिएको उल्लेख गरेका छन् । त्यसैगरी विकास काल १९९५-२००३ मा कथाकारहरूले नारीका समस्या, यौनसमस्या, भावुकता, बालमनोविश्लेषण, आर्थिक शोषण, हास्य, व्यङ्ग्यजस्ता विषयलाई स्थान दिएको जनाएका छन् । त्यसैगरी जागरण काल २००४-२००६ का कथाकारहरूले राणा शासनको विरोध, शोषित, दमित, दीनदुखीको व्यथा, हास्य, व्यङ्ग्य, समसामयिक विकृति, विसङ्गति, विश्ववन्धुत्व, नेपाली जनजीवनका दयनीय अवस्थाको झल्को, जीवनको मूल्यबोध, क्रान्तिको आह्वानजस्ता विषय समेटेको उल्लेख गरेका छन् । यी कारणहरूले बरालको यो अध्ययन शक्तिसम्बन्धको विश्लेषणमा केन्द्रित नभए पनि यस शोधकार्यसँग जोडिन पुगेको छ ।

कृष्णचन्द्रसिंह प्रधान (सम्पा.) *साझा समालोचना* (२०२५) भित्र समेटिएको रत्नध्वज जोशीको 'कथा, कथाकार र आलोचक' शीर्षकको लेखमा कथाको स्वरूपको चर्चा गर्दै गुरुप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, पुष्कर शमशेर, बालकृष्ण सम, रमेश विकल, भवानी भिक्षु र गोविन्दबहादुर मल्ल गोठालेको कथाकारिताका विषयमा उल्लेख गरिएको छ । यस क्रममा उनले उल्लिखित कथाकारका कृतिहरूमा यौनवृत्ति, पात्रको देशकालअनुरूपको क्रियाकलाप, सामन्ती

शासन प्रणाली, गरिबी, विषमता, वर्गसङ्घर्ष, दमन, शोषण, मानवता, युवाशक्तिको चित्रण, गृहकलहजस्ता विषयलाई कथामा स्थान दिएको जनाएका छन् । यसै सन्दर्भमा उनले विश्वेश्वरप्रसाद कोइरालाका कथामा सार्वदेशिकताप्रधान, गोविन्दबहादुर मल्ल 'गोठाले' का कथामा सहरिया नेपाली जीवनप्रधान र रमेश विकलका कथामा ग्राम्यप्रधान विषय छ भनी उल्लेख गरेका छन् । जोशीद्वारा गरिएको यो अध्ययन लेखकको प्रवृत्तिमा केन्द्रित भएको हुनाले यसले शक्तिसम्बन्धको अपेक्षित विश्लेषण गर्न नसक्ने भए पनि शक्तिसम्बन्धको विश्लेषणका लागि सहयोगी सामग्री बनेको छ ।

वासुदेव त्रिपाठीको *विचरण* (२०२८) भित्रको 'सन्दर्भ आधुनिक नेपाली कथाकारको : चर्चा कथाकार मैनाली र विश्वेश्वरको' शीर्षकको लेखमा आधुनिक नेपाली कथाको प्रथम प्रहरको समय १९९२-१९९५ लाई मानिएको छ । गुरुप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, पुष्कर शमशेर र बालकृष्ण समलाई उक्त समयका प्रतिनिधि कथाकारका रूपमा चिनाइएको छ । त्यस क्रममा मैनालीलाई नेपाली समाजको चित्रकारका रूपमा, कोइरालालाई मनोविश्लेषणात्मक-यथार्थवादी कथाकारका रूपमा, पुष्कर शमशेरलाई चोखो र मिठो नेपाली भाषाको प्रयोग गर्ने तार्किक कथाकारका रूपमा र समलाई चित्रात्मक तथा आलङ्कारिक ढङ्गले सत्यको अभिव्यक्ति दिने कथाकारका रूपमा चिनाइएको छ । यसै क्रममा उनले मैनालीका कथामा प्राचीन रूढि र नवीन संस्कारका बिचको द्वन्द्व, सामन्ती संस्कार र दमित वर्गका बिचको सङ्घर्ष छ भनी उल्लेख गरेका छन् । त्रिपाठीको यो अध्ययन केही कथाकारका केही कृतिको अध्ययन गर्न तथा कथाकारको खास पहिचान निर्क्योल गर्नमा केन्द्रित छ । त्यसो हुनाले समग्र यथार्थवादी धाराका कथामा भएको शक्तिसम्बन्धलाई यसले चिनाउन नसके पनि शक्तिसम्बन्धको अध्ययनका लागि सहयोगी सामग्री भने भएको छ ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माले *नेपाली साहित्यको संक्षिप्त इतिहास* (२०३४) मा यस चरणका कथाकारहरूले समाज तथा व्यक्तिमनको गहिराइभित्र निरीक्षण गरेको, समाजको आर्थिक जीवनको सूक्ष्म निरीक्षण गर्दै गरिबका जीवनको यथार्थको चित्राङ्कन गरेको र सामाजिक समस्याको आन्तरिक यथार्थ प्रस्तुत गरेको तथा मानिसका अन्तर्मनोवृत्तिको निरूपण गरेको उल्लेख गरेका छन् । यस क्रममा उनीहरूले तत्कालीन सामाजिक समस्याको आन्तरिक यथार्थ प्रस्तुत गर्न, मानिसका अन्तर्मनोवृत्तिको निरूपण गर्न यी कथाकारहरू प्रवृत्त भएका जनाएका छन् । उनीहरूले विभिन्न मनोवैज्ञानिक क्रिया र प्रभाव पात्रमा देखाएर क्षण विशेषका अनुभूतिलाई व्यक्त गर्ने क्षमता यी कथाकारहरूमा छ भनी लेखेका छन् । श्रेष्ठ र शर्माको यस अध्ययनले आधुनिक नेपाली कथाको पूर्ववर्ती चरणमा कथासिर्जनाका क्षेत्रमा क्रियाशील रहेका स्रष्टाहरूले समाज तथा व्यक्तिको गहिराइभित्र छिरेर नेपाली समाजका समस्याको निरीक्षण, परीक्षण गरेको सन्दर्भलाई उठाएको छ । त्यसैगरी यस अध्ययनले तत्कालीन नेपाली समाजको आर्थिक जीवनका विविध पाटाहरूमा केन्द्रित भएर निम्नवर्गका समस्याको प्रभावकारी चित्रण गरेको पाइन्छ भनी उल्लेख गरेको छ । यो शक्तिसम्बन्धको अध्ययन होइन तर यस अध्ययनलाई विश्लेषण गर्दा वर्गीय रूपमा देखिने शक्तिसम्बन्धको पहिचानतर्फ केन्द्रित रहेको देखिन्छ । त्यसकारण वर्गीय आधारमा दमित

वर्गको पहिचान गर्न र शासक अनि शासित वर्गका बिचको शक्तिसम्बन्ध विश्लेषण गर्नका लागि यो अध्ययन महत्त्वपूर्ण रहेको छ ।

दयाराम श्रेष्ठद्वारा तयार पारिएको "नेपाली कथा र यथार्थवाद" (२०३८) शीर्षकको विद्यावारिधि तहको शोधप्रबन्धमा यथार्थवादी सिद्धान्तकै सापेक्षतामा नेपाली कथाहरूको विश्लेषण गरी निष्कर्षसम्म पुग्ने कार्य गरिएको छ । यस शोधप्रबन्धमा यथार्थवादको सैद्धान्तिक धरातलमा उभिएर नेपाली कथाकारहरूले वैज्ञानिक, वस्तुपरक ढङ्गले समाजका वास्तविकतालाई प्रस्तुत गर्ने कार्य सम्पन्न गरेकोतर्फ दृष्टि दिइएको छ । यसरी श्रेष्ठद्वारा यस धाराका कथाकारहरू विज्ञान, तर्क र वस्तुपरकतातर्फ आकर्षित र रूढि, कुसंस्कार अनि अन्धविश्वासप्रति आक्रोशित छन् भनी उल्लेख गरिएको छ । त्यसैगरी प्रस्तुत शोधप्रबन्धमा यस धाराका कथाकारहरूले मानवीय आदर्शको संरक्षण गरेर पनि रूढि, अन्धविश्वास आदिको विरोध गर्दै आफ्नै विशिष्ट प्रकारको प्रवृत्तिको विकास गरेको विषयलाई विशेष महत्त्वका साथ उठाइएको छ । अध्येता श्रेष्ठका अनुसार एकातिर आदर्शवादी बन्दै अनि अर्कातिर रूढि, परम्पराको प्रतिवाद पनि गर्दै वास्तवमा नेपाली कथाकारहरूले स्वस्थ्य सामाजिक जीवनदर्शनको खोज गर्दा यथार्थवादलाई एउटा मौलिक सम्बन्धमा लगेर आवद्ध गरेका छन् । श्रेष्ठद्वारा गरिएको यस यस अध्ययनमा जडसूत्रीय परम्परा र अयथार्थ वा काल्पनिक उडन्ते प्रवृत्तिलाई तोड्दै यस धाराका कथाकारहरूले नयाँ मार्ग अवलम्बन गरेकोतर्फ सङ्केत गरिएको छ । समग्रमा रूढि, अन्धविश्वास र अलौकिक काल्पनिकताका विरुद्धमा उभिएर विज्ञान, तर्क र वास्तविकताका माध्यमद्वारा स्वस्थ सामाजिक जीवनदर्शनको निर्माणमा यस धाराका कथाकारहरू अग्रसर थिए भन्ने श्रेष्ठको निष्कर्ष रहेको छ । दयाराम श्रेष्ठको प्रस्तुत अध्ययनमा यस धाराका कथाकारहरूले समाजका विभिन्न क्षेत्रको अभिव्यक्ति दिने क्रममा धनी र गरिबका बिचको आर्थिक समस्या, समाजका घटना परिघटना, चारित्रिक उतरचढाबलाई पनि विषय बनाएको चर्चा गरिएको छ । श्रेष्ठले सामाजिक र आर्थिक द्वन्द्व, समाजका अन्तर्क्रिया र गत्यात्मक चरित्र तथा सामाजिक सम्बन्धका अनेक पक्षको विश्लेषण नेपालीका सामाजिक यथार्थवादी कथामा पाउन सकिन्छ भनी लेखेका छन् । विविध कारणले समाजमा गहिरो समस्याका रूपमा देखिन आउने उल्झनहरूलाई चिर्दै सामाजिक सम्बन्धका अनेक आयामहरूसम्म पुग्न सक्नु यस धाराका कथाकारहरूको प्राप्ति हो भन्नेतर्फ श्रेष्ठको अध्ययन केन्द्रित रहेको छ । त्यसकारण उनको यो अध्ययन शक्तिसम्बन्धको अध्ययन होइन । यस अध्ययनमा उल्लेख भएका लेखकहरूको वैज्ञानिक दृष्टिकोण, तर्कपूर्ण विचार, रूढिगत जडताको विरोध, मौलिक विचार, स्वस्थ सामाजिक जीवनदर्शन निर्माणतर्फको झुकाव, सामाजिक, आर्थिक द्वन्द्वको चित्रण, चरित्रगत परिवर्तन, व्यक्ति, परिवार र समाजको निरीक्षण परीक्षणका क्षेत्रमा देखिएका उपलब्धिहरू यस शोधकार्यको उद्देश्यसँग अन्तर्सम्बन्धित भएका हुनाले शक्तिसम्बन्धको विश्लेषण गर्ने कार्यका लागि उपयोगी छन् ।

गोपीन्द्रकुमार पौडेलद्वारा तयार गरिएको "प्रगतिवादी कथाका प्रवृत्ति" (२०६२) शीर्षकको विद्यावारिधि तहको शोधप्रबन्धमा सुरुदेखि २०३५ सालसम्मका प्रगतिवादी कथाको मूल प्रवृत्तिहरू निरूपण गरिएको छ । यस क्रममा शोधार्थी पौडेलले प्रगतिवादी नेपाली कथाकारहरूले गाउँले

मुखिया, जमिनदार, साहु, महाजन, लगायत सम्बद्ध सरकारी निकायद्वारा किसान, मजदुर, सुकुम्वासी, दलित, उत्पीडित तथा भरियाहरूमाथि हुने शोषण, उत्पीडनको विरोध र उन्मुक्तिको अभिव्यञ्जना आफ्ना कथामार्फत गरेको उल्लेख गरेका छन् । उनले यसलाई नेपाली समाजको सापेक्षतामा यथार्थको महत्त्वपूर्ण एवम् प्रतिनिधि पाटो भएको उल्लेख गरेका छन् । त्यसैगरी उनले प्रगतिवादी नेपाली कथाहरूमा वर्गीय चिन्तन, वर्गीय पक्षधरता तथा वर्गसङ्घर्ष र नारी विषयक विभिन्न समस्याको अभिव्यक्ति दिएका छन् । यसै क्रममा वैवाहिक तथा विधवा समस्या, नारीहरूको बेचविखन तथा यौनशोषण, घरेलु हिंसा र उत्पीडनका साथै नारी जागरण र उन्मुक्तिको सन्देश प्रवाहित भएको पौडेलले देखाएका छन् । उक्त शोधप्रबन्धमा शासकहरूको सत्तास्वार्थ, षड्यन्त्र, उत्पीडनकारी मनोवृत्ति, अवसरवादी चरित्र तथा प्रशासनिक निकायका खराब कार्यशैली र निम्न वैतनिक कर्मचारीमाथि हुने उत्पीडन देखाइएको छ । उनले कथा रचनामा विचार तत्त्वको केन्द्रीय महत्त्व भएको र वर्गीय चेतनाको विकास, वर्गसङ्घर्षको अभिव्यक्ति तथा नवीन सौन्दर्य मूल्यको खोजी पनि विचार तत्त्वकै समकक्षमा भएको चर्चा गरेका छन् । उनको यो अध्ययन प्रगतिवादी सिद्धान्तमा केन्द्रित भएको हुनाले यसले शक्तिसम्बन्धको विश्लेषण गर्दैन । गोपीन्द्रकुमार पौडेलद्वारा गरिएको यस अध्ययनमा २०३५ सालसम्मका प्रगतिवादी कथामा देखिएका वर्ग, जाति, लिङ्ग, क्षेत्र, धर्म, कानुन, व्यवस्था, समाजको विश्लेषण गरिएको छ । यसका साथै यस अध्ययनमा राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थितिको समेत मूल्याङ्कन गरिएको हुनाले यस शोधकार्यमा निर्धारित गरिएको समयका कथाहरूभित्र देखिने शक्तिसम्बन्धको विश्लेषणका लागि उपयोगी छ ।

दीपक गौतमद्वारा तयार पारिएको “समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्ति” (२०६३) शीर्षकको विद्यावारिधि तहको शोधप्रबन्धमा प्रगतिवादको सैद्धान्तिक आधार तयार पारिएको छ । यस अध्ययनमा समकालीन प्रगतिवादी नेपाली कथाको पृष्ठभूमि तथा विकासक्रम उल्लेख गर्दै प्रवृत्तिगत अध्ययनपश्चात् निष्कर्ष निर्माण गरिएको छ । यस शोधप्रबन्धको ‘सङ्कटकालीन प्रगतिवादी कथा’ शीर्षकअन्तर्गत २००७ सालदेखि २०३१ सालसम्मको प्रगतिवादी कथाहरूको विश्लेषणका क्रममा तत्कालीन कथाकारहरूले ‘राल्फा’ र ‘सडक प्रतिभा’ आन्दोलनहरूमार्फत अन्याय, अत्याचार, दमन र शोषणका विरुद्धमा आवाज उठाएको प्रसङ्गलाई उल्लेख गरेका छन् । उनले यी आन्दोलनले सामाजिक असमानता र परम्परागत अन्धविश्वासको विरोध गरी रूढि, कुसंस्कार, नियम, कानुन, लिङ्गभेद तथा वर्ग आदिका विरुद्धमा आवाज उठाएको चर्चा गरेका छन् । गौतमको यो कार्य पनि शक्तिसम्बन्धमा केन्द्रित अध्ययन होइन तथापि यस अध्ययनले सङ्केत गरेको समयावधिका कथाहरूमा तत्कालीन नेपाली समाजको शक्तिको प्रयोगको अवस्थालाई उल्लेख गरेको हुनाले २००७ सालपछिका कथाहरूको विश्लेषणका लागि यो अध्ययन महत्त्वपूर्ण सहयोगी सामग्री बनेको छ ।

कृष्णप्रसाद घिमिरेद्वारा तयार पारिएको “पारिजातका कथाका प्रवृत्ति” (२०६८) शीर्षकको विद्यावारिधि तहको शोधप्रबन्धमा कथा मूल्याङ्कनका आधारहरू तयार गरी अस्तित्ववाद, विसङ्गतिवाद, प्रगतिवाद आदि सिद्धान्तका आलोकमा पारिजातका कथात्मक प्रवृत्तिको निरूपण

गरिएको छ । त्यस शोधप्रबन्धमा घिमिरेले पारिजातका कथामा व्यक्तिको स्वतन्त्रता, जीवनको सार्थकता र जीउने लालसा मुखरित भएको उल्लेख गरेका छन् । त्यसैगरी उनले मानिसले चाहेजस्तो नहुँदा उसको मानसिकतामा निराशा आएको, निस्सारता, निरर्थकता, कुण्ठा, आक्रोश, विचलन, उद्वेलन, ईश्वरप्रति अनास्था, भाग्यवादप्रति विश्वासहीनता लगायतका मानसिक संवेग र तिनका छटपटीले जीवन भोगाइका क्रममा ल्याउने निराशाको अभिव्यक्ति भएको उल्लेख गरेका छन् । उनले पारिजातका प्रगतिवादी कथाले व्यक्तिका मानसिकता तथा कुण्ठा र वेदनालाई मात्र उजागर नगरी मानवीय संवेदना, वर्गीय द्वन्द्व र पक्षधरता आदिलाई समेत सशक्त प्रतिपादन गरेको देखाएका छन् । घिमिरेको यस अध्ययनको केन्द्र पनि शक्तिसम्बन्ध होइन तर यस अध्ययनबाट यथार्थवादी कथाकारहरूका कथामा रहेको शक्तिसम्बन्ध विश्लेषण गर्ने कार्यमा उपयोगी छ ।

तारालाल श्रेष्ठले *शक्ति, स्रष्टा सबाल्टर्न* (२०६८) पुस्तकमा नेपाली साहित्यमा सबाल्टर्न अध्ययनको चर्चा गरेका छन् । उनले नेपाल सामाजिक, सांस्कृतिक, भौगोलिक, भाषिक जस्ता विविधताका आधारमा विशिष्ट राष्ट्र भएको जनाएका छन् । त्यसकारण शक्तिकेन्द्रको हैकमका आधारबाट हेर्दा पनि नेपालको इतिहास विशिष्ट भएको उनले उल्लेख गरेका छन् । सामन्ती शक्तिकेन्द्रको हैकमको प्रभावभन्दा पर कोही, केही नहुने भएपछि नेपाली साहित्यको इतिहास पनि विशिष्टै छ भन्ने परिकल्पना गरी सबाल्टर्न अध्ययन गर्न सकिन्छ भनी श्रेष्ठले उल्लेख गरेका छन् । श्रेष्ठको यस अध्ययनमा समाजको बनोट र त्यसभित्र शक्तिको प्रयोग हुन सक्ने अवस्थालाई प्रमुख विषय बनाएर शक्तिको सर्वत्रतालाई मूल रूपमा उठाइएको छ । यस अध्ययनमा कुनै एक क्षेत्रको विशिष्ट प्रकारको चर्चा नगरी समग्रमा शक्तिप्रयोगका कोणबाट ऐतिहासिक अध्ययन गर्न सकिने तर्क प्रस्तुत गरिएको छ । श्रेष्ठको यो अध्ययन सीमान्तीकृत समुदायको अवस्थाको अध्ययनमा केन्द्रित भएको हुनाले यसले शक्तिसम्बन्धको अध्ययन गर्दैन । उनको यस अध्ययनबाट तत्कालीन अवस्थामा सिर्जना भएका आधुनिक नेपाली कथाहरूभित्र रहेका जाति, वर्ग, लिङ्ग, क्षेत्र, धर्म, भाषा, समुदाय, पेसा आदि सबै विषय वा क्षेत्रमा रहेका अभिजात र सीमान्तीकृत वर्गको पहिचान भने हुन्छ । त्यसकारण यो अध्ययन यस शोधकार्यमा शक्तिसम्बन्ध विश्लेषण गर्ने कार्यका लागि उपयोगी छ ।

लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारीद्वारा लेखिएको *नेपाली कथाको इतिहास* (२०६९) पुस्तकमा समाजवादी यथार्थवादी/प्रगतिवादी धाराका कथाहरूको विश्लेषण गरिएको छ । उनीहरूले यस धाराका मूल प्रवृत्तिका रूपमा वर्गीय असमानता, गरिबी, शोषण, अन्याय, अत्याचार, दमन, उत्पीडनको विरोध, पुँजीवादको विरोध, वर्गद्वन्द्व चित्रण, निम्नवर्गको पक्षमा वकालत, भ्रष्टाचार, अनाचार, दुराचार, विकृति, विसङ्गतिको विरोध, वैचारिकता र सङ्घर्षशीलताबाट प्रभावित भई वर्गमुक्तिको अपेक्षा गर्ने जस्ता कार्य गरिएको छ भनी उल्लेख गरेका छन् । उनीहरूको यो अध्ययन पनि शक्तिसम्बन्धको अध्ययन होइन । लक्ष्मणप्रसाद गौतम र ज्ञानु अधिकारीद्वारा यस पुस्तकमा गरिएको अध्ययनबाट यथार्थवादी नेपाली कथामा भएको शासक र शासित वर्गका बिचको शक्तिसम्बन्ध विश्लेषण गर्नका लागि महत्त्वपूर्ण छ ।

नरेन्द्रप्रसाद कोइरालाले 'मार्‍यो च्याङ्बा मार्‍यो असिनामा पार्‍यो कथाको सबाल्टर्न विश्लेषण' (प्राज्ञिक संसार, १/६,२०६९) शीर्षकको लेखमा उक्त कथाको विश्लेषण गर्दै समाजमा वर्गीय दृष्टिले उच्चवर्गको, जातीय दृष्टिले उच्चजातको र लैङ्गिक दृष्टिले पुरुषको प्रभुत्व रहेको उल्लेख गरेका छन् । त्यसैगरी उनले प्रस्तुत कथाको विश्लेषण गर्ने क्रममा प्रतिरोध चेतनाका दृष्टिले यस कथाको धरातल खासै उर्वर नभएका कारण लाहुरे छोरोबाहेक सबै पात्रहरू ज्ञानका अभावमा उच्चवर्गको सांस्कृतिक प्रभुत्वलाई सहमतीय आधारमा नै स्वीकार गर्ने पक्षमा रहेको उल्लेख गरेका छन् । उनले यस कथामा सबाल्टर्न वर्गको वर्गीय, लैङ्गिक र जातीय पहिचान अनि स्थान, प्रभुत्त्व र प्रतिरोधको अवस्था स्पष्ट रूपमा प्रस्तुत भएको हुनाले यो सबाल्टर्नप्रिय कथा हो भनी प्रमाणित गर्न सकिन्छ भनेका छन् । कोइरालाको यो अध्ययन सीमान्तीकृत समुदायको अवस्था विश्लेषण गर्ने कार्यमा केन्द्रित रहेको हुनाले यसले शक्तिसम्बन्धको अध्ययन गर्दैन । कोइरालाद्वारा गरिएको यस अध्ययनमा जातीय, वर्गीय र लैङ्गिक सीमान्तीकृत समुदायको समस्यालाई उठाएर तिनीहरूको प्रतिरोध चेतना अनि आवाजसमेतलाई समेट्ने प्रयास गरिएको छ । यस अध्ययनमा समाजको शासक र शासित समुदायका बिचको शक्तिको प्रयोगको अवस्था केही मात्रामा अभिव्यक्त भएको हुनाले यस शोधकार्यसँग जोडिन आउँछ ।

विश्वनाथ खतिवडाद्वारा तयार पारिएको "गुरुप्रसाद मैनालीका कथामा वास्तविकता" (२०६९) शीर्षकको दर्शनाचार्य तहको शोधप्रबन्धमा सामाजिक वास्तविकताको अवधारणा निर्माण गरी त्यसकै आधारमा मैनालीका कथाहरूको विश्लेषण गरेर निष्कर्ष निर्माण गरिएको छ । यस शोधप्रबन्धमा मैनालीका कथाले समाजको विमर्शात्मक संरचनामा स्थापित भइसकेका पुरातन मूल्यमान्यता र स्थापित हुने प्रयत्नमा रहेका नवीन विचारबिचको शक्तिसङ्घर्षलाई प्रस्ट्याउने प्रयास गरेको उल्लेख गरिएको छ । यस क्रममा खतिवडाले मैनालीका कथामा परिवर्तनगामी विचार र विद्रोहलाई परम्परागत सामाजिक शक्तिले दबाए पनि कालान्तरमा तिनले समाज सुधारका दिशामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको स्पष्ट हुन्छ भनी लेखेका छन् । यस अध्ययनमा पुरातन र नवीन विचारका बिचको सङ्घर्षमा पनि सर्जक मैनालीको झुकाव नवीन विचारकै पक्षमा थियो भन्ने तथ्यलाई प्रस्ट पारिएको छ । उनले दबिएको नयाँ विचार र परम्परागत मान्यताका कतिपय पक्षमा असहमत पात्रलाई माया दिएर कथाकारले कारुणिकता सिर्जना गर्नुको तात्पर्य यी विचारप्रतिको आस्था वा विश्वास हो भन्ने उल्लेख गरेका छन् । यो अभिव्यक्तिले मैनाली सामाजिक रूढि र अन्धविश्वासजन्य कठोर अनि अमानवीय प्रथामा परिवर्तन चाहन्थे भन्ने देखिन्छ । त्यसैकारण उनले समाजका पुराना र नयाँ विचारका बिचमा शक्तिसङ्घर्ष गराएर नवीन विचारप्रति सहानुभूति देखाएका हुन् भन्ने स्पष्ट हुन्छ । उक्त शोधप्रबन्धमा शोधार्थी खतिवडाले मैनालीका कथामा व्यक्त समाजको विश्लेषण गर्दै परम्परगत र परिवर्तगामी विचारका बिचको शक्तिसङ्घर्षमा पुरानो विचारले विजय प्राप्त गरे पनि नयाँ विचारले माया पाएको सन्दर्भलाई देखाएका छन् । यस क्रममा उनले मैनालीका कथामा प्रेमविवाह, शोषणविरुद्धको कानुनी उपचार, नारीप्रतिको सम्मान, धार्मिक रूढिको खण्डन जस्ता नवीन विचारले सामाजिक मान्यता प्राप्त गरी नसकेको उल्लेख गरेका छन् । यसै क्रममा उक्त विचारका लागि गरिएका वैयक्तिक असहमति

अर्थात् बेमेलपूर्ण अवस्थाले परम्परादेखि स्थापित मान्यतामा आमूल परिवर्तन गर्न सकेको छैन बरु सामाजिक मान्यताका कतिपय पक्षमा आएका नवीन विचार र असङ्गतिलाई स्थापित मान्यताले दबाएकै पाइन्छ भन्ने उल्लेख गरेका छन् । यस शोधप्रबन्धको निष्कर्षमा मैनालीले तत्कालीन नेपाली समाजका सामाजिक, आर्थिक, नैतिक, धार्मिक पक्षमा हुने गरेको प्रत्यक्ष र परोक्ष दुबै प्रकारको शक्तिसङ्घर्षको स्पष्ट तस्बिर खिच्न सफल भएका थिए भनी उल्लेख गरिएको छ । यसै क्रममा धर्म, संस्कृति, नैतिकता, आदर्श, सामाजिक मान्यता आदि उनले देखेभोगेका समाजको सञ्चालक तत्त्वहरू पात्रका मानसिकतामा अडिएको हुनाले उनका कथाले समाजको वास्तविकतालाई प्रस्तुत गरेका छन् भनी खतिवडाले उल्लेख गरेका छन् । खतिवडाको यो अध्ययन सामाजिक वास्तविकताको पहिचान गर्ने लक्ष्यतर्फ अग्रसर रहेको हुनाले यसले शक्तिसम्बन्धको अध्ययन गर्दैन । खतिवडाको यो अध्ययन मैनालीका कथाको अध्ययनका दृष्टिले उपयोगी रहे पनि समग्र यथार्थवादी नेपाली कथाको अध्ययनका दृष्टिले भने यस अध्ययनका सीमा रहेका छन् ।

दयाराम श्रेष्ठले *नेपाली कथा र कथाकार* (२०७०) पुस्तकमा यस धाराका कथामा धार्मिक, नैतिक मूल्यको उठान र सामाजिक समस्याका कारणहरूको उद्घाटन भएको जनाएका छन् । यस धाराका कथाकारहरूले सामाजिक खराबीहरूप्रति बिरोध र व्यङ्ग्यद्वारा समाजमा विद्यमान वेथितिको विरोध गरेको विषयमा श्रेष्ठले चर्चा गरेका छन् । त्यसैगरी यस पुस्तकमा उक्त धाराका कथाहरूभित्र मानिसहरूका पीडा र व्यथाहरूको चित्रण तथा मानवीय कमजोरी र विसङ्गतिको विरोध भएको उल्लेख गरिएको छ । नारी वर्गको दुरवस्था, अमानवीय आचरण र आडम्बरयुक्त रीतिरिवाजप्रति पनि यस धाराका कथाकारहरू सजग रहेको कुरा श्रेष्ठले उल्लेख गरेका छन् । त्यस समयका कथाकारहरूले कुनै पनि समस्यालाई संवेद्य हुने किसिमले यथावत् रूपमा हेर्ने र समाजलाई कुनै दैवी शक्ति वा रहस्यको परिणाम नमानी भौतिक संसारकै सत्य ठानेर निरपेक्ष आँखाले मूल्याङ्कन गर्ने गरेको सन्दर्भलाई श्रेष्ठले उल्लेख गरेका छन् । श्रेष्ठद्वारा गरिएको यस विश्लेषणमा आर्थिक, सामाजिक, धार्मिक, लैङ्गिक आदि विषयहरू अटाएका छन् । त्यसैगरी विसङ्गति, दुरवस्था, अमानवीय आचरण, आडम्बर, कुरीति, रूढि, शोषण, दुराचार आदिको विरोध गरिएको छ । समग्रमा श्रेष्ठको यो अध्ययनको प्रमुख उद्देश्य शक्तिसम्बन्धको विश्लेषण होइन । यो अध्ययन पनि मूल रूपमा वर्गीय आधारमा दमित समुदायको समस्यामा र गौण रूपमा अन्य समस्यातर्फ केन्द्रित भएको हुनाले यस शोधकार्यका लागि उपयोगी सामग्री बनेको छ ।

नरेन्द्रप्रसाद कोइरालाले "रमेश विकलका कथामा सीमान्तीयता" (२०७०) शीर्षकको दर्शनाचार्य तहको शोधकार्यमा विकलका कथामा मुख्य भूमिकामा देखिएका सबै पात्रहरू शक्ति प्रयोगका दृष्टिबाट ज्यादै निरीह अवस्थामा रहेको उल्लेख गरेका छन् । त्यसैगरी उनीहरूमाथि अभिजात वर्गले शक्तिको निरन्तर र चौतर्फी प्रहार गरेको, त्यस क्रममा धनीले गरिबलाई, पुरुषले नारीलाई र उच्च तथा शक्तिसम्पन्न जातिले निम्न तथा कमजोर जातिलाई सीमान्त अवस्थामा पुर्‍याएको सन्दर्भलाई कोइरालाले प्राथमिकताका साथ जोडेका छन् । यस अध्ययनमा त्यसका लागि समाजको स्थापित सांस्कृतिक संरचना सहायक भएको स्पष्ट पारिएको छ । कथाकार विकलले समाजको यथास्थितिमा विद्यमान एक पक्षीय र विभेदकारी मान्यताको खण्डन गर्दै सीमान्तीकृत

वर्गप्रतिको आफ्नो झुकावलाई प्रस्तुत गरेका सन्दर्भहरू कोइरालाको अध्ययनमा उल्लेख गरिएको छ। कोइरालाद्वारा दर्शनाचार्य तहमा गरिएको यस शोधकार्यको विश्लेषणमा वर्गीय, जातीय र लैङ्गिक सीमान्तीकृत वर्गको समस्या प्रमुख भएको छ । त्यसैगरी यस अध्ययनले सीमान्तीकृत वर्गका विरुद्धमा समाजमा व्याप्त शक्ति प्रयोगको अवस्थालाई समेत अभिव्यक्त गरेको छ । कोइरालाको यो अध्ययन विकलका कथामा अवस्थित सीमान्तीकृत समुदायको अवस्था विश्लेषण गर्ने कार्यतर्फ लक्षित रहेको हुनाले यसले समग्र यथार्थवादी कथामा भएको शक्तिसम्बन्धको विश्लेषण गर्दैन । यसले तत्कालीन समाजमा विद्यमान विमर्शात्मक संरचनाका केन्द्रमा उभिएर सीमान्तीकृत समुदायको अवस्था विश्लेषण गरेको हुनाले यस शोधकार्यसँग सम्बन्धित देखिन्छ।

महेश कार्की (२०७२) ले तयार पारेको "नयराज पाण्डेका उपन्यासमा सबाल्टर्न" शीर्षकको दर्शनाचार्य तहको शोधप्रबन्धमा सबाल्टर्न सिद्धान्तका सम्बन्धमा चर्चा गरेका छन् । यस शोधप्रबन्धमा उनले सबाल्टर्न अध्ययन सुरु हुनका कारणहरू, सबाल्टर्न सम्बन्धी विभिन्न विद्वाहरूका धारणा, सबाल्टर्न अध्ययन समूह, सबाल्टर्नका रूपहरू, सबाल्टर्न अध्ययनः आरम्भ र विकास, सबाल्टर्न अध्ययनको प्रयोग, नेपाली साहित्यमा सबाल्टर्न र सबाल्टर्नको प्रतिनिधित्व, पहिचान र बोली शीर्षकहरूमा सबाल्टर्न सिद्धान्तका सम्बन्धमा चर्चाहरू गरेका छन् । यस शोधप्रबन्धमा उनले कुनै पनि कृतिमा आएका पात्र, विषय वा विचारले सामूहिक र व्यक्तिगत दुबै प्रकारको प्रतिनिधित्व गर्ने हुनाले तिनले आआफ्ना वर्ग वा समुदायका आवाजहरूको प्रतिनिधित्व गर्छन् भन्दै यस्तो प्रतिनिधित्वले समय, भाषा तथा भौगोलिक हिसाबले कहिले कुन र कहाँको सबाल्टर्नको प्रतिनिधित्व कृतिमा कसरी भएको छ भन्ने ध्यान दिनु पर्ने उल्लेख गरेका छन् । त्यसै गरी उनले कृतिभित्र रहेको पात्रको पहिचानमा प्रभुत्वशाली र सबाल्टर्न वर्गलाई कुन रूपमा चिनाइएको छ र त्यसमा लेखकको सहानुभूति कसप्रति रहेको छ भनी खोजी गर्नु पर्ने उल्लेख गरेका छन् । त्यसै क्रमम उनले सबाल्टर्न वर्गप्रतिको उच्चवर्गको दृष्टिकोण, सबाल्टर्न वर्गप्रतिको लेखकीय दृष्टिकोण, लेखकमा सत्ताले पारेको प्रभाव, कृतिको रचनामा रहेको लेखकको उद्देश्य, कृतिभित्र रहेको सबाल्टर्न पात्रको बोली, सबाल्टर्नका सम्बन्धमा अन्य पात्रको बोली, सबाल्टर्नका सम्बन्धमा आमपात्र तथा समुदायको धारणा आदिमा विशेष ध्यान दिनु पर्ने उल्लेख गरेका छन् । महेश कार्कीको प्रस्तुत अध्ययन सीमान्तकृत समुदायको अध्ययनका दृष्टिले उपयोगी रहे पनि यसमा यथार्थवादी नेपाली कथाको शक्तिसम्बन्धको विश्लेषण भने हुन सकेको छैन ।

शैलेन्द्र अधिकारीले "अमर न्यौपानेका आख्यानमा सबाल्टर्न" (२०७२) शीर्षकको दर्शनाचार्य तहको शोधकार्यमा न्यौपानेका आख्यानमा प्रभुत्वशाली वर्गले आफूअनुकूल बनाएको सामाजिक, सांस्कृतिक संरचना र त्यसका विरुद्धको प्रतिरोधी चेतना विकास भएको छ भनी चर्चा गरेका छन् । अधिकारीले दर्शनाचार्य तहमा गरेको शोधकार्यअर्न्तगतको यस अध्ययनमा समाजमा प्रभुत्वशाली वर्गले गर्ने शक्तिको प्रयोग, त्यसलाई अनुकूल हुनेगरी बनाइएको विमर्शात्मक संरचना, कमजोर रूपमा उठेको विरोधी विचार र सबाल्टर्न वर्गको प्रतिरोध चेतनालाई समेटने प्रयास गरेका छन् । त्यसकारण उनको यो अध्ययन अमर न्यौपानेका कृति र सबाल्टर्न अध्ययनमा मात्र केन्द्रित भएको हुनाले यस अध्ययनले शक्तिसम्बन्धको अपेक्षित विश्लेषण गर्न सक्दैन । अधिकारीको यो अध्ययन

समाजको प्रभुत्वशाली र अधीनस्थ वर्गका बिचको शक्तिसम्बन्ध विश्लेषणका लागि उपयोगी बनेको छ ।

श्रीकृष्णप्रसाद कोइरालाले "भवानी भिक्षुका कथामा सीमान्तीयता (सबाल्टर्न)" (२०७३) शीर्षकको दर्शनाचार्य तहको शोधकार्यमा भिक्षुका कथामा उत्पादनको ठुलो हिस्सा प्रशासनिक एवम् राज्यसत्ता र शक्तिकेन्द्रको उच्च ओहोदामा रहेकाहरूले ओगटेका छन् भन्ने विचार व्यक्त गरेका छन् । उनले उच्चवर्गका तुलनामा मध्यम र निम्नवर्गको अर्थिक, सामाजिक, राजनीतिक एवम् प्रशासनिक पहुँच ज्यादै कम रहेको पनि देखाएका छन् । कोइरालाका अनुसार सबाल्टर्न वर्गले प्रभुत्वशाली वर्गको सामाजिक, सांस्कृतिक, आर्थिक, पुरुषकेन्द्री राजनीतिक एवम् वर्गीय प्रभुत्वलाई स्वीकार गरेकै कारण उनीहरू सधैँ किनारामा पुग्नु परेको वास्तविक यथार्थ निर्दिष्ठ छ । यस क्रममा उनले भिक्षुका अध्ययन गरिएका केही कथाहरूमा अन्तर्मुखी पात्रले प्रभुत्वशाली वर्गका विरुद्ध सशक्त रूपमा आवाज नउठाएर मौन रूपमा प्रतिरोध जनाएको र अन्तर्मुखी सबाल्टर्न पात्रहरू आत्मविश्वास गुमाएर प्रभुत्वशाली वर्गसमक्ष सङ्घर्ष वा प्रतिरोध गर्नुको साटो परिस्थिति आफ्नो अनुकूल नहुँदा मुर्छित हुने गरेको पाइन्छ भनी उल्लेख गरेका छन् । कोइरालाद्वारा दर्शनाचार्य तहको शोधकार्य गर्ने क्रममा गरिएको प्रस्तुत अध्ययनमा वर्गीय सबाल्टर्नको समस्याले प्रमुख स्थान पाएको छ । यस अध्ययनमा उच्चवर्गले निम्नवर्गमाथि गर्ने शक्तिको प्रयोग र सामाजिक, आर्थिक, सांस्कृतिक विभेदका कारण उत्पन्न समस्यालाई प्रमुखताका साथ उठाइएको छ । त्यसकारण यस अध्ययनभित्र वर्गीय सबाल्टर्नको समस्या र शक्तिप्रयोगको सामाजिक अवस्थालाई प्रस्तुत गर्ने प्रयास गरिएको छ । भिक्षुका कथाको सबाल्टर्न अध्ययन गर्ने उद्देश्य रहेको यस अध्ययनले शक्तिसम्बन्धको अध्ययन गर्दैन तर समाजको सामन्ती स्वरूपको विमर्शात्मक संरचनामा रहेको वर्गीय शक्तिसम्बन्धको विश्लेषण गर्ने कार्यका लागि सहयोगी भूमिका निर्वाह गरेको छ ।

गिरिराज पाठकद्वारा तयार पारिएको "गुरुप्रसाद मैनालीका कथामा प्रतिनिधित्व, पहिचान र प्रतिरोध" (२०७५) शीर्षकको दर्शनाचार्य तहको शोधप्रबन्धमा मैनालीका कथाहरूको विश्लेषण गरी सांस्कृतिक प्रतिनिधित्त्व, पहिचान र प्रतिरोध सम्बन्धी सिद्धान्तका कोणबाट निष्कर्ष निरूपण गरिएको छ । यस अध्ययनभित्र मैनालीका कथामा तत्कालीन कालखण्डमा केन्द्रमा सामन्तवादी आर्थिक संस्कृति, पितृसत्ता र उच्च जातिको संस्कृति रहेको र परिधीय संस्कृतिका रूपमा निम्नवर्ग तथा विपन्न समुदाय, तल्लो जाति र नारी समुदाय रहेको उल्लेख गरिएको छ । त्यसैगरी उक्त केन्द्रीय र परिधीय सांस्कृतिक समुदाय बिचको द्वन्द्वलाई थप प्रस्ट पारिएको छ । त्यस क्रममा कथामा अभिव्यक्त सामन्तवादी स्वरूपको विमर्शमा ज्ञानको उत्पादक केन्द्रीय संस्कृति भएकाले शक्तिका सम्पूर्ण स्रोतमाथि केन्द्रीय संस्कृतिको प्रभुत्व रहेको देखाइएको छ । त्यसले परिधीय संस्कृति, ज्ञान र शक्तिका अभावमा सीमान्तकृत बनेको उनले देखाएका छन् । त्यसै क्रममा उनले प्रभुत्वशाली वर्गका रूपमा रहेको कथित उपल्लो जातीय संस्कृतिले तल्ला जात तथा सीमान्तीकृत जातीय/जनजातीय समुदायमाथि उत्पीडन, दमन, उपेक्षा र शोषण गरेको छ भनी लेखेका छन् । यस शोधप्रबन्धमा सीमान्तीकृत समुदायको प्रतिरोध चेतनाको अवस्था विश्लेषण गर्दै तत्कालीन

मूलधारको संस्कृतिका विरुद्ध दमित समुदायमा प्रतिरोध चेतना विकसित भएको देखाइएको छ । त्यसैगरी प्रस्तुत शोधप्रबन्धमा प्रतिरोधका सम्बन्धमा थप प्रस्ट्याउँदै प्रभुत्वशाली संस्कृतिले निर्माण गरेको विमर्शका कारण सङ्कटमा परेको परिधीय संस्कृतिको शक्तिहीन र पूर्णतः अधीनस्थ पहिचान अनि त्यसद्वारा निर्मित सांस्कृतिक मूल्य र मान्यताहरूप्रति तीव्र घृणाभाव र आक्रोश व्यक्त भएको उल्लेख गरिएको छ । गिरिराज पाठकद्वारा गरिएको यस अध्ययनमा मैनालीका कथामा भएका सीमान्त समुदायको निर्माण, उनीहरूको प्रतिनिधित्त्व र प्रतिरोध चेतनाको विश्लेषण गर्ने प्रयास गरेको हुनाले यो शक्तिसम्बन्धको अध्ययनभन्दा भिन्न छ तर अन्तर्सम्बन्धित देखिन्छ । त्यसकारण यो अध्ययन प्रस्तुत शोधपत्रले राखेको उद्देश्य प्राप्त गर्न सहयोगी बनेको स्पष्ट छ ।

प्रत्यक्ष वा परोक्ष ढङ्गले सामाजिक शक्तिसम्बन्धको अवस्थासँग सम्बन्धित भएर यसअघि गरिएका सबै अध्ययन वा विश्लेषणहरूलाई यहाँ पूर्वकार्यका रूपमा प्रस्तुत गरी तिनको विश्लेषण गर्दा शोधकार्यबाट आएका निष्कर्षहरू तुलनात्मक रूपमा बढी वस्तुगत रहेका छन् भने अन्य साहित्य समीक्षाबाट लिइएका निष्कर्षहरूमा पनि उल्लेखनीय तथ्यहरू छन् । यी दुबै क्षेत्रका अध्ययनबाट आएका निष्कर्षहरू यस अध्ययनका निमित्त महत्त्वपूर्ण पूर्वकार्य वा मार्गदर्शक सामग्रीका रूपमा रहेका छन् । यी अध्ययनहरू यस शोधकार्यका लागि निकै सहयोगी पनि छन् । त्यसकारण यी सबै अध्ययनहरूको यस शोधकार्यसँग नजिकको सम्बन्ध रहेको छ । यस प्रकारको कार्यगत निकटताको अवस्था रहे पनि यसअघि भएका यी कुनै पनि अध्ययनले यथार्थवादी नेपाली कथाको फराकिलो क्षेत्रमा प्रस्तुत शक्तिसम्बन्धलाई समेट्ने कार्य गरेका छैनन् तापनि यी अध्ययनहरूबाट निम्नानुसारको सहयोग प्राप्त हुनसक्ने अवस्था भने देखिन्छ ।

समग्रमा माथिका पूर्वाध्ययनहरूमध्ये वर्गीय शक्तिसम्बन्धको विश्लेषण गर्ने कार्यका लागि सूर्यविक्रम ज्ञवाली, ईश्वर बराल, यज्ञराज सत्याल, तारानाथ शर्मा, रत्नध्वज जोशी, वासुदेव त्रिपाठी, दयाराम श्रेष्ठ, गोपीन्द्र पौडेल, दीपक गौतम, कृष्णप्रसाद घिमिरे, तारालाल श्रेष्ठ, लक्ष्मणप्रसाद गौतम, ज्ञानु अधिकारी, नरेन्द्रप्रसाद कोइराला, महेश कार्की, शैलेन्द्र अधिकारी र श्रीकृष्णप्रसाद कोइरालाका अध्ययनहरू सहयोगी सामग्री बनेका छन् भने लैङ्गिक शक्तिसम्बन्धको विश्लेषणका लागि ईश्वर बराल, दयाराम श्रेष्ठ, गोपीन्द्र पौडेल, दीपक गौतम, कृष्णप्रसाद घिमिरे, तारालाल श्रेष्ठ, लक्ष्मणप्रसाद गौतम, ज्ञानु अधिकारी, नरेन्द्रप्रसाद कोइराला, महेश कार्की, शैलेन्द्र अधिकारी र श्रीकृष्णप्रसाद कोइरालाका अध्ययनहरू सहयोगी सामग्री बनेका छन् । त्यसैगरी जातीय शक्तिसम्बन्धको विश्लेषणका लागि सूर्यविक्रम ज्ञवाली, ईश्वर बराल, यज्ञराज सत्याल, तारानाथ शर्मा, रत्नध्वज जोशी, वासुदेव त्रिपाठी, दयाराम श्रेष्ठ, गोपीन्द्र पौडेल, कृष्णप्रसाद घिमिरे, तारालाल श्रेष्ठ, नरेन्द्रप्रसाद कोइराला, महेश कार्की, शैलेन्द्र अधिकारी र श्रीकृष्णप्रसाद कोइरालाका अध्ययनहरू सहयोगी सामग्री बनेका छन् । यस शोधकार्यमा प्रतिरोधात्मक शक्तिसम्बन्धको विश्लेषणका लागि ईश्वर बराल, दयाराम श्रेष्ठ, गोपीन्द्र पौडेल, दीपक गौतम, कृष्णप्रसाद घिमिरे, तारालाल श्रेष्ठ, नरेन्द्रप्रसाद कोइराला, महेश कार्की, शैलेन्द्र अधिकारी र श्रीकृष्णप्रसाद कोइरालाका अध्ययनहरू महत्त्पूर्ण सहयोगी सामग्री बनेका छन् ।

समाज सञ्चालनका प्रक्रियामा तल, माथि, वर, परका सबै सबैसँग जोडिन आउने र त्यसका माध्यमबाट निर्माण हुने शासक र शासितका बिचको सम्बन्ध नै वास्तवमा शक्तिसम्बन्ध हो । यसले परम्परागत शक्ति प्रयोगको केन्द्रीकृत र एकपक्षीय अवधारणालाई मात्र जनाउँदैन । समाजको स्थापित विमर्श र ज्ञानको अवस्था, प्रभुत्व, उत्पादनका साधनमाथिको वर्चस्व, स्थानीय र केन्द्रीय सत्तासँगको पहुँच, पितृसत्ता र नारीमाथिको दमन, शोषण, प्रतिरोधका विभिन्न अवस्थाका सापेक्षतामा शक्तिसम्बन्धको पहिचान र विश्लेषण गरिन्छ । यसअघि भएका कुनै पनि पूर्वाध्ययनहरूमा यस प्रकारको अध्ययन हुन सकेको छैन । त्यसकारण यस शोधकार्यमा माथिका अध्ययनहरूलाई मार्गदर्शक अध्ययन मानी यथार्थवादी नेपाली कथामा प्रस्तुत भएको वर्गीय, लैङ्गिक, जातीय र प्रतिरोधात्मक शक्तिसम्बन्धको विश्लेषण गरिएको छ । त्यसपछि सङ्कलित तथ्यहरूको विश्लेषणका लागि आवश्यक सैद्धान्तिक आधार तयार गरेर यथार्थवादी नेपाली कथामा प्रस्तुत शक्तिसम्बन्धको अध्ययन गरी निष्कर्ष निरूपण गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

समाजका कुनै पनि वर्ग, जाति, लिङ्ग, क्षेत्र, समुदाय र प्रतिरोधसमेत शक्तिको सीमाभन्दा बाहिर रहेका हुँदैनन् । शक्तिसम्बन्धलाई आधार मानी नेपाली भाषा साहित्यका समीक्षा र शोधका क्षेत्रमा अध्ययनको अवस्था प्रारम्भिक चरणमै छ । आधुनिक नेपाली कथाको प्रवर्तन गर्ने यथार्थवादी धाराका कथाहरूको शक्तिसम्बन्धमा केन्द्रित भएर हालसम्म पनि कुनै अध्ययन हुन सकेको छैन । त्यसकारण यस अध्ययनको औचित्य र महत्त्व दुबै स्वतः पुष्टि हुन आउँछ । यस शोधकार्यमा एकातर्फ वर्गीय, लैङ्गिक, जातीय र प्रतिरोधात्मक शक्तिसम्बन्धको सैद्धान्तिक अवधारणाको निर्माण गरिएको र अर्कोतर्फ त्यसैका आधारमा प्रायोगिक समालोचना गरिएको हुनाले यो सिद्धान्त र प्रयोगप्रति चासो राख्ने पारखीहरूका लागि पनि यो अध्ययन उपयोगी नै हुनेछ । त्यस्तै यस अध्ययनबाट यथार्थवादी नेपाली कथामा प्रस्तुत वर्गीय, लैङ्गिक, जातीय र प्रतिरोधात्मक शक्तिसम्बन्धको पहिचान गरिएको छ । त्यसैगरी उक्त कथाहरूमा रहेको दमित समुदायको प्रतिरोधको अवस्था निर्क्योल गरिएको छ । त्यसकारण शक्तिसम्बन्धका विषयमा स्पष्ट दृष्टि तयार हुने हुनाले यो शोधकार्य औचित्यपूर्ण रहेको प्रस्ट हुन्छ ।

## १.६ शोधको क्षेत्र र सीमाङ्कन

प्रस्तुत शोधकार्य यथार्थवादी नेपाली कथा (१९९२-२०१९) हरूमा प्रस्तुत भएको शक्तिसम्बन्ध विश्लेषण गर्ने कार्यमा केन्द्रित रहेको छ । यस शोधकार्यमा प्रस्तावित चरणका कथाहरूमा प्रस्तुत भएको वर्गीय, लैङ्गिक, जातीय र प्रतिरोधात्मक शक्तिसम्बन्धको विश्लेषण गरिएको छ । त्यसकारण शक्तिसम्बन्धका अपाङ्गता, पर्यावरणीयजस्ता अन्य रूपहरू यस शोधकार्यको क्षेत्रभित्र पर्ने छैनन् । यो नै यस शोधकार्यको सैद्धान्तिक सीमा हो । शोधकार्यको उद्देश्य प्राप्त गर्नका लागि यथार्थवादी धाराका जम्मा ५१ जना कथाकारहरूका ४९८ ओटा कथा अध्ययन गरी वर्गीय, लैङ्गिक, जातीय र प्रतिरोधात्मक शक्तिसम्बन्धलाई सघन रूपमा प्रस्तुत गरिएका ३१ ओटा कथाको विश्लेषण गरिएको छ । यो यस शोधकार्यको प्रायोगिक सीमा हो ।

### १.७ शोधविधि

शोधविधिअन्तर्गत सामग्री सङ्कलन र अध्ययन तथा विश्लेषणको सैद्धान्तिक आधारको व्याख्या तल गरिएको छ ।

#### १.७.१ सामग्री सङ्कलन

*यथार्थवादी नेपाली कथामा शक्तिसम्बन्ध* शीर्षकको यो शोधकार्य सम्पन्न गर्नका लागि अधिकांश सामग्रीको सङ्कलन पुस्तकालयबाट गरिएको छ । त्यसका लागि प्राथमिक स्रोतका रूपमा रहेका निर्धारित समयका सिर्जनात्मक कृतिहरू वा कथाहरू रहेका छन् भने द्वितीयक स्रोतका रूपमा नेपाली, अङ्ग्रेजी तथा हिन्दी भाषाका सैद्धान्तिक क्षेत्रका सामग्रीहरू र यसअघि भएका शोध, समालोचनामा उल्लिखित अध्ययनहरू रहेका छन् । यस क्रममा आवश्यकताअनुसार सामग्री सङ्कलनका लागि विभिन्न पत्रपत्रिका, इन्टरनेट आदिको सहयोग पनि लिइएको छ ।

#### १.७.२ सामग्री विश्लेषण विधि

विश्लेष्य कथाहरूका लागि यस शोधकार्यका चारओटै उद्देश्यसँग मेल खान सक्ने कथाहरूको छनोट गर्न उद्देश्यमूलक नमुना छनोट विधिको उपयोग गरिएको छ । यसरी छनोट गरिएका ३१ ओटा कथाले अध्येय अवधिका आधुनिक नेपाली कथामा भएको शक्तिसम्बन्धको सम्यक् प्रतिनिधित्व गर्ने सामर्थ्य राख्छन् । यी कथाहरूमा १९९२ देखि २०१९ बिचको अवधिमा नेपाली समाजमा विद्यमान विविध प्रकारका घटना, परिघटनाहरूको सबल र मार्मिक कथात्मक प्रस्तुति भएको छ । त्यसकारण यिनै कृतिहरूको विश्लेषणबाट यथार्थवादी कथामा भएको शक्तिसम्बन्धको निरूपण गर्न सकिने भएकाले विश्लेष्य सामग्रीका रूपमा चयन गरिएको हो ।

प्रस्तुत शोधकार्यमा सङ्कलित सामग्रीको विश्लेषणका लागि सांस्कृतिक अध्ययनअन्तर्गतको शक्तिसम्बन्धको सिद्धान्तलाई प्रमुख आधार मानिएको छ । परिवार, स्थानीय क्षेत्र र केन्द्रीय सत्तासम्म शासक र अधीनस्थ समुदायका पात्रहरूले एकआपसमा गर्ने शक्तिको प्रयोगको अवस्था नै वास्तवमा शक्तिसम्बन्ध हो । यसमा शक्तिसम्बन्धअन्तर्गतका विभिन्न मान्यतामध्ये वर्गीय, लैङ्गिक, जातीय र प्रतिरोधात्मक शक्तिसम्बन्धलाई मुख्य आधार बनाइएको छ । त्यसकारण शक्तिसम्बन्धसम्बन्धी मान्यताका आधारमा कथासम्बन्धी अध्ययनको प्राज्ञिक समस्याको समाधान खोजिएको हुनाले शोधका लागि मूलतः विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । सामग्री सङ्कलन तथा विश्लेषणका क्रममा आंशिक रूपमा आगमनात्मक विधिको पनि प्रयोग भएको छ । यस शोधमा नयाँ सिद्धान्तको स्थापना गर्ने उद्देश्य नराखी शक्तिसम्बन्धको स्थापित सिद्धान्तकै आधारमा सामग्रीको व्याख्या र विश्लेषण गरी निष्कर्ष निकाल्ने कार्य गरिएको हुनाले वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग भएको छ ।

### १.७.३ सैद्धान्तिक आधार र सामग्री विश्लेषणको ढाँचा

प्रस्तुत शोधकार्य यथार्थवादी नेपाली कथाहरूमा वर्णित शक्तिसम्बन्धको विश्लेषणमा केन्द्रित रहेको छ । यसमा शक्तिसम्बन्धको सैद्धान्तिक मान्यतामा आधारित भएर आधुनिक नेपाली यथार्थवादी कथाहरूको विश्लेषण गरिएको छ । यस शोधकार्यमा शक्तिसम्बन्धी अवधारणाको प्राज्ञिक समाधानका लागि कार्ल मार्क्स, अन्टोनियो ग्राम्ची, मिसेल फुको, जुलिया क्लिम्स मोसी, बेनेट र आल्थुसरका सैद्धान्तिक मान्यताको प्रमुख रूपमा उपयोग गरिएको छ । यसमा शक्तिसम्बन्धको सैद्धान्तिक मान्यतामा आधारित भएर यथार्थवादी कथाहरूमा प्रस्तुत वर्गीय, लैङ्गिक, जातीय र प्रतिरोधात्मक शक्तिसम्बन्धको अध्ययन गरिएको छ । शक्तिसम्बन्ध सांस्कृतिक अध्ययनको विषयवस्तु भएकाले यसमा भाषा, धर्म, जाति, वर्ग, लिङ्ग जस्ता पक्षहरूले गरेको शक्तिको प्रयोगमा देखिने समानता र असमानताको अध्ययन गरिन्छ । प्रस्तुत शोधकार्यमा वर्गगत, लिङ्गगत, जातिगत र प्रतिरोधात्मक शक्तिसम्बन्धका आधारमा आधुनिक नेपाली कथाहरूको विश्लेषण गरिएको छ । नमुना छनोटमा परेका कथाहरू वा सामग्री सङ्कलनका क्रममा प्राप्त भएका सबै तथ्यहरूलाई विश्लेषण गर्नका लागि प्रभुत्व, ज्ञान, शक्ति र सत्य अनि प्रतिरोध सिद्धान्तहरूको सहयोग लिइएको छ ।

पाठमा आएका विभिन्न वर्ग वा समुदायका पात्रले प्रयोग गरेको शक्तिको अवस्थालाई अध्ययन गर्ने एउटा पाटो वा पक्षका रूपमा सांस्कृतिक अध्ययनअन्तर्गत शक्तिसम्बन्धलाई लिइन्छ । यो मान्यताअन्तर्गत पाठमा आएका पात्रहरू कुन कुन वर्ग वा समुदायका छन् र तिनले प्रयोग गर्ने शक्तिको अवस्था के कस्तो छ अनि त्यसले समाजको जीवनमा कस्तो प्रभाव पारेको छ भनी खोजी र विश्लेषण गरिन्छ । समाजमा रहेका भिन्न भिन्न वर्ग, लिङ्ग, जातिका मानिसहरूको जीवन भोग्ने आधार नै स्थापित विमर्शात्मक संरचना हो । त्यसकै आधारमा सबैले आआफ्नो शक्तिको प्रयोग गर्दा समाज शक्तिको जालोभित्र जेलिन पुग्छ वा सबै शक्तिसम्बन्धको सीमाभित्र समेटिन पुग्छन् । प्राप्त शक्तिको उपयोग गर्ने क्रममा एउटा वर्ग, लिङ्ग, जाति वा समुदायले अर्को वर्ग, लिङ्ग, जाति वा समुदायमाथि अन्याय गर्न थालेपछि वा आफू अन्यायमा परेको अनुभूत भएपछि दमित समुदायले प्रत्यक्ष वा परोक्ष ढङ्गले प्रतिवाद गर्दा प्रतिरोधको सिर्जना हुन्छ । यसले कालान्तरमा समाजको शक्तिसम्बन्धमा पनि परिवर्तन ल्याउँछ । यस प्रकारको शक्तिसम्बन्धका प्रकारहरू पाठमा भएका समुदायका आधारमा निर्क्योल हुने भए पनि समग्रमा वर्गीय, जातीय, लैङ्गिक र प्रतिरोधात्मक शक्तिसम्बन्धभित्र सबैलाई समेट्न सकिन्छ ।

यथार्थवादी धाराका विश्लेष्य कथाहरूमा शासक वर्गको दमन र शासित समुदायको प्रतिरोध उल्लेखनीय रूपमा रहेको छ । प्रतिरोधको मात्रा, कोण, धरातलका माध्यमबाट शासक र शासित समुदायका बिचको शक्तिसम्बन्ध निर्देशित हुने हुनाले प्रस्तावित शोधकार्यको उद्देश्य प्राप्त गर्न कथाहरूको विश्लेषणका लागि यिनै आधारहरू प्रमुख हुन् । साहित्य समाज, शक्ति, परम्परा तथा संस्कृतिको जीवन्त अभिव्यक्ति हो । त्यसकारण यसभित्र समाजका शक्तिसम्बन्धहरूको प्रभाव कुनै न कुनै रूपमा परेकै हुन्छ । प्रतिरोधको अवस्थाले शक्तिसम्बन्धको वास्तविक स्वरूपलाई चिनाउँछ ।

समाजभित्रै अटाएको शासित समुदायसँग सम्बन्धित आवाजलाई पनि शक्तिको सम्बन्धले निर्देशित गर्छ । वास्तवमा समाजको आवाजभित्रै उनीहरूको आवाज पनि मिसिएर आउँछ । यस चरणका कथामा कतै शासित समुदाय आफै बोल्छ । यसरी आएको यो वर्गको आवाज स्वतःस्फूर्त छ कि निर्देशित छ अनि आफ्नो वर्गको हितमा छ कि सम्भ्रान्त वर्गको हितमा छ भन्ने विषयमा हेक्का राखिएको छ । त्यसैगरी शासित समुदायका पक्षमा शासक समुदाय, बौद्धिकहरू, लेखकहरू पनि बोलेका छन् । यस्ता आवाजहरूमा पनि अर्थले लक्षित गरेको अवस्थाप्रति हेक्का राखिएको छ । पाठभित्र अधीनस्थ समुदाय आफै बोल्न सक्छ वा अरूका माध्यमबाट पनि उनीहरूको आवाज उठेको हुन सक्छ तर यस्ता आवाजहरूलाई विशेष ठानी हेर्नु पर्ने हुन्छ । यिनै आधारहरूको उपयोग गरी यथार्थवादी नेपाली कथामा अभिव्यक्त अधीनस्थ वर्गको प्रतिरोधका कारण निर्मित शक्तिसम्बन्धलाई विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि अवलम्बन गरिएको कथा विश्लेषणको ढाँचालाई बुँदागत रूपमा यस प्रकार प्रस्तुत गरिएको छ :

(१) शोध प्रश्न (क) को वर्गीय शक्तिसम्बन्धको समस्या समाधानका लागि वर्गसम्बन्धको निर्मिति र शक्तिसम्बन्ध, वर्गहित र शक्तिसम्बन्ध, वर्गचेतना र शक्तिसम्बन्ध अनि वर्गविभेद, दमन तथा शोषण र शक्तिसम्बन्धका आधारमा अलग अलग विश्लेषण गरी साझा निष्कर्ष निकालिएको छ ।

(२) शोध प्रश्न (ख) को समस्या समाधानका लागि लैङ्गिकसम्बन्धको निर्मिति र शक्तिसम्बन्ध, पितृसत्ता र शक्तिसम्बन्ध अनि लैङ्गिक विभेद, दमन तथा शोषण र शक्तिसम्बन्धलाई आधार मानिएको छ र समग्र निष्कर्ष निर्माण गरिएको छ ।

(३) शोध प्रश्न (ग) को समाधानका लागि जातीय शक्तिसम्बन्धको विश्लेषण गर्दा जातीय सम्बन्धको निर्मिति र शक्तिसम्बन्ध, जातीय विभेद र शक्तिसम्बन्ध अनि जातीय दमन तथा शोषण र शक्तिसम्बन्धको अलग अलग पहिचान गरी साझा निष्कर्ष निकालिएको छ ।

(४) शोध प्रश्न (घ) को समाधानका लागि प्रतिरोधात्मक शक्तिसम्बन्धको विश्लेषण गर्दा वर्गीय प्रतिरोध र शक्तिसम्बन्ध, लैङ्गिक प्रतिरोध र शक्तिसम्बन्ध अनि जातीय प्रतिरोध र शक्तिसम्बन्धलाई अलग अलग विश्लेषण गरी साझा निष्कर्ष निकालिएको छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधकार्यलाई सुसङ्गठित र व्यवस्थित रूपमा प्रबन्धन गर्नका लागि निम्नलिखित सात अध्यायहरूमा विभाजन गरिएको छ र ती सबै अध्यायहरूलाई आवश्यकताअनुसार शीर्षक, उपशीर्षक र उप-उपशीर्षकहरूमा वर्गीकरण गरी व्यवस्थित गएिको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : यथार्थवादी नेपाली कथाको सर्वेक्षण र नमुना छनोट

अध्याय तीन : यथार्थवादी नेपाली कथामा वर्गीय शक्तिसम्बन्ध

अध्याय चार : यथार्थवादी नेपाली कथामा लैङ्गिक शक्तिसम्बन्ध

अध्याय पाँच : यथार्थवादी नेपाली कथामा जातीय शक्तिसम्बन्ध

अध्याय छ : यथार्थवादी नेपाली कथामा प्रतिरोधात्मक शक्तिसम्बन्ध

अध्याय सात : सारांश, प्राप्ति तथा निष्कर्ष

परिशिष्ट

सन्दर्भ सामग्रीसूची

# अध्याय दुई
# यथार्थवादी नेपाली कथाको सर्वेक्षण र नमुना छनोट

## २.१ विषयपरिचय

प्रस्तुत अध्यायमा आधुनिक नेपाली कथाको यथार्थवादी धारा (१९९२-२०१९) का कथाहरूको वर्गीय, लैङ्गिक र जातीय शक्तिसम्बन्धका कोणबाट सर्वेक्षण गरी नमुना छनोट गरिएको छ । वर्गीय समस्या मूलस्वर भएका कथाहरूको सर्वेक्षण गर्दा वर्गीय सम्बन्ध, वर्ग चेतना, वर्गहित अनि वर्गीय विभेद, दमन र शोषणलाई प्रमुख आधार बनाइएको छ । त्यसैगरी लैङ्गिक समस्या मूलस्वर भएका कथाहरूको सर्वेक्षण गर्दा लैङ्गिक सम्बन्ध, पितृसत्ता, लैङ्गिक विभेद, दमन र शोषणलाई प्रमुख आधार मानिएको छ । जातीय समस्या प्रमुख रूपमा उल्लेख भएका कथाहरूको सर्वेक्षण गर्दा जातीय सम्बन्ध, जातीय विभेद अनि जातीय दमन र शोषणलाई प्रमुख आधार बनाइएको छ । सर्वेक्षणका क्रममा प्रयोग गरिएका यिनै आधारहरू नै नमुना छनोटका निर्णायक आधार पनि बनेका छन् । यस धाराका जम्मा ५१ जना कथाकारहरूका ४९८ कथाको अध्ययनपश्चात शक्तिसम्बन्धको सघन प्रस्तुति भएका ९९ ओटा कथाको कालक्रमिक सर्वेक्षण गरी वर्गीय, जातीय र लैङ्गिक शक्तिसम्बन्धको अवस्था पहिचान गरेर विश्लेषणका लागि जम्मा ३१ ओटा कथा नमुना छनोट गरिएको छ ।

## २.२ वर्गीय शक्तिसम्बन्ध मूलस्वर भएका कथाहरूको सर्वेक्षण

यथार्थवादी धाराका नेपाली कथामा तत्कालीन समाजको वर्गीय शक्तिसम्बन्धलाई प्रमुख विषयका रूपमा उपयोग गरी समाजको वास्तविक अवस्थालाई प्रस्तुत गरिएको छ । त्यस क्रममा उच्च र निम्नवर्गका बिचको वर्गीय सम्बन्ध, वर्गचेतना, वर्गहित र वर्गविभेद, दमन र शोषणको अवस्थालाई आधार बनाई वर्गीय शक्तिसम्बन्धको प्रस्तुति गरिएको छ । यस आधारमा लेखिएका कथाहरूको कालक्रमिक सर्वेक्षणलाई निम्न लिखितअनुसार उल्लेख गरिएको छ :

पूर्णदास श्रेष्ठको *धानको बाला* (२००१) कथासङ्ग्रहमा सङ्कलित जम्मा नौओटा कथामध्ये 'धानको बाला झुल्यो है देशै रमाइलो' र 'सत्यको बाटो' दुईओटा कथा वर्गीय समस्याका दृष्टिले अध्ययनीय रहेका छन् । यस सङ्ग्रहको पहिलो कथा 'धानको बाला झुल्यो है देशै रमाइलो' मा आशमानलाई अड्डाका हाकिमको सहयोगमा साहुले थुनेर मुद्दा चलाई घरवासविहीन तुल्याउने स्थिति सिर्जना गरेको अवस्थामा छिमेकी भुयुचाले सहयोग गरेको छ । त्यसकारण यस कथामा निम्नवर्गका बिचको वर्गीय सम्बन्ध सुमधुर भए पनि उच्च र निम्नवर्गका बिचको सम्बन्ध शत्रुतापूर्ण रहेको छ । निम्नवर्गका पात्रहरूमा वर्गहित र वर्गचेतनाको अवस्था कमजोर भएकै कारण उच्चवर्गले चरम दमन र शोषण गरेको छ । त्यसैगरी 'सत्यको बाटो' कथामा सामन्त प्रजापतिले गाउँको सामान्य किसान धनेको छाप्रो आफ्ना बनाउने प्रयास गर्दा असफल भएपछि धनेमाथि अत्याचार र गालीगलौज गर्नुका साथै जालझेलपूर्ण ढङ्गले धनेको छाप्रोमा आगो लगाई

खरानी बनाएको विषयवस्तु प्रस्तु गरिएको छ । यस कथामा पनि धनेलाई अन्य पात्रहरूले सहयोग गरेको हुनाले निम्नवर्गका पात्रहरूका बिचमा सुमधुर सम्बन्ध रहेको छ । उच्च र निम्नवर्गका बिचको शत्रुताका कारण निम्नवर्गको जीवन अधीनस्थ अवस्थामा पुगेको छ । यसरी पूर्णदास श्रेष्ठका 'धानको बाला झुल्यो है देशै रमाइलो' र 'सत्यको बाटो' कथामा नेपाली समाजमा विद्यमान उच्च र निम्न सामाजिक वर्ग तथा तिनका बिच रहेको विभेदजन्य अवस्थाको चित्रण पाइन्छ ।

पूर्णप्रसाद ब्राह्मणको *एक्काईस कथा* (२००३) मा सङ्कलित २१ ओटा कथामध्ये 'करुण जीवन' र 'करुण घटना' दुईओटा कथा वर्गीय समस्याका दृष्टिले अध्ययनीय रहेका छन् । यस सङ्ग्रहमा रहेको 'करुण जीवन' कथामा टुल्केले सहरमा लगेर माटो बेचेको पैसाले पिठो मात्र किन्न पुगेको, नुन किन्न नपुगेको, घर फर्कंदा छोराछोरी भोकै रोइरहेका, भोलिपल्ट माटो खन्न जाँदा डिल भत्किएर उसको निधन भएपछि परिवारका अन्यको विचल्ली भएको सन्दर्भ वर्णित छ । यस कथामा उत्पादनका साधन जमिनमाथि उच्चवर्गको वर्चस्व भएका कारण निम्नवर्गको जीवन कारुणिक बनेको छ । निम्नवर्गका पात्रले अन्यायका विरुद्धमा कुनै प्रतिरोध गरेका छैनन् । वर्गीय चेतना र वर्गीय हितको अवस्था कमजोर रहेको छ । त्यसकारण सामन्ती विमर्शात्मक संरचनालाई सहयोगी साधन बनाएर उच्चवर्गले दमन र शोषण गरेको छ ।

ब्राह्मणको 'करुण घटना' कथामा सुमनले परिवारको पेट पाल्ने कुनै उपाय नभेटेपछि चोरी गरेका कारण ऊ जेल गएको र त्यसपछि घरका सबै मरेर घरै दुर्गन्धित भएको देखाइएको छ । सुमनलाई वर्गीय दमन र शोषणले चोरी गर्नैपर्ने बाध्यात्मक अवस्थामा पुऱ्याएको हुनाले यस कथामा उच्च र निम्नवर्गका बिचको सम्बन्ध शत्रुतापूर्ण रहेको छ । निम्नवर्गमा वर्गहित र वर्गचेतनाको अवस्था कमजोर रहेकै कारण उच्चवर्गले दमन र शोषण गरी उनीहरूलाई सीमान्तीकृत अवस्थामा पुऱ्याएको छ । यसरी ब्राह्मणका 'करुण जीवन' र 'करुण घटना' दुईओटा कथामा तत्कालीन नेपाली समाजमा रहेको उच्च र निम्न सामाजिक वर्ग तथा तिनका बिचको अधीनता र अधीनस्थाको अवस्था चित्रण भएको पाइन्छ ।

कृष्णप्रसाद चापागाईंको *टुक्राटाक्री* (२००८) सङ्ग्रहमा सङ्कलित १३ ओटा कथामध्ये 'आहुती', 'दाङका थारू', 'जीवनको मोल' र 'कामत' चारओटा कथा वर्गीय दृष्टिले अध्ययनीय रहेका छन् । 'आहुती' कथामा दलसिङ साहुले श्यामजीको निधनपछि उसको घरखेत सबै हडपेको हुनाले जितेलाई लिएर उसकी आमा अन्तै गएकी र आमाको पनि निधन भएपछि जिते एक्लै भएको सन्दर्भ छ । त्यसकारण यस कथामा वर्गीय शक्तिसम्बन्धको शत्रुतापूर्ण रूपको प्रस्तुति भएको छ । निम्नवर्गमा सङ्गठित चेतना नभएकै कारण उच्चवर्गको विभेद, दमन र शोषणले उग्र रूप धारण गरेको छ । यस प्रकारको अन्यायबाट कसरी मुक्ति पाउने भन्ने ज्ञान निम्नवर्गमा देखिँदैन । त्यसकारण वर्गीय हित र वर्गीय चेतनाको स्पष्टता नभएकै हुनाले निम्नवर्गको जीवन दमन र शोषणमा परी सीमान्तीकृत अवस्थामा पुगेको छ । 'दाङका थारू' कथामा सोझो तथा अनपढ थारूलाई धितालले गलत तमसुकमा सही गराएर घरखेत आफ्नो बनाएको छ । यस

कथामा धितालले हरुवालाई श्रीमती बिरामी परेका समयमा भारी बोक्न पठाएपछि श्रीमतीको निधन भएको छ । त्यसपछि पनि धितालले हरुवाका घरका भाँडा फुटाएको अनि अन्न लगेको वर्णन छ । यस कथामा उच्च र निम्नवर्ग बिचको सम्बन्ध शत्रुतापूर्ण रहेको छ । निम्नवर्गमा वर्गीय हितको सामान्य अवस्था रहे पनि वर्गीय चेतनाको अभाव छ । निम्नवर्गका सबै गाउँलेहरूले शोषण र दमनको बोध गरेर पनि सशक्त प्रतिरोध जनाउन सकेका छैनन् । त्यसकारण उच्चवर्गले चरम दमन र शोषण गरी निम्नवर्गका मानिसको जीवनलाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ । 'जीवनको मोल' कथामा लालबिरेका तीन पुस्ताले काम गर्दा पनि धितालको ५० रूपैँया ऋण तिरिएको छैन । छोरो डल्ले त्यसै कारण बाँधा बनाइएको अनि ४ रूपैयाँका अभावमा औषधि गर्न नपाएर आमाको निधन भएको घटना रहेको छ । त्यसकारण यस कथामा उच्चवर्गले गरेको दमन र शोषणका कारण वर्गीय सम्बन्धले वैरभावपूर्ण रूप धारण गरेको छ । आफ्नै हकअधिकारको खोजी र सवर्गीको हितमा काम गर्न नसक्ने यस कथाका निम्नवर्गमा वर्गीय हित र वर्गीय चेतना कमजोर रहेको छ । त्यसैले उनीहरूको जीवन समस्याग्रस्त अवस्थामा पुगेको छ । 'कामत' कथामा कामतको मालिकले मुखियाको सहयोगमा थारूहरूलाई पुस्तौँपुस्तासम्म दिएकोभन्दा बढाएर ऋण लगाइरहेको र नयाँ पुस्ताले त्यसको विरोध गर्न थालेको सन्दर्भ वर्णित छ । यसले कथामा उच्च र निम्नवर्गका बिचको वर्गीय सम्बन्ध वैरभावपूर्ण बनाएको छ । नयाँ पुस्ताले अन्यायको विरुद्धमा आवाज उठाउन थालेको हुनाले यस कथामा वर्गीय हित र वर्गीय चेतना उदाउँदो अवस्थामा रहेको छ । सामन्ती ढाँचाको विमर्शात्मक संरचनाका कारण निम्नवर्गको उदाउँदो चेतना भए पनि त्यसले समाधान दिन सकेको छैन । त्यसकारण निम्नवर्गको जीवन अधीनस्थ अवस्थामा पुगेको छ । यसरी कृष्णप्रसाद चापागाञीको 'आहुती', 'दाङका थारू', 'जीवनको मोल' र 'कामत' चारओटा कथामा वर्गीय समस्या प्रधान विषयका रूपमा चित्रण गरिएको हुनाले यी कथाहरू वर्गीय दृष्टिले अध्ययनीय रहेका छन् ।

पूर्णप्रसाद ब्राह्मणको *म लोग्ने हुँ* (२००८) सङ्ग्रहमा रहेका आठओटा कथामध्ये 'आमा' कथामा वर्गीय समस्या प्रबल रूपमा प्रस्तुत भएको छ । 'आमा' कथामा गरिबीका कारण धाई बस्न गएकी सेती समयमा आफ्नो छोरो हेर्न आउन पाउँदिन । त्यसकारण उसले साहुको छोरो हुर्काए पनि आफ्नो बालक छोरो गुमाउन पुग्छे । यस कथामा वर्गीय शक्तिसम्बन्धको सामन्तवादी स्वरूप प्रकट भएको छ । यस कथामा निम्न वर्गीय बच्चाकी आमाको दुधमाथि पनि उच्चवर्गीय वर्चस्व भएकाले निम्नवर्गले कारुणिक जीवन बाँच्नु परेको छ । निम्नवर्गमा आफू विरुद्ध भएको दमन र शोषणलाई बुझ्न सक्ने क्षमताको विकास नभएकै कारण वर्गीय हित र वर्गीय चेतना कमजोर रहेको छ । त्यसले उनीहरूको जीवनलाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ ।

भीमनिधि तिवारीको *नेपाली सामाजिक कहानी अन्तरे भाग* (२००८) कथासङ्ग्रहमा रहेका जम्मा १६ ओटा कथामध्ये 'ऐनबमोजिम' एउटा कथामा वर्गीय समस्या मूल रूपमा प्रस्तुत भएको छ । 'ऐनबमोजिम' कथामा कालेले खर्दारसँग लिएको ऋण समयमा तिर्न नसकेपछि उसको घरबास गएको र त्यतिले मात्र नपुगेर खर्दारले उसलाई ऐनबमोजिम कारबाही गर्न चाहेको सन्दर्भ छ । यस कथामा उच्चवर्गको दमन र शोषणका कारण वर्गीय शक्तिसम्बन्ध वैरभावपूर्ण भएको

छ । निम्नवर्गमा अन्यायका विरुद्धमा लड्ने सशक्त वर्गीय चेतना र वर्गीय हितका अभावका कारण उच्चवर्गीय दमन र शोषणले मौलाउने अवसर पाएको हो । निम्नवर्गमा उच्चवर्गीय दमनको बोध भए पनि सङ्गठित प्रतिरोध हुन सकेको छैन । त्यसकारण निम्नवर्गको जीवन सीमान्तीकृत अवस्थामा पुगेको छ ।

कृष्णबम मल्लको *गुरुजीको मलामी* (२००९) सङ्ग्रहमा सङ्कलित १२ ओटा कथामध्ये 'भूल', 'बोनसका निम्ति' र 'हली' तीनओटामा वर्गीय समस्या प्रबल भएको छ । 'भूल' कथामा रोजगारीको खोजीमा सहर पसेका वीरे र चिनी भोकभोकै परेपछि चिनीले शरीर र वीरेले चिनीलाई नै बेच्नु परेको कारुणिक अवस्था वर्णित छ । यस कथामा शोषणको सामन्तवादी स्वरूप प्रकट भएको छ । त्यसकारण वर्गीय शक्तिसम्बन्ध शत्रुतापूर्ण बनेको छ । निम्नवर्गले आफूलाई निरुपाय देखे पनि त्यसका विरुद्धको सशक्त प्रतिरोध गर्न सकेको छैन । पुँजीवादका कारण यी कथामा मूलतः उच्चवर्गको वर्चस्वलाई व्यक्त गरिएको छ र निम्नवर्ग अधीनस्थ रहेको छ । त्यसले निम्नवर्गको प्रतिरोधको स्वर तीव्र र तीक्ष्ण बन्न सकेको छैन । त्यसले निम्नवर्गको जीवनलाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ । 'हली' कथामा पुड्के नौ मुरी धानमा मणिधर साहुको घरमा नोकर बसेको भए पनि गोरु मरेपछि उसले धान पाएको छैन । पुड्केले विवाह गर्न लिएका ऋणमा बढाएर साहुले तमसुक गराएकै कारण तिर्न नसकेपछि साहुलाई घरखेत बुझाउन बाध्य भएर ऊ आसामतिर पलायन भएको वर्णन गरिएको छ । यस कथामा उच्चवर्गको सामन्ती स्वरूपको षड्यन्त्रका कारण वर्गीय शक्तिसम्बन्ध धमिलिएको छ । उच्चवर्गीय दमन र शोषणका विरुद्ध निम्नवर्गले सशक्त प्रतिरोध गरेको भए पनि त्यो सफल हुन सकेको छैन । निम्नवर्गमा रहेको कमजोर वर्गीय हित र वर्गीय चेतनाका कारण उनीहरू विभेद, दमन र शोषणमा परेका छन् । त्यसलाई समाजमा स्थापित सामन्ती ढाँचाको विमर्शात्मक संरचनाले वैधता प्रदान गरेको हुनाले निम्नवर्गको जीवन सीमान्तीकृत अवस्थामा पुगेको छ । 'बोनसका निम्ति' कथामा मिलका मजदुरले मागेको बोनस नपाएपछि हडताल गरेका छन् । उक्त आरोपमा मजदुर चन्द्रलालकी पत्नीलाई कामबाट निकालिएको अनि भोककै कारण चन्द्रिकाको मृत्यु भएको र चन्द्रलाललाई पक्राउ गरी जेल पठाइएको सन्दर्भ छ । यस कथामा उत्पादनका साधनमाथि उच्चवर्गीय वर्चस्व रहेको छ । स्थानीय सत्ता र केन्द्रीय सत्तामा पनि उच्चवर्गकै पहुँच रहेको छ । समाजमा स्थापित सामन्ती ढाँचाको संरचनाका कारण निम्नवर्गको अवस्था कमजोर बनेको छ । त्यसैलाई आधार बनाएर उच्चवर्गले दमन र शोषण गरेकाले वर्गीय शक्तिसम्बन्ध धमिलिएको छ । हडतालका माध्यमबाट निम्नवर्गले सशक्त प्रतिरोध जनाएको भए पनि सत्तासम्बन्धको शक्तिले त्यसलाई विफल तुल्याएको छ । निरन्तर लडिरहने वर्गीय चेतना र वर्गीय हित दुबै कमजोर भएकाले निम्नवर्गको जीवन कारुणिक अवस्थामा पुगेको छ । माथिको अध्ययनअनुसार कृष्णबम मल्लका 'भूल', 'बोनसका निम्ति' र 'हली' तीनओटा कथामा वर्गीय समस्या प्रबल भएको हुनाले यी कथाहरू वर्गीय शक्तिसम्बन्धका दृष्टिबाट अध्ययनीय रहेका छन् ।

श्री शर्मा (भवानीप्रसाद शर्मा) को *आत्मज्वाला* (२००९) सङ्ग्रहमा रहेका १० ओटा कथामध्ये 'जन-युग' र 'आत्मज्वाला' दुईओटा कथामा वर्गीय समस्यालाई प्रमुखता प्रदान गरिएको छ । 'जन-युग' कथामा न्यूनबैतनिक कर्मचारीले आफ्नो अधिकार खोजेको र सरकारले दमनको

बाटो अवलम्बन गरेको विषयवस्तु प्रस्तुत छ । यस कथामा श्रम गरेर बाँच्ने निम्नस्तरका कर्मचारी र सरकारका बिचमा दमित र दमनकारीको स्वरूपको सामन्तवादी वर्गीय शक्तिसम्बन्ध रहेको छ । त्यसकारण सरकारी दमन र शोषणले उग्ररूप धारण गरेको छ । निम्नवर्गका कर्मचारीले अधिकारको खोजी गरेर प्रतिरोध गरेका भए पनि त्यो सफल हुन सकेको छैन । निम्नवर्गमा सङ्गठित चेतना र वर्गीय हितको अवस्था कमजोर रहेको छ । निम्नवर्गको जीवनलाई कमजोर बनाउने मूल आधार नै सरकारी दमन र शोषण भएको छ । 'आत्मज्वाला' कथामा प्रजातन्त्रको प्राप्तिपछि पनि निम्नवर्गीय जनताको जीवनमा परिवर्तन नआएको, सहिद परिवारसमेत भोकै भएको, नेताहरू ऐसआराममा लिप्त भएका सन्दर्भहरू वर्णित छन् । यस कथामा २००७ सालपछिको परिवेशमा भएको राजनीतिक दमन र शोषणलाई विषय बनाइएको छ । देशमा उच्चवर्गीय नेताहरूले दमन र शोषण गरेकै कारण वर्गीय शक्तिसम्बन्धले शत्रुतापूर्ण स्वरूप धारण गरेको छ । निम्नवर्गमा सङ्गठित चेतना भएर पनि त्यसले विद्रोह तथा प्रतिरोधको निर्णायक यात्रा तय गर्न सकेको छैन । त्यसकारण व्यवस्था बदलिएर पनि निम्नवर्गको अवस्था बदलिएको छैन । यसरी श्री शर्मा (भवानीप्रसाद शर्मा) का 'जन-युग' र 'आत्मज्वाला' दुईओटा कथामा तत्कालीन नेपाली समाजमा रहेको वर्गीय समस्यालाई प्रमुखता प्रदान गरिएको हुनाले यी कथाहरू वर्गीय शक्तिसम्बन्धका दृष्टिबाट अध्ययनीय रहेका छन् ।

कवीन्द्रमान सिंहको *विरहिणी* (२०१०) सङ्ग्रहमा रहेका सातओटा कथामध्ये एउटा 'शवस्मृति' कथामा मात्र वर्गीय स्वर प्रबल भएर आएको छ । 'शवस्मृति' कथामा आर्थिक अभावका कारण चित्रकारीले आफ्नी श्रीमती गुमाएको सन्दर्भ वर्णित छ । यस कथामा श्रम गरेर बाँच्ने चित्रकारीलाई सामन्ती व्यवस्थाले गरेको शोषणकै कारण उसले श्रीमती गुमाउनु परेको छ । समाजमा स्थापित सामन्ती संरचनाकै कारण निम्नवर्गको जीवन कारुणिक बनेको छ । उक्त अवस्थाका विरुद्धमा लड्नका लागि निम्नवर्गमा वर्गीय चेतनाको अभाव रहेको छ । उच्चवर्गले गरेको निरन्तर शोषणका कारण वर्गीय सम्बन्धले शत्रुतापूर्ण रूप धारण गरेको छ । यी सबै कारणहरूले निम्नवर्गको जीवनलाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ ।

गोविन्दप्रसाद लोहनीको *नेतृत्वको भोक* (२०१०) सङ्ग्रहमा रहेका आठओटा कथामध्ये 'नुनको सोझो' र 'बैडमिन्टन टुनामेन्ट' दुईओटा कथामा वर्गीय समस्या मूलस्वरका रूपमा प्रस्तुत भएको छ । 'नुनको सोझो' कथामा पूरै जीवन कर्णेलको सेवामा बिताएको काले कर्णेलकै सुरक्षामा खटिँदा चोरहरूको आक्रमणमा परी लङ्गडो भएपछि बुढेसकालमा कामबाट निकालिएर बेरोजगार बनाइएको प्रसङ्ग छ । यस कथामा वर्णित समाजमा समान्तवादी स्वरूपको विमर्शात्मक संरचना क्रियाशील रहेको छ । त्यसका आडमा उच्चवर्गले निम्नवर्गमाथि सधैँ दमन र शोषण गरेको छ । निम्नवर्गका पात्रमा वर्गीय चेतना र वर्गीय हितको अवस्था कमजोर भएका कारण सशक्त प्रतिरोध हुन सकेको छैन । उच्चवर्गीय शोषणको बोध भएपछि मात्र वर्गीय सम्बन्ध शत्रुतापूर्ण बनेको छ । त्यसकारण यस कथाभित्र वर्गीय शक्तिसम्बन्धमा अत्यन्त असमान अवस्था सिर्जना भएको छ । त्यसको कारणका रूपमा उत्पादनका साधनमाथिको उच्चवर्गीय वर्चस्व र समाजमा स्थापित उच्चवर्गीय प्रभुत्व रहेको छ । 'बैडमिन्टन टुनामेन्ट' कथामा सामान्य किसानहरूको मेहेनत र

पसिनामा उच्चवर्गीय दरबारिया र राजनीतिज्ञहरूले मोजमस्ती उडाएर किसानहरूलाई विचल्ली बनाएको वर्णन छ । त्यसकारण यस कथामा निम्नवर्गीय किसानमाथिको सामन्ती शोषणको रूप प्रकट भएको छ । उच्चवर्गले आफूअनुकूल बनाएका विधिविधानका आधारमा निम्नवर्गमाथि शोषण गरेको छ । समाजमा स्थापित सामन्ती स्वरूपको संरचनाले त्यसलाई वैधता प्रदान गरेको छ । निम्नवर्गमा आफूमाथिको शोषणका विरुद्धमा लड्ने वर्गीय चेतना र प्रतिरोधी विचारको विकास हुन सकेको छैन । त्यसकारण यस कथाको वर्गीय शक्तिसम्बन्धले वैरभावपूर्ण स्वरूप धारण गरेको छ । यसरी गोविन्दप्रसाद लोहनीको 'नुनको सोभ्रो' र 'बैडमिन्टन टुनामेन्ट' दुईओटा कथामा नेपाली समाजमा विद्यमान उच्च र निम्न सामाजिक वर्ग तथा तिनका बिच रहेको विभेदजन्य अवस्थाको चित्रण पाइन्छ ।

कोशराज रेग्मी (सम्पा.) *को अटेरी ?* (२०११) कथासङ्ग्रहमा रहेका तेह्रओटा कथामध्ये 'चोर' र 'साह्रोगाह्रो र छेको भाँजो' दुईओटा कथामा वर्गीय समस्यालाई प्रमुखता दिइएको छ । गणेशप्रसाद भण्डारीको 'चोर' कथामा 'म' पात्रले मुखियाको झुटो आरोपमा दुई वर्षको जेल सजाय भोगेको, जेलबाट निस्किएपछि दोस्रो पटक दस रुपियाँ चोरेर जेल परेको र अन्त्यमा तमाम श्रमिक, सर्वहाराको पक्षमा काम गर्ने विचार आएपछि जेलबाट भागेको प्रसङ्ग छ । यस कथामा उच्चवर्गको सत्तासम्बन्धका कारण निम्नवर्गमाथि सामन्ती स्वरूपको दमन र शोषण भएको छ । त्यसले वर्गीय शक्तिसम्बन्धलाई वैरभावपूर्ण बनाएको छ । सामन्ती विमर्शात्मक संरचनाका कारण निम्नवर्गको वर्गीय चेतना र वर्गीय हित कमजोर भएको छ । कथाको अन्त्यमा 'म' पात्रमा सशक्त प्रतिरोध चेतना जागृत भए पनि त्यसले समाधान दिन सकेको छैन । यी सबै कारणहरूले यस कथाको वर्गीय शक्तिसम्बन्धलाई शत्रुतापूर्ण रूप प्रदान गरेको छ । श्याम अधिकारीद्वारा लिखित 'साह्रोगाह्रो र छेको भाँजो' कथामा जनकुको कोट भजनाले चोरी गरेको, साहुले भजनाको घरखेत खान लागेको, विरामी आमा, भोकी बहिनी र ऋणले सताएपछि घर छोडेर काम खोज्दा पनि काम नपाएको तर ऊ दुई वर्षका लागि जेल गएको घटना प्रस्तुत छ । यस कथामा तत्कालीन समाजको सामन्तवादी विमर्शात्मक संरचना क्रियाशील रहेको हुनाले उच्चवर्गीय दमन र शोषण भएको छ । निम्नवर्गमा प्रतिरोध चेतनाको जन्म मात्र भएकाले त्यसले विद्रोहको स्वरूप धारण गर्न सकेको छैन । निम्नवर्गमा वर्गीय हित र वर्गीय चेतनाको अवस्था कमजोर रहेको छ । एकपक्षीय र विभेदकारी विमर्शात्मक संरचनाका कारण उच्चवर्गीय प्रभुत्वले विस्तारित हुने अवसर पाएको छ । त्यसैका आधारमा निम्नवर्गमाथि चरम दमन र शोषण भएकाले यस कथाको वर्गीय सम्बन्ध शत्रुतापूर्ण बनेको छ । कोशराज रेग्मी (सम्पा.) *को अटेरी ?* (२०११) कथासङ्ग्रहको 'चोर' र 'साह्रोगाह्रो र छेको भाँजो' दुईओटा कथामा वर्गीय समस्यालाई प्रमुखता दिइएको हुनाले यी दुबै कथा वर्गीय शक्तिसम्बन्धका आधारमा अध्ययनीय रहेका छन् ।

बालकृष्ण पोखरेल (सम्पा.) *कालोभूत* (२०११) सङ्ग्रहमा रहेका जम्मा पाँचओटा कथामध्ये 'कालोभूत', 'दुर्घटना' र 'षड्यन्त्र' तीनओटा कथामा वर्गीय समस्यालाई प्रस्तुत गरिएको छ । देवमणि ढकालको 'कालोभूत' कथामा राणाकालमा कर्मचारीले इलाममा खर्साब भएर जनता लुटेको छ । उसले काङ्ग्रेसका कार्यकर्तालाई भागाभाग पारेको छ । राणाकालपछिको काङ्ग्रेस

कालमा पनि त्यही पदमा आएको खर्साब उस्तै उदण्डता मच्चाउनका लागि इलाम पुगेको र दुबै पटक परिश्रमी गरिब धने उसको सिकार बनेको सन्दर्भ बर्णित छ । यस कथामा उच्च पदस्थ कर्मचारी खर्साबले निम्नवर्गमाथि दमन र शोषण गरेको छ । निम्नवर्गमा त्यसको प्रतिरोध गर्ने क्षमताको विकास भएको छैन । २००७ सालपछिको प्रजातान्त्रिक समयमा पनि वर्गीय चेतना र वर्गीय हितको विकास भएको छैन । राज्यसत्ताबाट प्राप्त शक्तिका आडमा उच्चवर्गले निम्नवर्गमाथि चरम दमन र शोषण गरेको छ । त्यसकारण यस कथाको वर्गीय सम्बन्धले वैरभावपूर्ण स्वरूप धारण गरेको छ । त्यसैको परिणाम स्वरूप यस कथाको निम्नवर्गको जीवन सीमान्तीकृत अवस्थामा पुगेको छ । गोकुलप्रसाद पोखरेल (जोशी) को 'दुर्घटना' कथामा जीतसिंहको घरबारी साहु बिचारीको बन्धकमा परेको, जीते जोत्न जाँदा पानी परी खोलो बढेर पारिपट्टि नै थुनिएको, भोलिपल्ट बिहान स्वास्नीलाई खोलाले बगाएपछि बचाउन जाँदा जीत पनि बगेको र डिलमा रहेको सानो छोरो पनि बाढीले बगाएपछि सबैको दुखद निधन भएको सन्दर्भ छ । यस कथामा उच्चवर्गीय दमन र शोषणको सामन्तवादी स्वरूप प्रकट भएको छ । निम्नवर्गमा उक्त दमन र शोषणका विरुद्धमा लड्ने वर्गीय चेतना र वर्गीय हित ज्यादै कमजोर अवस्थामा रहेको छ । त्यसले निम्नवर्गको प्रतिरोध शक्तिलाई पनि कमजोर बनाएको छ । समाजमा स्थापित सामन्ती विमर्शात्मक संरचनाका कारण निम्नवर्ग दमित र उच्चवर्ग दमनकारीका स्वरूपमा प्रस्तुत भएका छन् । त्यसकारण यस कथाको वर्गीय सम्बन्धको स्वरूप शत्रुतापूर्ण बनेको छ । यसले निम्नवर्गको जीवनलाई सीमान्तीकृत अवस्थाबाटै मृत्युको मुखमा पुऱ्याएको छ । एम.बी. खत्रीको 'षड्यन्त्र' कथामा टुहुरो कालेको जग्गामा बाबुसाहेबको आँखा परेको, उसले कालेलाई भर्तीमा पठाउन चाहेको, कालेले नमानेपछि सर्किनी केटीको बात लगाएको अनि जग्गा बन्धक राखी रु.२०० को कागज गराई पैसा नदिई प्रशासनको सहयोगमा कालेलाई जेल हालेको प्रसङ्ग छ । यस कथामा निम्नवर्गमाथिको दमन र शोषणको रूप सामन्ती स्वरूप रहेको छ । समाजका उत्पादनका साधन र सत्तामा उच्चवर्गीय प्रभुत्व कायम रहेको छ । स्थानीय सत्ताको पहुँच केन्द्रीय सत्तासम्म विस्तारित भएको हुनाले त्यसले निम्नवर्गका विपक्षमा शक्तिको प्रवाह सिर्जना गरेको छ । निम्नवर्गमा उच्चवर्गीय षड्यन्त्रका विरुद्धको वर्गीय चेतना र वर्गीय हितको सिर्जना हुन सकेको छैन । त्यसकारण यस कथाको प्रतिरोध चेतना पनि कमजोर भएको छ । यी सबैलाई आधार बनाएर उच्चवर्गले निरन्तर दमन र शोषण गरेकै कारण यस कथाको वर्गीय सम्बन्धले शत्रुतापूर्ण रूप धारण गरेको छ । त्यसैले यस कथाको पात्र कालेलाई सीमान्तीकृत अवस्थाबाट बाहिर आउन दिएको छैन । यसरी बालकृष्ण पोखरेल (सम्पा.) *कालोभूत* (२०११) सङ्ग्रहमा रहेका 'कालोभूत', 'दुर्घटना' र 'षड्यन्त्र' तीनओटा कथामा नेपाली समाजमा विद्यमान उच्च र निम्न सामाजिक वर्ग र तिनका बिचको विभेद, दमन र शोषणको अवस्था चित्रण भएको छ ।

वीरेन्द्र खुँजेली र देवमणि ढकाल (सम्पा.) *भेट* (२०११) कथासङ्ग्रहमा सङ्कलित जम्मा आठओटा कथामध्ये 'शान्तिको खोजमा' एउटा कथामा वर्गीय समस्याले स्थान पाएको छ । श्यामप्रसाद अधिकारीको 'शान्तिको खोजमा' कथामा सोनमाले आफ्नो जीवनको सबै बल, सिप र जाँगर काजीको सेवामा खर्च गरे पनि औषधि नपाएर छोरो मरेपछि पुत्रवियोग र खाद्य अभावमा श्रीमती पनि मरेकी र बुढेसकालमा काजीको अँगेनाको डिलसमेत नपाएर सोनमा शान्तिको

खोजीमा हिँडेको सन्दर्भ छ । यस कथामा परम्परागत सामन्ती रूपको दमन र शोषण रहेको छ । उत्पादनका साधनमाथि उच्चवर्गले वर्चस्व स्थापित गरी निम्नवर्गलाई आजीवन शोषण गरेको छ । निम्नवर्गमा अन्तिम अवस्थामा मात्र शोषित भएको अनुभूति प्राप्त भएका कारण त्यसले निर्णायक प्रतिरोध गर्न सकेको छैन । दमित, शोषित पात्रमा वर्गीय चेतना र वर्गीय हितको अवस्था ज्यादै कमजोर रहेको छ । सामाजिक सत्तामा उच्चवर्गकै पूर्ण प्रभुत्व भएकाले निम्नवर्ग एक्लिएको छ । निम्नवर्गीय पात्रको जीवनकै अन्त्यतिर मात्र चेतना आएको हुनाले यस कथाको वर्गीय शक्तिसम्बन्धले शत्रुतापूर्ण स्वरूप धारण गरेको छ । यसले निम्नवर्गलाई बाध्य बनाई पलायनको बाटोतर्फ धकेलेको छ ।

तेजबहादुर प्रसाईंको *२००७ साल* (२०१२) कथासङ्ग्रहमा रहेका जम्मा १० ओटा कथामध्ये 'भरिया दाइ', 'चमेलीको घर' र 'झोपडीको आँसु' तीनओटा कथामा वर्गीय समस्याले स्थान पाएको छ । 'भरिया दाइ' कथामा काठमाडौँबाट भीमफेदी जाने क्रममा 'म' पात्रका दाजुले भरियामाथि गरेको अत्याचार र त्यसबाट दुखी भएको 'म' पात्र र भरियाको संवेदनाको चर्चा गरिएको छ । यस कथाको समाजमा परम्परागत सामन्तवादी विमर्शात्मक संरचना क्रियाशील रहेको छ । त्यसकै आडमा उच्चवर्गले निम्नवर्गमाथि दमन र शोषण गरेको छ । निम्नवर्गमा त्यसको प्रतिरोध गर्ने सामर्थ्यको भरपर्दो विकास भएको छैन । त्यसकारण निम्नवर्गको वर्गीय चेतना र वर्गीय हितको अवस्था पनि कमजोर रहेको छ । समाजमा स्थापित विमर्शात्मक संरचनाकै आडमा उच्चवर्गले निरन्तर दमन र शोषण गरेका कारण यस कथाको वर्गीय शक्तिसम्बन्ध शत्रुतापूर्ण बनेको छ । 'चमेलीको घर' कथामा श्यामेलाई गरिबीमाथि कान्छा साहुको ऋणले थिचेपछि श्रीमतीलाई घरै छोडेर विदेशिन बाध्य भएको र त्यस क्रममा उसको घरबार ध्वस्त भएको वर्णन छ । यस कथामा उच्चवर्गीय दमन र शोषणको सामन्तवादी स्वरूप प्रकट भएको छ । उत्पादनका साधन र सामाजिक सत्तामा वर्चस्व स्थापित गरेर उच्चवर्गले निम्नवर्गको जीवनलाई निरुपाय बनाएको छ । उच्चवर्गद्वारा ज्ञान, शक्ति र आर्थिक क्षेत्रबाट समेत विमुख गरिएका कारण निम्नवर्गमा वर्गीय चेतना र वर्गीय हितको विकास हुन सकेको छैन । त्यसकारण यस कथामा अपेक्षित प्रतिरोधको अवस्था पनि निर्माण भएको छैन । उच्चवर्गले निम्नवर्गमाथि शक्तिको निरन्तर प्रयोग गरेकै कारण यस कथाका पात्रहरूका बिचको वर्गीय सम्बन्ध वैरभावपूर्ण बनेको छ ।

'झोपडीको आँसु' कथामा सरल गाउँले किसानलाई मुखिया बनाएर कर उठाउन लगाएको धर्मजङ्ग थापाले हर्केको खसी, गोरु आदि जालझेल गरेर लुटेको अनि गाउँका सारा मानिसको धन, सम्पत्ति र हासोसमेत लुटेको वर्णन छ । यस कथामा परम्परागत सामन्तवादी स्वरूपको शक्तिसम्बन्ध रहेको छ । त्यसकै आधारमा उच्चवर्गले निम्नवर्गका सबै गाउँलेहरूमाथि दमन र शोषण गरेको छ । निम्नवर्गमा वर्गीय चेतना र वर्गीय हितको सिर्जना भएको भए पनि त्यसले सङ्गठित स्वरूप धारण गर्न सकेको छैन । त्यसकारण यस कथामा निर्णायक प्रतिरोध हुन सकेको छैन । परस्परमा भएको विपरीतधर्मी स्वार्थद्वन्द्वका कारण यस कथाको वर्गीय शक्तिसम्बन्धले शत्रुतापूर्ण स्वरूप धारण गरेको छ । यसरी तेजबहादुर प्रसाईंका 'भरिया दाइ', 'चमेलीको घर' र

'झोपडीको आँसु' तीनओटा कथामा तत्कालीन नेपाली समाजको वर्गीय समस्याले स्थान पाएको हुनाले यी कथाहरू वर्गीय शक्तिसम्बन्धका दृष्टिबाट अध्ययनीय रहेका छन् ।

हृदयचन्द्रसिंह प्रधानको *उसको आँसु* (२०१२) सङ्ग्रहमा रहेका १२ ओटा कथामध्ये 'उसको आँसु' र 'उसलाई हेरी नै रहें' दुईओटा कथामा वर्गीय समस्याले स्थान पाएको छ । 'उसको आँसु' कथामा 'म' पात्र उजेलीको सौन्दर्यमा मोहित भएपछि एकातिर उसकी स्वास्नीको आँसु झरेको र अर्कातिर उजेलीले 'म' पात्रलाई लोग्नेका लागि चिठी लेखाउँदा गरिबीका कारण सन्तान नहुने औषधि खाएको उल्लेख गर्दै आँसु झारेको वर्णन छ । यस कथामा उत्पादनका साधन र वितरणमा उच्चवर्गको वर्चस्व रहेका कारण निम्नवर्गले आफूलाई निसन्तान बनाउन बाध्य हुनुपरेको छ । सामन्ती शक्तिसंरचनाका बलमा उच्चवर्गले दमन र शोषण गरेको छ । निम्नवर्गमा त्यसको प्रतिरोध गर्ने सशक्त क्षमताको विकास नभएकै कारण त्यसले पलायनको बाटो समातेको छ । त्यसै कारण निम्नवर्गको वर्गीय चेतना र वर्गीय हितसमेत कमजोर अवस्थामा रहेको छ । यसैलाई अवसरका रूपमा प्रयोग गरी उच्चवर्गले दमन र शोषण गरेकै कारण यस कथाको वर्गीय सम्बन्धले शत्रुतापूर्ण रूप धारण गरेको छ । 'उसलाई हेरी नै रहें' कथामा श्यामको दाजु र 'म' पात्र दुबैलाई क्षयरोग लागेको भए पनि श्यामका दाजुको उपचार भएको तर 'म' पात्र गरिब भएकाले त्यो सम्भव नहुँदा उसकी प्रेमिकाले उपचार गरेको सन्दर्भ छ । यस कथामा उत्पादनका साधन र वितरण दुबै क्षेत्रमा उच्च वर्गीय वर्चस्व रहेकाले उपचारमा समेत वर्गविभेदको अवस्था सिर्जना भएको छ । समाजमा स्थापित सामन्ती ढाँचाको विमर्शात्मक संरचनाका कारण निम्नवर्ग दमन र शोषणमा परेको छ । निम्नवर्गमा वर्गीय चेतना र वर्गीय हितको अवस्था कमजोर भएकाले सशक्त प्रतिरोध हुन सकेको छैन । त्यसकारण यस कथाको वर्गीय शक्तिसम्बन्धले वैरभावपूर्ण स्वरूप धारण गरेको छ । यसरी हृदयचन्द्रसिंह प्रधानका 'उसको आँसु' र 'उसलाई हेरी नै रहें' दुईओटा कथामा तत्कालीन नेपाली समाजमा रहेको विपरीत वर्गका बिचको विभेदजन्य अवस्थाको चित्रण गरिएको छ ।

कृष्णप्रसाद सर्वहाराको *दुई छेस्का सलाई* (२०१३) कथासङ्ग्रहमा रहेका सातओटा कथामध्ये 'घलेको आँसु', 'म खोसिएँ' र 'केवल तीन महिना' तीनओटा कथामा वर्गीय समस्यालाई प्रमुखता प्रदान गरिएको छ । 'घलेको आँसु' कथामा अभावले सताएको घले विरामी पर्दासमेत उसकी स्वास्नीले भाँडा माझेको पैसा नदिने तर ब्याजमा पैसा दिएर शोषण गर्ने काइँला बाजेको चरित्रलाई उदाङ्ग पारिएको छ । त्यसकारण यस कथामा सामन्तवादी वर्गीय दमन र शोषणको रूप प्रकट भएको छ । उत्पादनका साधन, वितरण र श्रमको मूल्यमा उच्चवर्गकै वर्चस्व रहेको छ । समाजमा स्थापित विभेदकारी विमर्शात्मक संरचनाले निम्नवर्गलाई ज्ञान र शक्तिबाट विमुख गराएको छ । त्यसकारण यस कथामा निम्नवर्गीय चेतना र निम्नवर्गीय हित कमजोर अवस्थामा रहेको छ । त्यसले शोषण विरुद्धको प्रतिरोधी क्षमतालाई कमजोर बनाएको छ । उच्चवर्गले निरन्तर दमन र शोषण गरेकै कारण यस कथाको वर्गीय शक्तिसम्बन्धले असहज स्वरूप धारण गरेको छ । त्यसैले यस कथाका निम्नवर्गीय पात्रको जीवनलाई सीमान्तीकृत अवस्थाबाट माथि आउन दिएको छैन ।

'म खोसिएँ' कथामा निम्नस्तरको सरकारी जागिरमा रहेको हरिलालले घुस खान नमानेकाले उसका हाकिमलाई समेत समस्या भएपछि जालझेल गरी जागिरबाट निकालिएको छ । यस कथामा उच्चवर्गले गर्ने दमन र शोषणको सामन्तवादी स्वरूप प्रकट भएको छ । सरकारी कार्यलयमा उच्चवर्गीय हाकिमको वर्चस्व स्थापित भएकाले निम्नवर्गीय कर्मचारीमाथि दमन र शोषण भएको छ । निम्नवर्गमा केन्द्रीय सत्तासम्मको पहुँच नभएकै कारण सशक्त प्रतिरोध हुन सकेको छैन । निम्नवर्गले आफूमाथि भएको दमन र शोषणको बोध गरेको भए पनि सङ्ठित शक्तिका अभावमा वर्गीय चेतना र वर्गीय हितको विकास हुन सकेको छैन । त्यस अवस्थालाई उच्चवर्गले अवसरका रूपमा प्रयोग गरी दमन र शोषण गर्दा कथामा वर्गीय शक्तिसम्बन्धले शत्रुताको रूप धारण गरेको छ । त्यसकै कारण यस कथाको निम्नवर्गको जीवन अधीनस्थ अवस्थाबाट माथि उठ्न सकेको छैन ।

'केवल तीन महिना' कथामा अन्यायका विरुद्धमा बोल्ने युवक र भरतलाई षड्यन्त्रपूर्ण ढङ्गले तीन महिना जेल सजाय दिइएको सन्दर्भ छ । यस कथामा रहेको परम्परागत सामन्ती स्वरूपको विमर्शात्मक संरचना नै निम्नवर्गमाथिको शोषणको प्रमुख आधार भएको छ । स्थानीय सत्ता र केन्द्रीय सत्ता दुबैमा उच्चवर्गकै वर्चस्व भएकाले निम्नवर्गमा जागेको प्रतिरोधी चेतनाले समेत सफलता पाउन सकेको छैन । त्यसकारण यस कथाको निम्नवर्गमा वर्गीय चेतना र वर्गीय हितको अवस्था पनि कमजोर रहेको छ । उच्चवर्गले षड्यन्त्रका माध्यमबाट दमन र शोषण गरेको हुनाले नै यस कथाको वर्गीय शक्तिसम्बन्धले वैरभावपूर्ण स्वरूप धारण गरेको छ । त्यसकै कारण यस कथाका निम्नवर्गीय पात्रहरू सीमान्तीकृत अवस्थाबाट मुक्त हुन सकेका छैनन् । यसरी कृष्णप्रसाद सर्वहाराका 'घलेको आँसु', 'म खोसिएँ' र 'केवल तीन महिना' तीनओटा कथामा तत्कालीन नेपाली समाजमा विद्यमान वर्गीय समस्यालाई प्रमुखता प्रदान गरिएको छ ।

खेमराज शर्मा पोखरेलको *तस्विर* (२०१३) कथासङ्ग्रहमा रहेका जम्मा पाँचओटा कथामध्ये 'नाङ्गो तस्विर' र 'भोट' दुईओटा कथामा वर्गीय समस्या प्रबल भएर आएको छ । 'नाङ्गो तस्विर' कथामा युवकले मुखियासँग रु.१०० लिएर युवती किनी विवाह गरेको, मालिकको रु.१०० ऋण चर्को व्याजका कारण रु.२०० भएको छ । त्यसपछि युवकले युवतीलाई नै बन्धक राखी परदेशबाट पैसा कमाएर ल्याई युवतीलाई निखनेको सन्दर्भ छ । यस कथामा तत्कालीन नेपाली समाजमा रहेको सामन्तवादी स्वरूपको विमर्शात्मक संरचना रहेको छ । त्यसका आधारमा उच्चवर्गले निम्नवर्गको दमन र शोषण गरेको छ । निम्नवर्गलाई किनबेच गर्ने, बन्धक राख्ने र निखन्ने जस्तो अमानवीय ज्यादती हुँदासमेत अपेक्षित प्रतिरोध हुन सकेको छैन । ज्ञान, शक्ति र आर्थिक क्षेत्रमा समेत उच्चवर्गीय वर्चस्व भएका कारण निम्नवर्गको वर्गीय चेतना र वर्गीय हित कमजोर बनेको छ । त्यसकै आधारमा उच्चवर्गले दमन र शोषण गरेको हुनाले यस कथाको वर्गीय सम्बन्ध वैमनस्यपूर्ण भएको छ । 'भोट' कथामा मुखियाले सबैलाई काङ्ग्रेस बन्न आदेश दिएको, आलेले नमान्दा कुटाइ खाएको र धान बोकेर जाँदा खेतालाले कुरैकुरामा सबै धान बाटैमा छाडिदिएको सन्दर्भ छ । यस कथामा निम्नवर्गमाथिको दमन र शोषणले सामन्तवादी स्वरूप धारण गरेको छ । त्यसका विरुद्धमा खेतालाले बाटैमा सबै धान छोडेर शक्तिशाली प्रतिरोध गरेका छन् । यो प्रतिरोध

सङ्गठित स्वरूपको नभएका कारण यसले स्थायी समाधान दिन सकेको छैन । त्यसकारण यस कथामा निम्नवर्गको वर्गीय चेतना र वर्गीय हित कमजोर भएको छ । सामन्ती विमर्शात्मक संरचनाका बलमा उच्चवर्गले दमन र शोषण गरेकै कारण यस कथाको वर्गीय शक्तिसम्बन्ध वैरभावपूर्ण बनेको छ । यसरी खेमराज शर्मा पोखरेलका 'नाङ्गो तस्विर' र 'भोट' दुईओटा कथामा तत्कालीन नेपाली समाजमा विद्यमान उच्च र निम्न सामाजिक वर्ग तथा तिनका बिचमा रहेको विभेदजन्य अवस्थाको चित्रण पाइन्छ ।

वल्लभमणि दाहाल, कोशराज शर्मा र भोला दाहाल (सम्पा.) *गाउँको सन्देश* (२०१३) कथासङ्ग्रहमा रहेका जम्मा पाँचओटा कथामध्ये 'दशैं', 'सहीको सही' र 'बेइमानी कि इमानी' तीनओटा कथामा वर्गीय समस्यालाई प्रस्तुत गरिएको छ । कोशराज शर्माद्वारा लेखिएको 'दशैं' कथामा विरामी परेको मानबहादुरले ऋण माग्दा गरिब भएकै कारण मुखियाले ज्यादै अपमान गरेको र त्यसपछि श्रीमतीको गहना बेचेर दशैं मनाएको सन्दर्भ छ । यस कथामा निम्नवर्गमाथिको दमन र शोषण सामन्ती स्वरूपको छ । ज्ञान, शक्ति, उत्पादनका साधन र वितरण प्रणालीमा उच्चवर्गकै मात्र वर्चस्व स्थापित छ । त्यसकारण सधैं श्रम गर्ने निम्नवर्गको जीवन अभावमा जेलिएको भए पनि त्यसको बोध भएको छैन । त्यसैले निम्नवर्गमा वर्गीय चेतना र वर्गीय हितको विकास भएको पाइँदैन । निम्नवर्गले ज्ञानकै अभावका कारण निर्णायक प्रतिरोध गर्न पनि सकेको छैन । यस प्रकारको विभेदकारी विमर्शात्मक संरचनाका बलमा उच्चवर्गले सधैं दमन र शोषण गर्दा यस कथाको वर्गीय शक्तिसम्बन्ध असन्तुलित बनेको छ ।

वल्लभमणि दाहालद्वारा लेखिएको 'सहीको सही' कथामा काले भुजेलले भुजेल्नी विरामी भएका कारण मुखियाकी छोरी पुऱ्याउन जान नमान्दा मुखियाले भुजेललाई मरणासन्न हुनेगरी पिटेको कारणले काले रगत छादेर मरेको घटना छ । यस कथामा भएको उच्चवर्गीय दमन र शोषण सामन्तवादी स्वरूपको छ । सामाजिक न्याय र श्रममाथि उच्चवर्गीय प्रभुत्व स्थापित भएकाले निम्नवर्गको प्रतिरोध शक्तिशाली हुन सकेको छैन । ज्ञान र शक्तिमाथिको उच्चवर्गीय वर्चस्वका कारण निम्नवर्गको वर्गीय चेतना र वर्गीय हित विकसित भएको छैन । यस्तो परिस्थितिमा उच्चवर्गले ज्यादै अमानवीय दमन र शोषण गरेकै कारण यस कथाको वर्गीय सम्बन्ध धमिलिन पुगेको छ ।

वल्लभमणि दाहालद्वारा लेखिएको 'बेइमानी कि इमानी' कथामा भुजेलले एक ठाउँको सामान अर्को ठाउँमा लगेर बेची नाफा कमाएर जीवन धान्ने इमानदार काम गर्दा पनि धनी वर्गले उसलाई वेइमान भनेको र मुखियाले पिटेको विषय वर्णित छ । यस कथामा उच्चवर्गीय दमन र शोषण सामन्ती स्वरूपको छ । निम्नवर्गले इमानदार भएर श्रम गर्दा पनि उच्चवर्गद्वारा दमित र शोषित भएर बाँच्नु परेको छ । सामाजिक न्याय, ज्ञान, उत्पादनका साधन र प्रभुत्वमा उच्चवर्गकै वर्चस्व रहेको छ । त्यसकारण निम्नवर्गको वर्गीय चेतना र वर्गीय हित संरक्षित हुन सकेको छैन । उच्चवर्गले निम्नवर्गलाई सधैं अन्याय गरेका कारण यस कथामा वर्गीय शक्तिसम्बन्धको स्वरूप शत्रुतापूर्ण भएको छ । यसले निम्नवर्गको जीवनलाई सीमान्तीकृत अवस्थामा पुऱ्याएको छ । यसरी

*गाउँको सन्देश* (२०१३) कथासङ्ग्रहमा रहेका 'दशैँ', 'सहीको सही' र 'बेइमानी कि इमानी' तीनओटा कथामा तत्कालीन नेपाली समाजमा विद्यमान उच्च र निम्न सामाजिक वर्गको बिचको विभेद, दमन र शोषणको अवस्था चित्रण भएको पाइन्छ ।

चूडामणि रेग्मी र माधव भँडारीको *नेपाली कथा साहित्य* (२०१५) कथासङ्ग्रहमा रहेका जम्मा १२ ओटा कथामध्ये 'खेतीको फल' एउटा कथामा वर्गीय समस्यालाई मूलस्वर बनाइएको छ । माधव भँडारीद्वारा लेखिएको 'खेतीको फल' कथामा बलबहादुरले मुखियाको बारी पाँच मुरी तनाममा लिएको छ । बारीमा सात मुरी फलेपछि मुखियाले दस मुरी तनाम बनाएको र अर्को साल सात मुरी मात्र फलेकाले सबै दिँदा पनि तनाम तिर्न सकेको छैन । त्यसपछि काठ काट्न गएको बलबहादुरलाई मुखियाले जालझेल गरी पक्राउ गराएर जेल पठाएको सन्दर्भ वर्णित छ । यस कथामा तत्कालीन सामन्तवादी स्वरूपको उच्चवर्गीय दमन र शोषण रहेको छ । सामन्तवादी विमर्शात्मक संरचनाका बलमा उच्चवर्गले सामाजिक न्याय र स्थानीय सत्तामा कब्जा जमाएको मात्र छैन कि केन्द्रीय सत्तासम्मको पहुँच पनि विस्तार गरेको छ । त्यसले निम्नवर्गको प्रतिरोध क्षमतालाई पूर्ण रूपले विफल पारी वैरभावपूर्ण शक्तिसम्बन्धको निर्माण गरेको छ । उच्चवर्गले निम्नवर्गमा वर्गीय चेतना र वर्गीय हितको अवस्थालाई विकसित हुने अवसरबाट पनि वञ्चित गरेको छ । यी सबै कारणले यस कथाको निम्नवर्ग अधीनस्थ अवस्थाबाट माथि उठ्न सकेको छैन ।

दलभञ्जन कार्कीको *मामाघर* (२०१६) सङ्ग्रहमा रहेका जम्मा नौओटा कथामध्ये 'चाउरे' र 'विदा' दुईओटा कथामा वर्गीय समस्यालाई प्रस्तुत गरिएको छ । 'चाउरे' कथामा जिम्वालले सबै गाउँलेको शोषण गरेको कुरा चाउरेले गाउँलेलाई बुझाउन खोज्दा सुरुमा नसके पनि अन्त्यमा बुझाउन सफल भएको सन्दर्भ छ । यस कथामा तत्कालीन समाजमा रहेको सामन्तवादी स्वरूपको वर्गीय दमन र शोषण छ । निम्नवर्गमा वर्गीय चेतना र वर्गीय हितको अवस्था कमजोर रहेको छ । त्यसकारण यस कथामा निम्नवर्गबाट शोषणका विरुद्धमा सशक्त प्रतिरोध हुन सकेको छैन । उच्चवर्गीय दमन र शोषणकै कारण वर्गीय सम्बन्धमा मित्रतापूर्ण भाव सजीव बन्न सकेको छैन । यसकै कारण यस कथाको निम्नवर्गको जीवन कारुणिक अवस्थामा पुगेको छ । 'विदा' कथामा ऋण खाएको चंखेलाई साहुले गोठमा थुनेर सजाय दिएपछि घरबारी बन्धक राख्न भन्दा चंखेले नमानेको र रामेले चंखेलाई छोडिदिन साहुलाई अनुरोध गर्दा साहुले नमानेपछि रामेले साहुलाई छोडेर चंखेको साथ दिएको सन्दर्भ छ । यस कथामा उच्चवर्गीय दमन र शोषणले सामन्तवादी स्वरूप धारण गरेको छ । निम्नवर्गमा समयमै विद्रोही विचार नआएकै कारण उच्चवर्गले सफलता पाएको देखिन्छ । ढिलै भए पनि निम्नवर्गमा वर्गीय चेतना र वर्गीय हित जागृत भएको छ । त्यसकारण निम्नवर्गले कथाको अन्त्यमा भए पनि शक्तिशाली प्रतिरोध गर्न सफलता पाएको छ । उच्चवर्गले गरेको अमानवीय कार्यकै कारण यस कथाको वर्गीय शक्तिसम्बन्धले असन्तुलित स्वरूप धारण गरेको छ । यसरी दलभञ्जन कार्कीका 'चाउरे' र 'विदा' दुईओटा कथामा तत्कालीन नेपाली समाजमा रहेको वर्गीय शक्तिसम्बन्धको अवस्थालाई प्रस्तुत गरिएको छ ।

रमेश विकलको *विरानो देशमा* (२०१६) कथासङ्ग्रहमा रहेका जम्मा आठओटा कथामध्ये 'मधुमालतीको कथा' र 'तर कोपिला फक्रेन' दुईओटा कथामा वर्गीय समस्यालाई मूलस्वरका रूपमा अभिव्यक्त गरिएको छ । 'मधुमालतीको कथा' कथामा उच्चवर्गीय शोषणले निम्नवर्गका मानिसको प्राणसमेत चुस्न सक्ने विचार प्रस्तुत गरिएको छ । यस कथामा वर्गीय शक्तिसम्बन्धको सामन्तवादी स्वरूप प्रकट भएको छ । स्थापित परम्परागत शक्तिसंरचनाको प्रयोग गरी उच्चवर्गले निम्नवर्गमाथि दमन र शोषण गरेको छ । निम्नवर्गमा वर्गीय चेतना जागृत भएको भए पनि त्यसले सङ्ठित स्वरूप निर्माण गर्न नसकेको हुनाले प्रतिरोध शक्ति सशक्त हुन सकेको छैन । उच्चवर्गमा आफ्नो वर्गको हित प्रबल भए पनि निम्नवर्गको अवस्था कमजोर रहेको छ । उच्चवर्गले निरन्तर गरेको घृणा, अपमान र दमनकै कारण यस कथाको वर्गीय सम्बन्ध शत्रुतापूर्ण बनेको छ । 'तर कोपिला फक्रेन' कथामा सामन्ती संस्कार र पुँजीवादी राज्यव्यवस्था भएका समाजमा निम्नवर्गका बालबालिकाको सामर्थ्यले प्रस्फुटन हुने मौका नपाउने विचार प्रस्तुत गरिएको छ । सामन्तवादी विमर्शात्मक संरचनाभित्र निम्नवर्गका क्षमतावान् बालबालिकाले उच्चवर्गीय दमन र शोषण सहनु पर्ने बाध्यात्मक अवस्था आउँछ भन्ने उल्लेख गरिएको छ । विद्यमान विमर्शात्मक संरचनाका कारण निम्नवर्गमा वर्गीय चेतना र वर्गीय हितको विकास हुन सकेको छैन । ज्ञान र शक्तिमा उच्चवर्गकै मात्र वर्चस्व कायम भएका कारण निम्नवर्गको प्रतिरोध शक्ति कमजोर भएको छ । यसरी रमेश विकलका 'मधुमालतीको कथा' र 'तर कोपिला फक्रेन' दुईओटा कथामा तत्कालीन नेपाली समाजमा विद्यमान उच्च र निम्न सामाजिक वर्ग तथा तिनका बिच रहेको विभेदजन्य अवस्थाको चित्रण पाइन्छ ।

कृष्णप्रसाद सर्वहाराको *दरबारकी केटी* (२०१८) कथासङ्ग्रहमा सङ्कलित जम्मा सातओटा कथामध्ये 'तोर्मे' एउटा कथामा वर्गीय समस्याले स्थान पाएको छ । 'तोर्मे' कथामा गाउँमा सबैको शोषणमा परेको तोर्मेलाई दौरा सुरुवाल दिने भनी मालिकले काम लगाए पनि नदिएको र विरामी अवस्थामा गोठाला पठाएको अनि गाईवस्तु भिजाएका निहुमा मुखियाले कुटेका कारण तोर्मेको निधन भएको सन्दर्भ छ । यस कथामा उच्चवर्गीय शोषणको सामन्तवादी स्वरूप प्रकट भएको छ । निम्नवर्गले आफूमाथि भएको शोषण बोध गरेर त्यसका विरुद्धमा निर्णायक प्रतिरोध जनाउन सकेको छैन । समाजमा स्थापित सामन्ती विमर्शात्मक संरचनाले निम्नवर्गलाई निरुपाय बनाएको छ । त्यसकारण यस कथामा निम्नवर्गको वर्गीय चेतना र वर्गीय हितले विकसित हुने अवसर पाएको छैन । उत्पादनका साधन, श्रम र सामाजिक न्यायमा उच्चवर्गीय वर्चस्व कायम भएको छ । त्यसैलाई आधार बनाएर उच्चवर्गले निरन्तर दमन र शोषण गरेकै कारण यस कथाको वर्गीय सम्बन्धले शत्रुतापूर्ण रूप धारण गरेको छ ।

कृष्णबम मल्लको *देवता* (२०१८) सङ्ग्रहमा रहेका जम्मा नौओटा कथामध्ये 'तेसू खोलो' एउटा कथामा वर्गीय समस्याले स्थान पाएको छ । 'तेसू खोलो' कथामा डम्बरेले तेसू खोलो सोभ्याउन चाहेको, त्यसो गर्दा जेठा पुरोहितको अरूको खेत मिचेर खाने काम बन्द हुने, पुरोहितले डम्बरेलाई पैसा र खेतको लोभ देखाएको तर डम्बरेले नमानेपछि पक्रन खोज्दा पुरोहित लडेको कारणले डम्बरे जेल जाने निश्चय भएको वर्णन छ । यस कथामा निम्नवर्गमाथि भएको शोषणले

सामन्तवादी स्वरूप धारण गरेको छ । गाउँको सामन्त जेठा पुरोहितको प्रभुत्व स्थानीय सत्तामा कायम रहेको छ भने केन्द्रीय सत्तासम्म पनि उसकै पहुँच रहेको छ । त्यसकारण उत्पादनका साधन र निर्णयको अधिकार आफूमा केन्द्रित गरेर उसले षड्यन्त्रका माध्यमबाट दमन र शोषण गरेको छ । निम्नवर्गले शोषण भएको अनुभूत गरेर प्रतिरोध गर्दा पनि त्यसलाई उच्चवर्गको सत्तासम्बन्धले विफल पारिदिएको छ । कतिपय निम्नवर्गकै पात्र उच्चवर्गको सहायक भएकाले वर्गीय हित विभाजित भएको छ भने वर्गीय चेतनाले विकसित हुने अवसर पाएको छैन । उच्चवर्गले आफ्नो वर्चस्व र प्रभुत्वलाई हतियार बनाएर निम्नवर्गमाथि प्रहार गरेकै कारण यस कथाको वर्गीय शक्तिसम्बन्ध असन्तुलित बनेको छ ।

रमेश विकलको *नयाँ सडकको गीत* (२०१९) कथासङ्ग्रहमा रहेका जम्मा १० ओटा कथामध्ये 'लाहुरी भैँसी' र 'नयाँ सडकको गीत' दुईओटा कथामा वर्गीय समस्या मूलस्वर बनेर आएको छ । 'लाहुरी भैँसी' कथामा उच्चवर्गीय द्वारेबाले निम्नवर्गीय लुखुरेको लाहुरी भैँसी हात पार्न जालझेलपूर्ण ढङ्गले भैँसीमा खोट देखाएको र अरूले पनि द्वारे बाकै समर्थन गरेकाले उनको योजना सफल भएको सन्दर्भ वर्णित छ । यस कथामा सामन्तवादी स्वरूपको उच्चवर्गीय दमन र शोषण रहेको छ । उच्चवर्गले आफूअनुकूलको ज्ञानको निर्माण गरी प्रभुत्वका आधारमा सबैलाई प्रभावित गरेको छ । यसका माध्यमबाट निम्नवर्गको लुखुरेलाई गाउँ र समाजबाट मात्र होइन आफ्नै परिवारबाट समेत एक्ल्याएर निरुपाय अवस्थामा पुऱ्याएको छ । यसरी निम्नवर्गको ज्ञानलाई धमिल्याएपछि ऋण र आर्थिक भारको त्रास देखाएर दबाब र तनाव सिर्जना गरी सहमतीय ढाँचाबाट शोषण गरेको छ । निम्नवर्गमा ज्ञान र सत्ताको अभावकै कारण वर्गीय हित विभाजित भएको छ भने वर्गीय चेतनाले विकसित हुने अवसर पाएको छैन । त्यसकारण निम्नवर्गको प्रतिरोध चेतना प्रबल भएर उठ्न सकेको छैन । निम्नवर्गको यही कमजोर अवस्थालाई अवसरका रूपमा उपयोग गरेर उच्चवर्गले निरन्तर दमन र शोषण गरेकै कारण यस कथाको वर्गीय शक्तिसम्बन्ध सुमधुर बन्न सकेको छैन । 'नयाँ सडकको गीत' कथामा नयाँ सडकमा बसेर गीत गाउने एउटा माग्ने समाजको अन्याय र घृणा सहेर सधैँ कारुणिक जीवन बाँच्न विवश रहेको चित्रण गरिएको छ । सामन्तवादी विमर्शात्मक संरचनाभित्र निम्नवर्गको कमजोर व्यक्तिलाई जीवन भारी बन्ने उदाहरण यस कथामा सुन्दर ढङ्गले अभिव्यक्त भएको छ । उच्चवर्गले गरेको घृणा, अपमान, दमन र शोषण निम्नवर्गले आजीवन सहनु परेकै कारण यस कथामा वर्गीय सम्बन्धको शत्रुतापूर्ण स्वरूप निर्माण भएको छ । उत्पादनका साधन, सामाजिक न्याय र वितरणमा समेत उच्चवर्गकै वर्चस्व भएकाले यस कथाको निम्नवर्गमाथि चरम दमन र शोषण भएको छ । यही अवस्थाको परिणति स्वरूप निम्नवर्गमा वर्गीय हित र वर्गीय चेतनाले विकसित हुने अवसर नै पाएको छैन । त्यसकारण यस कथामा निम्नवर्गको प्रतिरोध जागृत भएको भए पनि त्यो सफल हुन सकेको छैन । यसले निम्नवर्गको जीवनलाई अधीनस्थ अवस्थाबाट माथि आउन दिएको छैन । यसरी रमेश विकलका 'लाहुरी भैँसी' र 'नयाँ सडकको गीत' दुईओटा कथामा तत्कालीन नेपाली समाजमा विद्यमान वर्गीय समस्या मूलस्वर बनेर आएको छ ।

### २.२.१ वर्गीय शक्तिसम्बन्ध मूलस्वर भएका कथाहरूको विश्लेषणका निम्ति नमुना छनोट

यथार्थवादी कथाकारहरूले नेपाली समाजमा विद्यमान वर्गीय शक्तिसम्बन्धलाई प्रकाश पार्ने गरी कलम चलाएका छन् । यथार्थवादी कथाकारका जम्मा ४९८ ओटा कथामध्ये ४३ ओटा कथा वर्गीय शक्तिसम्बन्धका दृष्टिबाट अध्ययनीय छन् । यी कथामध्ये पनि जम्मा १३ ओटा कथा विश्लेषणका लागि चयन गरिएको छ । कथाको नमुना छनोट गर्दा वर्गीय शक्तिसम्बन्धका दृष्टिले सघन भएका वा वर्गीय सम्बन्ध, वर्गीय चेतना, वर्गीय हित अनि वर्गीय विभेद, दमन र शोषणलाई ध्यान दिइएको छ । त्यस क्रममा उद्देश्यमूलक नमुना छनोट विधिको सहायताबाट जम्मा १२ जना कथाकारहरूका १३ ओटा कथा चयन भएका छन् । ती निम्नानुसार छन् :

| | |
|---|---|
| पूर्णदास श्रेष्ठ | - सत्यको बाटो |
| कृष्णप्रसाद चापागात्री | - दाङका थारू |
| गोविन्दप्रसाद लोहनी | - नुनको सोझो |
| बल्लभमणि दाहाल | - सहीको सही |
| श्यामप्रसाद अधिकारी | - शान्तिको खोजमा |
| एम.बी खत्री | - षड्यन्त्र |
| तेजबहादुर प्रसाईं | - झोपडीको आँसु |
| श्याम अधिकारी | - साह्रोगाह्रो र छेकोभाँजो |
| माधव भँडारी | - खेतीको फल |
| दलभञ्जन कार्की | - विदा |
| कृष्णप्रसाद सर्वहारा | - तोर्मे |
| कृष्णबम मल्ल | - तेसू खोलो |
| रमेश विकल | - लाहुरी भैँसी |

### २.३ लैङ्गिक शक्तिसम्बन्ध मूलस्वर भएका कथाहरूको सर्वेक्षण

सामाजिक यथार्थवादी कथाकारहरूले नेपाली समाजमा विद्यमान लैङ्गिक विभेदका विरुद्ध कलम चलाएका छन् । यथार्थवादी कथाकारका जम्मा ४९८ ओटा कथामध्ये ३१ ओटा कथा लैङ्गिक शक्तिसम्बन्धका दृष्टिबाट अध्ययनीय छन् । यी कथाहरूमा पुरुषका कारण प्रताडित नारीहरूका मानसिक अवस्थालाई समाजका सापेक्षतामा सर्वेक्षण गर्ने प्रयास गरिएको छ । प्रस्तुत अध्यायमा लैङ्गिक शक्तिसम्बन्ध, पितृसत्ता अनि लैङ्गिक विभेद, दमन र शोषणका आधारमा यथार्थवादी नेपाली कथाको विश्लेषण गरिएको छ । त्यसैगरी पितृसत्तात्मक पुरुषप्रधान समाजबाट मानसिक, शारीरिक, आर्थिक, यौनिक तथा अन्य आधारहरूबाट उत्पीडन, हिंसा र दमनमा पारिएका निम्नवर्गीय निरीह नारीका उत्पीडनका विषयलाई पनि विश्लेषण गरिएको छ । तिनको कालक्रमअनुसार यस प्रकार सर्वेक्षण प्रस्तुत गरिएको छ :

गुरुप्रसाद मैनालीको *नासो* (२०२०) कथासङ्ग्रहमा सङ्कलित ११ ओटा कथामध्ये 'नासो', कथा लैङ्गिक शक्तिसम्बन्धका दृष्टिबाट विश्लेषणीय रहेको छ । 'नासो' कथामा उच्च मध्यम वर्गको सामन्तवादी अहङ्कारको पराकाष्ठामा उक्त वर्गले आफ्नै वर्गभित्रका नारीमाथि दमन र

शोषण गरेको छ । त्यसका साथै निम्नवर्गका महिलाहरूको भावनाको सम्मान गर्न सकेको छैन । महिला वर्गले आफूमाथि भएका सबै प्रकारका ज्यादतीलाई निरीह भएर सहन बाध्य हुनु परेको सामन्तवादी विमर्शात्मक संरचनाको सांस्कृतिक स्वरूप प्रकट भएको छ । यस कथामा पितृसत्ताको आडमा निर्मित ज्ञानका कारण नारीको शरीरलाई सन्तान उत्पादन गर्ने मेसिनका रूपमा मात्र उपयोग गरिएको छ । पितृसत्ताकै कारण सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रहरूमा पुरुष दमनकारी र नारी दमितका रूपमा प्रस्तुत भएका छन् । त्यसलाई सामाजिक क्षेत्रमा स्थापित सामन्ती ढाँचाको विमर्शात्मक संरचनाका माध्यमबाट वैधता प्रदान गरिएको छ । त्यसकारण यस कथामा श्रीमती र नारी दुबै ढङ्गले पुरुषसँग जोडिन पुगेका नारीहरू लैङ्गिक दृष्टिले उत्पीडनमा परेका छन् । पितृसत्ताका आधारमा भएको दमन र शोषणका कारण यस कथाको लैङ्गिक शक्तिसम्बन्धले असन्तुलित स्वरूप धारण गरेको हुनाले यस कथाका नारी पात्रको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

पुष्कर शमशेरको *पुष्कर शमशेरका कथाहरू* (२०२०) कथासङ्ग्रहमा सङ्गृहीत पाँचओटा कथामध्ये 'लोग्ने' कथा लैङ्गिक शक्तिसम्बन्धको अध्ययनका दृष्टिले उत्कृष्ट रहेको छ । 'लोग्ने' कथामा नेपाली समाजको तत्कालीन सामन्ती स्वरूपको विमर्शात्मक संरचनालाई आधार बनाएर पुरुषले नारीका दुनियाँ हेर्ने आँखामा ताल्चा मारेको र सुँघ्ने नाकमा ठेडी ठोकेर राखेको विषयलाई कथात्मक स्वरूप दिइएको छ । यहाँ प्रत्येक पुरुषबाट प्रत्येक नारी उत्पीडित हुने गरेको परम्परालाई साहिँली नामक उत्पीडित पात्रका माध्यमबाट देखाउन खोजिएको छ । धर्म, संस्कृति र परम्पराका आडमा पुरुषले एकलौटी ढङ्गबाट शक्तिको प्रयोग गरेका कारण नारीमाथिको दमनको केन्द्र परिवार र समाज बनेको छ । यस कथाका पुरुष पात्रले पितृसत्ताको सामन्तवादी विमर्शात्मक संरचनाको शक्तिलाई प्रयोग गरेर नारीका सबै प्रकारका चाहनामाथि दमन र शोषण गरेकै कारण लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बनेको छ ।

पूर्णदास श्रेष्ठको *धानको बाला* (२००१) कथासङ्ग्रहभित्रका ९ ओटा कथामध्ये 'समाजको अंचलमा' कथा लैङ्गिक दृष्टिबाट विशेष अध्ययनीय रहेको छ । यस कथामा 'म' पात्र गरिबकी छोरी भएकै कारण उसको बाबुले समाजमा आफ्नो इज्जत जोगाउनका लागि रु.पाँच सय लिएर सुब्बासँग विवाह गरिदिएको अनि सन्तान नभएपछि उसलाई अनेक बहाना बनाएर घरबाट निकालेको सन्दर्भ वर्णित छ । यस कथामा समाजभित्र नारीका भावनालाई बुझ्न नसक्ने वा नचाहने परम्परागत सामन्ती ढाँचाको विमर्शात्मक सामाजिक सरंचना रहेको छ । त्यसकै आडमा पुरुषले नारीमाथि दमन र शोषण गरेको मात्रै होइन नारी पनि पितृसत्ताका प्रभावमा विलय भएर नारीमाथि दमन र शोषण गर्ने कार्यमा सक्रिय भएका छन् । नारीले बाबुको इज्जतका लागि बिक्री हुनु परेको र लोग्नेको वंश जोगाउन नसक्दा घरको न माइतको हुनुपरेको अवस्थाले लैङ्गिक उत्पीडनको परम्परित स्वरूपलाई उजागर गरेको छ । आफूमाथि भएको चरम अन्यायलाई अनुभूत गरेर पनि सामन्ती ढाँचाको विमर्शात्मक संरचना नारीका विपक्षमा उभिएका कारण यस कथाका नारी पात्रले आवश्यक प्रतिरोध गर्न सकेका छैनन् । यसरी सम्पूर्ण अधिकार र अवसरबाट विमुख गराएर नारीमाथि माइत र घर दुबै क्षेत्रबाट निरन्तर विभेद, दमन र शोषण गरिएकै कारण यस

कथाको लैङ्गिक सम्बन्ध शत्रुतापूर्ण बनेको छ । यसले विवेच्य कथाको नारी पात्रलाई आजीवन सीमान्तीकृत अवस्थाबाट माथि उठ्न दिएको छैन ।

केशवलाल कर्माचार्यको *हराएको सारी* (२००८) कथासङ्ग्रहमा रहेका कथाहरूमध्ये 'आफन्त या पराइ' कथा लैङ्गिक अध्ययनका दृष्टिले सफल रहेको छ । यस कथामा रामबहादुरको बाबुले नारीलाई भोगको साधनका रूपमा प्रयोग गरेका कारण दाजु र बहिनीका बिचमा चिनाजानी हुन नसक्दा प्रेम र विवाह भएको अनि वास्तविकता थाहा भएपछि ती दुबै आफन्त वा पराई के भए भन्ने प्रश्न सिर्जना भएको सन्दर्भ छ । यस कथाको सामाजिक धरातल सामन्तवादी विमर्शात्मक संरचनाद्वारा निर्मित वा परिचालित छ । त्यसकारण लैङ्गिक दमन र शोषणमा सामन्तवादी स्वरूप प्रकट भएको छ । पितृसत्ताको दमनकारी चरित्रले नारीलाई विभेद, दमन र शोषणमा पारी सम्पूर्ण अधिकार र शक्तिबाट विमुख गराएको छ । पुरुषले निशङ्कोच भएर नारी शरीरलाई भोग्दै अनि छोड्दै हिँडेकै कारण दाजु र बहिनीका बिचमा विवाह हुने अवस्था सिर्जना भएको छ । सामन्तवादी ढाँचाको ज्ञानमा आधारित विमर्शात्मक संरचनाका कारण पुरुषको भोगवादी प्रवृत्तिले वैधता पाएको हुनाले यस कथाका नारी पात्र चौतर्फी उत्पीडनमा परेका छन् । त्यस करण यस कथाको लैङ्गिक शक्तिसम्बन्ध वैरभावपूर्ण भएकाले नारी पात्रहरू पीडाग्रस्त अवस्थामा पुगेका छन् ।

कृष्णप्रसाद चापागाउँद्वारा लेखिएको *टुक्राटाक्री* (२००८) कथासङ्ग्रहमा रहेका जम्मा १० ओटा कथामध्ये 'दोषी को ?', 'भाउजू' र 'धोकाबाज' तीनओटा कथा लैङ्गिक शक्तिसम्बन्धका दृष्टिले अध्ययनीय रहेका छन् । 'दोषी को ?' कथामा ७० वर्षको मधुसुदनले १० वर्षकी सुशीलासँग विवाह गरी ७५ वर्षमा मरेपछि १५ वर्षमा विधवा बनेकी सुशीला र उद्धवका बिचमा प्रेम भएको अनि गर्भवती भएकी सुशीलालाई उद्धव र समाजले अस्वीकार गरेपछि आत्महत्या गर्न विवश भएको सन्दर्भ वर्णित छ । यस कथामा लैङ्गिक विभेद, दमन र शोषणको सामन्तवादी स्वरूप प्रकट भएको छ । नारीलाई विभेद गरी अनमेल विवाह गर्ने तथा आफ्ना इच्छा र चाहना अभिव्यक्त गर्न नदिने परम्परागत स्वरूपको विमर्शात्मक संरचनाका कारण नारीको प्रतिरोध सशक्त हुन सकेको छैन । धर्म, संस्कृति र ज्ञानको केन्द्र पुरुषलाई बनाई नारीलाई बालविवाह र विधवा घृणाका माध्यमबाट सबै प्रकारका उत्पीडनमा पारिएको छ । त्यसकारण यस कथाको लैङ्गिक सम्बन्ध शत्रुतापूर्ण बनेकाले यस कथाकी नारी पात्र सीमान्तीकृत अवस्थाबाट माथि नआउँदै मृत्युको मुखमा पुगेकी छ ।

'भाउजू' कथामा जगतेलाई भाउजूले नै हुर्काएर विवाहसमेत गरिदिएको भए पनि पछि स्वास्नीका कुरा सुनेर भाउजूलाई गाली गरेको र दाजुलाई कुटेर जेल परेपछि भाउजूले नै गहना बेचेर जेलबाट छुटाएको सन्दर्भ छ । यस कथामा परम्परागत स्वरूपको पितृसत्ताका कारण सन्तानसमान देवरले आमासमान भाउजूमाथि गरेको दमनलाई पनि सामाजिक स्वीकृति प्राप्त भएको छ । नारीले अन्यायमा प्रतिरोध गर्न नपाउने तर समस्या समाधानको अन्तिम उपाय बन्नु पर्ने परिस्थितिको निर्माण भएको छ । नारी र पुरुषका बिचको पारिवारिक सम्बन्ध नै दमन र

शोषणको आधार बनेको छ भने त्यसलाई परम्परा र संस्कृतिको निरन्तरताका रूपमा पुरुषले प्रयोग गरेको छ । समाजको प्रभुत्व वा सत्ता पुरुषका हातमा केन्द्रित भएकै कारण नारी उत्पीडनमा परेका छन् । त्यसले यस कथाको लैङ्गिक शक्तिसम्बन्ध वैरभावपूर्ण बनेर नारीको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

'धोकाबाज' कथामा प्रेम विवाह गरेका माधुरी र बलबहादुरका बिचमा सुरुमा गहिरो प्रेम भए पनि माधुरीले जन्माएको बच्चालाई स्वीकार्न नसकेपछि बलबहादुरले आधा रातमा माधुरीलाई सुत्केरी भएकै दिन घरबाट कुट्दै निकालेको सन्दर्भ रहेको छ । यस कथामा परम्परागत सामन्तवादी ढाँचाको पितृसत्ताको दमन र शोषण स्वरूप प्रकट भएको छ । सामाजिक प्रभुत्व पुरुषमा केन्द्रित भएका कारण नारीको प्रतिरोधले उचित स्थान पाउन सकेको छैन । त्यसकारण पुरुषको चरित्र दमनकारी र नारीको अवस्था दमित भएकाले नारीहरू उत्पीडनमा परेका छन् । यसले प्रस्तुत कथाको लैङ्गिक शक्तिसम्बन्धलाई परम्परागत वा सांस्कृतिक स्वरूप प्रदान गरेको छ । त्यसले नारीको शरीरको स्वच्छता वा पवित्रतालाई पुरुषका आँखाबाट मापन गर्ने कार्यलाई सामाजिक स्वीकृति प्रदान गरेको छ । त्यसकारण यस कथाको लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित भएर नारीको जीवन समस्याग्रस्त अवस्थामा पुगेको छ । यसरी कृष्णप्रसाद चापागाउँद्वारा लेखिएका 'दोषी को ?', 'भाउजू' र 'धोकाबाज' तीनओटा कथा तत्कालीन नेपाली समाजमा विद्यमान सामाजिक लिङ्ग र त्यसका आधारमा भएका विभेदजन्य अवस्थाको चित्रण पाइन्छ ।

पूर्णप्रसाद ब्राह्मणको *म लोग्ने हुँ* (२००८) कथासङ्ग्रहमा सङ्कलित आठओटा कथामध्ये 'म लोग्ने हुँ', 'छोरी' र 'गरिबकी छोरी' जम्मा तीनओटा कथा लैङ्गिक शक्तिसम्बन्धको विश्लेषणका दृष्टिले उपयुक्त रहेका छन् । 'म लोग्ने हुँ' कथामा हरिले लोग्ने भएकै कारण हिमीमाथि गरेको अन्यायलाई विषय बनाइएको छ । हिमी नाच हेर्न गएको निहुँमा पिटेको हरिले आफू लोग्ने भएकै कारण कुट्ने, खान नदिने, छुट्टिन नदिने, बाँधेर राख्ने अधिकार सुरक्षित रहेको बताउँछ । लोग्नेको यस प्रकारको अन्यायपूर्ण व्यवहार खप्न नसकेकी हिमी आत्महत्यामा मात्रै मुक्ति रहेको देख्न पुग्छे । यस कथामा परम्परागत पितृसत्ताको सांस्कृतिक दमन र शोषणको स्वरूप प्रकट भएको छ । त्यसका विरुद्धमा आवाज उठाउनका लागि नारीलाई कुनै क्षेत्र प्रदान नगरिएको हुनाले नारीको प्रतिरोध क्षमता कमजोर बनाइएको छ । पितृसत्ता र त्यसलाई वैधता प्रदान गर्ने सामन्तवादी सांस्कृतिक संरचनाका कारण यस कथाको लैङ्गिक सम्बन्धमा धमिलोपन बढेको छ । यस कथामा पितृसत्ताको उत्पीडनकारी प्रभाव पारिवारिक, आर्थिक, न्यायिक र सामाजिक सबै क्षेत्रमा विस्तार भएको हुनाले त्यसले लैङ्गिक दमन र शोषणलाई वैधता प्रदान गरेको छ । यसबाट विवेच्य कथामा लैङ्गिक शक्तिसम्बन्धको शत्रुतापूर्ण सम्बन्ध निर्माण हुँदा नारी पात्र सीमान्तीकृत अवस्थामा पुगेका छन् ।

'छोरी' कथामा प्रमुख नारी पात्र चनले छोरी जन्माएपछि उसलाई लोग्ने, सासू र ससुरा सबैले हेला गर्छन् । छोरी जन्माएकै कारण उसले खान, लाउन र औषधि उपचारसमेत पाउँदिन । सानी छोरी पनि आमाको दुध नआएपछि लिटोमा मात्र हुर्किन विवश हुन्छे । सासूले अर्की बुहारी

ल्याउने बहानामा चनका गहना खोसेको र लोग्नेले अर्को विवाह गर्ने उत्साहमा उसलाई बिर्सिएको सन्दर्भ छ । यस कथामा तत्कालीन समाजको सामन्तवादी लैङ्गिक विभेद, दमन र शोषणको स्वरूप प्रकट भएको छ । नारीलाई छोरो जन्माइदिने मेसिनका रूपमा हेर्ने परम्परागत सोचका कारण नारीको जीवन उत्पीडनमा परेको छ । पितृसत्ताको प्रभावका कारण नारीमाथिको दमन र शोषणका कार्यमा नारी पात्र नै सक्रिय रूपमा क्रियाशील रहेका छन् । यसले दमित नारीलाई पारिवारिक र सामाजिक रूपले बहिष्करणमा पारेको हुनाले उनीहरूको प्रतिरोध क्षमता कमजोर भएको छ । यी सबै कारणहरूले यस कथाको लैङ्गिक शक्तिसम्बन्ध शत्रुतापूर्ण बन्दा नारीको जीवन सीमान्तीकृत अवस्थाबाट माथि आउन सकेको छैन ।

'गरिबकी छोरी' कथामा प्रमुख नारी पात्र पार्वतीलाई घरमा अत्यन्त हेला गरेपछि ऊ माइतै बस्न जान्छे तर आमाबाबुको निधनपछि माइतमा पनि हेलामा परेकाले चिठी लेखेर आत्माहत्याको बाटो रोज्न पुग्छे । यस कथामा परम्परागत सामन्ती सांस्कृतिक ढाँचाको संरचनामा भएको शक्तिको प्रयोग गरी पुरुषले नारीलाई घर र माइत दुबै स्थानमा निरुपाय बनाएको छ । यसले कथाका विपरीत लिङ्गका पात्रको बिचको लैङ्गिक शक्तिसम्बन्धमा शत्रुताको सिर्जना भएको छ । पुरुषले गरेको अन्यायपूर्ण कार्य नै समाजको सत्यका रूपमा स्थापित हुँदा नारीको प्रतिरोध क्षमता निर्णायक बन्न सकेको छैन । त्यसले नारीको जीवनलाई उत्पीडनमा पारी आत्माहत्यासम्मको अवस्थामा पुऱ्याएको छ । पितृसत्ता नै निर्णायक र वैध भएकाले नारीमाथि चरम विभेद, दमन र शोषण भएको छ । त्यसकारण यस कथाको लैङ्गिक शक्तिसम्बन्ध वैरभावपूर्ण भएर नारीको जीवन सीमान्तीकृत अवस्थाबाट माथि आउन सकेको छैन । यसरी पूर्णप्रसाद ब्राह्मणका 'म लोग्ने हुँ', 'छोरी' र 'गरिबकी छोरी' जम्मा तीनओटा कथामा तत्कालीन नेपाली समाजमा विद्यमान असमान लैङ्गिक शक्तिसम्बन्धको प्रस्तुति रहेको पाइन्छ ।

कृष्णबम मल्लको *गुरुजीको मलामी* (२००९) कथासङ्ग्रहमा सङ्कलित १२ ओटा कथामध्ये 'सन्तानको बोध' कथामा लैङ्गिक शक्तिसम्बन्धको सघन प्रस्तुति पाइन्छ । 'सन्तानको बोध' कथामा मुखिया रणवीरका दुईओटी श्रीमतीबाट सन्तान नभएपछि चौध वर्षकी दुलही भित्र्याएको तर ऊ विरामी भएकी र पछि रणवीर आफै विरामी भएर मृत्युशैयामा पुगेपछि सबैलाई आफ्नो सन्तान देखेको सन्दर्भ वर्णित छ । यस कथामा तत्कालीन समाजमा विद्यमान सामन्तवादी विमर्शात्मक संरचनामा रहेको शक्तिलाई पुरुषले एकपक्षीय रूपमा प्रयोग गरेका कारण नारीमाथि विभेद, दमन र शोषण भएको छ । उक्त चिन्तनकै निरन्तरतामा नारीमाथिको शोषणले सामाजिक, आर्थिक, सांस्कृतिक, पारिवारिक आदि क्षेत्रमा विस्तार प्राप्त गरेको छ । यसले प्रस्तुत कथामा नारी र पुरुषका बिचको लैङ्गिक शक्तिसम्बन्ध शत्रुतापूर्ण बनेको छ । पितृसत्ताको एकपक्षीय र विभेदकारी विमर्शात्मक संरचनाकै कारण नारीलाई केवल सन्तान उत्पादन गर्ने साधनका रूपमा स्थान तय गरिएकाले यस कथाका नारी पात्रहरू अधीनस्थ अवस्थामा पुगेका छन् ।

श्री शर्मा (भवानीप्रसाद शर्मा) को *आत्माज्वाला* (२००९) कथासङ्ग्रहमा रहेका जम्मा १० ओटा कथामध्ये 'क्रान्तिको ज्योति' कथा लैङ्गिक शक्तिसम्बन्धका दृष्टिले अध्ययनीय रहेको छ । यस कथामा पुँजीवादी विमर्शात्मक संरचनाभित्रका विकृतिका कारण नारीले युद्ध र गरिबीबाट

आजित भएर शरीर बेच्न विवश हुनुपरेको सन्दर्भलाई विषयबद्ध गरिएको छ । त्यसकारण यस कथामा पुँजीवादभित्रको विकृत विमर्शात्मक संरचनाले नरनारीका बिचको लैङ्गिक शक्तिसम्बन्धलाई शत्रुतापूर्ण बनाएको छ । नारीले आफूमाथि भएको अन्यायको बोध गरेर पनि विमर्शात्मक संरचनाकै कारण अपेक्षित प्रतिरोध गर्न सकेका छैनन् । परम्परागत स्वरूपको पितृसत्ताको प्रभुत्वका कारण निर्माण गरिएको ज्ञान समाजमा स्थापित र परिचालित भएकाले यस कथामा नारी पात्रको जीवन समस्याग्रस्त अवस्थामा पुगेको छ ।

कवीन्द्रमान सिंहको *विरहिणी* (२०१०) कथासङ्ग्रहभित्रका सातओटा कथामध्ये 'विवाह', 'सधवा कि विधवा' र 'त्यो पहाडी कन्या' गरी तीनओटा कथा लैङ्गिक अध्ययनका दृष्टिकोणबाट उल्लेखनीय रहेका छन् । 'विवाह' कथामा १२ वर्षकी च्यान्टीको ४५-५० वर्षको पुरुषसँग अनमेल विवाह भएको र उसको असामयिक निधनले च्यान्टी बालविधवा बन्न पुगेकी सन्दर्भलाई कथात्मक स्वरूप प्रदान गरिएको छ । यस कथामा तत्कालीन समाजमा स्थापित सामन्तवादी विमर्शात्मक शक्तिका आडमा नारीमाथि लैङ्गिक विभेद, दमन र शोषण भएको छ । उक्त अन्यायका विरुद्धमा नारीले आवाज उठाउने कुनै भरपर्दो स्थान पाएका छैनन् । परम्पपरागत पितृसत्ताबाट प्रभावित सोच र संस्कृतिका कारण समाजमा पुरुषको मात्र प्रभुत्व स्थापित भएकाले नारी पात्र उत्पीडनमा परेका छन् । त्यसले यस कथाको लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बनेका कारण नारीको जीवन सीमान्तीकृत अवस्थामा पुगेको छ ।

'सधवा कि विधवा' कथामा युवतीको श्रीमान् मरेपछि ऊ विधवा भएकी अनि समाजका सबैले उसलाई ज्यादै अन्याय गरेकाले ऊ अर्को विवाह गर्न विवश भएको विषयलाई कथात्मकता प्रदान गरिएको छ । समाजमा स्थापित परम्परागत पितृसत्ताका कारण नारीले पुरुषसँग सम्बन्ध नजोडी समाजमा बाँच्नै नसक्ने अन्यायपूर्ण अवस्थाको चित्रण गरिएको छ । यसले समाजमा नारी र पुरुषका बिचको लैङ्गिक सम्बधलाई वैरभावपूर्ण बनाएको छ । कथामा नारीमाथिको शारीरिक, मानसिक, आर्थिक दमन र शोषणलाई विस्तार गरी सांस्कृतिक स्वरूप प्रदान गरिएको छ । यसकै कारणले यस कथाको लैङ्गिक शक्तिसम्बन्ध असमान बन्दा नारी पात्रको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

'त्यो पहाडी कन्या' प्रमुख नारी पात्र भुन्टीसँग प्रेमको अभिनय गरी प्रमोदले उसको कुमारीत्व लुटेको, भुन्टीले छोरो पाएपछि त्यसलाई प्रमोदले अस्वीकार गर्दा समाजले भुन्टीमाथि अन्याय गरेको विषयलाई कथात्मक स्वरूप प्रदान गरिएको छ । यस कथामा नारीमाथिको विभेद, दमन र शोषणले सामन्तवादी स्वरूप ग्रहण गरेको छ । गर्भधारण र सन्तान उत्पादनजस्तो जैविक विषयलाई समेत नारीको मात्र कार्य ठान्ने एकपक्षीय र विभेदकारी विमर्शात्मक संरचनाका कारण नारीले उत्पीडनमा पर्नु परेको छ । त्यस प्रकारको चरम अन्यायका विरुद्धमा नारीले समाजका सबैसँग अनेक विलौना गरेर प्रतिरोध गर्दासमेत त्यसले उचित स्थान पाउन सकेको छैन । त्यसकारण यस कथाको लैङ्गिक सम्बन्ध शत्रुतापूर्ण बनेकाले नारीको जीवन अधीनस्थ अवस्थाबाट माथि आउन नपाउँदै मृत्युको मुखमा परेको छ । यसरी कवीन्द्रमान सिंहका 'विवाह', 'सधवा कि

विधवा' र 'त्यो पहाडी कन्या' गरी तीनओटा कथामा तत्कालीन नेपाली समाजमा विद्यमान लैङ्गिक विभेद, दमन र शोषण चित्रण गरिएको हुनाले लैङ्गिक शक्तिसम्बन्धको अध्ययनका दृष्टिकोणबाट यी कथाहरू उल्लेखनीय रहेका छन् ।

गोविन्दप्रसाद लोहनीद्वारा लेखिएको *नेतृत्वको भोक* (२०१०) कथासङ्ग्रहमा रहेका जम्मा आठओटा कथामध्ये 'त्यो नाङ्गी स्त्री' कथा लैङ्गिक दृष्टिले अध्ययनीय रहेको छ । यस कथामा एक महिलाले आफ्नो शरीर ढाक्न र भोक मेट्नका लागि बजारमा नाङ्गिनु परेको परिस्थितिलाई विषय बनाइएको छ । समाजमा स्थापित सामन्ती ढाँचाको विमर्शात्मक संरचनाका कारण नारीमाथि विभेद, दमन र शोषण भएको छ । त्यसका विरुद्धमा नारीले सङ्घर्षात्मक प्रतिरोध जनाउँदा दिनदहाडै बजारमा नाङ्गिनु परेकाले प्रतिरोध कमजोर बनाइएको छ । यस कथामा पितृसत्ताका प्रभावमा धर्म, संस्कृति र ज्ञानको एकपक्षीय ढाँचाको निर्माण गरी समाजमा क्रियाशील गराइएको हुनाले लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बनेको छ । त्यसैले यस कथाका नारी पात्रलाई विकराल अवस्थामा पुऱ्याएको छ ।

वल्लभमणि दाहालद्वारा सम्पादन गरिएको *को अटेरी ?* (२०११) कथासङ्ग्रहमा रहेका एघारओटा कथामध्ये 'सिन्दुरको टीको' र 'स्वच्छ रातको कालो इतिहास' जम्मा दुईओटा कथामा लैङ्गिक समस्या प्रस्तुत भएको छ । दुर्वासा उपाध्यायको 'सिन्दुरको टीको' कथामा बालविधवा साँहिलीले सिन्दुरको टीको लगाउँदा आमाले गाली गरेकी, बालक मदनले काटिएको घोर्ले खसी कसरी आउँछ भनी सोधेपछि पण्डितले अर्को जन्ममा आउँछ भनेकाले साँहिली निदाएको बेलामा मदनले उसलाई अर्को जन्मका लागि घाँटीमा तरवारले हानी मारेको विषय छ । यस कथामा नारीमाथिको विभेद, दमन र शोषणको सामन्तवादी सांस्कृतिक स्वरूप प्रस्तुत भएको छ । पितृसत्ताका पक्षमा निर्माण गरिएको विभेदकारी ज्ञानको प्रभावमा पुरुष मात्र होइन नारी पनि विलय भएका छन् । सिन्दुरका अभावमा साँहिलीले आफूलाई अपूर्ण देख्नु र आमाले विधवाका लागि सिन्दुर बर्जित देखेको सन्दर्भले पितृसत्ताको विमर्शमा स्थापित ज्ञानको प्रभावलाई प्रकाश पारेको छ । विधवा नारीले आफूमाथि अन्याय भएको थाहा पाएर पनि त्यसका विरुद्धमा निर्णायक प्रतिरोध जनाउन सकेकी छैन । यसले यस कथाको लैङ्गिक सम्बन्ध वैरभावपूर्ण बन्दा कथाकी नारी पात्र सीमान्तीकृत अवस्थाबाट माथि आउन नपाउँदै मृत्युको मुखमा परेकी छे ।

तारानाथ शर्माको 'स्वच्छ रातको कालो इतिहास' कथामा २००७ साल र त्यसपछिको नेपाली समाजमा स्थापित सामन्तवादी विमर्शात्मक संरचनाका कारण नारीमाथि भएका समस्यालाई विषय बनाइएको छ । यस कथामा विरामी 'म' पात्रको सेवामा रहेकी स्वयंसेविकालाई वीरचन्द्र र उसका अनुयायीहरूले पालैपालो बलात्कार गरेका अनि क्रान्तिपछि उही वीरचन्द्र महान् नेता र गभर्नर बनेको विरोधमा स्वयंसेविकाले मञ्चमै गएर आवाज उठाउँदा उसलाई जेल हालिएको सन्दर्भ उल्लेख गरिएको छ । यस कथामा नारीमाथिको बलात्कार जस्तो जघन्य अपराधलाई लुकाउने र पीडित नारीलाई नै जेल पठाउने सामन्ती शासकीय स्वरूपको प्रकटीकरण गरिएको छ । यसले समाजमा नारी र पुरुषका बिचको लैङ्गिक शक्तिसम्बन्धलाई शत्रुतापूर्ण बनाएको छ ।

नारीले मञ्चमै गएर गरेको शक्तिशाली प्रतिरोधलाई पनि पुरुषको सत्तामाथिको वर्चस्वले निस्तेज पारेको छ । स्थानीय सत्ता र केन्द्रीय सत्तामा पुरुषकै मात्र प्रभुत्व स्थापित भएका कारण यस कथाका नारी पात्रको जीवन अधीनस्थ अवस्थामा पुगेको छ । यसरी *'को अटेरी ?* (२०११)' कथासङ्ग्रहमा रहेको 'सिन्दुरको टीको' र 'स्वच्छ रातको कालो इतिहास' जम्मा दुईओटा कथामा तत्कालीन नेपाली समाजमा विद्यमान सामाजिक लिङ्ग तथा तिनका बिच रहेको विभेदजन्य अवस्थाको चित्रण पाइन्छ ।

जगदीश नेपाली (सम्पा.) *आदर्शश्री* (२०११) कथासङ्ग्रहमा रहेका छओटा कथामध्ये 'आदर्श श्री' एउटा कथामा लैङ्गिक समस्याले स्थान पाएको छ । पासाङ गोपर्माको 'आदर्श श्री' कथामा सासू र बुहारीका बिचको झगडामा कुरै नबुझी बलबीरले श्रीलाई मरणासन्न हुनेगरी पिटेर आफू पल्टन हिँडेको, नौ वर्षसम्म श्रीले सासूको एक्लै सेवा गरेपछि फर्किएको बलबीरले श्री र आमासँग माफी मागेको सन्दर्भ रहेको छ । यस कथामा तत्कालीन समाजमा स्थापित सामन्तवादी विमर्शात्मक संरचनाका कारण नारीमाथि विभेद, दमन र शोषण भएको छ । समाजमा स्थापित परम्परागत पितृसत्ताको प्रभुत्वका कारण पारिवारिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा नारी पात्र बहिष्करणमा परेकी छ । पुरुषद्वारा नारीका विरुद्धमा निर्माण गरिएको एकपक्षीय र विभेदकारी विमर्शात्मक संरचनाका कारण नारीको प्रतिरोध कमजोर भएको हुनाले यस कथाकी नारी पात्रको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

वीरेन्द्र खुँजेली र देवमणि ढकाल (सम्पा.) *भेट* (२०११) सङ्कलित जम्मा आठओटा कथामध्ये 'अभागिनीको कहानी' र 'परिवर्तन' दुईओटा कथामा लैङ्गिक समस्याले स्थान पाएका छन् । वीरेन्द्र खुँजेलीको 'अभागिनीको कहानी' कथामा 'म' पात्र इलाम जाँदा एउटी दाउरेनी भेटेको, २००७ सालको लुटपाटबाट भाग्दा उसकी आमा मरेकी, साहुको घाँसको भारीले बाबु ढाड भाँचिएर मरेको अनि आफू बेहाल भएको सन्दर्भ छ । दाउरेनीलाई साहुले अन्यायपूर्ण ढङ्गबाट दमन र शोषण गरेको छ । यस कथामा तत्कालीन समाजमा स्थापित सामन्तवादी ढाँचाको लैङ्गिक विभेद, दमन र शोषणको सांस्कृतिक स्वरूप प्रकट भएको छ । त्यसका कारण कथामा नारी र पुरुषका बिचको लैङ्गिक सम्बन्धमा वैमनष्यता भरिएको छ । एकपक्षीय रूपमा क्रियाशील रहेको पितृसत्ताका संरचनाको वर्चस्व समाजका सबै क्षेत्रमा स्थापित भएका कारण नारीको प्रतिरोध क्षमतालाई कमजोर तुल्याइएको छ । त्यसले नारीको जीवनलाई उत्पीडनमा पारी अधीनस्थ अवस्थामा पुऱ्याएको छ ।

भीमप्रसाद ढकालको 'परिवर्तन' कथामा निम्नवर्गको रमेशले रोजगारीको खोजीमा गाउँ छोडेपछि चङ्खेले समातेको आरोपमा उसकी श्रीमती रम्भालाई चङ्खेको जिम्मा लगाइएको र वेश्यावृत्तिको पेशामा बिक्री गरिएको सन्दर्भ छ । यस कथामा नारीमाथिको विभेद, दमन र शोषणको सामन्तवादी स्वरूप प्रकट भएको छ । एकपक्षीय र विभेदकारी ढङ्गबाट निर्माण गरिएको विमर्शात्मक संरचनाका बलमा नारीको मानवीय अस्तित्व नै समाप्त पार्ने गरी गरिएको दमन र शोषणलाई स्थापित विमर्शले वैधता प्रदान गरेकै कारण नारीको जीवन उत्पीडनमा परेको

छ । यस प्रकारको अन्यायका विरुद्धमा नारीले जति बोले पनि त्यसको सुनुवाई गर्ने कुनै निकाय नभएकाले यस कथाको लैङ्गिक शक्तिसम्बन्ध वैरभावपूर्ण बनी पुरुषले नारीको जीवनलाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ । यसरी *भेट* (२०११) मा सङ्कलित 'अभागिनीको कहानी' र 'परिवर्तन' दुईओटा कथामा लैङ्गिक समस्याले स्थान पाएका हुनाले लैङ्गिक शक्तिसम्बन्धका दृष्टिबाट यी कथाहरू अध्ययनीय रहेका छन् ।

तेजबहादुर प्रसाईंको *२००७ साल* (२०१२) कथासङ्ग्रहभित्रका सङ्कलित १२ ओटा कथामध्ये 'तरुनी स्वास्नी' कथा लैङ्गिक अध्ययनको दृष्टिले उत्कृष्ट रहेको छ । यस कथामा ५६ वर्षको सुब्बा र १८ वर्षकी पुष्पाका बिचमा भएको अनमेल विवाह अनि सुब्बाको निधनपछि पुष्पा एक्ली भएर कष्टकर जीवन बाँच्न बाध्य हुनुपरेको सन्दर्भलाई कथात्मक स्वरूपमा बुनिएको छ । यस कथामा नारीलाई अनमेल विवाह र विधवा अवस्थामा फसाएर दमन र शोषण गर्ने सामन्तवादी सांस्कृतिक स्वरूप प्रकट भएको छ । नारीको जीवनलाई पुरुषको भोगको साधनका रूपमा मात्र लिने र पुरुषका सापेक्षतामा मात्र नारीको अस्तित्व देख्ने तत्कालीन पितृसत्ताका कारण यस कथाको लैङ्गिक शक्तिसम्बन्धले शत्रुतापूर्ण स्वरूप धारण गरेको छ । त्यसले यस कथाकी नारी पात्रलाई अधीनस्थ अवस्थाबाट मुक्त हुन दिएकै छैन ।

फलेन्द्रजगत्कुमारी राणाको *दिदीबैनीहरूमा भेट* (२०१२) कथासङग्रहमा रहेका जम्मा तीनओटा कथामध्ये 'एउटी नारीको आत्मकथा' एउटा कथामा लैङ्गिक समस्या प्रधान भएको छ । 'एउटी नारीको आत्मकथा' कथामा 'म' पात्रले समाजका कारण विधवा अवस्थामा अनेक प्रकारका मानसिक समस्या सहँदै बाँच्न बाध्य हुनुपरेको सन्दर्भलाई विषय बनाइएको छ । यस कथामा पुरुषका सापेक्षतामा मात्र नारीको अस्तित्व देख्ने परम्परागत पितृसत्ताको वर्चस्वका कारण नारीमाथि भएको दमन र शोषणले सामन्तवादी सांस्कृतिक स्वरूप ग्रहण गरेको छ । त्यसले कथामा नारी र पुरुषबिचको लैङ्गिक शक्तिसम्बन्धलाई शत्रुतापूर्ण बनाएका कारण नारीको जीवन उत्पीडनमा परी सीमान्तीकृत अवस्थामा पुगेको छ ।

हृदयचन्द्रसिंह प्रधानको *उसको आँसु* (२०१२) कथासङ्ग्रहभित्रका १२ ओटा कथामध्ये 'दाउरी' लैङ्गिक अध्ययनको दृष्टिले उत्कृष्ट रहेको छ । यस कथामा विरामी छोराको औषधि गर्नका लागि दाउरा बेच्न गएकी दाउरी साँझ घर फर्कंदा घरमा बालक छोरो मरिसकेको सन्दर्भ वर्णित छ । यस कथामा वैद्य र डाक्टरले गरेको नारीमाथिको दमन र शोषणलाई सामन्ती स्वरूपको विमर्शात्मक संरचनाले वैधता प्रदान गरेकै कारण कथाको लैङ्गिक सम्बन्धमा शत्रुता स्थापित भएको छ । पितृसत्ताका प्रभुत्वका कारण उत्पादनका साधन र अवसरबाट नारीलाई विमुख गराइएको हुनाले बालकले अकाल मृत्युवरण गर्नु परेको छ । त्यसका विरुद्धमा नारीले प्रतिरोध गरेको भए पनि त्यसले निर्णायक परिस्थितिको निर्माण गर्न सकेको छैन । त्यसकारण यस कथाको लैङ्गिक शक्तिसम्बन्ध शत्रुतापूर्ण बन्दा नारीको जीवन कष्टपूर्ण अवस्थामा पुगेको छ ।

कृष्णप्रसाद सर्वहाराको दुई छेस्का सलाई (२०१२) कथासङ्ग्रहमा रहेका सातओटा कथामध्ये 'विधवा श्यामा' र 'दसको नोट' दुईओटा कथा लैङ्गिक शक्तिसम्बन्धका दृष्टिले अध्ययनीय रहेका छन् । 'विधवा श्यामा' कथामा विधवा श्यामामाथि समाज र परिवारले गरेको अन्यायका विरुद्धमा छोरी शान्तिले गरेको विद्रोहलाई विषय बनाइएको छ । यस कथामा नारीमाथिको विभेद, दमन र शोषणको सामन्तवादी सांस्कृतिक स्वरूप प्रकट भएको छ । विधवा नारीमाथि भएको चरम अन्यायका विरुद्धमा छोरी शान्तिले शक्तिशाली विद्रोह गरेको भए पनि स्थापित सामन्ती विमर्शात्मक संरचनाका कारण त्यो सफल हुन सकेको छैन । त्यसैले यस कथाको लैङ्गिक शक्तिसम्बन्ध वैरभावपूर्ण बन्दा नारीको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

'दसको नोट' कथामा चरम आर्थिक अभावमा जेलिएकी प्रभालाई दसको नोट दिएर वेश्यावृत्तिमा लगाउने असफल प्रयास भएको छ । यस कथामा नारीमाथि परम्परागत पितृसत्तामा आधारित सामन्तवादी सांस्कृतिक संरचनाको दमनकारी स्वरूप प्रकट भएको छ । त्यसले नारी र पुरुषका बिचको सम्बन्धमा मित्रता स्थापित हुन दिएको छैन । अभावका विरुद्धमा सङ्घर्षरत नारीले भोगको साधन हुन अस्वीकार गरेर प्रभावकारी प्रतिरोध गरेको भए पनि त्यसले समस्याको स्थायी समाधान दिन सकेको छैन । यसरी प्रस्तुत कथाको लैङ्गिक शक्तिसम्बन्ध वैरभावपूर्ण बनेकै कारण यस कथामा नारी पात्रको जीवन अधीनस्थ अवस्थामा पुगेको छ । यसरी कृष्णप्रसाद सर्वहाराका 'विधवा श्यामा' र 'दसको नोट' दुईओटा कथामा लैङ्गिक विभेद, दमन र शोषणको अवस्था चित्रण भएको पाइन्छ ।

तारानाथ शर्मा र वीरेन्द्र खुँजेली (सम्पा.) *बल्दो दीयो* (२०१३) कथासङ्ग्रहभित्रका १० ओटा कथामध्ये कोशराज रेग्मीको 'छोरीको जात', भीमप्रसाद ढकालको 'जिम्मावारी कसको ?' र माधव भँडारीको 'माइत' गरी जम्मा तीनओटा कथा लैङ्गिक दृष्टिबाट अध्ययनीय रहेका छन् । माधव भँडारीको 'माइत' कथामा प्रमुख नारी पात्र पद्माको सधैँ अपूर्ण नै रहेको माइत जाने रहरलाई विषय बनाइएको छ । फागुनमा दाजु पद्मालाई लिन आउँदा ससुराले बैशाखमा आफै ल्याइदिने भनी फर्काएको, बैशाखमा कुरै नगरेको, तीजमा पाँच दिनपछिका तिथि देखाएर जान नदिएको र दसैँमा छोरालाई मात्र मामाघर पठाएर बुहारीको माइत जाने बाटो छेकेको सन्दर्भहरूलाई जोडिएको छ । यस कथामा परम्परागत सामन्ती स्वरूपको लैङ्गिक विभेद, दमन र शोषण रहेको छ । पितृसत्ताका प्रभावमा नारी आफै पनि विलय भएका कारण नारीको दमन र शोषणमा पुरुषको सहयोगी भएर नारी नै उपस्थित भएका छन् । लैङ्गिक रूपमा एकपक्षीय र विभेदकारी रहेको सामन्ती ढाँचाको विमर्शात्मक संरचनाका कारण नारीका प्रतिरोधी विचारले उचित स्थान पाउन सकेको छैन । परिवारमा पुरुष दमनकारी र नारी त्यसको सहयोगी भएर प्रस्तुत भएका कारण दमित नारीको शोषणको केन्द्र परिवार बनेको छ र त्यसलाई परम्परागत सांस्कृतिक स्वरूपले वैधता प्रदान गरेको छ । त्यसकारण यस कथाको लैङ्गिक शक्तिसम्बन्ध शत्रुतापूर्ण भएको हुनाले प्रमुख नारी पात्रको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

भीमप्रसाद ढकालको 'जिम्मावारी कसको ?' कथामा अनमेल विवाह र बाल विवाहलाई विषय बनाइएको छ । यस कथामा नारीमाथिको विभेद, दमन र शोषणलाई हिन्दु परम्परामा रहेको सामन्तवादी विमर्शात्मक संरचनाले वैधता प्रदान गरेको छ । पुरुषका स्वार्थ र दमनका कारण नारीको जीवन पुरुषलाई स्वर्ग पुऱ्याउने सिँढीका रूपमा प्रयोग भएको छ । नारीले आफूमाथि भएको अन्यायको प्रतिरोध रोएर गरेको भए पनि त्यसले समाधान दिन सकेको छैन । पितृसत्ताका कारण सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रबाट बहिष्करणमा पारिएको हुनाले नारीले उत्पीडनको सिकार बन्नु परेको छ । त्यसकारण यस कथाको लैङ्गिक शक्तिसम्बन्ध वैरभावपूर्ण बन्दा नारीको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

कोशराज रेग्मीको 'छोरीको जात' कथामा टुहुरी नरीले जीवनमा भोगेका पीडालाई विषय बनाइएको छ । यस कथाकी प्रमुख नारी पात्र नरी आमाबाबुको निधनपछि मावलमा हुर्किएकी र १२ वर्षको उमेरमा बूढो बस्नेतकी कान्छी स्वास्नी बनाइएकी अनि छोरी पाएपछि लोग्नेबाट समेत उत्पीडनमा पारिएकी पात्रका रूपमा चित्रित भएकी छ । छोरीलाई मान्छेका रूपमा नै नगन्ने र स्वर्ग जानका लागि छोरै चाहिने हिन्दु परम्परामा रहेको सामन्तवादी स्वरूपको लैङ्गिक विभेद, दमन र शोषण यस कथामा चित्रित भएको छ । यसले कथामा नारी र पुरुषका बिचको लैङ्गिक सम्बन्धलाई शत्रुतापूर्ण आकार प्रदान गरेको छ । यसरी यस कथामा लैङ्गिक शक्तिसम्बन्ध वैरभावपूर्ण बनेकाले नारीको जीवन सीमान्तीकृत अवस्थामै समाप्त भएको छ । यसरी *बल्दो दीयो* (२०१३) कथासङ्ग्रहभित्रका 'छोरीको जात', 'जिम्मावारी कसको ?' र 'माइत' गरी तीनओटा कथामा नेपाली समाजमा विद्यमान लैङ्गिक विभेद, दमन र शोषणको अवस्था चित्रण गरिएको छ ।

दलभञ्जन कार्कीको *मामाघर* (२०१६) सङ्ग्रहमा रहेका जम्मा नौओटा कथामध्ये 'कैली' एउटा कथामा लैङ्गिक समस्यालाई प्रस्तुत गरिएको छ । 'कैली' कथामा साहुको ऋणले गोरेलाई परदेश जान बाध्य बनाएको र ऊ गएपछि साहुले उसकी श्रीमतीको यौनशोषण गरेको अनि गोरे फर्किएपछि कैलीका विषयमा झुटो समाचार सुनाएर पतिपत्नीको विछोड गराएको प्रसङ्ग छ । यस कथामा तत्कालीन नेपाली समाजमा विद्यमान सामन्तवादी स्वरूपको लैङ्गिक विभेद, दमन र शोषण प्रकट भएको छ । उत्पादनका साधनलाई आफूमा केन्द्रित गरी सामन्त पुरुषले नारीलाई पतिबाट अलग गरी नारीको शरीर भोगेको र पति आएपछि आफै कुरा लगाएर वियोग गराएको सन्दर्भले पितृसत्ताको शोषणको रूपलाई उजागर गरेको छ । यसबाट प्रस्तुत कथामा नारी र पुरुषका बिचको लैङ्गिक सम्बन्धमा शत्रुताले उत्कर्ष प्राप्त गरेको छ । पुरुषले गरेको शारीरिक, आर्थिक अनि सांस्कृतिक दमन र शोषणलाई सामन्ती ढाँचाको विमर्शात्मक संरचनाले सामाजिक स्वीकृति प्रदान गरेकै कारण उत्पीडनमा परी नारीको जीवन सीमान्तीकृत अवस्थाबाट माथि आउन सकेको छैन ।

कृष्णप्रसाद सर्वहाराको *दर्बारकी केटी* (२०१८) कथासङ्ग्रहभित्रका १४ ओटा कथामध्ये 'दर्बारकी केटी' कथा लैङ्गिक शक्तिसम्बन्धको विश्लेषणका दृष्टिले उत्कृष्ट रहेको छ । यस कथामा दर्बारमा लुटिएर गर्भवती बनाइएकी प्रमिलाको सन्तानलाई दर्बारियाले मारी उसलाई पनि

कामबाट निकालेपछि जीविकोपार्जनमै गम्भीर समस्या आएको छ । त्यसपछि एक्लो जीवन बिताउन निरुपाय बनेर आत्महत्याको योजना बनाए पनि प्रेमसँगको सम्बन्धपछि प्रमिला बाँच्न सफल भएको सन्दर्भलाई कथात्मक आकार प्रदान गरिएको छ । यस कथामा सामन्तवादको केन्द्र दर्बारले नारीको जीवनमाथि गरेको शोषण र दमनलाई प्रस्तुत गरिएको छ । दर्बारिया पुरुषमा नारीको जीवन भोगको साधनका रूपमा मात्र प्रयोगको बस्तु बनाइँदा नारी पात्र उत्पीडनमा परेका छन् । पुरुष सत्ताको एकपक्षीय विभेदकारी स्थापित विमर्शात्मक संरचना नारीका विपक्षमा भएकाले नारीले आफ्नो सन्तानलाई बचाउन गरेको प्रतिरोधसमेत विफल भएको छ । त्यसकारण यस कथाको लैङ्गिक सम्बन्ध वैरभावपूर्ण बन्दा नारीको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

रमेश विकलको *नयाँ सडकको गीत* (२०१९) कथासङ्ग्रहमा रहेका जम्मा १० ओटा कथामध्ये 'दुई रुपियाँ नोट' कथामा लैङ्गिक समस्या मूलस्वर बनेर आएको छ । 'दुई रुपियाँ नोट' कथामा निम्नवर्गीय महिलाले सहरमा जीवनयापन गर्न दुई रुपियाँका लागि लोग्नेकै दबाबमा ठेकेदारलाई शरीर बेच्न बाध्य हुनुपरेको चर्चा गरिएको छ । यस कथामा तत्कालीन सहरिया पुँजीवादी सांस्कृतिक स्वरूपको लैङ्गिक विभेद, दमन र शोषण रहेको छ । त्यसका विरुद्धमा यस कथाकी नारी पात्रले अन्तिम अवस्थासम्म प्रतिरोध गरेको भए पनि पुँजीवादी विमर्शात्मक संरचनाले त्यसलाई विफल बनाएको छ । परम्परागत पुरुष सत्ताको विभेदकारी दमन र शोषणलाई स्थापित विमर्शात्मक संरचनाले स्वीकृति प्रदान गरेकाले नारीको जीवन उत्पीडनमा परेको छ । त्यसले यस कथाको लैङ्गिक सम्बन्धलाई शत्रुतापूर्ण बनाएकै कारण नारी पात्रको जीवन सीमान्तीकृत अवस्थाबाट माथि आउन सकेको छैन ।

### २.३.१ लैङ्गिक शक्तिसम्बन्ध मूलस्वर भएका कथाहरूको नमुना छनोट

सामाजिक यथार्थवादी कथाकारहरूले नेपाली समाजमा विद्यमान लैङ्गिक शक्तिसम्बन्धलाई प्रकाश पार्ने गरी कलम चलाएका छन् । यथार्थवादी कथाकारहरूका जम्मा ४९८ ओटा कथामध्ये ३१ ओटा कथा लैङ्गिक शक्तिसम्बन्धका दृष्टिबाट अध्ययनीय छन् । यी कथाहरूमध्ये पनि जम्मा १० ओटा कथा विश्लेषणका लागि चयन गरिएको छ । उक्त कथाहरूको नमुना छनोट गर्दा लैङ्गिक शक्तिसम्बन्धका दृष्टिले सघन प्रस्तुति रहेका वा लैङ्गिक सम्बन्ध, पितृसत्ता, लैङ्गिक विभेद, दमन र शोषणको अवस्थालाई ध्यानमा राखिएको छ । त्यस क्रममा उद्देश्यमूलक नमुना छनोट विधिको सहायताबाट जम्मा १० जना कथाकारहरूका १० ओटा कथा चयन भएका छन् । ती निम्नानुसार छन् :

| | |
|---|---|
| गुरुप्रसाद मैनाली | - नासो |
| पूर्णदास श्रेष्ठ | - समाजको अंचलमा |
| कृष्णप्रसाद चापागाञी | - दोषी को ? |
| लक्ष्मीप्रसाद देवकोटा | - मर्स्याङ्दी |
| कवीन्द्रमान सिंह | - त्यो पहाडी कन्या |

| | |
|---|---|
| कोशराज रेग्मी | - छोरीको जात |
| भीमप्रसाद ढकाल | - जिम्मावारी कसको ? |
| दलभञ्जन कार्की | - कैली |
| कृष्णप्रसाद सर्वहारा | - दर्बारकी केटी |
| रमेश विकल | - दुई रुपियाँ नोट |

## २.४ जातीय शक्तिसम्बन्ध मूलस्वर भएका कथाहरूको सर्वेक्षण

यथार्थवादी नेपाली कथामा कथाकारहरूले पात्रका माध्यमबाट जातीय शक्तिसम्बन्धको अभिव्यक्ति गराएका छन् । यथार्थवादी कथामा नेपाली महाजातिका समस्या र व्यथाहरू मुखरित भएका छन् । यी कथामा हिन्दु परम्पराको वर्णव्यवस्थामा आधारित नेपाली समाजभित्रकै अछुत मानिएका जातिको पीडा अभिव्यक्त भएको पाइन्छ । तत्कालीन नेपाली समाजका दमित जातिले सीमान्तीकृत भएर साहु महाजन तथा कथित उपल्लो जातिबाट भोग्नु परेका यातना, हिंसा, उत्पीडन, जेलनेल तथा मृत्युसम्मका पीडालाई विषयवस्तु बनाइएको छ । यथार्थवादी कथाकारका जम्मा ४९८ ओटा कथामध्ये २५ ओटा कथा जातीय शक्तिसम्बन्धका दृष्टिबाट अध्ययनीय छन् । तिनको कालक्रमअनुसार यस प्रकार सर्वेक्षण प्रस्तुत गरिएको छ ।

गुरुप्रसाद मैनालीको *नासो* (२०२०) कथासङ्ग्रहमा सङ्गृहीत ११ ओटा कथामध्ये 'बिदा' र 'पापको परिणाम' जातीय शक्तिसम्बन्ध सशक्त भएका कथा हुन् । 'बिदा' कथामा हिन्दु परम्परावादी वर्णव्यवस्था समाजमा सक्रिय भएका कारण जातका आधारमा विभेद, दमन र शोषण भएको छ । समाजमा जातकै आधारमा मानिसको योग्यता निर्धारण गर्ने परम्परा भएकाले नरेन्द्र र प्रभाका बिचको प्रेमसम्बन्ध विफल भएको छ । त्यसपछि नरेन्द्रले विवाह गर्न सके पनि प्रभा घरै छोडेर भक्तिनी बन्न विवश भएकी छ । त्यसकारण यस कथामा जातीय सम्बन्धले शत्रुतापूर्ण स्वरूप धारण गरेको छ । निम्नजातका मानिसमा आफूमाथि भएको अन्यायका विरुद्धमा लड्ने सशक्त प्रतिरोध चेतनाको विकास नभएका कारण उनीहरू अधीनस्थ अवस्थामा पुऱ्याइएका छन् । 'पापको परिणाम' कथामा समाजमा स्थापित जातीय भेदभावको स्वरूप प्रकट भएको छ । यस कथामा कान्तु पाध्येलगायत अन्य तत्कालीन समाजले उच्चजात मानेका र घर्तीहरू समाजले निम्नजात मानेका पात्रहरू छन् । कथाको जातीय शक्तिसम्बन्ध परम्परागत वर्णव्यवस्थामा आधारित भएकाले असन्तुलित र सामन्ती स्वरूपको छ । समाजमा प्रचलित उच्चजातीय षड्यन्त्र र शोषणका कारण निम्नजातका घर्तीहरू उत्पीडनमा परेका छन् । त्यसैले यस कथाको जातीय शक्तिसम्बन्धले शत्रुताको रूप धारण गरेको छ । घर्तीहरूले परिवार पाल्नका लागि सिमल चउरको झाडी फाँडेर झुप्रा बनाएको देख्न नसकेर कान्तु पाध्येले षड्यन्त्र र आक्रमण गरेको छ । उक्त आक्रमणलाई अदालतबाट वैधता प्रदान गरी घर्तीहरूलाई जेल सजाय दिइएको छ । यसरी गुरुप्रसाद मैनालीका 'बिदा' र 'पापको परिणाम' कथामा जातीय विभेद, दमन र शोषणको अवस्थालाई चित्रण गरिएको पाइन्छ ।

कृष्णप्रसाद चापागाईंका *टुक्राटाक्री* (२००८) कथासङ्ग्रहमा सङ्कलित १२ ओटा कथामध्ये 'कामत' कथामा जातीय उत्पीडनका सन्दर्भलाई प्रस्तुत गरिएको छ । यस कथामा परम्परागत हिन्दु वर्णव्यवस्वथामा आधारित जातीय विभेद, दमन र शोषणको स्वरूप अभिव्यक्त भएको छ । त्यसलाई आधार बनाएर उच्चजातको कामतको मालिकले निम्नजातका थारूहरूलाई दिएको भन्दा ऋण बढाएर शोषण गरेको छ । त्यसका विरुद्धमा नयाँ पुस्ताले विरोध जनाएका कारण प्रतिरोध चेतनाको विकास हुँदै गरेको अवस्थालाई देखाएको छ । कामतको मालिकले गरेको पुस्तौँपुस्ताको शोषणका कारण यस कथाको जातीय शक्तिसम्बन्ध वैरभावपूर्ण बनेको छ । उच्चजातमा भएको अहङ्कार र दमनकारी व्यवहारबाट निम्नजातका मानिसहरू उत्पीडनमा परेका छन् । त्यसले यस कथाको निम्नजातका मानिसलाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ ।

कृष्णबम मल्लको *गुरुजीको मलामी* (२००९) र *देवता* (२०१८) कथासङ्ग्रहमा सङ्कलित १२ ओटा कथामध्ये 'हली' कथा जातीय अध्ययनका दृष्टिले सशक्त रहेको छ । 'हली' कथामा पुड्के दमाई मणिधरको घरमा वार्षिक नौ मुरी धानमा काम गर्नका लागि हली बसेको छ तर मालिकको गोरु मरेका कारण उसले वर्ष दिन काम गरेर पनि उक्त धान पाएको छैन । समाजमा परम्परागत हिन्दु वर्णव्यवस्थामा आधारित विमर्शात्मक संरचना क्रियाशील रहेको छ । त्यसका आधारमा मानिसलाई उच्च र निम्नजातमा विभाजन गरी विभेदको आधार निर्माण गरिएको छ । त्यसकारण यस कथामा निम्नजातिमाथिको विभेद, दमन र शोषणले सामन्तवादी स्वरूप ग्रहण गरेको छ । उच्चजातको अन्यायका विरुद्धमा निम्नजातका पुड्के र उजेलीले सशक्त प्रतिरोध गरेका भए पनि सामन्ती ढाँचाको स्थापित सामाजिक विमर्शात्मक संरचनाका कारण त्यो सफल हुन सकेको छैन । समाजमा उच्चजातकै प्रभुत्वमा उत्पादनका साधन, सामाजिक न्याय र वितरण प्रणालीलाई सीमित गरिएका कारण जातीय दमन र शोषणले वैधानिकता पाएको छ । यस प्रकारको दमन र शोषणले गर्दा यस कथाको जातीय शक्तिसम्बन्ध शत्रुतापूर्ण बनेको छ । त्यसकै कारण यस कथाको निम्नजातका पात्रले आफ्नो पुर्ख्यौली थातथलो छोड्न बाध्य भई पीडादायक अवस्थामा पुग्नु परेको छ ।

वल्लभमणि दाहालको *को अटेरी ?* (२०११) कथामा निम्नजातको भुजेलको छोरो कालुलाई उच्चजातको मालिकको छोरो सन्तेले कुटेको तर उल्टै कालुलाई नै सन्तेको गोडा ढोगेर माफी माग्न भन्दा कालुले नमानेको सन्दर्भ छ । त्यसका लागि निम्नजातमाथि दमन र शोषण गर्न उच्चजातका मुखिया र पण्डितका बिचमा नियोजित एकता देखिन्छ भने निम्नजातको सङ्गठित अवस्था छैन । यस कथामा हिन्दु वर्णव्यवस्थाका आधारमा समाजलाई खण्डित गरी विभेद, दमन र शोषणका लागि जातीय आधार तयार गरिएको छ । बहुजातीय स्वरूपको उक्त समाजमा उच्चजात उत्पीडनकारी चरित्रमा उपस्थित भएको भएको छ भने निम्नजात उत्पीति बनेको छ । यसले विवेच्य कथाको जातीय सम्बन्धलाई शत्रुतापूर्ण बनाएको छ । उच्चजातका पण्डितले निम्नजातको कालेलाई अन्यायपूर्ण आदेश दिँदा उसले नटेरेर प्रतिरोध जनाए पनि त्यो बाल पात्रको प्रतिरोध निर्णायक बन्न सकेको छैन । एकपक्षीय र विभेदकारी विमर्शात्मक संरचनामा निर्माण भएको शक्तिले यस कथाको उच्चजातलाई अहङ्कारी निम्नजातलाई हीनत्व बोध गराएको छ ।

उत्पादनका साधन, सामाजिक न्याय र प्रभुत्वमा कब्जा जमाएर उच्चजातले सधैँ दमन र शोषण गरेका कारण निम्नजातले सीमान्तीकृत अवस्थाबाट मुक्ति पाउन सकेको छैन ।

जगदीश नेपाली (सम्पा.) *आदर्शश्री* (२०११) कथासङ्ग्रहमा रहेका छओटा कथामध्ये 'पतिया' र 'राँको' दुईओटा कथामा जातीय समस्याले स्थान पाएको छ । उनको 'पतिया' कथामा पण्डित छबेले समुद्रपारि गएको मानिसका सन्तानसँग विवाह गरेको आरोप लगाई सामन्त धर्मनारायणले आफूलाई जातका नाममा काढेको छ तर अवस्था प्रतिकूल हुने डरमा पण्डितलाई मुक्ति दिएको सन्दर्भ छ । यस कथामा सामन्तले जे गरे पनि हुने परम्परागत वर्णव्यवस्थाले निर्धारण गरेको सामन्तवादी स्वरूपको जातीय दमन र शोषण रहेको छ । उक्त व्यवस्थाअनुसार पण्डित उच्चजातको भए पनि वर्णव्यवस्थालाई नै आधार मानी सामन्तले जातका नाममा काढेर सामाजिक बहिष्करणमा पार्ने प्रयास गरेको छ । युवा पुस्ताले विरोध जनाएपछि त्यसको प्रतिरोध गर्ने आँट नभएको सामन्तले कारबाही फिर्ता लिने निर्णय गरेको छ । त्यसकारण यस कथामा जातीय विभेदका विरुद्धको प्रतिरोध सफल भएको छ । बहुजातीय स्वरूप भएको उक्त समाजमा सामन्ती वर्चस्वका कारण मानिसलाई विभेद, दमन र शोषण गर्ने आधार जातीय विभाजन तथा जातीय कारबाही भएको छ । यसले सामाजिक एकतामा विखण्डन सिर्जना गरी निम्नजातप्रतिको घृणाभावलाई बढाएको छ । तारानाथ शर्माको 'राँको' कथामा जातीय भेदभावको प्रथालाई प्रशासन र समाजको उच्चजातले जोगाउन प्रयास गरेको तर त्यसका विरुद्धमा जनताले राँको बालेर प्रतिरोध जनाएको सन्दर्भ वर्णित छ । यस कथामा समाजको उच्चजात र प्रशासनले जनतालाई जातीय आधारमा फुटाएर शासन गर्ने र त्यसकै आडमा दमन र शोषण गर्ने सामन्ती स्वरूपको शासन व्यवस्था प्रकट भएको छ । त्यसका विरुद्धमा जनताले प्रतिरोध गरेको भए पनि त्यो पूर्ण रूपमा सफल हुन सकेको छैन । हिन्दु वर्णव्यवस्थामा आधारित विमर्शात्मक संरचना अनि स्थानीय र केन्द्रीय सत्ताका बलमा जातीय विभेदलाई संस्थागत स्वरूपमै विकास गर्ने प्रयत्न भएको छ । त्यसैलाई आधार बनाएर उच्चजात र प्रशासनिक सत्ताले विभेद, दमन र शोषणलाई निरन्तरता दिएको हुनाले यस कथाको जातीय शक्तिसम्बन्ध शत्रुतापूर्ण बनेको छ । विपरीतधर्मी स्वार्थको कसिलो द्वन्द्वका कारण निम्नजातको जीवन अधीनस्थ अवस्थामा पुगेको छ । यसरी *आदर्शश्री* (२०११) कथासङ्ग्रहमा रहेका 'पतिया' र 'राँको' दुईओटा कथामा तत्कालीन नेपाली समाजमा विद्यमान सामाजिक जातीय समस्याले स्थान पाएको छ ।

यज्ञप्रसाद आचार्यको 'चतुरे सार्की' र देवमणि ढकालको *सार्की* कथा जातीय अध्ययनका दृष्टिले उपयुक्त रहेका छन् । आचार्यको 'चतुरे सार्की' कथामा सरकारले कच्चा छालालाई भारत निकासी दिएका कारण चतुरे सार्की लगायत धेरैको रोजगारी गुमेको सन्दर्भ वर्णित छ । यस कथामा हिन्दु परम्परामा आधारित विभेदकारी वर्णव्यवस्थाले निर्धारण गरेअनुसारको जातीय विभाजनका माध्यमबाट समाजमा विभेद, दमन र शेषणको आधार निर्माण गरिएको छ र यसमा उच्चजातीय अहंले कसरी निम्न भनिने जाति दमन र शोषणमा पर्छ भन्ने कुरा स्पष्ट देखाइएको छ । ब्राह्मणवादी विचारधाराअनुसार माथिल्लो जातिले सत्तामा बसेर निम्नजातको रोजगारी नै समाप्त हुने गरी निर्णय गरिदिँदा निम्नजात दमन र शोषणमा परेको छ । त्यसकारण यस कथाको

जातीय शक्तिसम्बन्ध शत्रुतापूर्ण बनेको स्पष्ट हुन्छ । देवमणि ढकालद्वारा लिखित 'सार्की' कथामा लामगादे सार्की, सार्की र लोकचने तीनजना निम्नजातका र कमर, छोरो, कटकबहादुर, कान्छा सुब्बा, मुखिया, मान्छेहरू उच्चजातका पात्रहरू रहेका छन् । कथामा रहेको उच्च र निम्नजातका मानिसहरूमा विमर्शात्मक संरचनाका आधारमा निर्मित र स्थापित विचारले जातीय शक्तिसम्बन्धको शत्रुतापूर्ण स्वरूप निर्धारण गरेको छ । चमैतामा जातकै आधारमा ज्यादै अन्याय भएपछि लामगादे रातारात भागेर अर्को ठाउँमा पुग्नु, सार्कीले लामगादेको क्रिया गर्न लिएको ऋणका लागि अधियाँ पालेको सुँगुर बन्धक राख्न बाध्य हुनु, चितुवाले सुँगुर खाएपछि कान्छी सुब्बिनीले सार्कीको जायजेथा हडप्नु, ऋणकै कारण मुखियाले सार्कीलाई रातभर बाखाको खोरमा थुन्नु, बाबुको क्रिया गर्न लिएको ऋण तिर्न छ वर्ष नोकर बस्न बाध्य पारिनु आदि सन्दर्भले यस कथामा जातीय शक्तिसम्बन्धलाई वैरभावपूर्ण रहेको देखाएका छन् । यसरी सत्ताका बलमा उच्चजातले निम्नजातको रोजगारी नै समाप्त गरी उनीहरूलाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ । यसरी यज्ञप्रसाद आचार्यको 'चतुरे सार्की' र देवमणि ढकालको *सार्की* कथामा तत्कालीन नेपाली समाजमा विद्यमान उच्च र निम्नजाति तथा तिनका बिच रहेको जातीय विभेद, दमन र शोषणको अवस्था चित्रण गरिएको छ ।

तेजबहादुर प्रसाईंको *२००७ साल* (२०१२) कथासङ्ग्रहमा सङ्कलित १२ ओटा कथामध्ये 'धोबीधारा' कथा जातीय अध्ययनका दृष्टिले उच्च छ । यस कथामा धोबी जातका मानिसले जीवनमा भोग्नु परेका विवशतालाई विषय बनाइएको छ । बनारस, काठमाडौँ र इलाम सबैतिर धोबीहरूले पाएको दुख र उनीहरूप्रतिको आम मानिसको धारणालाई जोडेर सीमान्तीकृत धोबी र उच्चजातका बिचको शक्तिसम्बन्धलाई देखाइएको छ । यस कथाको समाजमा हिन्दु परम्परामा भएको विभेदकारी वर्णव्यवस्थाका आधारमा मानिसहरूलाई जातीय विभाजन गरी विभेद, दमन र शोषणको आधार निर्माण गरिएको छ । तत्कालीन नेपाली सामन्ती समाजको ब्रह्मणवादी स्वरूपको विमर्शात्मक संरचनाले प्रदान गरेको शक्तिका आधारमा कथित उच्चजातले सबैतिर निम्नजातका धोबीमाथि दमन र शोषण गरेका छन् । उच्चजातले आफूअनुकूल निर्माण गरेको ज्ञानलाई समाजमा स्थापित गरी धोबी जातिप्रति नै घृणाको भाव सिर्जना गरिएको छ । उत्पादनका साधन, सामाजिक न्याय र वितरण प्रणालीमा वर्चस्व स्थापित भएका कारण उच्चजातमा अहङ्कारको भावना विकसित भएको छ भने निम्नजातका धोबीमा त्यसले हीनत्व बोध गराएको छ । त्यसकारण यस कथाको जातीय शक्तिसम्बन्धले शत्रुतापूर्ण स्वरूप धारण गरेको छ । धोबी जातिले आफूमाथि अन्याय भएको बोध गरेर पनि सामन्तवादी विमर्शात्मक संरचना विपक्षमा भएका कारण त्यसका विरुद्धमा प्रतिरोध गर्न सकेका छैनन् । सत्तासम्बन्धका कारण उच्चजातको प्रभुत्व विस्तार भएकाले अपमानित र निरीह बन्न पुगेको धोबी जातिको जीवन सीमान्तीकृत अवस्थामा पुगेको छ ।

हृदयचन्द्रसिंह प्रधानको *उसको आँशु* (२०१२) कथासङ्ग्रहमा सङ्कलित १२ ओटा कथामध्ये 'व्रतबन्ध' कथा जातीय प्रतिनिधित्वको अध्ययनका दृष्टिले उच्च रहेको छ । यस कथामा आफ्नो व्रतबन्ध हुने निश्चय भएकामा अत्यन्त हर्षित भएको श्रेष्ठ जातको जगत्ले व्रतबन्धपछि

ज्यापू जातको साथी दशनारांले छोएको खान नहुने थाहा पाएपछि व्रतबन्ध नै नगर्ने निर्णयमा पुगेको सन्दर्भ वर्णित छ । यस कथाको समाजमा स्थापित परम्परागत जातिवादी विमर्शात्मक संरचनाका कारण बाल पात्रलाई विद्रोही अवस्थामा पुग्न बाध्य बनाइएको छ । निम्नजातमाथि जातीय आधारमा भएको दमन र शोषणले समाजमा आपसी सम्बन्धको मित्रतालाई शत्रुतामा प्रतिस्थापन गरेको छ । त्यसकारण यस कथाको जातीय शक्तिसम्बन्ध शत्रुतापूर्ण बनेको छ । छुवाछुत जस्तो अमानवीय व्यवहारका माध्यमबाट निम्नजातमाथि भएको विभेद, दमन र शोषण सामन्तवादी स्वरूपको छ । त्यसकारण बहुजातीय विमर्शात्मक संरचनाभित्र यसले उच्चजातलाई टुप्पोमा राखेर जातको सोपानक्रम निर्धारण गरेको छ । समाजको विमर्शमा उच्चजातकै प्रभुत्व र जीवनका सबै क्षेत्रमा उच्चजातकै मात्र वर्चस्व भएका कारण यस कथाको निम्नजातको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

कृष्णप्रसाद सर्वहाराको *दुई छेस्का सलाई* (२०१३) कथासङ्ग्रहमा रहेका सातओटा कथामध्ये 'ऊ रुन थाल्यो' एउटा कथामा जातीय समस्यालाई प्रमुखता प्रदान गरिएको छ । 'ऊ रुन थाल्यो' कथामा पण्डितको परिवारको तीनपुस्ता सेवा गरेको हर्कमानले पाकेको बाली माग्दा पनि पण्डितले नदिएका कारण मर्ने बेलामा आफ्नी आमालाई पानी खुवाउन समेत नपाएको सन्दर्भ छ । यस कथामा जातीय विभेद, दमन र शोषणले सामन्तवादी स्वरूप धारण गरेको छ । हिन्दु परम्परामा रहेको वर्णव्यवस्थाका आधारमा मानिसलाई ठुलो र सानो जातमा विभाजन गरी विभेद, दमन र शोषणको आधार निर्माण गरिएको छ । त्यही आधारमा उभिएर उच्चजातको पण्डितले निम्नजातलाई अत्यन्त घृणाभाव आउने तल्लो स्तरको भाषाको प्रयोग गरेर दमन गरेको छ भने निम्नजातले सामन्ती व्यवस्थाले निर्धारण गरेको जदौ, ख्वामित आदिजस्त उच्च स्तर मानिएका शब्दहरूको प्रयोग गरेको छ । त्यसकारण यस कथाको उच्चजातमा अहङ्कारको भावना विकसित भएको छ भने निम्नजातमा हीनत्वबोध भरिएको छ । निम्नजातले आफूमाथि भएको अपमान, दमन र शोषणको बोध गरेर पनि त्यसको प्रभावकारी प्रतिरोध गर्न सकेको छैन । उत्पादनका साधन, न्याय प्रणाली, ज्ञान, शक्तिबाट निम्नजातलाई विमुख गराएकै कारण उनीहरूको प्रतिरोध सामर्थ्य कमजोर बनेको छ । यी सबै कारणले यस कथाको जातीय शक्तिसम्बन्ध वैरभावपूर्ण बन्दा निम्नजातको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

वल्लभमणि दाहाल, कोशराज शर्मा र भोला दाहालको सम्पादनमा प्रकाशित *गाउँको सन्देश* (२०१३) कथासङ्ग्रहमा रहेका जम्मा पाँचओटा कथामध्ये 'देवे भुजेल' एउटा कथामा जातीय समस्यालाई प्रस्तुत गरिएको छ । वल्लभमणि दाहालद्वारा लेखिएको 'देवे भुजेल' कथामा देवे भुजेलले जीवनभर मुखियाको सेवा गर्दा पनि निम्नजातको भएकै कारण मुखियाका मनमा देवे भुजेलप्रति कुनै दया नजागेको सन्दर्भ प्रस्तुत छ । यस कथामा हिन्दु परम्परागत वर्णव्यवस्थाका आधारमा निर्माण भएको सामन्ती स्वरूपको विमर्शात्मक संरचनाका कारण मानिसहरूलाई उच्च र निम्नजातमा विभाजन गरी विभेद, दमन र शोषणको आधार तय गरिएको छ । त्यसैअनुसार भुजेललाई निम्नजातको स्थानमा पुऱ्याएर उच्चजातको मुखियाले आजीवन दमन र शोषण गरेको छ । त्यसले यस कथाको जातीय सम्बन्धमा शत्रुताको निर्माण गरेको छ । आफूमाथि चरम दमन र

शोषण भएको थाहा पाएर पनि सामन्ती शक्तिसंरचनाका कारण देबे भुजेलले आवश्यक प्रतिरोध गर्न सकेको छैन । मुखियाले प्रभुत्वकै आधारमा निम्नजातमाथि घृणा र उपेक्षा गरी शारीरिक अनि मनोवैज्ञानिक दमन र शोषण गरेको छ । त्यसले यस कथाको जातीय शक्तिसम्बन्ध असमान भएकाले निम्नजातका पात्रहरूको जीवन कारुणिक अवस्थामा पुगेको छ ।

माधव भँडारी र चूडामणि रेग्मीद्वारा लिखित तथा सम्पादित *नेपाली कथासाहित्य* (२०१५) कथासङ्ग्रहमा सङ्कलित छओटा कथामध्ये 'दमाई', 'तर्पण', 'गोडा भए जुत्ताको के खाँचो ?' र 'वेश्या' चारओटा कथा जातीय शक्तिसम्बन्धका दृष्टिबाट अध्ययनीय रहेका छन् । माधव भँडारीद्वारा लिखित 'दमाई' कथामा रातको समयमा पाहुना बनेर बास माग्न आएको व्यक्तिलाई दमाई भएकै कारण विभेद गरिएको प्रसङ्ग वर्णित छ । यस कथामा हिन्दु परम्परामा रहेको विभेदकारी जातिवादी सामाजिक व्यवस्था क्रियाशील रहेको छ । त्यसका आधारमा बहुजातीय समाजमा जातको सोपानक्रम निर्माण गरी मानिसहरूका बिचमा विभेद, दमन र शोषणका लागि आधार तय गरिएको छ । समाजको कथित उच्चजातले निम्नजातमाथि अमानवीय व्यवहार दर्साउँदा निम्नजात उत्पीडनमा परेको छ । वर्णव्यवस्थाबाट निर्देशित विमर्शात्मक संरचनाले प्रदान गरेको विभेदकारी शक्तिकै कारण उच्चजातमा अहङ्कारी भावना विकसित भएको छ भने निम्नजातमा हीनत्वबोध भरिएको छ । यस्तो विषम अवस्थामा समाजले भनिदिएकै कारण बाबु दमाई र छोरो बाहुन बनेको छ । यस कथाको उच्चजातले निम्नजातमाथि घृणाजन्य भाषाको प्रयोग गरी मनोवैज्ञानिक दमन र शोषण गर्दा पनि निम्नजात सम्मानित भाषाको प्रयोग गर्न विवश भएको छ । त्यसकारण आफूमाथि भएको अन्यायका विरुद्धमा यस कथाको निम्नजातले भरपर्दो प्रतिरोध जनाउन सकेको छैन । माधव भँडारीद्वारा लिखित 'तर्पण' कथामा निम्नजातकी कान्छीको अनमेल विवाह, उच्चजातको शेखरसँगको प्रेममा वियोग, गर्भधारण र आत्महत्याको प्रसङ्ग वर्णित छ । परम्परागत हिन्दु वर्णव्यवस्थाका आधारमा सञ्चालित यस कथाको समाजमा जातीय विभाजन नै विभेद, दमन र शोषणको आधार भएको छ । उच्चजातमा रहेको अहङ्कारबाट प्रताडित हुँदै निम्नजातले सामाजिक रूपमा विभेद र अन्याय सहनु परेको छ । निम्नजातलाई एकातिर सामाजिक बहिष्करणमा पारिएको छ भने अर्कातिर उत्पादनका साधन, वितरण र सामाजिक न्यायबाट विमुख गराइएको छ । यी सबै कारणले निम्नजातमाथि चरम सांस्कृतिक दमन र शोषण भएकाले यस कथाको जातीय शक्तिसम्बन्ध असन्तुलित बनेको छ ।

चूडामणि रेग्मीको 'गोडा भए जुत्ताको के खाँचो ?' कथामा उच्चजातको प्रकाशले निम्नजातकी विमलासँग प्रेमको अभिनय गरी रात बिताएर घरमा अंश माग्न गएको तर अभिभावकले विमलालाई घरमै ल्याउन भनेपछि जातीय दमनको आशङ्का गरी ऊ जान नमान्दा धोका दिएको विषयवस्तु उल्लेख गरिएको छ । हिन्दु परम्परामा रहेको विभेदकारी सामन्तवादी स्वरूपको जातीय विभेद, दमन र शोषणको स्वरूप यस कथामा अभिव्यक्त भएको छ । समाजले निर्माण गरेको विभेदकारी र अन्यायपूर्ण ज्ञानले सबै मनिसको विचारलाई धमिल्याएका कारण यस कथामा अन्तरजातीय प्रेमसम्बन्धले सफलता पाउन सकेको छैन । उच्चजातले सामाजिक बहिष्करणमा पारेका कारण निम्नजातमा हीनत्वको भावना विकसित भएको छ । त्यसकारण यस

कथाको निम्नजातले आफूमाथि भएको अन्यायका विरुद्धमा आवश्यक प्रतिरोध जनाउन सकेको छैन । यसले समाजमा भएका जातहरूका बिचको शक्तिसम्बन्धलाई मित्रवत अवस्थाबाट शत्रुतापूर्ण अवस्थामा पुऱ्याएको छ । त्यसैले यस कथाका निम्नजातको जीवन सीमान्तीकृत अवस्थामा पुगेको छ ।

चूडामणि रेग्मीको 'वेश्या' कथा जातीय अध्ययनका दृष्टिले सशक्त छ । यस कथामा उच्चजातको बलभद्रले निम्नजातकी कलावतीलाई जबरजस्ती शारीरिक सम्पर्क गरी गर्भवती तुल्याएर अस्वीकार गरेको छ । निम्नजातको सुन्दरेले आमा र बच्चा दुवैलाई स्वीकार्न तयार भएपछि हाकिमले सुन्दरेबाट रु. एक हजार घुस खाएको छ । त्यसप्रति हाकिमले उच्चजातको बलभद्रलाई छुट दिएको अनि कलावतीलाई दुई पुरुषसँग सम्बन्ध राखेको भनी बेश्याको आरोपमा दुई वर्षको जेल सजाय दिएको सन्दर्भ वर्णित छ । हिन्दु परम्पराको वर्णव्यवस्था यस कथाको सामन्तवादी विमर्शात्मक संरचनाको कारक भएर स्थापित छ। समाजमा उच्चजात र उच्च पदको प्रभुत्व भएकाले सामाजिक न्यायबाट निम्नजातलाई बहिष्करणमा पारी शारीरिक, सांस्कृतिक र न्यायिक क्षेत्रमा विभेद, दमन र शोषण गरिएको छ । समाजमा भएको एक पक्षीय र विभेदकारी विमर्शात्मक संरचनाकै कारण निम्नजातले आफूमाथि भएको अन्यायको अपेक्षित प्रतिरोध गर्न सकेको छैन । त्यसकारण यस कथाको जातीय सम्बन्ध वैरभावपूर्ण भएकाले निम्नजातका पात्रको जीवन सीमान्तीकृत अवस्थामा पुगेको छ। यसरी 'दमाई', 'तर्पण', 'गोडा भए जुत्ताको के खाँचो ?' र 'वेश्या' चारओटा कथामा तत्कालीन नेपाली समाजमा रहेको जातीय शक्तिसम्बन्धको प्रस्तुति भएको हुनाले यी कथाहरू जातीय शक्तिसम्बन्धका दृष्टिबाट अध्ययनीय रहेका छन् ।

मुकुन्द ढुङ्गेलको *नसोचेको कुरा* (२०१६) कथासङ्ग्रहमा रहेका जम्मा १० ओटा कथामध्ये 'त्याग' र 'भोक- जुठो-चोखो-मन' दुई ओटा कथामा मात्र जातीय समस्याले स्थान पाएका छन् । 'त्याग' कथामा निम्नवर्ग र निम्नजातकी जुठी अनि उच्चवर्ग र उच्चजातका सानोबाबुका बिचको प्रेमलाई छुटाउन पण्डित बाजेले खुँडे दमाई र जुठीलाई षड्यन्त्रपूर्ण ढङ्गले गाँउबाट सधैँका लागि निकालेको सन्दर्भ छ । यस कथामा हिन्दु परम्परामा रहेको जातिवादी वर्णव्यवस्थाले सामन्तवादी विमर्शात्मक संरचनाको निर्माणमा निर्णायक भूमिका निर्वाह गरेको छ । त्यसकै आधारमा बहुजातीय समाजभित्र जातिको सोपानक्रम निर्माण गरी निम्नजातमाथि षड्यन्त्रमूलक ढङ्गले दमन र शोषण गरिएको छ । उच्चजातले निर्माण गरेको विभेदकारी ज्ञानको सिकार निम्नजात पनि भएकाले उनीहरूको प्रतिरोध क्षमता कमजोर भएको छ । सामन्तवादी व्यवस्थाबाट निर्देशित विमर्शकै बलमा उच्चजातमा अहङ्कार बढेको छ भने निम्नजातमा हीनत्वको भावना विकसित भएको छ । उत्पादनका साधन, ज्ञान र सामाजिक न्यायमा उच्चजातको वर्चस्व स्थापित भएको हुनाले निम्नजात सामाजिक बहिष्करणमा परेको छ । यी कारणहरूले यस कथाको जातीय शक्तिसम्बन्ध शत्रुतापूर्ण बनेको हुनाले निम्नजातका पात्रको जीवन समस्याग्रस्त हुन पुगेको छ । 'भोक-जुठो-चोखो-मन' कथामा सरदारको घरमा भएको विवाहमा निम्नवर्ग र निम्नजातको कृष्णचा र उसकी आमालाई सबैले खाएर फ्याँकेको जुठो खानेकुरा दिएको र कृष्णचाले नखाएर विद्रोह गरे पनि आमाले खाएको अवस्था चित्रण गरिएको छ । यस कथामा सामन्तवादी स्वरूपको

विमर्शात्मक संरचनालाई हिन्दु परम्पराको वर्णव्यवस्थाले आधार प्रदान गरेको छ । त्यसकै आधारमा उच्चजातले निम्नजातको श्रम शोषण गरी विभेद र दमन गरेको छ । यस प्रकारको विभेद, दमन र शोषणलाई समाजमा स्थापित परम्परागत विमर्शात्मक संरचनाले वैधता प्रदान गरेका कारण निम्नजात उत्पीडनमा परेको छ । सामाजिक जीवनका सबै क्षेत्रबाट अलग्याएर दमन र शोषण गर्दा पनि पुरानो पुस्ताले प्रतिरोध गर्न सकेको छैन भने नयाँ पुस्ताले जुठो खाना अस्वीकार गरी प्रतिरोध जनाएको छ । उच्चजातको निरन्तर दमन र शोषण अनि निम्नजातको नयाँ पुस्ताको प्रतिरोधका कारण यस कथाको जातीय शक्तिसम्बन्ध तनावग्रस्त अवस्थाबाट गुज्रिँदै अघि बढेको हुनाले निम्नजातको जीवन सीमान्तीकृत अवस्थामा पुगेको छ । यसरी मुकुन्द ढुङ्गेलका 'त्याग' र 'भोक-जुठो-चोखो-मन' दुईओटा कथामा नेपाली समाजका उच्च र निम्नजातका बिचमा भएको अधीनता र अधीनस्थताको अवस्था चित्रण भएको पाइन्छ ।

रमेश विकलको *विरानो देशमा* (२०१६) कथासङ्ग्रहमा सङ्गृहीत जम्मा सातओटा कथामध्ये जातीय शक्तिसम्बन्धका दृष्टिकोणले सर्वेक्षण गर्दा 'विरानो देशमा' एउटा कथामा जातिगत सीमान्तीकृतको स्वर अभिव्यक्त भएको पाइन्छ । 'विरानो देशमा' कथामा जातीयतासम्बन्धी आवाजहरू प्रकट भएका छन् । यस कथामा अल्पसङ्ख्यक नेपाली महाजातिले बहुसङ्ख्यक भारतीय महाजातिका अगाडि भारतीय भूमिमा दमित र शोषित हुनु परेको विषय वर्णित छ । भारतीय समाजमा निर्मित आफूअनुकूलको जातिवादी विमर्शात्मक संरचनाका कारण यस कथामा नेपाली महाजातिले विभेद, दमन र शोषण सहनु परेको छ । उत्पादनका साधन, सामाजिक न्याय, सांस्कृतिक प्रभुत्व आदि जीवनमा प्रत्यक्ष प्रभाव पार्ने सबै कुरामा भारतीय महाजातिकै वर्चस्व रहेकाले नेपाली महाजाति सामाजिक बहिष्करणमा परेको छ । पूर्ण रूपले एक्लिएको नेपाली महाजातिले आफूमाथिको अन्यायको आवश्यक प्रतिरोध गर्न सकेको छैन । त्यसकारण अल्पसङ्ख्यक नेपाली महाजाति जातिगत समस्यैसमस्यामा पिल्सिनु परेकाले यस कथाको जातीय शक्तिसम्बन्ध शत्रुतापूर्ण बन्दा नेपालीको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

कृष्णप्रसाद सर्वहाराको *दरबारकी केटी* (२०१८) मा सङ्कलित जम्मा सातओटा कथामध्ये 'तर्किरहेको आँशु' र 'विरानो देशकी आइमाई' दुईओटा कथामा जातीय समस्याले स्थान पाएको छ । 'तर्किरहेको आँशु' कथामा मुखियाको काम गर्ने क्रममा नै आमा बाबु दुबैको निधन भएपछि कमलीले पनि दिन रात मुखियाको गाली र कुटाइ खाँदै काम गर्न बाध्य हुनुपरेको सन्दर्भ छ । हिन्दु परम्परागत वर्णव्यवस्थामा आधारित सामन्तवादी स्वरूपको विमर्शात्मक संरचनाका कारण यस कथामा जातीय विभाजन विभेदकारी बनेको छ । त्यसकै आधारमा उच्चजातले निम्नजातमाथि विभेद, दमन र शोषण गरेको छ । यस कथामा उच्चजातले निम्नजातमाथि घृणा, अपमान र तुच्छ भाषाको प्रयोग गरी उत्पीडनमा पारेको छ । यी सबै कारणहरूले यस कथाको जातीय शक्तिसम्बन्ध वैरभावपूर्ण बन्दा निम्नजातको जीवन सीमान्तीकृत अवस्थामा पुगेको छ । 'विरानो देशकी आइमाई' कथामा जाहन्वीले दिनभरि काम गरेको ज्याला एकमाना मकै मात्र पाएको, अर्को एकमाना थपिदिन आग्रह गर्दा मुखियाले गाली गरेपछि छोरो भालुले पिटेको अनि पण्डितले समेत मुखियाकै पक्ष लिएको हुनाले जाहन्वीले उक्त मकै मुखियालाई नै दिएको वर्णन छ । यस कथामा

परम्परागत वर्णव्यवस्थाबाट निर्देशित सामन्ती स्वरूपको विमर्शात्मक संरचना रहेको छ । त्यसका आधारमा उच्चजातले निम्नजातमाथि जातीय आधारमा विभेद, दमन र शोषण गरेको छ । उक्त कार्यको निम्नजातका पात्रले प्रतिरोध गरेको भए पनि त्यसले समस्याको समाधान दिन सकेको छैन । उत्पादनका साधन, वितरण र सामाजिक न्यायमा उच्चजातकै वर्चस्व रहेकाले निम्नजातको जीवनलाई निरुपाय अवस्थामा पुऱ्याइएको छ । उच्चजातले निम्नजातमाथि शारीरिक, मानसिक र आर्थिक शोषण गरेकै कारण यस कथाको जातीय शक्तिसम्बन्ध वैरभावपूर्ण बनेको छ । त्यसले निम्नजातका पात्रको जीवनलाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ । यसरी कृष्णप्रसाद सर्वहाराका 'तर्किरहेको आँशु' र 'विरानो देशकी आइमाई' दुईओटा कथामा जातीय विभेद, दमन र शोषणको अवस्थालाई चित्रण गरिएको छ ।

रमेश विकलको *नयाँ सडकको गीत* (२०१९) कथासङग्रहमा सङ्गृहीत जम्मा नौओटा कथामध्ये जातीय शक्तिसम्बन्धका दृष्टिकोणले सर्वेक्षण गर्दा 'वीरेकी आमा' कथामा जातिगत सीमान्तीकृतको स्वर अभिव्यक्त भएको पाइन्छ । 'वीरेकी आमा' कथामा जातीयतासम्बन्धी आवाजहरू प्रकट भएका छन् । यस कथामा नेपाली समाजले अछुत मानेको दर्जी जातकी नारी वीरेकी आमाको जीवनचर्यालाई प्रमुख विषय बनाइएको छ । उसले निम्नजातकै भएको कारणले अन्य गाउँलेहरूको भारी बोक्ने, धान कुट्ने, लुगा धुने, भाँडा माझ्ने, अरूले खाएर छोडेका खानेकुरा खाने आदि कार्य गर्नु परेको छ । यस कथामा क्रियाशील रहेको वर्णवादी, विभेदकारी विमर्शात्मक संरचनाले समाजको सामन्तवादी व्यवस्थालाई आधार प्रदान गरेको छ । त्यसकै आधारमा उच्चजातले निम्नजातमाथि विभेद, दमन र शोषण गरेकाले निम्नजात उत्पीडनमा परेको छ । निम्नजातकी प्रमुख नारी पात्र वीरेकी आमाले ज्यादै शक्तिशाली प्रतिरोध गरेको भए पनि सामन्तवादी विमर्शात्मक संरचना उसको विपक्षमा भएकाले प्रतिरोधले समाधान दिन सकेको छैन । उत्पादनका साधन, सामाजिक न्याय, प्रभुत्व र सत्तासम्बन्धमा उच्चजातकै वर्चस्व रहेको कारण निम्नजातमाथि शारीरिक, मानसिक र आर्थिक क्षेत्रमा दमन र शोषण भएको छ । यसले प्रस्तुत कथाको जातीय शक्तिसम्बन्धलाई वैरभावपूर्ण बनाएकै कारण निम्नजातले अधीनस्थ अवस्थाबाट माथि आउने मौका नै पाएको छैन ।

शशिकला शर्माको *उसको सुरुवाल* (२०१९) कथासङ्ग्रहमा सङ्कलित ११ ओटा कथामध्ये 'समानता' कथा जातीय अध्ययनका दृष्टिले उच्च छ । यस कथामा उच्चजातले निम्नजातकी सानी बच्ची सुन्दरीलाई अछुत भनी गाली गरेको अमानवीय व्यवहार वर्णित छ । यस कथामा हिन्दु परम्पराको विभेदकारी वर्णव्यवस्थाका आधारमा विमर्शात्मक संरचनाको निर्माण भएको छ । त्यसकै आधारमा समाजको कथित उच्चजातले निम्नजातकी अबोध बालिकामाथि जातीय दमन र शोषण गरेको छ । त्यसलाई सामन्तवादी विमर्शात्मक संरचनाले वैधता प्रदान गरेको छ । त्यसकारण उच्च र निम्नजातका बिचको सम्बन्धले उत्पीडक र उत्पीडितको स्वरूप धारण गरेको छ । समाजमा स्थापित सामन्ती ढाँचाको विमर्शात्मक संरचना विपक्षमा भएकै कारण निम्नजातले आफूमाथि भएको अन्यायका विरुद्धमा आवश्यक प्रतिरोध गर्न सकेको छैन । सामाजिक प्रभुत्व र सबै क्षेत्रमाथिको वर्चस्वका कारण उच्चजातमा अहङ्कारी भावनाको विकास भएको छ भने

सामाजिक बहिष्करणमा परेको निम्नजातमा हीनत्वको भाव जागृत भएको छ । माथिका सबै कारणले यस कथाको जातीय शक्तिसम्बन्ध वैरभावपूर्ण बन्दा निम्नजातको जीवन सीमान्तीकृत अवस्थाबाट बाहिर आउन सकेको छैन ।

### २.४.१ जातीय शक्तिसम्बन्ध मूलस्वर भएका कथाहरूको विश्लेषणका निम्ति नमुना छनोट

यथार्थवादी कथाकारहरूले नेपाली समाजमा विद्यमान जातीय शक्तिसम्बन्धलाई प्रकाश पार्ने गरी कलम चलाएका छन् । यथार्थवादी कथाकारका जम्मा ४९८ ओटा कथामध्ये २५ ओटा कथा जातीय शक्तिसम्बन्धका दृष्टिबाट अध्ययनीय छन् । यी कथाहरूमध्ये पनि जम्मा आठओटा कथा विश्लेषणका लागि चयन गरिएको छ । उक्त कथाहरूको नमुना छनोट गर्दा जातीय शक्तिसम्बन्धका दृष्टिले उत्कृष्ट रहेका वा जातीय सम्बन्ध, जातीय विभेद र जातीय दमन अनि शोषणको सघन प्रस्तुति भएको अवस्थालाई ध्यानमा राखिएको छ । त्यस क्रममा उद्देश्यमूलक नमुना छनोट विधिको सहायताबाट जम्मा आठजना कथाकारहरूका आठओटा कथा चयन भएका छन् । ती निम्नानुसार छन् :

| | |
|---|---|
| गुरुप्रसाद मैनाली | - पापको परिणाम |
| कृष्णबम मल्ल | - हली |
| बल्लभमणि दाहाल | - को अटेरी ? |
| देवमणि ढकाल | - सार्की |
| कृष्णप्रसाद सर्वहारा | - ऊ रुन थाल्यो |
| माधव भँडारी | - दमाई |
| मुकुन्द ढुङ्गेल | - त्याग |
| रमेश विकल | - वीरेकी आमा |

### २.५ निष्कर्ष

यस अध्यायमा समग्र यथार्थवादी नेपाली कथाहरू वर्गीय, जातीय र लैङ्गिक शक्तिसम्बन्धका दृष्टिबाट सर्वेक्षण गरी विश्लेषणका लागि नमुना छनोट गरिएको छ । त्यस क्रममा जम्मा ५१ जना कथाकारहरूको ४९८ ओटा कथाको अध्ययनपश्चात ९९ ओटा कथाको सर्वेक्षण गरिएको छ । ती कथाहरूमध्ये ४३ ओटा कथा वर्गीय शक्तिसम्बन्धका दृष्टिबाट अध्ययनीय छन् । यस शोधकार्यमा सर्वेक्षण गरिएका कथाहरूमध्येबाट जम्मा १३ ओटा कथा विश्लेषणका लागि चयन गरिएको छ । त्यस क्रममा वर्गीय सम्बन्ध, वर्गचेतना, वर्गहित अनि वर्गीय विभेद, दमन र शोषणको सघन प्रस्तुति भएका कथाहरूलाई ध्यानमा राखिएको छ । त्यसैगरी २५ ओटा कथा जातीय शक्तिसम्बन्धका दृष्टिबाट अध्ययनीय छन् । यी कथाहरूमध्ये पनि यस शोध कार्यमा सर्वेक्षण गरिएका कथाहरूमध्येबाट जम्मा ८ ओटा कथा विश्लेषणका लागि चयन गरिएको छ । त्यस क्रममा जातीय सम्बन्ध, जातीय विभेद अनि जातीय दमन र शोषणको सघन प्रस्तुति भएका कथाहरूको चयन गरिएको छ । यथार्थवादी कथाकारहरूका कथाहरूमध्ये ३१

ओटा कथा लैङ्गिक शक्तिसम्बन्धका दृष्टिबाट अध्ययनीय छन् । यी कथाहरूमध्ये पनि यस शोध कार्यमा सर्वेक्षण गरिएका कथाहरूमध्येबाट तीस प्रतिशतमा हुन आउने जम्मा १० ओटा कथा विश्लेषणका लागि चयन गरिएको छ । ती कथाहरूको चयन गर्दा लैङ्गिक सम्बन्ध, पितृसत्ताको अवस्था अनि लैङ्गिक विभेद, दमन र शोषणको सघन प्रस्तुतिलाई महत्त्व दिइएको छ । समग्रमा यस शोधकार्यको उद्देश्य प्राप्तिका लागि ३१ ओटा कथा विश्लेषणका लागि नमुना छनोट गरिएको छ । विश्लेषणका लागि चयन गरिएका यथार्थवादी नेपाली कथाहरूमा उच्च र निम्नवर्ग, नारी र पुरुष अनि उच्च र निम्नजातका बिचको शक्तिसम्बन्ध सघन रूपमा प्रस्तुत गरिएको छ र त्यसलाई तत्कालीन समाजमा विद्यमान सामन्तवादी शासन व्यवस्था, परम्परागत वर्णव्यवस्था र पितृसत्ताका आधारमा निर्मित विमर्शात्मक संरचनाका माध्यमबाट अभिव्यक्त गरिएको छ ।

## अध्याय तीन

# यथार्थवादी नेपाली कथामा वर्गीय शक्तिसम्बन्ध

### ३.१ विषयपरिचय

आधुनिक नेपाली कथाको यथार्थवादी धाराका कथाहरूमा रहेको वर्गीय शक्तिसम्बन्धको विश्लेषण यस अध्यायमा प्रस्तुत गरिएको छ । त्यसका लागि प्रस्तुत अध्ययनको अध्याय दुईमा नमुना छनोट गरिएका कथाहरूलाई प्रतिनिधि कथाका रूपमा लिई तिनको विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा वर्गीय सम्बन्धको निर्मिति र शक्तिसम्बन्ध, वर्गहित र शक्तिसम्बन्ध, वर्गचेतना र शक्तिसम्बन्ध अनि वर्गविभेद, दमन तथा शोषण र शक्तिसम्बन्धलाई प्रमुख आधार मानिएको छ । प्रस्तुत परिच्छेदमा विश्लेषणका लागि छनोट गरिएका कथाहरूमा प्रयुक्त पात्रहरूको वर्गीय अवस्थालाई आधार मानी शक्तिसम्बन्धको विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा वर्गलाई व्यक्तिको आर्थिक अवस्थासँग जोडिएको छ भने आर्थिक अवस्थाकै आधारमा कथाहरूमा चित्रित पात्रहरूको वर्गीय विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

### ३.२ वर्गीय शक्तिसम्बन्धको सैद्धान्तिक अवधारणा

वर्ग मानिसहरूको निश्चित समूहलाई जनाउने शब्द हो । समाजका मानिसहरूलाई आर्थिक रूपमा वर्गीकरण गर्ने अवधारणालाई बुझाउने वर्ग शब्दले आर्थिक आधारमा विभाजित मानिसहरूको समूह भन्ने अर्थ दिन्छ । वर्गको पहिचान गर्ने सन्दर्भमा लेनिनले भनेका छन् : वर्गहरू मानिसका त्यस्ता समूह हुन्, जसमा सामाजिक अर्थतन्त्रको निश्चित व्यवस्थामा तिनले ओगटेका फरक फरक स्थानले गर्दा एउटाले अर्कोको श्रमको अपहरण गर्न सक्छ (लेनिन, सन्.१९८५, पृ.४४१) । समाजमा विभिन्न आधारमा निर्माण भएका जनसमूहहरू हुन्छन् । ती समूहहरू आर्थिक अवस्था, रङ, पेसा, सामाजिक स्थिति, लिङ्ग, जातीयता, धर्म, पदीय स्थिति आदिबाट विभिन्न आधारहरूमा बाँडिएका हुन्छन् । यस प्रकारका समूहहरूमध्ये पनि सापेक्षित रूपमा आर्थिक आधारमा विभाजित समूहहरूलाई चिनाउन वर्ग शब्दको प्रयोग भएको पाइन्छ ।

आदिम साम्यवादी समाजमा उत्पादनका साधनहरूमाथि सामूहिक स्वामित्व रहेकाले त्यसबेला वर्ग थिएनन् । मानव समाजले आदिम साम्यवादी घुमन्ते जीवनशैलीलाई परित्याग गरी दास युगमा प्रवेश गरेसँगै समाजमा दास र मालिक दुई वर्गको उदय भयो । त्यसैको फलस्वरूप आदिम साम्यवादी सम्पत्तिसम्बन्धहरू विघटित भए र वर्गहरू देखापरे (भट्टराई, २०६८, पृ.४९) । उत्पादनहरूको विकासको क्रममा समाजमा श्रम विभाजन पैदा भयो । विभिन्न खालको उत्पादन कार्यमा संलग्न मानिसहरूका उत्पादनहरू विनिमय भएसँगै उत्पादनका साधनहरूमाथि निजी स्वामित्व स्थापित भयो । वर्गको उदयसँगै शोषणको पनि उदय भएकाले भिन्न वर्गका बिचको शक्तिसम्बधले शत्रुताको स्वरूप ग्रहण गरेको पाइन्छ । त्यसपछिको सामन्तवादी युगमा सामन्त र भूदासका रूपमा भिन्न वर्गमा समाज विभाजित भयो । समाज विकासकै क्रममा सामन्तवादभित्रैबाट

पुँजीवादको जन्म भएको विचारलाई रमेश भट्टराईले यसरी लेखेका छन् : "पुँजीवादको समग्र विकासले समाजमा दुई भिन्न र नयाँ वर्गको जन्म दियो - पहिलो पुँजीपति वर्ग र दोस्रो सर्वहारा वर्ग" (भट्टराई, २०७७, पृ.५१) । मानव सभ्यताको हालसम्मको यात्रामा समाज धनी र गरिब, सम्पत्ति भएका र नभएका तथा शोषक र शोषितमा विभाजित भयो । यसरी मुख्य रूपमा आर्थिक कारणले गर्दा नै वर्ग विभक्त समाजको उत्पत्ति भयो । आदिम साम्यवादको अन्त्यदेखि पुँजीवादसम्मको मानवजातिको ऐतिहासिक विकासमा देखापरेका सामाजिक रूपहरू नै वर्गीय समाजका रूप हुन् । यसै क्रममा धनी र गरिब वा शोषक र शोषितका बिचको शक्तिसम्बन्धको निर्माण भयो । यी दुई वर्गको भिन्न सत्तागत स्वरूपको विकास भई एउटा प्रभुत्वशाली र अर्को अधीनस्थताको अवस्थामा पुग्यो ।

समाजमा विद्यमान उत्पादन सम्बन्ध र वितरण प्रणालीको उपजस्वरूप शोषक र शोषित वर्गको जन्म अनि विकास हुँदै आएको इतिहास पाइन्छ । वास्तवमा वर्ग समाजको आर्थिक विभेदपूर्ण स्थितिलाई जनाउने शब्द हो । धन, इज्जत, शक्ति र अधिकारको प्राप्ति र वञ्चितीकरण तथा अधीनस्थता र उत्पीडनका कारण समाजमा वर्गको उदय भयो (भट्टराई, २०७७, पृ.६६) । उक्त वर्गमध्ये शक्तिशालीले कमजोर वर्गको श्रम, सिप र शक्तिलाई आफू र आफ्ना पक्षमा प्रयोग गरेपछि वर्गीय शोषणको अवस्था सिर्जना भयो । यही कारण समाजमा वर्गीय दृष्टिबाट उच्चवर्गको अधीनता र निम्नवर्गको अधीनस्थताको असमान शक्तिसम्बन्ध निर्माण भएको हो ।

वर्गका सम्बन्धमा कार्ल मार्क्सको मान्यता सबैभन्दा महत्त्वपूर्ण रहेको छ । मार्क्सले आर्थिक आधारमा समाजको वर्ग विभाजन गरेका छन् । उनले समाजमा पनि आर्थिक अवस्थाका आधारमा वर्ग, आधार र अधिरचनाको चर्चा गरेका छन् । मार्क्सका अनुसार समाजमा जसले उत्पादनका साधनमाथि स्वामित्व कायम गर्न सक्छ, उसैले शासन गर्दछ वा उसकै विचारधाराको प्रभुत्व अरूमा थोपरिन्छ । यसले गर्दा उत्पादनका साधन र उत्पादनमाथि स्वामित्व कायम गर्ने वर्ग नै शक्तिशाली हुने देखिन्छ । उत्पादनमा स्वामित्व हुनु भनेको आधारमा पहुँच हुनु हो (उद्धृत गौतम, २०७५, पृ. २६) । गौतमको यस भनाइमा उत्पादनको साधन र शक्तिको सम्बन्ध प्रत्यक्ष जोडिएको देखिन्छ । आधार र अधिरचनासम्बन्धी मार्क्सवादी मान्यताका बारेमा ऋषिराज बरालले अध्ययन गरेका छन् : "मार्क्सले समाजको आर्थिक संरचनालाई आधार भनेका छन् र उपरिसंरचनासित जोडिएका वैचारिक रूपहरू आधारकै प्रतिबिम्बन हुन् । त्यसकारण आधारमा आउने परिवर्तनले उपरिसंरचनाका विविध रूपहरूमा पनि परिवर्तन आउन थाल्छ भन्ने कुरामा उनले जोड दिएका छन्" (उद्धृत बराल, २०७३, पृ.१०५) । मार्क्सले मुख्य रूपमा आधार र अधिरचनामा जोड दिएका छन् भने आधारअनुसार नै अधिरचना निर्माण हुने बताएका छन् । समाजका हरेक क्रियाकलापमा आधारको प्रभाव पर्ने भएकाले वर्गको आधारप्रति आकर्षण रहेको देखिन्छ । आधार वा उत्पादनमाथि स्वामित्व हुने व्यक्तिले नै आफ्नो क्षमताअनुसार अधिरचना निर्माण गर्न सक्दछ । त्यसकारण जसको आधारमा पकड हुन सक्दैन, उसको विचारधारा समाजका अरू वर्गले स्वीकार गर्न सक्दैनन् । समाजमा धनी वर्गको वर्चस्व आधारमा हुन्छ । यसले गर्दा त्यस वर्गको विचारधारा

अरूमाथि थोपरिन्छ अथवा निम्नवर्गले उच्चवगको अधीनस्थता स्वीकार गर्न बाध्य हुन्छ । यस्तो अवस्थामा वर्गीय शक्तिसम्बन्ध खलबलिन पुग्छ र वर्गशत्रुको निर्माण हुन्छ ।

मार्क्सले ऐतिहासिक र द्वन्द्वात्मक भौतिकवादका कोणबाट समाजको विश्लेषण गरेका छन् । भौतिकवादका सम्बन्धमा कृष्ण गौतमले यसरी स्पष्ट पारेका छन् :

> भौतिकवाद भन्नाले अर्थतन्त्र वा उत्पादनका स्रोत भन्ने बुझिन्छ अथवा भौतिकवाद भन्नु नै धन हो र मान्छेलाई गाँस, बास र कपासका लागि पनि धन चाहिन्छ । त्यसैले मान्छे भौतिक आवश्यकता पूरा गर्न र धन कमाउनका लागि काममा प्रवृत्त भएको हुन्छ । त्यस्तै अर्थतत्त्वमा अथवा उत्पादनका स्रोतमा हैकम जमाउने विधि पनि द्वन्द्वात्मक हुन्छ, जसलाई हामी द्वन्द्वात्मक भौतिकवाद भन्दछौं । द्वन्द्वात्मक भौतिकवाद गतिशील छ किनभने यो सरलबाट सूक्ष्मतातिर गएको हुन्छ । त्यसैले यो यान्त्रिक भौतिकवादसित मिल्दैन । दासवाद, सामन्तवाद एवम् उद्योगवाद वा पुँजीवादहरू इतिहासको आर्थिक विकासका खास खास खुट्किला हुन् । इतिहासलाई बुझ्नु भनेको आर्थिक विकासलाई र उत्पादनका मोडहरूलाई बुझ्नु हो । दासवाद, सामन्तवाद एवम् पुँजीवादहरू क्रियात्मक अर्थमा उत्पादनका पद्धति हुन् र वैचारिक तहमा उत्पादनका विचारधारा हुन् (२०७५, पृ.२७ ) ।

गौतमको यस भनाइअनुसार मार्क्सको ऐतिहासिक भौतिकवाद पनि आर्थिक तत्त्वसँग नै सम्बन्धित रहेको देखिन्छ । मानिसलाई जीवनयापन गर्नका लागि आर्थिक आवश्यकता हुने हुनाले मानिसहरू काम गरेर आर्थिक उपार्जन गर्छन् र समाजमा वर्गीय पहिचान निर्माण हुन्छ । समाजमा वर्गीय पहिचान अथवा आर्थिक तत्त्वकै आधारमा उच्चवर्ग, निम्नवर्गभन्दा शक्तिशाली रहेको देखिन्छ । त्यसैले अर्थ पनि शक्तिसम्बन्ध निर्धारणको एउटा प्रमुख पक्षका रूपमा रहेको छ ।

मार्क्सवादी सत्तासम्बन्ध पुँजीवादी समाजमा वर्गदमनसँग सम्बन्धित रहेको हुन्छ । यो सत्तासम्बन्धले वर्गको सम्बन्ध अर्थशास्त्र, राजनीति र विचारधारासँग कसरी जोडिएको हुन्छ भन्ने कुराको अध्ययन गर्दछ । पुँजीवादी समाजको निर्मितिमा राज्यले शासक वर्गीय अर्थव्यवस्था वा आर्थिक आधारलाई विशिष्ट रूपमा संरक्षण गरेको हुन्छ (जेसोप, सन् २०१४, पृ.३) । मार्क्सवादीहरूले शक्तिसम्बन्धलाई वैयक्तिकभन्दा विमर्शात्मक संरचनाका आधारमा हेर्ने गरेका छन् । उनीहरूले सत्तालाई वर्गको पहिचानभन्दा पनि वर्गको प्रतिरोध र वर्गसङ्घर्षका माध्यमबाट विश्लेषण गर्दछन् । मार्क्सवादले सामाजिक सत्ताको अभ्यास र वर्गको रूपान्तरणमा बढी रुचि राख्छ । जेसोपका अनुसार मार्क्सवादी विश्लेषणमा सत्तासम्बन्धको मूल आधार भनेकै सर्वहारा वर्ग हो र सर्वहारा वर्गले शासक वर्गीय अन्तरविरोधको पहिचान गर्दै त्यसका विरुद्धमा सङ्घर्ष गर्दछ (जेसोप, सन् २०१४, पृ.४) । यसरी हेर्दा मार्क्सवादी सत्तासम्बन्धको मूल आधार आर्थिक नै देखिन्छ । मार्क्सवादले समाजमा शक्तिको स्रोतका रूपमा आर्थिक आधार वा उत्पादनका साधनमा भएको पहुँचको अवस्थालाई पहिचान गर्दछ । उत्पादनका साधन जुन वर्गको पहुँचमा रहेको छ, त्यसैले सत्ताको सञ्चालन गर्छ भन्ने मान्यता मार्क्सवादको छ । उत्पीडित वर्गले सत्ता, अधिरचना र शोषण उत्पीडनलाई आधार मानेर राज्य सञ्चालन गर्दछ । उसले दमित वर्गको अवस्था र

विचारधारालाई दमन गर्दै समाजमा असमानताको सिर्जना गर्दछ । यसरी अर्थतन्त्रका आधारमा शिक्षा, सञ्चार, दर्शन, कानुन, साहित्य र संस्कृतिको निर्माण हुने हुँदा समाजमा अधिरचना पनि आधारकै आधारमा निर्माण हुन गई उत्पीडक र उत्पीडित वर्गको अन्तरविरोधका आधारमा उत्पीडक वर्गले शासन गर्छ भन्ने मान्यता मार्क्सवादको छ । यसरी हेर्दा मार्क्सवादी सत्तासम्बन्धलाई निम्न आधारमा विश्लेषण गर्न सकिन्छ:

क. पुँजीवादी समाजमा अभिजात वा बुर्जुवाहरूको अल्पसङ्ख्यक वर्गले श्रमजीवि वर्ग वा बहुसङ्ख्यकमाथि शासन गर्छ र यसको शासनको आधार पुँजी हुने गर्छ ।

ख. जनसङ्ख्याको ठूलो हिस्सा जसलाई सर्वहारा वा उत्पीडित वर्गका रूपमा चिनिन्छ, त्यो पुँजीपति वर्गको शोषणमा पर्छ । यसमा उत्पादनका साधनमाथिको स्वामित्व पुँजीपतिसँग रहने हुँदा सत्ताको अभ्यास पुँजीपतिले नै गर्छ ।

समाजमा उच्चवर्गको शक्ति स्थापित गर्ने कार्यमा अर्थका साथै प्रभुत्वले पनि निर्णायक भूमिका निर्वाह गरेको देखिन्छ । यस विषयमा ग्राम्चीको प्रभुत्वसम्बन्धी अवधारणा सान्दर्भिक रहेको छ । ग्राम्चीको प्रभुत्व दबाब र जनमतमा आधारित रहेको छ । प्रभुत्व भनेको आफ्नो वर्चस्व कायम गर्नु हो । शक्तिशाली वर्गले शासन अथवा नेतृत्वका माध्यमबाट अरू अधीनस्थ वर्गमाथि आफ्नो विचारधारा लाद्ने गर्छन् र विचारधाराकै माध्यमबाट अरू वर्ग पनि अधीनस्थ हुन बाध्य हुन्छन् । प्रभुत्वसम्बन्धी ग्राम्चीको अवधारणाका बारेमा ऋषिराज बरालले यसरी उल्लेख गरेका छन् :

> प्रभुत्व अथवा हेजेमोनीको अर्थ नेतृत्व अथवा शासन हो र यसको सम्बन्ध व्यक्तिसितभन्दा राज्यसित जोडिएको छ । खास गरेर १९ औं शताब्दीदेखि यसलाई शक्तिशाली कुनै राज्यले अर्को कुनै राज्यमाथि राजनीतिक हैकम कायम गर्ने सन्दर्भमा गर्न थालियो । राजनीतिक प्रयोगका सन्दर्भमा यसलाई शक्तिशाली कुनै राज्य, वर्ग र समुदायले कमजोरमाथि हैकम कायम गर्ने अर्थमा लिन थालियो । विस्तारै यस पदावलीले बलपूर्वक कुनै वस्तुमाथि आफ्नो पकड कायम गर्ने अर्थ र सन्दर्भ ग्रहण गऱ्यो । मार्क्सवादीहरूले आवश्यकता र अनुकूलता अनुरूप यसलाई वर्ग सङ्घर्ष र सत्ता कब्जाको अर्थ र सन्दर्भमा प्रयोग गर्न थाले । 'प्रभुत्व' पदावलीको प्रयोग विस्तारै वर्चस्व, नियन्त्रण, अधीन, कब्जा र अधिनायकत्वको रूपमा गर्न थालियो । ग्राम्चीले भन्न खोजेको कुरा पनि यही नै हो । समाजको प्रभुत्वशाली वर्गबाट उत्पीडित वर्गले सत्ता कब्जा गर्ने र आफ्नो हैकम कायम गर्ने क्रममा यहाँ हेजेमोनी पदावलीको प्रयोग गरिएको छ (२०७३, पृ.१०१) ।

बरालको यस भनाइबाट समय सन्दर्भअनुसार प्रभुत्वको अर्थ पनि फरक फरक हुँदै गएको देखिन्छ । सुरुमा प्रभुत्वशाली अथवा शक्तिशाली राज्यले कमजोरमाथि राजनीतिक हैकम कायम गर्नका लागि प्रयोग गरेको देखिन्छ भने पछि उत्पीडित वर्गले आफ्नो प्रभुत्व जमाउनका लागि यस शब्दको प्रयोग गरेको छ । ग्राम्चीका अनुसार प्रभुत्वले प्रत्यक्ष रूपमा बलको प्रयोग नगरी पनि समाजमा आफ्नो वर्चस्व स्थापित गरेको हुन्छ । यो जनमत र समर्थनबाट पनि प्राप्त हुन्छ । यो

त्यतिबेला प्राप्त हुन्छ, जब उच्चवर्गले बौद्धिक र नैतिक नेतृत्व सिर्जना गरेर आर्थिक शक्ति प्राप्त गर्छन् । यस्तो नेतृत्व प्राप्त गर्नका लागि श्रमजीवी वर्गसँग सहमति गरिन्छ र एउटा सामान्य मान्यताको विकास गरिन्छ । प्रभुत्वमा वार्ता र सहमति आधारभूत तत्त्वका रूपमा रहन्छन् । प्रभुत्व भनेको भौतिक र विचारधारात्मक उपकरणहरूको गठजोड हो जसका माध्यमबाट प्रभुत्वशाली वर्गले आफ्नो शक्ति कायम गरेको हुन्छ (पाण्डेय, २०७३, पृ.१७९) । यसरी प्रभुत्वका माध्यमबाट पनि शक्ति कायम हुने देखिन्छ । समाजमा पनि प्रभुत्वशाली वर्गको शक्ति अन्य वर्गमाथि थोपरिन्छ । त्यसैले साहित्यमा पात्रहरूका माध्यमबाट समाजमा कसले प्रभुत्व कायम गरेको छ अथवा प्रभुत्वशाली वर्गको विचारधारा अरू वर्गमाथि कसरी थोपरिएको छ भन्ने कुरा पाठमा प्रस्तुत भएको हुन्छ । साहित्यमा जुन वर्गको विचारधारा अथवा प्रभुत्वको चित्रण गरिएको हुन्छ, त्यो वर्ग समाजको प्रभुत्वशाली वर्ग हुन्छ । प्रभुत्वले शासक वर्गीय विचारधारालाई स्थापित गर्ने लक्ष्य राखेको हुन्छ । यसरी हेर्दा प्रभुत्व पाउनका लागि शासक वर्ग शक्ति निर्माणको कार्यमा सदैव सक्रिय रहन्छ । यसका लागि उसले प्रत्यक्ष रूपमा नभई बौद्धिक, नैतिक र विचारधारात्मक प्रभावका माध्यमबाट नागरिक समाजलाई आफूतिर तान्दछ । यसले आर्थिक, राजनीतिक सुविधा पनि प्रदान गर्दछ र यही कारण जनसङ्ख्याको ठुलो हिस्साले आर्थिक र सांस्कृतिक रूपमा शासक वर्गले जस्तै सत्तामा संलग्न भएको अनुभव गर्दछ (भट्टराई, २०७७, पृ.३४४) । यसरी प्रभुत्व वार्ता र सहमतिबाट प्राप्त गर्नुका साथै शक्ति निर्माणका लागि प्रभुत्वशाली वर्ग सदैव सक्रिय रहन्छ भन्ने कुरा यस अवधारणाबाट बुझिन्छ । त्यसकारण प्रभुत्वशाली वर्ग र अधीनस्थ वर्गका बिचको शक्तिसम्बन्ध असमानतामा आधारित हुन्छ ।

शक्तिका सम्बन्धमा मिचेल फुकोले विमर्श, शक्ति तथा ज्ञानको अवधारणा प्रस्तुत गरेका छन् । सांस्कृतिक अध्ययनको विश्लेषणका क्षेत्रमा फुकोको अवधारणा स्थापित भएको छ । फुकोको शक्तिसम्बन्धी मान्यताका बारेमा गौतमले भनेका छन् : "ज्ञान तथा सत्यहरू केही होइनन् शक्तिका विविध रूप हुन । शक्ति भौतिक हो, यसैले ज्ञान भौतिक हो, बुद्धि भौतिक हो । शक्ति भनेको ऊर्जा हो ... । शक्ति भनेको इन्धन हो, बल हो, अन्तर्निहित क्षमता हो जसद्वारा व्यक्ति, समाज, संस्था र राज्यहरू चल्दछन् । शक्तिविहीन हुनु भनेको निष्क्रिय हुनु हो" ( उद्धृत गौतम, २०७१, पृ.११४) । उनको यस भनाइबाट शक्तिलाई भौतिक तथा अन्तर्निहित क्षमताका रूपमा पहिचान गर्न सकिन्छ । त्यसैगरी शक्ति कहिल्यै पनि एउटा केन्द्रमा मात्र सीमित हुँदैन । यो जालो जस्तै जेलिएको र फैलिएको हुन्छ । शक्ति सधैँ माथि मात्र रहन्छ भन्ने चाहिँ होइन । शक्तिका साथसाथै प्रतिरोध पनि सधैँ सँगै हिड्छ, शक्तिका आधारभूत लक्षण नै प्रतिरोध हो । शक्ति भन्नासाथ ज्ञान आउँछ, ज्ञान भन्नासाथ शक्ति यी दुईमध्ये एकले अर्कोलाई डोऱ्याएको हुन्छ (गौतम, २०७१, पृ.११६) । यसरी हेर्दा शक्ति ज्ञानमा आधारित भएकोले मानिसमा ज्ञान हुनु अति आवश्यक हुन्छ । मानिसले ज्ञान र विमर्शद्वारा नै शक्तिको निर्माण गर्छन् । ज्ञान पनि शक्तिको एक स्वरूप हो । शक्तिले सत्यको निर्माण गर्छ अनि उक्त सत्यसम्बन्धी ज्ञान नै शक्ति बन्छ । सत्य शक्तिशालीको हैकमबाट निर्मित हुने भएपछि यसलाई अधीनस्थ वर्गको मुक्तिको आधार मान्न सकिँदैन । यसर्थ सबै ज्ञानलाई मुक्तिको आधार मान्न सकिन्न (श्रेष्ठ, २०६८, पृ.३२) । यसरी शक्तिका लागि महत्त्वपूर्ण कुरा ज्ञान

हो । जुन व्यक्तिले ज्ञान हासिल गरेको हुन्छ, उसको शक्ति समाजमा लागु हुन्छ । शक्ति समय, स्थान र परिस्थितिअनुरूप परिवर्तित हुन्छ । यही क्रममा सत्य र ज्ञान पनि परिवर्तन हुँदै जान्छ । यस अवस्थामा शक्तिशाली शासक वर्ग र यसको विरोधी शक्तिबिच टकराव हुन्छ, अनि शिक्षा, ज्ञान र सहमतिको राजनीतिबाट पनि सबाल्र्टनमाथि शक्तिशाली समूहले आफ्नै हैकम लाद्ने गर्दछ (श्रेष्ठ, २०६८, पृ.३३) । यसरी शक्तिका माध्यमबाट शक्तिशाली वर्गले उत्पीडित व्यक्तिमाथि आफ्नो हैकम कायम गर्छन् । फुकोका शक्ति तथा ज्ञानका सम्बन्धमा ताराकान्त पाण्डेयले यसरी स्पष्ट पारेका छन् :

> फुकोले शक्तिको नितान्त नयाँ अवधारणा अगाडि सारेका छन् । हामी प्रायः शक्ति सम्प्रभुता, राज्य, शासक वर्ग आदिबाट तलतिर एकल दिशामा सर्छ भन्ने मान्दै आएका थियौं । फुकोका लागि भने शक्तिले चेनका रूपमा काम गर्दैन । यसमाथि कहिल्यै पनि एउटा केन्द्रको एकाधिकार हुँदैन । यो जालो जस्तो सङ्गठनका माध्यमबाट प्रयोग गरिन्छ र उद्घाटित हुन्छ । हामी कुनै न कुनै रूपमा समातिएका छौं, उत्पीडक र उत्पीडित सबै । यो माथिबाट वा एउटा स्रोत वा ठाँउबाट तल मात्रै झर्दैन । शक्तिको सम्बन्ध सामाजिक अस्तित्का सबै तहमा छिर्छ र त्यसैले सामाजिक जीवनका प्रत्येक क्षेत्रमा क्रियाशील हुन्छ । चाहे त्यो परिवारको र व्यक्तिगत क्षेत्र होस् वा त्यो राजनीति, कानुन र अर्थतन्त्रको सार्वजनिक क्षेत्र होस् (२०७३, पृ.९८) ।

फुकोका मान्यताअनुसार शक्ति माथिबाट अथवा एउटा स्रोत वा ठाउँबाट तल मात्रै प्रवाहित हुँदैन । शक्तिको प्रवाह समाजका सबै संरचनामा छिर्छ र यो सामाजिक जीवनका सबै क्षेत्रमा क्रियाशील हुन्छ । चाहे त्यो परिवार, व्यक्तिगत, राजनीति, कानुन र अर्थतन्त्रको सार्वजनिक क्षेत्र होस् । यसलाई ताराकान्त पाण्डेयले यसरी उल्लेख गरेका छन् : शक्ति नियन्त्रणकारीका रूपमा केवल नकारात्मक मात्र हुँदैन । यसले हामीमाथि 'नो' भनेर लाद्ने काम मात्रै पनि गर्दैन । यसले आनन्द प्रदान गर्छ, ज्ञान निर्माण गर्छ, विमर्श उत्पादन गर्छ । त्यसैले शक्तिलाई सिङ्गो विमर्शात्मक संरचनाका माध्यमबाट उत्पादनशील सञ्जालका रूपमा बुझ्नु पर्दछ (पाण्डेय, २०७०, पृ.१८४) । फुकोका अनुसार शक्ति असीमित भएर समाजका सबै क्षेत्रामा फैलिएको हुन्छ । त्यसैले यो सधैँ माथिबाट मात्र प्राप्त गर्न सक्छ भन्ने छैन किनभने व्यक्तिले शक्ति जहाँबाट पनि आफ्नो ज्ञानका माध्यमबाट प्राप्त गर्न सक्छ । यसरी पाठ अथवा साहित्यमा पनि ज्ञान तथा विर्मशका माध्यमबाट चित्रित पात्रहरूले आफ्नो शक्ति कायम गरेको हुन्छ । पाठमा शक्तिको प्रयोग कुन रूपमा भएको छ, वर्गीय रूपमा कुन वर्गको ज्ञान शक्तिशाली रहेको छ अथवा कुन वर्गले आफ्नो ज्ञान तथा विमर्शका माध्यमबाट अरू वर्गमाथि आफ्नो शक्ति कायम गरेको छ भन्ने कुरा फुकोका अवधारणाबाट बुझ्न सकिन्छ ।

वर्गको निर्माण र विकासमा संसारको इतिहास मूल रूपमा एकै प्रकारको भए पनि समाज विकासको गति वा अवस्थाका कारण स्थानअनुसारका विशिष्टताहरू पनि हुन्छन् । उच्च, मध्यम र निम्नवर्गमा संरचित नेपाली समाजको आफ्नै प्रकृतिको वर्गीय स्वरूप रहेको देखिन्छ । घनश्याम

भुसालले नेपाली समाजमा दलाल पुँजीपति, राष्ट्रिय पुँजीपति, मध्यम, निम्न र सर्वहारा वर्ग गरी पाँच प्रकारका वर्ग रहेको उल्लेख गरेका छन् (भुसाल, २०६४, पृ.२९४-२९५) । भुसालको यस वर्गीकरणले नेपाली समाजको छुट्टै प्रकारको विशेषता रहेको देखाउँछ । दलाल पुँजीपति वर्ग नेपाली समाजको उच्चवर्ग भएकाले उत्पीडित वर्ग सबैभन्दा बढी यस वर्गकै शोषणबाट शोषित, पीडित र प्रताडित छ अनि देशका सबै क्षेत्रमा यस वर्गको प्रभुत्व कायम रहेको छ (भट्टराई, २०७७, पृ.८१) । राष्ट्रिय पुँजीपति वर्ग नेपालको पुँजीवादी उत्पादन सम्बन्धको प्रतिनिधिका रूपमा काम गर्ने वर्ग हो । यसले दलाल र नोकरशाही पुँजीको विरोध गर्छ भने राष्ट्रिय पुँजी निर्माणको कार्यमा सहयोग पुऱ्याउँछ ।

नेपाली समाजमा पुँजीका आधारमा मानिसहरूको वर्गीकरण तथा स्तरनिर्धारण गर्ने परम्परा रहेको छ । यसलाई प्रस्ट पार्दै भट्टराईले लेखेका छन् : नेपालका सन्दर्भमा सहर गाउँका ठुला र साना दुबै किसिमका पुँजीपति राष्ट्रिय पुँजीपति हुन् (भट्टराई, २०७७, पृ.८२) । मध्यमवर्ग उत्पादन, श्रम र वर्गीय विशेषताका दृष्टिले निम्नवर्ग र उच्चवर्गको बिचमा उभिएको वर्ग हो । आफू पनि श्रम गर्ने र अरूलाई पनि श्रम गराउने मध्यम वर्गको श्रम र नाफा नै मुख्य आयस्रोत हो । निम्नवर्ग आफ्नो श्रममा बाँच्ने श्रमजीवि वर्ग हो । आफ्नो उत्पादनका लागि श्रमको शक्ति भएको तर आयस्रोत कमजोर भएको कारण यस वर्गलाई बाँच्न र जीवन चलाउन धौधौ हुन्छ । खानपिन, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत क्षेत्रमा यिनको पहुँच हुँदैन । यति भएर पनि उत्पादनका साधनबाट विमुख पारिएका तथा केही नभएर श्रम गर्ने वर्ग बढ्दो छ । नेपालमा रहेको यस वर्गलाई चिनाउँदै भुसालले लेखेका छन् : "नेपालका सन्दर्भमा सुकुम्बासी, हली, गोठाला, भरिया, नोकर आदि सर्वहारा वर्गमा पर्दछन्" (भुसाल, २०६४, पृ.२९५) । यसलाई साहित्यको अध्ययन र विश्लेषणका क्षेत्रमा अधीनस्थ समुदायका नाममा पहिचान गर्ने परम्परा स्थापित छ । अधीनस्थ समुदाय र शासक वर्गका बिचको शक्तिसम्बन्ध विभेद, दमन र शोषणमा आधारित हुने भएकाले शत्रुतापूर्ण हुन्छ ।

साहित्यमा वर्गीय शक्तिसम्बन्धको अध्ययन गर्दा समाजमा उच्चवर्गद्वारा निम्नवर्ग के, कुन, कति, कसरी र कस्तो अवस्थामा सधैँ शोषित, दमित, निमुखो र उत्पीडित बनाइन्छ भन्ने कुराको विश्लेषण गरिन्छ । यथार्थवादी नेपाली कथामा उच्चवर्गद्वारा निम्नवर्ग उत्पीडित बनाइने निश्चित आधारहरू प्रस्तुत गरिएका छन् । कथामा प्रस्तुत भएका तथ्यहरूअनुसार उच्चवर्गले निम्नवर्गलाई ज्ञान र शक्तिबाट बिमुख गराएर, आर्थिक रूपमा उठ्न नदिएर, निम्न स्तरको भाषा प्रयोग गरेर, सम्पत्तिका आधारमा स्तर निर्धारण गरेर अधीनस्थ अवस्थामा पुऱ्याउँछ । त्यसैगरी प्रभुत्वको प्रयोग गरेर, आफ्नो स्वीकृतिबिना गरेको कामलाई गलत देखाएर, अघोषित प्रतिद्वन्द्विता गरेर, आफूअनुकूल सामाजिक मूल्य निर्माण गरेर, सवर्गीकै प्रयोग गरेर, निम्नवर्गको ज्ञान क्षेत्रमा प्रहार गरेर, निम्नवर्गको परिवारभित्रै असमझदारी सिर्जना गरेर पनि उच्चवर्गले निम्नवर्गमाथि अन्याय गरेको हुन्छ । उच्चवर्गले निम्नवर्गलाई रक्षकका रूपमा प्रस्तुत भई भक्षण गरेर, असक्षम, अज्ञानी, अभागी र गलत साबित गरेर, भाग्य र भगवान्को मिथ्या सोच विकास गरेर, उपहास गरेर, आफ्नो हितमा प्रयोग हुने वस्तु बनाएर, निरन्तर समस्यातर्फ मात्र धकेलेर, निम्नवर्गको चाहना र समस्याको

अवमूल्यन गरेर, सामाजिक र पारिवारिक रूपमा एक्लो बनाएर र निम्नवर्गको शक्ति र श्रमलाई अवमूल्यन गरेर दमन र शोषण गरेको पाइन्छ । उल्लिखित अवधारणका आधारमा यथार्थवादी कथामा वर्गीय शक्तिसम्बन्धको खोजी र विश्लेषण यस शोधमा गरिएको छ ।

वर्गीय सम्बन्ध, वर्गीय हित, वर्गीय चेतना, वर्गीय विभेद, दमन र शोषण वर्गीय शक्तिसम्बन्धको अध्ययन गर्ने खास आधारहरू हुन् । वर्गीय शक्तिसम्बन्धको विश्लेषणका यी विभिन्न आधारहरूका कोणबाट यथार्थवादी कथाकारका कथाको अध्ययन यस शोधकार्यमा गरिएको छ ।

### ३.२.१ वर्गीय सम्बन्धको निर्मिति र शक्तिसम्बन्ध

कुनै पनि समाज एउटै वर्गबाट मात्र निर्माण भएको हुँदैन । समाजभित्र भिन्न भिन्न वर्गका मानिसहरू एकअर्कासँग अन्तर्सम्बन्धित भएर परापूर्व कालदेखि रहँदै आएका छन् । यसरी समाजमा रहेका विभिन्न वर्गहरू बिचको सम्बन्धलाई वर्गीय सम्बन्ध भनिन्छ । समाजमा विभिन्न वर्ग विभिन्न रूपमा बसेका हुन्छन् र तिनीहरूका बिच निश्चित प्रकारको सम्बन्ध रहेको हुन्छ । वर्गहरूका बिचको यस सम्बन्धलाई वर्गीय सम्बन्ध भनिन्छ (भट्टराई, २०७७, पृ.८६) । वास्तवमा विपरीतधर्मी स्वार्थ बोकेका भिन्न वर्गका बिचको सम्बन्ध शत्रुतापूर्ण हुने भए पनि उत्पादन प्रणाली, परिस्थिति, ज्ञान, शक्ति, विमर्श आदिको कारण यो परिवर्तन भइरहन्छ । सांस्कृतिक आधारमा केन्द्रीय संस्कृतिको प्रभाव, दमन वा अन्यायपूर्ण क्रियाकलापबाट परिधीय वा उदीयमान सांस्कृतिक समुदायका व्यक्तिहरू अधीनस्थताको सिकार भएको पाइन्छ । वर्गयुक्त समाजमा शोषित वर्गको हित र शोषक वर्गको हितमा भिन्नता हुने हुँदा यी दुई वर्गका बिचको सम्बन्धमा पनि भिन्नता रहन्छ । एउटा वर्गले अर्को वर्गका विरुद्ध प्रतिरोधी सङ्घर्षका लागि दुबै वर्ग कुनै न कुनै रूपमा तयार रहेकै हुन्छन् (भट्टराई, २०७७, पृ.८८) । यसले प्रतिरोधी सङ्घर्षको अवस्था र परिणामका आधारमा वर्गीय सम्बन्धले मित्रता वा शत्रुताको स्वरूप निर्धारण हुने जनाए पनि आमरूपमा विपरीतधर्मी स्वार्थ भएका वर्गहरूको सम्बन्ध वैरभावपूर्ण नै हुन्छ । सारमा भन्नुपर्दा विशुद्ध श्रमको आर्जनबाट बाँच्ने वर्गको अतिरिक्त श्रमको शोषणमा अर्को वर्ग सधैँ नै क्रियाशील रहने हुनाले पनि भिन्न वर्गका बिचको सम्बन्धमा मित्रताको संभावना कमै रहन्छ । त्यसकारण उच्च र निम्नवर्गका बिचको शक्तिसम्बन्धमा असमानताको सिर्जना हुन्छ ।

इटलीका मार्क्सवादी विचारक एन्टोनियो ग्राम्चीले प्रभुत्वसम्बन्धी अवरधारणा प्रस्तुत गरेका छन् । ग्राम्सीको विचारलाई मक्लानेरले यसरी उल्लेख गरेका छन् : यसमा अधीनस्थताको निर्माण गर्ने कार्यमा राज्य सामेल हुन्छ र त्यसले सत्ताको शक्तिको माध्यमबाट मात्र नभई सामाजिक अभ्यास वा विमर्शात्मक संरचना जस्तै चर्च, विद्यालय, सञ्चार, राजनीतिका माध्यमबाट उत्पीडित समूह वा वर्गमाथि दमन गर्दछ (मक्लानेर, सन्. २०१७, पृ.६२) । यसमा शैक्षिक, आमसञ्चार र राजनीतिक प्रणालीले राज्यसंयन्त्रका माध्यमबाट तल्लो वर्ग वा जनतामाथि अभिजात वर्गीय शासनको अवस्थालाई सबल तुल्याउँछ भन्ने मक्लानेरको निष्कर्ष रहेको छ ।

मार्क्सवादी विचारक आल्थुसरले विचारधारालाई सत्तासँग जोड्ने काम गरेका छन् । यस सम्बन्धमा रमेश भट्टराईले यसरी लेखेका छन् : "... आल्थुजरले राज्यसँग दमनात्मक र विचारधारात्मक दुई उपकरण हुने मानेका छन् । विचारधारात्मक उपकरणलाई उनले राज्यको वैधता प्राप्त गर्ने महत्त्वपूर्ण माध्यम ठानेका छन् । दमनात्मक उपकरणले राज्य सञ्चालनमा पीडकको काम गर्छ भने विचारधारात्मक उपकरणद्वारा समाजलाई एकीकृत गर्ने र सहमतिद्वारा शासन प्रणाली सञ्चालन गर्ने गरिन्छ" (उद्धृत भट्टराई, २०६९, पृ.५६) । यसरी राज्यले विचारधाराको प्रयोगका माध्यमबाट आफ्नो केन्द्रीयतालाई सहमतिद्वारा कुटिल ढङ्गले अक्षुण्ण राख्छ भन्ने भट्टराईको मान्यता रहेको छ । "आल्थुसरले दमनकारी र वैचारिक गरी दुई प्रकारको राज्य संयन्त्रको व्याख्या गरेका छन् । दमनकारी राज्य संयन्त्रले राज्य सञ्चालनमा सेना, प्रहरी, दण्डव्यवस्थाद्वारा दमनको कार्य गर्छ भने वैचारिक राज्य संयन्त्रले विचारधाराका माध्यमबाट समाजलाई एकताबद्ध बनाउने र सहमतिद्वारा शासन प्रणाली सञ्चालन गर्ने गर्दछ" (उद्धृत शर्मा, २०७२, पृ.४०) । यसरी राज्य वा सत्तासँग दमनका साधनहरू सेना, प्रहरी, कानुन, अदालत, दण्ड आदि पनि हुन्छ र त्यसलाई सञ्चालन गर्ने विधि वा पद्धतिका रूपमा जबर्जस्त सहमति निर्माण गर्नका लागि विचारधारा सहयोगी हुन्छ । यी दुबै कुराको प्रयोग गरी शासक वर्गद्वारा कमजोर वर्गलाई अधीनस्थ अवस्थामा पुऱ्याइन्छ । शासक र शासितका बिचको सम्बन्धका विषयमा आल्थुसरका धारणालाई अमर गिरीले सारमा लेखेका छन् शक्तिसम्पन्न र कमजोरहरूका बिचमा सधैँ मनोवैज्ञानिक खेल चल्छ भन्ने दृष्टिकोण आल्थुसरको रहेको छ (उद्धृत गिरी, २०५१, पृ.३४१) । यस भनाइले समाजका अभिजात र शासित समुदायका बिचको मनोवैज्ञानिक शक्तिसम्बन्धलाई प्रकाश पारेको छ । यसरी आल्थुसरका विचारमा पनि शासक र शासित वर्गका बिचमा असमान शक्तिसम्बन्ध हुन्छ भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

समाजमा भएका वर्गहरूको श्रम र ज्यालाको मूल्य तथा आर्थिक पहुँच केकस्तो रहेको छ, साहुबाट श्रमिकहरू कति उत्पीडनमा परेका छन्, उनीहरूको वर्गीय चरित्र केकस्तो छ भन्ने सन्दर्भको खोजी वर्गीय सम्बन्धअर्न्तगत गरिन्छ । मालिक र मजदुर, उच्चवर्ग र निम्नवर्ग, सामन्त र सर्वहारा वर्ग, साहु र नोकर, जमिनदार र किसान आदि विभिन्न सामाजिक वर्गहरूको बिचमा आर्थिक उत्पादनका लागि खास प्रकारको सम्बन्ध हुन्छ । वर्गयुक्त समाजका दास र मालिक, किसान र सामन्त तथा सर्वहारा र पुँजीपति वर्गका बिचको सम्बन्ध शत्रुतापूर्ण हुन्छ भने निम्नवर्गीय मजदुर, किसान, नोकरका बिचको सम्बन्ध बैरभावरहित हुन्छ । यसरी सामाजिक आर्थिक संरचनाभित्र समान वर्गका बिचमा मित्रतापूर्ण र विरोधी वर्गका बिचमा शत्रुतापूर्ण गरी दुई प्रकारको शक्तिसम्बन्ध हुन्छ ।

समाजमा वर्गीय सम्बन्धलाई आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक परिस्थितिले प्रभाव पारेको हुन्छ । नेपाली समाज खासगरी उच्च, मध्यम र निम्नवर्गमा विभाजित भएका कारण समाजमा एकअर्का वर्गबिचको सम्बन्ध पनि सोहीअनुरूप निर्धारण भएको पाइन्छ । नेपाली समाजको वर्गीय चरित्र हेर्दा सामन्तवादी/सम्भ्रान्त वर्गका मालिकहरूबाट निम्नवर्गीय किसान, मजदुर र नोकरहरू शोषण तथा उत्पीडनमा परेको देखिन्छ । समाजमा स्थापना भएको मान्यताका

आधारमा वर्गको वास्तविक तथ्य पहिचान गर्ने हो भने सबै समाजमा माथिल्लो तह जनाउने उच्चवर्ग र तल्लो तह जनाउने निम्नवर्ग रहेको पाइन्छ । उच्चवर्गले निम्नवर्गसँग र निम्नवर्गका मानिसहरूले उच्चवर्गका मानिसहरूसँग राख्ने समाजको सम्बन्ध मालिक र नोकर, मालिक र दास, सम्पन्न र विपन्नको आधारमा निरूपण गरिएको हुन्छ । समाजको उच्चवर्गको मानिसले निम्नवर्गको मानिसलाई हेर्ने दृष्टिकोणको स्थापना भएको अवस्थामा वर्गीय सम्बन्ध प्रकट हुन्छ (पौड्याल, २०७६, पृ.३५) । यसरी समाजमा मालिक र नोकर, उच्च र निम्न, माथिल्लो र तल्लो, शिक्षित र अशिक्षित, विकसित र अविकसित, धनी र गरिब आदि अनेकौँ आधारमा वर्गीय सम्बन्ध स्थापना गरिएको हुन्छ । वर्गीय सम्बन्धका आधारहरूका सम्बन्धमा पौड्यालले यसरी उल्लेख गरेका छन् : “मूलतः वर्गीय सम्बन्ध विषय, रुचि, अर्थ र आवासका आधारमा निर्माण गरिएको हुन्छ” (पौड्याल, २०७६, पृ.३६) । यस प्रकारको वर्गीय चिन्तन र चरित्रले समाजको वास्तविक स्वरूपलाई प्रस्तुत गर्ने हुनाले वर्ग र शक्तिसम्बन्धको विश्लेषणमा यसको प्रयोग महत्त्वपूर्ण रहन्छ । यहाँ उल्लिखित यिनै आधारहरूको खोजी र पहिचानका आधारमा यथार्थवादी नेपाली कथाकारका कथामा प्रस्तुत वर्गीय शक्तिसम्बन्धको विश्लेषण गरिएको छ ।

### ३.२.२ वर्गचेतना र शक्तिसम्बन्ध

मार्क्सवादी अध्ययनमा वर्गसम्बन्धी अध्ययनको आधारभूत पक्ष नै वर्गीय चेतना हो । समाजमा भिन्न भिन्न वर्गका मानिसहरूको बसोबास रहेको हुन्छ । ती मानिसहरूमा आआफ्नै प्रकारको चेतना रहेको हुन्छ अथवा मानिसमा वर्गअनुसारको चेतना रहेको हुन्छ । मार्क्सवादी अध्ययन परम्परामा चिन्तन र चरित्र वर्गीय हुन्छ भन्ने अवधारणा रहेको पाइन्छ । समाजमा रहेका भिन्न वर्गहरूको आत्मबोधसहितको चेतना नै वर्गीय चेतना हो । यसका आधारमा समाजका सदस्यहरूले मित्रवर्गका र भिन्नवर्गका व्यक्तिहरूको पहिचान गर्न सक्छन् । समाजमा रहेका उच्च र निम्न दुबै वर्गमा आफ्नै प्रकारको वर्गीय चेतना हुने भए पनि उच्चवर्गीय चेतना मिथ्या र निम्नवर्गीय चेतना क्रन्तिकारी चेतनाको आधार हुन्छ भन्ने मान्यता रहेको पाइन्छ ।

विपरीत वा भिन्न प्रकारका सामाजिक वर्गहरूमध्ये निम्नवर्गमा रहेको वर्गीय चेतनालाई नै सर्वहारा वर्गको मुक्तिको आधार पनि मानिन्छ । वर्गचेतनाका सम्बन्धमा राम विहारीसिंह तोमरले लेखेका छन् : सामाजिक वर्गका सदस्यमा रहेको वर्गचेतनाले मानिसको व्यवहार निश्चित गर्छ । वर्गचेतनाले वर्गका सबै सदस्यलाई एउटै स्थानमा जोडेर उनीहरूमा एकता स्थापित गर्छ । वर्गचेतनामा सामूहिक स्वार्थको पूर्ति हुने हुनाले यसकै आधारमा वर्गका सदस्यहरू समान स्वार्थका लागि सङ्गठित हुन्छन् (तोमर, सन्. १९७३, पृ.२१२) । तोमरको यस भनाइमा वर्गीय चेतनाले एउटा वर्गलाई एउटै प्रकारको चरित्रमा जोड्ने र वर्गीय स्वार्थको परिपूर्तितर्फ अग्रसर गराउने स्पष्ट पारिएको छ । आफ्नो वर्गको एकत्व मात्र नभई पुँजीवाद विरुद्धको वर्गसङ्घर्षको चेतनाका दृष्टिले आर्थिक, राजनीतिक र विचारधारात्मक रूपमा प्रबल पार्ने सञ्चेतनाका रूपमा वर्गचेतना रहेको छ (भट्टराई, २०७७, पृ.९५) । वास्तवमा वर्गचेतनाका माध्यमबाट मित्रवर्गीय र शत्रुवर्गीय समुदायको पहिचान मात्र नभएर राज्य व्यवस्था सञ्चालकको प्रमुख आधार बनेको

शासन व्यवस्थाको निर्देशक सिद्धान्त र त्यसले अख्तियार गर्ने नीतिका आधारमा हुने सत्तामाथिको पहुँच वा सत्तासम्बन्धको पहिचान पनि गरेको हुन्छ । अधिकार, उचित व्यवहार, नियम अनि सम्पत्तिका दृष्टिले कथामा वर्गीय चेतना प्रकट भएको हुन्छ (पौड्याल, २०७६, पृ.३४) । वास्तवमा जुन वर्गसँग वर्गचेतना प्रबल वा शक्तिशाली हुन्छ, त्यो वर्गले समाजमा प्रभुत्व कायम गर्छ भने वर्गचेतना कमजोर भएको वर्ग अधीनस्थ अवस्थामा पुगेको हुन्छ । त्यसकारण वर्गचेतनासँग शक्तिसम्बन्ध जोडिन आउँछ । यस आधारमा विश्लेषण गरी कथामा निहित शक्तिसम्बन्धको पहिचान गर्न सकिन्छ ।

समाजमा रहेको वर्गचेतनामा प्रभुत्वको प्रभावले पनि विशेष भूमिका निर्वाह गरेको हुन्छ । प्रभुत्व त्यस्तो अधीनस्थ संस्कृति हो, जसले उत्पीडित वर्ग वा समूहमाथि सांस्कृतिक अभ्यासका माध्यमबाट दमन गर्दछ । शासक वर्गको प्रभुत्व समाजमा स्थापित भएपछि त्यसले सांस्कृतिक स्वरूप धारण गर्छ र समाजमा रूढ हुन पुग्छ । प्रभुत्वको निर्माणमा स्वयं राज्यसंयन्त्रभन्दा पनि विचारधारा प्रबल हुन्छ र यसरी निर्मित विचारधाराले नै वर्चस्व वा प्रभुत्वको निर्माण गर्दछ । यसलाई मक्लानेरले अझ स्पष्ट पार्दै लेखेका छन् : वास्तविक अर्थमा यसमा विचारधारा सामाजिक अभ्यासका रूपमा आउँछ र यसलाई जनताले थाहै नपाई स्वीकार गर्ने र व्यवहार गर्ने हुनाले यस्ता अभ्यास शब्द, सङ्केत, बिम्ब, परम्परा वा यी सबैको योगबाट हुन्छ (मक्लानेर, सन्. २०१७, पृ.६२) । यसरी राज्यका संस्था र तिनको अभ्यासले नै प्रभुत्व कायम हुन्छ भन्ने ग्राम्चीको मान्यतालाई मक्लानेरले स्पष्ट पारेका छन् । समाजमा भएको विचारधारा, ज्ञान, व्यवहार, शब्द र परम्पराका कारण सचेत वा असचेत दुबै ढङ्गले मानिसको चेतनामा प्रभाव पार्ने हुनाले प्रभुत्वको प्रभाव वर्गीय चेतनाको निर्माणमा रहने स्पष्ट हुन्छ । यस आधारमा निर्माण भएको वर्गीय चेतनाको खोजी, अध्ययन र विश्लेषण गरिएको छ ।

### ३.२.३ वर्गहित र शक्तिसम्बन्ध

समाजमा विभिन्न वर्गहरू भएपछि तिनीहरूका हित र अहितमा विविधता हुनु स्वाभाविकै हो । हरेक वर्गले समाजमा आफ्नो वर्गीय हितमा ध्यान दिन्छ । यही वर्गहितको कारणले समाजमा विभिन्न वर्गहरूका बिच अन्तरविरोधहरू पैदा हुन्छन् । सर्वहारा वर्ग वा निम्नवर्गले क्रान्तिकारी वर्गका रूपमा आफ्नो वर्गीय हितखातिर क्रान्तिचेतना बोकेको हुन्छ भने पुँजीपति वर्गले पुँजीवादको संरक्षणखातिर आफ्नो वर्गको हित सुरक्षित गरेको हुन्छ ।

निश्चित सामाजिक उत्पादन पद्धतिभित्र रहेका मानिसहरू उत्पादनका साधनहरूमाथिको स्वामित्व, उत्पादन कार्यमा श्रमको लगानी र उत्पादित वस्तुको हिस्सा एवं हिस्सा प्राप्तिको तरिकाका कारणले विभिन्न वर्गमा विभाजित हुन्छन् । दास समाजमा दास र दासमालिक, सामन्ती समाजमा किसान र जमिनदार, पुँजीवादी समाजमा मजदुर र पुँजीपति वर्ग वर्गीय समाजका आधारभूत वर्ग हुन् (भुसाल, २०६८, पृ.४५१) । आफ्नो वर्गको हितका लागि समाजका वर्ग वा वर्गसमूहहरूले अर्को वर्गको विरोध गर्दछन् । उच्चवर्गले आफ्नै वर्गीय हितका लागि निम्नवर्गमाथि दमन गरिरहेको हुन्छ भने निम्नवर्ग पनि उच्चवर्गको उत्पीडनबाट मुक्ति चाहँदै संघर्षरत हुन्छ ।

वर्गीय हितअन्तर्गत आफ्नो वर्गीय हित र विरोधी वर्गीय हित दुईओटा दृष्टिकोणको मुख्य भूमिका हुन्छ । यसमा वर्ग वा वर्गसमूहमा वर्गसचेतता छ छैन वा कुनै वर्गले आफ्नो वर्गको मात्रै वा अन्य वर्गको हितमा पनि काम गरेको छ ? जानेर वा नजानेर आफ्नो वा अरूको हित गरेको छ ? सचेततापूर्वक विरोधी वर्गको हित गरेको पनि हुनसक्छ ? आदि कुराहरू विमर्शात्मक संरचनाभित्र वर्गीय समाजमा देखा पर्दछन् ।

समाजमा स्थापित वर्गीय प्रभुत्वले सामाजिक, राजनीतिक र सांस्कृतिक रूपमा वर्गीय हितलाई प्रत्यक्ष्य वा परोक्ष ढङ्गबाट प्रभावित गरिरहेको हुन्छ । ग्राम्चीको प्रभुत्वको बीज राजनीति र संस्कृतिमा छ । उनले युरोपेली श्रमिक तथा तिनको विद्रोहको अध्ययन, इटालीका मुसोलिनीको निरङ्कुशता जस्ता विषयको अध्ययनकै क्रममा निम्नवर्ग र अन्य पछि परेका समूह जस्तै किसान र बुद्धिजीवीमाथि हुने गरेका दमनको गहिरो अध्ययन गरी प्रभुत्वसम्बन्धी मान्यताको विकास गरेका छन् । ग्राम्ची प्रभुत्वलाई नागरिक समाजका सन्दर्भबाट व्याख्या गर्छन् तापनि उनका दृष्टिमा यो ऐतिहासिक र राजनीतिक विश्लेषणको आधार वा माध्यम हो । उनी लेख्छन् : श्रमिक वर्ग नेतृत्वबाट उत्पीडित र दमित वर्ग बन्यो अनि यसको सफलता भने वर्ग प्रतिबद्धताको प्रणाली निर्माण गरी पुँजीवाद र बुर्जुवा राज्यका विरुद्ध सङ्गठित गर्नुमा रहेको छ (ग्राम्ची, सन् २०००, पृ.३२०) । वास्तविक अर्थमा तत्कालीन वर्गयुक्त इटालेली समाजका तल्लो वर्ग र उत्पीडित समूहको पहिचानकै क्रममा ग्राम्चीले प्रभुत्वशाली वर्गको अवस्था पहिचान गरे भने यस वर्गमाथि भएको दमन र शोषणको स्थिति पनि पत्ता लगाए । यसै क्रममा उनले राज्यसंयन्त्रको माथिल्लो स्वरूप मात्र नभएर सामाजिक संस्था जस्तै चर्च, स्कुल, आमसञ्चार र राजनीतिक प्रणाली कसरी दमनकारी हुन्छ, यसले विशाल सीमान्त वर्गमा कसरी शासन गरी शोषण गर्छ भन्ने कुराको खोजी गरेका छन् । उनले दमनका विरुद्धमा सीमान्त वर्गले प्रतिरोध नगरी प्रभुत्वको अन्त्य नहुने कुराको पहिचान गरेका छन् । ग्राम्चीका विचारमा प्रभुत्वका कारण उच्चवर्गले गरेका राजनीतिक, सामाजिक, सांस्कृतिक आदि क्षेत्रका विभेद, दमन र शोषणमा उच्चवर्गको हित समेटिन पुग्दा निम्नवर्गको हित खोसिन पुग्छ । कतिपय अवस्थामा डर, त्रास, धम्की, परम्परा र अज्ञानताका कारण पनि निम्नवर्गले आफ्नो हित पहिचान गर्न नसक्दा उच्चवर्गको हितले मौलाउने अवसर प्राप्त गरेको हुन्छ ।

वर्गीय हित वर्गचेतनामा आधारित वर्गीय सम्बन्धको उपज हो । समाजमा सामन्त वा पुँजीपति वर्ग र सर्वहारा वर्गको हित विपरीतधर्मी स्वार्थमा आधारित हुने हुनाले यसका माध्यमबाट वर्गसङ्घर्षको अवस्था सिर्जना हुन्छ । यस्तो अवस्थामा राज्यसत्ताले केन्द्रीय संस्कृतिका हितमा परिधीय संस्कृतिमाथि गर्ने व्यवहारलाई भुसालले यसरी उल्लेख गरेका छन् : “राज्यसत्ता भनेको समाजको आर्थिक आधारमा प्रभुत्व जमाएको वर्गले आफ्नो वर्गीय हित रक्षाका निम्ति अर्को विरोधी वर्गलाई दमन तथा नियन्त्रण गर्ने राजनीतिक सङ्गठन एवम् शक्ति हो” (भुसाल, २०५९, पृ.२०७) । सामन्तवादी र पुँजीवादी शासन व्यवस्था भएको समाजमा उच्चवर्गले विद्यमान उत्पादन प्रणाली र व्यवस्थाको संरक्षणमा आफ्नो हित देख्छ भने श्रमिक वर्गले त्यसलाई उल्ट्याएर प्रगतिशील दृष्टिबाट उत्पादन प्रणालीको आधार निर्माण गर्नका लागि सत्ताको प्रतिस्थापनमा आफ्नो हित देखेको हुन्छ । आफ्नो स्वार्थ र वर्गप्रतिको प्रतिबद्धताको अवस्थालाई नै वर्गीय हित भनिन्छ । यसरी वर्गसमाजमा

परस्पर विरोधी र वैरभावपूर्ण हित कायम रहिरहेको हुन्छ (भट्टराई, २०७७, पृ.९५) । समाजमा रहेका भिन्न वर्गका मानिसहरूको हितमा विरोधाभाष हुन्छ र त्यसले विपरीत स्वार्थमा जोडिएका वर्गका बिचमा शक्तिको सङ्घर्ष हुन्छ । यस प्रकारको वर्गीय हितले समाजको वास्तविक स्वरूपलाई प्रस्तुत गर्ने हुनाले वर्गीय शक्तिसम्बन्धको विश्लेषणमा यसको प्रयोग महत्त्वपूर्ण रहन्छ ।

### ३.२.४ वर्गविभेद, दमन, शोषण र शक्तिसम्बन्ध

वर्गीय समाजको चरित्र नै उच्चवर्गले निम्नवर्गलाई वर्गकै आधारमा विभेद गरी दमन तथा शोषण गर्ने हो । समाजमा उच्चवर्गले निम्नवर्गमाथि गर्ने त्याज्य व्यवहार नै खास अर्थमा वर्गविभेद हो । सामन्तवादी र पुँजीवादी दुबै व्यवस्थामा वर्गविभेद हुने भए पनि यसका फरक रूपहरू छन् । सामन्ती समाजमा भूस्वामीहरूले भूदास र किसानका भूमि हडप्ने, चक्रवृत्ति ब्याजका माध्यमबाट ऋण दिने, बसाईं हिँडाउने वा भूमिहीन बनाउने अवस्था वर्गविभेदको रूप हो (भट्टराई, २०७७, पृ.९६) । यसले वर्गीय सम्बन्धमा शत्रुताको सिर्जना गरी वर्गीय शक्तिसम्बन्धमा असमानता सिर्जना गर्छ । योभन्दा केही फरक रूप र शैलीमा पुँजीवादी व्यवस्थामा वर्गविभेदको स्वरूप प्रकट हुन्छ । पुँजीवादी समाजमा श्रमिक वर्गको श्रम शोषण गर्ने, सुविधा र सेवाबाट वञ्चित गर्ने, कार्यघण्टा बढाउने र श्रमिक अधिकारबाट वञ्चित गर्ने वर्गविभेदको रूप हो (भट्टराई, २०७७, पृ.९६) । समाजमा राज्यको शक्तिलाई साथमा लिएर उच्चवर्गले निम्नवर्गमाथि गर्ने दमन, उत्पीडन नै वर्गदमन हो । यसका लागि उच्चवर्गले राज्यका सेना, पुलिस, प्रशासन, कानुन, अदालत, धर्म, परम्पराको सहयोग लिएको हुन्छ ।

वर्गसचेततालाई आधारभूमि बनाएर वर्गविभेदका माध्यमबाट वर्गदमन गरी निम्नवर्गका श्रम, सम्पत्ति र पहिचानमाथि उच्चवर्गले गर्ने शोषण नै वर्गशोषणको अवस्था हो । बलवान संस्कृतिले आफ्नो डिस्कोर्स विस्तार गर्छ र निर्बल संस्कृतिलाई अझ निर्बल पार्छ, निरर्थक पार्छ (गौतम, २०७०, पृ.९०) । सत्ता सञ्चालकहरू नै बलवान संस्कृतिका हुन्छन् र उनीहरूले समाजका कमजोरहरूमाथि आफ्नो शक्तिको प्रयोग गरेर उनीहरूको ज्ञान र संस्कृतिलाई समाप्त पार्न प्रयास गर्छन् । एक वर्गको श्रमको मूल्य नदिई अर्को वर्गले नाफा कमाउने अवस्था नै शोषण हो । उत्पादन सम्बन्धका आधारमा कसको स्वामित्व उत्पादनका साधनमा छ भन्ने विषयको अध्ययनबाट नै वर्गशोषणको पहिचान हुन्छ (भट्टराई, २०७७, पृ.४) । समाजमा रहेको उच्चवर्गले निम्नवर्गलाई श्रममा लगाएपछि उनीहरूलाई उचित पारिश्रमिक नदिई श्रमको शोषण गरेर नाफा कमाउँछ र उत्पादनका साधनमा आफ्नो वर्चस्व विस्तार गर्दै निम्नवर्गमाथि दमन र शोषण गरिरहेको हुन्छ । यसरी समाजमा हुने विभेद, दमन, शोषण र उत्पीडनका कारणबाट नै वर्गको उदय भएको हो । यस सम्बन्धमा समग्र मानव जातिको इतिहासकै सर्वेक्षण गर्दै मोहन वैद्य किरणले लेखेका छन् : समग्र मानव जातिको इतिहास नै वर्गसंघर्षको इतिहास भएकाले समाजमा धनी, गरिब तथा शोषक र शोषित वर्गको अस्तित्व मेटिने देखिँदैन । सामन्तवादी र पुँजीवादी राज्य/समाजमा उत्पीडक वर्ग/पुँजीपति/उच्चवर्ग/सामन्त वर्गको अधिनायकत्वमा निम्नवर्ग/सर्वहारा वर्गमाथि विभेद र दमन गर्ने काम गर्दछ (वैद्य, २०६७, पृ.२००) । किरणको यस भनाइमा

मानव समाजको इतिहास नै वर्गसङ्घर्षबाट निर्माण भएको र त्यस क्रममा सधैँ उच्चवर्गले निम्नवर्गमाथि दमन, शोषण गर्दै आएको स्पष्ट हुन्छ ।

समाजमा वर्गीय विभेद, दमन र शोषणका लागि प्रभुत्वको भूमिका उल्लेखनीय अवस्थामा रहन्छ । प्रभुत्व शासक वर्गले शासित वर्गलाई शक्तिका माध्यमबाट अधीनस्थ अवस्थासम्म पुऱ्याउने विशेष परिस्थिति हो । राज्य वा सत्ताले शक्तिको पृथकीकरणका माध्यमबाट पनि अधीनस्थ समुदायमाथि प्रभुत्वको विस्तार गरिरहन्छ । खास ऐतिहासिक कालखण्डमा नागरिक समाज र राजनीतिक समाजको सङ्घर्षका माध्यमबाट भएको छलफलपछि शक्तिपृथकीकरणलाई स्वीकार गरियो (ग्राम्ची, सन् २०१०, पृ.२४५) । यही स्वीकारोक्ति नै प्रभुत्व निर्माणको आधार बनेको स्पष्ट पार्दै ग्राम्चीले भनेका छन् : शक्तिको पृथकीकरण बाह्य दृष्टिबाट समानताको विचारले प्रेरित भए पनि अन्ततः यो राज्यकै सहयोगी साधन भयो । यसले उक्त समयमा विभिन्न वर्गका बिचमा भएको अस्थिर प्रकारको समानतालाई चित्रित गऱ्यो । यो राज्यको सुविधाप्राप्त दमनकारी वर्गको वर्चस्वको फैलावटकै परिणति थियो (ग्राम्ची, सन् २०१०, पृ.२४५) । ग्राम्ची धार्मिक संस्थाले पनि राज्यको प्रभुत्व विस्तार गर्ने कार्यमा सहयोग गरेको बताउँछन् । उनी भन्छन् : चर्चलाई नागरिक समाजको समग्रताको प्रतिनिधि मानिए पनि वास्तवमा यो राज्यको एउटा तत्त्व हो, जसले नागरिक समाजको महत्त्वलाई घटाउँछ (ग्राम्ची, सन् २०१०, पृ.२४५) । यसरी नागरिक समाज, चर्च र राज्यका बिचको शक्तिसम्बन्धका विषयमा पनि ग्राम्चीले स्पष्ट पारेका छन् । राजनीतिक समाजले एकाधिकारका माध्यमबाट विशेषाधिकार प्राप्त गर्छ र त्यसका लागि नागरिक समाजको समर्थनमा राज्यले चर्चको संरक्षण गर्छ (ग्राम्ची, सन् २०१०, पृ.२४५) । यसरी राज्यभित्र रहेका विभिन्न निकाय वा संस्थाहरू एकपछि अर्को गर्दै क्रमशः प्रभुत्वशाली समुदायको सहयोगी बन्दै जाँदा निम्नवर्गमाथिको विभेद, दमन र शोषण बढ्दै जान्छ ।

शक्तिको पृथकीकरणले खास अर्थमा केन्द्रीय संस्कृतिकै प्रभुत्व विस्तारमा सहयोग गरेको हुन्छ भन्ने ग्राम्चीको ठम्याइ रहेको छ । शक्तिको पृथकीकरण अनि राजनीतिक र आर्थिक कारणबाट बन्न जाने शक्तिसम्बन्धका विषयमा थप चर्चा गर्दै ग्राम्चीले लेखेका छन् : राजनीतिक र आर्थिक स्वतन्त्रताका लागि विशेष महत्त्व उदार विचारधाराका सबल र कमजोर पक्ष शक्तिपृथकीकरणको सिद्धान्तमा समावेश हुन्छ । कर्मचारी तन्त्रले स्पष्ट रूपमा शक्तिको अभ्यासबाट नेतृत्वको काम गर्छ र खास बिन्दुमा यो राज्यको सहयोगी बन्छ (ग्राम्ची, सन् २०१०, पृ.२४५-२४६) । ग्राम्चीका अनुसार राज्यको एकीकृत स्वरूप नै शक्तिको पृथकीकरण हो । संसद नागरिक समाजसँग बढी जोडिएको हुन्छ । न्यायपालिकाले सरकार र संसदको सामूहिक प्रयासबाट लिखित कानुन प्राप्त गर्छ । प्राकृतिक रूपमा यी तीनै अङ्गले राजनीतिक प्रभुत्वलाई फरक फरक ढङ्गले स्थापित गर्छन् (ग्राम्ची, सन् २०१०, पृ.२४६) । ग्राम्चीका अनुसार समग्रमा राज्य वा सत्ताले आफ्ना तीनै अङ्गका सहायतामा नागरिक समाज र धार्मिक क्षेत्रलाई समेत प्रभावित गरी शासित समुदायमाथि आफ्नो प्रभुत्व विस्तार गर्छ । यस्तो परिस्थितिमा समाजभित्र असन्तुलित शक्तिसम्बन्धको विकास हुन्छ ।

सबाल्टर्न वर्गको इतिहासको चर्चा गर्ने सन्दर्भमा पनि ग्राम्चीले सामाजिक शक्तिसम्बन्धको विषयमा पर्याप्त सङ्केतहरू गरेका छन् । उनका अनुसार राज्यमा शासक वर्गको ऐतिहासिक एकता हुने भएकाले उनीहरूको इतिहास नै राज्यको इतिहास हुन्छ । आधारभूत ऐतिहासिक एकता मूर्तरूपमा राज्य, नागरिक समाज र राजनीतिक समाजको प्राकृतिक सम्बन्धको परिणाम हो (ग्राम्ची, सन् २०१०, पृ.५२) । इतिहास अधिकारको दाबी गर्ने प्रमुख आधार हो भने अधिकार शक्तिलाई व्यवस्थित र स्थापित गराउने माध्यम हो । त्यसकारण इतिहासका माध्यमबाट सत्ताले असन्तुलित शक्तिसम्बन्धको विकास गरेको हुन्छ भन्ने ग्राम्चीको अवधारणा रहेको छ । सबाल्टर्न समुदाय एकीकृत हुन नसक्ने विषयमा ग्राम्चीले लेखेका छन् : सबाल्टर्न सामाजिक वर्गको इतिहास अनिवार्य रूपमा खण्ड खण्डमा विभाजित हुन्छ । (ग्राम्ची, सन् २०१०, पृ.५५) । उनका अनुसार आर्थिक उत्पादनको उपजस्वरूप सबाल्टर्न वर्गको उद्देश्यमूलक निर्माण गरिन्छ । उनीहरू पुरानै सामाजिक समूहमा परिमाणात्मक रूपमा रहन्छन्, जसको मानसिकता, वैचारिकता र उद्देश्य समयसँगै संरक्षित हुन्छ (ग्राम्ची, सन् २०१०, पृ.५२) । ग्राम्ची शासक वर्गले आफ्ना स्वार्थपूर्तिका लागि दमन शोषण गर्दा सबाल्टर्न वर्गको निर्माण हुन्छ भन्दै उनीहरूमाथि राज्यले सधैँ शक्ति र सहमतिको प्रयोगका माध्यमबाट नियन्त्रण कायम राख्छ भन्ने विचार अघि सार्छन् । प्रभावशाली समूहको नयाँ पार्टीले सहमतीय माध्यमबाट सबाल्टर्नहरूलाई नियन्त्रणमा राख्छ (ग्राम्ची, सन् २०१०, पृ.५२) । ग्राम्चीको यस भनाइमा प्रभुत्वशाली वर्गले दमनका लागि सहमतिको बाटो पनि अवलम्बन गर्छ भन्ने तथ्यलाई स्पष्ट पारेको छ । सबाल्टर्न समूहको नयाँ संरचनाले पुरानै संरचनाभित्र स्वायत्तताको सहमति जनाउँछ । त्यसकारण सबाल्टर्न वर्गले उत्पादन गरेको संरचना सीमित र आंशिक चरित्रको हुन्छ (ग्राम्ची, सन् २०१०, पृ.५२) । यसरी सबाल्टर्नहरू शासित हुन् भन्ने दृष्टिबाट विश्लेषण गर्दा ग्राम्चीका भनाइमा शासक र शासित वर्गका बिचको शक्तिसम्बन्ध सधैँ असन्तुलित नै रहन्छ ।

प्रभुत्वकै बलमा सत्ता वा शक्तिको केन्द्रमा रहेको अभिजात वर्गले सामाजिक जीवनका कुनै पनि क्षेत्रलाई आफ्नो नियन्त्रणबाट बाहिर जान दिँदैन । "ग्राम्चीका विचारमा शोषक वर्गले शोषित वर्गलाई शक्तिको प्रयोग मात्र होइन सांस्कृतिक साधनहरूद्वारा पनि उत्पीडित गर्छ । उसले उत्पीडित वर्गमाथि प्रभुत्व कायम गर्नका लागि वैचारिक, शैक्षिक, धार्मिक, सांस्कृतिक रूपमा नै बढी जोड दिएको हुन्छ" (उद्धृत चैतन्य, २०७०, पृ.१५८-१५९) । शासक वर्गद्वारा सत्ता सञ्चालनको कार्यलाई स्थायी रूपको निरन्तरता दिनका लागि सबै क्षेत्रमा आफूअनुकूलका संयन्त्रहरू निर्माण र परिचालन गरिन्छन् भन्ने चैतन्यले स्पष्ट पारेका छन् । समाजमा एकवर्गीय रूपमा दमनकारी वर्गले दमन गर्ने क्रममा लिङ्गीय, जातीय र राष्ट्रिय विषयहरूमा आफूअनुरूप धार्मिक-सांस्कृतिक नियमहरूको निर्माण गर्ने र एकपक्षीय सत्तालाई बलियो बनाउने काम गरेको हुन्छ भन्ने कुरालाई ग्राम्चीले प्रभुत्व सम्बन्धी मान्यतामा अघि सारेका छन् (भट्टराई, २०७७, पृ.३४४) । ग्राम्चीको प्रभुत्वसम्बन्धी अवधारणाको चर्चा गर्दै बालकृष्ण शर्माले लेखेका छन् प्रभुत्वसम्बन्धी धारणा अनुसार कुनै पनि मुलुकमा दुई प्रकारका समाज रहन्छ -राजनैतिक समाज र नागरिक समाज । राजनीतिक समाजमा सेना, पुलिस र प्रशासनका बलले शासक वर्गले शासित वर्गमाथि दमन तथा नियन्त्रण गरेको हुन्छ भने नागरिक समाजमा विचारधाराका माध्यमबाट शासित वर्गमाथि नियन्त्रण गरिएको हुन्छ (शर्मा,

२०७२, पृ.४१) । प्रभुत्वका माध्यमबाट सत्ताले सेना, पुलिस, प्रशासन आदि भौतिक शक्तिका अलावा आफूअनुकूलको विचारधाराको पनि प्रयोग गरेर आफ्नो श्रेष्ठतालाई कायम गरिरहेको हुन्छ भन्ने निष्कर्ष शर्माको रहेको छ । यसरी प्रभुत्वशाली वर्गले कायम गरेको शक्तिबाट निम्नवर्ग सधैँ अधीनस्थ हुन पुग्छ र उच्चवर्गको खेलौनाकै रूपमा जीवनलाई भोग्न विवश हुन्छ ।

उच्च वा शासक वर्गमा रहेको प्रभुत्वले अधीनस्थ समुदायका जीवनका सम्पूर्ण क्षेत्रमा प्रभाव पारेको हुन्छ । प्रभुत्वका कारणबाट निर्माण हुने परिस्थितिको विश्लेषण गर्दै शर्माले लेखेका छन् : प्रभुत्व सत्तानिर्मित अघोषित दासता हो । यो वर्गमा मात्र होइन जाति, जनजाति, लिङ्ग, क्षेत्र, राष्ट्रियता सबैमा घटित हुन्छ (शर्मा, २०७२, पृ.४२) । समाजमा शासक तथा उच्चवर्गले आफ्ना अनुकूलतामा निर्माण गरेका विधिविधानका माध्यमबाट शक्तिको निर्माण गर्छ अनि त्यसको उपयोगको क्षेत्र अधीनस्थ समुदायलाई बनाउँछ भन्ने विषय यहाँ प्रस्तुत भएको छ । ग्राम्चीका दृष्टिमा शासक वर्गले हिंसा वा बलका आधारमा राज्यका सबै पक्ष र विशेष गरी तल्लो वर्गलाई नियन्त्रण गर्न सक्दैन । यसका लागि उसले सहमतिका आधार तयार पार्छ र सहमतिबाटै वर्गीय दमनलाई स्थिर र प्रभावकारी बनाउँछ (उद्धृत भट्टराई, २०६९, पृ.५६) । यसरी प्रभुत्वका माध्यमबाट शासक वर्गले शासितहरूलाई अधीनस्थ अवस्थामा पुऱ्याउँछ । यसो गर्नका लागि शासक वर्गले परिवार, सङ्घसंस्था, धर्म, राज्यसंयन्त्र आदिलाई प्रत्यक्ष वा परोक्ष रूपमा सहयोगी साधन बनाउँछ । यसरी प्रभुत्वका कारण शासक र शासित वर्गका बिचमा असमान शक्तिसम्बन्धको निर्माण हुन्छ ।

समाजका सबैको वा बहुसङ्ख्यकको साझा धारणा नै फुकोका अनुसार विमर्श हो । विमर्शका आधारमा सत्ताले ज्ञानलाई शक्तिका रूपमा प्रयोग गर्छ । विमर्शले ज्ञान पैदा गर्छ र ज्ञान सदैव सत्ताको हतियार हो । विमर्श, ज्ञान र सत्ता आपसमा जोडिएका हुन्छन् (चैतन्य, २०७०, पृ.१५८) । समाजको परम्परा, आम धारणा, संस्कृति, इतिहास आदिका आधारमा विमर्शको निर्माण हुन्छ र उक्त विमर्शको शक्तिलाई सत्ताले आफ्नो हितअनुकूलको ज्ञान निर्माण गरेर समाजमा प्रयोग गर्छ । शक्ति राज्य संयन्त्रमा मात्र केन्द्रित नभएर समाजका विभिन्न संघसंस्था र व्यक्ति अनि ससाना एकाइहरूमा केन्द्रित भएको हुन्छ र यही अन्तर्सम्बन्धका आधारमा शक्तिको अन्तर्सवांद हुन्छ (खरेल, २०७०, पृ.६४-६५) । यसले शक्तिको सर्वत्र व्याप्ति तथा अस्थिरतातर्फ सङ्केत गरेको छ । यसको अर्थ हो सर्वत्र व्याप्त शक्तिको प्रयोगताले उपयोग गर्ने शक्तिको मात्रात्मक भिन्नता र समय परिस्थितिअनुसार शक्तिसम्बन्धमा फेरबदल आइरहन्छ ।

वर्गीय समाज रहुन्जेल वर्गविभेद, दमन र शोषणको अवस्था रहिरहन्छ भन्ने मार्क्सवादको धारणा रहेको छ । सामन्तवाद र पुँजीवाद दुबैमा सामन्त र पुँजीपति दुबैले किसान, मजदुरको अधिकतम शोषण गर्दछन् । बाहिरबाट हेर्दा मजदुरलाई कामअनुसारको ज्याला दिइएको जस्तो देखिन्छ तर उनीहरूले वास्तविक मूल्य पनि पाएका हुँदैनन् । श्रमशक्तिको मूल्य र मजदुरले पाएको ज्यालाको बिचमा जुन भिन्नता रहन्छ, त्यसलाई अतिरिक्त मूल्य भनिन्छ । यही अतिरिक्त मूल्य नै पुँजीपतिले हडप्ने नाफा हो । यो नै पुँजीवादी शोषणको महत्त्वपूर्ण कडी हो (रेग्मी, २०६०, पृ.८४) ।

रेग्मीका विचारमा अभिजात वर्गले श्रमिक वर्गलाई अन्योलमा राखी शोषणका माध्यमबाट नाफा आर्जन गरेको हुन्छ । पुँजीवादले कानुनी रूपमा सबै जनता स्वतन्त्र भएको घोषणा गर्छ तर स्वतन्त्रता उपभोग गर्दागर्दै पनि मजदुरहरू पराधीन हुन्छन् । उनीहरू अप्रत्यक्ष रूपबाट पुँजीपतिमाथि आश्रित हुनुपर्दछ (रेग्मी, २०६६, पृ.८८) । वर्गीय समाजमा रहेका प्रत्येक राज्यसत्ता शोषक वर्गले शोषित वर्गलाई दबाउन प्रयोग गरिने यन्त्र हुन् । समान आर्थिक अवसर नहुँदा समाजमा वर्गविभेद तीव्र हुन्छ । आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, प्राकृतिक आदि सबै क्षेत्रमा उच्चवर्गको हालीमुहाली हुने हुँदा निम्नवर्ग दमन र शोषणमा परिरहन्छ । सत्ता वा शक्ति तथा आर्थिक आधारकै कारण उच्चवर्गले निम्नवर्गमाथि अधीनस्थता कायम गरेको हुन्छ । वर्गीय समाजका हरेक संरचना र क्षेत्रमा वर्गविभेदको अवस्था विद्यमान छ । यसले सामाजिक र आर्थिक असन्तुलन पैदा गरेको छ भने समाजमा हुनेखाने र नहुने वा हुँदा खानेका बिच गहिरो विभेदको सिर्जना गरेको छ (भट्टराई, २०७७, पृ.९७) । यसरी वर्गको उदयसँगै वर्गविभेदको प्रारम्भ भएको देखिन्छ । यसरी वर्गयुक्त समाजमा दमनको केन्द्रमा उच्चवर्ग र राज्यसत्ता हुन्छ । यस सम्बन्धमा नवीननारायण अग्रवालले लेनिनको विचारलाई जोड्दै लेखेका छन् : लेनिनको विचारमा कानुन र राज्यको छुट्टाछुट्टै अध्ययन गर्न सकिँदैन । मार्क्सवादीहरूका अनुसार पुँजीवादी राज्य शोषक वर्गद्वारा अरू वर्गमाथि आधिपत्य जमाउने साधन हो । राज्यले व्यक्तिगत सम्पत्ति र शासक वर्गको रक्षा गर्छ । राज्यद्वारा बनाइएका कानुन त्यो वर्गको इच्छाअनुसार चल्छ, जुन वर्गका हातमा आर्थिक र राजनीतिक सत्ता हुन्छ (अग्रवाल, सन्. १९६७, पृ.२०३) । वर्गको सङ्घर्ष र दमनकै लागि राज्यसत्ताले परम्परा, सेना, पुलिस, अदालत र राज्यका अन्य शक्ति परिचालन गर्दछ । सर्वहारा वर्गमाथि उत्पीडन र दमन गर्नु पुँजीवादी राज्यसत्ताको मुख्य चरित्र नै हो । यस्तो सत्ताले राज्यका कानुन, संसद्, नीतिनियम, मानवअधिकार, समानता आदि विषय र साधनका आधारबाट निम्नवर्गमाथि प्रत्यक्ष र परोक्ष ढङ्गले दमन अनि शोषण गरिरहेको हुन्छ । यस प्रकारको दमन र शोषणको प्रमुख कारण नै असन्तुलित शक्तिसम्बन्ध हुन्छ ।

निम्नवर्गको शारीरिक तथा मानसिक श्रमको मूल्यको शोषण गरी उच्चवर्गले अकुत सम्पत्ति आर्जन गर्ने परम्परा नै वर्ग शोषणको उच्च रूप हो । यो आर्थिक रूपमा एउटा वर्गबाट अर्को वर्गमाथि गरिने दमन र उत्पीडन हो । मार्क्सले अतिरिक्त मूल्य पैदा गर्नु र धन कमाउनु नै पुँजीवादी उत्पादन प्रणालीको सर्वोच्च नियम हो भनेका छन् । यस प्रकारको वर्गविभेद, दमन र शोषणले समाजको वास्तविक शक्तिसम्बन्धलाई चित्रण गर्ने हुनाले कथाहरूको विश्लेषणमा यसको प्रयोग महत्त्वपूर्ण रहन्छ ।

### ३.३ यथार्थवादी नेपाली कथाको वर्गीय शक्तिसम्बन्धको विश्लेषण

तत्कालीन नेपाली समाजमा रहेका विभिन्न वर्गका बिचको सम्बन्धलाई यथार्थ रूपमा प्रस्तुत गर्ने कथाहरू नै यथार्थवादी कथा हुन् । त्यसकारण निर्धारित समयसीमाभित्रका कथाहरूमा तत्कालीन समाजमा रहेका भिन्न भिन्न वर्गका बिचको सम्बन्ध, वर्गचेतना, वर्गहित, वर्गविभेद, दमन र शोषणको अवस्था अभिव्यक्त भएको छ । यिनै आधारहरूमा यस अध्ययनमा वर्गीय शक्तिसम्बन्धको विश्लेषण गर्ने कार्य गरिएको छ ।

### ३.३.१ यथार्थवादी नेपाली कथामा वर्गीय सम्बन्धको निर्मिति र शक्तिसम्बन्ध

पूर्णदास श्रेष्ठद्वारा लेखिएको 'सत्यको बाटो' वर्गीय शक्तिसम्बन्धमा आधारित कथा हो । यस कथामा भएको वर्गीय प्रभावका सम्बन्धमा दयाराम श्रेष्ठले यसरी उल्लेख गरेका छन् : "उनले गरिबी र नैतिक मूल्यमा आएको ह्रासका कारणले सिर्जित समस्याको अवलोकन गरेका छन्" (श्रेष्ठ, २०७५, पृ.२३३) । यस कथामा धने, प्रजापति, आमा, कृष्णवीर, आशमान, गाउँलेहरू, बाहुनहरू, बुढी भिखारिणी पात्रहरू छन् । उक्त पात्रहरूमध्ये प्रजापतिले सामन्त वर्गको प्रतिनिधित्व गरेको छ भने अन्य सबै पात्रहरू निम्नवर्गका रहेका छन् । प्रजापति र धने दुबै छिमेकी भए पनि धनेमाथिको दमन उत्पीडनका कारण प्रजापति उत्पीडक चरित्रका रूपमा उपस्थित छ । प्रजापति गाउँको धनी सामन्त भएको हुनाले उसले बाबु बाजेबाट प्राप्त पैतृक सम्पत्तिका बलमा निम्नवर्गमाथि सामन्ती हैकम तथा प्रभुत्व कायम गरेर बसेको छ । कथामा प्रजापति र धनेको भिन्न वर्ग स्थितिका माध्यमबाट दुई भिन्न चरित्रलाई प्रस्तुत गरिएको छ । कथाकारले यस स्थितिको चित्रण यसरी गरेका छन् :

> जुन ठाउँमा प्रजापतिको सुन्दर भवन शोभा दिन्थ्यो, त्यहीँ ठिक उसैका अगाडि धनेको छाप्रो ठिङ्ग खडा रहनु अवश्य नै प्राकृतिक वैचित्रता हो । त्यो छाप्रो भवनको परिहासका निम्ति नै निर्माण भएको हो कि जस्तो लाग्थ्यो । विशेषतः यस भावनाले प्रजापतिलाई चोट लाग्थ्यो । उनी बिहान उठ्थे त सामुन्ने उही छाप्रो दृष्टिगोचर हुन्थ्यो । कहीँ बाहिर जान निस्कन्थे त उही छाप्रो मानूँ उनको खिस्सी गर्ने गर्दथ्यो (पृ.१२) ।

प्रजापति र धनेको भिन्न वर्गस्थितिमा पनि सामन्त प्रजापतिले धनेको छाप्रोमाथि आँखा लगाएको अवस्थाले यस कथाले दुई भिन्न वर्गको विचारधारा र त्यसका कारण उत्पन्न वर्गगत शत्रुतापूर्ण सम्बन्धलाई देखाएको छ । प्रजापतिले आफ्नो घरअगाडि भएको धनेको छाप्रो र जग्गा हत्याउन प्रयास गरे पनि विफल भएपछि आगो लगाएर खरानी बनाएको छ । उक्त आगलागीको घटनालाई एउटा गाउँलेले अज्ञानताका कारण भन्छ : "दैवको कोप हो" (पृ.१९) । यस भनाइले प्रजापतिको दुर्व्यवहारलाई ढाकछोप गरेको छ । त्यसैलाई पुष्टि गर्ने प्रयत्न गर्दै अर्कोले भन्छ : "नभएदेखि गाँस नपाई मरिरहेको बेलामा बासको पनि कसरी हरण हुन्थ्यो" (पृ.१९) ? यी दुबै भनाइले अज्ञानताका कारण सामन्ती दमन शोषणलाई दैवमा जोडेर सामन्तले गरेका अपराधपूर्ण कर्मलाई चोख्याउने काम गरेका छन् । त्यसकारण उनीहरूको उच्चवर्गसँगको सम्बन्धमा सामान्य अवस्था रहेको छ तर तत्कालै आशामानको "दैवको कोप हँ ! दुई खुट्टेको कोप हो । दुई खुट्टेको" (पृ.१९) ! भन्ने भनाइले यस आगलागीमा प्रजापतिको संलग्नतालाई देखाएर शत्रुतापूर्ण वर्गीय सम्बन्धलाई प्रस्ट पारेको छ । त्यसैगरी निम्नवर्गको कृष्णवीर प्रजापतिको कारिन्दा भएको र बाहुनहरूले भोजन गर्न पाएकाले निजी स्वार्थका कारण उच्चवर्गको प्रजापतिप्रति सकारात्मक धारणा राख्छन् । "प्रजापति ठुला मानिस हुन् उनीसँग घमण्ड गरिरहनु ठीक परोइन" (पृ.१६) ! भन्ने धनेकी आमाको भनाइले उसले अज्ञानता र डरका कारण उच्चवर्गप्रति सकारात्मक सोच बनाएको प्रस्ट हुन्छ । अनिकालको महामारीबाट मृत्युको मुखमा पुगेका गाउँलेहरूको दयनीय

अवस्थाप्रति प्रजापतिले राखेको विचार “पापको भोग हो” (पृ.१७), ! र भोकी भिखारिणीले उसको भोजमा आएर एक छाक खान माग्दा उसले “कस्ती फोगिन रहिछः जा अहिले भनेपछि....” (पृ.२१) भनी गरेको रुखो व्यवहारले यस कथाको वर्गीय सम्बन्ध अत्यन्त वैरभावपूर्ण रहेको जनाउँछ । यसरी प्रस्तुत कथामा प्रजापतिले निम्नवर्गका मानिसहरूप्रति सधैँ नकारात्मक दृष्टिकोण राखेको छ भने निम्नवर्गका पात्रहरूको उसप्रतिको दृष्टिकोण नकारात्मक र सकारात्मक दुबै प्रकारको छ । दुबै गाउँलेहरू, बाहुनहरू, कृष्णवीर र आमा प्रजापतिप्रति सकारात्मक धारणा राख्ने असचेत पात्र हुन् भने धने र आशमानजस्ता सचेत निम्नवर्गका पात्रहरू प्रजापतिप्रति सकारात्मक छैनन् । उच्चवर्गको प्रजापति कुनै पनि निम्नवर्गको व्यक्तिप्रति कहिल्यै र कतै पनि सकारात्मक छैन । प्रजापतिले आफ्नो घरको अगाडि धनेको छाप्रो हत्याउन नसकेपछि खरानीमा परिणत गर्ने कार्य गरेको छ ।

‘सत्यको बाटो’ कथामा सामन्त प्रजापतिले निम्नवर्गीय पात्र धनेलाई घरबासविहीन बनाएको छ भने भोका गाउँलेहरूलाई अपराधीको संज्ञा दिएको छ अनि माग्ने महिलाप्रति अपमानपूर्ण व्यवहार गरेको छ । यसले वर्गीय शक्तिसम्बन्धको सामन्तवादी स्वरूपलाई प्रकट गरेको छ । यी सबै कारणहरूले यस कथाको वर्गीय शक्तिसम्बन्ध असमान बनेको छ । यस प्रकारको शत्रुतापूर्ण वर्गीय शक्तिसम्बन्धका कारण निम्नवर्गका पात्रहरू अधीनस्थ अवस्थामा पुगेका छन् ।

कृष्णप्रसाद चापागाईद्वारा लेखिएको ‘दाङका थारू’ वर्गीय शक्तिसम्बन्धलाई विषय बनाएर लेखिएको कथा हो । यस कथाका सम्बन्धमा गुरुप्रसाद पोखरेलले यसरी लेखेका छन् : “ ‘दाङका थारू’ कथामा २००७ सालपछिको नेपाली समाजमा विद्यमान वर्गीय विभेद, वर्गसङ्घर्ष, वर्गीय शोषण, दमन र उत्पीडन तथा असमानतालाई देखाइएको छ । आर्थिक र सामाजिक रूपमा नेपाली समाजमा व्याप्त वर्गीय असमानता र त्यसबाट उत्पीडित निमुखाहरूको कारुणिक जीवनदशालाई यसमा चित्रण गरिएको छ” (पोखरेल, २०८०, पृ.११३) । यस कथामा हरुवा, भीखे, धिताल, गाउँलेहरू, धामी पात्रहरू रहेका छन् । धिताल एक मात्र उच्चवर्गको पात्र रहेको छ भने अन्य सबै निम्नवर्गका पात्रहरू रहेका छन् । समाजमा परम्परागत सामन्ती संरचनाका कारण धितालको उच्चवर्गीय प्रभुत्व कायम रहेको छ । त्यसकारण उच्चवर्गीय धिताल र अन्य पात्रहरूका बिचको वर्गीय शक्तिसम्बन्धले शत्रुतापूर्ण रूप धारण गरेको छ । धितालले सामन्ती जालझेल तथा षड्यन्त्रमूलक ढङ्गबाट सोझो थारू हरुवाको जिमिदारी हत्याएको छ । उसैमाथि चरम दमन र शोषण गरेको उच्चवर्गीय धितालले गाउँका अरू सबैप्रति पनि ज्यादै अन्याय गरेको छ । त्यसका विरुद्धमा निम्न वा श्रमिक वर्गका बिचको आपसी सम्बन्धले विकसित हुने अवसर पाएको छैन । यस कथाको प्रमुख पात्र हरुवा थारू भन्छ : “एकचोटि हैन हजारचोटि भनेँ, एकजनालाई होइन हजार जनालाई तर सबै व्यर्थ भो” (पृ.३६) । यस कथामा चरम अन्याय र जालझेलबाट प्रताडित भएको हरुवाले कैयौँपटक कैयौँ मानिसलाई भन्दा पनि कुनै सुनुवाइ नभएको अवस्था रहेको छ । यसले निम्नवर्गको आपसी सम्बन्धलाई कमजोर देखाएको छ । त्यसै कारण उच्चवर्गको स्वार्थपूर्तिमा सहजता भएको छ । गाउँका मानिसको चियोचर्चो गर्दै हरुवाका घरमा पुगेको

धितालले हरुवाकी विरामी श्रीमती र सानो छोरो सुतेको देखेपछि यसरी अन्याय गरेको छ : "दिन दोपहरमा हामीजस्ताले ता सुत्न पुग्दैन भने यी मुसाका काल थारूहरूलाई यत्रो चैन" (पृ.३९) । धितालले थारूको सानो छोरालाई एक लात हिर्काएको छ । हरुवाले सानो छोरोलाई बोकेर घर आएपछिको अवस्थालाई कथामा यसरी उल्लेख गरिएको छ : "भीखेलाई पल्लो गाउँबाट पिठ्युँमा बोकेर हरुवा आफ्नो घरभित्र पस्यो । चारैतिर भताभुङ्ग देख्यो । धान चामल हाल्ने घ्याम्पो फुटेको, भात पकाउने माटाको हाँडी टुक्रैटुक्रा, पानी खाने गाग्रो गग्रेटामा प्वाल परेको" (पृ.४०) । उल्लिखित सन्दर्भले वर्गीय प्रभुत्वकै आधारबाट प्राप्त शक्तिलाई साधन बनाएर उच्चवर्गले गरेको सामन्ती ढाँचाको अन्यायलाई प्रस्तुत गरेको छ । हरुवाको बालक छोरालाई लात्तले हानेर तथा हरुवाका घरका सबै भाँडाकुँडा फुटाएर धितालले अत्याचार गरेको छ । उसको यस कार्यले उच्च र निम्नवर्गका बिचको सम्बन्धलाई वैरभावपूर्ण बनाएको छ । सामन्त धितालकी छोरीको विवाहका लागि सबै थारूहरूले बिना पैसा नै दुध, दही, घिउ, दाउरा ल्याउनु पर्ने र आफ्नै खर्चले दस बाह्र दिनको बाटो हिँडेर सामान ल्याइदिनु पर्ने (पृ.३७) सन्दर्भले पनि सामन्तको र निम्नवर्गीय थारूहरूका बिचको वैरभावपूर्ण वर्गीय शक्तिसम्बन्धलाई उजागर गरेको छ । निरक्षर हरुवालाई जालझेलपूर्ण कागजमा औँठाछाप लगाउन लगाएर सम्पूर्ण जायजेथा हत्याउनु (पृ.३५), श्रीमती विरामी भएका समयमा उसलाई बिनाखर्च भारी बोक्न धेरै दिनको बाटो टाढा जान बाध्य बनाउनु (पृ.३८), विरामी श्रीमतीलाई गाली गर्नु (पृ.३९), गाउँका मानिसको चियोचर्चो गर्दै घर घर पुगेर कान निमोठ्नु (पृ.३८) आदि अन्यायपूर्ण कार्यहरू धितालबाट भएका छन् । उसका कारण हरुवालगायत सबै निम्नवर्गीय गाउँलेहरूको जीवन कष्टकर बनेको छ ।

'दाङका थारू' कथामा रहेको समाज पूर्ण रूपले परम्परागत सामन्ती संरचनामा आधारित छ । समाजमा भएका उत्पादनका साधन, वितरण प्रणाली, उपभोग र श्रममा उच्चवर्गकै स्वामित्व रहेको छ । उच्चवर्गको धितालले स्थापित संरचनाको ज्ञान, शक्ति र सत्तालाई प्रयोग गरेको छ । यसका माध्यमबाट सिङ्गो सामाजिक जीवनलाई अफ्नो वर्चस्वभित्र पारी उसले निरन्तर अन्याय गरेको छ । त्यसलाई समाजमा स्थापित परम्परगत सामन्ती ढाँचाको विमर्शात्मक संरचनाले वैधता प्रदान गरेको छ । त्यसकारण यस कथाको वर्गीय शक्तिसम्बन्ध शत्रुतापूर्ण बनेको स्पष्ट हुन्छ । यस प्रकारको शत्रुतापूर्ण वर्गीय सम्बन्ध नै असमान स्वरूपको वर्गीय शक्तिसम्बन्ध निर्माणको कारण बन्न पुगेको छ ।

गोविन्दप्रसाद लोहनीद्वारा लेखिएको 'नुनको सोझो' कथा उच्च र निम्नवर्गका बिचको असमान शक्तिसम्बन्धलाई देखाउने कथा हो । यस कथामा काले, कान्छा बाबु, कान्छी आमा, कर्णेल, कर्णेल्नी, विश्वास, साने र रामलाल पात्रहरू रहेका छन् । प्रस्तुत कथामा कर्णेल एक मात्र उच्चवर्गको पात्र हो भने अन्य सबै निम्नवर्गका पात्रहरू रहेका छन् । काले विगत ४६ वर्षदेखि कर्णेलको घरमा काम गरेर बसेको व्यक्ति हो । कर्णेल र कालेका बिचको सम्बन्ध मालिकको र नोकरको सम्बन्ध रहेको छ । कालेले जीवनभर कर्णेलको सेवा गरेको छ भने कर्णेलले जीवनभर उसको शोषण गरेर अन्त्यमा छोडिदिएको छ । त्यसकारण कर्णेल र कालेका बिचको वर्गीय शक्तिसम्बन्धले परम्परागत सामन्ती स्वरूप धारण गरेको छ । कथामा कर्णेल र कालेको भिन्न वर्ग

स्थितिका माध्यमबाट दुई भिन्न चरित्रलाई प्रस्तुत गरिएको छ । कालेले कर्णेलको घरमा काम गर्दा खपेका दुर्व्यवहारका विषयमा कथामा यसरी उल्लेख गरिएको छ :

> यो ४६ वर्षको बीचमा कति नोकर आए कति गए तर काले भने टिकिरहेकै थियो । कर्णेल साहेबका तीखा वचनलाई औषधीझैँ पिउँथ्यो । एकदिन कर्णेल साहेब कराउन लागेका थिए 'यो भाते बुढो रातदिन उँघिरहन्छ, कुन दिन पस्तछन् उसका बाजेहरू घरभित्र, चार माना खान्छ, काम भने यस्तो (पृ.११) ।

कथामा प्रस्तुत कर्णेलको यस भनाइबाट उसका घरमा काम गर्ने निम्नवर्गप्रतिको उसको रुखो व्यवहारलाई बुझ्न सकिन्छ । उसको घरमा काम गर्नेले उसको तिखो बचनलाई पनि सहनुपर्ने र खाना पनि पेटभरि खान नहुने अवस्थालाई देखाएको छ । कर्णेलको घरमा भएको चोरीबाट गहना जोगाउने क्रममा घाइते भएको कालेको खुट्टा नै काट्नु परेपछि अपाङ्ग भएसँगै काले कामबाट निकालिन्छ । "तैँले बुझिनस्, काले, अब तेरो हातबाट काम हुन्न, लङ्गडो छस्, बुढो भइस्, सित्तैमा मानिस पालेर साद्धे छैन" (पृ.१७) । कर्णेलको यस अभिव्यक्तिबाट निम्नवर्गको व्यक्तिले उच्चवर्गको सुरक्षा गर्न सक्दा मात्र काममा आउने तर त्यस क्रममा घाइते भएर कमजोर भए पनि फ्याँकिने अवस्थालाई चित्रण गरेको छ । उल्लिखित दुबै सन्दर्भले उच्चवर्गले निम्नवर्गप्रति गरेको अत्यन्त अमानवीय व्यवहारलाई देखाएको छ । त्यसै कारणले यस कथाको वर्गीय सम्बन्धले शत्रुतापूर्ण स्वरूप धारण गरेको छ ।

'नुनको सोझो' कथा परम्परागत सामन्तवादी विमर्शात्मक संरचनामा आधारित कथा हो । यस कथामा उच्चवर्गीय कर्णेल र निम्नवर्गीय काले प्रमुख भूमिकामा रहेका छन् । यी दुई पात्रका बिचको वर्गीय सम्बन्धले शोषक र शोषितको स्वरूप धारण गरेको छ । समाजभित्र परम्परागत रूपमा नै सामन्ती प्रभुत्व कायम रहेको छ । यसले कथामा रहेको वर्गीय शक्तिसम्बन्धलाई असमान बनाएको छ । त्यसकारण उत्पादनका साधन, वितरण र श्रममा उच्चवर्गको पूर्णवर्चस्व रहेको छ । त्यसले निम्नवर्गको काले वर्गीय उत्पीडनमा परेको छ । सामन्तवादमा वर्गसम्बन्ध दमनकारी र दमित प्रकृतिको हुने र दमित वर्गले दमनकारी वर्गसँग वैरभावपूर्ण सम्बन्ध राख्ने वर्गीय मान्यता यस कथामा प्रस्तुत भएको छ । यस प्रकारको शत्रुतापूर्ण सम्बन्धकै कारण निम्नवर्गका पात्रहरूमाथि उच्चवर्गको अधीनस्थता कायम भएको छ ।

बल्लभमणि दाहालद्वारा लेखिएको 'सहीको सही' वर्गीय शक्तिसम्बन्धमा आधारित कथा हो । यस कथामा काले भुजेल, भुजेल्नी, मुखिया, मुखिनी, कान्छो, चुर्से र गाउँलेहरू पात्र रहेका छन् । उक्त पात्रहरूमध्ये मुखिया, मुखिनी र कान्छो उच्चवर्गका हुन् भने अन्य पात्रहरू निम्नवर्गका छन् । वर्गीय सम्बन्धका दृष्टिले मुखिया समाजको सामन्त हो भने काले भुजेल सामान्य किसान हो । त्यसकारण यी दुईका बिचमा सामन्त र श्रमिकको बिचमा हुने असमान शक्तिसम्बन्ध रहेको छ । यसले कथाको वर्गीय शक्तिसम्बन्धलाई सामन्तवादी स्वरूपमा स्थापित गरेको छ । सत्तासँगको निकट सम्बन्धका कारण शक्तिशाली बनेको मुखियाले निम्नवर्गको काले भुजेलमाथि चरम दमन र शोषण गरेको छ । मुखियाको निम्नवर्गसँगको सामन्ती सम्बन्धलाई कथाकारले निम्नानुसार उल्लेख

गरेका छन् : “सूर्य आकाशको बीचमा पुगेको छ । मानूँ धनीले गरिबलाई सताएजस्तो । सूर्यले पनि उच्च शिखरभन्दा होचो त्यो औलो खोंच देखेर आफ्नो तीक्ष्ण किरण फैलाएर अत्याचार र क्रूरताको परिचय दिइ रहेछ” (पृ.१६) । यस सन्दर्भले प्रस्तुत कथामा रहेको मुखियाले काले भुजेलमाथि गरेको क्रूरतापूर्ण व्यवहारलाई प्रस्तुत गरेको छ । कालेका घरमा खानेकुरा केही नहुँदा पनि भुजेल्नीको सल्लाहमा ऊ मुखियासँग ऋण माग्न जाने आँट गर्दैन । ऊ भुजेल्नीको सल्लाहलाई नकार्दै भन्छ “नकरा तँ बजिनी पनि तेरा मुखियालाई केही रिझाउनु ओर्नु पर्दैन । अस्ति माथ्ला घरका माहिलालाई मुख फर्कायो भनेर कुटेको आजसम्म उठेको छैन । मलाई पनि बाघका मुखमा सरासर पठाउन खोज्छेस् ? मैले कुटाइ खाएँ भने खाने थिइस् ठुलो भाग” (पृ.१८) । काले भुजेलको यस भनाइले मुखियाले सबैलाई सजाय दिने गरेको परम्परालाई व्यक्त गरेको छ । त्यसकारण नै मुखिया र निम्नवर्गका व्यक्तिहरूका बिचको सम्बन्ध बाघ र अन्य प्राणीको जस्तो बनेको छ । स्थापित सामन्ती सत्ताको विमर्शका आधारमा मुखियाले गरेको अमानवीय व्यवहारलाई कथामा यसरी प्रस्तुत गरिएको छ : “मुखियाको भुँडी हनुमानको ढोकाको दमाहासँग स्पर्धा राख्दछ । सारा गरिब जतिको रगत मासु भूँडे मुखियाको शरीरमा थुप्रिएको थियो” (पृ.१९) । यस सन्दर्भले पनि मुखियाले निम्नवर्गमाथि गरेको अन्यायपूर्ण व्यवहारलाई चिनाएको छ । उल्लिखित सबै सन्दर्भहरूले यस कथामा उच्चवर्गको मुखियाले निम्नवर्गका पात्रहरूप्रति गरेको अन्यायपूर्ण कार्यलाई देखाएका छन् । यसले विवेच्य कथामा रहेको असन्तुलित स्वरूपको वर्गीय शक्तिसम्बन्धलाई देखाएको छ ।

‘सहीको सही’ कथाको विमर्शात्मक संरचना पूर्ण रूपमा परम्परागत सामन्तवादी स्वरूपको छ । मुखिया समाजको केन्द्रमा रहेको हुनाले सामाजिक सत्ता पनि उसकै अधीनमा रहेको छ । त्यसलाई शक्तिका रूपमा प्रयोग गरेर मुखियाले निम्नवर्गप्रति निरन्तर दमन र शोषण गरेको छ । त्यसले समाजमा रहेका दुई भिन्न वर्गहरूलाई दमनकारी र दमित वा शोषक र शोषितको स्थानमा पुऱ्याएको छ । उत्पादनका साधन, वितरण प्रणाली, न्याय र संस्कृति सबै मुखियाकै अधीनस्थ छन् । यसले निम्नवर्गलाई जीवन बाँच्नका लागि आवश्यक सबै कुराबाट अलग पारेको छ । कथाको प्रारम्भदेखि अन्त्यसम्म निरन्तर मुखियाको दमन कठोर बन्दै गएको छ । त्यसकारण यस कथाको वर्गीय शक्तिसम्बन्ध शत्रुतापूर्ण बनेको छ । उक्त शत्रुतापूर्ण सम्बन्धकै कारण निम्नवर्गको काले भुजेलको मृत्यु भएको छ भने उसकी बिरामी श्रीमती तथा बालक छोराछोरी अधीनस्थ अवस्थामा पुगेका छन् ।

श्यामप्रसाद अधिकारीद्वारा लेखिएको ‘शान्तिको खोजमा’ कथामा असन्तुलित स्वरूपको वर्गीय शक्तिसम्बन्ध रहेको छ । यस कथामा ‘म’, सोनमा, काजी र दूत पात्रहरू रहेका छन् । यी पात्रहरूमध्ये काजीले उच्चवर्गको प्रतिनिधित्व गरेको छ भने अरू सबै पात्रहरू निम्नवर्गका छन् । समाजमा स्थापित विभेदकारी ढाँचाको सामन्ती संरचनाका कारण यस कथाको वर्गीय शक्तिसम्बन्धले वैरभावपूर्ण स्वरूप धारण गरेको छ । काजी गाउँको धनी तथा सामन्त वर्गको पात्र हो । उसको सत्तासम्बन्ध र प्रभुत्वका बारेमा कथामा यसरी बताइएको छ :

> काजी बाजे गाउँका सबैभन्दा ठुला, मान पाएका, इज्जत पाएका, कोनी कुन चाहिं मन्त्रीज्यूलाई दौडाहामा रिझाएका हुनाले लप्टनसम्मको जागिर खाई बसेका व्यक्ति थिए । सारा गाउँ उनकै महाजनीमा चल्थ्यो । उनको अनुमतिविना गाउँमा केही हुन सक्दैनथ्यो । अनि उनका विरुद्ध कसैले चुइँक्क पनि गरेको छ भने जन्मभरि नत्र वर्ष, दुईवर्षसम्म भए पनि झ्याल खानाको हावा त खानै पर्थ्यो । पोहोरकै कुरा त हो नि एउटा आसामीलाई 'ब्याज अलि कम गरी पाऊँ' भनी विन्ती चढाए वापत कैद खानु परेको थियो (पृ.५७-५८) ।

कथामा प्रस्तुत यस सन्दर्भले काजीको प्रभुत्व र सत्तासम्बन्धलाई स्पष्ट पारेको छ । यही प्रभुत्व र सत्ताको शक्तिलाई प्रयोग गरेर काजीले निम्नवर्गमाथि प्रभाव विस्तार गरेको छ । त्यस क्रममा यस कथाको निम्नवर्गीय प्रमुख पात्र सोनमालाई काजीले आजीवन आफ्नो हितमा प्रयोग गरेको छ । बुढेसकालमा एक्लो र असहाय बनेको सोनमालाई आफ्नो परालबाट समेत हटाउन काजीले गरेको कार्यलाई कथामा निम्न लिखितअनुसार उल्लेख गरिएको छ :

> काजी बाजेको बैठक घरको नजिक एउटा ठुलो अँगेनो थियो । विचरो सोनमा भर-दिन भीख माग्थ्यो, राति चाहिं उसकै परालको थुप्रोमा गई घुस्रिन्थ्यो र जब उसलाई ज्यादा जाडेको अनुभव हुन्थ्यो, ऊ त्यही अँगेनो (घूर) मा गई आगोको शरण लिन्थ्यो । तर अब काजीले उसलाई त्यहाँबाट पनि धपाउन लाएछन्, किन ? किनकि ऊ भर-रात खोस्री-खोस्री आगो निभाइदिन्थ्यो । अनि 'ख्वाक ख्वाक' खोकी चारैतिर थुक र खकार पारिदिन्थ्यो । अनि फेरि उसको खोकाइले काजी बाजेको निन्द्रामा बाधा पर्न जान्थ्यो रे (पृ.६१-६२) ।

कथामा प्रस्तुत यस सन्दर्भले तत्कालीन समाजमा रहेको सामन्तवादी स्वरूपको वर्गीय शक्तिसम्बन्धलाई प्रकाश पारेको छ । काजीले निम्नवर्गलाई प्रयोगको वस्तु बनाएको र काम सकिएपछि फ्याँकेको तथ्यलाई उजागर गरेको छ । यसरी प्रस्तुत कथामा उच्चवर्गीय काजीले निम्नवर्गमाथि गरेको अन्यायकै कारण वर्गीय शक्तिसम्बन्ध धमिलिन पुगेको छ । त्यसले निम्नवर्गको सोनमा उत्पीडनमा परेको छ ।

'शान्तिको खोजमा' कथाको विमर्शात्मक संरचना पूर्ण रूपमा परम्परागत सामन्तवादी स्वरूपको छ । काजी समाजको केन्द्रमा रहेकै कारण सामाजिक सत्ता पनि उसकै अधीनमा छ । त्यसलाई शक्तिका रूपमा प्रयोग गरेर काजीले निम्नवर्गप्रति निरन्तर दमन र शोषण गरेको छ । त्यसले समाजमा रहेका उच्च र निम्नवर्गहरूलाई शोषक र शोषितको स्थानमा पुऱ्याएको छ । उत्पादनका साधन, वितरण प्रणाली, न्याय र संस्कृति सबै काजीकै अधीनस्थ छन् । यसले निम्नवर्गलाई जीवन बाँच्नका लागि आवश्यक सबै कुराबाट अलग पारेको छ । कथाको प्रारम्भदेखि अन्त्यसम्म निरन्तर काजीको दमन र शोषण झनझन कठोर बन्दै गएको छ । त्यसकारण यस कथाको वर्गीय शक्तिसम्बन्ध शत्रुतापूर्ण बनेको छ । उक्त शत्रुतापूर्ण सम्बन्धकै कारण निम्नवर्गको सोनमा अधीनस्थ अवस्थामा पुगेको छ ।

एम.बी. खत्रीद्वारा लेखिएको 'षड्यन्त्र' कथा असमान वर्गीय शक्तिसम्बन्धमा आधारित कथा हो । यस कथामा काले, बाबु साहेब, घले, चङ्खे, सर्किनी, सिपाही र अड्डाको हाकिम पात्रहरू रहेका छन् । उक्त पात्रहरूमध्ये बाबु साहेब र हाकिम उच्चवर्गको प्रतिनिधित्व गर्ने पात्रहरू हुन् भने अन्य सबै पात्रहरूले निम्नवर्गको प्रतिनिधित्व गरेका छन् । कथामा स्थापित सामन्तवादी स्वरूपको विमर्शात्मक संरचनाले विभेद, दमन र शोषणको सामाजिक आधार निर्माण गरेको छ । त्यसकै बलमा यस कथाको उच्चवर्गीय पात्र बाबु साहेबले निम्नवर्गीय पात्र कालेलाई जालझेलपूर्ण ढङ्गले गाउँबाट उठिबास लगाएर जेलको बास गराएको छ । त्यस क्रममा उसले कालेलाई गाउँबाट हटाउन गरेको षड्यन्त्रलाई कथामा यसरी प्रस्तुत गरिएको छ : "तँलाई एउटा राम्रो कुरो सुनाउनलाई डाक्न पठाएको हुँ, काले । आजकल लडाँइ चलेको बेला छ, तँजस्तो लायक मानिस पाए त तुरुन्त भर्ना गर्लान् भन्ने मेरो अड्कल छ । तलपको ओइरो लाग्छ । काम सकिएपछि पिन्सिन पनि पाक्छ । कसो त जान्छस् " (पृ.४२) ? कथामा प्रस्तुत बाबु साहेबको यस भनाइले तत्कालीन समाजमा रहेको सामन्ती प्रकृतिको उच्च वर्गीय षड्यन्त्रलाई प्रकाश पारेको छ । यसबाट बाबु साहेबले कालेलाई गाउँबाट हटाउन चाहेको स्पष्ट हुन्छ । कालेले यस कुरालाई अस्वीकार गरेपछि बाबु साहेबले चङ्खे दमाईको सहयोग लिएर दमिनीमाथि हातपात गरेको आरोपमा कालेलाई पक्राउ गरेको छ । त्यसपछि जेलबाट छुटाइदिने नाममा कालेको सम्पूर्ण जायजेथा हात पारी उसलाई जेलमा सडाएको छ । यी सबै कार्यका पछाडि कालेको अत्यन्त उर्वर चार रोपनी जग्गा हत्याउने बाबु साहेबको प्रयास कारण बनेको छ । त्यसलाई उसले सत्तासम्बन्धका बलमा षड्यन्त्रका माध्यमबाट पूरा गरेको छ ।

'षड्यन्त्र' कथामा परम्परागत सामन्तवादी स्वरूपको विमर्शात्मक संरचना सामाजिक क्षेत्रमा स्थापित रहेको छ । त्यसले सामाजिक, आर्थिक, सांस्कृतिक आदि क्षेत्रमा उच्चवर्गीय प्रभुत्वलाई भरणपोषण गरेको छ । यस कथाको उच्चवर्गले साम, दाम, दण्ड, भेदको प्रयोग गरी निम्नवर्गको उत्पादनका साधन हडप्ने प्रयास गरेको छ । यसरी उत्पादनका साधनमाथिको उच्चवर्गीय वर्चस्व कायम गर्ने प्रयास भएको हुनाले सामन्तवादी ढाँचाको वर्गीय शक्तिसम्बन्ध कथामा प्रस्तुत भएको छ । सामन्त बाबु साहेबको निरन्तरको शोषण तथा षड्यन्त्रका कारण उक्त वर्गीय शक्तिसम्बन्धले शत्रुतापूर्ण स्वरूप धारण गरेको छ । त्यसलाई समाजमा स्थापित परम्परागत सामन्ती स्वरूपको विमर्शात्मक संरचनाले वैधता प्रदान गरेको छ । त्यसै कारणले यस कथाको निम्नवर्गको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

तेजबहादुर प्रसाईंद्वारा लेखिएको 'झोपडीको आँसु' निम्न र उच्चवर्गका बिचको असमान शक्तिसम्बन्धलाई अभिव्यक्त गर्ने कथा हो । यस कथामा हर्के, रानी, काजी, मैया, मालिकनी, गाउँलेहरू र नोकर पात्रहरू रहेका छन् । उक्त पात्रहरूमध्ये काजी, मैयाँ र मालिकनीले उच्चवर्गको प्रतिनिधित्व गरेका छन् भने अन्य सबै पात्रहरू निम्नवर्गका रहेका छन् । कथाको सामाजिक परिवेशमा परम्परागत ढाँचाको सामन्तवादी असन्तुलित शक्तिसम्बन्ध रहेको छ । त्यसले उच्चवर्गलाई विभेदकारी तथा उत्पीडनकारी बनाएको छ भने निम्नवर्गलाई उत्पीडनमा पारेको छ । यस कथामा अभिजात वर्गीय काजी परिवारले गरेको अमानवीय व्यवहारका कारण वर्गीय सम्बन्धमा शत्रुता कायम भएको छ । उच्चवर्गको काजीकी छोरी मैयाँले निम्नवर्गकी रानीलाई

धारामा हकार्दै भन्छे : "तँ र म एकै हौँ ? तँ एक गरिब नोकरकी छोरी !" मैयाँ साहेब दाह्रा किट्दै कड्किन- "मैयाँ साहेब भनेर बोलाउनू, बुझिस् ? नत्र लबटा खालिस्" (पृ.८८) । काजीकी छोरीको यस अभिव्यक्तिबाट प्रस्तुत कथाको वर्गीय शक्तिसम्बन्ध सामन्ती ढाँचाको रहेको देखिन्छ । त्यसैगरी काजीले हर्केलाई तर्साउने मनसायका साथ भनेको छ "हर्के, तँ आफ्नी छोरीलाई तहमा राख ! सुन्दछु, गाउँमा धेरै बढेकी छ रे ! मेरा छोरीहरूसँग मुखमुखै लाग्छे रे, जे पायो सोही बक्छे रे ! यो राम्रो हुने छैन, हर्के" (पृ.८९) । काजीको यस भनाइबाट पनि उच्चवर्गको विभेदकारी अभिप्राय प्रकट भएको छ । यसले एउटै समाजमा बसेका दुई वर्गका बिचको सम्बन्धमा गतिरोध पैदा गरेको छ । अभिजात वर्गीय कथनी र करणीमा मात्र होइन निम्नवर्गीय सोचमा समेत दुई वर्गका बिचमा भिन्नता छ भन्ने कुरालाई कथामा हर्केका माध्यमबाट यसरी प्रस्तुत गरिएको छ । आफ्नी अबोध छोरीको "बा मालिक साहेबका छोरीलाई किन मैयाँ साहेब भन्नु ? उनीहरूलाई तिमी भन्नु हुँदैन" (पृ.९०) ? भन्ने जिज्ञासालाई शान्त पार्दै हर्केले भनेको छ "रानी, मालिक साहेबका छोरीहरूलाई 'मैयाँ साहेब' भन्नुपर्छ, छोरालाई 'काजी साहेब' ! उनीहरूसँग बोल्दा 'हजुर', 'बक्सियोस्' भन्नुपर्छ बुझिस् ? उनीहरूको र हाम्रो भाषा भिन्नै छ । उनीहरूको भाषामा बाबुलाई 'बुबा' भन्छन्, आमालाई मुमा" (पृ.९०) । भाषामा देखिने यस प्रकारको विभेदयुक्त आदरभावले उक्त समाजको सामन्ती स्वरूपको असन्तुलित वर्गीय शक्तिसम्बन्धलाई स्पष्ट पारेको छ । यसरी प्रस्तुत कथामा उच्चवर्गले पाइला पाइलामा निम्नवर्गप्रति गरेको अमानवीय व्यवहारका कारण वर्गीय शक्तिसम्बन्ध जटिल अवस्थामा पुगेको छ ।

'झोपडीको आँसु' कथामा परम्परागत सामन्ती स्वरूपको सामाजिक परिवेश निर्माण गरिएको छ । यस कथामा भएको वर्गीय असमानता तथा दमनका सम्बन्धमा गुरुप्रसाद पोखरेलले यसरी लेखेका छन् : "तत्कालीन नेपाली समाजमा रहेको असमानता, गरिबी, उच्चवर्गको थिचोमिचो र त्यसबाट निम्नवर्गको कहालीलाग्दो जीवन सन्दर्भलाई चित्रण गरिएको छ" (पोखरेल, २०८०, पृ.११४) । त्यसले समाजका सबै क्षेत्रमा उच्चवर्गको वर्चस्व स्थापित गरेको छ । उत्पादनका साधन र न्यायमा उच्चवर्गकै प्रभुत्व रहेको छ । त्यसकै बलमा निम्नवर्गमाथि विभेद, दमन र शोषण भएको छ । यसरी उच्चवर्ग दमनकारी भएकै कारण निम्नवर्ग उत्पीडनमा परेको छ । यसो हुनुमा तत्कालीन समाजमा स्थापित सामन्ती ढाँचाको विमर्शात्मक संरचना कारक बनेको छ । उच्चवर्गका यस्तै घृणित कार्यका कारण हर्केले आफ्नो थातथलो छोडेर रातारात भाग्नु परेको छ । त्यसैले निम्नवर्गको जीवनको अवस्था अत्यन्त कारुणिक हुन पुगेको छ ।

श्याम अधिकारीद्वारा लेखिएको 'साह्रोगाह्रो र छेकोभाँजो' वर्ग वर्गका बिचको असमान शक्तिसम्बन्धलाई विषय बनाएर लेखिएको कथा हो । यस कथामा जनकु, भजना, साहु, रधिका, नथुनिया, सिपाही, हाकिम र कप्तान पात्रहरू रहेका छन् । यस कथामा साहु, कप्तान र हाकिमले उच्चवर्गको प्रतिनिधित्व गरेका छन् भने अन्य सबै पात्रहरू निम्नवर्गका प्रतिनिधित्व गर्छन् । कथाको समाजमा सामन्तवादी विमर्शात्मक संरचना निर्णायक तहमा रहेको छ । त्यसकारण उच्चवर्ग उत्पीडक र निम्नवर्ग उत्पीडित अवस्थामा रहेका छन् । उच्च र निम्नवर्गका बिचमा

भएका व्यवहारबाट यस कथाको शत्रुतापूर्ण वर्गीय शक्तिसम्बन्धलाई देख्न सकिन्छ । कथामा प्रस्तुत भजनाको निम्न कथनबाट भजना र साहुका बिचको वर्गीय शक्तिसम्बन्ध झल्किएको छ :

> एकातिर आमा रोगले गाँजिएर जीवनका बाँकी घडी गनिरहेकी थिइन् । अर्कोतिर महाजनको रिन, बीस मन धान तिर्नु थियो । त्यो पनि बाले खाएको । उनको हातको ल्याप्चे सही समेत थियो रे तमसुकमा । माघको त्यस कठ्याङ्ग्रिदो जाडोमा आमाले लुग-लुग कामी आँखा चिम्लिन लागेकी थिइन् अनि अरूहरूका लागि लुगाफाटोको ता के कुरा, एकमुठी अन्नसम्म तुल्याउन सकेको थिइनँ । साहुको घर 'बाघको घर' थियो, मेरा लागि । दोटा मुसलडण्डे जुँगे पठाएको थियो, समात्न भनी । तिनको आसिक पाइसकेको थिएँ । यही पन्ध्र दिनभित्रै ब्याजसहित साउँ धान हाँजिर हुन नसके तँलाई नै पाता कसी अनि तेरा घर-बारी दोटै .... (पृ.८६) ।

कथामा प्रस्तुत यस सन्दर्भबाट तत्कालीन समाजमा रहेको दमनकारी सामन्ती ढाँचाको असन्तुलित वर्गीय शक्तिसम्बन्ध व्यक्त भएको छ । भजनाको यस कथनबाट उच्चवर्गले निम्नवर्गप्रति पुस्तौँपुस्तामा गरेको अमानवीय व्यवहार झल्काएको छ । ल्याप्चे सहीलाई आधार बनाएर घरबारी हडप्ने उच्चवर्गको चाहना प्रस्ट पारेको छ । साहुको घर नै बाघको घरजस्तो भएकाले उच्चवर्गलाई हिंस्रक जनावरका रूपमा प्रस्तुत गरेको छ । यसले भजना र साहुका बिचको शत्रुतापूर्ण सम्बन्धलाई व्यक्त गरेको छ । त्यसैगरी कथामा भजनाले व्यक्त गरेको अर्को कथनलाई पनि उनीहरूका बिचको सम्बन्ध मापन गर्ने आधार बनाउन सकिन्छ :

> अँ, पन्ध्र दिने भाकाले मलाई सतायो । फेरि काम पाइन्छ कि भनी सबैका सिकुवामा पुगेँ तर कसैले फर्केर पनि नहेर्दा म हरेसाएँ । केही उपाय देखिनँ । घरका जहानका चिन्ताले सतायो । उता साहुले घरबारी खोसेको सपना देखेँ । घर फर्कने इच्छा भयो तर खाली हात ? जसरी आएँ उसै ? साहुले जिउँदै छाड्ला ? मनमा कुराहरू सँगालिन थाले (पृ.८७) ।

भजनाको यस कथनले पनि उसले घर छोड्नु परेको, खाली हात घर फर्कन नसकेको, हरेस खानु परेको, बेघरबार हुने अवस्था सिर्जना भएको जस्ता समस्यालाई प्रस्तुत गरेको छ । यी सबैको कारकका रूपमा शत्रुतापूर्ण र असन्तुलित वर्गीय शक्तिसम्बन्ध देखापरेको छ । त्यसैगरी कप्तानको घरमा चोरी भएकै कारण उसले सम्पूर्ण शक्ति लगाएर भजनालाई पक्राउ गरेको छ । हाकिमले भजनाको वास्तविकतालाई वेवास्ता गरी दुई वर्षको जेल सजाय दिएको छ । समग्रमा हेर्दा उच्चवर्गीय साहु, कप्तान र हाकिम सबै पात्रहरूले निम्नवर्गको भजनासँग शत्रुतापूर्ण व्यवहार गरेकै कारण यस कथाको वर्गीय शक्तिसम्बन्ध सुमधुर हुन सकेको छैन । यसबाट निम्नवर्गीय भजनाको जीवन उत्पीडनमा परेको छ ।

'साह्रोगाह्रो र छेकोभाँजो' कथाको विमर्शात्मक संरचना पूर्ण रूपमा परम्परागत सामन्तवादी स्वरूपको छ । साहु, कप्तान र हाकिम यस कथामा समाजको केन्द्रमा रहेका छन् । त्यसकारण सामाजिक सत्ता पनि उनीहरूकै नियन्त्रणमा छ । त्यसलाई प्रयोग गरेर उच्चवर्गले निम्न भजनाप्रति गाउँ अनि सहर दुबैतिर दमन र शोषण गरेको छ । त्यसले समाजमा रहेको सामन्तवादी शोषणको चर्को स्वरूपमाथि प्रकाश पारेको छ । उत्पादनका साधन, उपभोग, वितरण प्रणाली, न्याय र संस्कृति सबैमा उच्चवर्गकै वर्चस्व रहेको छ । यसले निम्नवर्गलाई जीवन बाँच्नका लागि आवश्यक सबै कुराबाट अलग पारेको छ । कथाको प्रारम्भदेखि अन्त्यसम्म गाउँ र सहर सबैतिर उच्चवर्गको दमन र शोषण झन् झन् कठोर बन्दै गएको छ । त्यसले भजनालाई उत्पीडनमा पारी अत्यन्तै विकराल र पूर्णअधीनस्थ अवस्था सिर्जना गरेको छ । त्यसकारण यस कथाको वर्गीय शक्तिसम्बन्ध शत्रुतापूर्ण बनेको छ । उक्त शत्रुतापूर्ण सम्बन्धकै कारण निम्नवर्गको भजना अधीनस्थ अवस्थामा पुगेको छ ।

माधव भँडारीको 'खेतीको फल' सामन्तवादी ढाँचाको र असमान शक्तिसम्बन्धलाई विषय बनाई लेखिएको कथा हो । यस कथामा बलबहादुर, मनमाया, मुखिया गंगानाथ, सिपाहीहरू र गाउँलेहरू पात्रहरू रहेका छन् । यी पात्रहरूमध्ये मुखिया उच्चवर्गको, सिपाहीहरू मुखियाकै सहयोगी र अन्य सबै पात्रहरू निम्नवर्गका रहेका छन् । कथाको सामाजिक धरातल परम्परागत सामन्ती स्वरूपको विर्मशात्मक संरचनाबाट पूर्ण रूपमा प्रभावित रहेको छ । त्यसकारण उच्चवर्गको स्वरूप दमनकारी प्रकृतिको छ भने निम्नवर्ग दमित अवस्थामा रहन विवश छ । त्यसकारण यी विपरीतधर्मी वर्गका पात्रहरूका बिचको सम्बन्ध सामन्ती परम्पराबाट निर्देशित रहेको छ । त्यसलाई प्रमाणित गर्नेगरी मुखियाले बलबहादुरको परिवारमाथि गरेको अन्यायलाई कथाकारले यसरी प्रस्ट पारेका छन् :

> जग्गा थियो, जमिन थियो तर उसको आफ्नो केही थिएन । दुई वर्षअघि नै सबै मुखिया गंगानाथको हातमा परिसकेको थियो । उसका बाबुले नै मुखियाको २५० ऋण खाएको थियो रे, त्यसको ब्याज बढ्दै जाँदा ७०० भएर दुई वर्ष पहिले त्यो जग्गा-जमिन सबै मुखियाका पास भएको थियो, तर बलबहादुरको अन्त कहीँ जाने ठाउँ थिएन, त्यसैले ऊ त्यहीँ बारीमा पाँच मुरी तनाम कबोलेर बसेको थियो (पृ.४९) ।

कथामा प्रस्तुत यस सन्दर्भले तत्कालीन समाजमा रहेको सामन्तवादी स्वरूपको असन्तुलित वर्गीय शक्तिसम्बन्धमाथि प्रकाश पारेको छ । यसले मुखियाले ऋणमा लगाएको ब्याज र त्यसका माध्यमबाट घरबारी हडपेको विषय प्रकट गरेको छ । सामन्तवादमा रहेको चक्रवर्ती ब्याजको व्यवस्था र त्यसका माध्यमबाट घरबारी हडप्ने प्रथालाई कथामा साकार स्वरूप प्रदान गरिएको छ । त्यसभन्दा अगाडि बढ्दै जाँदा मुखियाले बारीमा कम फल्दा पनि तनाम नघटाउने तर एक साल बढी फल्ने बित्तिकै तनाम बढाउने कार्य गरेको छ । तनाम बढाएको साल कम फलेपछि बलबहादुरले बढेको तनाम तिर्न नसक्दा घरबाट निकालेको मात्र छैन, उसलाई काठ काटेको मुद्दामा फसाएर जेल हालेको छ । यसरी प्रस्तुत कथाको उच्चवर्गीय पात्र मुखियाले निम्नवर्गको

बलबहादुरलाई घरबास उठाएर, श्रमशोषण गरेर अनि षड्यन्त्रपूर्वक जेल पठाएर चरम अन्याय गरेको हुनाले उनीहरू बिचको वर्गीय सम्बन्ध वैरभावपूर्ण बनेको छ । यसले बलबहादुरको जीवन चरम उत्पीडनमा परेको छ ।

'खेतीको फल' कथामा परम्परागत ढाँचाको सामन्तवादी सामाजिक विमर्शात्मका संरचना रहेको छ । त्यसकारण समाजका सम्पूर्ण वस्तुमाथि उच्चवर्गीय प्रभुत्व कायम भएको छ । त्यस्तो अवस्थामा दुई वर्गका बिचमा दमनकारी र दमितको असमान वर्गीय शक्तिसम्बन्ध कायम भएको छ । त्यसका लागि निम्नवर्गको दमन गर्ने उद्देश्यबाट प्रेरित भएर सत्ताको दुरूपयोग गरिएको छ । उच्चवर्गीय सामाजिक सत्ताको सम्बन्ध राज्यसत्तासम्म विस्तारित भएकै कारण निम्नवर्ग निरुपाय भएको छ । वर्गविभेदका माध्यमबाट उच्चवर्गलाई ठिक र निम्नवर्गलाई गलत सावित गरिएकै कारण निम्नवर्ग विभेद, दमन र शोषणको सिकार भएको छ । यसले उच्च र निम्नवर्गका बिचमा शत्रुतापूर्ण सम्बन्धको निर्माण भएको छ । यही वैरभावपूर्ण वर्गीय शक्तिसम्बन्धकै कारण यस कथाको निम्नवर्गको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

दलभञ्जन कार्कीद्वारा लेखिएको 'विदा' कथा निम्नवर्गीय पात्रको जीवनमा आधारित भएर रचना गरिएको कथा हो । यस कथामा भएको असमान वर्गीय सम्बन्धका विषयमा गुरुप्रसाद पोखरेलले लेखेका छन् : "बिदा कथामा उच्चवर्गबाट निम्नवर्गमाथि भएको विभेदजन्य, उत्पीडनकारी र अमानवीय अत्याचारलाई वर्गीय सम्बन्धका रूपमा प्रस्तुत गरिएको छ । २०१७ सालपूर्वका सामन्ती नेपाली समाजमा विद्यमान आर्थिक अवस्था र त्यसले निम्नवर्गीय जनजीवनमा पारेको नकारात्मक प्रभावलाई यस कथामा देखाइएको छ" (पोखरेल, २०८०, पृ.११८) । त्यसकारण यो सामाजिक अन्यायमा आधारित वर्गीय समस्याप्रधान कथा हो । यस कथामा चङ्खे, रामे र मुखिया पूर्णदास पात्रहरू रहेका छन् । उक्त पात्रहरूमध्ये चङ्खे र रामे सीमान्तीकृत वर्गका अनि मुखिया पूर्णदास सामन्त वर्गको प्रतिनिधित्व गर्ने पात्र हुन् । यस कथाको सामाजिक धरातलमा मुखिया र चङ्खे मालिक र नोकरका रूपमा कार्यरत छन् । यी दुबै पात्रको वर्गीय सम्बन्ध विपरीतधर्मी स्वार्थमा आधारित छ । यस कथाभित्र तत्कालीन समाजमा रहेको सामन्ती ढाँचाको विमर्शात्मक संरचनाका कारण भएका विभेद, दमन र शोषणलाई विन्यास गरिएको छ । त्यसकारण पात्रहरूको भूमिकामा देखिएको विपरीत प्रकारको उपस्थितिकै कारण यस कथाको वर्गीय शक्तिसम्बन्धले सामन्ती स्वरूप धारण गरेको छ । सामन्त पूर्णदासले निम्नवर्गको चङ्खेमाथि गरेको ज्यादतीपूर्ण कार्यले यस कथाको असन्तुलित वर्गीय शक्तिसम्बन्धलाई यसरी उजागर गरेको छ :

> यो फटाहाको घरलाई ता डँडाल्नाको छाला जाउन्जेल घरर घिसारेर ल्याएको भए पनि हुन्थ्यो । बदमास ! कहाँको उल्लु साहुमारा, बाबुजस्तै सोझो होला त नि, बाबु मर्ने बित्तिकै किन खेत खोस्नु, पाथीनाली कमाई गरेर खाओस् भन्ठानेर चुप लागी जग्गा पजनी नगरी कमाउन दिएको ता, बडा साहुमारा ! हामीलाई ता टेरपुच्छरै लाउँदो रहेनछ ए ! ए ठगाहा ! थाहा छ, तेरो बाबु कस्तो सोझो थियो ? धान काट्ने बित्तिकै मेरो

घरसम्म धान बोकेर ल्याइदिन्थ्यो । ज्यालाको साटो १-२ माना पिठो लिन्थ्यो । त्यस्ताको छोरो, कहाँको बेइमान ? कूत बाँकीको त्यो दुई मुरी धान आजसम्म तिर्ने वास्तै छैन (पृ.५९) ।

कथामा प्रस्तुत भएको यस सन्दर्भबाट तत्कालीन समाजमा रहेको दमनकारी सामन्ती स्वरूपको वर्गीय शक्तिसम्बन्ध प्रकट भएको छ । यहाँ मुखियाले चङ्खेको परिवारलाई पुस्तौँपुस्तादेखि नै शोषण गरेको पुष्टि हुन्छ । काट्ने बित्तिकै धान पुऱ्याइदिँदा र १-२ माना पिठामै ज्याला पूरा हुँदासम्म वर्गीय शक्तिसम्बन्ध सन्तुलित रहेको देखिन्छ । निम्नवर्गले कूत बुझाउन केही ढिलो मात्र हुँदा उक्त वर्गीय शक्तिसम्बन्धको शत्रुतापूर्ण र दमनकारी स्वरूप प्रकट भएको छ । त्यसैगरी मुखिया पूर्णदासको कारिन्दा बनेर २५ वर्षसम्म काम गरिसकेको रामेले चङ्खेप्रति केवल सहानुभूति देखाउँदा पनि मुखियालाई सह्य हुँदैन र उसले रामेमाथि आक्रमण गर्न पुग्छ । यसरी यस कथाको वर्गीय सम्बन्ध शत्रुतापूर्ण बनेको छ ।

'विदा' कथाको विमर्शात्मक संरचना पूर्ण रूपमा परम्परागत सामन्तवादी स्वरूपको छ । पूर्णदास समाजको केन्द्रमा रहेकै कारण सामाजिक सत्ता पनि उसकै अधीनमा छ । त्यसलाई शक्तिका रूपमा प्रयोग गरेर उसले निम्नवर्गप्रति निरन्तर दमन र शोषण गरेको छ । त्यसले समाजमा रहेका उच्च र निम्नवर्गहरूलाई शोषक र शोषितको स्थानमा पुऱ्याएको छ । उत्पादनका साधन, वितरण प्रणाली, न्याय र संस्कृति सबै पूर्णदासकै वर्चस्वभित्र छन् । यसले निम्नवर्गलाई जीवन बाँच्नका लागि आवश्यक सबै कुराबाट अलग पारेको छ । कथाको प्रारम्भदेखि अन्त्यसम्म निरन्तर उसको दमन र शोषण झन् झन् कठोर बन्दै गएको छ । त्यसकारण यस कथाको वर्गीय शक्तिसम्बन्ध असन्तुलित बनेको छ । उक्त शत्रुतापूर्ण र असन्तुलित शक्तिसम्बन्धकै कारण निम्नवर्गको चंखे अधीनस्थ अवस्थामा पुगेको छ ।

कृष्णप्रसाद सर्वहाराद्वारा लेखिएको 'तोर्मे' वर्गीय दृष्टिबाट असमान शक्तिसम्बन्धमा आधारित कथा हो । यस कथामा तोर्मे, जिम्वाल, जेठा मुखिया र गाउँलेहरू पात्र रहेका छन् । उक्त पात्रहरूमध्ये तोर्मे र गाउँलेहरू निम्नवर्गका अनि जिम्वाल र जेठा मुखिया उच्चवर्गका पात्रहरू हुन् । तत्कालीन समाजमा स्थापित सामन्ती प्रभुत्वबाट निर्देशित असन्तुलित विमर्शात्मक संरचनाका कारण यस कथाको वर्गीय शक्तिसम्बन्धले शत्रुतापूर्ण स्वरूप धारण गरेको छ । तोर्मेले जिम्वालको गोरुलाई भिरबाट खसेर मर्नबाट बचाउँदा आफ्नै ज्यानको बाजी लगाएको थियो । त्यस कामका लागि जिम्वालले कबुल गरेको दौरा सुरुवाल माग्दा तोर्मेले गाली र कुटाइ खाएको सन्दर्भलाई कथामा यसरी उल्लेख गरिएको छ :

> अस्ति संसारे माईको पूजामा बिरामीदेखि उठ्ने बित्तिकै रुखिएर आँत हरर भेको बेलामा दुई चोक्टो पर्सात (मासु) दिइहाल्छन् कि त भनेर कत्रो आशाले गाको तर उसका बाबु जिम्बाल जन्तरेले त अगुल्टो लिएर पो लखेट्तो ए ! उसकामा बसिनँ रे, दौरा सुरुवाल मागेँ रे, मान्छेको मुखिन्जेल इजेत गो रे (पृ.२५) ।

तोर्मेको यस कथनले तत्कालीन समाजमा रहेको विभेदकारी र वर्गीय दृष्टिबाट असन्तुलित शक्तिसम्बन्धको रूपलाई प्रकट गरेको छ । निम्नवर्गले खान माग्दा अपराध भएको र श्रमको मूल्य माग्दा अगुल्टो खानु परेको सन्दर्भ उल्लेख छ । श्रमको मूल्य माग्नै नहुने र त्यसबाट उच्चवर्गको इज्जतमा समस्या आउने अवस्था निर्माण भएको छ । यो सामन्तवादको खास खालको चारित्रिक अभिव्यक्ति हो । यसले वर्गीय सम्बन्ध शत्रुतापूर्ण बनेको अवस्थालाई देखाएको छ । त्यसैगरी जेठा मुखियाको घरमा चार महिना नोकर बसिसकेपछि तोर्मेले पूर्वसर्तअनुसार दौरा सुरुवाल माग्दा मुखियाले भनेको कुरालाई कथामा निम्नानुसार उल्लेख गरिएको छ :

> जा, छैन, तेरा जुन बाबु-बराजुले दौरा-सुरुवाल हालिदिन्छन्, उहीं जा-उसैकहाँ मर । कहाँको राजा-रजौटा होस् र तँलाई भन्ने बित्तिकै तयार पार्नु ? अहिले नै तेरो बाबुको कात्रो दौरा-सुरुवाल लाइहालेपछि तेरो बाबु मर्दा गरेको किरिया खर्चको रिन केले तिर्लास् ? (पृ.२९) ।

जेठा मुखियाको यस भनाइले पनि निम्नवर्गले श्रमको मूल्य माग्दा शत्रुता बढेको स्पष्ट पार्छ । कामका लागि निम्नवर्ग नभै पनि नहुने तर उसको श्रमको मूल्य दिन अस्वीकार गर्दा पनि सहजै उन्मुक्ति पाउने छुट उच्चवर्गलाई रहेको छ । त्यसपछि मुखियाले चरनमा पानी परेर गाईवस्तु भिजेको निहुँमा तोर्मेमाथि शारीरिक आक्रमण गरी शत्रुतापूर्ण सम्बन्धलाई उत्कर्षमा पुऱ्याएको छ । यी सबै कारणहरूले यस कथाको वर्गीय सम्बन्ध शत्रुतापूर्ण बनेको छ । त्यसले तोर्मे दमन र शोषणको सिकार हुँदै उत्पीडनमा परेको छ ।

'तोर्मे' कथामा परम्परागत सामन्ती स्वरूपको वर्गीय चरित्र उद्घाटन भएको छ । समाजमा स्थापित सामन्तवादी संरचनाका बलमा उच्चवर्गको प्रभुत्व विस्तारित भएको छ । त्यसैका माध्यमबाट उच्चवर्गद्वारा उत्पादनका साधन, श्रम र अधिकारका क्षेत्रमा एकपक्षीय वर्चस्व कायम गरिएको छ । त्यसकारण यस कथाको निम्नवर्ग विभेद, दमन र शोषणको सिकार भएको छ । यस प्रकारको अन्यायपूर्ण व्यवहारलाई स्थापित सामन्ती विमर्शात्मक संरचनाका माध्यमबाट वैधता प्रदान गरिएको छ । त्यसकारण यस कथामा उच्च र निम्नवर्गका बिचको वर्गीय सम्बन्ध शत्रुतापूर्ण बनेको छ । सधैँ श्रम र सम्पत्तिको शोषण गर्ने उच्चवर्गसँगको निम्नवर्गको सम्बन्ध वैरभावपूर्ण हुन्छ भन्ने वर्गीय मान्यतालाई कथाकारले स्पष्ट रूपमा उल्लेख गरेका छन् । त्यसैले यस कथाको निम्नवर्गको प्रमुख पात्र तोर्मेको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

कृष्णबम मल्लद्वारा लेखिएको 'तेसू खोलो' सामन्तवादी विमर्शात्मक संरचनामा आधारित असन्तुलित वर्गीय शक्तिसम्बन्धलाई विषय बनाएर लेखिएको कथा हो । यस कथामा डम्बरे, मकरे, जेठा पुरोहित, डम्बेरकी स्वास्नी, मुखिया र गाउँले पात्रहरू रहेका छन् । उक्त पात्रहरूमध्ये मुखिया र जेठा पुरोहितले उच्चवर्गको र अन्य पात्रले निम्नवर्गको प्रतिनिधित्व गरेका छन् । कथाकारले तत्कालीन समाजमा रहेको सामन्तवादी विचारधाराको दमनकारी स्वरूपलाई स्पष्ट पारेका छन् । उच्चवर्गको मुखिया सत्तासम्बन्धका दृष्टिले कमजोर भएका कारण उसको निम्नवर्गसँगको सम्बन्ध सामान्य प्रकारको छ भने उच्चवर्गका जेठा पुरोहितमा परम्परागत विमर्शका कारण सत्तामा रहेको

छ । त्यसैले उसको निम्नवर्गसँगको सम्बन्ध सामन्ती प्रकृतिको छ । निम्नवर्गसँगको जेठा पुरोहितको सामन्ती सम्बन्धलाई कथाकारले निम्न लिखितअनुसार प्रस्तुत गरेका छन् : "बाढी आएर अरूका खेतको साँध पुरे उनी विस्तारै अरूको जमिन मिची आफ्नै खेतको क्षेत्रफल बढाउँथे । त्यसैले डम्बरेको जिद्दी उनलाई मन परेको थिएन । उनले भने खोलो फर्कन सक्दैन । बेकारको जिद्दी र पागलपना छाडिदे" (पृ.५९) । यहाँ निम्नवर्गको चाहना खोलो बाँधेर खेत जोगाउने छ भने उच्चवर्गको चाहना खोलाका निहुँमा आफ्नो सिमाना बढाउने रहेको छ । त्यसकारण यस्तो अवस्थामा वर्ग स्वाथको विपरीत स्वरूपको निर्माण भएको छ । यसरी खोलो बाँधेर सबैको जमिनको सुरक्षा गर्ने डम्बरेको योजनाले जेठा पुरोहितको सामन्ती थिचोमिचोमा कुठाराघात गर्ने भएकाले उसको निम्नवर्गसँगको सम्बन्ध शत्रुतापूर्ण बनेको छ । उच्चवर्गको मुखिया र उच्चवर्गको जेठा पुरोहितका बिचमा पनि सत्तासम्बन्ध वा प्रभुत्वका कारण आपसी सम्बन्धमा चिसोपना रहेको सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> "जेठा पुरोहितसँग दुश्मनी देखाएर म फेरि कसरी यो गाउँमा रहन सकुँला ? तँ नै सोच" मुखियाले भन्यो । "तपाईंको त्यो कमजोरी हो, यसरी डराएर बाँच्नुभन्दा त म मर्न राम्रो मान्दछु ।" डम्बरेले भन्यो । "मरेकै सम्झी बाबु, केही दिन अरू बाँच्ने इच्छै गरी उनको कपटीपनाको सामना म गर्न चाहन्न ।" मुखियाले भन्यो (पृ.६२) ।

यसले मुखिया र जेठा पुरोहितको सम्बन्धमा एउटै वर्गभित्र पनि वैरभावपूर्ण सम्बन्ध रहेको स्पष्ट हुन्छ । निम्नवर्गसँगको पुरोहितको सम्बन्ध शत्रुतापूर्ण छँदैथियो । यसरी जेठा पुरोहितको प्रभुत्व निम्नवर्गबाट विस्तारित हुँदै मुखियासम्म पनि पुगेका कारण उनीहरूका बिचको सम्बन्ध शत्रुतापूर्ण बनेको छ । खोलो बाँधेर सबैको खेत जोगाउने र कुलो खनेर सिंचाई गर्ने डम्बरेको योजना गाउँको बैठकमा राख्नै नदिने जेठा पुरोहितको इच्छा विपरीत गाउँलेहरू उभिएका छन् । "अरू गाउँलेले भने 'हो ठीक हो, डम्बरे के भन्न चाहन्छ, हामीले सुन्नु पर्दछ" (पृ.६०) । यसको ठिक विपरीत जेठा पुरोहितले "आफूले बटुलेर ल्याएका मानिसलाई जेठा पुरोहितले इसारा गरे । बाँध चाहिन्न, बाँध चाहिन्नको आवाज निस्कन लाग्यो । डम्बरे बोल्न सकेन" (पृ.६२) । यसले उच्चवर्गीय षड्यन्त्रको सामन्तवादी स्वरूपलाई प्रकाशमा ल्याएको छ । यसरी प्रभुत्वशाली उच्चवर्गको इच्छाका अगाडि निम्नवर्गको आवाज दबाइएको छ । त्यसकारण यस कथाको वर्गीय शक्तिसम्बन्ध असन्तुलित बनेको छ। त्यसबाट डम्बरे उत्पीडनमा परेको छ।

'तेसू खोलो' कथामा सामन्तवादी विमर्शात्मक संरचनाले विभेद, दमन र शोषणको आधार निर्माण गरेको छ । त्यसकारण समाजको सत्ता वा प्रभुत्व उच्चवर्गीय जेठा पुरोहितको नियन्त्रणमा पुगेको छ । सामन्तवादी प्रकृतिको जालझेल र षड्यन्त्रका माध्यमबाट पुरोहितले उत्पादनका साधनमाथि प्रभुत्व जमाएको छ । पुरोहितको बोली नै सत्य हो भन्ने विमर्शलाई समाजमा षड्यन्त्रका माध्यमबाट र सरकारमा पहुँचका माध्यमबाट विस्तारित ढङ्गले स्थापित र प्रमाणित गर्न पुरोहित सफल भएको छ । उसका सबै प्रकारका गलत कार्यलाई समाजमा स्थापित सामन्ती स्वरूपको विमर्शात्मक संरचनाले संरक्षकत्व प्रदान गरेको छ । त्यसकारण यस कथामा असन्तुलित

ढाँचाको वर्गीय शक्तिसम्बन्धको निर्माण भएको छ । त्यसले सीमान्तीकृत अवस्थाबाट माथि उठ्ने निम्नवर्गको चाहनामा कुठाराघात गरेको छ ।

रमेश विकलद्वारा लेखिएको 'लाहुरी भैंसी' सामन्तवादी विमर्शात्मक संरचनामा आधारित वर्गीय शक्तिसम्बन्धलाई अभिव्यक्त गर्ने कथा हो । प्रस्तुत कथामा द्वारे, लुखुरे, घैंटी, घमाने, रामवीरे, खुलाल, सीताराम र गाउँलेहरू पात्रहरू रहेका छन् । यस कथामा द्वारे उच्चवर्गको प्रतिनिधित्व गर्ने पात्र हो भने अन्य सबै निम्नवर्गका पात्रहरू रहेका छन् । यी दुई वर्गका बिचमा सामन्ती ढाँचाको असन्तुलित वर्गीय शक्तिसम्बन्ध रहेको छ । प्रत्यक्ष रूपमा हेर्दा निम्नवर्गको रक्षकझैँ लाग्ने उच्चवर्ग वास्तवमा भक्षक बनेको छ । आफ्नै छिमेकी निम्नवर्गको लुखुरेले एउटा राम्रो भैंसी ल्याउँदा उच्चवर्गको द्वारेलाई असह्य भएको विषयलाई कथामा यसरी उल्लेख गरिएको छ :

> "लुखे बजियाले भैंसी ल्याएछ ?" द्वारे बाले घोर आश्चर्यको स्वरमा भने, मानौं लुखुरेले भैंसी ल्याएको कुरा उनी सपनामा पनि पत्याउन सक्तैनन् । साँच्चै नै उसले भैंसी ल्याएकै हो भने यो जत्तिको घोर आश्चर्य र घोर अपराध अरू केही हुनै सक्तैन ! आफूले एउटा भन्याजस्तो लाहुरी ल्याउने जम्का गर्दागर्दै छेपारा उखान भैरहेछ, लुखुरे नाथुले भैंसी ल्याउने ! ... यो कसरी हुन सक्छ ? ... उनलाई यो आफ्नो द्वारेपनाका निम्ति एउटा थप्पडझैँ लाग्यो । उनले मनमा अलि असजिलोपनाको अनुभव गरे- भित्र अलि चस्केझैँ भित्र मुटुमा कसैले फोन बाजाको सियोले च्वास्स घोचिदिएझैँ उनलाई चस्क्यो (पृ.२५) ।

कथामा प्रस्तुत गरिएको यस सन्दर्भबाट तत्कालीन समाजको वर्गीय शक्तिसम्बन्धको आधार सामाजिक, आर्थिक स्तरको हो भन्ने स्पष्ट हुन्छ । लुखुरेले भैंसी ल्याउँदा द्वारेको सामाजिक प्रभुत्वमा आघात पुगेको अनुभव उच्चवर्गलाई भएको छ । त्यसबाट द्वारेले उत्पादनका साधनमाथिको आफ्नो वर्चस्व गुम्न सक्ने खतराको सम्भावना पनि देखेको छ । त्यसैले यो वर्गीय सम्बन्धमा शत्रुताको प्रारम्भ भएको छ । लाहुरी भैंसी किनेर सन्तुष्ट बनेको लुखुरेको खुशीलाई देख्नै नसक्ने द्वारेको अनुभूतिलाई कथामा यसरी उल्लेख गरिएको छ :

> लुखुरेको स्वरमा बजेको अपूर्व आत्मतृप्तिको सङ्गीत र आँखामा छचल्कने सुनौलो सपना द्वारे बालाई त्यति मिठो लागेन । हृदयमा केलेकेले च्वास्स घोचेझैँ अनि जिब्रोमा अलि टर्रो, तीतो र नमीठोपना रसाएझैँ उनले अनुभव गरे । उनको अनुहार अलि नमज्जा लागेझैँ पलको निम्ति खुम्चियो, आँखामा दावानलको फिलुङ्गोझैँ कुन्नि के हो राँक्कियो (पृ.२७) ।

भैंसीका माध्यमबाट लुखुरेले प्राप्त गर्न चाहेको सफलता द्वारेका लागि सह्य बन्दैन । उसलाई हृदयमा घोचेझैँ, जिब्रोमा तितो, टर्रोझैँ हुन्छ । उसको अनुहार खुम्चिन्छ र आँखामा आगाको झिल्को नाच्छ । यसले वर्गीय सम्बन्धमा हुने सामन्तवादी स्वरूपको ईर्ष्याजन्य प्रकारलाई अभिव्यक्त गरेको छ । उक्त स्वरूपले द्वारे र लुखुरेका बिचको सम्बन्धलाई शत्रुतापूर्ण अवस्थामा

पुऱ्याउँछ । त्यसैको परिणामस्वरूप द्वारेले निम्नवर्गका सबै पात्रलाई आफ्नो प्रभुत्वमा लिएर लुखुरेका विरुद्धमा षड्यन्त्र गर्छ । अन्ततः अत्यन्त राम्रो लाहुरी भैंसी गुमाएर लुखुरे सामाजिक आर्थिक उत्पीडनमा पर्छ ।

'लाहुरी भैंसी' कथाले तत्कालीन सामन्तवादी स्वरूपको विमर्शात्मक संरचनाले विभेद, दमन र शोषणको आधार निर्माण गरेको तथ्यलाई मूल रूपमा प्रकट गरेको छ । त्यसकारण समाजको सत्ता वा प्रभुत्व उच्चवर्गीय द्वारेको नियन्त्रणमा पुगेको छ । सामन्तवादी प्रकृतिको जालझेल र षड्यन्त्रका माध्यमबाट उसले उत्पादनका साधनमाथि प्रभुत्व जमाएको छ । द्वारेको बोली नै सत्य हो भन्ने विमर्शलाई समाजमा षड्यन्त्रका माध्यमबाट स्थापित र प्रमाणित गर्न ऊ सफल भएको छ । उक्त कार्यका लागि द्वारेले प्रथमतः लुखुरेको ज्ञानक्षेत्रमा आक्रमण गरी उसलाई अन्योलमा पारेको छ । त्यसपछि उच्चवर्गद्वारा श्रीमती र समाजका जान्नेबुझ्ने सबैबाट अलग गरेर लुखुरेलाई एक्लो पारिएको छ । ऋणको डर लुखुरेका लागि प्रयोग गरिएको अर्को हतियार हो । द्वारेका सबै प्रकारका गलत कार्यलाई समाजमा स्थापित सामन्ती स्वरूपको विमर्शात्मक संरचनाले वैधता प्रदान गरेको छ । त्यसका लागि प्रभुत्वका आधारमा द्वारेले समाजका अन्य व्यक्तिहरूबाट आफ्ना पक्षमा जनमत तयार पारेको छ । यसरी निर्माण भएको असन्तुलित ढाँचाको वर्गीय शक्तिसम्बन्धले सीमान्तीकृत अवस्थाबाट माथि उठ्ने निम्नवर्गको चाहनामा कुठाराघात गरी पुनः अधीनस्थ अवस्थामै स्थान तय गरिदिएको छ ।

## ३.३.२ यथार्थवादी नेपाली कथामा वर्गीय हित

वर्गीय हितका सम्बन्धमा 'सत्यको बाटो' कथामा रहेका उच्च र निम्नवर्गको कार्यमा एकरूपता पाइँदैन । कारिन्दा कृष्णबीरले सचेत रूपमै मालिकका पक्षमा वकालत गरेको सन्दर्भलाई कथामा यसरी लेखिएको छ : "बाघसँग जिस्किनु ठिक छैन" (पृ.१५) । उसको यस भनाइले उच्चवर्गलाई सर्वशक्तिमान बनाउँदा निम्नवर्गको हितमा कुठाराघात गरेको छ । आमा असचेत रूपमा मालिकको पक्षमा उभिन पुग्छिन् । "प्रजापति ठुला मानिस हुन् । उनीसँग घमण्ड गरिरहनु ठीक परोइन" (पृ.१६) ! आमाको यस भनाइले प्रजापतिलाई ठुला मानिस बनाएर उसले भनेको मान्नै पर्ने सङ्केत गरेको हुनाले यसले समाजमा उच्चवर्गको हितलाई स्थापित गर्न सहयोग पुगेको छ । त्यसैगरी केवल एक छाक मिठो भोजन पाएका बाहुनहरूले "कृतार्थ भएँ, ऐश्वर्य बढोस्, कीर्ति राख्न सकोस्" (पृ.२१) !, "धर्मका अवतार हुन्" (पृ.२१) । भनी प्रजापतिको जयगान गरेका छन् । उनीहरू आफ्ना स्वार्थका कारण एक छाक खानाका भरमा मालिककै पक्षमा देखिन्छन् । यसका विपरीत प्रजापतिको सहयोगको प्रस्तावलाई अस्वीकार गर्दै धने भन्छः "तर जाल फिँजाई आफ्नो घर पनि लिन बेर लाउने छैनन् नि" (पृ.१७) ! धनेको यस भनाइबाट प्रजापतिले गर्न चाहेको सहयोगमा आफ्नो अहित हुने र उच्चवर्गको हित हुने वास्तविक अवस्था देखिएको छ । त्यसकारण धनेको वर्गीय चेतना सशक्त रहेको हुनाले वर्गहितका दृष्टिबाट ऊ प्रस्ट रहेको छ । आफ्नै वर्गको धनेको घर खरानी भएको पीडामा पहिलो गाउँलेले भन्छः "अब कहाँ बस्छौ त धने ? .... हिँड म कहाँ" (पृ.२०) ! यस भनाइले धनेको पीडा कम गर्न सहयोगी भूमिकामा रहेका

गाउँलेमा वर्गहितको भावना रहेको पाइन्छ । त्यस्तै धनेको घरमा भएको आगलागीलाई उच्चवर्गीय कुकृत्य ठान्ने आशामानको उच्च स्तरको वर्गीय हित रहेको स्पष्ट हुन्छ । अनिकालको महामारीमा जीवन रक्षाका लागि सहयोग माग्न गएका गाउँलेहरूलाई प्रजापतिले "यो तिमीहरूको घमण्डको दण्ड हो" भनी निरास तुल्याएको छ । यस भनाइबाट उसमा निम्नवर्गको दुखप्रति रहेको आनन्दको भाव प्रकट भएको छ । वर्ग सोपानक्रम भएको समाजमा आधारित यस कथाको वर्गहितका सन्दर्भमा निम्नवर्गको कार्य आफ्नै वर्गको हित र विरोधी वर्गको हितमा विभाजित छ । समग्रमा यस कथामा प्रजापति, धने, गाउँले र आशमानमा वर्गहित स्पष्ट छ भने आमा, बाहुनहरू, कृष्णबीर आदिमा अस्पष्टता रहेको छ । निम्नवर्गमा वर्गहित अस्पष्ट हुनु वा उनीहरूले सचेत वा असचेत रूपमा गरेका कार्यले उच्चवर्गको हितमा सहयोग पुगेकै कारण यस कथामा निम्नवर्गमाथि चरम दमन र शोषणको अवस्था सिर्जना भई उनीहरू अधीनस्थ अवस्थामा पुगेका छन् ।

'सत्यको बाटो' कथा ग्रामीण र पहाडी क्षेत्रको भौगोलिक र सामन्तवादी सामाजिक परिवेशमा निर्माण भएको छ । त्यसकारण यस कथाको वर्गीय हितले सामन्तवादी स्वरूप धारण गरेको छ । समाजको सत्ता उच्चवर्गका हातमा केन्द्रित रहेकै कारण उत्पादनका साधन, वितरण प्रणाली, उपभोगको अधिकार सबै उच्चवर्गकै वर्चस्वभित्र रहेको छ । त्यसकारण यस कथामा निम्नवर्गीय हित समेटिन सकेको छैन । स्थापित सामन्तवादी विमर्शात्मक संरचनामा निर्मित ज्ञानले उच्चवर्गीय हितको संरक्षण गरेको छ । त्यसका प्रभावमा निम्नवर्गका पात्रहरू पनि जानी वा नजानी उच्चवर्गकै सेवामा विलय भएका छन् । वर्गीय हित विपरीतधर्मी हुने हुनाले जहाँ उच्चवर्गको हित सुनिश्चित हुन्छ, त्यहाँ निम्नवर्गको अहित भएकै हुन्छ । त्यसकारण यस कथाको निम्नवर्गीय पात्र धनेको जीवन उत्पीडनमा परेर अधीनस्थ अवस्थातर्फ धकेलिएको छ ।

'दाङका थारू' कथाका पात्रहरूको अवस्था र घटना सन्दर्भलाई केलाउँदा वर्गीय हितका दृष्टिमा यो कथा सामान्य स्तरको पाइन्छ । प्रभुत्वशाली वर्गको प्रमुख पात्र धितालले आफ्नो व्यक्तिगत हितमा हरुवा लगायत सबै श्रमिक समुदायका गाउँलेहरूमाथि चरम दमन र शोषण गरेको छ । यस्तो अवस्थामा समेत कसैले आफू र आफ्नो वर्गको हितमा बोल्नसमेत सकेको छैन । उच्चवर्गको धितालले आफ्नो हितमा निरन्तर निम्नवर्गमाथि दमन र शोषण गरेको छ । धितालले हरुवालाई बिरामी श्रीमती छोडेर भारी बोक्न लखेटेकै कारण हरुवाकी श्रीमतीको निधन भएको छ । यस्तो अवस्थामा समेत मौन रहेका निम्नवर्ग वा सीमान्तीकृत समुदायले सीमान्तीकृतहरू बोल्न सक्दैनन् भन्ने गायत्री स्पिभाक चक्रवर्तीको प्रसिद्ध भनाइलाई स्थापित गरेका छन् । "हरुवाले स्वास्नीको मुख देख्न पाएन । ऊ घर आउँदा स्वास्नी मरेकी ७ दिन भइसकेको थियो । भिखेलाई पल्ला गाउँका हरि बुढाले पालिदिएका थिए । नत्र भने स्वास्नीका साथसाथै हरुवाले छोरो पनि गुमाउनु पर्दथ्यो" (पृ.३९-४०) । कथाकारको यस भनाइबाट विवेच्य कथामा मानवीय संवेदनाकै तहमा भए पनि वर्गीय हितको सानो झिल्को मात्रै चम्किएको पाइन्छ । निष्कर्षमा भन्नु पर्दा कथाको निम्नवर्गका समुदायमा वर्गहितको भावना जागृत हुन सकेको छैन । सामन्तवादी विमर्शात्मक संरचनामा निर्मित विमर्शको शक्ति र ज्ञानलाई उपयोग गरी आफ्नो स्वार्थसिद्ध गर्ने कार्यमा यस

कथाको अभिजात वर्गलाई सहयोग मिलेको छ । यसले उक्त समाजको निम्नवर्गलाई उत्पीडनमा पारेको छ ।

'दाङका थारू' कथा ग्रामीण र भित्रीमधेस क्षेत्रको भौगोलिक र सामन्तवादी सामाजिक परिवेशमा निर्माण भएको छ । सामन्तवादी विमर्शात्मक संरचनाभित्र उच्चवर्गीय हितको संरक्षण गरिएको हुन्छ । त्यसकारण यस कथाको वर्गीय हित सामन्तवादी स्वरूपको छ । समाजको सत्ता उच्चवर्गका हातमा केन्द्रित रहेकै कारण उत्पादनका साधन, वितरण प्रणाली, उपभोगको अधिकार सबै उच्चवर्गकै धितालको वर्चस्वभित्र रहेको छ । त्यसकारण यस कथामा उच्चवर्गीय हित समेटिन पुगेको छ । सामन्तवादी विमर्शात्मक संरचनामा ज्ञानको निर्माण उच्चवर्गीय हितको संरक्षणका लागि गरिएको छ । त्यसका प्रभावमा निम्नवर्गका थारू पात्रहरू पनि उच्चवर्गकै हितमा प्रयोग भएका छन् । वर्गीय हित विपरीतधर्मी हुने हुनाले निम्नवर्गको अहित भएकै हुन्छ । उत्पादनका साधन, वितरण प्रणाली, उपभोगको अधिकार सबै उच्चवर्गको धितालकै वर्चस्वभित्र रहेकाले यस कथामा निम्नवर्गीय हित समेटिन सकेको छैन । त्यसकारण यस कथाको निम्नवर्गीय पात्र हरुवाको जीवन उत्पीडनमा परेर अधीनस्थ अवस्थातर्फ धकेलिएको छ ।

गोविन्दप्रसाद लोहनीद्वारा लेखिएको 'नुनको सोभ्रो' कथामा उच्चवर्गको कर्णेल आफ्नो वर्गीय हितमा प्रस्ट भए पनि निम्नवर्गका पात्रहरूमा एकरूपता पाइँदैन । सामन्तवाद निम्नवर्गको असचेततामा नै स्थिर रहने व्यवस्था हो । त्यसकारण उच्चवर्गले आफ्नो हितका लागि सधैँ निम्नवर्गलाई दमन र शोषण गरिरहन्छ । उच्चवर्गको कर्णेलले आफ्नो हितका लागि ४६ वर्षसम्म कालेलाई उपयोग गरेको छ । मालिककै सुरक्षार्थ चोरसँग लड्दा काले घाइते भएपछि उसलाई हटाएर अर्कालाई काममा राखेको जानकारी कर्णेलले यसरी दिएको छ : "होइन, हाम्ले त अर्कै मानिस राखिसक्यौं, महिनाको १६ रुपियाँमा असाध्यै बलियो छ । घरको अरू काम पनि गर्छ" (पृ.१७) । कर्णेलको यस भनाइबाट ऊ आफ्नो स्वार्थपूर्ति गर्ने कुरामा स्पष्ट रहेको देखिन्छ । उसले आफ्ना हितमा निम्नवर्गका व्यक्तिलाई एकपछि अर्को गर्दै क्रमशः उपयोग गर्दै गएको छ । यसका विपरीत निम्नवर्गमा वर्गहित स्पष्ट छैन । कालेले काम गर्दा सधैँ उच्चवर्गको हितलाई मात्र ध्यान दिएको छ । उसको विचारमा स्थापित सामन्तवादी विमर्शको ज्ञानले उसलाई उच्चवर्गको हितमा मात्र केन्द्रित गरेको छ । यसलाई कथामा निम्नानुसार प्रस्तुत गरिएको छ :

> पर्खाल चढ्न लागेको यौटा चोरको घाँटी कालेले आफ्नो भएभरको बलले समात्यो र त्यसको मुखमा वैटरीको टक पाऱ्यो, उसकै गाउँको साने घर्ती पो रहेछ । "तेरिमा यो पो रहेछ" उसको मुखबाट अकस्मात निस्कियो । साने घर्तीले कालो नीलो मुख लाएर हात जोड्दै भन्यो "छाडदेऊ कालेदाइ बिन्ती, कतै काम पाइनँ, ४।५ दिन भो खान नपाएको । खाली एउटा करुवा र कोपरा मात्र लिएको छु । एक पोको गहना छ बरु तिमी नै लेऊ, छोडिदेऊ दाइ" यति भनेर त्यसले थैलो कालेलाई दियो । थैलोको मुख खुलै रहेछ, टलटल टल्कने सुनका जडाउ गहनाहरू कालेले देख्यो । कर्णेलकी माइली बुहारीको माइतबाट

दिएको गहना रहेछ । “पख तेरो बाबुलाई” भन्दै कालेले उसको घाँटी झन अँठ्यायो (पृ.१६) ।

कथामा प्रस्तुत माथिको सन्दर्भबाट तत्कालीन समाजमा रहेको निम्नवर्गीय असचेततालाई पहिचान गर्न सकिन्छ । यस भनाइबाट निम्नवर्गको कालेले खानै नपाएर चोरी गर्न बाध्य भएको सानेलाई भन्दा मालिककै हितलाई पूरा गर्ने कार्य गरेको स्पष्ट हुन्छ । त्यसकारण निम्नवर्गमा व्यवस्थाजन्य बाध्यात्मक परिस्थितिको ज्ञान कतै पनि देखिँदैन । त्यति मात्र होइन आफ्नै वर्गको भोकप्रतिको मानवीय संवेदनासमेत देखिँदैन । त्यसैगरी कामबाट निकालिएको कालेलाई कारिन्दा रामलालले पनि रुखै व्यवहार गरेको छ । उक्त सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ : “एकछिनपछि रामलालले तल आएर ९० रु. र एउटा पुरानो भोटो कालेलाई दिएर भन्यो । ‘लौ, कर साहेबले एउटा भोटो पनि बक्सियो ।’ अनि “ए वीरे, यो बुढोलाई डोऱ्याएर बाहिर सडकसम्म पुऱ्याइदे” भनेर रामलाल माथि उक्ल्यो” (पृ.१८) ! कथामा प्रस्तुत यस सन्दर्भले निम्नवर्गको रामलालले पनि मालिककै हितमा काम गरेको स्पष्ट पारेको छ । ऊ मालिकले दिएको भोटोको प्रशंसा गर्न बिर्सिंदैन तर कालेप्रति भएको अन्यायपूर्ण व्यवहारको कुनै प्रभाव उसमा देखिँदैन । यसरी प्रस्तुत कथामा उच्चवर्ग आफ्नो हितप्रति स्पष्ट भए पनि निम्नवर्गमा त्यो अवस्था पाइँदैन । यसो हुनुमा मालिकप्रति नुनको सोझो गर्नुपर्ने स्थापित सामाजिक विमर्शको ज्ञानले निर्णायक कार्य गरेको छ । यस कथामा अस्पष्ट रहेको निम्नवर्गको वर्गहितले उच्चवर्गीय हितलाई सहयोग गरेको छ । त्यसकै परिणामस्वरूप वर्गीय शक्तिसम्बध असन्तुलित भएको छ । त्यसकारण यस कथाका निम्नवर्गका पात्रहरू अधीनस्थ अवस्थाबाट मुक्त हुन सकेका छैनन् ।

बल्लभमणि दाहालद्वारा लेखिएको ‘सहीको सही’ कथामा उच्चवर्गका मुखिया र मुखिनी आफ्नो वर्गीय हितमा स्पष्ट छन् भने निम्नवर्गको काले भुजेल र भुजेल्नी अस्पष्ट छन् । घरमा श्रीमती बिरामी परेका अवस्थामा पनि मुखियाकी छोरी पुऱ्याउन जानु पर्ने अवस्था आउँदा काले भुजेल अन्योलमा परेको अवस्थालाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> भोलिपल्ट छोरी पठाउन ढाकर बोकेर जानुपर्छ भन्ने मुखियाको समाचार आयो । अब काले भुजेल पऱ्यो दोधारमा घरमा यस्ती भुजेल्नी, बालबच्चा छोडेर मुखियाकी छोरी पुऱ्याउन जाओस् भने कसरी ? नजाओस् भने अर्काको बारी, मुखियालाई रिस उठी जा भनेर ब्रह्म वाक्य निकाले भने कहाँ जाने (पृ.१७) ।

प्रस्तुत सन्दर्भले मुखिया जस्तो अवस्थामा पनि आफ्नो हितमा काम गराउन सक्छ तर भुजेल आफ्नो हितमा स्पष्ट छैन भन्ने प्रस्ट पारेको छ । मुखियाको उक्त आदेश पालना नभएपछि काले भुजेलमाथि शारीरिक आक्रमण नै भएको छ । सामन्ती विमर्शबाट प्राप्त शक्तिलाई प्रयोग गरी मुखियाले गरेको शारीरिक आक्रमणबाट बचाएर मुखिनीले काले भुजेललाई आफ्ना हितमा प्रयोग गरेको सन्दर्भलाई कथामा निम्नानुसार प्रस्तुत गरिएको छ :

मुखिनी बज्यैले मर्ला कि भनेर डरले छुट्याइदिइन् । एकछिनपछि भित्रबाट कालो रुमालको पोको र बन्चरो आइपुग्यो । "लौजा दाउरा काट्न' भोलिपर्सिदेखि दाउरा बोक्न मानिस आउँछन् ।" बज्यैले भनिन् । भुँडे मुखिया बक्दै थिए "दाउरा न साउरा यस बजियालाई विदा दिनुपर्छ । आफ्नो बारीमा बसेर मेरो चाकडी गर्ने यस्ता कति आउँछन् कति ।" ऊ धनी थियो । त्यसैले उसको वाक्य सहीको सही विसहीको विसही थियो । "लौ लौ यस पालिलाई जे भो सो भो जाजा" भन्दै कृपापात्रको भाव देखाउँदै मुखिनी बज्यैले भनिन् । कारण यतिको सोझो रातदिन काम गर्ने मानिस पाउन मुस्किलै थियो (पृ.२०) ।

यस सन्दर्भले उच्चवर्गले आफ्नो हितमा साम, दाम, दण्ड, भेद सबै प्रयोग गरेर पनि निम्नवर्गलाई कज्याएको स्पष्ट हुन्छ । यसरी मुखियाले समन्ती सत्ताको प्रयोग आक्रामक ढङ्गले गरेको छ भने मुखिनीले सहमतीय आधारमा दबाब सिर्जना गरेकी छ । यस प्रकारको अन्यायका विरुद्धमा कालेले कतै पनि प्रतिवाद गरेको छैन । त्यसकारण यस कथाको उच्चवर्ग आफ्नो हितमा प्रस्ट छ तर निम्नवर्गको अवस्था त्यस्तो छैन । त्यसले कथामा असमान वर्गीय शक्तिसम्बन्धलाई अभिव्यक्त गरेको छ । वर्गहितका सम्बन्धमा देखिएको यही असन्तुलित शक्तिसम्बन्धका कारण यस कथाका निम्नवर्गीय पात्र अधीनस्थ अवस्थामा छन् ।

श्यामप्रसाद अधिकारीद्वारा लेखिएको 'शान्तिको खोजमा' कथामा उच्च र निम्न दुई विपरीत वर्गका पात्रहरू रहेका छन् । कथामा परम्परागत ढाँचाको सामन्ती सामाजिक व्यवस्थाले जरा गाडेको छ । त्यसकै आडमा उच्चवर्गीय पात्र काजी जसरी पनि आफ्नो हित हुने कार्य गर्न सफल भएको छ । उसले प्रभुत्वका माध्यमबाट शक्ति प्राप्त गरेको छ । स्थापित सामन्ती विमर्शात्मक सम्बन्धको केन्द्र काजी नै हो । त्यसकारण कसैलाई जेल हाल्न र कसैलाई आजीवन प्रयोग गर्न ऊ सफल भएको छ । यस कथाको निम्नवर्गीय पात्र 'म' मा वर्गहितको भावना रहेको छ । यसलाई उसले सोनमाका सम्बन्धमा राखेको विचारबाट पहिचान गर्न सकिन्छ । 'म' पात्र भन्छ "सोनमा काम गर्नमा राक्षस थियो । तर उसलाई चैन थिएन, आराम थिएन । गरिबी, रोजी र रोटी, जहाँ यिनको व्यवस्था थिएन, त्यहाँ चैन अनि आराम कहाँ" (पृ.५९) ! कथामा प्रस्तुत 'म' पात्रको यस विचारमा सोनमाप्रति गहिरो सहानुभूति रहेको छ । उसले श्रम, सिप र जाँगरको सम्मान गरेको छ । त्यसैगरी 'म' पात्रले एक्लो र असहाय सोनमाप्रति काजीले गरेको अन्यायलाई यसरी प्रस्तुत गरेको छ : "विचरा (सोनमा) अब भीख माग्छ । जसले गाउँमा अनेक घर ठड्यायो उही बेघरबार थियो आज" (पृ.६१) । यहाँ उच्चवर्गले आफ्नो हित समाप्त हुनासाथ निम्नवर्गलाई प्रयोगको वस्तुका रूपमा लिएर फ्याँकिदिने सामन्ती कुसंस्कारलाई बुझाइएको छ । 'म' पात्रको यस कथनमा पनि सोनमाप्रतिको हितकारी भाव झल्किएको छ । निम्नवर्गको सोनमाको कुनै पनि कार्यले वर्गहितलाई अभिव्यक्त गर्न सकेको पाइँदैन । 'म' पात्रको कार्यले पनि वर्गहितलाई तार्किक निष्कर्षसम्मको यात्रा गराउन सकेको छैन । "सबाल्टर्नहरू बोल्दैनन् भन्ने होइन । सबाल्टर्नहरू विद्रोह गर्न सक्दैनन् भन्ने पनि होइन । ...तर उनीहरूको बोली र विद्रोहले निश्चित मान्यता र आधिकारिक आकार प्राप्त गर्न सहज छैन" (श्रेष्ठ, २०५१, पृ.१६३) । भन्ने सैद्धान्तिक मान्यता यस कथामा चरितार्थ भएको छ । समग्रमा यस कथाको उच्चवर्ग आफ्नो वर्गको हित गर्न सफल भएको

छ । त्यसका लागि स्थापित विमर्शात्मक संरचना सहयोगी बनेको छ । निम्नवर्गमा वर्गहितको भावना भएर पनि त्यसले क्रियान्वित हुने अवसर पाएको छैन । त्यसले कथाको वर्गीय शक्तिसम्बन्धलाई असन्तुलित बनाएको छ । त्यसै कारणले यस कथाको निम्नवर्गको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

एम.बी. खत्रीद्वारा लेखिएको 'षड्यन्त्र' कथामा बाबु साहेब र हाकिम उच्चवर्गका पात्रहरू हुन् भने काले, चङ्खे, सर्किनी, सिपाही र घले निम्नवर्गका पात्रहरू हुन् । यस कथाको उच्चवर्गले स्थापित सामन्तवादी विमर्शात्मक संरचनाबाट शक्ति प्राप्त गरेको छ । त्यस शक्तिलाई उच्चवर्गीय हितमा प्रयोग गरेकै कारण निम्नवर्गको जीवन कष्टकर बनेको छ । बाबु साहेबले आफ्नो वर्गीय हितका लागि षड्यन्त्र गरेको छ । उसले निम्नवर्गका विरुद्धमा निम्नवर्गलाई प्रयोग गरेको छ । हाकिमसँगको सत्तासम्बन्धलाई उपयोग गरेर आफ्नो वर्गीय हितलाई पूरा गरेको छ । त्यस क्रममा उसले कालेको सम्पत्तिको विवरण घलेबाट लिएको सन्दर्भलाई यसरी देखाइएको छ : "काले उठेर गएपछि साहेबले घलेलाई सोधे, 'त्यसको जग्गा कति छ रे ?' घलेले हात जोर्दै भन्यो, 'तीन चार रोपनी हजुर" (पृ.४४) ! यसले निम्नवर्गको जायजेथाप्रति चासो राख्ने र राम्रो भएमा गिद्देदृष्टि लगाउने सामन्तवादी सत्ता संरचनाको परिचय दिएको छ । यस सन्दर्भले कालेको जग्गाप्रतिको साहेबको चासोलाई देखाउँछ । त्यसपछि उक्त जग्गा हत्याउन उसले चङ्खेलाई प्रयोग गरेको र सर्किनीलाई माध्यम बनाएको सन्दर्भ यस्तो छ :

> "ए चङ्खे यता आ-आ ! अँ, आइस् ? भन त तेरो टोलमा कुनै गल्लेङ्री सर्किनी छे ?" "छे प्रभो-एउटी टुहुरी केटी, जो मेरो कटेरोमा आएर बास गर्ने पनि गर्छे ।" बडो फुर्तिसाथ 'जदौ' गरेर चङ्खेले एकै साससा यति भनिसक्यो । साहेब-त्यस केटीलाई राजी गराएर ...... बुझिस् (पृ.४४) ?

कथामा प्रस्तुत यस सन्दर्भले तत्कालीन समाजमा भएको सामन्तवादी स्वरूपको वर्गीय शक्तिसम्बन्धलाई प्रकाश पारेको छ । यसले उच्चवर्गले आफ्नो हितका लागि निम्नवर्गलाई प्रयोगको वस्तु बनाएको कुकृत्यलाई उजागर गरेको छ । यस कथाका निम्नवर्गीय पात्रहरूमा वर्गीय हितको उदय भएको पाइँदैन । सामन्ती विमर्शमा आधारित शक्तिसम्बन्ध र अज्ञानताका कारण उनीहरू उच्चवर्गकै हितमा समाहित छन् । त्यसले यस कथाका काले लगायत सबै निम्नवर्गीय पात्रहरू विभेद, दमन र शोषणमा परेका छन् ।

'षड्यन्त्र' कथामा ग्रामीण क्षेत्रको भौगोलिक र सामन्तवादी सामाजिक परिवेश प्रयोग भएको छ । समाजको प्रभुत्व उच्चवर्गका हातमा केन्द्रित रहेकै कारण निम्नवर्गको हित हुन सकेको छैन । स्थापित सामन्तवादी विमर्शात्मक संरचनामा निर्मित ज्ञानले उच्चवर्गीय हितको संरक्षण गरेको छ । त्यसका प्रभावमा निम्नवर्गका पात्रहरू पनि जानी वा नजानी उच्चवर्गकै सेवामा विलय भएका छन् । वर्गीय हित विपरीतधर्मी हुने हुनाले जहाँ उच्चवर्गको हित हुन्छ, त्यहाँ निम्नवर्गको अहित भएकै हुन्छ । उत्पादनका साधन, वितरण प्रणाली, उपभोगको अधिकार सबै उच्चवर्गकै वर्चस्वभित्र रहेकाले यस कथामा निम्नवर्गीय हित समेटिन सकेको छैन । यसको कारणका रूपमा असन्तुलित

वर्गीय शक्तिसम्बन्ध रहेको छ । यस प्रकारको असन्तुलित वर्गीय शक्तिसम्बन्धकै कारण यस कथाको निम्नवर्गीय पात्र कालेको जीवन उत्पीडनमा परी अधीनस्थ अवस्थातर्फ धकेलिएको छ ।

तेजबहादुर प्रसाईंद्वारा लेखिएको 'झोपडीको आँसु' कथामा काजी परिवारले उच्चवर्गको र हर्के अनि गाउँलेहरूले निम्नवर्गको प्रतिनिधित्व गरेका छन् । यी दुबै वर्ग आआफ्नो वर्गहितमा स्पष्ट छन् । यो कथा सामन्तवादी विमर्शात्मक संरचनामा उभिएको छ । त्यसकारण सामन्तवादी वर्गको हित र निम्नवर्गको हित दुबै यस कथामा पाइन्छ । सामन्त काजीले आफ्नै कारिन्दा हर्केमाथि षड्यन्त्रपूर्वक शोषण गरेर आफ्नो हितको संरक्षण गरेको छ । हर्केका गोरु र खसी हात पार्न काजीले गरेको षड्यन्त्रलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> "अँ, हर्के, सुन ! तँ हिजोआज धेरै बेइमान हुन थालिस् । अस्ति जेठा साहुले तिरेको २०० रुपियाँ कता हालिस् ?" जेठा साहुले तिरेको रुपियाँ हर्केले उसै दिन बुझाएको थियो तर उसले रुपियाँ बुझाएको भरपाई लिएको थिएन । गल्ती यति थियो । .... "रोएर सुख पाइँदैन हर्के ! यसरी हाकाहाकी रुपियाँ दबाउनेको सजाय थाहा छ - जन्मकैद, कालापानी ! कहींको डाकू, चोर ! ... तर, हर्के ! तँ मेरो घरको नोकर होस्, कारबारी होस्, तँलाई म जेलखाना पठाउन्नँ । ती रुपियाँको सट्टा तेरा दुईहल गोरु र रानीका दुई खसी दिन मन्जुर गर्छस् भने (पृ.८९) ।

कथामा प्रस्तुत यस सन्दर्भले तत्कालीन सामन्ती ढाँचाको उच्चवर्गीय षड्यन्त्रलाई स्पष्ट पारेको छ । हर्केले उक्त पैसा समयमा नै बुझाएको भए पनि त्यसको भरपाई लिएको थिएन । त्यसले उच्चवर्गलाई षड्यन्त्र गर्नका लागि बाटो खुला गरिदियो । त्यसले उच्चवर्गका लागि निम्नवर्गको शोषणका माध्यमबाट उच्चवर्गीय हितको संरक्षण हुने अवस्था सिर्जना भएको छ । त्यसकारण काजीले आफ्नो सामाजिक प्रभुत्वलाई प्रयोग गरेर उच्चवर्गीय हितको संरक्षण गरेको छ ।

प्रस्तुत कथाको निम्नवर्ग पनि आफ्नो वर्गीय हितको संरक्षणमा सचेत रहेको देखिन्छ । हर्के काजीको कारिन्दा भएर पनि आफ्नो वर्गको हितमा सचेत थियो भन्ने तथ्यलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> आसामीलाई ठिउँरा ठोक्, फलानोको गाई फुकाएर ले, यसको सर्वस्व गर्दे, उसको घरमा आगो लगाइदे- यीमालिक साहेबका नित्य उर्दी थिए । हर्केका बाबु-बराजूले, पुस्तादरपुस्ताले यस्ता काम गरेनन् । उसको हातबाट त्यसकारण यी काम हुन सक्दैनथे । सायद हर्केलाई मालिक साहेबको नोकरीबाट हात धुनुसिवाय अर्को केही उपाय थिएन (पृ.९१-८२) ।

मालिक काजीको ज्यादती र हर्केका विषयमा उल्लेख भएको यस सन्दर्भले हर्केको वर्गहितलाई प्रस्ट पारेको छ । ऊ आवश्यक परे नोकरीबाट हात धुन तयार छ तर सवर्गीको अहितमा कुनै कार्य गर्दैन । हर्केले कसैका ठिँगुरा नठोक्नु, कसैको गोठ रित्तो नपार्नु, कसैका घरमा आगो नलगाउनु उसको आफ्नो वर्गप्रतिको मैत्री चरित्र हो । कथामा अझ अघि बढ्ने क्रममा

एउटा गाउँलेले मुखियाका विरुद्धमा सरकारमा जाने र तिरो पनि सरकारलाई बुझाउने विचार राखेपछि हर्केले भनेको कुरालाई यसरी उल्लेख गरिएको छ :

> हर्केले विधिको गतिमाथि उपहास गर्दै भन्यो "साथी हो, सरकारले तिमीहरूमाथि न्याय गर्दैन । सरकार थापा काजीको हो, धनी-सेठ-महाजनको हो, जमिनदार, ठुलाठालूको हो, सरकारबाट हाम्रो न्याय हुन सक्दैन । तर साथी हो, त्यो दिन पनि टाढा छैन जब यस संसारबाट जम्मै धनीहरू, जम्मै जमिदार तथा महाजन साहुहरूलाई ईश्वरले नाश गर्ने छन् अनि माग्ने, लङ्गडा, काना, गरिब किसान, दुःखी मजदुरले सुखको सास फेर्न पाउने छन् (पृ.८२) ।

कथामा हर्केका माध्यमबाट प्रस्तुत यस सन्दर्भले आफ्नो वर्गको हितप्रतिको उसको सचेततालाई प्रकट गरेको छ । यसले स्थापित सामन्ती सत्तासम्बन्धमाथि प्रश्न उठाएको छ । काजीको सत्तासम्बन्धका बारेमा हर्के स्पष्ट भए पनि ऊ भविष्यप्रति आशावादी छ । उसको आशा सङ्गठित शक्तिबाट होइन भगवानबाट पूरा हुने कपोलकल्पित छ । यो सामन्तवादी ज्ञान संरचनाको उपज हो । दुबै वर्गमा देखिएको वर्गहितको आपसी द्वन्द्वले उच्चवर्गीय दमन उत्कर्षमा पुगेको छ । समाजमा स्थापित सामन्तवादी स्वरूपको संरचनाका कारण उच्चवर्गका हातमा समाजको सत्ता केन्द्रित भएको छ । त्यसले वर्गीय शक्तिसम्बन्धलाई असमान बनाएको छ । त्यसै कारण निम्नवर्गको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

वर्गीय हितका दृष्टिबाट हेर्दा 'साह्रोगाह्रो र छेकोभाँजो' कथाका पात्रहरूमा एक रूपता पाइँदैन । उच्चवर्गका साहु, कप्तान र हाकिम आफ्नो वर्गका हितमा स्पष्ट छन् भने निम्नवर्गका पात्रहरू विभाजित छन् । त्यसले समाजमा उच्चवर्गको प्रभुत्वलाई विस्तार गरी असन्तुलित वर्गीय शक्तिसम्बन्धलाई स्थापित गरेको छ । उच्चवर्गको साहुले भजनालाई बेघरबार बनाएर, कप्तानले पक्राउ गरेर र हाकिमले दुई वर्षका लागि जेल पठाएर निम्नवर्गलाई दमन गरी उच्चवर्गको हितलाई स्पष्ट रूपमा संरक्षण गरेका छन् । यसका विपरीत निम्नवर्गका पात्रहरू आफ्नो वर्गकै अहितमा क्रियाशील भएको पाइन्छ । यस सन्दर्भमा कथामा भजनाले भनेको छ "साहुको घर 'बाघको घर' थियो मेरा लागि दोटा मुसलडण्डे जुँगे पठाएको थियो, समात्न भनी । तिनको आसिक पाइसकेको थिएँ । यही पन्ध्र दिनभित्रै ब्याजसहित साउँ धान हाँजिर नहुनसके तँलाई नै पाता कसी अनि तेरा घरबारी दोटै ..." (पृ.६८) । कथामा प्रस्तुत यस सन्दर्भले उच्चवर्गले निम्नवर्गकै पात्रलाई प्रयोग गरी आफ्नो हित पूरा गरेको स्पष्ट हुन्छ अथवा निम्नवर्ग नै आफ्नो वर्गीय हित विपरीत उच्चवर्गका हितमा प्रयोग भएको देखिन्छ ।

यस कथाका सिपाहीहरू निम्नवर्गका पात्र भएर पनि शासक वर्गका सहयोगी बनेर आफ्नै वर्गको हित विपरीत उभिएका छन् । जनकुले भजनाको अवस्था बुझेपछि छुट दिन खोज्दा पनि त्यो सम्भव नभएको सन्दर्भलाई कथामा निम्नानुसार उल्लेख गरिएको छ :

> ब्यारेकका कप्तानको घरको नोकरको कोट चोरी हुनु कुनै लर्तरो कुरो थिएन । त्यसैले जनकुलाई सघाउन चोरको पैल्होको लागि दुई ब्यारेक सिपाईंहरू खटिएका थिए ।

> तिनीहरूले पनि भजनालाई जनकुबाट पक्रिएको देखेका थिए । त्यसैले पक्रिएको चोर माल धनीबाट वास्ता नगरिँदा पनि छुट्न पाएन । ती दुई जनाले भजनालाई ट्याप्प अँठ्याइहाले । जनकुले सफाइ दिन एकपल्ट जम्को गऱ्यो तर 'खबरदार !' शब्दले उसको आँट हरायो (पृ.८९) ।

कथामा प्रस्तुत यस सन्दर्भले निम्नवर्गका सिपाहीहरू पनि उच्चवर्गकै हित संरक्षक बनेर आएको स्पष्ट हुन्छ । यस कथाको अर्को निम्नवर्गीय पात्र जनकु भने आफ्नै कोट चोरेको भजनालाई संरक्षण गर्न प्रयास गर्छ । जनकुमा आफ्नो वर्गीय हितका लागि कार्य गर्ने सजगता छ तर त्यसले मूर्त रूप धारण गर्न सकेको छैन । समग्रमा यस कथाका उच्चवर्गीय पात्रहरू साहु, कप्तान र हाकिम आफ्नो वर्गीय हितमा सजग छन् । उनीहरू आफ्ना हितका लागि निम्नवर्गलाई प्रयोग गर्न पनि सफल भएका छन् तर निम्नवर्गमा वर्गहित विभाजित छ । त्यसैले यस कथाको वर्गीय शक्तिसम्बन्धलाई असन्तुलित बनाएको छ । यसले निम्नवर्गीय पात्रको जीवनलाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ ।

माधव भँडारीद्वारा लेखिएको 'खेतीको फल' वर्गीय समस्यामा आधारित कथा हो । यस कथामा उच्च र निम्नवर्गमा वर्गीय हितका सम्बन्धमा एकरूपता पाइँदैन । यस कथाको विमर्शात्मक संरचनाको बलमा सामन्ती प्रथा स्थापित छ । यसले सामाजिक शक्तिसम्बन्धमा प्रत्यक्ष प्रभाव पारी असन्तुलित बनाएको छ । त्यसैले उच्चवर्गको मुखिया आफ्नो हितको रक्षाका लागि आफूले चाहेको सबै कार्यमा सफल भएको छ । यस क्रममा उसले निम्नवर्गको बलबहादुरको थातबास हडप्न, उत्पादन गरेको खेतीको फल कब्जा गर्न, उठिबास लगाउन र अन्त्यमा जेल हाल्न सफल भएको छ । यी सबै कुकर्मबाट मुखियाले आफ्नो वर्गीय हितको रक्षा गरेको छ । निम्नवर्गको हित हुने सम्भावना मात्र देख्दा पनि मुखिया अत्यन्त हडबडाउँछ भन्ने कुरालाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> गाउँलेका मुखबाट मुखिया गंगानाथले बलबहादुरले धेरै मकै फलाएको कुरा निकै सुनेका थिए र आफूले पनि कहिलेकाहीँ बाटो हिँड्दा लामा-लामा धोगा लर्किएका देखेका थिए । यसैले कति फलाएछ त ! भनेर हेर्न आफैँ छ, सात जना भरिया लिएर तनाम भर्न आए । मकैको थुप्रो हेर्छन् त छक्क परे । उनलाई पाँच मुरी मात्रै तनाम लगाएकामा पछुतो लाग्यो र घटघटी थुक निले (पृ.५१) ।

कथामा प्रस्तुत यस सन्दर्भले उच्चवर्गीय मुखिया सचेत रूपमै आफ्नो वर्गीय हितप्रति प्रस्ट रहेको प्रमाणित हुन्छ । यस कथाको निम्नवर्गीय पात्र बलबहादुरमा आफ्नो वर्गीय हितको भावना स्पष्ट हुन सकेको छैन । मुखियाले बलबहादुरलाई षड्यन्त्र गरी सिपाहीहरूद्वारा पक्राउ गराएको सन्दर्भमा कथामा लेखिएको छ : "सबैलाई मुखियाप्रति र यी जस्ता दुनियाँका सबै भाइमाराप्रति अपार रिस उठेर आयो" (पृ.५४) । कथामा प्रस्तुत यस सन्दर्भलाई हेर्दा यस कथाको निम्नवर्गमा पनि वर्गीय हितको भावना उदाउने क्रममा रहेको स्पष्ट हुन्छ । समग्रमा यस कथाको उच्चवर्ग आफ्नो हितप्रति प्रस्ट छ भने निम्नवर्गमा त्यो स्पष्टता छैन । निम्नवर्गका पात्रहरू सङ्गठित रूपमा साझा समस्याका विषयमा सचेत छैनन् । उनीहरू जसलाई समस्या पऱ्यो उसले

मात्र भोग्ने र अरू दर्शक बन्ने अवस्थामा रहेका छन् । त्यसले उच्चवर्गको हितमा सहयोग पुऱ्याएको छ भने निम्नवर्गका लागि त्यो उत्पीडनको कारण बनेको छ । यसरी प्रस्तुत कथामा निम्नवर्गको हित संरक्षण हुन नसकेकै कारण वर्गीय शक्तिसम्बन्ध असन्तुलित बनेको छ । त्यसैले यस कथाको निम्नवर्गको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

दलभञ्जन कार्कीद्वारा लेखिएको 'विदा' तत्कालीन समाजको वर्गीय शक्तिसम्बन्धलाई विषय बनाएर लेखिएको कथा हो । यस कथामा प्रयुक्त पात्रहरूका कार्यले वर्गहितको तीनओटा अवस्थालाई प्रस्तुत गरेको छ । सामन्त वर्गको मुखिया पूर्णदास सधैँ आफ्नो हितमा निम्नवर्गलाई प्रयोग गर्ने कार्यमा स्पष्ट छ । उसले चङ्खेलाई भनेको निम्न सन्दर्भले यसलाई पुष्टि गर्छ : "ए ठगाहा ! थाहा छ, तेरो बाबु कस्तो सोझो थियो ? धान काट्ने बित्तिकै मेरो घरसम्म धान बोकेर ल्याइदिन्थ्यो । ज्यालाको साटो १-२ माना पीठो लिन्थ्यो । त्यस्ताको छोरो, कहाँको बेइमान" (पृ.५९) ! यस सन्दर्भले तत्कालीन समाजमा रहेको सामन्तवादी ढाँचाको परम्परागत वर्गीय हितलाई देखाएको छ । त्यसकारण मुखिया आफ्नो वर्गहितमा प्रस्ट रहेको देखिन्छ । सामन्ती शक्तिसम्बन्धमा आधारित सामाजिक विमर्शका बलमा उसले आफ्नो हित नगर्नेलाई बेइमान ठहऱ्याएको छ । सत्य र असत्य केवल सत्तावादी विमर्श हुन् भन्ने फुकोको अवधारणा यहाँ चरितार्थ भएको छ । त्यसैगरी आफ्नै नोकर रामेले गरिब चङ्खेप्रति दया देखाउँदा पूर्णदास आफ्नो हितमा आघात परेको ठान्छ । "रामेले सानो स्वरमा भन्यो- हैन हजुर गरीबलाई छोडी दिई बक्सियोस् । मान्छे सोझो छ, तिर्छ । रामेको कुराले साहु झन राँको भए । चङ्खेको रिस पनि रामेमाथि पोखियो । 'मेरो घरको भातले मात्तिएको ?' भनेर रामेलाई पूर्णदासले एक लबटो लगाउँछ" (पृ.६३) । यसरी आजीवन आफ्नै सेवा गरेको रामेमाथि समेत हातपात गरी मुखियाले आफ्नो हितको रक्षा गरेको छ । यस कथाको प्रमुख पात्र चङ्खे सामन्ती विमर्शात्मक संरचनाका कारण शक्तिका अभावमा निरीह बनेको छ । त्यसकारण उसले आफ्नो वर्गहितका पक्षमा कुनै कार्य गर्न सकेको छैन । चङ्खेमाथिको चरम अन्यायबाट रामेमा वर्गहितको भावना जागृत भएको छ । उसले साहुलाई भनेको कुराले यसलाई प्रमाणित गर्छ ।

> रामेलाई पनि साहु देखेर रिस उठ्यो । दयाको निम्ति बोल्दा साहुले गरेको नीतिले अर्कै काण्ड सुरु भयो । तुरुन्त साहुपट्टि फर्केर जवाफ दियो- 'बुझ्नु भो ? तपाईंको भलो चिताई काम गरेको ऐले २५ वर्ख भैसक्यो, मैले धेरै कुराको विचार गरिसकेको छु । तपाईंलाई माया भनेको रैन छ । हामी गरिबको रगतमा रमाएर बस्न मात्र तपाईंले जानेको रहेछ । आपतमा परेका गरिबलाई घाँटी समातेर गर्दन रेट्ने मात्रै तपाईंको काम रहेछ (पृ.६३) ।

रामेको यस कथनले उसमा रहेको वर्गीय हितको भावनालाई प्रकट गरेको छ । सामन्ती स्वरूपको विमर्शात्मक संरचनाले यस कथाको वर्गीय शक्तिसम्बन्धलाई असन्तुलित बनाएको छ । यही असन्तुलित शक्तिसम्बन्धकै कारण निम्नवर्गको हित संरक्षित हुन सकेको छैन । त्यसले निम्नवर्गको जीवनलाई कष्टकर बनाएर अधीनस्थ अवस्थामा पुऱ्याएको छ ।

कृष्णप्रसाद सर्वहाराद्वारा लेखिएको 'तोर्मे' तत्कालको सामन्तवादी विमर्शात्मक संरचनालाई अभिव्यक्त गर्ने कथा हो । यस कथामा उच्चवर्गका जिम्वाल र मुखिया दुबै आफ्नो वर्गको हितका

लागि निम्नवर्गको शोषण गर्ने कार्यमा स्पष्ट छन् । जिम्वालले आफ्नो गोरु बचाउन तोर्मेको जीवनलाई खतरामा पुऱ्याएको छ तर उसको श्रमको मूल्य दिने बेलामा आक्रमण गरेको छ । त्यसैगरी वर्षात्को पानीमा गाईवस्तु भिजाएको सम्बन्धमा जेठा मुखियाले भनेको कुरालाई यसरी देखाइएको छ । "वस्तुहरू के गरिस् नि ? कि यस्तो असिनधारे पानीमा बेस्सरी चुटाएर ल्याइस् ? जेठा मुखियाले बम्किँदै सोधे" (पृ.३२) । जेठा मुखियाको यस भनाइले उनलाई बिरामी तोर्मे भिजेकोमा कुनै समस्या नभएको तर गाईवस्तु भिजेकोमा समस्या भएको देखाएको छ । यसबाट उच्चवर्गका लागि निम्नवर्गको ज्यानभन्दा आफ्ना पशुको मूल्य बढी हुने स्पष्ट हुन्छ । यस कथाको निम्नवर्गीय पात्र तोर्मेमा पनि वर्गहित स्पष्ट रहेको छ । कथामा उसले भिन्न वर्गका सम्बन्धमा भनेको छ "घर खेत नहुने मोरालाई कल्ले वास्ता गर्छ र ! काम दिउन्जेलसम्म त हुन् नि यी असत्तीका पिचासहरूले तोर्मे भनेर माया गरिटोपल्याजस्तो गर्ने" (पृ.२५) । तोर्मेको यस भनाइमा निम्न र उच्चवर्गका बिचको फरक स्पष्ट झल्किएको छ । मालिकले आफूलाई केवल प्रयोगको वस्तु बनाएको हो भन्ने आत्मबोध उसमा रहेको देखिन्छ । त्यसैगरी जाडोमा तोर्मेले कपडा लगाउन नपाएका सम्बन्धमा गाउँलेहरूले गरेको टिप्पणीलाई कथाकारले निम्नानुसार उल्लेख गरेका छन् :

> हरे शिव ! त्यो बिचरो तोर्मेलाई त्यत्रो लोभ देखाएर यतिका दिनसम्म काम लियो लियो र कस्तो अहिले चाहिँ यस्तो जाडोले कठिंग्रिदा पनि एकजोर लुगा नहालिदिने । के त्यो श्रीसम्पत्ति मरेपछि पनि छातीमा हालेर निस्सै कोही लैजाने छैन क्यार । विचरा काम गर्ने गोठालाको कस्तो अपहत्ते हेर्न सकेको (पृ.२८) ।

कथामा उल्लेख भएको माथिको सन्दर्भबाट तत्कालीन समाजमा रहेको वर्गीय हितको सामन्ती स्वरूप प्रकट भएको छ । गाउँलेहरूको यस कथनमा पनि निम्नवर्गीय हित अभिव्यक्त भएको छ । तोर्मे र गाउँलेहरू सबैमा वर्गीय हितको चेतना भएर पनि त्यसले सङ्गठित स्वरूप लिन सकेको छैन । समाजमा स्थापित उच्चवर्गीय प्रभुत्वका कारण वर्गीय शक्तिसम्बन्ध असन्तुलित भएकाले निम्नवर्गले आफ्नो हितको संरक्षण गर्न सकेको छैन । समग्रमा यस कथाका दुबै वर्गमा वर्गीय हित छ तर उच्चवर्गले सामन्ती विमर्शात्मक संरचनामा स्थापित असमान शक्तिसम्बन्धका बलमा निम्नवर्गको हितमा दमन गरेको छ । निम्नवर्ग आफूमाथि भएको अन्यायको बोध गर्न सक्छ तर त्यसका विरुद्धको सङ्गठित चेतनाका अभावमा मुक्तिको मार्ग पहिल्याउन सक्दैन । त्यसकारण उच्चवर्गीय प्रभुत्वका अगाडि निम्नवर्गको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

कृष्णबम मल्लद्वारा लेखिएको 'तेसू खोलो' कथामा भएको सामन्ती स्वरूपको सामजिक संरचनाका कारण शक्तिसम्बन्ध असन्तुलित बनेको छ । यस कथामा उच्चवर्ग आफ्नो हितमा स्पष्ट छ भने निम्नवर्गको विचारधारा विभाजित रहेको छ । तत्कालीन समाजमा स्थापित सामन्ती प्रभुत्वका कारण निर्माण भएको असन्तुलित वर्गीय शक्तिसम्बन्धले गर्दा उच्चवर्गका अगाडि निम्नवर्गले उभिन नसक्ने अवस्था रहेको छ । तेसू खोलालाई बाँध्ने दृढ विश्वास लिएको डम्बरे भन्छः "मेहेनत गरे खोलो फर्कन्छ- किन फर्कने छैन" (पृ.५६) । डम्बरेको यस कथनमा निम्नवर्गको हित अभिव्यक्त भएको छ । यसले उच्चवर्गका पुरोहितको हितमा बाधा सिर्जना गरेको

छ । डम्बरेको यस कार्यबाट आफ्नो हितमा बाधा आउने देखेपछि जेठा पुरोहितले भन्छ "तेरो बूढो गोरुले पनि दूध दिनेछ । नपत्याए जा, दुहुने मेहेनत गरी अज्मा । जेठा पुरोहितले भने । सबैजना हाँसे । सबैले आफ्नै हँसी उडाएको देखेर डम्बरेले पनि केही बोलेन" (पृ.५६) । जेठा पुरोहितको यस भनाइले तत्कालीन समाजमा जरा गाडेर बसेको सामन्तवादी वर्गीय हितको अवस्थालाई संरक्षण गरेको छ । यसरी सबैको हितमा बोलेको भए पनि निम्नवर्गीय डम्बरेको आवाजलाई असमान शक्तिसम्बन्धका बलमा दमन गरेर उच्चवर्गीय जेठा पुरोहितले आफ्नो हितलाई सुरक्षित गरेको छ । डम्बरेको योजनामा हँस्सी उडाएका अरू मानिसका कार्यले पनि उच्चवर्गकै हितमा सहयोग गरेको छ । उच्चवर्गको अर्को पात्र मुखिया डम्बरेको योजनालाई ठिक ठानेर पनि आफ्नो वर्गको हित विपरीत जान सक्दैन । उसले डम्बरेसँग भनेको "डम्बरे तेरो बाँध बाँध्ने विचार ता मलाई गतिलो लाग्यो, तर के गरुँ ? म असहाय छु" (पृ.६२) । भन्ने भनाइले उच्चवर्गमा वर्गहित स्पष्ट रहेको देखाउँछ । समग्रमा यस कथाको उच्चवर्गमा आफ्नो वर्गहित स्पष्ट छ भने निम्नवर्गमा अस्पष्टता रहेको छ । समाजको विमर्शात्मक संरचनामा स्थापित सामन्ती ढाँचाको असन्तुलित शक्तिसम्बन्धका कारण उच्चवगको हित संरक्षित छ भने निम्नवर्गको हित सुरक्षित हुन सकेको छैन । त्यसले यस कथाका निम्नवर्गका पात्रहरूलाई अधीनस्थ अवस्थाबाट माथि उठ्न दिएको छैन ।

रमेश विकलद्वारा लेखिएको 'लाहुरी भैँसी' तत्कालीन समाजमा रहेको असन्तुलित वर्गीय शक्तिसम्बन्धमा आधारित कथा हो । यस कथामा द्वारेले उच्चवर्गको प्रतिनिधित्व गरेको छ भने अन्य सबै पात्र निम्नवर्गका छन् । समाजमा स्थापित सामन्तवादी विमर्शात्मक संरचनाका कारण यस कथामा वर्गीय हितको अवस्था पूर्णतः एकपक्षीय रहेको छ । उच्चवर्गको द्वारे आफ्नो वर्गीय हितमा स्पष्ट छ । निम्नवर्गका कुनै पनि पात्रको भूमिका अर्को निम्नवर्गीय पात्रको हितमा छैन । उनीहरूका कार्य वा व्यवहारले जानी नजानी विरोधी वर्गकै हितमा सहयोग गरेका छन् । लुखुरेको अत्यन्त राम्रो लाहुरी भैँसीमा द्वारेले षड्यन्त्रपूर्वक खोट देखाउँदा निम्नवर्गकै रामवीरेले त्यसलाई पुष्टि गर्दै भन्छ "द्वारे बाका आँखा किन झुक्किन्थे रे ! .... भैँसी धम्की नै होइन त" (पृ.२८) । द्वारे र रामवीरेको यस भनाइले लुखुरेको ज्ञानको क्षेत्र धर्मराउँछ । लुखुरेकी श्रीमती घैँटीले पनि द्वारेकै हितमा सहयोग पुऱ्याउँदै भन्छे "एकाति घरबार साहुलाई सुम्प्यो, अर्कातिर अर्काको नाक-कान रित्यायो । त्यसमाथि माल ल्याएको पनि फुटेका आँखाले हेरेर (पृ.३०) घैँटीको यस भनाइले पनि लुखुरेलाई थप कमजोर बनाउँछ । त्यसैगरी बुढाथोकीले थपेको छ "बिग्रने बेलामा आउँदैन मति भनेको त्यही हो । खोटी भैँसीमा थैलो खन्याएर ... अब अरू कसले लाला र" (पृ.३२) ? यो लुखुरेमाथिको अर्को प्रहार बन्छ । द्वारेकै षड्यन्त्र तथा हितमा सहयोग पुऱ्याउने गरी घमानेले थपेको छ "रिन गऱ्या त होलास् नि" (पृ.३२) ? अझ अगाडि जाँदा गाउँकै सबैभन्दा विद्वान् ठानिएका सीताराम पण्डितले भनेको सन्दर्भलाई कथामा यसरी उल्लेख गरिएको छ :

> "यसको भैँसी खोटी रहेन छ रे भने त हाम्रा मुखमा अभच्छे हालिदिनू ।" द्वारेका पुरेत सीताराम पण्डितले हत्केलाले नाक मास्तिर फर्काउँदै लामो लेग्रो तानेर घोषणा गरे । अनि

> द्वारे बाको मुखतिर हेरे । वास्तवमा उनले लुखुरेको भैँसीको अनुहारसम्म पनि देखेका होइनन् । तर कदाचित द्वारे बालाई खुसी पार्न सकिन्छ भने गाउँको भैँसी त के कुरा, बम्बैको तिलकराम मारवाडीले किनेको रायस मोटरमा पनि खोट निकाल्न उनी पछि हट्‌तैनथे (पृ. ३२) ।

गाउँका सर्वोच्च धर्माधिकारी पण्डित सीतारामको यस कथनले पनि उच्चवर्गीय हितकै संरक्षण गरेको छ । यी सबैको परिणामस्वरूप निम्नवर्गीय हितको पूर्णतः पराजय हुँदा लुखुरे आफै द्वारेको शरणमा पुग्दै भन्छ “बा, म त बितेँ । अब के गरौं बा । ... म त खौलाँ परेँ” (पृ.३३) । यसरी यस कथामा निम्नवर्गको हितलाई उठ्नै नसक्ने गरी समाप्त गरिएको छ । तत्कालीन समाजमा स्थापित उच्चवर्गीय प्रभुत्व वा असन्तुलित शक्तिसम्बन्ध नै सबै पात्रलाई एकपक्षीय निर्णयमा पुऱ्याउने प्रमुख कारक बनेको छ ।

द्वारेको घृणित षड्यन्त्रलाई मलजल पुग्ने गरी निम्नवर्गका रामवीरे र सीतारामले सचेत रूपमै सहयोग गरेका छन् । घमाने, खुलाल र घैँटीले अज्ञानताकै कारण उच्चवर्गीय हितको पृष्ठपोषण गरेका छन् । यी सबै कार्यका कारणको रूपमा समाजमा स्थापित सामन्ती विमर्शात्मक संरचनामा रहेको असन्तुलित वर्गीय शक्तिसम्बन्ध छ । उक्त असन्तुलित वर्गीय शक्तिसम्बन्धका कारण लुखुरेमाथिको साझा प्रहारले निम्नवर्गको हितलाई समाप्त गरी उच्चवर्गीय हितलाई स्थापित गरेको छ । त्यसैले सबै निम्नवर्गका पात्रको जीवनलाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ ।

### ३.३.३ यथार्थवादी नेपाली कथामा वर्गीय चेतना

वर्गचेतनाका दृष्टिबाट उच्च र निम्नवर्गका पात्रहरू रहेको ‘सत्यको बाटो’ कथामा विपरीत प्रकारको वर्गीय चेतनालाई प्रस्तुत गरिएको छ । यस कथामा हैकमवादी प्रभुत्वशाली वर्गको प्रजापतिमा उच्चवर्गीय चेतना रहेको देखिन्छ भने अन्य पात्रमा मिश्रित प्रकारको अवस्था छ । प्रजापतिको कारिन्दा कृष्णवीरको “जे भए पनि उनको कुरा मान्नु नै बेस होला । अन्यथा तिम्रो कुशल हुने छैन” (पृ.१६) । भन्ने भनाइले उच्चवर्गीय दमन शोषणका विरुद्धमा लड्न नसकिने हुनाले सहेरै बस्नुमा हित हुन्छ भन्ने देखाउँछ । असन्तुलित वर्गीय शक्तिसम्बन्धका कारण उसमा रहेको चेतना आफ्नो वर्गको हितमा भन्दा विरोधी वर्गकै हितमा प्रवाहित भएको छ । धनेका घरमा आगलागी भएका समयमा सम्पूर्ण गाउँलेहरूले एक भएर सहयोग गरेको सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> आगो, आगो बचाउ, बचाउ !! “धनेकी आमा उठ्न सक्दिन, उसलाई नै अघि निकाल ।” बुढो आशमानले भन्यो । “धने ख्वै त ?” एक जनाले सोध्यो । मानिसहरू यता उता दौडन थाले । कसैले छाना भत्काए । कसैले पानी छर्न थाले । सकभर मद्दत सबैले गरे तर कसैको केही लागेन । धनेको छाप्रो हेर्दा हेर्दै दन्दनी बलेर खरानी भयो (पृ.१९) ।

यसबाट निम्नवर्गमा एकअर्काका समस्यामा एक भएर सहयोग गर्ने चेतनाको विकास भएको देखिन्छ तर उच्च वर्गीय दमन शोषणमा परेर धनेको घर खरानी बन्दासमेत कसैले सामूहिक आवाज उठाउन सकेको छैन । आशमानले प्रजापतिकै खेल ठानेको हुनाले उसमा उच्चवर्गको कर्तुत बुझ्ने चेतना देखिन्छ तर त्यसले पनि सामूहिक स्वरूप धारण गर्न सकेको छैन । समाजमा स्थापित असन्तुलित वर्गीय शक्तिसम्बन्धका कारण निम्नवर्गको चेतनाले आवश्यक विकासको अवसर पाउन सकेको छैन । यसरी निम्नवर्गका पात्रमा चेतना विभाजित छ । उनीहरू शत्रु वर्गको दमनका विरुद्धमा एक भएर जाग्न सकेका छैनन् । यो नै उनीहरूमाथिको दमनको कारण बनेको छ । त्यसकारण कमजोर र विभाजित वर्गचेतनाकै कारण यस कथामा वर्गीय शक्तिसम्बन्ध असन्तुलित बनेको छ । यसले गर्दा निम्नवर्गका पात्रहरू अधीनस्थ अवस्थामा पुगेका छन् ।

'दाङका थारू' तत्कालीन समाजमा रहेको असन्तुलित वर्गीय शक्तिसम्बन्धका विषयलाई आधार बनाई लेखिएको कथा हो । यस कथाका निम्नवर्गका पात्रहरूमा वर्गचेतनाको उदय भएको पाइँदैन । अभिजात वर्गीय धितालको दमन, शोषण चरम उत्कर्षमा पुगेको छ । उसको जालझेल र षड्यन्त्रका कारण हरुवा थारूको धन सम्पत्ति समाप्त भएको छ । हरुवाले सम्पत्तिका साथै श्रीमती गुमाउँदासमेत र गाली अनि कुटाइ खाएर पनि खेराँतमा श्रम लुटाउन बाध्य भएको छ । उच्चवर्गीय ज्यादतीलाई अन्त्यतिर आएर मात्र बुझेको हरुवाले पनि अरूलाई बुझाउन सकेको छैन । "आज मलाई मेरै सम्पत्तिबाट माटोको एउटा हाँडी दिँदैमा त्यसैलाई म दया भनौं त । अहँ कसरी भन्ने । त्यस्तोलाई दया भन्नु दया शब्दको खिल्लत उडाउनु हो" (पृ.४१) । हरुवाको यस भनाइबाट उसले वर्गीय सोचलाई बुझेको देखिए पनि त्यस कुरालाई आफ्नै वर्गका अरू पात्रहरूका बिचमा बुझाएर उच्चवर्गीय दमन शोषणका विरुद्धमा साझा धारणाको निर्माण गर्न सकेको छैन । त्यसकारण यस कथामा वर्गचेतना कमजोर रहेको छ । समग्रमा उच्चवर्गको धितालले सबैमाथि शोषण गरेको छ भने निम्नवर्गका थारूहरू सबै शोषणमा परेर पनि सबैका लागि सबैले एक भएर लड्ने साझा बिन्दुमा पुगेका छैनन् । सामन्तवादी विमर्शात्मक संरचनामा स्थापित असन्तुलित वर्गीय शक्तिसम्बन्ध नै दमन र शोषणको प्रमुख कारण बनेको छ । त्यसैले यस कथामा निम्नवर्गको शक्ति कमजोर भएको हुनाले उच्चवर्गको प्रभुत्व समाजमा स्थापित भएको छ । त्यसकारण यस कथाको वर्गीय शक्तिसम्बन्ध असन्तुलित बन्दा निम्नवर्गका पात्रलाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ ।

गोविन्दप्रसाद लोहनीद्वारा लेखिएको 'नुनको सोझो' कथामा समाजको असमान वर्गीय शक्तिसम्बन्धले प्रमुख स्थान पाएको छ । यस कथामा तत्कालीन नेपाली समाजको वर्गीय चेतनाको विषम अवस्था प्रकट भएको छ । कथाको उच्चवर्गीय पात्र कर्णेल आफ्नो वर्गीय चेतनाबाट युक्त छ भने निम्नवर्गका सबै पात्र अन्योलमा रहेका छन् । निम्नवर्गको प्रमुख पात्र कालेले आफ्नै वर्गको सानेप्रति कुनै सहानुभूति जगाउन सकेको छैन । "छाडदेऊ काले दाइ, बिन्ती, कतै काम पाँइन, ४/५ दिन भो खान नपाएको । खाली एउटा करुवा र एउटा कोपरा मात्र लिएको छु" (पृ.१६) । सामन्तवादी विमर्शात्मक संरचनामा विद्यमान दमन र शोषणका कारण साने केवल पेटको भोक

मेटाउनका लागि चोरी गर्न बाध्य भएको छ तर कालेलाई त्यसको बोध छैन । काले सामन्तवादले उत्पादन गरी समाजमा प्रवाहित गरेको ज्ञानका कारण सानेलाई चोर मात्र देख्न पुग्छ । यहाँ कालेको मालिकभक्तिले विरोधी वर्गको हितलाई सघाएको छ । साने घर्तीले खानै नपाएर यसरी चोरी गर्न बाध्य हुँदासमेत कालेले उसलाई अझ समस्यातर्फ नै धकेलेको छ । “पख तेरो बाबुलाई भन्दै कालेले उसको घाँटी झन अँठ्यायो” (पृ.१६) । कथाको यस सन्दर्भले काले र साने दुबै एउटै वर्गका भए पनि उनीहरूमा एक अर्काप्रतिको सकारात्मक धारणा पाइँदैन । त्यसैगरी मालिकको आदेशमा कालेलाई रामलालले मान्छे लगाएर घरबाट बाटोमा पुऱ्याइदिन्छ । त्यसपछि काले घर न घाटको हुँदा पनि रामलालमा कुनै संवेदना देखिँदैन । रामलाल पनि तत्कालीन सामाजिक विमर्शमा सक्रिय रहेको उच्चवर्गीय चेतनाबाटै परिचालित छ । यी सबै कार्यको कारणका रूपमा समाजमा विद्यमान असन्तुलित वर्गीय शक्तिसम्बन्ध रहेको छ । शक्तिका अभावमा सबै निम्नवर्गीय पात्रहरू परास्त भई उच्चवर्गकै चेतनामा विलय भएका छन् । यसरी प्रस्तुत कथाको निम्नवर्गमा वर्गीय चेतनाको अभाव स्पष्ट देखिन्छ । त्यसले यस कथामा असन्तुलित शक्तिसम्बन्धको निर्माण गरी उच्चवर्गीय दमन शोषणलाई सहयोग पुऱ्याएको छ । त्यसकारण असन्तुलित वर्गीय शक्तिसम्बन्धले यस कथाका निम्न वर्गीय पात्रहरू अधीनस्थ अवस्थामा पुगेका छन् ।

बल्लभमणि दाहालद्वारा लेखिएको ‘सहीको सही’ तत्कालीन समाजको असन्तुलित वर्गीय शक्तिसम्बन्धलाई विषय बनाएर लेखिएको कथा हो । यस कथामा शक्तिशाली भएकै कारण उच्चवर्गका मुखिया र मुखिनीमा आफ्नो वर्गीय चेतना स्पष्ट छ तर कमजोर भएकाले निम्नवर्गका काले भुजेल र भुजेलनीमा समर्पणको भाव मात्र छ । घरमा अन्नको अभाव भएपछि मुखियासँग माग्न जाने भुजेलनीको विचारमा रहेको चेतनालाई कथामा यसरी उल्लेख गरिएको छ :

> भुजेल्नीले क्षीण स्वरमा गुनगुनाई “जाऊ रोइ कराई गरेर मुखियासँग धान पच्चिसा मागेर ल्याऊ । डराएर हुन्छ ? बाबु भने पनि साहू भने पनि तिनै हुन् ।” ... भुजेलनी सम्झाउने चेष्टा गर्न लागी “हेर मुखिया भनेको पहरो हामी भनेको कुहुनो हौं । मुखियाले आँटे भने यही बारीबाट पनि निकाली दिन सक्छन् । हामी जाबो रैती नाथुको के जोड चल्छ र ! हामी मुखिया रिझाउने ज्यालाका त हौं नि (पृ.१८) ?

सामन्ती विमर्शको शक्तिका कारण प्रभुत्वशाली बनेको मुखियामा भुजेलनीले अभिभावकीय गुण देखेकी छे । वर्गचेतनाका अभावमा उसले मुखियालाई पहरो र आफूलाई कुहुनु ठानेकी छ र अन्त्यमा आफूलाई जाबो, रैती तथा नाथु मानेकी छ । समाजमा स्थापित सामन्ती स्वरूपको विमर्श तथा ज्ञानबाट निर्मित असमान वर्गीय शक्तिसम्बन्धका कारण भुजेल्नीले आफूलाई मुखिया रिझाउने साधनका रूपमा पहिचान गरेकी छ । यसका विपरीत भुजेलमा विद्रोही चेतना जागृत हुन थालेको छ । श्रीमतीका विचार विपरीत ऊ भन्छ “नकरा तँ बजिनी पनि तेरा मुखियालाई केही रिझाउनु ओर्नु पर्दैन” (पृ.१८) । यसले सामन्ती प्रभुत्वका विरुद्धमा मानसिक रूपमै भए पनि विद्रोह प्रारम्भ भएको देखाउँछ तर मुखियाको क्रूर आक्रमणमा परेपछि भुजेलको यो चेतना पनि समाप्त भएको छ । यसलाई कथाकारले यसरी प्रस्तुत गरेका छन् : “राता राता बल्ढ्याङ्ग्रे आँखा

पल्टाउँदै 'चोर मेरो बारीमा बसेर मभन्दा ठुलो भइस् । मैले भनेको नमान्ने भनेर झन निर्दयताका साथ पिट्न लाग्यो । त्यति गर्दा पनि काले भुजेल पाउ समात्दै 'राजा भने पनि द्यौता भने पनि हजूर नै हुनुहुन्छ हजूर ? बिराएँ भन्न लाग्यो" (पृ.१९-२०) । यस सन्दर्भले कालेको विद्रोही चेतना समाप्त भएर उच्चवर्गकै हितमा समर्पित भएको अवस्थालाई प्रस्तुत गरेको छ । यसले उच्चवर्गमा आफ्नो स्वार्थपूर्ति गर्नका लागि जे गरे पनि हुन्छ भन्ने र निम्नवर्गमा मालिक सधैँ रक्षक र देवता हुन्छ भन्ने चेतना निर्माण भएको देखाउँछ । यसले समाजमा उच्चवर्गको शासन रहेको हुनाले शक्ति पनि उच्चवर्गमै रहेको निम्नवर्गको चेतनालाई देखाउँछ । यस प्रकारको चेतनाको निर्माण र प्रसारणमा समाजमा रहेको वर्गीय शक्तिसम्बन्धको असन्तुलन मुख्य कारण बनेको छ । समग्रमा यस कथामा उच्चवर्गका पात्र आफ्नो वर्गचेतनामा स्पष्ट छन् तर निम्नवर्गका पात्रमा त्यस्तो अवस्था छैन । समाजमा स्थापित परम्परागत सामन्ती विमर्शात्मक संरचना निम्नवर्गका लागि बाधक बनेको छ । त्यसले वर्गीय शक्तिसन्तुलनमा अवरोध गरी असन्तुलित शक्तिसम्बन्धको निर्माण गरेकै कारण निम्नवर्गका काले भुजेल र भुजेलनी अधीनस्थ अवस्थामा रहन बाध्य भएका छन् ।

'शान्तिको खोजमा' कथामा असन्तुलित वर्गीय शक्तिसम्बन्धलाई प्रमुख विषय बनाइएको छ । वर्गचेतनाका दृष्टिबाट उच्च र निम्नवर्गका पात्रहरू रहेको यस कथामा काजी उच्चवर्गको र अरू सबै पात्रहरू निम्नवर्गका रहेका छन् । यस कथाको हैकमवादी प्रभुत्वशाली पात्र काजीमा उच्चवर्गीय चेतना रहेको छ । उसले सत्तासम्बन्धबाट प्राप्त शक्तिको उपयोग गरी समाजमा प्रभुत्व कायम गरेको अवस्थालाई कथामा यसरी प्रस्तुत गरिएको छ : "सारा गाउँ उनकै महाजनीमा चल्थ्यो । उनको अनुमतिविना गाउँमा केही हुन सक्दैनथ्यो" (पृ.५७) । कथामा व्यक्त यस सन्दर्भले गाउँमा काजीको प्रभुत्व स्थापित रहेको प्रस्ट पारेको छ । उक्त प्रभुत्वशाली चेतनालाई नै प्रयोग गरेर काजीले सोनमालाई जीवनभरि काम गराएको छ । त्यसैगरी प्रभुत्वबाट प्राप्त शक्तिको प्रयोग गरेर आफूलाई सचेत रूपमै सर्वशक्तिमान तुल्याएको छ । त्यसकारण कथाको वर्गीय शक्तिसम्बन्ध असन्तुलित बनेको छ । यस कथामा रहेको निम्नवर्गीय 'म' पात्रमा आफ्नो वर्गको चेतना रहेको छ । बिरामी सोनमालाई काजीले काममा दलेका सम्बन्धमा 'म' पात्रले राखेको विचारबाट उसको वर्गचेतना प्रस्ट हुन्छ । 'म' पात्र भन्छ :

> सोनमा रुघा, खोकी र सर्दीले ग्रस्त थियो । ऊ घरिघरी ख्वाक्-ख्वाक् गरी खोक्दथ्यो, यो कुरा हामी छिमेकीहरूलाई पनि थाहा थियो । तर ठुला घरे काजी बाजेका साम, दाम, दण्ड, भेदका सामुन्ने सोनमाको के चल्न सक्थ्यो ? गरीबको जीउको मूल्य नै के छ र ? उसको मानौं जीउ नै हुँदैनझैं (पृ.५८) ।

प्रस्तुत सन्दर्भमा काजीले सोनमाप्रति गरेको शक्तिको प्रयोगमा 'म' पात्रले असन्तुष्टि प्रकट गरेको छ । उसले उच्चवर्गप्रति घृणा र निम्नवर्गप्रति सहानुभूति प्रकट गरेको छ । त्यसकारण गरिबको जीवनको मूल्य खोजी गर्ने 'म' पात्रमा वर्गीय चेतना रहेको प्रस्ट हुन्छ । यस कथाको निम्नवर्गीय प्रमुख पात्र सोनमामा जीवनको अन्त्यतिर पुग्दा मात्र वर्गीय चेतनाको उदय भएको छ ।

उसले काजीका विरुद्धमा 'म' पात्रसँग गरेको उजुरीले यसलाई स्पष्ट पारेको छ । सोनमा 'म' पात्रसँग भन्छ : "एउटा नालीश गर्न आएको हूँ । बाबु ! तपाईं नै निसाफ गरिदिनुहोस्, नत्र ती काजी बाजेका विरुद्धमा कसले मुख लाग्न सक्छ" (पृ.६१) । यसरी सोनमा ढिलै भए पनि काजीका विरुद्धमा उजुरी गर्ने अवस्थामा पुगेको छ । जीवनकै अन्तिम अवस्थामा पुगेपछि मात्र सोनमामा वर्गीय चेतनाको उदय भएको छ । यस कथामा प्रस्तुत भएको वर्गीय शक्तिसम्बन्ध असन्तुलित भएकै कारण सामाजिक सत्तामा काजीको प्रभुत्व कायम छ । सोनमा र 'म' पात्रमा वर्गीय चेतनाको उदय भएको भए पनि त्यसले सङ्गठित स्वरूप धारण गर्न सकेको छैन । त्यसकारण यस कथामा निम्नवर्गीय चेतना पराजित अवस्थामा पुगेको छ । समग्रमा यस कथामा उच्चवर्गमा रहेको वर्गीय चेतनाले सामन्तवादी स्वरूपको विमर्शको शक्ति प्राप्त गरेको हुनाले वर्गीय शक्तिसम्बन्ध असन्तुलित बनेको छ । त्यसले निम्नवर्गको चेतनालाई सङ्गठित स्वरूप धारण गर्न नदिएको हुनाले निम्नवर्ग पराजित छ । त्यसै कारण यस कथाको निम्नवर्गको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

एम.बी. खत्रीद्वारा लेखिएको 'षड्यन्त्र' कथामा असमान वर्गीय शक्तिसम्बन्धलाई विषय बनाइएको छ । यस कथामा बाबु साहेब र हाकिम उच्चवर्गका पात्र हुन् भने काले, घले, चङ्खे, सर्किनी, गाउँले निम्नवर्गका पात्रहरू हुन् । तत्कालीन सामन्तवादी राज्य संरचनाले निर्माण गरेको असन्तुलित वर्गीय शक्तिसम्बन्धको पृष्ठभूमिमा यस कथाका उच्च र निम्नवर्गको चेतना निर्माण भएको छ । यस कथाको उच्चवर्गमा जसरी भए पनि आफ्नो वर्गको स्वार्थ पूरा गर्ने चेतना रहेको छ । कथाको प्रमुख खल पात्र बाबुसाहेबले सचेत रूपमा नै योजनाबद्ध ढङ्गले कालेको जायजेथा हत्याउने र उसलाई जेल पठाउने कार्य गरेको छ । त्यसका लागि उसले कालेलाई लडाइँमा पठाउने असफल षड्यन्त्र गरेको छ । त्यसपछि उसले चङ्खेलाई सहयोगमा लिएर सर्किनीका माध्यमबाट कालेलाई फसाउने र हाकिमको सहयोगमा जेल पठाउने काम गरेको छ । यसरी उच्चवर्गमा आफ्नो स्वार्थपूर्ति गर्ने चेतना सक्रिय रहेको छ । कथाको निम्नवर्ग समाजमा स्थापित सामन्ती विमर्शात्मक संरचना र ज्ञानका कारण वर्गीय चेतनाबाट विमुख रहेको छ । त्यसकारण यस कथाका निम्नवर्गीय पात्रहरू आफ्नै वर्गका विरुद्धमा क्रियाशील छन् । त्यसले वर्गीय शक्तिसम्बन्धमा असन्तुलन सिर्जना गरेको छ । कथामा निम्नवर्गीय पात्र चङ्खे साहेबको चाकरी बजाउँदै भन्छ "मालिकको खती हुने कुरो के गर्थे र, प्रभो" (पृ.४४) । चङ्खेको यस भनाइले ऊ आफ्नै वर्गको कालेका विरुद्धमा बाबुसाहेबको सहयोगी बन्न तयार रहेको अवस्थालाई जनाउँछ । ऊ मालिकको प्रभुत्व र विमर्शमा स्थापित मालिकभक्तिको ज्ञानको सीमाबाट बाहिर निस्कन सकेको छैन । अर्को निम्नवर्गीय पात्र घले कालेको सम्पूर्ण विवरण मालिकलाई दिएर अनि षड्यन्त्रमा सक्रिय सहभागी भएर उच्चवर्गकै भरणपोषण गर्न पुग्छ । उसको मालिकभक्तिमा पनि प्रभुत्व र परम्परित ज्ञानकै प्रभाव रहेको छ । सर्किनी आफ्नै वर्गको कालेलाई फसाउन प्रयोगको वस्तु बन्छे । यो वर्गचेतनाको शून्यताको परिणति हो । आफू निरपराध रहेको अनुनयविनय गर्दा पनि आफ्नै वर्गका गाउँलेहरू कालेकै विरुद्धमा उभिन्छन् । काले आफूमाथि भएका सबै षड्यन्त्रलाई बुझ्न सक्दैन र भक्षक बाबु साहेबलाई रक्षक ठान्न पुग्छ । यसरी यस कथाका निम्नवर्गीय सबै पात्रका कार्यले उच्चवर्गकै भरणपोषण गरेको छ । त्यसलाई समाजमा स्थापित

परम्परागत सामन्तवादी विमर्शात्मक संरचनामा निर्मित ज्ञानले सत्य साबित गरेको छ । उच्चवर्गमा रहेको अनियन्त्रित शक्तिको सीमालाई निम्नवर्गले अतिक्रमण गर्न नसकेकै कारण वर्गीय शक्तिसम्बन्धमा असन्तुलन कायम भएको छ । समग्रमा असन्तुलित वर्गीय शक्तिसम्बन्धका कारण यस कथाको उच्चवर्ग आफ्नो हित गर्ने चेतनाले सुसज्जित छ भने निम्नवर्गमा वर्गीय चेतनाको अभाव छ । त्यसैले यस कथाको निम्नवर्ग अधीनस्थ जीवन बाँच्न विवश छ ।

'झोपडीको आँसु' तत्कालीन समाजमा रहेको असन्तुलित वर्गीय शक्तिसम्बन्धलाई अभिव्यक्त गर्ने कथा हो । यस कथामा भएका उच्च र निम्नवर्गका पात्रहरूमा वर्गचेतना स्पष्ट रूपमा विकसित भएको छ । उच्चवर्गीय काजीको परिवारका काजी, उसकी श्रीमती र छोरी सबै सचेत रूपमै निम्नवर्गको दमन गर्ने कार्यमा सक्रिय छन् । हर्केकी छोरी रानीले काजीकी छोरीलाई 'तिमी' भनी सम्बोधन गर्दा काजीकी छोरीले भनेकी छ "हेर यसको साहस ! तिमी भन्न कसरी सकेकी" (पृ.८८) ! मैयाँ साहेबले आँखा राता पार्दै भनिन्- "देहाती ! जङ्गली ! दसोटा नाठाहरूसँग इत्रिने नकच्चरी" (पृ.८८) । काजीकी छोरीको यस कथनमा उच्चवर्गीय दमनकारी चेतना व्यक्त भएको छ । ऊ आफूले 'तँ' भनी सम्बोधन गरेकी छे तर आफ्ना लागि 'तिमी' पनि असह्य भएको छ । यो सामन्तवादी विमर्शात्मक संरचनाभित्रको भाषिक विभेदको स्वरूप हो । यसले काजीकी छोरीमा रहेको उच्चवर्गको बोधलाई सचेत रूपमा व्यक्त गरेको छ । त्यसैगरी काजीले हर्केकी छोरीका विषयमा भनेको "हर्के, तँ आफ्नी छोरीलाई तहमा राख ! सुन्दछु, गाउँमा धेरै बढेकी छ रे ! मेरा छोरीहरूसँग मुखमुखै लाग्छे रे, जे पायो सोही बक्छे रे ! यो राम्रो हुने छैन" (पृ.८९) । यस भनाइले उच्चवर्गसँग निम्नवर्गले झुकेर बोल्नु पर्ने र निम्नवर्ग तहमा बस्नु पर्ने काजीको अभिप्रायलाई प्रकट गरेको छ । उच्चवर्गीय चेतनालाई काजीकी श्रीमतीको झुटो अभिव्यक्तिले पनि उजागर गरेको छ । हर्केले दिएको रु. दुई सय उसले राखेर पनि उल्टै हर्केलाई हकार्दै भन्छे "हर्के, यसरी झुटो नबोल् ! मलाई कसैले रुपियाँ राख्न दिएको छैन" (पृ.८९) । कथामा प्रस्तुत यस सन्दर्भले काजीकी श्रीमतीको दमनकारी झुटलाई उदाङ्ग पारेको छ । यसरी काजी, छोरी र काजीकी श्रीमतीले सङ्गठित रूपमै निम्नवर्गका विरुद्धमा दमन र शोषण गरेका छन् ।

यस कथाका निम्नवर्गीय पात्रमा पनि उच्चस्तरको वर्गचेतना रहेको छ । हर्केले आफ्नी छोरीलाई सम्झाउने क्रममा भनेको छ "रानी महलको भाषा सिक्न होइन झोपडीको भाषा सिक्न तँलाई ईश्वरले जन्म दिएको छ, मैयाँ साहेबहरूसँग बोल्न, उनीहरूसँग सङ्गत गर्न होइन, रानी ! यी झोपडीका निर्दोष आत्माहरूसँग, उनीहरूको दुःखमा मडारिन, उनीहरूको जिन्दगीमा भागी हुन जन्म दिएको छ" (पृ.९०) । हर्केका माध्यमबाट कथामा प्रस्तुत भएको यस सन्दर्भले उसमा रहेको वर्गीय पक्षधरतालाई स्पष्ट पारेको छ । आफू निम्नवर्गको भएका कारण निम्नवर्गकै मानिसको दुःखमा सहभागी हुनुपर्ने उसको चेतना रहेको छ । महलको भाषा विभेदकारी हुने र महलको सङ्गत पनि उचित नहुनेतर्फ ऊ सचेत रहेको छ । त्यसैगरी हर्केले गाउँलेहरूसँग तत्कालीन समाजका सम्बन्धमा राखेको विचारलाई कथामा निम्नानुसार प्रस्तुत गरिएको छ :

> साथी हो, आजको दुनियाँमा अपराधी, अन्यायी र अत्याचारीको राज छ । गरिबमाथि लुट्नु, उनीहरूको रगत चुस्नु, उनीहरूमाथि अनेकौं कष्ट र यातना दिनु त, साथी हो,

युगधर्म हो । एकदिन मैले बारीको पाटो दिएर त्यो महल बनाइयो कत्रो उमेद, कत्रो अभिलाषा अनि कत्रो उत्साहले ! यस महलमा तिमीहरूको एक-एक जिउको परिश्रम छ, एक-एक प्राणीको पीडा र तापको ढुङ्गाले सत्य भावना तथा प्रेमले बनेको पर्खाल छ (पृ.९२) ।

कथामा प्रस्तुत भएको यस सन्दर्भले तत्कालीन समाजमा सामन्ती दमन र शोषणका विरुद्धमा उदीयमान अवस्थामा रहेको निम्नवर्गीय चेतनाको स्वरूपलाई देखाएको छ । यसले हर्केमा रहेको अभिजात वर्गीय कुकृत्यप्रतिको घृणा र आफ्नो वर्गप्रतिको सहानुभूतिलाई स्पष्ट पारेको छ । प्रस्तुत कथाको निम्नवर्गमा वर्गीय चेतना स्पष्ट रूपमा विकसित भएको भए पनि शक्तिका अभावमा उक्त वर्ग शासित तथा प्रताडित छ ।

समग्रमा यस कथामा रहेका दुबै वर्ग आआफ्नो वर्गीय चेतनाबाट भरिपूर्ण छन् । त्यसले प्रत्यक्ष वा परोक्ष रूपमा वर्गीय द्वन्द्वलाई उत्कर्षता प्रदान गरेको छ । समाजमा विद्यमान असन्तुलित वर्गीय शक्तिसम्बन्धका कारण निम्नवर्गमा रहेको चेतनाले सङ्गठित आकार ग्रहण गर्न सकेको छैन । सामन्तवादी स्वरूपको विमर्शात्मक संरचनाका कारण समाजमा उच्चवर्गकै प्रभुत्व स्थापित भएकाले उत्पादनका साधनमा पनि उच्चवर्गकै वर्चस्व रहेको छ । त्यसकारण उच्चवर्गले समाजमा स्थापित सामन्ती विमर्शात्मक संरचनाबाट शक्ति प्राप्त गरेको हुनाले निम्नवर्गीय चेतना पराजित भएको छ । यस प्रकारको वर्गीय शक्तिसम्बन्धको असन्तुलनका कारण निम्नवर्गको जीवनावस्था अधीनस्थ बनेको छ ।

'साह्रोगाह्रो र छेकोभाँजो' कथामा वर्गीय शक्तिसम्बन्धको असमानताका कारण भएको सामाजिक अन्यायलाई प्रमुख विषय बनाइएको छ । वर्गचेतनाका दृष्टिबाट उच्च र निम्नवर्गका पात्रहरू रहेको 'साह्रोगाह्रो र छेकोभाँजो' कथामा साहु, कप्तान र हाकिममा उच्चवर्गीय चेतना छ भने जनकु र भजनामा निम्नवर्गीय चेतना रहेको छ । साहुका नोकरहरू र सिपाहीहरू निम्नवर्गकै जीवनयापन गर्ने पात्र भएर पनि उनीहरूमा आफ्नो वर्गीय चेतनाको उदय भएको पाइँदैन । तत्कालीन समाजमा स्थापित सामन्तवादी विमर्शात्मक संरचनामा भएको उच्चवर्गीय ज्ञानका कारण निम्नवर्गमा जागरण आउन सकेको छैन । साहुले सचेत रूपमै आफ्ना नोकरहरूबाट भजनाको घरबारी हडप्ने कुरा भनाएको छ : "यही पन्ध्र दिनभित्रै ब्याजसहित साउँ धान हाँजिर नहुनसके तँलाई नै पाता कसी अनि तेरा घरबारी दोटै ....." (पृ.८६) । साहुका नोकरहरूको यस कथनमा साहुकै आवाज प्रतिबिम्बित भएको छ । सामन्तवादी सामाजिक विमर्शमा रहेको उच्चवर्गीय ज्ञानका कारण निम्नवर्गमा देखिएको मालिकभक्तिको भावले यस्तो स्वरूप ग्रहण गरेको छ । त्यसैगरी आफ्नो सम्पूर्ण शक्तिको प्रयोग गरेर कप्तानले भजनालाई पक्राउ गर्नु र हाकिमले भजनालाई जेल चलान गर्नु पनि उच्चवर्गीय चेतनाकै निरन्तरताको उपज हो । यस कथामा प्रस्तुत भएका मालिकका नोकरहरू र सिपाहीहरू वैकल्पिक वा परिधीय संस्कृतिका पात्र भएर पनि अज्ञानताका कारण प्रभुत्वशाली वर्गकै पक्षमा उभिन पुगेका छन् । त्यसकारण उनीहरूको वर्गचेतनाको अभावले सामन्ती संस्कृतिलाई मलजल गरेको छ । यस प्रकारको विरोधी वर्गीय

चेतनाबाट निम्नवर्ग परिचालित हुनुको मुख्य कारणका रूपमा असन्तुलित वर्गीय शक्तिसम्बन्ध रहेको छ ।

यस कथाको प्रमुख पात्र भजना र सहायक पात्र जनकुमा भने निम्नवर्गीय चेतनाको उदय भएको छ । जनकुले भजनाको वास्तविकतालाई जान्ने इच्छा राख्दा भजनाले भनेको कुरालाई कथामा यसरी व्यक्त गरिएको छ :

> भजनाले गहिरो सास फेर्दै जवाफ दियो- "यो नसोध्नोस् । हामी गरिपका कर्ममा यही नै रहेछ ।" .... भजनाले भन्यो "होइन चोरी मैले राजीखुसीले गरेको हुँ र ! चोरी मैले गर्नु परेको हो । करकापमा परी, पेटको लागि, साहू फर्स्याउनलाई अनि रधिया र काखको नथुनियाको लागि .... (पृ.८५) ।

भजनाको यस कथनबाट उच्चवर्गका कुकृत्यका कारण निम्नवर्गलाई जुनसुकै गलत काम गर्न बाध्यात्मक अवस्था सिर्जना हुन्छ भन्ने स्पष्ट हुन्छ । यो असमानतामा आधारित वर्गीय शक्तिसम्बन्धको परिणति हो । त्यसपछि भजनाको वास्तविकतालाई बुझेपछि जनकुले भनेका कुरालाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> तँजस्तो मर्दले त काम गरेर खानु जाती थियो । तर तेरो कथाको छाँटले त यो दुनियाँ कुहेको रहेछ । सारसौंदोको पौरखले सबैलाई महको स्वाद चाख्न दिन नखोज्ने रहेछ । यहाँ जोरनारीको काम गर्ने धोको पनि नपुग्ने रहेछ । संसार यस्तो नभएको भए आज तैँले साहुसँग डराउनु पर्ने थिएन, तेरी आमा जाडोमा कुहिने थिइनन् (पृ.८७-८८) ।

जनकुको यस कथनबाट निम्नवर्गलाई श्रम, धन र न्यायिक जीवनबाट विमुख गराउने प्रभुत्वशाली संस्कृतिका विरुद्धको चेतना प्रकट भएको छ । निम्नवर्गले काम गरेर पनि खान नपाउने, सधैँ साहुसँग डराएर बाँच्नु पर्ने अनि घरका वृद्ध बाबुआमालाई बचाउन नपाउने अवस्थाको कारक उच्चवर्गीय शक्ति हो भन्ने जनकुलाई बोध भएको छ । समग्रमा यस कथाको उच्चवर्गमा वर्गीय चेतना स्पष्ट भए पनि निम्नवर्गमा विभाजित अवस्थामा रहेको छ । यो सामन्तवादी समाज व्यवस्थाको स्वरूप हो । यस प्रकारको विमर्शात्मक संरचनामा रहेको वर्गीय शक्तिसम्बन्धको असन्तुलनले प्रभुत्वशाली वर्गको चेतनालाई सहयोग पुऱ्याएको छ । त्यसले निम्नवर्गमा एकातिर धेरैलाई सचेत हुनै दिएको छैन भने अर्कातिर सचेत भएकालाई सङ्गठित हुन दिएको छैन । त्यसैले निम्नवर्गको चेतनालाई विभाजित गरेकै कारण निम्नवर्गको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

माधव भँडारीद्वारा लेखिएको 'खेतीको फल' वर्गीय शक्तिसम्बन्ध असन्तुलन भएको कथा हो । यस कथामा वर्गीय आधारमा उच्च र निम्नवर्गका पात्रहरू रहेका छन् । तत्कालीन सामन्तवादी समाज व्यवस्थालाई कार्यपीठिका बनाई सिर्जना गरिएको यस कथाको वर्गचेतना पनि सामन्तवादकै सापेक्षतामा निर्माण भएको छ । त्यसलाई असन्तुलित अवस्थामा रहेको वर्गीय शक्तिसम्बन्धले निर्णायक बनाएको छ । यस कथाको उच्चवर्गीय पात्र मुखिया गंगानाथमा उच्चवर्गीय चेतना प्रबल

रहेको छ । उसले निम्नवर्गको बलबहादुरलाई आर्थिक रूपमा माथि उठ्नै नदिने कार्य गरेको छ । मुखियाको ज्यादै रुखो बारीलाई बलबहादुरले अत्यन्त परिश्रमका साथ मलिलो बनाएर उत्पादन बढाएको छ । मुखियालाई निम्नवर्गले परिश्रम गरी उत्पादन बढाएको सह्य हुँदैन । उसले कि तनाम बढाउन कि घरबारी छोड्न बाध्य बनाउँछ । यसलाई कथामा यसरी प्रस्तुत गरिएको छ : "जेठा ! अब ता मकै छर्ने बेला पनि भयो । अब ता बारी पनि सप्रियो । उति नै तनाममा सधैँ पाइँदैन । अब तनाम दश मुरी हुन्छ । त्यतिमा खान सक्ने भए खा, नभए अर्केले खान्छ" (पृ.५२) । यसबाट सामन्तवादी दमनकारी उच्चवर्गीय चेतनाको अभिव्यक्ति भएको छ । त्यसले मुखियाको बोलीलाई नै अन्तिम सत्य सावित गरेको छ । मुखियाको यस भनाइले उसमा रहेको निम्नवर्ग विरोधी विचारलाई प्रस्ट पारेको छ । त्यसपछि निम्नवर्गको बलबहादुरमा उदाएको उच्चवर्ग विरोधी विचारलाई कथामा यसरी अभिव्यक्त गरिएको छ "बलबहादुर निकै बेर घोरिएर सोचिरह्यो- हेर यी कस्ता अपराधी ! अर्काले गरेर अलिक धेरै उब्जाएको देखि नसक्ने" (पृ.५२) । यसले निम्नवर्गमा उदाउँदै गरेको वर्गीय चेतनालाई प्रकट गरेको छ । त्यसैगरी बढेको तनाम तिर्न नसकेर घर छोड्न बाध्य भएका समयमा बलबहादुरले आफ्नी श्रीमतीलाई सम्झाउँदै भनेको छ : "नरो न नरो कान्छी । अब हामी कहाँ जाऊँ । पापी मुखियाले निकाली दिइहाले" (पृ.५३) । जमिन बलबहादुरकै भए पनि यहाँ जमिनमा उसलाई बस्न दिने कि नदिने भन्ने शक्ति मुखियामा केन्द्रित रहेको छ । यी दुबै सन्दर्भले बलबहादुरमा रहेको वर्गीय चेतनालाई प्रस्तुत गरेको छ । त्यसैगरी कथाको अन्त्यमा मुखियाले बलबहादुरलाई पक्राउ गराएका सम्बन्धमा गाउँलेहरूले सोचेको सन्दर्भलाई यसरी व्यक्त गरिएको छ "सबैलाई मुखियाप्रति र यी जस्ता दुनियाँका सबै भाइमाराप्रति अपार रिस उठेर आयो" (पृ.५४) । कथामा प्रस्तुत यस साक्ष्यले गाउँमा भएका अन्य निम्नवर्गीय पात्रमा समेत वर्गीय चेतना उदय भएको पुष्टि हुन्छ । समग्रमा यस कथाको उच्च र निम्न दुबै वर्गमा वर्गीय चेतना स्पष्ट रहेको देखिन्छ । यही वर्गीय चेतनाका कारण मूर्त वा अमूर्त रूपमा वर्ग सङ्घर्षले निरन्तरता पाएको छ । उच्चवर्गका लागि समाजमा स्थापित परम्परागत विमर्शात्मक संरचना सहयोगी बनेको छ भने निम्नवर्गको चेतनाले सङ्गठित आकार ग्रहण गर्न सकेको छैन । वर्गीय शक्तिसम्बन्धको असन्तुलनका कारण उच्चवर्गको जीवन उत्पीडनकारी देखिएको छ भने निम्नवर्गको जीवन उत्पीडित बनेको छ । त्यसैको परिणतिस्वरूप निम्नवर्गको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

'विदा' तत्कालीन समाजमा रहेको असन्तुलित वर्गीय शक्तिसम्बन्धलाई आधार बनाएर लेखिएको कथा हो । वर्गचेतनालाई आधार मान्दा यस कथामा रहेका पात्रहरू चङ्खे र रामेमा निम्नवर्गीय चेतना रहेको छ भने सामन्त वर्गको प्रतिनिधित्व गर्ने मुखिया पूर्णदासमा उच्चवर्गीय चेतना रहेको छ । तत्कालीन समाजको प्रभुत्वमा रहेको सामन्ती स्वरूपकै सापेक्षतामा निर्मित यस कथाको वर्गचेतनाले सङ्क्रमण कालीन अवस्थाको वर्गीय शक्तिसम्बन्धलाई सङ्केत गरेको छ । निम्नवर्गका मानिसहरूले पुस्तौँपुस्तासम्म पनि उच्चवर्गकै सेवामा समर्पित हुनुपर्छ भन्ने मुखियाको विचारलाई निम्न सन्दर्भले प्रकाश पारेको छ । "थाहा छ, तेरो बाबु कस्तो सोझो थियो ? धान काट्ने बित्तिकै मेरो घरसम्म बोकेर ल्याइदिन्थ्यो" (पृ.५९) । यसले तत्कालीन सामन्ती विमर्शमा

रहेको उच्चवर्गीय चेतनालाई प्रकट गरेको छ । मुखियाको यस अभिव्यक्तिमा चङ्खेले पनि उसको बाबुले जस्तै सेवाभाव प्रकट गर्नु पर्ने विचार प्रस्ट छ । यसले उच्चवर्गीय सामन्तवादी विमर्शलाई परम्पराको निरन्तरतामा स्थापित गर्ने प्रयास गरेको छ । यही प्रयासकै निरन्तरतामा मुखियाले चङ्खेको घरबारी हडप्ने योजना बनाएको छ । "हेर चङ्खे ! बाँकी दुई मुरी धानमा तेरो घर घरानको पाटो चोखो छ, मलाई लेखिदे । तँलाई म छाडिदिउँला" (पृ.६२) । यसरी केवल दुई मुरी धानमा चङ्खेको पैतृक थातबास नै हडप्ने मुखियाको उच्चवर्गीय चेतना स्पष्ट छ । यो सामन्तवादी व्यवस्थाभित्रको चर्को ब्याजमा ऋण दिएर निम्नवर्गको घरबारी हडप्ने उच्चवर्गीय दमन र शोषणको रूप हो । उक्त समाजमा उच्चवर्गीय प्रभुत्व असमानतामा आधारित वर्गीय शक्तिसम्बन्धका जगमा उभिएको छ । साहुको योजनालाई बुझेर प्रतिकार गर्दै चङ्खे भन्छ "बरु जे सजाय दिए पनि भोग्न तयार छु, हजुर ! तर ज्यानै जान्छ भने पनि त्यो घर र रछानको पाटोमा त कागज लेख्दिन" (पृ.६२) । यसले सामन्तवादी व्यवस्था सङ्क्रमणकालीन अवस्थामा पुगेको सङ्केत गरेको छ । चङ्खेको यस भनाइले ऊ उच्चवर्गीय मुखियाको जालप्रति सचेत छ भन्ने देखिन्छ । चङ्खेमाथि भएको ज्यादती र आफूमाथि भएको अन्यायको समेत प्रतिरोधमा रामेले मुखियाको कामबाटै विदा लिन्छ । मुखियाले चङ्खेमाथि गरेको दमनको प्रतिरोधलाई रामेको निम्न कथनले स्पष्ट पारेको छ :

> चङ्खेको आत्माले के मागेको छ ? बिचरो चङ्खले के गरेको छ र ? उसलाई एक छाक खान र एक झुम्रो लाउन पनि मुस्किल छ । कसैको धनमा लोभिएको छैन । एक दिन सबैले मर्नै पर्छ, जाने बाटो त्यही हो । कति दिन दास भएर बसूँ (पृ.६३) ।

रामेको यस कथनमा निम्नवर्गीय चेतना प्रवाहित भएको छ । यसले उच्चवर्गीय मुखियाका कर्तुतप्रति आक्रोश र निम्नवर्गीय चङ्खेप्रति सहानुभूति दर्साउँछ । समग्रमा यस कथाको उच्चवर्गको चेतना जसरी पनि आफ्नो हित गर्ने कार्यका लागि स्पष्ट छ । त्यसलाई समाजमा विद्यमान असन्तुलित ढाँचाको वर्गीय शक्तिसम्बन्धले बल प्रदान गरेको छ । निम्नवर्गमा आफ्नो वर्गको हितमा चेतना जागृत भएको छ तर शक्तिका अभावमा त्यसले सकारात्मक परिणतिसम्मको गति प्राप्त गरेको छैन । त्यसै कारण निम्नवर्गका पात्रहरू अधीनस्थ अवस्थामा पुगेका छन् ।

कृष्णप्रसाद सर्वहाराद्वारा लेखिएको 'तोर्मे' सामन्तवादी विमर्शात्मक संरचनाबाट निर्देशित असमान शक्तिसम्बन्धलाई विषय बनाएर लेखिएको कथा हो । यस कथामा उच्चवर्गका जिम्वाल र जेठा मुखियामा जसरी पनि आफ्नो वर्गको फाइदाका लागि काम गर्ने उच्चवर्गीय चेतना रहेको छ । यसले कथामा रहेको वर्गचेतनालाई सामन्तवादी स्वरूप प्रदान गरेको छ । निम्नवर्गको दमन शोषण गरेर आफ्नो प्रभुत्व स्थापना र विस्तार गर्ने कार्यमा यी दुबै पात्र सफल छन् । समाजमा रहेको असन्तुलित वर्गीय शक्तिसम्बन्धका जगमा उनीहरूको सफलता अडिएको छ । जिम्वालले तोर्मेको श्रमलाई आफ्नो फाइदाका लागि प्रयोग गरेपछि त्यसको मूल्य दिने बेलामा आक्रमण गरी आफ्नो वर्ग चरित्रलाई प्रस्तुत गरेको छ । जेठा मुखियाले पनि श्रमको मूल्य दिने समयमा त्यस्तै चरित्र देखाएको छ । यी दुबै उच्चवर्गीय पात्रले गरेको दमन र शोषणलाई समाजमा विद्यमान

असमानतामा आधारित वर्गीय शक्तिसम्बन्धले वैधता प्रदान गरेको छ । जेठा मुखियाले तोर्मेप्रति बोलेको बोलीलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> अहिले नै तेरा बाबुको कात्रो दौरा सुरुवाल लाइहोलेपछि तेरो बाबु मर्दा गरेको किरिया खर्च केले तिर्लास् ? सानो छउन्जेल पो चुप लागेर बसेका थियौँ ! बाबुले राम्रो चाकरी गरेको थियो र हाम्रा निगाहाले गर्दा मर्दा कात्रोसम्म पायो (पृ.२९) ।

कथामा प्रस्तुत गरिएको यस सन्दर्भमा उच्चवर्गको दमनकारी चेतना प्रकट भएको छ । जेठा मुखियाको यस भनाइले उच्चवर्गको पुस्तौँपुस्ता शोषण गर्ने चेतनालाई प्रस्तुत गरेको छ । यस कथाको निम्नवर्गीय पात्र तोर्मेमा पनि आफ्नो वर्गीय चेतना रहेको कुरालाई कथामा यसरी व्यक्त गरिएको छ : "गरिब गुरुबाका छोराछोरीलाई कसले खोजिनीति गर्ने ! कुकुरका छाउराझैं फात्लाक-फुत्लुक जन्म्यो, ठालुहरूका निगाहाबाट मरिकुस्त काम गरेर दाँतेजोर्नीमा चार सिता भात च्याप्यो अनि फुस्स भयो" (पृ.२६-२७) । तोर्मेको यस भनाइले वर्गीय समाजप्रतिको उसको असहमतिलाई प्रकट गरेको छ । निम्नवर्गमा जन्मिएपछि ठालुका निगाहामा मात्र जीवन बाँच्न पाउने अवस्थाप्रति उसले विद्रोह गरेको छ । त्यसैगरी तोर्मेमाथि जेठा मुखियाले अन्याय गर्दा गाउँलेहरूले राखेको विचार र बिरामी तोर्मेलाई जाडोमा लुगा ओढाइदिने मान्छेको कार्यमा पनि निम्नवर्गीय चेतना झल्किन आएको छ । तोर्मे र गाउँलेहरूमा रहेको निम्नवर्गीय चेतनालाई मुखियाको शक्तिले परास्त गरेको हुनाले यस कथामा भएको असमानतामा आधारित वर्गीय शक्तिलाई सजिलै पहिचान गर्न सकिन्छ । समग्रमा यस कथाका उच्चवर्गीय पात्रमा वर्गीय चेतना प्रबल र एकै प्रकारको छ तर निम्नवर्गीय पात्रको चेतना समान प्रकारको छैन । समाजमा रहेको सामन्तवादी शक्तिसम्बन्धले उच्चवर्गको चेतनामा सहयोग गरेको छ भने निम्नवर्गको चेतनालाई क्षतविक्षत तुल्याएको छ । त्यसकारण निम्नवर्गको शक्ति सङ्गठित हुन नसक्दा विमर्शात्मक संरचनामा उच्चवर्गीय प्रभुत्व कायम भएको छ । यस प्रकारको असन्तुलित वर्गीय शक्तिसम्बन्धकै कारण निम्नवर्गको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

कृष्णबम मल्लद्वारा लेखिएको 'तेसू खोलो' तत्कालीन समाजमा रहेको असन्तुलित ढाँचाको वर्गीय शक्तिसम्बन्धलाई अभिव्यक्त गर्ने कथा हो । यस कथामा निम्नवर्गप्रति दमन शोषण गर्ने उच्चवर्गको चेतना शक्तिशाली छ भने निम्नवर्गको चेतना कमजोर रहेको छ । तत्कालीन समाजमा रहेको सामन्तवादी विमर्शात्मक संरचनाका सापेक्षतामा यस कथाको वर्गचेतनाको निर्माण भएको छ । आफूले गरिरहेको थिचोमिचोको कार्यलाई बाधा पार्ने निम्नवर्गीय पात्र डम्बरेको योजनालाई उच्चवर्गका जेठा पुरोहितले सचेततापूर्वक नै समाप्त पारेको छ । यस क्रममा उसले डम्बरेलाई बेवास्ता गरेर (पृ.५९), पागल भनेर (पृ.६०), अवमूल्यन गरेर (पृ.६१), निम्नवर्गका मानिसलाई इशारा गरी आफ्नो पक्षमा बोलाएर (पृ.६२), डम्बरेलाई जग्गा र पैसाको लोभ देखाएर (पृ.६३), डम्बरेलाई जेल पठाएर (पृ.६४) आफ्नो योजनामा सफलता प्राप्त गरेको छ । जेठा पुरोहितका उक्त सबै कार्यहरू गलत हुन् भन्ने जान्दाजान्दै पनि मुखियाले मूकदर्शक बनेर उसैलाई सहयोग गरी उच्चवर्गीय चरित्र प्रस्तुत गरेको छ । तत्कालीन समाजमा रहेको असन्तुलित वर्गीय

शक्तिसम्बन्धले नै जेठा पुरोहितको अन्यायपूर्ण कार्यलाई सफल बनाएको छ । डम्बरेको योजनालाई बैठकमा सुनाउनै नदिने जेठा पुरोहितको इच्छा विपरीत अरू गाउँलेले "ठीक हो डम्बरे के भन्न चाहन्छ, हामीले सुन्नु पर्छ" (पृ.६०) । भन्दा निम्नवर्गमा वर्गीय चेतना जागृत हुँदै गरेको अवस्था कथामा देखिन्छ । त्यसैगरी डम्बरेले आफ्ना कुरा राखिसकेपछि "गाउँलेहरूको केही चित्त बुझेजस्तो भयो" (पृ.६१) भन्ने भनाइले पनि निम्नवर्गमा सचेतनाको प्रारम्भिक अवस्थाको बोध गराउँछ । निम्नवर्गमा भएको वर्गीय चेतनाको यो प्रारम्भिक अवस्थालाई प्रभुत्वशाली जेठा पुरोहितको उच्चवर्गीय चेतनाले समाप्त पारेको छ । सामन्तवादकै सापेक्षतामा निर्मित ज्ञानका कारण प्रशासन र सबै निम्नवर्गका पात्रहरू उच्चवर्गीय पुरोहितकै पक्षमा उभिन पुगेका छन् । त्यसकै परिणामस्वरूप निम्नवर्गको प्रतिनिधि पात्र डम्बरे जेल परेको छ । यसरी समाजमा रहेको असन्तुलित शक्तिसम्बन्धकै कारण निम्नवर्गीय चेतना सङ्गठित चेतनाका रूपमा विकसित हुन सकेको छैन । यसले प्रस्तुत कथाका निम्नवर्गका पात्रहरूलाई अधीनस्थ अवस्थाबाट माथि आउन दिएको छैन ।

रमेश विकलद्वारा लेखिएको 'लाहुरी भैँसी' तत्कालीन समाजमा रहेको असन्तुलित वर्गीय शक्तिसम्बन्धलाई प्रस्तुत गर्ने कथा हो । वर्गचेतनाका दृष्टिबाट दुई विरोधी वर्गका पात्रहरू रहेको यस कथामा द्वारे एक मात्र उच्चवर्गको पात्र हो भने अरू सबै निम्नवर्गका पात्रहरू रहेका छन् । यस कथामा उच्चवर्गको द्वारे जसरी भए पनि आफ्नो स्वार्थपूर्ति गर्ने चेतनाले युक्त छ । उसले सचेत रूपमै षड्यन्त्र गरी लुखुरेको लाहुरी भैँसी हत्याएको छ । त्यस कार्यका लागि द्वारेले आफ्नो सामन्ती प्रभुत्वको शक्तिलाई प्रयोग गरी निम्नवर्गका सबै पात्रलाई आफ्नो योजनाभित्र सजिलै समेटेको छ । द्वारेको षड्यन्त्रपूर्ण अभिव्यक्ति "बाबै भैँसी त धम्की छ" (पृ. ८) । ले लुखुरे, घैँटी र सानो छोरोको होसहवास उडाएको छ । यो सामन्तवादी षड्यन्त्रको तात्कालिक स्वरूप हो । त्यसपछिको अवस्थालाई कथामा यसरी उल्लेख गरिएको छ : "द्वारे बा घोप्टे जुँगाभित्रको कुटिल मुस्कानलाई ओठभित्रै दबाएर घरतिर हिँडे । घमाने र खुलाल पनि उनकै पछि लागे । लुखुरेका काँधमा हात राखेर रामवीरेले भन्यो 'अब पीर गरेर के गर्छस् बाबै, जे हुनु भैहाल्यो" (पृ.२९) । यसरी घमाने, खुलाल र रामवीरे उच्चवर्गीय चेतनाको सीमाभित्र जोडिन पुग्छन् । यो तात्कालिक सामन्तवादी विमर्शात्मक संरचनाले निर्माण गरेको ज्ञानको उपज हो । सामन्तको ज्ञान नै सत्य हुने र जसरी पनि निम्नवर्गले सामन्तलाई खुसी पार्नु पर्ने उक्त समाजमा प्रभुत्वको शक्तिले यस प्रकारको ज्ञानलाई वैधता प्रदान गरेको छ । त्यसपछि द्वारेको चेतनालाई बुझ्न नसक्दा लुखुरेकी श्रीमती घैँटी पनि लोग्नेसँग रिसाउँदै भन्छे "खाइस् अभागी ग्वाङ्ग्रा । यसो आफूभन्दा जान्ने सुन्ने दुईचार जनालाई लगेर देखाउनु पर्छ, त्यत्रो पैसा लगेर भड्खाराँ ओइरियो कि ओइरिएन ! बुद्धिमा डढेको सल्केका तेरा" (पृ.३०) । घैँटीको यस भनाइले लुखुरेलाई कमजोर मात्र बनाएन, उसको ज्ञान क्षेत्रलाई पनि कामै नलाग्ने बनाएर समाप्त गऱ्यो । घैँटी पनि द्वारेकै ज्ञानलाई वैधता प्रदान गर्ने अवस्थामा पुगेकी छे । त्यसपछि गाउँका पण्डित सीतारामले समेत उच्चवर्गीय चेतनालाई नै पुष्टि गरेपछि लुखुरे पूर्णतः पराजित भएर द्वारेकै शरणमा पुगी भन्छः "बा, मैले आफ्नै बुद्धिले आफ्नो घुँडामा बन्चरो हानेँ ! अब के गरौँ बा" (पृ.३२) । यसरी प्रस्तुत कथामा रहेको असन्तुलित वर्गीय शक्तिसम्बन्धका कारण निम्नवर्गीय चेतनाले उदय हुने अवसरसमेत पाएको छैन । समाजमा

स्थापित सामन्ती विमर्शात्मक संरचनाबाट प्राप्त प्रभुत्व तथा शक्तिका आधारमा उच्चवर्गीय चेतना सर्वत्र सहज स्थापित छ । त्यसैले यस कथाका निम्नवर्गका पात्रहरूलाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ ।

### ३.३.४ यथार्थवादी नेपाली कथामा वर्गविभेद, दमन र शोषण

'सत्यको बाटो' तत्कालीन समाजमा रहेको वर्गीय विभेद, दमन र शोषणलाई विषय बनाई लेखिएको कथा हो । सामन्तवादी विमर्शात्मक संरचनाको परिवेशमा निर्मित यस कथामा धने गरिब तथा निम्नवर्गको भएकै कारण शक्तिहीन भएकाले सामन्त प्रजापतिको विभेद, दमन र शोषणमा परेको छ । प्रजापतिले धनेको इच्छा विपरीत उसको घरजग्गा लिन चाहेको छ तर धनेले आफ्नो पैतृक थलो उसलाई दिन चाहेको छैन । समाजमा विद्यमान असन्तुलित वर्गीय शक्तिसम्बन्धका कारण उच्चवर्गले अन्यायपूर्ण कार्यमा पनि सफलता पाएको छ भने निम्नवर्ग अन्यायबाट जोगिन खोज्दा पनि सफल हुन सकेको छैन । यस क्रममा प्रजापतिले धनेलाई दिएको दबाबलाई कथाकारले यसरी प्रस्तुत गरेका छन्: "हुन सक्दैन ? ...कसको कुरालाई इन्कार गरिरहेछौ, तँलाई थाहा छ ? ...परिणाम के हुन्छ त्यो पनि थाहा छ" (पृ.१५) ? प्रजापतिको यस भनाइले उसको उच्चवर्गीय प्रभुत्वलाई देखाएको छ । उसले भावी दुखद परिणतिको सङ्केत पनि गरेको छ । त्यसैको परिणाममा धनेको घर आगलागीबाट खरानीको थुप्रोमा परिणत भएको छ तर त्यसको कारणको खोजी तथा धनेको उद्धारमा कुनै कार्य भएको छैन । त्यसकारण यस कथामा वर्गकै आधारमा धनेमाथि विभेद, दमन र शोषण भएको छ । गाउँभरिका मानिसहरू खान नपाएर प्रजापतिको शरणमा आएपछि उसले कारिन्दालाई भनेको कुरालाई कथामा यसरी लेखिएको छ: "चाहिएको अन्न बजार भाउमा गाउँलेलाई बेच्नु" (पृ.१९) ! सारा गाउँमा अनिकालको महामारी चल्दासमेत उसकहाँ गाउँकै लागि पुग्ने भकारीभरि अन्न रहेकोले उत्पादनका साधन र उत्पादित वस्तुमा उच्चवर्गकै एकलौटी वर्चस्व रहेको स्पष्ट हुन्छ । यही उच्चवर्गीय वर्चस्व वा प्रभुत्वका आधारमा उसले निम्नवर्गमाथि दमन र शोषण गरेको छ । प्रजापतिले आफ्नो घरअगाडि धनेको झुप्रो देख्दा आफूलाई नरमाइलो लागेको अनुभव गर्नु (पृ.१३), धनेलाई पैसाको लोभ देखाएर पुर्ख्यौली थातथलोबाट खेदाउने प्रयास गर्नु (पृ.१४), धनेले घरजग्गा दिन नमान्दा गालीगलौज गर्नु (पृ.१५), माग्ने बृद्ध महिलालाई अपमान गर्नु (पृ.२१) यस कथामा वर्गविभेदका उदाहरण हुन् । जालझेलपूर्ण ढङ्गले धनेको घरमा आगो लगाउनु (पृ.१९), धनेलाई बासविहीन बनाउनु, गाउँका गरिबहरूलाई अनिकालको मौका पारी गाली गर्नु (पृ.१८) र आफ्नो प्रभुत्वको विस्तार गर्नु अनि सम्पूर्ण उत्पादित खाद्यान्नमा कब्जा जमाएर भोकको आतङ्क सिर्जना गर्नु (पृ.१८) उच्चवर्गीय दमन र शोषण हो । प्रजापतिको प्रभुत्व विस्तारका लागि स्थापित परम्परागत विमर्शात्मक संरचनामा रहेको असन्तुलित स्वरूपको वर्गीय शक्तिसम्बन्ध कारक बनेको छ । त्यसकारण कसैले उसको दमनका विरुद्धमा केही गर्न नसकेर प्रजापतिका अगाडि सबैले निरीह बन्नु परेको छ । समग्रमा यस कथामा भएको वर्गीय विभेद तथा अमानवीय दमन र शोषणलाई परम्परागत स्वरूपको विमर्शमा निहित असन्तुलित शक्तिसम्बन्धले वैधता प्रदान गरेका कारण निम्नवर्गका पात्रहरू अधीनस्थ अवस्थामा पुगेका छन् ।

'दाङका थारू' सामन्तवादी विमर्शात्मक संरचनामा आधारित वर्गीय शक्तिसम्बन्धको असन्तुलित स्वरूपलाई प्रस्तुत गर्ने कथा हो । वर्गविभेद, दमन र शोषणका दृष्टिबाट यस कथामा सीमान्तीकृत समुदायमाथि भएका अकल्पनीय दृष्टान्तहरू भेटिन्छन् । यस कथामा सोझो, सरल र सत्य बाटोबाट जीवन भोगिरहेका थारूकै घरमा बसेका र खाएका धितालले षड्यन्त्र गरी हरुवा थारूलाई अधीनस्थ अवस्थामा पुऱ्याएपछि पनि आजीवन दमन र शोषण गरेको छ । हरुवा थारूलाई निम्नवर्गको भएकै कारण मित्रताको जालझेल गरी फसाउनु, उसको थातबास सबै कब्जा गर्नु, पारिश्रमिक नदिइकन काममा लगाउनु, पारिवारिक समस्या पर्दासमेत बलपूर्वक आफ्नो काममा जान बाध्य बनाउनु, विरामी अवस्थाकी हरुवाकी श्रीमतीलाई गाली गर्नु, सानो बच्चालाई लात्तीले हिर्काउनु, खानेकुरा छरिदिनु, घरमा भएका हाँडाभाँडा फुटाइदिनु, गाउँलेहरूबाट विनापारिश्रमिक काम गराउनु, पैसा नै नदिई दुध, घिउ आदि ल्याउन बाध्य बनाउनु आदि यस कथामा भएका वर्गविभेद, दमन र शोषणका उदाहरणहरू हुन् । समाजमा भएको असन्तुलित वर्गीय शक्तिसम्बन्धका कारण यस प्रकारका अन्यायपूर्ण कार्यमा उच्चवर्गको धितालले सफलता पाएको छ । धितालले सोझो हरुवा थारूमाथि गरेको षड्यन्त्रलाई कथामा यसरी उल्लेख गरिएको छः "सेतो कागजमा कालो रङले केरकार गरेको थियो । त्यसैमा मैले आफ्नो बुढी औंलाको सही लगाइ दिएँ । ... पछि त्यही कागजको पासो बनाएर हामीलाई बल्झाए" (पृ.३५) । कथामा प्रस्तुत यस सन्दर्भले तत्कालीन सामन्तवादी स्वरूपको षड्यन्त्रमाथि प्रकाश पारेको छ । हरुवाको यस भनाइले निरक्षर थारूलाई धितालले मनलागी लेखाएर विश्वासमा पारी जालझेलपूर्ण ढङ्गले सही गराएर फसाएको र उक्त कागजलाई नै आधार बनाई उसको सम्पूर्ण जायजेथा हडपेको स्पष्ट हुन्छ । त्यसपछि गाउँको जिमिदारी हत्याएर धितालले सिङ्गो समुदायलाई नै केवल गरिब भएकै कारण आफ्नो स्वार्थपूर्ति गर्ने साधन बनाएको विषयलाई कथामा निम्नानुसार प्रस्तुत गरिएको छ :

> धिताल बाजेको घरमा छोरीको विवाह थियो । गाउँभरिका रैती यही कामका निमित्त महिनौं दिनदेखि जोतिएका थिए । कोही पात टिप्न काँटातिर लागेका थिए । कोही दाउरा ल्याउन जङ्गलतिर पसेका थिए । कसैलाई दहीको अडर थियो, कसैलाई दूध, घ्यू र तेल अर्थात् जो चिज विवाहका निमित्त चाहिन्छ इत्यादि कुरा रैतीलाई नै बाँडफाँड भएको थियो । बिना पैसामा रैतीहरूले सबै माल तोकिएको दिन पूराउन पर्दथ्यो । नपूराए, नगरे धिताल बाजेका आँगनमा काठका तुरुङहरू थिए । त्यसैमा ठोकेर सजाय दिन्थे (पृ.३७) ।

कथामा प्रस्तुत यस उद्धरणले तत्कालीन समाजमा रहेको असन्तुलित शक्तिसम्बन्धका माध्यमबाट उच्चवर्गले गरेको दमन र शोषणको सामन्तवादी स्वरूपलाई प्रकट गरेको छ । सामन्तका घरमा आवश्यक पर्दा निम्नवर्गले श्रम र खाद्यान्न विनापैसा पुऱ्याउनु पर्ने बाध्यात्मक परिस्थितिलाई यस उद्धरणले स्पष्ट पारेको छ । यो अधीनस्थ समुदायका दाङका थारूहरूमाथि भएको अभिजात वर्गीय विभेद, दमन र शोषणको पराकाष्ठा हो । अझ घरमा श्रीमती बिरामी पर्दा पनि धितालको भारी बोक्न जानै पर्ने हरुवाको विवशतालाई कथामा यसरी देखाइएको छ : "ढुङ्गाको छाति तुल्याएर बाटाको सामल सरसापट गरी नाबालक छोराको जिम्मामा स्वास्नीलाई मृत्यु शय्यामा छोडेर आफू चाहिँ पराधीनको पासोमा कसिँदै धिताल बाजेको काममा गयो"

(पृ.३८) । यसले निम्नवर्गलाई सम्पूर्ण अधिकारबाट वञ्चित गराएर बँधुवा मजदुर बनाएको सन्दर्भलाई प्रकट गरेको छ । यो उक्त समाजको ऐतिहासिक यथार्थ हो । यस कथामा सामन्त धितालले षड्यन्त्र गरी थारूको सम्पूर्ण जायजेथा हत्याएको छ । उनीहरूमाथिको दमनका माध्यमबाट श्रम, सम्पत्ति र अधिकारको शोषण गरेको छ । त्यसकारण यस कथामा निम्नवर्गका पात्रलाई अधीनस्थ अवस्थामा पुऱ्याउने वा त्यस अवस्थाबाट माथि उठ्नै नदिने अभिजात वर्गीय, दमन शोषणको क्रूरतम रूप प्रस्तुत भएको छ । यसको प्रमुख कारणका रूपमा समाजमा विद्यमान उच्च र निम्नवर्गका बिचको असमान शक्तिसम्बन्ध रहेको छ । त्यसबाट निम्नवर्गका थारूहरू उत्पीडनमा परी अधीनस्थ अवस्थामा पुगेका छन् ।

'नुनको सोझो' कथा समाजमा विद्यमान असन्तुलित शक्तिसम्बन्धका माध्यमबाट भएको वर्गविभेद, दमन र शोषणलाई प्रमुख विषय बनाई लेखिएको कथा हो । यस कथामा प्रस्तुत भएको वर्गीय विभेद, दमन र शोषणका सम्बन्धमा दयाराम श्रेष्ठले यसरी उल्लेख गरेका छन् : "लोहनीले देशमा २००७ सालको क्रान्तिपछि प्रजातन्त्रका नाममा देशमा अनेकौं विकृति आई सामन्ती सभ्यताले प्रश्रय पाउँदै गएको र आमजनताको पेटको समस्याले झन् झन् विकराल रूप लिँदै गएको, नेताहरूमा पाखण्डीपन बढेको, निम्नवर्गका मानिसहरूको शोषण भएको यथार्थलाई व्यक्त गरेका छन्" (श्रेष्ठ, २०७५, पृ.२४८) । विभेद, दमन र शोषणलाई प्रश्रय दिने सामाजिक विमर्शात्मक संरचनाभित्रको सामन्तवादी स्वरूप यस कथामा अभिव्यक्त भएको छ । यस कथामा उच्चवर्गको कर्णेलले निम्नवर्गको कालेलाई आजीवन दमन र शोषण गरेको छ । कालेले ४६ वर्षसम्म मालिकको सेवा गर्दा पनि उसको तलब बढेको छैन । यस सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> खै, ४६ वर्ष बीचमा कालेले कति कमायो ? उइ मैनाको बीस ! लडाइँले माल चारखण्ड महगों भो तर उइ बीस ! एक पैसा बढेन । कर्णेल भन्थे, "बुझिस् काले, सरकारका सिपाही र जागिरदारको तलब त बढेन भने हामीले कसरी बढाउने ? महगी त आउँछ जान्छ" (पृ.१२४) ।

कथाको यस सन्दर्भले कर्णेलले ४६ वर्षसम्म कालेलाई एउटै तलबमा काम गराएर आजीवन श्रमको चरम शोषण गरेको देखाउँछ । काले शक्तिपरास्त भएकै कारण ४६ वर्षसम्म एउटै तलबमा काम गर्न विवश छ भने कर्णेल शक्तिशाली भएकै कारण उक्त समयसम्म एउटै तलबमा काम लगाउन सफल भएको छ । कालेले मालिककै सुरक्षामा चोरसँग लड्दा घाइते भई पाँच महिना अस्पताल बस्नु परेको छ । उक्त घटनाबाट उसले मालिकको हजारौँको सम्पत्ति जोगाएको छ तर उसको अस्पताल बस्दाको तलब काटिएको छ । यस सन्दर्भलाई कथामा यसरी उल्लेख गरिएको छ : "कर्णेलले कारिन्दापट्टि हेरेर भने ए रामलाल, हेर, यसको जम्मा तलब १९० रुपियाँ हुनु पर्ने, त्यसबाट पाँच महिनाको १०० रु. कट्टा गरी जम्मा ९० रु. दिएर पठाइदे" (पृ.१७) । यस सन्दर्भले कालेले मालिकको सम्पत्ति जोगाउँदा आफ्नै पाँच महिनाको तलब गुमाएको कुरा प्रस्ट पारेको छ । त्यति मात्र होइन उक्त घटनामा आफ्नो खुट्टो गुमाएर अपाङ्ग बनेपछि कालेलाई

कामबाट समेत विमुख गराइएको छ । यसरी प्रस्तुत कथामा चरम वर्गीय विभेद, दमन र शोषण भएको छ । यस प्रकारका सबै अन्यायलाई तत्कालीन समाजमा विद्यमान असन्तुलित वर्गीय शक्तिसम्बन्धले सहज र वैध तुल्याएको छ । त्यसकारण यस कथाको प्रमुख पात्र काले अधीनस्थ अवस्थाबाट माथि उठ्न सकेको छैन ।

बल्लभमणि दाहालद्वारा लेखिएको 'सहीको सही' कथा उच्चवर्गीय दमन शोषणलाई प्रमुख विषय बनाई लेखिएको कथा हो । यस कथामा विभेद, दमन र शोषणको आधार समाजमा स्थापित परम्परागत विमर्शात्मक संरचनाबाट निर्मित असन्तुलित शक्तिसम्बन्ध बनेको छ । उच्चवर्गको मुखियाले काले भुजेललाई बिरामी श्रीमती छोडेर आफ्नी छोरी पुऱ्याउन जाने आदेश दिएको छ । निम्नवर्गको भुजेलले आफ्नी बिरामी श्रीमती छोडेर मुखियाकी छोरीको भरिया बन्नु पर्ने अवस्थाले वर्गविभेदलाई प्रस्तुत गरेको छ । मुखियाको उक्त आदेशलाई नमान्दा काले भुजेलमाथि भएको दमनलाई कथामा निम्नानुसार प्रस्तुत गरिएको छ : "पिरामा डरले काम्दै बसेको काले भुजेलको पिठमा काँटी ठोकेका जुत्ता बर्सिए । लात बर्सिए, लट्ठी बर्सिए । त्यति गर्दा पनि काले भुजेलले मुखियालाई केही गरेन" (पृ.१९) । यस सन्दर्भले प्रस्तुत कथामा रहेको सामन्ती स्वरूपको चरम दमनलाई प्रस्तुत गरेको छ । त्यसपछि मुखिनीले काले भुजेललाई दाउरा काट्न पठाएर अर्को शोषण गरेकी छ । उक्त कुटाइ र दाउरा चिराइको दोहोरो मार खप्न नसकेर काले भुजेलको निधन भएको सन्दर्भलाई कथामा यसरी उल्लेख गरिएको छ :

> किन्तु चैतको औलो, भूँडे मुखियाको पिटाई, मूढा चिरेको त्यसै पच्न सकेन मुटु दुख्न लाग्यो । झन् सारो दुख्न लाग्यो । आफ्नो डिहीसम्म पुग्न सकेन-मुखबाट रगत बमन भयो । उसको अङ्ग प्रत्यङ्ग शिथिल भए । खरो भयो । प्याक-प्याक मुख बाएर एक घुट्को पानी भन्दा पनि पाएन । शरीर चिसो भयो । कालेले सधैँका लागि संसारबाट बिदा लियो (पृ.२१) ।

यस सन्दर्भले तत्कालीन समाजमा विद्यमान दमन र शोषणको सामन्तवादी स्वरूपलाई प्रकट गरेको छ । सामाजिक सत्तालाई हातमा लिएर निम्नवर्गमाथि अमानवीय प्रहार गर्ने र जीवन नै समाप्त पारिदिने सामाजिक वास्तविकतालाई कथाकारले मार्मिक ढङ्गले उल्लेख गरेका छन् । यसरी उच्चवर्गीय दमन र शोषणका कारण निम्नवर्गले ज्यानै गुमाउनु परेको अवस्थालाई देखाइएको छ । यस कथामा उल्लेख भएका सबै वर्गविभेद, दमन र शोषणको आधार तत्कालीन समाजमा विद्यमान असन्तुलित वर्गीय शक्तिसम्बन्ध रहेको छ । त्यसकारण प्रस्तुत कथामा रहेको सामन्ती स्वरूपको अभिजात वर्गीय दमन शोषणले निम्नवर्गको ज्यानै लिने र बाँचेकाहरूलाई अधीनस्थ अवस्थामा नै राख्ने कार्य गरेको छ ।

श्यामप्रसाद अधिकारीद्वारा लेखिएको 'शान्तिको खोजमा' तत्कालीन समाजको असन्तुलित वर्गीय शक्तिसम्बन्धलाई विषय बनाई लेखिएको कथा हो । यो कथा धेरै लेखकहरूको संयुक्त कथासङ्ग्रह 'भेट २०११' मा सङ्कलित छ । यस कथासङ्ग्रहका संपादकहरूले तत्कालीन समाजमा विद्यमान वर्गीय दमन तथा विद्रोहका सम्बन्धमा ध्यान केन्द्रित गरेको चर्चा गर्दै दयाराम श्रेष्ठले लेखेका छन् : "संपादकद्वयले समाजमा विद्यमान वर्गद्वन्द्व अथवा निम्नवर्गमाथि उच्चवर्गबाट हुने

गरेका शोषणका कारण उत्पन्न समस्या र शोषित वर्गभित्रको विद्रोहको चेतना अभिव्यक्त भएका प्रगतिवादी कथाहरू सङ्ग्रह गर्ने उद्देश्य लिएको पाइन्छ" (श्रेष्ठ, २०७५, पृ.३६६) । यस कथामा निम्नवर्गको भएकै कारण शक्तिपरास्त भई सोनमा काजीको विभेद, दमन र शोषणमा परेको छ । आफै बिरामी परेको सोनमा काजीको काममा जान तयार थिएन । ऊ गरिब हुनु नै काममा जानै पर्ने बाध्यकारी परिस्थिति भएको जनाउ कथामा यसरी दिइएको छ : तर ठुला घरे काजी बाजेका साम, दाम, दण्ड, भेदका सामुन्ने सोनमाको के चल्न सक्थ्यो ? गरीबको जीउको मूल्य नै के छ र ? उनको मानौं जीउ नै हुँदैन भैँ" (पृ.५८) । कथामा प्रस्तुत गरिएको यस सन्दर्भले उक्त समाजमा रहेको वर्गीय विभेद, दमन र शोषणको सामन्ती प्रवृत्तिमाथि प्रकाश पारेको छ । निम्नवर्गले विरामी अवस्थामा पनि काजीको काममा जानै पर्ने बाध्यकारी परिस्थितिका माध्यमबाट वर्गीय विभेदलाई उल्लेख गरिएको छ । त्यसैगरी निम्नवर्गमाथि प्रयोग भएको साम, दाम, दण्ड र भेदले दमन र शोषणलाई प्रकाश पारेको छ । सोनमा इमानदार, मेहेनती र जाँगरी पनि थियो तर स्थापित सामन्ती शक्तिसम्बन्धका कारण उच्चवर्गले उसमाथि सधैँ शोषण गरिरहन्थ्यो । यसलाई कथामा प्रस्तुत निम्न सन्दर्भले प्रकाश पार्छ :

> आफ्ना यी गुणहरू छँदा छँदै पनि उसले पैसावालहरूसँग झुक्नु पर्थ्यो । उसकै घरमा भयङ्कर अन्धकार थियो । उसका दुई छोराहरू रोगग्रस्त थिए । औषधी नपाई अकाल मृत्युको सिकारमा परे । जसलाई दिनरात पशुझैँ काम गर्दा, मजदुरी र मेहेनत गर्दा पनि पेटभरि अन्न मिल्दैनथ्यो, जसले आफू र आफ्ना बालबच्चाका निम्ति एक बित्ता लुगासम्म जोड्न सकेन, जसकी प्यारी जीवन सङ्गिनी फाटेका-टालेका लुगा लगाएर गुजारा गर्थी ( पृ.५९) ।

सोनमाको दर्दनाक जीवनका सम्बन्धमा कथामा व्यक्त यस सन्दर्भले निम्नवर्गमाथिको शोषण र दमनको चरम अवस्थालाई देखाएको छ । निम्नवर्गले शक्तिका अभावमा सधैँ झुक्नु पर्ने, विरामी सन्तानलाई उपचार गर्न नपाउने, पशुझैँ घोटिँदा पनि अभावमै बाँच्नु पर्ने र सधैँ आधारभूत आवश्यकताबाट बञ्चित रहनु पर्ने दमन र शोषणको यो अवस्था असन्तुलित शक्तिसम्बन्धको परिचायक हो । त्यसपछि दिन बित्दै जाँदा बुढेसकालमा पुगेको सोनमाले सम्पत्तिकै अभावमा पुत्र वियोग र पत्नी वियोगमा छट्पाउनु परेको छ । सोनमाले आफूसँग जवानी र जाँगर हुँदा काजीको सेवामा जीवन समर्पण गरेको सन्दर्भलाई कथामा यसरी व्यक्त गरिएको छ :

> कसरी आफ्नो जवानी अवस्थामा उसले आफ्नो पूरा शक्ति काजी बाजेका काममा लगाएको थियो, कसरी उसका ती बाँझा मैदानलाई उसले हरियो भरिएको खेतमा परिणत गरिदियो, कसरी उसले उनको पशुधनको वृद्धि गराएको थियो, कसरी उसले उनको त्यो राम्रो दुई तले घर बनाएको थियो (पृ.६१) ।

कथामा प्रस्तुत यस सन्दर्भले सोनमाको सम्पूर्ण जीवन काजीकै सेवामा बितेको स्पष्ट हुन्छ । उसको बल, जाँगर र जीवन उच्चवर्गको विभेद, दमन र शोषणमा समाप्त भएको प्रस्ट छ । यसरी सिङ्गै जीवन काजीको सेवामा समर्पण गर्दा पनि सोनमाले आफ्नो बुढेसकालमा परालको

थुप्रोको सहारासमेत पाउँदैन । ऊ त्यहाँबाट पनि लखेटिन्छ । यस कथाको उच्चवर्गले निम्नवर्गप्रति गरेको यस प्रकारको अमानवीय विभेद, दमन र शोषणलाई समाजमा स्थापित परम्परागत सामन्तवादी विमर्शका जगमा निर्मित असन्तुलित शक्तिसम्बन्धले वैधता प्रदान गरेको छ । त्यसकारण उच्चवर्गीय विभेद, दमन र शोषणमा परी यस कथाको निम्नवर्ग अधीनस्थ अवस्थामा पुगेको छ ।

एम.बी खत्रीद्वारा लेखिएको 'षड्यन्त्र' वर्गीय शक्तिसम्बन्धको असन्तुलित अवस्थालाई प्रकाश पार्ने कथा हो । यो कथा 'कालो भूत २०११' संयुक्त कथासङ्ग्रहमा सङ्कलित छ । यी कथाहरूमा गरिबहरूमाथि कार्यालयका हाकिम र ठूलाठालुहरूले गर्ने गरेका थिचोमिचो, दमन र उत्पीडनलाई मूल विषय बनाइएको छ (श्रेष्ठ, २०७५, पृ.११७) । यस कथामा बाबु साहेब र हाकिम उच्चवर्गका पात्र छन् भने काले, घले, चंखे, सर्किनी र गाउँले निम्नवर्गका पात्रहरू रहेका छन् । उच्चवर्गीय पात्र बाबु साहेबले निम्नवर्गको भएकै कारण कालेमाथि षड्यन्त्रपूर्ण ढङ्गले दमन र शोषण गरेको छ । समाजमा स्थापित सामन्ती ढाँचाको विमर्शात्मक संरचनाबाट प्राप्त शक्तिको प्रयोग गरेर उच्चवर्गले निम्नवर्गमाथि प्रभुत्व जमाएको छ । बाबु साहेबको इच्छाअनुसार लाहुर जान नमानेको कालेलाई सर्किनीको बात लगाएर पक्राउ गरेपछि मुखियाले चालेको शोषणको कदमलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> उनले कालेलाई तेजिला र दयालु आँखाले हेर्दै भने "तैंले त्यस्तो काम गर्नु नपर्ने हो काले ! तँ त असल मानिस पो थिइस् । दैवले यही खटाएको रहेछ । अब क्यै गरी हारिस् भने त जात, भात, पानी सबै चीजबाट गिर्ने खण्डमा छस् । यस कली कालमा नियाँ पाइन छोडिसक्यो । जतातातै पैसाको जीत छ (पृ.४६) ।

कथामा प्रस्तुत यस सन्दर्भले तत्कालीन समाजमा रहेको षड्यन्त्रमूलक दमन र शोषणको सामन्तवादी स्वरूपलाई अभिव्यक्त गरेको छ । यसका माध्यमबाट बाबु साहेबले कालेलाई सम्भावित विपत्तिको डर देखाएर मानसिक र आर्थिक रूपमा शोषण गरेको स्पष्ट पारिएको छ । त्यसपछि बाबु साहेबले चाहेको कालेको जग्गा हडप्न गरेको कार्यलाई कथामा यसरी व्यक्त गरिएको छ : "कालेको घर-घडेरी र खेतबारीलाई २००० रुपियाँमा बन्धक राखेर एक महिना उताको भाकामा तमसुक लेखियो । कालेले त्यसमा आफ्ना बूढी औँलाको छाप लगायो । अनि बडो आँटिलो भएर ऊ भन्न लाग्यो 'रुपियाँ पाए अड्डामा गएर पनि फुत्किन पाउँथे कि हजुर" (पृ.४७) । कथामा प्रस्तुत यस सन्दर्भले बाबु साहेबले कालेलाई पैसा नै नदिई तमसुकमा औँठा छाप लगाउन लगाएर जग्गा हडपेको स्पष्ट पारेको छ । त्यसपछि भोलिपल्ट नै अड्डामा लगी कालेलाई जेलको सजाय दिन बाबु साहेब सफल भएको छ । त्यसैगरी निम्नवर्गको भएकै कारणले घले, सर्किनी र चङ्खेले पनि बाबु साहेबको इसारामा काम गर्न बाध्य हुनु परेको छ । समग्रमा यस कथाको उच्चवर्गले निम्नवर्गमाथि चरम विभेद, दमन र शोषण गरेको छ । त्यस कार्यका लागि समाजमा स्थापित सामन्ती विमर्शात्मक संरचना र सत्तासम्बन्धका माध्यमबाट निर्मित असन्तुलित वर्गीय

शक्तिसम्बन्ध नै कारक तत्त्व भएको छ । त्यसै कारणले यस कथाको निम्नवर्ग अधीनस्थ अवस्थामा पुगेको छ ।

'झोपडीको आँसु' उक्त समाजमा रहेको असन्तुलित शक्तिसम्बन्धमा आधारित कथा हो । यस कथाका लेखकले "समाजका मूल्य र मानक प्रस्तुत गर्दै सामाजिक व्यवस्थाप्रति आफ्नो विरोध जनाएका छन्" (श्रेष्ठ, २०७५, पृ.२१८) । यस कथामा हर्के र गाउँलेहरू निम्नवर्गका भएकै कारण शक्तिबाट विमुख भएकाले काजीको विभेद, दमन र शोषणमा परेका छन् । काजीले हर्केको इच्छा विपरीत उसको गोरु र खसी लिने षड्यन्त्र गरेको छ । "रानीका मोटामोटा खसीमा मालिक साहेबले आँखा लगाएका थिए, रानीको एकोहोरो जिद्दीले खसी उम्काउन सकेको थिएन" (पृ.८९) । यस सन्दर्भबाट काजीले जसरी पनि खसी हात पार्न चाहेको प्रस्ट हुन्छ । त्यसैले उसले हर्केको इमानदारितालाई हतियारका रूपमा प्रयोग गर्दै भनेको छः "अँ, हर्के, सुन ! तँ हिजोआज धेरै बेइमान हुन थालिस् । अस्ति जेठा साहुले तिरेको २०० रुपियाँ कता हालिस्" (पृ.८९) ? काजीको यस कथनमा तत्कालीन समाजमा रहेको षड्यन्त्रको सामन्तवादी स्वरूप प्रकट भएको छ । त्यसपछि हर्केलाई सजायको डर देखाउँदै अझ अगाडि काजीले भनेको छ "यसरी हाकाहाकी रुपियाँ दबाउनेको सजाय थाहा छ- जन्मकैद, कालापानी कहींको डाकू, चोर ! ... तर, हर्के तँ मेरो घरको नोकर होस्, कारबारी होस्, तँलाई म जेलमा पठाउन्नँ ती रुपियाँको सट्टा तेरा दुई हल गोरु र रानीका दुई खसी दिन मनजुर गर्छस् भने" (पृ.८९) । कथामा उल्लेख गरिएको यस सन्दर्भले उच्चवर्गीय सामन्ती ढाँचाको षड्यन्त्र, दमन र शोषणलाई प्रस्ट पारेको छ । उच्चवर्गले झुट, षड्यन्त्र र सत्ताको प्रभुत्वका आधारमा गरेको दमन शोषणलाई विमर्शात्मक संरचनामा निर्मित असन्तुलित शक्तिसम्बन्धले वैधता प्रदान गरेको छ । काजीले सारा गाउँलेहरूमाथि गरेको चरम दमन र शोषणलाई कथामा यसरी उल्लेख गरिएको छ :

> धर्मजङ्ग थापाले अब गाउँमा जग्गाको तिरो बढाए, ब्याज महङ्गो गरेर पैसा लाउन थाले । रैतीहरूले आफ्नो खेती गर्न पाएनन्, मालिकको चाकरीमा व्यस्त भए । गोठालाहरूले आफ्ना गाई, भैँसी, बाखा बढाउन पाएनन्, मालिकको गोठालो बस्नुपर्‍यो । थापा काजीले गाउँमा खुब रुपियाँ छरे तर बिचरा कृषकहरू के जानून् कि ती सेतामोहरहरूले बासस्थान उठाउलान् । ऋणको थुप्रोले कृषकको बाख्रो खायो, गाई-भैँसी खायो, खेतबारी खायो अनि अन्त्यमा घर खायो (पृ.९१) ।

कथामा उल्लेख गरिएको यस सन्दर्भबाट समाजमा विद्यमान असन्तुलित शक्तिसम्बन्धकै कारण उच्चवर्गले निम्नवर्गको जीवनका सबै क्षेत्रमा प्रहार गरेको स्पष्ट पारिएको छ । निम्नवर्गमाथि कर बढाउने, ब्याज बढाउने, चौपाया हडप्ने, श्रमको मूल्य नदिने र आर्थिक रूपमा कमजोर बनाएर थातथलो हडप्ने सामन्ती ढाँचाको दमन र शोषणको रूपलाई उजागर गरिएको छ । यस प्रकारको उच्चवर्गीय दमन र शोषणलाई तत्कालीन समाजमा स्थापित ज्ञान र विमर्शका कारण निर्मित असन्तुलित शक्तिसम्बन्धले सामाजिक वैधता प्रदान गरेको छ । प्रभुत्वशाली वर्गको सत्तासम्बन्धले दमनकारी वर्गलाई संरक्षकत्व प्रदान गरेकै कारण वर्गीय शक्तिसम्बन्ध असन्तुलित भई

दमित निम्नवर्ग पराजित भएको छ । त्यसैको परिणामस्वरूप निम्नवर्गको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

श्याम अधिकारीद्वारा लेखिएको 'साह्रोगाह्रो र छेकोभाँजो' तत्कालीन समाजमा रहेको असमानतामा आधारित वर्गीय शक्तिसम्बन्धलाई विषय बनाई लेखिएको कथा हो । यो कथा 'को अटेरी २०११' संयुक्त कथासङ्ग्रहभित्र समावेश भएको छ । यस कथासङ्ग्रहको प्रकाशनका सम्बन्धमा चर्चा गर्दै दयाराम श्रेष्ठले लेखेका छन् : "जनवादी चेतनाका पक्षमा शोषण, द्वन्द्व, विभेद, सङ्कीर्ण परम्परावादी सोच, आर्थिक दायित्व जस्ता विभिन्न पक्षहरूमाथि प्रकाश पार्ने उद्देश्यले नै यो संयुक्त कथासङ्ग्रह प्रकाशित गरिएको थियो" (श्रेष्ठ, २०७५, पृ.१२३) । यस कथामा निम्नवर्गका दुबै पात्रहरू जनकु र भजना उच्चवर्गीय विभेद, दमन र शोषणमा परेकै कारण दुःखद अवस्थामा पुगेका छन् । उच्चवर्गीय पात्रहरू साहु, कप्तान, हाकिम र मुखिया सबैले निम्नवर्गमाथि दमन र शोषण गरेका छन् । यस कथाको प्रमुख पात्र भजनालाई जम्मा पन्ध्र दिनको समयसीमा तोकी घरबारी हडप्ने सूचना दिएर साहुले दमन र शोषण गरेको छ । त्यसपछिको भजनाको अवस्थालाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> मलाई यस पिरोलोले दिक्क लाग्यो र एकदिन सुटुक्क मोरङतिर लागेँ, जागिर खोज्न । त्यहाँ निकै मारवाडीका गोला र साहुका घर ढुकेँ तर हरेसाउनु पऱ्यो । त्यहाँ कामका लागि गल्ली गल्ली भर्मिएँ, तर कामको साटो कति ठाउँमा खप्की खानु पऱ्यो, कति ठाउँमा हकार । पैसा कमाएर साहुको ऋण तिरी पुर्खादेखिको घरबारी जोगाउँला, आमालाई बचाउँला, ठूली भैसकेकी बैनी रधियाको बिहे गराइ दिउँला र आफू अऋणी कहाउँला भनी पूर्व लागेको पनि आज यतिका दिन भैसक्यो । कठै, मेरी आमालाई के भो होला (पृ. ८६) ।

कथामा प्रस्तुत यस सन्दर्भले उक्त समाजमा रहेको दमन र शोषणको सामन्तवादी स्वरूपलाई व्यक्त गरेको छ । भजनाको यस भनाइबाट उच्चवर्गीय साहुले घरबारी हडप्न चाहेको, बिरामी आमालाई उपचार गर्ने समय पनि नदिएको, ऋण तिर्नका लागि आवश्यक समय नदिएको र परिवार छिन्नभिन्न गराएको स्पष्ट हुन्छ । त्यसकारण यस कथामा वर्गीय दमन र शोषणको ज्यादै क्रूरतापूर्ण स्वरूपको अभिव्यक्ति पाइन्छ । त्यसैगरी यस कथाको सहायक पात्र जनकु पनि वर्गीय दमन र शोषणमा परी परिवारबाट अलग्गिएर जीवन बाँच्न विवश बनेको छ । जनकुको अवस्थालाई कथामा यसरी प्रस्ततु गरिएको छ :

> भजनाको गथासोले जनकुको अतीतलाई आलो पाऱ्यो । उसका आँखाको सामुन्ने उहिलेका तस्वीर छर्लङ्ग भए । कसरी भैरव मुखियाले त्यो उसको लटरम्म फलेको धानका बालामा रातारात आफ्ना नोकरहरू लगाई भैँसी चराइदिएका थिए अनि भोलिपल्ट उनकै ढोकामा उजुर गर्न जाँदा भनेका थिए- फटाहालाई यस्तै आइपर्छ, अधर्मीलाई यस्तै हुन्छ । खुच्चिङ ! (पृ.८८) ।

कथामा प्रस्तुत यस सन्दर्भले उच्चवर्गीय मुखियाले निम्नवर्गीय जनकुमाथि गरेको सामन्ती ढाँचाको दमन र शोषणलाई स्पष्ट पारेको छ । उसले समाजमा स्थापित सामन्ती शक्ति संरचनाका बलमा गलत भए पनि आफूलाई असल र असल भए पनि जनकुलाई फटाहा र अधर्मी बनाएर दमन शोषण गरेको छ ।

यस कथाको प्रमुख पात्र भजना निम्नवर्गको भएकै कारण उच्चवर्गले घरबारी बिहीन बनाएर, पक्राउ गरेर र जेल हालेर दमन शोषण गरेको छ । त्यसैगरी सहायक पात्र जनकु पनि निम्नवर्गको भएकै कारण मुखियाले उसमाथि दमन शोषण गरेको छ । यी दुबै पात्रमाथि भएको उच्चवर्गीय दमन र शोषणलाई स्थापित सामन्ती स्वरूपको विमर्शात्मक संरचनाबाट निर्मित असन्तुलित शक्तिसम्बन्धले वैधता प्रदान गरेको छ । त्यसकारण यस कथाको निम्नवर्गको जीवनावस्था कारुणिक बन्दै अधीनस्थ अवस्थामा पुगेको छ ।

माधव भँडारीद्वारा लेखिएको 'खेतीको फल' वर्गीय दृष्टिले असन्तुलित शक्तिसम्बन्धमा आधारित कथा हो । माधव भँडारीको कथाकारिताका सम्बन्धमा दयाराम श्रेष्ठको विचार यस्तो रहेको छ : "उनले सामन्ती व्यवस्थामा आधारित समाजमा ठूलाहरूबाट असहाय गरिबहरूमाथि हुने गरेका शोषण र अमानवीय व्यवहारलाई पनि देखाएका छन्" (श्रेष्ठ, २०७५, पृ.३५३) । यस कथामा उच्चवर्गीय दमन र शोषणले चरम उत्कर्ष छोएको छ । सामन्तवादी शक्ति संरचना स्थापित भएको यस कथामा उच्चवर्गको मुखियाले निम्नवर्गको बलबहादुरमाथि श्रृङ्खलाबद्ध रूपमा निरन्तर दमन शोषण गरेको छ । कथामा मुखियाले बलबहादुरको घरबारी हडप्न गरेको षड्यन्त्रलाई यसरी देखाइएको छ :

> जग्गा थियो, जमिन थियो तर उसको आफ्नो कोही थिएन । दुई वर्षअघि नै सबै मुखिया गंगानाथको हातमा परिसकेको थियो । उसका बाबुले नै मुखियाको २५० ऋण खाएको थियो रे, त्यसको ब्याज बढ्दै जाँदा ७०० भएर दुई वर्षपहिले त्यो जग्गा-जमिन सबै मुखियाका नाउँमा पास भएको थियो रे (पृ.४९) ।

कथामा प्रस्तुत यस सन्दर्भबाट तत्कालीन समाजमा रहेको पुस्तैनी रूपमा चल्दै आएको वर्गीय दमन र शोषणको परम्परागत सामन्ती स्वरूप प्रकट भएको छ । चर्को ब्याजमा पैसा दिएर सामान्य गरिब किसानको थातथलो हडप्ने नेपाली समाजको परम्परागत सामन्तवादी प्रचलनलाई कथामा विषयवद्ध गरिएको छ । यसरी बलबहादुरलाई सुकुम्बासी बनाइसकेपछि फेरि मुखियाले मोही बनाएर उसको श्रममा शोषण गरेको छ । त्यस क्रममा बलबहादुरले मुखियाको रुखो बारी मलिलो बनाएर उत्पादन बढाएपछि मुखियाले तनाम बढाएर शोषण गरेको छ । उत्पादन घटेर बढेको तनाम तिर्न नसक्दा घरबाट निकालेर शोषण गरेको छ । त्यतिले पनि नपुगी अन्त्यमा जालझेल गरी वन मुद्दामा जेल पठाएर शोषण गरेको छ । जालझेलको यस सन्दर्भलाई कथामा यसरी व्यक्त गरिएको छ : "लैजाओ, अर्डरबिना यी सर्खारी वन फाँड्नेहरूले यसरी फुत्किन पाए त को फुत्किँदैनथ्यो । गंगानाथ मुखिया झुलुक्क देखिएर भने । अब पो सबैले के थाहा पाए भने यो सबै काण्ड यिनै मुखिया बाजेको खेल पो भएको रहेछ" (पृ.५४) ।

कथामा प्रस्तुत यस साक्ष्यले उच्चवर्गीय मुखियाले निम्नवर्गको बलबहादुरप्रति गरेको षड्यन्त्रपूर्ण शोषणको सन्दर्भलाई उजागर गरेको छ । समग्रमा यस कथामा भएको दमन शोषणलाई सामन्ती संरचनामा आधारित असन्तुलित शक्तिसम्बन्धले बल प्रदान गरेको छ । त्यसैले उच्चवर्गीय दमन शोषणबाट प्रताडित हुँदै निम्नवर्गको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

दलभञ्जन कार्कीद्वारा लेखिएको 'विदा' तत्कालीन समाजमा रहेको असन्तुलित वर्गीय शक्तिसम्बन्धमा आधारित कथा हो । यस कथामा चङ्खे र रामे निम्नवर्गका भएकै कारण शक्तिबाट विमुख भई उच्चवर्गीय मुखियाको विभेद दमन र शोषण सहन बाध्य छन् । तत्कालीन विमर्शात्मक संरचनामा रहेको दमन र शोषणको सामन्तवादी रूप यस कथामा प्रकट भएको छ । त्यसकारण मुखियाले निम्नवर्गीय रामेलाई नै प्रयोग गरेर अर्को निम्नवर्गको चङ्खेमाथि दमन र शोषण गरेको छ । चङ्खेले केवल दुई मुरी धान कुत तिर्न केही समय माग्दा मुखियाले गरेको दमनलाई प्रस्ट पार्दै भनिएको छ "हेर रामे यसको चाल । लैजा अँध्यारो कोठामा लगेर गुम्स्याइदे अनि त्यसको बाबुको बिहे देखोस् । अघिदेखि साहुको घरमा बसेको रामे साहुको स्वामीभक्त नोकर थियो । त्यसैले साहुको कुरालाई उसले उल्लङ्घन गरेन । तुरुन्तै साहुले भने बमोजिम गऱ्यो" (पृ.५९-६०) । त्यसैगरी दुई मुरी धानमा नै चङ्खेको घरखेत हडप्ने योजनामा पनि मुखियाले रामेलाई नै प्रयोग गरेको छ । यो योजनालाई प्रस्ट पार्दै मुखिया भन्छ "हैन रामे ! चङ्खेको घर र रछानको पाटो अझ चोखै छ । त्यहीं घर र रछानको पाटो राजिनामा गरी दिऊँ । हाम्रो पनि रुपियाँ असुल भइजान्छ ।" (पृ.६१) मुखियाको यस भनाइमा उसले जालझेलका माध्यमबाट कमजोर चङ्खेको घरबारी हडप्न चाहेको र त्यस कार्यका लागि रामेको साथ खोजेको स्पष्ट हुन्छ । यो ऋण दिएर गरिब किसानको घरबारी हडप्ने तत्कालीन समाजमा रहेको सामन्तवादी शोषणको रूप हो । साहुको उक्त प्रस्ताव अस्वीकार गरेको चङ्खेप्रति दया देखाएकै कारण मुखियाले रामेमाथि पनि आक्रमण गरेको छ । यो पनि वर्गविभेद र दमन शोषणको सामन्ती स्वरूपको अर्को उदाहरण हो । यसरी चङ्खेलाई खोरमा पशुझैँ थुन्नु (पृ.६०), चङ्खेको घरबारी हडप्न खोज्नु (पृ.६१), रामेमाथि आक्रमण गर्नु (पृ.६३) यस कथामा भएका उच्चवर्गीय दमन र शोषणका उदाहरणहरू हुन् । यस कथामा मुखियाको प्रभुत्व स्थापना र विस्तारका लागि समाजमा स्थापित सामन्ती विमर्शात्मक संरचनाबाट निर्मित असन्तुलित शक्तिसम्बन्ध सहायक बनेको छ । त्यसकारण यस कथाका निम्नवर्गीय पात्रहरू चङ्खे र रामे सोझै अन्यायमा परे पनि अशक्त भएकाले सशक्त प्रतिरोधमा उत्रन सक्दैनन् । उच्चवर्गको मात्र सहायक बनेको परम्परागत विमर्शात्मक संरचनाका कारण निम्नवर्ग कमजोर बनेको छ । सङ्गठित स्वरूपका अभावमा निम्नवर्गको शक्ति क्षतविक्षत भएको छ भने सामन्ती विमर्शात्मक संरचनाका कारण उच्चवर्गको प्रभुत्व विस्तार भएको छ । त्यसै कारण यस कथाको वर्गीय शक्तिसम्बन्ध असन्तुलित बनेकाले निम्नवर्गका चंखे र रामेको जीवन कष्टकर हुँदै अधीनस्थ अवस्थामा पुगेको छ ।

कृष्णप्रसाद सर्वहाराद्वारा लेखिएको 'तोर्मे' वर्गीय शक्तिसम्बन्धको असन्तुलनलाई विषयवस्तु बनाई सिर्जना गरिएको कथा हो । यो कथामा उनले "शोषित र उत्पीडित गरिबहरूका दुःख र समस्याप्रति सहानुभूति राख्दै सामन्ती संस्कार र प्रवृत्तिको आलोचना गरेका छन्" (श्रेष्ठ, २०७५,

पृ.२१३) । यस कथामा कमजोर निम्नवर्गमाथिको शक्तिशाली उच्चवर्गीय दमन शोषणले निकै उग्र रूप लिएको छ । जिम्वाल र मुखिया शोषक अनि तोर्मे शोषित पात्रका भूमिकामा रहेको यस कथामा दमन र शोषणले सामन्तवादी आकार ग्रहण गरेको छ । उच्चवर्गीय जिम्वालले तोर्मेको परिवारको सम्पूर्ण जायजेथा हडपेर पनि नपुगी तोर्मेको शरीरसमेत हडप्न खोजेको सन्दर्भलाई कथामा तोर्मेका माध्यमबाट यसरी प्रस्तुत गरिएको छ : "हाम्रो घरबारी, गाई-गोरु, जरजेथा लिएर पुगेन र अब जिवै पनि लिएर सन्तोष लिन खोज्छ" (पृ.२६) । समाजका गरिब तथा अशक्त किसानका सम्पूर्ण जायजेथा कब्जा गरेर शरीरको समेत शोषण गर्ने नेपाली समाजको परम्परागत सामन्ती प्रचलन यस कथामा व्यक्त भएको छ । कथाको यस सन्दर्भले उच्चवर्गीय जिम्वालले गरेको सामन्ती ढाँचाको शोषणलाई देखाएको छ । त्यस्तै अर्को उच्चवर्गीय पात्र जेठा मुखियाले पनि तोर्मेको चरम शोषण गरेको छ । दिनरात काममा लगाउँदा पनि जाडो छेक्ने कपडासमेत नदिएर गरेको शोषणका सम्बन्धमा कथामा यसरी भनिएको छ :

> अब तोर्मे त्यो विचरा डल्लो केटो बिहान झिसमिसै उठेर स्यू-स्यू गरेर काम्दै बाहिर जाडामा निस्केर काम गर्थ्यो र एक डल्लो ढिँडो, अलिकति गनाउने मोही र कुहेको गुन्द्रुकले आफ्नो पेट उक्साएर ती २५/३० ओटा गाई-गोरुका बथान वनतिर लैजान्थ्यो अनि फेरि काम्दै बेलुकि-बेलुकि पिढ्यूँमा घाँसको सानो-सानो भारी झुन्ड्यार थरथर काम्दै लुरु-लुरु फर्कन्थ्यो (पृ.२७-२८) ।

कथामा प्रस्तुत यस सन्दर्भले पनि तोर्मेमाथि भएको उच्चवर्गीय दमन र शोषणलाई अभिव्यक्त गरेको छ । त्यसपछि शोषणकै क्रममा मुखियाले बिरामी तोर्मेमाथि शारीरिक आक्रमण गरेकै कारण ऊ ढलेको छ । त्यसपछि तोर्मेको जीवन सधैँका लागि समाप्त भएको सन्दर्भमा यसरी भनिएको छ : "तोर्मेले जेठा मुखियाको त्यो डरलाग्दो अनुहारमा केही माग्न खोजेझैँ गरी एकचोटि पुलुक्क हेर्‍यो अनि सधैँका लागि सामन्ती व्यवस्थाबाट नाता तोड्दै उसले आफ्ना आँखा बन्द गर्‍यो" (पृ.३४) । कथामा प्रस्तुत यस सन्दर्भबाट मुखियाले तोर्मेको श्रमको मात्र होइन जीवनकै हरण गरेको स्पष्ट हुन्छ । यसरी यस कथाको उच्चवर्गले निम्नवर्गमाथि पुस्तौँपुस्तादेखि दमन शोषण गरेको छ । पुर्ख्यौली जायजेथा र श्रमको शोषणले मात्र नपुगेर निम्नवर्गलाई मृत्युकै मुखमा पुऱ्याउने शोषणको ज्यादै क्रूरतम स्वरूप यस कथामा प्रस्तुत भएको छ । तत्कालीन समाजमा स्थापित सामन्तवादी विमर्शात्मक संरचनाबाट निर्मित असमान शक्तिसम्बन्धका आडमा उच्चवर्गीय दमन शोषणले मौलाउने अवसर पाएको छ । त्यसले यस कथाका निम्नवर्गका पात्रहरूलाई अधीनस्थ गरी जीवन नै समाप्त हुने अवस्थामा पुऱ्याएको छ ।

कृष्णबम मल्लद्वारा लेखिएको 'तेसू खोलो' वर्गीय दृष्टिले असन्तुलित शक्तिसम्बन्धका माध्यमबाट गरिएको उच्चवर्गीय दमन शोषणलाई प्रमुख विषय बनाई लेखिएको कथा हो । सामन्ती शक्ति संरचनाबाट निर्मित विमर्शको शक्तिलाई प्रयोग गरेर यस कथाको उच्चवर्गीय पात्र जेठा पुरोहितले निम्नवर्गीय पात्र डम्बरेमाथि पटक पटक विभेद, दमन र शोषण गरेको छ । तेसू खोलाले सबैलाई दुःख दिएपछि खोलो फर्काउने डम्बरेको योजना ऊ गरिब भएकै कारण तिरस्कृत

भएको छ । यस सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ : "तेरो कुरो को सुन्छ ? फाल्तु समय कहाँ छ ? तेसू फर्काउने अनुहार तेरो जस्तो हुँदैन" (पृ.५९-६०) । पण्डितको यस भनाइले निम्नवर्गप्रतिको विभेदजन्य व्यवहारलाई प्रस्तुत गरेको छ । तेसू खोलामा बाँध बाँध्ने योजनाका सम्बन्धमा भएको गाउँको भेलामा जेठा पुरोहितले भनेका छन् : "जेठा पुरोहितले भने छलफल त्यसमा के गर्नु छ ? म त्यो पहाड उठाउँछु भन्दैमा के तपाईं मान्नु हुन्छ ? पागल डम्बरेको हाहामा लागेर तपाईं आफूलाई बेबकूफ बनाउनु हुन्छ अनि हामीलाई बेकारको टण्टामा फसाउनु हुन्छ" (पृ.६०) । यस सन्दर्भमा पनि निर्दोष डम्बरेमाथि पागलको संज्ञा दिएर पुरोहितले वर्गीय विभेद गरेको छ । त्यसैगरी अर्को सन्दर्भमा जेठा पुरोहितले भनेको छ : "खोलामा बाँध बाँध्न सरकारी मानिस पनि सक्दैनन्, अब डम्बरे बाँध बाँध्छ । हामी यो मान्न सक्तैनौं" (पृ.६१) । यस सन्दर्भमा पनि जेठा पुरोहितले डम्बरेको शक्ति र योजनालाई अस्वीकार गरी विभेदपूर्ण व्यवहार गरेको छ । विभेदको यस प्रकारको निरन्तर प्रहारपछि डम्बरेमाथि षड्यन्त्रपूर्ण ढङ्गले दमन र शोषण गरिएको छ । जेठा पुरोहितले उच्चवर्गीय प्रभुत्वलाई प्रयोग गरी गरेको शोषणलाई कथामा यसरी भनिएको छ : "बाढी आएर अरूका खेतको साँध पुरे उनी विस्तारै अरूको जमिन मिची आफ्नै खेतको क्षेत्रफल बढाउँथे" (पृ.५९) । तेसू खोलामा बाँध बाँधे पण्डितलाई अरूको सिमाना मिच्न समस्या हुने भएकै कारण उनी उक्त कार्यको विरोध गर्थे । त्यसकारण उनले साम, दाम, दण्ड, भेद सबै प्रयोग गरेर डम्बरेलाई शोषण गरेको सन्दर्भलाई कथामा निम्नानुसार प्रस्तुत गरिएको छ :

> जिद्दी नगर् ले यो रुपियाँ । खेतको कागजपत्र म भोलि लेखिदिने छु । पुरोहितले भने अनि उसका खोकिलामा उक्त नोट राखिदिने कोशिश गरे । ऊ मानेन, उनका नजिक रहेका अरू मानिसहरूले डम्बरेलाई समाते । डम्बरे छटपटायो र उम्किने कोशिशमा उनीहरूलाई धक्का दिएर ऊ भाग्यो । तर जेठा पुरोहित उसको धक्का खप्न नसकी दलानको थाममा गएर नराम्रोसँग ठोकिए । उनको निधार फुट्यो, रगतपक्ष भयो उनको कुहिनाको सानो एक हाड पनि फुट्यो । ... मौका राम्रो थियो, कुटपिट मुद्दा डम्बरेका नाउमा उनले चलाए (पृ.६४) ।

कथामा प्रस्तुत यस सन्दर्भले समाजका उच्चवर्गले निम्नवर्गका लागि साम, दान, दण्ड, भेदको प्रयोग गरेर भए पनि दमन र शोषण गर्ने गरेको यथार्थलाई प्रकाश पारेको छ । कृष्णबम मल्ल समाजमा हुने अन्याय, अत्याचारलाई जस्ताको त्यस्तै उल्लेख गर्ने कथाकार हुन् । मल्लको कथाकारिताका सम्बन्धमा दयाराम श्रेष्ठले यसरी उल्लेख गरेका छन्: "उनले सामाजिक जीवनको चित्रण गर्ने सिलसिलामा परिवारभित्रको आपसी सम्बन्ध र त्यसमा देखिएका व्यवहारहरू, नारी वर्गका उत्पीडन र त्यसबाट उत्पन्न विद्रोहको भावना, सामन्तहरूबाट गरिबहरूमाथि हुने गरेको शोषण, दमन र षड्यन्त्र, जाली फटाहाहरूका दुराचार, व्याप्त अन्धविश्वास जस्ता विषयको चित्रण गरेका छन्" (श्रेष्ठ, २०७५, पृ.३८३) । समग्रमा यस कथामा सामन्ती स्वरूपको उच्चवर्गीय विभेद, दमन र शोषणको अवस्था प्रकट भएको छ । त्यसलाई परम्परागत विमर्शात्मक संरचनाबाट

निर्माण गरिएको असन्तुलित शक्तिसम्बन्धले वैधता प्रदान गरेको छ । यसले प्रस्तुत कथाको निम्नवर्गीय पात्र डम्बरेलाई अधीनस्थ अवस्थाबाट माथि उठ्न दिएको छैन ।

रमेश विकलद्वारा लेखिएको 'लाहुरी भैँसी' असमान शक्तिसम्बन्धका कारण भएको वर्गीय विभेद, दमन र शोषणलाई देखाउने उद्देश्यबाट लेखिएको कथा हो । रमेश विकल नेपाली समाजमा विद्यमान सामन्तवादी दमन, शोषण र उत्पीडनलाई विषय बनाएर त्यसका विरुद्धमा विद्रोहको सन्देश दिने सर्जक हुन् । "उनले शोषणचक्र चलाएर निम्नवर्गका असहाय गरिबहरूको जीवनलाई कष्टपूर्ण बनाउने उच्चवर्गीय सामन्तहरूका प्रवृत्तिको भण्डाफोर गरेका छन्" (श्रेष्ठ, २०७५, पृ.४४७) । यस कथामा लुखुरे निम्नवर्गको भएकै कारण कमजोर भएकाले उच्चवर्गीय द्वारेको दमन र शोषणमा परेको छ । यस कथाको वर्गीय दमन र शोषण सामन्तवादी षड्यन्त्रमूलक स्वरूपको छ । सामन्त द्वारेले सामाजिक र आर्थिक क्षेत्रमा प्रभुत्व स्थापित गरी षड्यन्त्रका माध्यमबाट दमन र शोषण गरेको छ । त्यसका लागि एकातिर शक्ति वा प्रभुत्वका आधारमा आफ्नो ज्ञानलाई स्थापित गरेको छ भने अर्कातिर सहमतीय अवस्थामा पुऱ्याउन षड्यन्त्रको मार्ग अवलम्बन गरेको छ । लुखुरेको भैँसी देख्नासाथ षड्यन्त्रको प्रारम्भ गर्दै द्वारेले भनेको छ "भैँसीलाई त अलि बढी नै हालिछस् । दुध कति देला ? ... कल्चौँडो मात्र भएर के गर्नु, मासु खान भएन मोटो छ भनेर" (पृ.२८) । द्वारेको यस कथनबाटै उसले निम्नवर्गीय लुखुरेमाथि दबाब र तनाव सिर्जना गरी शोषणका लागि बलियो आधार तयार गरेको छ । त्यसपछि दबाबकै निरन्तरतामा उसले भैँसीलाई धम्कीको बिरामी छ भनी त्यसको पुष्टि रामवीरेका माध्यमबाट गराएको छ । त्यति मात्र होइन सोझी घैँटीको चेतनामा समेत प्रहार गरी लुखुरेलाई परिवारबाट समेत एक्ल्याएको छ । द्वारेको षड्यन्त्र बुझ्न नसकेको र परिवारबाट पनि एक्लिएको लुखुरेले भैँसी फर्काउन खोज्दा उक्त बाटो छेक्दै द्वारेले भनेको छ "को त्यै बाउँठे ढकाल ? ... त्यसका कुरा पत्याउन थाले त मान्छे खौलाँ पर्छ । कतिलाई भड्खाराँ जाक्यो त्यसले, त्यस्तो बेमानी पो त त्यो" (पृ.२९) । यसरी द्वारेले एकातिर लुखुरेको भैँसीलाई खोटी प्रमाणित गरेको छ भने अर्कातिर उक्त भैँसी किनेकै ठाउँमा फर्काउने उसको बाटो पनि बन्द गरिदिएको छ । त्यसपछि भैँसीले थोरै दुध दिएको विषयलाई उठाएर लुखुरेलाई परास्त गर्न पण्डित लगायतको सहमती जुटाएको छ । यसरी द्वारेको षड्यन्त्रको निरन्तरताले लुखुरेलाई आफैँ भैँसी द्वारेका हातमा सुम्पिन बाध्य पारेको छ ।

यस कथामा लुखुरेको ज्ञान क्षेत्रमा आक्रमण गर्ने, द्वारेको ज्ञान लुखुरेकै वर्गबाट प्रमाणित गर्ने, लुखुरेलाई आफ्नो वर्ग र परिवारबाट एक्ल्याएर निरुपाय गराउने, ढकालप्रति नकारात्मक भाव सिर्जना गराउने, लुखुरेमा दबाब र तनावको चरम अवस्था सिर्जना गर्ने अनि अन्त्यमा सहमतीय माध्यमबाट शोषण गर्ने सामन्ती शोषणको स्वरूप प्रकट भएको छ । यी सम्पूर्ण आधारहरूलाई उच्च वर्गीय द्वारेले शक्तिका रूपमा प्रयोग गरी लुखुरेको ज्ञानका क्षेत्रमा दमन गरेको छ भने आर्थिक क्षेत्रमा शोषण गरेको छ । यस प्रकारको दमन र शोषणलाई तत्कालीन समाजमा स्थापित सामन्तवादी विमर्शबाट निर्मित असन्तुलित वर्गीय शक्तिसम्बन्धले वैधता प्रदान गरेको छ । त्यसैको परिणामस्वरूप यस कथाको निम्नवर्ग अधीनस्थ अवस्थामा पुगेको छ ।

## ३.४ निष्कर्ष

यथार्थवादी नेपाली कथामा भएको वर्गीय शक्तिसम्बन्धको विश्लेषण गरिएको यस अध्यायमा जम्मा १३ ओटा कथाको विश्लेषण गरिएको छ । वर्गीय शक्तिसम्बन्धको विश्लेषण गर्नका लागि वर्गीय सम्बन्ध र त्यसभित्रको सामन्तवादी विमर्शात्मक संरचना, उत्पादनका साधनमाथिको वर्चस्व, प्रभुत्वको अवस्था र प्रभाव, सत्तासँगको सम्बन्ध, ज्ञानको निर्माण र प्रसारण, अधीनस्थताको अवस्थालाई ध्यानमा राखिएको छ । त्यसै गरी वर्गीय चेतनाको पहिचान गर्नका लागि विपरीत धर्मी स्वार्थ भएका वर्गका पात्रको वर्गबोधसहितको अवस्था भएको वा नभएको परिस्थितिलाई ध्यानमा राखिएको छ । त्यसै गरी वर्गीय हितको विश्लेषणका क्रममा श्रमको मूल्य निर्धारणको परिस्थिति, उत्पादनको वितरण, सचेत वा असचेत रूपमा भएका आफ्नो वर्ग र विरोधी वर्गको हितलाई प्रमुख आधार मानिएको छ । वर्गीय विभेद, दमन र शोषणको विश्लेषण गर्दा समाजमा रहेको दमनकारी र दमित वर्गको सामाजिक स्थान, समाजमा स्थापित विमर्शात्मक संरचना, ज्ञानको उत्पादन, शक्तिको निर्माण र प्रसारण, अधीनस्थता र अधीनता, श्रमको मूल्य निर्धारण र शोषण, सत्तासँगको सम्बन्ध, प्रभुत्व र उत्पादनका साधनमा रहेको वर्चस्वलाई हेरिएको छ ।

यथार्थवादी कथाकारका निर्धारित समयका कथाहरूमा वर्गीय सम्बन्ध शत्रुतापूर्ण रहेको छ । तत्कालीन समाजमा स्थापित सामन्तवादी विमर्शात्मक संरचनाबाट प्राप्त शक्तिलाई प्रयोग गरेर उच्चवर्गका पात्रले निम्नवर्गका पात्रलाई अन्याय, अत्याचार, दमन र शोषण गरेकै कारण वर्गीय सम्बन्ध शत्रुतापूर्ण बनेको देखिन्छ । सबै कथामा वर्गीय सम्बन्ध शत्रुतापूर्ण हुनका लागि उत्पादनका साधनमाथिको उच्च वर्गीय वर्चस्व, समाजमा रहेको उच्च वर्गीय प्रभुत्व, स्थानीय र केन्द्रीय सत्तासम्मको उच्चवर्गको मात्र पहुँच, ज्ञान र शक्तिमा उच्च वर्गीय एकाधिकार प्रमुख कारणहरू बनेका छन् । यसले उच्च र निम्नवर्गका बिचमा शत्रुतापूर्ण सम्बन्धको निर्माण गरेको हुनाले वर्गीय शक्तिसम्बन्ध असन्तुलित भई निम्नवर्गको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

यथार्थवादी धाराका निर्धारित समयका कथाहरूमा वर्ग बोधसहितको वर्गीय चेतनाको स्वरूप उच्चवर्गमा स्पष्ट देखिन्छ भने निम्नवर्गमा मिश्रित प्रकारको रहेको छ । उत्पानदका साधन, सामाजिक न्याय र ज्ञानका क्षेत्रमा उच्चवगको प्रभुत्व स्थापित भएकै कारण निम्नवर्गको चेतना विभाजित भएको देखिन्छ । निम्नवर्गका सबै प्रमुख पात्रहरूमा आफूमाथिको अन्याय चरम अवस्थामा पुगेपछि मात्र वर्गीय चेतना जागृत भएको छ भने सहायक र गौण पात्रहरूमा वर्गीय चेतनाको अवस्था शून्यप्रायः स्थितिमै छ । त्यसकारण यस धाराका कथामा उच्चवर्गका लागि शोषण र शासन गर्न सहज भएको छ । यसले वर्गीय शक्तिसम्बन्ध असन्तुलित बनाएको हुनाले निम्नवर्गको जीवनलाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ ।

यथार्थवादी धाराका नेपाली कथाहरूमा उच्चवर्गका पात्रहरू सचेत रूपमै आफ्नो वर्गको हितमा क्रियाशील रहेका छन् भने निम्नवर्गका पात्रहरूमा यस्तो अवस्था पाइँदैन । निम्नवर्गका प्रमुख पात्रहरू पनि जीवनभर उच्चवर्गको हितमा काम गरी समस्यामा डुबेर फर्किनै नसक्ने

अवस्थामा पुगेपछि बल्ल आफ्नो वर्गको हितमा फर्कन चाहेका छन्, जुन सम्भव भएको छैन । यस धाराका सहायक र गौण पात्रहरूको कार्य र व्यवहारले सचेत वा असचेत जुन रूपमा भए पनि उच्चवर्गकै हितमा सहयोग पुऱ्याएको छ । यसका लागि उत्पादनका साधनमाथिको उच्च वर्गीय स्वामित्व, श्रमको मूल्य र अधिकारमा उच्चवर्गको एकाधिकार, निम्नवर्गका हितविपरीतको वितरण प्रणाली, वर्ग बोधसहितको चेतना वा ज्ञानको अभाव सहायक बनेका छन् । वर्गहितको यस प्रकारको असमान अवस्थाका कारण तत्कालीन समाजको वर्गीय शक्तिसम्बन्ध असन्तुलित बनेकाले निम्नवर्गको जीवन समस्याग्रस्त अवस्थाबाट माथि उठ्न सकेको छैन ।

यथार्थवादी धाराका आधुनिक नेपाली कथाहरूमा वर्गीय विभेद, दमन र शोषणको अत्यन्त भयावहपूर्ण अवस्था प्रकट भएको छ । यस धाराका कथामा समाजको दमनकारी वर्गले सामाजिक रूपमै उच्च स्थान पाएको छ भने दमित वर्गको अवस्था अपहेलित र अधीनस्थ बनेको छ । सामन्तवादी विमर्शात्मक संरचनामा उत्पादन र प्रसारण गरिएको विभेदकारी ज्ञान र शक्तिका कारण निम्नवर्गको जीवन निरीह अवस्थामा पुगेको छ । समाजमा उच्च वर्गीय प्रभुत्वको विस्तार भएका कारण श्रम र न्यायमा निम्नवर्गको अधिकार कुण्ठित भएको छ । निम्नवर्गलाई उत्पादनका साधन र सत्तासँगको सम्बन्धबाट उच्चवर्गले विमुख गराएको हुनाले अभाव र अन्यायबाट निम्नवर्गले मुक्ति पाउन सकेको छैन । यस धाराका कथामा वर्गकै आधारमा निम्नवर्गमाथि विभेद, दमन र शोषण भएको छ । यस प्रकारको विभेद, दमन र शोषणले यथार्थवादी धाराका कथामा वर्गीय शक्तिसम्बन्ध असमान भएकाले निम्नवर्गको जीवन अधीनस्थ अवस्थाबाट माथि उठ्न सकेको छैन ।

यस अध्यायमा विश्लेषण गरिएका सबै कथाहरूमा उच्च र निम्नवर्गका प्रमुख पात्रका बिचको वर्गीय सम्बन्ध शत्रुतापूर्ण रहेको छ । 'दाङका थारू' र 'षड्यन्त्र' कथामा उच्च र निम्नवर्गका सबै पात्रहरूमा स्पष्ट रूपमा शत्रुता देखिएको छ भने अन्य कथामा निम्नवर्गका सहायक पात्रहरूले प्रतिवाद नगरेकै कारण सहायक पात्रसँगको उच्चवर्गको सम्बन्ध सामान्य देखिन्छ । त्यसैगरी विश्लेषित सबै कथाहरूमा उच्चवर्गका पात्रमा वर्गहित र वर्गचेतना स्पष्ट रहेको छ भने निम्नवर्गमा वर्गहित र वर्गचेतना विभाजित अवस्थामा रहेको छ । त्यसैले समाजमा वर्गीय विभेद, दमन र शोषण चरमोत्कर्षमा पुगेको छ । यसले विश्लेषित कथाहरूमा रहेको असन्तुलित वर्गीय शक्तिसम्बन्धलाई देखाएको छ । यस अध्यायमा विश्लेषण गरिएका कथाहरूमध्ये वर्गीय शक्तिसम्बन्धका दृष्टिले 'लाहुरी भैँसी', 'दाङका थारू', 'तेसू खोलो' र 'सत्यको बाटो' उत्कृष्ट कथाहरू हुन् ।

वर्गीय शक्तिसम्बन्ध असन्तुलित भएका कारण निम्नवर्गले अधीनस्थताको समस्या भोग्नुपरेका विश्लेषित तेह्रओटा कथामध्ये तीनओटा कथामा जातीय समस्या पनि जोडिएर आएको छ । 'दाङका थारू' कथाका थारू, 'सहीको सही' कथाको भुजेल र 'षड्यन्त्र' थाकी सर्किनी वर्गीय र जातीय दोहोरो शोषणमा परेका छन् । त्यसकारण यी कथाहरूले प्रधान रूपमा वर्गीय समस्यालाई उठाएका छन् भने जातीय समस्यालाई पनि साथै लिएर आएको देखिन्छ । 'षड्यन्त्र'

कथाकी सर्किनीलाई प्रयोगको वस्तु बनाइएको हुनाले लैङ्गिक समस्या पनि जोडिन आउँदा ऊ वर्गीय, जातीय र लैङ्गिक आधारमा तेहेरो शोषणमा परेकी छे । विश्लेषित सबै कथाहरूको चेतनाको केन्द्र वर्गमुक्ति भए पनि त्यसलाई जातिमुक्ति र लिङ्गमुक्तिसँग जोडिएको हुनाले यस चरणका कथाकारहरूले तीनओटै समस्याको पहिचान गर्न सकेको स्पष्ट हुन्छ ।

यथार्थवादी धाराका कथामा शत्रुतापूर्ण वर्गीय सम्बन्ध रहेको छ । निम्नवर्गको कमजोर वर्गीय चेतना र विभाजित अनि कमजोर वर्गीय हित रहेको छ । यसले निम्नवर्गमाथिको वर्गीय विभेद, दमन र शोषणलाई सहयोग पुऱ्याएको छ । यी सबै कारणहरूले वर्गीय शक्तिसम्बन्ध असन्तुलित बन्दा निम्नवर्गको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

# अध्याय चार

# यथार्थवादी नेपाली कथामा लैङ्गिक शक्तिसम्बन्ध

## ४.१ विषयपरिचय

आधुनिक नेपाली कथाको यथार्थवादी धाराका कथाहरूमा रहेको लैङ्गिक शक्तिसम्बन्धको विश्लेषण यस अध्यायमा प्रस्तुत गरिएको छ । यसका लागि प्रस्तुत अध्ययनको अध्याय दुईमा नमुना छनोट गरिएका कथाहरूलाई प्रतिनिधि कथाका रूपमा लिई निर्धारित ढाँचामा विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा लैङ्गिक क्षेत्रमा भएका अन्याय, अत्याचार, दमन र शोषणलाई प्रमुख आधार बनाइएको छ । त्यस क्रममा लैङ्गिक आधारमा रहेको सत्तासम्बन्ध, प्रभुत्व, ज्ञानको निर्माण, उत्पादनका साधनमाथिको प्रभुत्व, स्थापित परम्परागत पितृसत्ताबाट निर्देशित सामाजिक विमर्शात्मक संरचनाप्रति विशेष ध्यान पुऱ्याइएको छ । लैङ्गिक शक्तिसम्बन्धको विश्लेषणका लागि लैङ्गिक सम्बन्धको निर्मिति र शक्तिसम्बन्ध, पितृसत्ता र शक्तिसम्बन्ध, लैङ्गिक विभेद, दमन, शोषण र शक्तिसम्बन्धलाई प्रमुख आधार मानिएको छ ।

## ४.२ लैङ्गिक शक्तिसम्बन्धको सैद्धान्तिक अवधारणा

लैङ्गिक शक्तिसम्बन्ध सांस्कृतिक अध्ययनको एउटा पक्ष हो । लैङ्गिकतासम्बन्धी सोच, व्यवहार र कार्यशैली पनि शक्तिसम्बन्धको महत्त्वपूर्ण आधार हो । यो लिङ्गका आधारमा हुने फरक व्यवहारको अध्ययनसँग सम्बन्धित रहेको हुनाले यसअन्तर्गत महिला अनि पुरुषको भूमिकाको अध्ययन गरिन्छ । लैङ्गिक अध्ययन सामाजिक भिन्नतासँग सम्बन्धित रहेको चर्चा गर्दै रमेश भट्टराईले यसरी लेखेका छन् : “लिङ्गका आधारमा हुने भेदभाव, दमन र शोषणका कारण परिवार, समाज, राजनीति, शिक्षा तथा शक्तिका अन्य स्रोतहरूमा पुरुष र महिलाका फरक फरक भूमिका निर्धारित भएका छन्” (भट्टराई, २०७७, पृ.५) । यस प्रकारको विभेदकारी व्यवहार तथा दमन शोषणबाट लैङ्गिक शक्तिसम्बन्ध प्रकट भएको हुन्छ । समाजको विमर्शात्मक संरचनामा स्थापित परम्परागत ज्ञानको घेराभित्र नारीको परिचय नै नकारात्मक सोचबाट निर्देशित भएको हुनाले यस प्रकारको समस्या सिर्जना भएको देखिन्छ । यसको प्रभावबाट साहित्य पनि अछुत रहन नसकेको विषयमा सुधा त्रिपाठीले लेखेकी छन् : “साहित्यिक मञ्चमा उधृत नारी अधिकांशतः स्वअस्तित्वमा होइन पितृसत्तात्मक दृष्टिकोणका साँचामा निर्मित छ र तिनको स्वरूप सामन्ती मानसिकताद्वारा ध्वस्त भएको छ” (त्रिपाठी, २०६७, पृ.१९३) । साहित्यमा प्रस्तुत गरिएका नारी पात्रको उपस्थितिलाई यसरी पितृसत्ताको परिपोषक बनाएर अस्तित्वविहीन तुल्याइएका कारण नारीको शक्ति क्षय भएको पाइन्छ । यसरी लैङ्गिक आधारमै दमन शोषण गरी सामाजिक, आर्थिक, सांस्कृतिक आदि क्षेत्रहरूमा विभेद गर्दा लैङ्गिक दृष्टिबाट असन्तुलित शक्तिसम्बन्धको निर्माण हुन्छ ।

लैङ्गिकता समाजको पुरुषवादी विमर्शात्मक संरचनाले निर्धारण गरेको अवधारणा हो । यसमा महिला र पुरुषका लागि परम्पराले निर्धारण गरेको भूमिकाले महिला र पुरुष बाँधिएका छन् । यसले गर्दा समाजमा लैङ्गिक विभेद देखिएको छ । लैङ्गिकताकै कारणले महिलाहरूको कार्यलाई घरभित्र सीमित गरी अनुत्पादक ठानिएको छ भने पुरुषहरूका कार्यलाई उत्पादनमूलक वा आयआर्जनको क्षेत्र बनाएको छ । यसको अर्थ समाजले नै लैङ्गिकता निर्माण गरेको हो र यसमा महिला र पुरुषको फरक भूमिका निर्धारण गरिएको छ । तिनीहरूले गर्ने कार्यभित्र उचित र अनुचितको मापन गर्ने कसीका रूपमा परम्परागत ढाँचाको विमर्शात्मक संरचना समाजमा विद्यमान हुन्छ । त्यसैले नारी र पुरुषका बिचको शक्तिसम्बन्धमा भिन्नता सिर्जना गरेको हुन्छ ।

लैङ्गिकताले समाजमा सांस्कृतिक आवरण नै सिर्जना गरी जन्मजात रूपमा फरक लिङ्गको फरक परिचय स्थापित गर्छ र त्यसलाई सामाजिक मनोविज्ञानभित्र प्रवेश गराउँछ । समाजले निर्माण गरेको लैङ्गिकताले महिला र पुरुषको सामाजिक तथा सांस्कृतिक पहिचानको बोध गराउँछ । समाजले निर्माण गरेको महिला र पुरुषको भूमिका, अधिकार, स्रोत साधनमाथिको पहुँच, व्यवहार र मानसिकतालाई लैङ्गिकताको अवधारणाले निर्देशित गर्छ । यसरी हेर्दा लैङ्गिकताले महिला र पुरुषको सामाजिक र सांस्कृतिक भूमिका तथा व्यवहारको अध्ययन गर्छ । समाजले महिलालाई पुरुषका तुलनामा भूमिका, अधिकार र स्रोतसाधनमाथिको पहुँचमा पछि पारेको छ । यसले गर्दा महिलाहरू पुरुषको तुलनामा पछि परेका छन् । त्यसले महिलाको मानसिकतामा नकारात्मक प्रभाव सिर्जना गरी मानसिक रूपमै कमजोर तुल्याएको छ । त्यही मानसिकताकै कारण महिलाबाट नै कतिपय महिला पीडित हुने र कतिपय आफै समस्यामा पर्ने अवस्था सिर्जना भएको देखिन्छ । समाजमा विद्यमान यस प्रकारको पुरुषवादी विमर्शात्मक संरचनाका कारण लैङ्गिक शक्तिसम्बन्धमा असमानता सिर्जना भएको छ ।

लैङ्गिकताका सम्बन्धमा चन्द्रा भद्राको विचारअनुसार महिला र पुरुषको भिन्न सामाजिक परिचय नै लैङ्गिकता हो । फरक शारीरिक गुणहरूका आधारमा समाजले महिला र पुरुषलाई भिन्दाभिन्दै सामाजिक छवि र भूमिका प्रदान गरेर उनीहरूबिचको सम्बन्धलाई पनि तहगत रूपमा परिभाषित गरिदिन्छ । कुनै पनि समाजले आर्थिक, सामाजिक र राजनीतिक परिप्रेक्ष्यमा महिला र पुरुषको छवि र भूमिका निर्धारण गरेको हुन्छ । समाजमा महिला र पुरुषको घरभित्र र घरबाहिरको सामाजिक सम्बन्धलाई पनि छुट्टै किसिमले र प्रस्टसँग परिभाषित गरेको हुन्छ । उदाहरणका लागि पुरुषप्रधान समाजले पुरुषलाई मूलतः धन कमाउने र घर चलाउने व्यक्तिका रूपमा हेरेको हुन्छ भने महिलालाई घरभित्रको व्यवहारहरूमा जस्तो खाना पकाउने, बच्चा स्याहार्ने, बुढाबुढीको रेखदेखमा संलग्न रहने व्यक्तिका रूपमा हेर्छ (भद्रा, २०६७, पृ.९) । चन्द्रा भद्राको यस भनाइले महिला र पुरुषको सामाजिक परिचयलाई प्रस्तुत गरेको छ । उनका अनुसार महिला घरभित्रको काममा र पुरुष धन कमाउने काममा संलग्न हुन्छन् । त्यस्तै उनले पुरुषत्व र नारीत्वको सामाजिक छविका बारेमा पनि प्रस्टसँग भनेकी छन् । उनले पुरुषलाई बलिया, आत्मनिर्भर, तर्कयुक्त, आक्रामक, धन कमाउने व्यक्ति, रक्षक तथा निर्णयकर्ता भनेकी छन् भने नारीलाई कमजोर परनिर्भर, संवेदनशील, सहनशील, अरूले रक्षा गरिदिनुपर्ने तथा निर्णयग्राहीका रूपमा

परिभाषित गरेकी छन् (भद्रा, २०६७, पृ.९) । यसबाट पितृसत्तात्मक समाजमा पुरुषका तुलनामा महिला परनिर्भर देखिन्छ भने पुरुष आत्मनिर्भर रहेको देखिन्छ । यसले कमजोर महिला र शक्तिशाली पुरुषका बिचको शक्तिसम्बन्धमा असन्तुलन सिर्जना गरेको छ ।

लैङ्गिकताले सामाजिक जीवनमा व्यक्तिका जन्मदेखि मृत्युसम्मका सम्पूर्ण क्षेत्रमा निश्चित सीमा वा क्षेत्रको निर्धारण गरेको हुन्छ । यससम्बन्धमा जुडिथ लर्बर (सन् २००५) को विचार यस प्रकारको रहेको छ : लैङ्गिक अध्ययनको उत्पत्ति नै लिङ्गको भूमिकासम्बन्धी अवधारणाबाट भएको हो । लैङ्गिक अध्ययनमा महिला र पुरुष दुबैको अध्ययन हुने भन्दै जाति र जनजातीय समूह, सामाजिक वर्ग, धर्म, राष्ट्रियता, शिक्षा, पेसा, प्रवृत्ति, उमेर, भौतिक दक्षता जस्ता सामाजिक जीवनमा प्रभाव पार्ने सबै पक्षबाट यसको विश्लेषण गर्नुपर्छ भन्ने उनको अवधारणा रहेको छ । यसका साथै लैङ्गिक सम्बन्ध सत्ता, पहुँच र प्राप्ति, अप्राप्तिको सोपानक्रमिक जटिलतामा आधारित छ, जसले गर्दा लिङ्ग, यौनिकता तथा लैङ्गिक अध्ययनका सामाजिक सांस्कृतिक मूल्यहरू निर्माण भएका छन् । यसका साथै नारी शरीर र पहिचानका सन्दर्भबाट पनि लैङ्गिक अध्ययनलाई हेरिएको छ । यस सिद्धान्तले सामाजिक रूपमा पुरुषको अहम् र आक्रामकता तथा पितृसत्तात्मक दृष्टिले नै पुरुषले महिलाको शरीर, लैङ्गिकता र संवेगमा नियन्त्रण गरेको हो (उधृत भट्टराई, २०७७, पृ.१२०) । प्रस्तुत भनाइमा उनले लैङ्गिक अध्ययनअन्तर्गत महिला र पुरुष दुबैको अध्ययन हुने तथा सत्ता, पहुँच र प्राप्तिका आधारमा पुरुषले महिलाको शरीर तथा लैङ्गिकतामा नियन्त्रण गर्ने कुरा व्यक्त गरिएको छ । समाजमा पनि जसको पहुँच सत्तामा छ, उसैले अरूलाई नियन्त्रण गरेको देखिन्छ । पितृसत्तात्मक समाजमा पुरुषको वर्चस्व र प्रभुत्वका कारण महिलाहरू पुरुषको अधीनमा बस्न बाध्य हुन्छन् । यस्तो अवस्थामा नारी र पुरुषका बिचमा अधीनता र अधीनस्थता कायम भएर लैङ्गिक शक्तिसम्बन्धमा असमानताको सिर्जना हुन्छ ।

नेपाली समाज परम्परागत ढाँचाको सामन्तवादी विमर्शात्मक संरचनाबाट अघि बढ्दै पुँजीवादी विमर्शात्मक संरचनातर्फ अग्रसर रहेको छ । त्यसकारण लैङ्गिक विभेद यसको अवशिष्ट परम्परित, सांस्कृतिक स्वरूप बनेर समाजमा स्थापित भएको छ । आर्थिक, सामाजिक, शैक्षिक तथा राजनीतिक क्षेत्रहरूमा पुरुषहरूकै बाहुल्य रहेको छ । वर्तमान समयमा कानुनी व्यवस्थामा महिला र पुरुषलाई समान अधिकार दिए पनि त्यसले व्यवहारमा साकार रूप ग्रहण गर्न सकेको छैन । धार्मिक परम्परामा त अझै पनि सामन्तवादकै स्वरूप सक्रिय रहेको हुनाले महिलालाई नै विभेद गरिएको छ । सांस्कृतिक कर्मका रूपमा रहेका काजक्रिया, पूजापाठ, विवाहपछिको थर तथा गोत्रमा पनि नारीमथिको विभेद कायम छ । यसका साथै पितृसतात्मक समाजले गर्दा महिला र पुरुष समान दर्जामा काम गरे तापनि लैङ्गिक विभेदकै कारण महिलाहरू पछि परेका छन् । घरपरिवारको निर्णयदेखि लिएर समाज र राष्ट्रको निर्णयकर्ता प्रायः पुरुषहरू नै छन् । महिलाका तुलनामा पुरुषहरू हरेक क्षेत्रमा अगाडि छन्, जसले गर्दा लैङ्गिक शक्तिसम्बन्ध सन्तुलित रहेको देखिँदैन । लैङ्गिक शक्तिसम्बन्धका लागि यहाँ लैङ्गिक सम्बन्धको निर्मिति र शक्तिसम्बन्ध, पितृसत्ता र शक्तिसम्बन्ध अनि लैङ्गिक विभेद, दमन, शोषण र शक्तिसम्बन्धलाई प्रमुख आधार बनाई तलका उपशीर्षकहरूमा अलग अलग चर्चा गरिएको छ ।

### ४.२.१ लैङ्गिक सम्बन्धको निर्मिति र शक्तिसम्बन्ध

समाजका परिवार, नातासम्बन्ध, कार्यस्थल, सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक आदि विभिन्न क्षेत्रहरूमा हुने पुरुष र नारीको सम्बन्ध नै लैङ्गिक सम्बन्ध हो । यी सबै क्षेत्रहरूमा नारी र पुरुषले निर्वाह गर्ने परम्परागत भूमिकाका आधारमा लैङ्गिक सम्बन्ध प्रस्टिन आउँछ । लैङ्गिक भूमिकाका सम्बन्धमा प्रस्ट पार्दै राजेन्द्र खनालले लेखेका छन् :

> सामाजिक रूपमा प्रतिष्ठा प्राप्त गर्ने, आर्थिक उपार्जन गर्ने, पूर्ण रोजगार र व्यावसायिक बन्ने, राजनीतिक नेतृत्व गर्ने, सामाजिक नेतृत्व लिने, धार्मिक अनुष्ठान तथा संस्थामा प्रमुख बन्नेजस्ता भूमिकाहरूमा पुरुषहरू नै अग्रसर हुने र उनीहरूकै दायित्व हो जस्तो ठान्ने अनि गृहिणी बन्ने, बालबच्चाको स्याहार सुसार गर्ने, घरायसी सरसफाइ, लिपपोत, अव्यावसायिक कार्य आदि महिलाको जिम्मेवारी हो जस्तो ठान्नु र सोहीअनुसार व्यवहार गर्नु लैङ्गिक भूमिकाका उदाहरण हुन् (२०७५, पृ.२६) ।

यस प्रकारको लैङ्गिक भूमिकामा देखिने विभेदले लैङ्गिक सम्बन्धलाई निर्देशित गर्ने हुनाले विमर्शात्मक संरचनाभित्रको लैङ्गिक सम्बन्ध विभेदको आधार बनेको हुन्छ । परम्परागत लैङ्गिक विभेदले पति र पत्नीबिचको सम्बन्धलाई अधीन र अधीनस्थता, दमनकारी र दमित, उत्पीडक र उत्पीडितका तहमा पुऱ्याएको छ (भट्टराई, २०७७, पृ.१३९) । समग्रमा परिवार, नातासम्बन्ध, कार्यस्थल, सङ्घसंस्था, सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक आदि जीवनका सबैजसो क्षेत्रहरूमा लैङ्गिक सम्बन्ध विभेदपूर्ण रहेको देखिन्छ । नेपाली समाजको मूल स्वरूप तथा यसको सत्ता र शक्तिसम्बन्ध पितृसत्तात्मक रहेका कारण यसको द्विचर सम्बन्ध शोषक - शोषित र दमनकारी- दमित प्रकृतिको छ (भट्टराई, २०७७, पृ.७) । समाज सञ्चालनको केन्द्रीय भूमिकामा रहेको पुरुषले महिलाको भूमिकालाई सांस्कृतिक अधिकारकै रूपमा अङ्कुश लगाएर कमजोर बनाउँछ । यस प्रकारको लैङ्गिक विभेद जन्मकालदेखि नै हुने अवस्थालाई सुधा त्रिपाठीले यसरी लेखेकी छन् : “मान्छे पुरुष भएर जन्मनासाथ वन्दनीय ठानिने र महिला भएर जन्मनासाथ निन्दनीय ठानिने मानसिकताबाट लैङ्गिक विभेदको जन्म भइराखेको देखिन्छ” (त्रिपाठी, २०६७, पृ.१८९) । यसबाट समाजमा लैङ्गिक आधारमा शक्तिसम्बन्धको अवस्था कस्तो देखिन्छ भन्ने स्पष्ट हुन्छ ।

सत्ताका विविध रूपहरू हुन्छन् र यिनै विविध रूपहरूभित्र शक्ति पनि विद्यमान रहन्छ । फुकोका अनुसार शक्तिले जहिले पनि दार्शनिक र कानुनी सिद्धान्तका रूपमा काम गरिरहेको हुन्छ र शक्तिको प्रयोगकर्ताले आम मानिसलाई आधारभूत रूपमा अपुरणीय गहिराइभित्र कज्याइरहेको हुन्छ (फुको, सन् १९८०, पृ.१२१) । यसरी शक्ति नै दर्शन र शक्ति नै कानुन बन्छ अनि शक्तिको प्रयोगकर्ताका लागि माथि उठ्न र शक्तिको प्रयोग क्षेत्रहरूका लागि दमन गर्ने साधन बन्छ । फुकोले लेखेका छन् : शक्तिको अन्तरसंवादले प्रारम्भदेखि नै निरीक्षण, प्रशिक्षण, परिचयीकरण, सुझाव प्रदान गरिरहेको हुन्छ र यो निर्वैयक्तिक अनि विकेन्द्रित हुन्छ (फुको, सन् १९८०, पृ.१९८) । फुकोको यस भनाइअनुसार सत्ता केन्द्रमा मात्र हुँदैन र एकै प्रकारको अनि एकातिर मात्रै फर्किएको

पनि हुँदैन । सत्ताको सम्बन्ध समाजका सबै क्षेत्र, वर्ग, लिङ्ग, जाति, समुदाय, धर्म, परिवार तथा व्यक्ति व्यक्तिसम्म पनि विस्तार भएको हुन्छ अर्थात् सत्ताको शक्तिको सीमाभन्दा बाहिर केही, कोही पनि हुँदैन । त्यसकारण सत्ताले स्थान, समय र परिस्थितिअनुसार आफूलाई आवश्यक विचार, दर्शन वा ज्ञानको निर्माण गर्छ र त्यसलाई वैधता प्रदान गरी समाजमा लागु गर्छ । फुकोका अनुसार कुनै पनि विमर्शात्मक संरचनामा निर्मित ज्ञानहरू ऐतिहासिक र सांस्कृतिक रूपले विशिष्ट हुन्छन् । त्यस्तो ज्ञान जुन विमर्शात्मक संरचनामा उत्पादित हुन्छ, जुन अनुशासन, जुन नियमद्वारा नियन्त्रित हुन्छ, त्योभन्दा भिन्न संरचनामा अर्थपूर्ण बन्दैन । यस दृष्टिले प्रत्येक विमर्शात्मक संरचनामा ज्ञानको स्वरूप भिन्न भिन्न हुन्छ (उद्धृत शर्मा, २०७२, पृ.५४) । शर्माका अनुसार यसरी सत्ताले एउटा विशेष परिस्थितिमा निर्माण र प्रयोग गरेको शासन गर्ने विधिविधान सधैँका लागि नहुन सक्छ अथवा अधीनस्थता पनि समय, परिस्थिति, स्थान, सामाजिक बनोट, आर्थिक अवस्था, राजनीतिक प्रणाली, विचारधारा, जाति, वर्ग, लिङ्ग आदिमा भिन्न भिन्न प्रकारको हुन सक्छ । यसरी शक्तिसम्बन्धहरू समय र परिस्थितिअनुसार परिवर्तन हुँदै जान्छन् । नेपाली समाजमा विद्यमान यस प्रकारको लैङ्गिक सम्बन्धको विश्लेणबाट आधुनिक नेपाली कथाको यथार्थवादी धाराका कथाहरूमा अवस्थित शक्तिसम्बन्धको पहिचान गर्न सकिन्छ ।

### ४.२.२ पितृसत्ता र शक्तिसम्बन्ध

परिवारको निर्णायक अधिकार भएको सत्ता पुरुषको हातमा हुनु वा परिवार अथवा समाजमा पुरुष सर्वेसर्वा भएर उसको निर्णयमा सबै चल्ने र वंश परम्परामा उसकै एकाधिकार रहने अवस्था नै पित्तृसत्ता हो । यस प्रकारको व्यवस्थामा महिलालगायत परिवारका सबै सदस्यहरू, कार्यस्थलहरू, सङ्घसंस्थाहरू अनि सामाजिक, आर्थिक, राजनीतिक, कानुनी, सांस्कृतिकलगायत सबै क्षेत्रहरूमा पुरुषको निर्णायक भूमिका रहेको हुन्छ । यस सम्बन्धमा राजेन्द्र खनालले लेखेका छन् : "धर्म, संस्कृति, शिक्षा, मनोरञ्जन तथा पारिवारिक र घरायसी कार्यहरूमा सक्रिय तथा निर्णयी भूमिका पुरुषकै रहने गर्दछ । यति मात्र होइन महिलाको यौनिकता, प्रजनन् शक्ति, गतिशीलता, श्रम, सम्पत्ति तथा उत्पादनमा पनि पूर्णतः पुरुषकै अधिकार र निर्णय हाबी हुन्छ" (खनाल, २०७५, पृ. ६) । यसरी पितृसत्ताको स्वाभाविक प्रक्रियाभित्रै घर, परिवार, समाज तथा सङ्घ, संस्था आदि हुँदै नारीको शरीर तथा प्रजनन अधिकारमा समेत पुरुषको एकाधिकार सामाजिक र मनोवैज्ञानिक रूपमै स्थापित भएको हुन्छ । पितृसत्ताको दमनकारी सांस्कृतिक चरित्रका सम्बन्धमा भट्टराईले लेखेका छन् : "... महिलामाथिको शोषण र दमनको केन्द्र पितृसत्ता परम्परागत रूपमा स्वीकार्य पारिवारिक सामाजिक सत्तासम्बन्ध र पुरुष वर्चस्वको प्रक्रिया हो । महिलाको दमन र शोषणको माध्यमका रूपमा यसलाई संस्थागत गरिएको छ भने यसले सामाजिक मूल्य र मान्यता पनि प्राप्त गरेको छ" (भट्टराई, २०७७, पृ.१२९) । समग्रमा पुरुषवादी ज्ञान र सत्ता विमर्शको स्थापित परम्परागत मान्यताले पारिवारिक, आर्थिक, लैङ्गिक, राज्यव्यवस्था, अर्थतन्त्र, संस्कृति र भाषा आदि जीवनका सबै क्षेत्रमा पुरुषको एकाधिकार स्थापित गरी नारीमाथि विभेद गर्ने स्पष्ट हुन्छ । साहित्यमा पुरुषले चाहेको जस्तो महिलाको छवि उत्रन्छ अर्थात् पितृसत्तात्मक संस्कारले क्षतविक्षत भएको तथा कतै पनि आफ्नो नैसर्गिक स्वरूपको पहिचानको

झल्कोसम्म पनि नबोकेका महिलाको कठपुतली छवि उत्रन्छ (त्रिपाठी, २०६७, पृ.१९३) । त्रिपाठीका अनुसार समाज र साहित्य दुबैतिर पुरुषको लैङ्गिक छविलाई सर्वशक्तिमान, योग्य, दक्ष आदि बनाउने र नारीको लैङ्गिक छविलाई कमजोर, अबला, अयोग्य, भोग्या आदि बनाएर प्रस्तुत गर्ने कार्यका लागि पितृसत्ताले आवश्यक धरातलको निर्माण गरेको हुन्छ । नेपाली समाजमा विद्यमान यस प्रकारको पितृसत्ताको विश्लेषणबाट आधुनिक नेपाली कथाको यथार्थवादी धाराका कथाहरूमा अवस्थित शक्तिसम्बन्धको पहिचान गर्न सकिन्छ ।

### ४.२.३ लैङ्गिक विभेद, दमन, शोषण र शक्तिसम्बन्ध

घरपरिवार तथा समाजमा छोरा वा छोरी भएकै कारणलाई मूल आधार मानी अवसर र अधिकारका क्षेत्रमा गरिने फरक व्यवहार नै लैङ्गिक विभेद हो । कुनै पनि समाज र संस्कृतिले प्राकृतिक लिङ्गलाई आधार बनाएर स्त्री र पुरुषका लागि फरक फरक व्यवहारहरू इङ्गित गर्छ भने त्यसलाई लैङ्गिक विभेद भनिन्छ (खनाल, २०७५, पृ.२८) । लैङ्गिक विभेदलाई संस्थागत स्वरूप प्रदान गर्ने सामाजिक मान्यता, सोच तथा स्थापित विमर्शको पहिचान गर्दै रमेश भट्टराईले यसरी लेखेका छन् :

> पुरुष र महिलामा सामाजिक, सांस्कृतिक तथा आर्थिक व्यवहारमा गरिने भिन्नताका आधारमा समाजमा लैङ्गिक विभेद जन्मेको हो । पुरुष र महिलासँगका परम्परागत व्यवहारले नै यसको पुष्टि गरेका छन् । समाजमा पुरुषलाई सक्रिय र महिलालाई निष्क्रिय, पुरुषलाई आक्रामक र महिलालाई सहनशील, पुरुष विवेकी र महिला भावनात्मक, पुरुष बलियो र महिला कमजोर, पुरुष स्वतन्त्र र महिला आश्रित, पुरुष दृढ तथा कडा स्वभाव भएको र महिला नरम र उदार स्वभाव भएकी, पुरुष अत्यन्त कामुक र महिला थोरै कामुक, पुरुष यान्त्रिक र महिला कलात्मक, पुरुष प्रतिस्पर्धात्मक र महिला समन्वयात्मक, पुरुष प्रभुत्वशाली र महिला अधीनस्थ, पुरुष तथ्यपरक र महिला सहज, पुरुष अस्तव्यस्त र फोहोरी, महिला सफा र चिटिक्क तथा महिला निर्णायक र पुरुष सहायकका रूपमा चित्रण गर्ने गरिएको छ । यी व्यवहार महिला हुनु र पुरुष हुनुसित सम्बन्धित भए पनि सामाजिक र सांस्कृतिक रूपमा महिलामाथि भेदभाव गर्न यी व्यवहारको भूमिका रहेको छ (२०७७, पृ.१३५) ।

लैङ्गिक विभेदअन्तर्गत शिक्षामा छोराको तुलनामा छोरीलाई कम अवसर दिने, व्यक्तिगत इ चाहना पूर्ण गर्दा छोरीलाई किनारामा राख्ने, महिलालाई सामाजिक रूपमा हेयका दृष्टिले हेर्ने, राजनीतिक उच्च स्थान र प्रतिष्ठा नदिने, सांस्कृतिक परम्परा र अनुष्ठानहरूमा नारीलाई स्वतन्त्र स्थान नदिने, आर्थिक पराधीनतामै राखिरहने, यौनिक दृष्टिले बढी निगरानी वा नियन्त्रण गर्ने, जीवनका समग्र क्षेत्रमा नारीलाई सहयोगी र नियन्त्रित भूमिकामा मात्र अभ्यस्त बनाउँदै लैजाने आदि कार्य गरिन्छ । यसलाई रमेश भट्टराईले यसरी उल्लेख गरेका छन् : “समाजमा महिलालाई भेदभाव गर्ने सामाजिक मूल्य र मान्यता नै निर्माण गरिएको हुन्छ र त्यसलाई वैधानिकता पनि प्रदान गरिएको हुन्छ” (भट्टराई, २०७७, पृ.१३५) । विमर्शात्मक संरचनामा स्थापित पुरुषवादी ज्ञान, सत्ता र

शक्तिको प्रयोगबाट समाजमा नारीमाथिको विभेदजन्य व्यवहारलाई निरन्तरता दिनका लागि सामाजिक र मनोवैज्ञानिक रूपमै वैधानिकता प्रदान गरिएको हुन्छ ।

लैङ्गिक विभेदमा आधारित सामाजिक, सांस्कृतिक संरचनाभित्र स्थापित भएका मानकहरूको उपयोग गरी पुरुषले नारीका विरुद्ध नारीलाई नै उपयोग गरेर, आफ्ना घृणित कार्य तथा षड्यन्त्रको उपयोग गरेर, नारीलाई भोगको साधन बनाएर कमजोर अवस्थामा पुऱ्याउँछ भन्ने निष्कर्षमा पुग्न सकिन्छ । यसरी एउटा पक्षलाई अवसर र अधिकारका दृष्टिबाट वञ्चितीकरण गर्दा शक्तिसम्बन्धमा असमानता सिर्जना हुन्छ । फुकोको अवधारणाअनुसार सत्ताले वैधता प्रदान गरेको ज्ञान नै सत्य हुन्छ र त्यो मात्र समाजमा स्थापित हुन्छ, अन्य प्रकारका ज्ञानका लागि कुनै स्थान हुँदैन । फुकोका दृष्टिमा सत्यको कुनै अर्थ छैन किनकि यो छँदै छैन, यो मात्र सत्तावादी विमर्श हो । उनी सत्यको अन्त्य भैसकेको ठान्छन् । यथार्थको पनि अर्थ देख्दैनन् (उद्धृत गिरी, २०५१, पृ.३०४) । फुकोको यस दृष्टिकोणअनुसार सत्य हुँदै हुँदैन अर्थात् सत्ताले आफ्नो हितलाई ध्यानमा राखेर जुन विचार, ज्ञान आदि समाजमा थोपर्छ र त्यसैलाई सत्य मानिन्छ । फुकोका विचारमा ज्ञान, सत्ता र व्यक्तिको त्रिभुज पाइन्छ । उनी सत्ताको ऐतिहासिक अनुसन्धान गर्छन् र सत्तामार्फत कर्ता उत्पादन हुने कुरा बताउँछन् (उद्धृत चैतन्य, २०७०, पृ.१५७-१५८) । चैतन्यका अनुसार यसरी सत्ताले ज्ञानको उत्पादन गरी व्यक्तिलाई उक्त ज्ञानसँग जोडेर कर्ताको उत्पादन गर्छ । सत्ता पुरुषसँग भएको नेपाली समाजमा विद्यमान यस प्रकारको लैङ्गिक विभेदको विश्लेषणबाट आधुनिक नेपाली कथाको यथार्थवादी धाराका कथाहरूमा अवस्थित शक्तिसम्बन्धको पहिचान गर्न सकिन्छ ।

लिङ्गकै आधारमा वा जन्मबाटै फरक शारीरिक रूपाकृति भएकै आधारमा गरिने अन्याय अत्याचार लैङ्गिक दमन हो । त्यसैलाई आधार बनाएर गरिने आर्थिक, सामाजिक, सांस्कृतिक, मानसिक आदि क्षेत्रमा फरक लिङ्गका व्यक्तिलाई निर्धो वा निमुखो बनाई गुण, काम, श्रम, आय, उत्पादन आदि खोस्ने काम लैङ्गिक शोषण हो । लैङ्गिक दमन र शोषणले सामान्य रूपमा फरक लिङ्गमाथिको दमन र शोषणलाई बुझाए पनि सापेक्षित रूपमा विश्वभरि नै नारी समुदाय यसबाट बढी प्रताडित भएका हुनाले यसले नारीमाथिको दमन शोषणलाई बुझाउने परम्परा स्थापित छ । महिलामाथि दमनको मूल स्रोत पितृसत्ता हो र पितृसत्ताले सिर्जना गरेका सामाजिक सांस्कृतिक मूल्यकै कारण महिलामाथि दमन र शोषण भएको छ । यसबाहेक जातिवाद, पुँजीवाद र उपनिवेशवादका कारण पनि लैङ्गिक शोषण हुने गरेको छ । घरायसी व्यवहारमा कुटपिट गर्ने, एक्ल्याउने, बालबच्चादेखि टाढा राख्ने, स्वास्थ्यमा बेवास्ता गर्ने, अर्को विवाह गर्ने, उपेक्षा गर्ने, यौन दुर्व्यवहार गर्ने, जबरजस्ती करणी गर्ने, वेश्यावृत्तिका लागि बाध्य पार्ने, बालविवाह, बहुविवाह, अनमेल विवाह, देउकी, छाउपडी, बोक्सी, विधवा उपेक्षा, जबरजस्ती र असुरक्षित गर्भपतन, हत्या, दाइजोका नाममा हुने अत्याचार आदि नेपाली समाजमा नारीमाथि हुने दमन र शोषण हुन् । पितृसत्ताको पृष्ठपोषक विमर्शात्मक संरचनामा स्थापित परम्पराको टेको समातेर वैधता प्राप्त गरेको पुरुषवादी ज्ञान, सत्ता र शक्तिको प्रयोगबाट समाजमा नारीमाथिको दमन र शोषणको व्यवहारलाई निरन्तरता प्रदान गरिएको हुन्छ । नेपाली समाजमा विद्यमान यस प्रकारको लैङ्गिक

दमन र शोषणको विश्लेषणबाट आधुनिक नेपाली कथाको यथार्थवादी धाराका कथाहरूमा अवस्थित शक्तिसम्बन्धको पहिचान गर्न सकिन्छ ।

## ४.३ यथार्थवादी नेपाली कथाको लैङ्गिक शक्तिसम्बन्धको विश्लेषण

यथार्थवादी नेपाली कथाहरूमा तत्कालीन नेपाली समाजमा रहेको लैङ्गिक व्यवहारमा भएका विभिन्न प्रकारका असमानताहरूलाई समाजसापेक्ष स्पष्ट पारिएको छ । तत्कालीन नेपाली समाज सामन्तवादी सामाजिक व्यवस्थाको पृष्ठभूमिमा उभिएको हुनाले त्यसले पुरुष र नारीका लागि अलग अलग स्थान निर्धारण गरेको ऐतिहासिक वास्तविकतालाई यस चरणका कथाकारहरूले सजीव चित्रण गरेका छन् । कथामा उल्लेख गरिएका लैङ्गिक सम्बन्ध, पितृसत्ता, लैङ्गिक विभेद, दमन र शोषणको विश्लेषण गरी यस अध्ययनमा लैङ्गिक शक्तिसम्बन्ध पहिचान गर्ने कार्य गरिएको छ ।

### ४.३.१ यथार्थवादी नेपाली कथामा लैङ्गिक सम्बन्धको निर्मिति र शक्तिसम्बन्ध

गुरुप्रसाद मैनालीद्वारा लिखित 'नासो' तत्कालीन नेपाली समाजमा रहेको लैङ्गिक दृष्टिले असन्तुलित शक्तिसम्बन्धमा आधारित कथा हो । मैनालीले नारी पात्रका समस्यालाई तोकेरै चित्रण गरेको सन्दर्भलाई ईश्वर बरालले यसरी उल्लेख गरेका छन् : "मैनालीले नारी जातिको व्यथा औ मर्माघात खुट्ट्याउन सक्ने खप्पिस्याइँ पाएका थिए" (बराल, २०२९, पृ.११७) । उनका कथामा तत्कालीन नेपाली समाजमा नारीले भोग्नु परेका समस्यालाई मार्मिक प्रस्तुति गरिएको गरिएको सम्बन्धमा दयाराम श्रेष्ठले लेखेका छन्: "...उनले सामाजिक मूल्य र मानकहरूका परिप्रेक्ष्यमा समाजमा हुने गरेका अन्याय, अत्याचार र शोषण, नारीविरुद्धको हिंसा र पारिवारिक जीवनभित्रका तनाव र विघठनको स्थितिका साथै जनसामान्यका पीडालाई आख्यानीकरण गरेका छन्" (श्रेष्ठ, २०७५, पृ.३९८) । यस कथामा देवीरमण, सुभद्रा नौली, लक्ष्मी, सुशील र गाउँले पात्रहरू रहेका छन् । देवीरमण र सुशीलले पुरुषको अनि सुभद्रा, लक्ष्मी र नौलीले नारीको प्रतिनिधित्व गरेका छन् । यस कथामा भएका नरनारीका बिचको लैङ्गिक शक्तिसम्बन्ध विभेदकारी सामन्ती ढाँचाको रहेको छ । पारिवारिक सम्बन्धमा देवीरमण र सुभद्रा पतिपत्नी हुन् भने लक्ष्मी देवीरमणकी कान्छी श्रीमती हो । देवीरमणको सुभद्रासँगको सम्बन्ध पारिवारिक र आर्थिक समृद्धिसँग मात्र सम्बन्धित छ । ऊ सन्तानको अप्राप्तिमा सुभद्रालाई मात्र दोषी देख्छ । यस कुरालाई प्रत्यक्ष रूपमा अभिव्यक्त गर्न नसके पनि उसको अन्तर्यमा रहेको चाहनालाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> ज्योतिषीहरू देवीरमणलाई अर्को विवाह गर्ने सल्लाह दिन्थे । परन्तु सुभद्राको आदेश विना उनी अर्को विवाह गर्न सक्दैनथे । सुभद्रा बहुतै पतिपरायणा रमणी थिइन् । आजसम्म कहिल्यै उनले देवीरमणको चित्त दुखाइनन्, मनको कुरा जानेर सेवा गर्थिन् । सुभद्रा दुलही भएर आउँदाका बखतका भयङ्कर दुःख अहिलेसम्म पनि देवीरमणका आँखाका सामु नाचिरहेको थियो । ऊ अवस्था सम्झँदा गहभरि आँसु हुन्थ्यो । दुःख सुखकी साथी भएर

कङ्गाल देवीरमणलाई सुभद्राले धनवान् बनाइन् । अहिले सन्तानका निमित्त सौता हालिदिएर कसरी कृतघ्न बनून् (पृ.१-२) ?

कथामा प्रस्तुत यस सन्दर्भले देवीरमण र सुभद्राका बिचको सम्बन्धलाई जोड्ने सूत्रका रूपमा पारिवारिक पक्षलाई लिएको छ, आत्मिक पक्षलाई होइन । सुभद्राले अरू सबै सुख दिन सके पनि सन्तान दिन सकिन । त्यसकारण ऊ अपूर्ण भई । देवीरमणको अर्को विवाह गर्ने चाहनाको बाधक भनेकै सुभद्राले हटाएको देवीरमणको गरिबी र सेवाभाव नै हो । त्यसकारण उनीहरूको सम्बन्धको अन्तर्यमा कतै न कतै स्वार्थभावको झल्को आउँछ ।

लक्ष्मी र देवीरमणको सम्बन्ध पनि पति र पत्नीकै हो तर यो सम्बन्धको अन्तर्यमा पनि सन्तान प्राप्तिको स्वार्थ जोडिएको छ । "बाह्र वर्षकी अबोध बालिकालाई ल्याएर उनी शून्य आकाशमा कल्पनातीत मनोमन्दिर निर्माण गर्न खोज्थे । सायद ब्रह्मवादीहरू त्यसैलाई आशापास या मृगतृष्णा भन्छन् क्यारे" (पृ.२) । यसले देवीरमणको मृगतृष्णालाई उजागर गरेको छ । लक्ष्मी उसका लागि परत्र सपार्ने सन्तान जन्माइदिने साधन मात्र हो । कथामा कतै पनि देवीरमणको लक्ष्मीप्रतिको आकर्षण वा स्वाभाविक मानवीय संवेदनाले युक्त दृष्टि पाइँदैन । उसले बिरामी लक्ष्मीको सेवा त गरेको छ तर त्यो बालक छोरो सुशीलसँग गएर जोडिन्छ । त्यसकारण लक्ष्मी र देवीरमणका बिचको लैङ्गिक शक्तिसम्बन्धमा पनि सामन्तवादी परम्परागत संस्कृतिकै प्रभाव पाइन्छ । नौली देवीरमणकी नोकर्नी हो । कथामा उनीहरूको सम्बन्ध मालिक र नोकरको हो । नौलीले आफ्नो सम्पूर्ण कर्तव्य पूरा गरेकी छ । उसले जीवनभर देवीरमणको परिवारको सेवा गरेकी छ । यसलाई कथामा यसरी प्रस्ट पारिएको छः "नौली देवीरमणकी पूरानी चाकर्नी हो । नौलीको उमेर झन्डैझन्डै सुभद्रासँग मिल्थ्यो । ८२ सालमा स्वर्गबासी महाराज चन्द्रशमशेर जङ्गबहादुर राणाका करुणाले दासजीवनबाट मुक्त भएकी थिई । घरकी पूरानी चाकर्नी हुनाले देवीरमणले नौलीको मोल लिएनन्, आफू खुसी भए पनि नौलीले घर छोडिन" (पृ.३) । यसबाट नौलीले आजीवन देवीरमणकै सेवा गरेको स्पष्ट हुन्छ तर नौलीप्रति देवीरमणले कुनै कर्तव्य निर्वाह गरेको छैन । त्यसकारण यसले सामन्तवादी श्रम शोषणको परम्परालाई निरन्तरता प्रदान गरेको छ ।

'नासो' कथाका पात्रहरूमा सुभद्रा र देवीरमणको सम्बन्ध पारिवारिक र आर्थिक विषयमा आधारित छ । यस कथाका पात्रका बिचमा देखिने लैङ्गिक सम्बन्धका बारेमा गुरुप्रसाद पोखरेलले लेखेका छन् : "कथामा परम्परित सामन्ती पितृसत्तात्मक समाजमा पुरुषको सङ्कीर्ण मानसिकताका कारणले नारीहरूले लैङ्गिक, यौनिक हिंसा, अन्याय र अत्याचार सहन विवश भएको अवस्थाको चित्रण गर्ने पात्र र तिनका कार्यको प्रतिनिधित्व गराइएको छ" (पोखरेल, २०८०, पृ.२७६) । लक्ष्मी र देवीरमणको सम्बन्धमा सन्तान प्राप्तिको स्वार्थ प्रमुख छ । नौली र देवीरमणको सम्बन्धमा श्रमको शोषण टड्कारो रूपमा देखिएको छ । यी सबै प्रकारका विभेदयुक्त सम्बन्धलाई तत्कालीन सामन्ती विमर्शात्मक संरचनाबाट निर्मित असन्तुलित शक्तिसम्बन्धले वैधता

प्रदान गरेको छ । त्यसकारण पुरुष प्रभुत्वको विमर्शात्मक संरचनाभित्र यस कथाका सबै नारी पात्रहरू अधीनस्थ अवस्थामा पुगेका छन् ।

पूर्णदास श्रेष्ठद्वारा लेखिएको 'समाजको अंचलमा' लैङ्गिक दृष्टिले असन्तुलित शक्तिसम्बन्धमा आधारित कथा हो । उनका कथामा भएको लैङ्गिक सम्बन्धका बारेमा दयाराम श्रेष्ठले लेखेका छन् : "उनले समाजमा नारी वर्गले भोग्नु परिरहेको अनेकौं यातना र विषादलाई व्यक्त गर्दै त्यस वर्गको अन्तर्हृदयमा नैसर्गिक गुणका रूपमा रहेका औदार्थ, सौहार्दता र सौन्दर्यबोधलाई पनि व्यक्त गरेका छन्" (श्रेष्ठ, २०७५, पृ.४८१) । यस कथामा सानीकी आमा, सुब्बिनी, जुनकिरी, म, बा, सुब्बा, सासू र जेठानी पात्रहरू छन् । उक्त पात्रहरूमध्ये सुब्बिनी नारीको प्रतिनिधित्व गर्ने पात्र हो भने सुब्बा र बा पुरुषका प्रतिनिधि पात्र हुन् । सासू र जेठानी नारी भएर पनि असन्तुलित शक्तिसम्बन्धका कारण पुरुष सत्ताको चिन्तनमा विलय भएका छन् । सुब्बिनी सुब्बाकी श्रीमती, सासूकी बुहारी र जेठानीको देउरानीको पारिवारिक सम्बन्धमा जोडिएकी छ । परिवारभित्रको उसको सम्बन्धलाई लैङ्गिक रूपमा प्रतिस्थापन गर्दा उसले एक्लै नारीको प्रतिनिधित्व गर्न पुगेकी छ । 'म' पात्रको जिज्ञासामा उसले राखेको विचारलाई कथामा यसरी उल्लेख गरिएको छ :

> सुनी के गर्छौ बाबु ! मेरो जीवनी मेरो आफ्नै कथा होइन, समाजको अर्ध अङ्ग निर्बोध, निर्दोष अवलाहरूको करुण गाथा हो । दुःख सहनु, अपमानित हुनु, लक्षण प्रतिकार नगरी बस्नु औ फेरि त्यसै निर्दोषिताका निम्ति दण्ड स्वीकार गर्नु यही स्त्री जातिको आदर्श हो । खोज न जाऊ, कदम कदममा तिमीले मेरो कहानी पाउँछौं (पृ.४३) ।

कथामा प्रस्तुत गरिएको यस सन्दर्भले तत्कालीन समाजमा रहेको परम्परागत सामन्ती ढाँचाको असमान लैङ्गिक शक्तिसम्बन्धको स्वरूपलाई झल्काएको छ । समाजको आधा अङ्ग बनेकी नारीले अबलाका रूपमा करुण जीवन बाँच्न बाध्य हुनुपरेको अवस्थालाई यस सन्दर्भमा उल्लेख गरिएको छ । नारीले समाजमा दुःख सहनु पर्ने र निर्दोष अवस्थामा पनि दोषीको दण्ड स्विकारेर बाँच्नुपर्ने बाध्यतालाई यहाँ प्रस्तुत गरिएको छ । त्यसकारण यस कथाको लैङ्गिक शक्तिसम्बन्ध नारीका लागि उत्पीडनकारी रहेको छ । सुब्बिनीको बाबुले उसलाई धनाभावका कारण बिक्री गरेको कुरा उसले आफै बताएकी छ "धनाभावले गर्दा १८ वर्षसम्म पनि कन्यादान नगर्न सकी समाजको मुख्याञ्जी लाज पचाई राखी छोड्नु भएकालाई पाँच सयको पोका पाएपछि सोभन्दा खुशीको कुरा के हुन्थ्यो ! रुपियाँ थिएन चाँडै विवाह गर्नु आवश्यक थियो" (पृ.४३-४४) । यसले सुब्बिनीको माइतको सत्ता बाबुसँग रहेको र घरको सत्ता लोग्नेसँग रहेको स्पष्ट हुन्छ । त्यसैले बाबुले बेच्न र लोग्नेले किन्न सफल भएका छन् । लैङ्गिक रूपमा रहेको पितृसत्ताको स्वेच्छाचारी कार्यकै परिणतिमा सुब्बिनीले सासू र जेठानीबाट अपमानित हुनुपरेको छ । त्यसले अझ अगाडि पुग्दा लोग्नेसँगको उसको सम्बन्ध पनि धमिलिएको छ । लैङ्गिक शक्तिसम्बन्धको यही असमान र विभेदकारी स्वरूपकै कारण सुब्बिनीको जीवन कष्टकर बन्न पुगेको छ ।

'समाजको अंचलमा' कथामा परम्परागत सामन्ती ढाँचामा आधारित असन्तुलित लैङ्गिक शक्तिसम्बन्धको स्वरूप निर्माण भएको छ । उक्त सम्बन्ध पारिवारिक र सामाजिक कार्यका माध्यमबाट व्यक्त भएको छ । त्यसमा पुरुष दमनकारी र नारी दमित रूपमा प्रकट भएका छन् । यस प्रकारको लैङ्गिक शक्तिसम्बन्धलाई समाजमा स्थापित पितृसत्तामा आधारित विभेदकारी विमर्शात्मक संरचनाले बलियो आधार निर्माण गरेको छ । त्यसैले यस कथाकी नारी पात्र सुब्बिनीको जीवनलाई कष्टकर बनाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ ।

कृष्णप्रसाद चापागाञीद्वारा लेखिएको 'दोषी को ?' शीर्षकको कथामा तत्कालीन समाजमा रहेको असन्तुलित स्वरूपको लैङ्गिक शक्तिसम्बन्ध व्यक्त भएको छ । यस कथामा सुशीला, मधुसुदन बाजे र उद्धव प्रमुख भूमिकामा रहेका छन् । सुशीला एक मात्र नारी पात्र हो भने अन्य सबै पुरुष पात्रहरू रहेका छन् । सुशीला मधुसुदनसँग वैवाहिक सम्बन्धमा जोडिएर पत्नी बनेकी छ । मधुसुदनको मृत्युपछि ऊ उद्धवसँग प्रेम बन्धनमा बाँधिएर प्रेमिका बनेकी छ । यस कथामा दुबै पुरुषले सुशीलालाई भोगको वस्तुका रूपमा लिएका छन् । मधुसुदनले ७० वर्षको उमेरमा १० वर्षकी सुशीलासँग विवाह गरेको छ । उसको स्त्रीलम्पट चरित्रलाई कथामा यसरी उल्लेख गरिएको छ :

> मधुसुदन बाजेका छोरा मात्र हैनन् नातिहरूसमेत पनि समर्थ भइसकेका थिए । सन्तानको आशाले होइन वासनाको नाताले ७० वर्षको उमेरमा १० वर्षकी सुशीलाको डोली भित्र्याएका हुन् । मधुसुदन बाजे सुशीलालाई बहुतै प्यारो गर्दथे । सायद त्यस्तो प्यार उनको जीवनमा आजसम्म कसैलाई गरेका नहोलान् । कुखुराले बच्चा छोपेझैं राति काखमा च्याप्प च्यापी सुत्दथे । ....यो व्यवहारले सुशीलालाई मजा लाग्नुको बदला झर्को लाग्दथ्यो (पृ.४२) ।

कथामा उल्लेख भएको यस सन्दर्भले मधुसूदनका माध्यमबाट तत्कालीन समाजमा रहेको सामन्ती परम्पराको भोगवादी लैङ्गिक शक्तिसम्बन्धलाई प्रकाश पारेको छ । उक्त समाजमा प्रचलित अनमेल विवाह र त्यसमा परिवार तथा समाजले प्रदान गर्ने स्वीकृति उक्त सम्बन्धका आधार हुन् । आफ्नी १० वर्षकी छोरीलाई ७० वर्षको वृद्धका हातमा सुम्पिन सक्ने बाबुको व्यवहारले लैङ्गिक शक्तिसम्बन्धभित्रको मैलोपनलाई अझ टड्कारो रूपमा प्रस्तुत गरेको छ । पतिको निधनपछि समयको क्रमसँगै जवान बनेकी सुशीला प्रेमका नाममा उद्धवसँग जोडिन पुग्छे । उद्धवले पनि विस्तारै उसलाई विश्वासमा लिएर शरीर भोगेपछि त्यागिदिन्छ । उद्धव र सुशीलाको यस सम्बन्धलाई कथामा यसरी उल्लेख गरिएको छ :

> गुप्त प्रेम प्रकट भो । सुशीला गर्भवती भइन् । आफ्नो ज्यू भारी हुँदै आएको देखेर एकदिन सुशीलाले भनिन् "प्राण हजूरले मेरो विषयमा के विचार गरिबसक्को छ ?" उद्धवले कुरै नबुझेर भन्यो "म त आठै प्रहर तिम्रै ध्यानमा मस्त छु" सुशीलाले लाजले भुँई कोट्याउँदै अलि प्रस्ट शब्दमा भनिन् "हजुरले ता कुरै बुझिबक्सेन । आजकाल ज्यू भारी .... ।" वाक्य पूरा हुन नपाउँदै उद्धवले झस्केर भन्यो "ओहो ! के भनेको ? त्यस्तो भए पहिले नै

किन मलाई नभनेको ? १/२ महिनाभित्रै थाहा पाएको भए एक मात्राले सफाचट गराइदिन्थें अनि कसको बाबुको तागत तिमीलाई औंला उठाउने ?" .... उद्धव तीन पाथी छेर्दै भाग्यो । सुशीला अलपत्र परिन् र आश्रय खोजिन् (पृ.४९-५०) ।

यस कथामा प्रस्तुत गरिएको माथिको सन्दर्भबाट तत्कालीन समाजमा विद्यमान असन्तुलित लैङ्गिक शक्तिसम्बन्धको भोगवादी स्वरूप प्रकट भएको छ । शारीरिक सम्बन्धका लागि आक्रामक बन्ने पुरुष त्यसैको परिणाममा हुने गर्भधारणबाट विचलित भएको छ । यस्तो अवस्थामा पुरुषले छोड्न मिल्ने र नारीले आश्रय खोज्नुपर्ने बाध्यात्मक परिस्थितिले भोगमा आधारित असन्तुलित लैङ्गिक शक्तिसम्बन्धलाई प्रकाश पारेको छ ।

'दोषी को ?' कथामा सम्पूर्ण घटनाक्रम वासनात्मक भोगलाई विषय बनाएर अगाडि बढेको छ । यस कथामा अधिकारविहीन नारीहरू पुरुषअधीनस्थ बनाइएको र तीव्र उत्पीडनमा पारिएको अवस्थाको चित्रण गरिएको छ (पोखरेल, २०८०, पृ.२७९) । यस कथाको लैङ्गिक शक्तिसम्बन्ध परम्परागत सामन्ती संस्कारका आधारमा निर्मित भोगवादी ढाँचाका कारण असन्तुलित बनेको छ । यस कथामा पारिवारिक र सामाजिक सम्बन्धका माध्यमबाट असन्तुलित लैङ्गिक शक्तिसम्बन्ध व्यक्त भएको छ । पितृसत्ताका कारण दमनकारी र दमितको अवस्थालाई समाजमा स्थापित सामन्ती विमर्शले वैधता प्रदान गरेको छ । त्यसकारण यस कथाकी नारी पात्र सुशीला अधीनस्थ अवस्थामा पुगेकी छ ।

लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित 'मर्स्याङ्दी' तत्कालीन नेपालको मध्यपहाडी क्षेत्रमा विद्यमान असन्तुलित लैङ्गिक शक्तिसम्बन्धमा आधारित कथा हो । यस कथामा मर्स्याङ्दी, बाबु, आमा, पाध्ये, ब्याङ्ची, बज्यै, धवलसिङ, भाइ, सेते, बगरे, पसले र मालिकनी पात्रहरू छन् । मर्याङ्दीले नारीको र बाबु, पण्डित, भाइ, धवलसिङ र बगरेले पुरुषको प्रतिनिधित्व गरेका छन् । लैङ्गिक शक्तिसम्बन्धका दृष्टिमा यो कथा परम्परागत सामन्ती स्वरूपको छ । मर्स्याङ्दी आफ्नै बाबुबाट पण्डितका घरमा बेचिएकी छ । बाबु र छोरीको पवित्र नातामा पनि ऊ बिक्रीको वस्तु बन्छे । मर्स्याङ्दी बेचिनुपर्ने अवस्थाका बारेमा कथामा यसरी उल्लेख गरिएको छ :

> मर्स्याङ्दीले बाबुआमाको मुखमा हेरी । हो ! हामी आइहाल्छ नि ! दिदी ! हेरिदेऊ है, हाम्रो छोरीलाई । एग्लो मान्छे क्या गर्नु ! कारमले हारिगो, मुद्दा हारादियो ! जाग्गा खोसिदियो ! भान्टाङभुन्टुङ ठ्याम्मै छ घारमा ! यत्रो ! यत्रो !! यत्रो !!! यत्रैयत्रो । जेठो छोरा त बाह्र पुगेको छैना ! भैंसी बेजारीले खायो ? पाँच बीस डण्ड गरिपठायो ? ना गाँस, ना बास, बेचल्ली गरिदियो दिदी ! क्या गर्नु कारमले हारेगो (पृ.११२) ।

यस कथामा उल्लेख भएको माथिको सन्दर्भले तत्कालीन समाजको असन्तुलित लैङ्गिक शक्तिसम्बन्धलाई प्रकाश पारेको छ । ऋण र अन्यायबाट मुक्ति पाउनका लागि अबोध मर्स्याङ्दी आफ्नै बाबुबाट बेचिएकी छ । त्यसपछि उसलाई किन्ने पण्डितले मर्स्याङ्दीको शरीर भोग गरेको छ । शारीरिक सम्पर्कको निरन्तरतामा गर्भवती भएकी मर्स्याङ्दीलाई पण्डितले पुनः धवलसिंङलाई

बिक्री गरेको छ । त्यसपछि उसको चरम आर्थिक अभावलाई अवसर बनाएर बगरेले यौनशोषण गरेको छ । यसरी यस कथाकी प्रमुख नारी पात्र मर्स्याङ्दीको लैङ्गिक शक्तिसम्बन्धले दमनकारी र दमितको स्वरूप धारण गरेको छ । ऊ आफ्नै बाबु, पण्डित, पण्डितनीको भाइ, धवलसिङ र बगरे सबैबाट प्रयोगको वस्तु बनाइएकी छ ।

'मर्स्याङ्दी' कथाको लैङ्गिक शक्तिसम्बन्ध पारिवारिक, सामाजिक कार्य वा भूमिकाका माध्यमबाट असन्तुलित अवस्थामा प्रस्तुत भएको छ । यस कथामा परम्परागत पितृसत्ताको दमनकारी चरित्रले नारीलाई बिक्री र भोगको वस्तुका रूपमा स्थान तय गरिदिएको छ । त्यसलाई सामन्ती सोच र संस्कारबाट निर्मित विमर्शात्मक संरचनाले स्वीकृति प्रदान गरेकै कारण यस कथाकी नारी पात्र मर्स्याङ्दीको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

कथाकार कवीन्द्रमान सिंहद्वारा लेखिएको 'त्यो पहाडी कन्या' तत्कालीन समाजको असन्तुलित लैङ्गिक शक्तिसम्बन्धलाई अभिव्यक्त गर्ने कथा हो । उनी नेपाली समाजमा भएका नारीमाथिका विभेद, दमन र शोषणलाई कथाको विषय बनाउने सर्जक हुन् । उनले नेपाली समाजको सापेक्षतामा नारीले भोग्नुपरेका समस्यालाइ चित्रण गरेको सन्दर्भलाई दयाराम श्रेष्ठले यसरी उल्लेख गरेका छन् : "जीवनमा भोगिने रोदन र क्रन्दन अथवा कुण्ठा र निराशालाई सामाजिक सन्दर्भमा व्यक्त गरेका छन्" (श्रेष्ठ, २०७५, पृ.४५८) । यस कथामा भुन्टी, बा, प्रमोद, बालक र गाउँलेहरू पात्र रहेका छन् । कथामा भुन्टी एक मात्र नारी पात्र छ भने अन्य सबै पुरुष पात्रहरू रहेका छन् । यस कथाको लैङ्गिक शक्तिसम्बन्ध परम्परागत सामन्ती स्वरूपले युक्त भोगवादी ढाँचाबाट निर्माण भएकाले असन्तुलित रहेको छ । नारी शरीरलाई पुरुषको भोगको साधनका रूपमा हेर्ने पुरुषको भोगवादी दृष्टिलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> शहरका पट्ठाहरू भुन्टीको धपक्क बलेको यौवनदेखि विचलित हुन्थे औ 'सोल्टी', 'भान्जी' भनी एउटा एउटा साइनो जोडी बातचित गर्ने निहुँ गरिहाल्थे । लाजले भुतुक्क भई मुख पछ्यौराको फुर्काले छोप्दै अघिल्तिर बढ्थी भुन्टी । त्यसदिन भुन्टीको मन अरूसरह थियो हर्षित औ प्रफुल्लित । समयमै आफूले बोकी ल्याएको दाउरा, काँक्रो र सिमीका कोसाहु रू सबै एउटै साहुकादुकानमा बेची आफूले मनमा गुनेका चीज-बीजहरू जस्तै चुरोट, डोरी, टिकी, मरमसला सब खरिद गरी भुन्टीले (पृ.६६-६७) ।

कथामा प्रस्तुत गरिएको यस सन्दर्भले तत्कालीन समाजमा विद्यमान सामन्ती स्वरूपको असन्तुलित लैङ्गिक शक्तिसम्बन्धलाई पट्ठा केटाहरू र साहुका माध्यमबाट व्यक्त गरेको छ । नारी शरीरको जवानी र सौन्दर्य केवल पुरुषका भोगका लागि हो भन्ने तत्कालीन सामाजिक मानसिकतालाई पुरुष पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ । आफ्नो काममा सभ्य र शिष्ट ढङ्गले हिँड्दा पनि पुरुषका यौन हिंसालाई सहनुपर्ने र मुख छोपेर भाग्नुपर्ने नारीका बाध्यतालाई भुन्टीले सहनुपरेको छ । त्यसकारण यहाँको लैङ्गिक शक्तिसम्बन्धले दमनकारी र दमितको स्वरूप धारण गरेको छ । यसै सन्दर्भलाई अझ स्पष्ट पार्दै कथामा अर्को साक्ष्यलाई यसरी प्रस्तुत गरिएको छ :

भुन्टीको फेरमा लागिरहेका केही पट्ठाहरू त्यसलाई पछ्याउँदै थिए । तीमध्ये प्रमोद पनि थियो । सरल स्वभावकी एउटी ग्रामीण केटी बिचरी भुन्टीलाई यो लप्पन छप्पनको ज्ञान नै कहाँ ? उनलाई त आज सबै सहरमा देवीको जात्रा हेर्नु थियो, औ हेर्नु थियो रमिता । तर ती पापी भ्रमरहरू कुसुम-कलीको रसपान गर्न थिए संभ्रान्त । भुन्टी रमिता हेर्न कहिले यता औ कहिले उता जान्थी । जता गए पनि प्रमोदलाई आफ्नो सम्मुख देख्थी भुन्टीले अतः कैयौँ पटक चारनजर भो ती दुबैको ! सरल स्वभाव भुन्टीको अधरबाट जहिले पनि प्रवाहित हुन्थ्यो मधुर मुस्कान । यसबाट निश्चय नै भइसकेको थियो प्रमोदलाई कि उसको दिलमा मेरा लागि अगाध प्रेम छ अवश्य (पृ.६८) ।

कथामा प्रस्तुत गरिएको यस अभिव्यक्तिमा पनि तत्कालीन समाजको पुरुष मानसिकताका माध्यमबाट लैङ्गिक शक्तिसम्बन्धमा भएको असन्तुलको प्रकटीकरण भएको छ । यसले नारीलाई अबोध र अबलाको स्थानमा राखेको छ भने पुरुषलाई आक्रामक र सर्वज्ञ तुल्याएको छ । यसै स्वरूपको लैङ्गिक विभेदजन्य सम्बन्धको परिणतिमा भुन्टी बलात्कृत र गर्भवती तुल्याइएकी छ ।

'त्यो पहाडी कन्या' कथामा प्रस्तुत असन्तुलित लैङ्गिक शक्तिसम्बन्ध परम्परागत सामन्ती ढाँचाको सामाजिक भूमिका र कार्यमा आधारित छ । तत्कालीन समाजमा स्थापित पितृसत्ता र विभेदकारी विमर्शात्मक संरचनाका शक्तिमा त्यसले वैधता प्राप्त गरेको छ । त्यसकारण यस कथामा पुरुष दमनकारी र नारी दमित अवस्थामा रहेको विभेदजन्य लैङ्गिक शक्तिसम्बन्ध प्रकट भएको छ। त्यसैले यस कथाकी नारी पात्र भुन्टी अधीनस्थ अवस्थामा पुगेकी छ ।

कोशराज रेग्मीद्वारा लेखिएको 'छोरीको जात' तत्कालीन नेपालको पूर्वी मध्यपहाडी समाजमा विद्यमान विभेदमा आधारित असन्तुलित लैङ्गिक शक्तिसम्बन्धलाई विषय बनाई लेखिएको कथा हो । यस सम्बन्धमा गुरुप्रसाद पोखरेलको विचार यस प्रकारको रहेको छ : "कोशराज रेग्मीद्वारा लिखित 'छोरीको जात' कथामा पितृसत्ताको वर्चस्व रहेको तत्कालीन समाजमा विद्यमान नारीमाथिका उत्पीडन, समस्या र व्यथालाई विषयवस्तु बनाइएको छ" (पोखरेल, २०८०, पृ.२८०) । यस कथामा नरी, ज्यामा, बस्नेत, माहिली, कान्छी, जेठी धर्तिनी पात्रहरू उल्लेख्य भूमिकामा रहेका छन् । वास्तवमा लिङ्ग प्राकृतिक, जैविक विषय भए पनि यस कथामा लैङ्गिक शक्तिसम्बन्धले परम्परागत सामन्ती सोच र कुसंस्कारको प्रभावका कारण उत्पीडक र उत्पीडितको स्वरूप धारण गरेको छ । टुहुरी नरीले छोरी भएकै कारण हजुरआमाबाट गाली खानु, बाह्र वर्षको उमेरमा पचास वर्षको बस्नेतसँग अनमेल विवाह बन्धनमा बाँधिन बाध्य हुनु, नरीलाई छोरो पाइदिने साधनका रूपमा बस्नेतले प्रयोग गर्नु, बस्नेतले आफ्ना तीनजना छोरीलाई मान्छे नै नदेख्नु, मरेपछि पिण्ड दिने छोरै भए मात्र स्वर्गको ढोका खुल्ने अवधारणा राख्नु, नरीले छोरी पाउँदा गाउँका महिलाले नमिठो मान्नु र बस्नेतले छोरी पाएकै कारण नरीमाथि अन्याय गर्नु आदि यस कथामा असन्तुलित लैङ्गिक शक्तिसम्बन्धलाई चिनाउने साक्ष्यहरू हुन् । कथाकी प्रमुख पात्र नरीको पारिवारिक सम्बन्धमा ऊ ज्यामाकी नातिनी, बस्नेतकी श्रीमती, माइली र कान्छीकी सौतेनी आमा अनि जेठी धर्तिनीकी छिमेकी हो । "ए, नरी ! मासुकी थुप्री, अलच्छिनी, टुहुरी ! बाख्रा हेर्न जा ! मानो पचा"

(पृ.३४) । भन्ने ज्यामाको भनाइ र “भुँडीभरि खान पाएर मात्तिएकी भतुवी ! हाम्रो घरको भात लागेर तेरो यत्रो मुटु छिप्पियो” (पृ.३७) ! भन्ने माइलीको भनाइबाट नरीको आफ्ना नारी पात्रसँगको सम्बन्ध उत्पीडित र उत्पीडक प्रकारको रहेको देखिन्छ । त्यसैगरी “जेठी स्वास्नी बुढेसकालमा मरेकीले मैले तँलाई छोरो पाइदेलिस् कि भनेर बिहे गरेको हुँ । यी छोरीका जातको के भर छ ? अलिक दिनमा अर्काको घरमा जाइजान्छन्” (पृ.३८) भन्ने लोग्ने बस्नेतको भनाइले पनि उनीहरूको पतिपत्नी बिचको सम्बन्ध आत्मीयतापूर्ण नभएर पितृसत्ताको निरन्तरताका लागि उपयोग भएको वस्तुका रूपमा देखिएको छ । नरीले नातिनी भएर आफ्नै हजुरआमाबाट प्रताडित हुनुमा परम्परागत सामाजिक अवधारणा, लोग्नेबाट प्रताडित हुनुमा पितृसत्ताको प्रभाव र अनमेल वैवाहिक बन्धनमा पर्नुमा परम्परागत कुसंस्कार अनि सौतेनी छोरी माइलीबाट प्रताडित हुनुमा सामाजिक रूढि तथा अन्धविश्वास कारक रहेका छन् ।

‘छोरीको जात’ कथामा सबै प्रकारका अन्यायका विरुद्धमा कुनै विद्रोही चेतना नआएका कारण पनि यस कथाको असन्तुलित लैङ्गिक शक्तिसम्बन्धले न्याय गर्नसकेको छैन । समग्रमा तत्कालीन समाजमा स्थापित विमर्शात्मक संरचनाको शक्तिबाट परिचालित रूढि, अन्धविश्वास, पितृसत्ता, सामन्ती परम्परा र सामाजिक सांस्कृतिक विभेदकै कारण यस कथाको लैङ्गिक शक्तिसम्बन्ध उत्पीडक-उत्पीडित वा अधीनता र अधीनस्थतामा स्थिर रहेको छ । यसले यस कथाकी नारी पात्र नरीलाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ ।

भीमप्रसाद ढकालद्वारा लेखिएको ‘जिम्मावारी कसको ?’ तत्कालीन समाजमा रहेको असन्तुलित लैङ्गिक शक्तिसम्बन्धमा आधारित कथा हो । यस कथामा गौरी, पण्डित, लामिछाने र नेपाल पात्रहरू रहेका छन् । कथामा गौरीले नारीको र अन्य पात्रहरूले पुरुषको प्रतिनिधित्व गरेका छन् । यस कथामा प्रस्तुत असन्तुलित लैङ्गिक शक्तिसम्बन्धले पारिवारिक, सांस्कृतिक र वासनात्मक स्वरूप धारणा गरेको छ । गौरी पण्डितकी छोरी हो । त्यसकारण उनीहरूको सम्बन्ध पारिवारिक छ । लामिछाने छिमेकी पुरोहित र सल्लाहकारसमेत भएकाले गौरीको परिवार र उसको सम्बन्ध सामाजिक स्तरको छ । समाजमा स्थापित परम्परागत रूढिग्रस्त विचारको प्रभावमा गौरीको पारिवारिक, सामाजिक र सांस्कृतिक सम्बन्ध उत्पीडनकारी बनेको छ । समाजमा विद्यमान असन्तुलित लैङ्गिक शक्तिसम्बन्धको यस स्वरूपलाई कथामा निम्नानुसार उल्लेख गरिएको छ :

> “बहत्तर महिनामा नै छोरीको कन्यादान गर्न पाउनु अहोभाग्य हो ! शास्त्रमा लेखिएका कुराहरू झुटो हुनै सक्तैनन् । गौरीले पनि यो वैशाखदेखि ठिक्क बहत्तर महिना टेक्छे । मैले त आज लप्सी बोटेका नेपाल पण्डितका छोरासँग बात पक्का गरिदिएँ । केटो भने अलिक पाकोजस्तो लाग्यो, तर पाका र काँचाले के गर्छ र आफ्नो भाग्यको भाग भोग गर्नु त हो । वैशाख अट्ठाईस गतेको लगन !” भन्दै चापागाईं पण्डितले आफ्ना जुँगामा ताउ लगाउन थाले । लामिछाने पुरोहितले होमा हो मिलाउँदै समर्थन गरे । उनको समर्थनमा आशाका लहरहरू थिए (पृ.४१) ।

कथामा प्रस्तुत यस सन्दर्भले तत्कालीन समाजको उत्पीडनकारी लैङ्गिक शक्तिसम्बन्धलाई प्रकाश पारेको छ । पण्डित आफ्नो परत्र सपार्ने स्वार्थबाट परिचालित देखिन्छ भने लामिछाने अरू नै आशामा समर्थन गर्न पुग्छ । यहाँ आफ्नै बाबु र समाजको धर्माधिकारी पुरोहित दुबैलाई गौरीको अबोध बालापन र भावी जीवनमा आउन सक्ने समस्याप्रति कुनै चासो देखिँदैन । नेपाल बाजे र गौरीका बिच श्रीमान् र श्रीमतीको सम्बन्ध रहेको छ । ६ वर्ष र ३५ वर्षको उमेरका बिचमा स्थापित यो सम्बन्ध सधैँ नै उत्पीडनकारी छ । पहिला गौरी सानै भएकी हुनाले उसले वास्तवमा लोग्ने चिन्दिनथी । १० वर्षपछि ऊ जवान हुँदा लोग्ने रोगले कमजोर भयो । त्यस अवस्थामा पनि उसले लोग्ने चिन्न पाइन । गौरी र लोग्नेका बिचको यस अवस्थालाई कथामा यसरी उल्लेख गरिएको छ :

> शारीरिक दुर्वलता र समयको भारले गर्दा पैँतालीस वर्षको उमेरमा नै नेपाल बाजेलाई आँगन परदेश होलाजस्तो अनुभव भयो । उनी दुर्वल भए तापनि उनका आशा र इच्छाहरू दुर्वल भएका थिएनन् । सोह्र वर्षकी गौरीलाई सम्झँदा उनी अझै केके गरुँला भन्थे । तर उनले अब यी आशा र इच्छाहरूलाई पूर्ण गर्छु भन्नु बालुवाको पर्खाल बनाएर महल उभ्याउँछु भन्नु बराबर नै भए (पृ.४२-४३) ।

माथिको सन्दर्भले तत्कालीन नेपाली समाजमा रहेको असन्तुलित लैङ्गिक शक्तिसम्बन्धको उत्पीडनकारी वास्तविक स्वरूपलाई देखाएको छ । तत्काल प्रचलित अनमेल विवाह र बालविवाहको परिणतिमा दमित नारी जीवनको वास्तविकतालाई उक्त कथाले उजागर गरेको छ ।

'जिम्मावारी कसको ?' कथामा परम्परागत सामन्ती ढाँचामा आधारित उत्पीडनकारी असन्तुलित लैङ्गिक शक्तिसम्बन्ध व्यक्त भएको छ । पारिवारिक सामाजिक र सांस्कृतिक स्तरबाट व्यक्त भएको यस सम्बन्धमा पितृसत्ताको प्रभुत्व रहेको छ । त्यसले लैङ्गिक रूपमा विभेद सिर्जना गरी सम्पूर्ण अधिकार तथा शक्ति पुरुषका हातमा सुम्पिएको छ । त्यसैले यस कथाकी प्रमुख नारी पात्र गौरीको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

दलभञ्जन कार्कीद्वारा लेखिएको 'कैली' तत्कालीन नेपालको मध्यपहाडी भूभागमा विद्यमान असन्तुलित स्वरूपको लैङ्गिक शक्तिसम्बन्धलाई विषय बनाई लेखिएको कथा हो । यस कथामा कैली, गोरे, बाङ्गे, सेते, फुचे र खेतालहरू पात्रहरू रहेका छन् । कथामा कैली एक मात्र नारी पात्र हो भने अन्य सबै पुरुष पात्रहरू रहेका छन् । पारिवारिक सम्बन्धलाई हेर्दा बाङ्गे बाबु र कैली छोरी हो । गोरे र कैली प्रेमी र प्रेमिका हुन् । यसबाहेक गाउँका अन्य सबै पात्रको कैलीसँग सम्बन्ध उसको शारीरिक सौन्दर्य वा यौनसँग जोडिएको छ । यस सम्बन्धमा कथामा यसरी उल्लेख गरिएको छ :

> पिँढीको पालीको भागमा अडेस लागी कालो टोपी हातमा लिएर हल्लाउँदै छिनमै औँला गन्दै केके सम्झेर हो गोरे डिच्चडिच्च हाँस्न लागिरहेको थियो । सेते आएर गोरेलाई बोलाउँदै पिँडीको डिलमा बसेर भन्यो । "कैलीलाई विदेश नजाँदै बिहे गरेको भए घरजम

भैहाल्ने थियो । कैली कसको मेला जान्छे भनेर गाउँका ठिटा बाटो कुरिरहन्छन् । फुचे साहुले लैजान्छ रे भन्ने गाउँमा धुइरो बुईंबुईं छ (पृ.३१) ।

कथामा प्रस्तुत यस सन्दर्भले तत्कालीन समाजमा भएको सामन्ती परम्पराको ज्ञानमा आधारित असन्तुलित लैङ्गिक शक्तिसम्बन्धलाई प्रस्ट पारेको छ । सेतेका भनाइमा नारीलाई कुनै पुरुषले समयमै आफ्ना अधीनमा नराखे त्यो सार्वजनिक वस्तु बन्छे । अविवाहित नारी सबै पुरुषको यौनप्यास मेटाउने वस्तु बन्छे र त्यसपछि ऊ घरजम गर्न अयोग्य बन्छे भन्ने धारणा सेतेका अभिव्यक्तिमा निहित छ । यसले तत्कालीन समाजको सामन्ती विमर्शात्मक संरचनामा रहेको ज्ञानलाई अभिव्यक्तिको माध्यम बनाएको छ । गोरे र कैलीको सम्बन्ध प्रेमी र प्रेमिकाको हो । कैली विदेशिएको गोरेको दीर्घ प्रतीक्षामा छे । कैलीसँग वैवाहिक सम्बन्धमा बाँधिने इच्छा बोकेर गाउँमा आएको गोरे अरूका आधारहीन कुरा सुनेर कैलीप्रति नकारात्मक बन्छ । कैलीलाई अरूले हेर्नु र मन पराउनुमा उसको कुनै दोष थिएन तर गोरेको पुरुष मानसिकतामा त्यसले नकारात्मक प्रभाव सिर्जना गर्छ । सेतेका मुखबाट "फुचे साहुले लैजान्छ रे" (पृ.३१) । भन्ने सुन्दा र "कैली फुचेका पिँढीमा भूई कोट्याएर बसिरहेको" (पृ.३१) देख्दा मात्र गोरेको मानसिकता पूर्ण रूपमा दिग्भ्रमित बन्छ । त्यसैको परिणामस्वरूप ऊ अन्तै विवाह गर्ने निर्णयमा पुग्छ । यसलाई फुचेका खेतालाका माध्यमबाट यसरी उल्लेख गरिएको छ : "गोरेले साने मिजारकी छोरीसँग बिहे गर्छ रे । आज केटी हेर्न गएको छ । अब चाँडै नै रत्यौली नाच्न पाउने भयौँ" (पृ.३३) । यसरी गोरेका माध्यमबाट तत्कालीन समाजमा रहेको असन्तुलित लैङ्गिक शक्तिसम्बन्धको अत्यन्त कमजोर अवस्थालाई प्रतिबिम्बित गरिएको छ । सामन्ती सोच र संस्कारका आधारमा निराधार तर्कले पनि नारीलाई बिटुलो पार्ने र उसको जीवनमा समस्या सिर्जना गर्ने काम यस कथामा भएको छ । कैलीको गोरेप्रतिको प्रेम र विश्वासमा कुनै समस्या नभए पनि गोरेको विश्वास डगमगाउन पुग्छ । त्यसैको परिणाममा कैलीले विवश भएर आफ्नो गाउँ नै छोड्नु पर्ने अवस्था सिर्जना हुन्छ ।

'कैली' कथामा भएको असन्तुलित लैङ्गिक शक्तिसम्बन्ध पात्रहरूको सामाजिक भूमिकाबाट निर्देशित छ । त्यसलाई तत्कालीन समाजमा स्थापित परम्परागत सामन्ती संस्कारजन्य ज्ञानले परिचालन गरेको छ । त्यसकारण पितृसत्ताको प्रभावमा पुरुष दमनकारी र नारी दमित भएको असन्तुलित र लैङ्गिक रूपमा शत्रुतापूर्ण शक्तिसम्बन्ध यस कथामा व्यक्त भएको छ । यसले कुनै पनि विषयमा कमजोर नभएकी नारी पात्र कैलीलाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ ।

रमेश विकलद्वारा लेखिएको 'दुई रुपियाँ नोट' तत्कालीन काठमाडौँ सहरमा विद्यमान असन्तुलित लैङ्गिक शक्तिसम्बन्धलाई विषय बनाई लेखिएको कथा हो । यस कथामा वीरे, पार्वती, छोरा, छोरी, बाटुली, साहु, नाइके र टोलका गुन्डा पात्रहरू छन् । कथामा पार्वती र बाटुली दुई नारी पात्र छन् भने अन्य सबै पात्र पुरुष छन् । पार्वती र वीरे पति र पत्नीको पारिवारिक सम्बन्धमा छन् । साहु र नाइके उनीहरूसँग मजदुर र मालिकका सम्बन्धमा जोडिन आएका छन् । यस कथामा लैङ्गिक शक्तिसम्बन्धले पुँजीवादी स्वरूपलाई आत्मसात् गरेको छ । पैसाका अभावमा गुर्जानुपर्ने जीवनको कष्टकर अवस्थालाई नारीको शरीर बेचेर सहज तुल्याउने प्रयास यस कथामा

भएको छ । पार्वतीको शारीरिक सौन्दर्यप्रति आकर्षित भएर टोलका मानिसहरूले गरेको कुकृत्यलाई कथामा यसरी उल्लेख गरिएको छ :

> उही (पार्वतीको) रूपको आकर्षणमा त्यो गल्लीमा आवाराहरू आफ्नो कामुक ठट्टा र अश्लील चेष्टाद्वारा आफ्नो मनको कुभावनाको दुर्गन्ध त्यो गल्लीको वायुमण्डलमा छर्दै हरबखत भनेझैँ उसको वरिपरि लठारिइरहन्थे । कुनै सस्तो फिल्मी गीतको घृणित सङ्केतले उसलाई कोट्याउँथे, कुनै घीन लाग्दा उखान र छिल्लिएका टुक्का लिएर ऊसम्म पुग्ने दाउ गर्थे अनि कुनै दिदी र भाउजूको साइनो लाएर उसको दुःख-सुखको लहरोमा समातेर पनि ऊसम्म पुग्ने छिर्के दाउ हान्थे (पृ.६३) ।

कथामा प्रस्तुत यस सन्दर्भले पुरुषहरूका गलत कार्यका माध्यमबाट तत्कालीन समाजको असन्तुलित लैङ्गिक शक्तिसम्बन्धलाई प्रकट गरेको छ । नारीको रूप र सौन्दर्यलाई पुरुष भोगको वस्तु मात्र देख्ने सामाजिक मानसिकता यस साक्ष्यमा अभिव्यक्त भएको छ । आफ्नै लोग्ने वीरेसँगको पार्वतीको सम्बन्ध लैङ्गिक रूपमा दमनकारी र दमितको स्वरूपको छ । वीरेले पार्वतीमाथि शारीरिक र मानसिक रूपमा दमन, शोषण गरी आपसी सम्बन्धमा समस्या सिर्जना गरेको छ । ऊ आफ्नी स्वास्नीको शरीर बेचेर आफ्नो अभावमा भाव ल्याउने प्रयास गर्छ । त्यसका लागि ऊ पार्वतीलाई शारीरिक र मानसिक दबाब दिन्छ । उसले वेश्यावृत्तिमा लागेकी बाटुलीप्रति सङ्केत गर्दै पार्वतीलाई पनि त्यसै गर्न दबाब दिएको सन्दर्भलाई कथामा निम्नानुसार प्रस्तुत गरिएको छ :

> वीरे मुखमा आएको गाली बक्न थाल्थ्यो । जहाँसम्म पार्वतीलाई गाली गर्थ्यो त्यतिसम्म त पार्वतीलाई मामुली कुरा लाग्थ्यो तर जब बाटुलीतिर सङ्केत गरेर ऊ आफ्नो भित्रको घृणित इच्छा प्रकट गर्दथ्यो; त्यो उसका लागि असह्य पीडाको कारण बन्थ्यो । ऊ प्रस्ट बुझ्दथी, त्यो उसको दानव लोग्ने उसबाट कतिसम्म घृणित आशा गर्न लागेको छ । बाटुली त्यो गल्लीको नाम कहलिएकी स्वास्नी मान्छे थिई (पृ.६८) ।

कथामा उल्लेख गरिएको यस सन्दर्भले वीरे र पार्वतीका बिचको असन्तुलित लैङ्गिक शक्तिसम्बन्धको आलोकमा सिङ्गै समाजको लैङ्गिक शक्तिसम्बन्धलाई देखाएको छ । वीरे पार्वतीकै कारण साहुको कामबाट आफू अलग हुनुपरेको ठान्छ । यसले साहु र पार्वतीका बिचको लैङ्गिक शक्तिसम्बन्धलाई देखाउँछ । त्यसैगरी भरिया नाइकेलाई खुसी पार्न वीरेले पार्वतीलाई दबाब दिएको छ । त्यसैको परिणाममा भरिया नाइके पार्वतीको शरीर भोग्न सफल हुन्छ । यसरी प्रस्तुत कथाको असन्तुलित लैङ्गिक शक्तिसम्बन्धले दबाब र तनावका माध्यमबाट पुँजीवादी, भोगवादी स्वरूप धारण गरेको छ ।

'दुई रुपियाँ नोट' कथाको असन्तुलित लैङ्गिक शक्तिसम्बन्ध पारिवारिक, सामाजिक र आर्थिक आधारमा निर्माण भएको पुँजीवादी स्वरूपको छ । यसका लागि विभेदकारी परम्परागत पितृसत्ताले आधार र वैधता प्रदान गरेको छ । पुरुष सत्ताको स्वरूप दमनकारी र नारीको अवस्था दमित भएकै कारण यस कथाकी नारी पात्रको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

कृष्णप्रसाद सर्वहाराद्वारा लेखिएको ‘दर्बारकी केटी’ तत्कालको नेपाल दरबारमा विद्यमान असन्तुलित लैङ्गिक शक्तिसम्बन्धका विषयमा आधारित छ । यस कथामा प्रमिला, प्रेम, बैठके, दरबारिया, नेता पात्रहरू उल्लेख्य भूमिकामा रहेका छन् । प्राकृतिक वा जैविक रूपमा स्वाभाविक रहने लैङ्गिक शक्तिसम्बन्धले यस कथामा प्रमुख पात्र प्रमिलाको विधवापनसँग जोडिएर विभेद, दमन र शोषणको विभेदकारी र सामन्तवादी स्वरूप धारण गर्न पुगेको छ । प्रमिला विधवा भएपछि आफैँ चिन्तित हुनु, सबैबाट अपमानित हुनु, खान नै नपाउनु, दरबारबाट निकालिनु, मालिकका कुकृत्य सहन बाध्य हुनु, जीवन बाँच्ने सबै आधार समाप्त हुनु, बाध्य भएर अन्त्यमा पुरुषकै शरणमा पुग्नु आदि यस कथामा असन्तुलित लैङ्गिक शक्तिसम्बन्धका साक्ष्यहरू हुन् । यस कथामा प्रमिला विधवा भएपछि “उनको यस विशाल मातृभूमिमा कतै पनि भरोसा लाग्दो ठाउँ थिएन” (पृ.१) भन्ने लेखकको टिप्पणीले समाजमा नारीको असहाय अवस्थालाई प्रकट गरेको छ । “सबैबाट उनको जिन्दगी दोब्बर घृणाको आँखाले हेरिन थाल्यो” (पृ.२) भन्ने लेखककै अर्को टिप्पणी, “एक लबस्तराका निम्ति अनेक सोडसीहरू बजारको मासुझैं बेचिइरहेका” (पृ.२-३) भन्ने अन्य महिलाहरूप्रति लेखकले राखेको विचार “तेरी पातर्नी बाहुनी, राजा साहेबको इज्जतमा कालो पोत्न खोज्ने ? तँ जस्ता कतिकति रछ्यानका किरा भैसके, चुपो लागेर निस्किहाल नत्र च्यामे-पोडेको बात लगाएर हिँडाउनु पर्ला” (पृ.५) भन्ने कान्छी महारानीको भनाइ आदि सन्दर्भहरूले सामन्तवादी स्वरूपको असन्तुलित लैङ्गिक शक्तिसम्बन्धको झल्को दिएका छन् । प्रमिलाले लोग्ने, आमा, बुबा र दाजु गुमाएकी छ । अन्त्यमा प्रेमसँग पतिपत्नीको सम्बन्धमा बाँधिएकी छ । उसले पितृसत्ताको प्रभुत्व र लैङ्गिक विभेदका कारण आफ्नो विधवापनलाई जोगाएर बाँच्न नसकेकै कारण विवश भई प्रेमसँग जोडिनु परेको छ । समाजमा स्थापित पुरुषवादी प्रभुत्वका कारण सामाजिक, सांस्कृतिक र आर्थिक क्षेत्रबाट नारीलाई विमुख गराइएको छ ।

‘दर्बारकी केटी’ कथामा परम्परागत सामन्तवादी स्वरूपको असन्तुलित लैङ्गिक शक्तिसम्बन्ध रहेको छ । नारी पात्रले पेट, भोक र समाजको आक्रमणबाट बाँच्नकै लागि पुरुषको सहारा लिन बाध्य हुनु परेको छ । असमान तथा विभेदकारी लैङ्गिक शक्तिसम्बन्धकै कारण प्रताडित हुन पुगेका नारी पात्रको सामाजिक पारिवारिक सम्बन्ध दमनकारी दमित तथा अधीनता अधीनस्थताबाट माथि उठ्न सकेको छैन । स्थापित सामन्ती विमर्शको शक्तिसम्बन्धबाट निर्देशित यस प्रकारको लैङ्गिक शक्तिसम्बन्धले नारी पात्रलाई चाहेर पनि अधीनस्थ अवस्थाबाट मुक्त हुन दिएको छैन ।

### ४.३.२ यथार्थवादी नेपाली कथामा पितृसत्ता र शक्तिसम्बन्ध

गुरुप्रसाद मैनालीद्वारा लिखित ‘नासो’ कथामा परम्परागत सामन्तवादी संस्कृतिको निरन्तरतामा पितृसत्ताको स्वरूप प्रकट भएको हुनाले लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बनेको छ । त्यसकारण कथाका पात्रहरूमा लैङ्गिक दृष्टिले असन्तुलित शक्तिसम्बन्धको परिस्थिति निर्माण भएको छ । यस कथामा परिवारको सम्पूर्ण अधिकार देवीरमणमा केन्द्रित छ । उसलाई मन

लागेको काम गर्न र नगर्न कसैसँग सल्लाह गर्नै पर्दैन । यस सम्बन्धमा देवीरमणको तीर्थयात्रालाई विषय बनाएर यसरी उल्लेख गरिएको छ :

> गाउँका धेरै आइमाईहरू जान लागेको देखी लक्ष्मी पनि 'जान्छु' भनेर जिद्दी गर्न लागिन् । सुशील चाहिँ देवीरमणको दौराको फेर समातेर रुन लाग्यो । यो बलिष्ठ बालहठलाई देवीरमणले उपेक्षा गर्न सकेनन् । आखिर लक्ष्मी र सुशीललाई पनि साथमा लिए । एकक्षणपछि त्यो तीर्थयात्रीहरूको समूह रानूको पछि माहुरीझैँ देवीरमणको पछि लाग्यो । किन्तु सुभद्रालाई "जान्छ्यौ कि ?" भनेर कसैले एक बचन पनि सोधेन (पृ.५) ।

कथामा प्रस्तुत यस सन्दर्भले पितृसत्ताको पूर्ण स्वैच्छिक अवस्थालाई स्पष्ट पारेको छ । यहाँ लक्ष्मीले तीर्थ जानका लागि लोग्नेसँग याचना गर्नुपर्ने एउटा परिस्थिति हो भने सुभद्रालाई सोधखोजै नगर्नु अर्को अवस्था हो । यी दुबैमा देवीरमणको प्राधिकार स्थापित छ । यस कथामा रहेको 'सन्तान भए मात्र परत्र सुध्रिन्छ' भन्ने मान्यता पनि पितृसत्ताको सहायक बनेर आएको छ । त्यसकारण देवीरमणलाई दोस्रो विवाह गर्न सल्लाह दिइएको छ । ज्योतिषीको उक्त सल्लाहभित्रै समस्याको समाधान भेटेको हुनाले धर्म, संस्कृति र ज्ञानको केन्द्रका रूपमा पुरुषलाई उभ्याइएको छ । यसले पुरुषवादी वा पितृसत्तात्मक एकपक्षीय विभेदकारी सामन्ती संस्कारलाई अभिव्यक्त गरेको छ ।

'नासो' कथामा पितृसत्ताको प्रभाव देवीरमणमा मात्र नभएर नारी पात्रहरूमा पनि छ । सुभद्राले घरका सम्पूर्ण काम सकेर पनि स्वचालित रूपमा पतिको सेवा गरेको सन्दर्भ यसरी उल्लेख गरिएको छ : "एकछिनपछि गृहकृत्य समाप्त गरेर सुभद्रा कोठामा पसिन्, देवीरमणको गोडा मिच्न लागिन् । उनको यो दैनिक काम थियो । सुभद्रा यसमा कहिल्यै त्रुटि हुन दिन्नथिन" (पृ.३) । यसले सुभद्रामा रहेको कर्तव्यचेतलाई पितृसत्ताको स्थापित विमर्शसँग जोडेको छ । सामन्तवादी परम्परागत संरचनाबाट निर्मित उक्त समाजको ज्ञानले सुभद्राको मानसिकतामा समेत नारीले दासत्वलाई स्वीकार गर्नुपर्ने भाव सिर्जना गरेको छ । देवीरमणले खाना पकाउने गरेको कुरा नौलीका मुखबाट सुन्दा सुभद्राले गरेको अनुभूतिलाई यसरी उल्लेख गरिएको छ : "अघि कहिलेकाहीँ एक-दुई छाक भात पकाउनु पर्दा दिक्क मान्नुहुन्थ्यो । आजकल दिनहुँ कसरी पकाउनु हुँदो हो ? इत्यादि मनोवेदनाले सुभद्राको हृदय छियाछिया भयो" (पृ.९) । यसले पनि तत्कालीन समाजभित्र नारीमा परेको पितृसत्ताको समर्पणवादी प्रभावलाई प्रस्तुत गरेको छ । नौलीले जीवनभर देवीमरणको सेवा गरेकी छ तर त्यसका बदलामा आफ्नो अधिकार खोजेकी छैन । त्यसकारण नौलीलाई पितृसत्ताको प्रभावले अधिकार खोज्ने स्थानसम्म पुग्नै दिएको छैन । लक्ष्मीले देवीरमणको सन्तानको आवश्यकता पूरा गरिदिएकी छ तर उक्त सीमाभित्र रहनुपर्दा पनि उसको कुनै गुनासो छैन । उसलाई पनि समाजमा जरा गाडेर बसेको पितृसत्ताको प्रभावले गुनासो गर्नै दिएको छैन । बाह्र वर्षकै उमेरमा अनमेल विवाह बन्धनमा बाँधिएर एउटा सन्तानसँगै जीवन गुमाउनुपर्ने अवस्थामा पुग्नु पर्ने विवशता पितृसत्ताको चरम अवस्थाको उपज हो । कथामा भएका सम्पूर्ण नारी पात्रहरूले उच्च आदरार्थी भाषाको प्रयोग गरेका छन् भने देवीरमणले मध्यम र निम्न आदरको भाषिक

स्वरूपको प्रयोग गरेको छ । पितृसत्ताका यी सम्पूर्ण कार्य तथा प्रभावलाई तत्कालीन सामन्ती सत्ताविमर्शमा रहेको लैङ्गिक दृष्टिले असन्तुलित शक्तिसम्बन्धले वैधता प्रदान गरेको छ । त्यसैले यस कथाका सबै नारी पात्रहरूलाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ ।

पूर्णदास श्रेष्ठद्वारा लेखिएको 'समाजको अंचलमा' कथामा पितृसत्ताको कारण लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित भएको हुनाले नारीमाथि घरेलु हिंसा भएका छन् । यसमा लैङ्गिक हिंसाको मूल स्वरूप सुब्बिनीको बाबु, लोग्ने अनि सासू र जेठानीबाट प्रकट भएको छ । नारीलाई बिक्रीको वस्तु बनाउने सुब्बिनीका बाबुको कार्यमा घरेलु हिंसाको रूप प्रस्ट देख्न पाइन्छ र यसको सिकार सुब्बिनी भएकी छ । त्यसैगरी नारीलाई खरिदको वस्तु बनाएर सुब्बाले घरमा भित्र्याउँदा पनि लैङ्गिक हिंसाको आधार निर्माण भएको छ । त्यसैको परिणतिमा सुब्बिनी सासू र जेठानीको हिंसामा परेकी छ । सन्तानको अभाव नारीका कारणले मात्र हुन्छ भन्ने पितृसत्ताको चिन्तनमा यस कथाका नारी पात्रहरू पनि विलय भएका छन् । त्यसैले सुब्बिनीको निसन्तान अवस्थालाई कथामा यसरी उल्लेख गरिएको छ :

> यस्तै नाना अवहेलना सही समय समयमा अपमानित हुँदै तीन वर्ष व्यतीत भो । मेरो सन्तान भएन । यो पनि ममा दोष गनिन थाल्यो । यतिका वर्ष सन्तान नहुनु के यो कम दोष हो ? यसको चर्चा बारम्बार घरमा हुन थाल्यो । जेठानी भन्दथिन्- “बाँझी रहिछ, त्यस्तीको मुख पनि हेर्नु छैन ।” सासू यसको पूर्ति गर्दथिन्- “त्यसैले ता त्यसले घरमा पाइला हाले देखिन् लक्ष्मीको बास नभएको । रुपियाँ पैसा दुर्लभै भइसक्यो ।” कैले यसै चर्चामा छिमेकीहरू पनि भन्ने गर्थे- “सुब्बा साहेबलाई अर्को बिहे नगरी भएन । यस उमेरमा पनि सन्तान नभए, हुने कैले ? बुढेसकालमा !”
>
> अर्को छिमेकी- “मेरी बुहारी मात्र भए यतिञ्जेल पर्खन्थैं र ” (पृ.४६) ?

कथामा उल्लेख गरिएको यो साक्ष्यले एकपछि अर्को गर्दै क्रमशः पितृसत्ताको सामन्ती स्वरूपलाई प्रकट गरेको छ । तत्कालीन समाजमा रहेको असन्तुलित शक्तिसम्बन्धका कारण जेठानी र सासू दुबैको चिन्तन पूर्णतः पितृसत्ताको प्रभावमा विलय भएको छ । छिमेकीका विचारहरूले सन्तानको अभावमा सुब्बिनीलाई मात्र दोषी देखेको छ । त्यसकारण यी सबैको प्रहारको केन्द्र बनेर सुब्बिनी घरेलु हिंसामा परेकी छ ।

'समाजको अंचलमा' कथामा परम्परागत सामन्तवादी ढाँचाको पितृसत्ताको स्वरूप प्रकट भएको छ । त्यसले पुरुषलाई सम्पूर्ण शक्तिको केन्द्र बनाएकै कारण कतिपय नारी पात्रहरू पनि पितृसत्ताकै चिन्तनमा विलय भएका छन् । पुरुषले ज्ञान, शक्ति र प्रभुत्वका बलमा सबै प्रकारका गलत कामलाई पनि वैधानिकता प्रदान गरेको हुनाले लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बनेको छ । त्यसैले यस कथाकी प्रमुख नारी पात्र सुब्बिनीको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

कृष्णप्रसाद चापागाञीद्वारा लेखिएको 'दोषी को ?' तत्कालीन नेपाली समाजमा रहेको लैङ्गिक दृष्टिले असन्तुलित शक्तिसम्बन्धलाई विषय बनाई लेखिएको कथा हो । कथामा सुशीला एकमात्र नारी पात्र हो भने अन्य सबै पुरुष पात्रहरू रहेका छन् । बाबु, पति र प्रेमी सबैले

पितृसत्ताबाट प्राप्त शक्तिको दुरुपयोग गरेकै कारण नारीले अकल्पनीय पीडा भोग्नु परेको हुनाले लैङ्गिक शक्तिसम्बन्ध असमान देखिएको छ । समाजका सबै प्रमुख अङ्गहरू (घर, माइती, समाज र कानुन) मा पूर्णतः पुरुषको वर्चस्व भएको तत्कालीन समाजको यथार्थ अङ्कन कथामा गरिएको छ । पितृसत्ताको भोगवादी चरित्रकै प्रभावमा १० वर्षको कलिलो उमेरमा सुशीला ७० वर्षको वृद्ध मधुसुदनसँग वैवाहिक बन्धनमा बाँधिन्छे । विवाह नचिन्दै विवाहित हुनु र जवानीमा विधवा हुनु सुशीलाको नियति बनेको छ । कथामा उसको विधवा अवस्थालाई यसरी उल्लेख गरिएको छ :

> सुशीलाको निधारको सिन्दुर पुछियो । हातका चुरा फोरिए, गलाको पोते छिन्यो । हिजोसम्मकी सिंगारकी रानी आज वैराग्यकी खानी भएर कपालको झाँक्रो फिँज्दै कोराभित्र पसिन् । अब उनी विधवा भइन् रे । त्यो विधवा धर्मको आडमा थुन्न दुईओटा सेता चाँदीका बाला अब उनका हातमा हतकडी ठोकिने भए (पृ.४२) ।

कथामा प्रस्तुत यस साक्ष्यले तत्कालीन समाजको पितृसत्ताको कठोर बन्धनलाई व्यक्त गरेको छ । नारीले लोग्नेका अभावमा सम्पूर्ण शृङ्गार र निजी चाहनालाई परित्याग गर्नुपर्ने अवस्था यहाँ प्रस्तुत भएको छ । जुन नारी सधवा अवस्थामा शृङ्गारविना बस्नै पाउँदिनथी, त्यही नारी विधवा अवस्थामा निर्जीवझैँ बन्नै पर्ने भएको छ । त्यति मात्र होइन सधवा अवस्थाकी शुद्ध नारी विधवा अवस्थामा कसरी बिटुलिन्छे भन्ने पितृसत्ताको अवधारणालाई कथामा निम्नानुसार उल्लेख गरिएको छ :

> तैँले रुखा खाना, सुखा जीवन बिताउनु पर्छ भनी यता घर, माइति, समाज, कानुन दाह्रा किटेर सधैँ सधैँ हप्काइ रहन्थे । केही कुरा काहीं हानि नोक्सानी भयो भने सुशीलाको कुलक्षणको फल हो भनेर फैसला गर्दथे । राम्रो नाना, मिठो खाना विधवाका निमित्त निषेध थियो । कुनै शुभ काममा अमङ्गल सम्झिन्थे । पाठ, पूजा, व्रत गरेर चोख्याएको विधवाको शरीर विवाह, व्रतबन्धमा बिटुलो हुन्थ्यो । यो सबै कुरा सुशीलाले मुटुभित्र सहेर बसेकी थिइन् (पृ.४८) ।

यस कथामा उल्लेख गरिएको माथिको सन्दर्भले तत्कालीन समाजमा व्याप्त पितृसत्ताको कठोर सामन्ती स्वरूपको दमनलाई प्रकाश पारेको छ । विधवा अवस्थाकी नारीलाई मानिस बन्नै नदिने र सम्पूर्ण दोषको भारी बोकाउने रूढिग्रस्त अवस्था कथामा चित्रित छ । नारीलाई पुरुषको भोगको साधनका रूपमा मात्र हेर्ने र पुरुषको समाप्तिसँगै नारीलाई समाप्त गर्ने पितृसत्ताको परम्परागत सांस्कृतिक स्वरूप यस कथामा चित्रित छ ।

'दोषी को ?' कथामा पितृसत्ताको स्वरूप परम्परागत सामन्ती सोच तथा संस्कारका आधारमा निर्मित भएकै कारण लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बनेको छ । त्यसले समाज, कानुन, धर्म, संस्कृति, भाषा आदि सबै क्षेत्रमा पुरुषको हैकम कायम गरेको छ । त्यसैको परिणाम स्वरूप नारीको जीवन र शरीर पनि आफ्नो अधीनमा छैन । नारीका लागि घर, समाज, माइती, कानुन र प्रेमी सबै प्रतिकूल अवस्थामा उभिएका छन् । त्यसैले यस कथाकी नारी पात्र सुशीलाको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

लक्ष्मीप्रसाद देवकोटाद्वारा लेखिएको 'मर्स्याङ्दी' नेपालको मध्यपहाडी क्षेत्रमा रहेको असन्तुलित लैङ्गिक शक्तिसम्बन्धलाई अभिव्यक्त गरिएको कथा हो । यस कथामा मर्स्याङ्दीले नारीको र बाबु, पण्डित, भाइ, धवलसिङ अनि बगरेले पुरुषको प्रतिनिधित्व गरेका छन् । समाजमा सम्पूर्ण शक्ति र निर्णयको अधिकार यिनै पुरुषहरूसँग मात्र छ । मर्स्याङ्दी एकपछि अर्को गर्दै बिक्री र भोगको वस्तु बनाइएकी छे । आफ्नै बाबुले मर्स्याङ्दीलाई पण्डितसँग बिक्री गरेको सन्दर्भलाई कथामा यसरी उल्लेख गरिएको छ :

> आमाचाहिँको कोट्याइले बाबुले बोल्यो, "होइन हाम्रो छोरी घार कहिलें- दशैंमा, तिहारमा आउन पौन्छ कि पौन्न ।"
>
> चस्मे लडर पाध्येले चस्मा उठाएर लामाको मुखमा तिखा मालिक आँखे नजर चूपचापसँग लगायो । मर्स्याङ्दीले ऊतिर फर्केर क्वारक्वारती हेरी । "ह्वैन ! कासो हो ?"
>
> चस्मेले कलम अडाएर भौँगाँठे कर्कसतासँग बोल्यो, "बेचेपछि के को घर जान्छ ? घर ता यही भै गो नि !"
>
> "एक दुई दिनको लागि ?"
>
> हातको चरो त्यसै छोड्छ, पखेटा उम्रेको ? राजाको आइनामा जान पौन्न लेखेको छ, हेर्न यी !" भनेर चस्मेले घुँडाको किताब देखायो (पृ.१११) ।

माथिको सन्दर्भले तत्कालीन समाजमा विद्यमान पितृसत्ताको सामन्ती स्वरूपको एकाधिकारलाई स्पष्ट पारेको छ । यसले छोरीलाई बेच्ने अधिकार बाबुलाई सुम्पिएको छ भने मर्स्याङ्दीलाई घर जान दिने वा नदिने अधिकार पण्डितको हातमा राखिदिएको छ । पण्डितका अनुसार राजाको ऐनमै बेचिएकी नारी घर जान नपाउने उल्लेख गरिएको छ । त्यसपछि आफूले किनेकी मर्स्याङ्दीलाई गर्भवती बनाएर पण्डितले धवलसिङलाई बिक्री गरेको छ । त्यसले मर्स्याङ्दीमाथिको सम्पूर्ण अधिकार धवलसिङमा हस्तान्तरण भएको छ । यसरी यस कथामा पितृसत्ताको शक्तिका कारण नारी पशुझैँ सम्पत्तिका रूपमा क्रय विक्रय हुने वस्तु बनाइएकी छ । यस कथामा भएको असन्तुलित शक्तिसम्बन्धका कारण पितृसत्ताको चिन्तन पुरुषमा मात्र होइन, नारीमा पनि प्रबल रूपमा आएको छ । आफ्नै लोग्नेद्वारा गर्भवती बनाइएकी मर्स्याङ्दीका विषयमा पण्डितकी श्रीमतीको भनाइलाई कथामा यसरी उल्लेख गरिएको छ : "मर्स्याङ्दी बाजेको मुख हेरेर मुस्किएको, मस्किएको, अलि हेपेझैँ गरेको, आँखा तरेको, बाजेले अलि अँध्यारो मुख लगाएको इत्यादि लक्षणहरूले तर्सिएको झ्याउँकिरी मर्स्याङ्दीलाई 'बेचिदिऊँ' भन्ने जिद्दी पण्डितजीसँग गर्न लागिन्" (पृ.११७) । यसरी नारी र पुरुष दुबैमा रहेको पितृसत्तावादी विचारधाराका कारण यस कथामा सम्पूर्ण शक्तिको केन्द्र पुरुष बनेको छ ।

'मर्स्याङ्दी' कथामा पितृसत्ताको स्वरूप परम्परागत सामन्ती ढाँचाको भएकाले लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बनेको छ । यसले समाजका सम्पूर्ण क्षेत्र र नारीको शरीरसम्मको निर्णायक अधिकार पुरुषमा केन्द्रित गरेको छ । लैङ्गिक दृष्टिले असन्तुलित भएको शक्तिसम्बन्धकै

कारण धर्म, संस्कृति, ज्ञान र कानुनसमेत नारीका विपक्षमा निर्मित छन् । यी सम्पूर्ण कारणले यस कथाकी प्रमुख नारी पात्र मर्स्याङ्दी अधीनस्थ अवस्थामा पुऱ्याएकी छ ।

कवीन्द्रमान सिंहद्वारा लेखिएको 'त्यो पहाडी कन्या' लैङ्गिक दृष्टिले असन्तुलित शक्तिसम्बन्धका विषयमा निर्मित कथा हो । यस कथामा भुन्टी एक मात्र नारी पात्र हो भने अन्य सबै पुरुष पात्रहरू रहेका छन् । यसको सम्पूर्ण घटनाक्रमलाई पितृसत्ताको विभेदकारी शक्तिसम्बन्धले परिचालन गरेको छ । कथामा आफूसक्षम हुँदाहुँदै पनि नारीलाई कमजोर अबलाका रूपमा चित्रित गरिएको छ भने कमजोर भए पनि पुरुषलाई सक्षम तुल्याएको छ । पितृसत्ताका प्रभुत्वका प्रमुख नारी पात्र भुन्टीको यौन शोषण गरी कार्यस्थलमा अनेक उल्झन सिर्जना गरिएको छ । त्यसैको परिणाममा गर्भवती तुल्याउने र मृत्युको मुखसम्म पुऱ्याउने काम भएको छ । भुन्टी प्रमोदको वास्तविक स्वरूपलाई पहिचान गर्न नसकेकै कारण बलात्कृत भई । ऊ गर्भधारण र प्रसूतिको पीडाग्रस्त सम्पूर्ण समयलाई एक्लै भोग्न बाध्य भई । त्यसपछिको उसको पीडालाई कथामा यसरी उल्लेख गरिएको छ :

> त्यो दीन-हीन भुन्टीको अवस्था देखेर रूढिवादी समाज, ती निर्दयी मानवहरू (सभ्य कहलाएका) त के, चारैतिर विस्तृत समस्त प्रकृतिसमेत अट्टहास गरिरहेकी थिई । भुन्टीको त्यो अवस्था देखेर ठोकेर भन्न सकिन्थ्यो कि दीन-दुःखीहरूका सहारा कहीं-कोही हुँदा रहेनछन् सिवाय एक उनै जगन्नियन्ता अतः येनकेन-प्रकारेण उनै भगवान्को कृपादृष्टिले भुन्टीको समय छाँया-प्रकाशमा गुज्रँदै गयो र अन्तमा यो दुई-अढाई महिनाको अवसान (पृ.७२) ।

कथामा प्रस्तुत यस सन्दर्भले भुन्टीका माध्यमबाट पितृसत्ताको दमनकारी अवस्था र असन्तुलित शक्तिसम्बन्धलाई प्रकटीकरण गरेको छ । कुनै पनि नारी पुरुषका अभावमा आफ्नै मात्र कारणले गर्भवती हुन वा आमा बन्न नसक्ने जैविक यथार्थलाई पितृसत्ताको बलमा यस कथामा कमजोर तुल्याइएको छ । त्यसैले सामन्ती चिन्तनको भगवान् भरोसामा भुन्टीको जीवन कष्टकर बनेको छ । आमा बनिसकेपछि पनि भुन्टीलाई पुरुषका अभावमा जीवन धान्न अनेकौँ समस्या आएका छन् । त्यसको समाधानका लागि परिस्थितिले पुनः भुन्टीलाई पुरुषकै चरणमा धकेलेको सन्दर्भलाई कथामा यसरी उल्लेख गरिएको छ :

> अब भुन्टीलाई यस प्रकारको एकाकीपनबाट उत्पन्न भो घृणा । जीवनमा बितिरहेको सुनापनलाई अब भुन्टीले एउटा जीवनाधार जीवन-सहचरको सहयोगबाट गर्न चाहन्थी सरल नारी-जीवन आवादा वस्तुतः प्रथम ऊ सहरतिर उही प्रमोदसित एक पटक जान चाहन्थी, भेट गर्न । सायद प्रमोदको दिलमा भुन्टीका लागि केही स्थान मात्र भए पनि 'डुब्तेको तिनका सहारा' भनेझैँ भैजान्थ्यो (पृ.७२-७३) ।

कथामा प्रस्तुत यस सन्दर्भले तत्कालीन समाजमा स्थापित असन्तुलित शक्तिसम्बन्ध र पितृसत्ताको दमनकारी स्वरूपलाई उजागर गरेको छ । सन्तान उत्पादन वा गर्भधारणको जैविक

प्रक्रियालाई असन्तुलित शक्तिसम्बन्ध र पितृसत्ताको बलमा विमर्शात्मक संरचनाभित्र भुन्टीको अपराध ठहऱ्याएको छ । त्यसले नारीलाई पुरुषका अभावमा बाँच्नै नसक्ने गरी अबला तुल्याएको छ ।

'त्यो पहाडी कन्या' कथामा लैङ्गिक दृष्टिले असन्तुलित शक्तिसम्बन्धका कारण प्रस्तुत पितृसत्ताको स्वरूप परम्परागत सामन्ती ढाँचाको छ । त्यसले सम्पूर्ण अधिकार र शक्ति पुरुषलाई प्रदान गरी पूर्ण रूपमा एकपक्षीय र विभेदकारी स्वरूप धारण गरेको छ । त्यसकारण पितृसत्ताको प्रभावमा कथाकी प्रमुख नारी पात्र भुन्टी पनि परेकी छे । समाजका सम्पूर्ण अङ्गहरूमा पितृसत्ताको प्रभुत्व स्थापित भएकै कारण लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बनेको हुनाले यस कथाकी प्रमुख नारी पात्र भुन्टीको अवस्था अधीनस्थ स्थानमा पुगेको छ ।

परिवार तथा समाजको उचित विकासका लागि नारी र पुरुषको समान भूमिका र समविकास अपेक्षित भए पनि कोशराज रेग्मीद्वारा लिखित 'छोरीको जात' कथामा पितृसत्ताका कारण लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बनेको हुनाले उक्त अपेक्षा उपेक्षित बन्न पुगेको छ । टुहुरी नरीले बाह्र वर्षको उमेरमा पचास वर्षको बस्नेतसँग अनमेल विवाह बन्धनमा बाँधिनु पर्ने, चितुवाले राति कुकुर मार्दा नरीले नै गाली खानु पर्ने, नरीलाई छोरो जन्माउने मेसिनका रूपमा हेर्ने, छोरीलाई मान्छे नै नदेख्ने, स्वर्ग जान छोरै चाहिने, छोरो पाए सबै सुविधा पाउने तर छोरी पाए मसलाको पोकै अगेनामा फ्याँकिने आदि यस कथाका पितृसत्ता र असन्तुलित लैङ्गिक शक्तिसम्बन्धलाई चिनाउने उदारण हुन् । नरीलाई सन्तान जन्माउने साधनका रूपमा चिनाउँदै भनिएको "... मैले तँलाई छोरो पाइदेलिस् कि भनेर बिहे गरेको हुँ (पृ. ३८) ।" छोरीलाई मान्छे नै नदेख्ने "यी छोरीका जातको के भर छ" (पृ.३८) ? छोरो भए परत्र सप्रने "हामीलाई एउटा छोरो चाहिएको छ- पिण्डतर्पण गर्ने छोरो" (पृ.३८-३९) । नारीमै भएको विभेदकारी सोच "आइमाईहरूले मुखामुख गरे, ओठ लेब्राए" (पृ.४०) । नरीको आफ्नै सोच "नरी 'छोरी' भन्ने शब्द सुन्नासाथ आफ्नो भविष्य सम्झेर मूर्छा परी" (पृ.४०) । यसरी पितृसत्ताको प्रभुत्व स्थापनाका लागि समाजमा परम्परागत रूपमा स्थापित सामन्ती ढाँचाको ज्ञान निर्णायक बनेको छ । पितृसत्ताको दमन र शोषणका कारण नरीले छोरो पाउन नसक्दा मूर्छा पर्नु परेको छ भने बस्नेतका तीनजना छोरीले मानिसको स्थान नै पाउन सकेका छैनन् अनि गाउँका महिलाहरू नरीले छोरी जन्माउँदा मुखामुख गर्न पुग्छन् । छोरो नभए स्वर्ग जाने सिँढी नै बन्दैन भन्ने बस्नेतको सोच पनि पितृसत्ताकै उपज हो । यसले समाजमा लैङ्गिक दृष्टिले शक्तिसम्बन्धलाई असन्तुलित बनाएको हुनाले लैङ्गिक समविकासमा बाधा सिर्जना गरेको छ । नारीहरूप्रति विभेदकारी र अवरोधी सोच र परम्पराका विरुद्धमा प्रतिरोध गर्नुको साटो नरी, छिमेकी महिलाहरू आदि सबै नारी पात्रले समेत पितृसत्तालाई नै मलजल गरेका छन् । यी सबै कुराका पछाडि समाजमा स्थापित सामाजिक, आर्थिक, सांस्कृतिक क्षेत्रमाथिको पुरुष एकाधिकार तथा पितृसत्ताको विमर्शात्मक संरचनाले बलियो आधार निर्माण गरेको हुनाले लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बनेको छ । त्यसकारण यस कथाका नारी पात्रहरू लैङ्गिक आधारमा प्रताडित बन्न पुगेका छन् ।

भीमप्रसाद ढकालद्वारा लेखिएको 'जिम्मावारी कसको ?' तत्कालीन समाजको पितृसत्ता र लैङ्गिक असन्तुलनकारी शक्तिसम्बन्धलाई प्रस्तुत गर्ने कथा हो । यस कथामा गौरी एक मात्र नारी पात्र हो भने अन्य सबै पुरुष पात्रहरू रहेका छन् । यस कथामा परम्परागत ढाँचाको उत्पीडनकारी पितृसत्ताको वर्चस्व रहेको हुनाले लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बनेको छ । गौरीका माइतमा परिवारको सत्ता उसका बाबुसँग, समाजमा पुरोहितसँग र गौरीका घरमा लोग्नेसँग रहेको छ । गौरीका बाबुसँग सत्ता भएकै कारण उसले ६ वर्षकै उमेरमा छोरीको विवाह गर्ने निर्णय गरेको छ र त्यसलाई आफ्नो पुण्यकर्म तथा प्रतिष्ठाको विषय बनाएको छ । आफ्ना हातमा सत्ता भएकै कारण उसले त्यसमा वैधता प्रदान गरेको सम्बन्धमा कथामा निम्नानुसार उल्लेख गरिएको छ :

> चापागाईं पण्डितले ३०/३५ वर्षको अर्धोलाई ६ वर्षकी छोरी दिनु कहाँसम्म न्यायसंगत जँच्छ त्यो कुराको निर्णय एउटै विचार सामुन्ने राखेर कुराको पक्का गरेका थिए । त्यो कुरा थियो धन अथवा चाँदी र सुनका टुक्रा । ती मूर्ख पण्डितले चाँदी र सुनका टुक्राहरूका अगाडि छोरीको जीवन केही सम्झेनन् । धन भए सबै थोक थुप्रिन्छ भन्नेको अगाडि मानव-जीवनको उपयोगिता र दाम्पत्य जीवनको प्रेमको महत्त्व कुन चरीको नाउँ हो के थाहा ? उनले त आफ्नो स्वर्ग जाने लिस्नो पो बनाएका थिए (पृ.४१-४२) ।

कथामा प्रस्तुत यस सन्दर्भले पण्डितका माध्यमबाट तत्कालीन समाजमा रहेको पितृसत्ताको पूर्ण एकाधिकारको अवस्थालाई प्रस्ट पारेको छ । त्यसका साथै उक्त सत्ताका स्वार्थमा नारी जीवनले भोग्नुपर्ने पीडालाई पनि देखाएको छ । त्यसैको परिणाममा छोरी सुन र चाँदीका टुक्रासँग साटिने वस्तु भएकी छ । यसरी पितृसत्ताकै कारण बाबुका कार्यबाट छोरीको जीवनमा समस्या आएको छ । त्यसैगरी उक्त समाजमा पुरोहितसँग सामाजिक सत्ता रहेको हुनाले गौरीका बाबुले ऊसँग सल्लाह लिएको छ तर श्रीमतीसँग लिएको छैन । गौरीका घरमा उसको लोग्नेसँग सत्ता रहेको हुनाले उसले माइत जान लोग्नेको अनुमति लिनु परेको छ । यस कथामा पूर्ण रूपले सत्ता पुरुषमा रहेकै कारण विधवा अवस्थामा गौरीले अनेक प्रकारका पीडा भोग्नु परेको छ ।

'जिम्मावारी कसको ?' कथामा परम्परागत सामन्तवादी ढाँचाको पितृसत्ताको स्वरूप प्रस्तुत गरिएको हुनाले लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बनेको छ । त्यसले समाजको सम्पूर्ण अधिकार पुरुषमा निहित गराएको छ । धर्म, संस्कृति र ज्ञानको एकपक्षीय ढङ्गले निर्माण गरी नारीलाई एक्ल्याइएको छ । त्यसैले यस कथाकी प्रमुख नारी पात्र गौरीको जीवन कारुणिक अवस्थामा पुगेको छ ।

दलभञ्जन कार्कीद्वारा लेखिएको 'कैली' समाजमा भएको असन्तुलित लैङ्गिक शक्तिसम्बन्ध र दमनकारी पितृसत्तालाई आधार बनाई लेखिएको कथा हो । यस कथामा कैली एक मात्र नारी पात्र हो भने अन्य सबै पुरुष पात्रहरू रहेका छन् । कथाको सम्पूर्ण धरातल पितृसत्ताको प्रभुत्वमा तयार पारिएको छ । कैलीसँग विवाह गर्ने प्रबल चाहना लिएर गाउँ फर्किएको गोरे अरूका निराधार कुरा सुनेर कैलीलाई बिटुलो देख्छ । गोरेले फुचे साहुका आँगनमा कैलीलाई देखेपछि र फुचेका खेतालालाई मेलामा खाजा बाँडेको देखेपछि उक्त कुरालाई प्रमाणित गर्छ । यसले ऊ आफैँ

पनि यति प्रताडित हुन्छ कि उसलाई “यो घरमा त बस्तै नबसौँजस्तो मन हुन्छ” (पृ.३३) । यसले तत्कालीन समाजमा रहेको पितृसत्ताको सामाजिक मानसिकतालाई गोरेका माध्यमबाट प्रकट गरेको छ । नारीलाई कमजोर अबला देख्ने पितृसत्ताको सोच कैलीको बाबु बाङ्गेमा पनि छ । यसलाई कथामा यसरी उल्लेख गरिएको छ :

> आफ्नो मुखमा त्यसरी हेरिरहेको देखेर बाङ्गेले खिस्स हाँस्दै कैलीलाई भन्यो - “अब मलाई वनले आ, घरले जा भन्ने बेला भै सक्यो । अब त गोरे आएको हुनाले मलाई पाथी भात खाऊँ जस्तो भैरछ । दुःख सुख भनेको कर्मको कुरा हो । गोरे नआउँदै मर्न परेको भए तेरो घिडघिडो रही हतपति सास जाने थिएन । तँलाई देखेर चित्त दुखाउने मानिस पनि हुने थिएनन् । यो एक मुठी सास हुरुक्क भए पनि मेरो आत्माले सुविस्ता पाउने भो (पृ.३४) ।

बाङ्गेको यस भनाइमा उक्त समाजको सामाजिक धारणा व्यक्त भएको छ । नारीलाई पुरुषका सापेक्षतामा मात्र अस्तित्वशाली देख्ने र कमजोर भए पनि पुरुष नै नारीको रक्षाकवच हो भन्ने विचार बाङ्गेका माध्यमबाट प्रकट भएको छ ।

पितृसत्ता र परम्परागत सामन्ती संस्कार भएको यस कथामा सम्पूर्ण अधिकार पुरुषमा निहित छ । त्यसले नारीका सम्बन्धमा निर्णय गर्ने अधिकार पनि पुरुषलाई नै दिएको छ । धर्म, संस्कृति र ज्ञान अनि शक्तिको केन्द्रसमेत पुरुषलाई नै बनाइएको हुनाले पितृसत्ताका कारण लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित र विभेदकारी बनेको छ । त्यसैले कैली प्रतिरोध गर्न नसकेर गाउँ नै छोड्न बाध्य बनेकी छ । यसरी यस कथामा पितृसत्ताको प्रभाव पारिवारिक, आर्थिक, सांस्कृतिक र लैङ्गिक क्षेत्रमा परेकै कारण कैली पीडाग्रस्त अवस्थामा पुगेकी छ ।

‘दुई रुपियाँ नोट’ तत्कालीन काठमाडौँ सहरको समाजमा व्याप्त लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्थालाई प्रस्तुत गर्ने कथा हो । कथामा सम्पूर्ण घटनाक्रमलाई पितृसत्ताको शक्तिले गति प्रदान गरेको छ । पितृसत्ताको प्रतिनिधित्व गर्ने वीरेले पारिवारिक रूपमा निर्णायक शक्ति प्राप्त गरेको छ । त्यही शक्तिका माध्यमबाट उसले दबाब र तनाव सिर्जना गरी आफ्नै श्रीमतीलाई शरीर बेच्न बाध्य तुल्याएको छ । ऊ आफ्नी श्रीमतीको सद्गुणबाट विचलित भएको सन्दर्भलाई कथामा यसरी चर्चा गरिएको छ :

> उसको (पार्वतीको) यही गुणको प्रभाव छरछिमेकमा जुन रूपमा पर्थ्यो त्यसको बिल्कुलै उल्टो उसको आफ्नो लोग्नेमाथि पर्दथ्यो । उसको यही स्वभावमा जहाँ छिमेकका लोग्नेहरू लोभिएर आफ्नी गृहिणीमा पनि त्यस्तै सद्गुण हेर्न मनमनै छट्पटिन्थे, त्यहाँ उसको आफ्नै लोग्ने चाहिँ क्रोधले खरिन्थ्यो । “राँडलाई रातोदिन घरमा कोचिएर मर्छे । यसो यताउति गैहालोस्, कोही खोजमेल गरेर ल्याइहालोस्, ... उसलाई मैयाँसाहेबको जस्तो रातदिन घरमा ठाँट पारेर, खोपी सिँगारेर मर्न पाए पुग्यो (पृ.६४) ।

कथामा वीरेका माध्यमबाट प्रस्तुत यस प्रसङ्गले समाजको पितृसत्ताको अवस्थालाई दमनकारी स्वरूपमा चित्रण गरेको छ । पुरुषका चाहना विपरीत भए नारीका सद्गुण पनि घातक बन्न सक्ने अवस्थालाई यहाँ मार्मिक र सजीव ढङ्गले प्रस्तुत गरिएको छ । त्यसैगरी घरमा आएका वीरेका आवारा साथीसँग ख्यालठट्टा नगरेको आरोपमा वीरे पार्वतीमाथि यसरी खनिन्छ "ऊ सबै आवाराहरू निस्किसकेपछि भयङ्कर आक्रमण गर्थ्यो । तेरा बाबुहरूसँग दुईचार मिठा कुरा, हाँस-ख्याल-ठट्टा गर्दैमा तेरो मुख खिइन्थ्यो कि राँड ? ... बडी सत्तेसावित्री भएकी लखने । ... तेरा बाबुहरूले अँठ्याहाल्थे कि" (पृ.६५) । यसरी वीरेले पार्वतीको सत्चरित्रलाई विकृत पार्नका लागि सत्ताको शक्तिलाई निरन्तर उपयोग गरेको छ । ऊ साहुको काम छुटेकामा पनि पार्वतीलाई नै दोषी ठान्छ "यही राँडले गर्दा हो, भएको, छँदाखाँदाको काम छुटेको" (पृ.६८) । वीरेको यस कथनमा पार्वतीले आफ्नो शरीर साहुलाई सुम्पिनु पर्थ्यो भन्ने आसय व्यक्त भएको छ । त्यसपछि पनि उसले पार्वतीलाई निरन्तर दबाब सिर्जना गरिरहन्छ र अन्त्यमा भरिया नाइकेलाई शरीर बेच्न बाध्य बनाएर दुई रुपियाँको नोट प्राप्त गर्न सफल हुन्छ । यसरी प्रस्तुत कथामा पितृसत्ता पुँजीवादी स्वरूपको दमनकारी अवस्थामा चित्रित भएको छ ।

'दुई रुपियाँ नोट' कथामा पितृसत्ताले परम्परागत आधारमा शक्ति प्राप्त गरेको हुनाले लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बनेको छ । उक्त शक्तिका माध्यमबाट पुरुषले परिवारको सम्पूर्ण अधिकार आफूमा निहित गरेपछि थप अगाडि बढेर नारीको शरीरमाथि पनि अधिकार कायम गरेको छ । पितृसत्ताले यस कथामा दमनको केन्द्र परिवारलाई बनाएर नारीलाई शरीर बेच्नैपर्ने बाध्यात्मक अवस्थामा पुऱ्याएको छ । त्यसका लागि समाजमा स्थापित पुँजीवादी ढाँचाको विमर्शात्मक संरचनामा निर्मित असन्तुलित लैङ्गिक शक्तिसम्बन्धले वैधता प्रदान गरेको छ । त्यसैले यस कथाकी प्रमुख नारी पात्रको जीवनावस्था समस्याग्रस्त बनेको छ ।

कृष्णप्रसाद सर्वहाराद्वारा लिखित 'दर्बारकी केटी' तत्कालीन नेपालको दरबारमा भएको लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्थालाई चित्रण गरिएको कथा हो । यस कथामा पितृसत्ताका कारणबाट निर्मित असन्तुलित लैङ्गिक शक्तिसम्बन्ध नारीमाथिको विभेद तथा दमन शोषणको कारक बनेको छ । प्रस्तुत कथामा प्रमिला विधवा भएपछि मानसिक रूपमै पराजित हुनु, ऊ समाजका अन्य व्यक्तिबाट अपमानित हुनु, खाने कुराको अभावमा बाँच्नै समस्या हुनु, वेश्यावृत्तिको सोच आउनु, बाँच्नका लागि दरबार छिर्नु, आत्महत्याको विचार आउनु, स्वाभिमानलाई धान्न नसक्नु, पुरुषको शरणमा नपुग्दासम्म निरुपाय हुनु आदि सन्दर्भहरूले पितृसत्ताको विभेद तथा लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्थालाई संस्थागत गर्ने कार्य गरेका छन् । यस कथामा प्रमिला विधवा भएपछि "बाँच्नसम्म पनि उनलाई उति मन थिएन ! केका लागि बचुन्- जिन्दगीको चारैतिर अनेकौं दुःखको मरुभूमिबाहेक अरू केही नभएपछि" (पृ.१) । भन्ने लेखकको टिप्पणीले पुरुषको साहाराका अभावमा नारी जीवनको अस्तित्व नै नरहने अवस्थालाई देखाएको छ । त्यसैगरी दरबारिया पुरुषहरूको कुकृत्यबाट जन्मिएका ४० जति बच्चाहरूलाई खोलामा गाडेको, दरबारिया पुरुषको विरोध गर्दा कैयौँलाई बगैँचामा गाडेको, भोकले छटपटाएर मर्न लाग्दा पनि प्रमिलाले खान नपाएको, कुकुर्नी जसरी बाँच्नुभन्दा मर्न पाए हुन्थ्यो

भन्ने अवस्थामा प्रमिलालाई पुऱ्याएको, प्रमिलाले आफूलाई पूर्ण रूपमा असहाय र निरुपाय पाएको आदि यस कथामा पितृसत्ताका सहउत्पादनहरू हुन् । परम्परागत सामन्ती सोच र कुसंस्कारका आडमा उभिएको पितृसत्ताका विरुद्धमा प्रमिलामा विद्रोही चेतना आएको छ । उसले सङ्घर्षको अह्वान गरेको भए पनि स्थापित विमर्शका अगाडि निरुपाय बनेकी छ । त्यसकारण प्रमिला अन्ततः पुरुषकै शरणमा पुगी पितृसत्तामै विलय भएकी छ । दमन, शोषण र विभेदका चक्रमा पिसिँदै अनि विद्रोही चेतबाट जुर्मुराउँदै उठ्ने प्रयत्नमा लागेर पनि पितृसत्ताका कारण केवल विफलता मात्र हात लागेपछि लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बनेको छ । त्यसकारण असन्तुलित बनेको लैङ्गिक शक्तिसम्बन्धले यस कथाका नारी पात्रलाई लैङ्गिक रूपमा अधीनस्थ अवस्थामा पुऱ्याएको छ ।

### ४.३.३ यथार्थवादी नेपाली कथामा लैङ्गिक विभेद, दमन, शोषण र शक्तिसम्बन्ध

गुरुप्रसाद मैनालीद्वारा लिखित 'नासो' कथामा लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित भएकाले परम्परागत पितृसत्तामा आधारित सामन्ती ढाँचाको लैङ्गिक विभेद, दमन र शोषणको स्वरूप प्रस्तुत गरिएको छ । सन्तानको अभावमा देवीरमणले दोस्रो विवाह गर्ने सामाजिक स्वीकृति प्राप्त गरेको छ । "देवीरमण मण्डपमा बसेका थिए । नयाँ दुलही पनि एकै आसनमा थिइन् । ब्राह्मणहरू ऋचा पढेर अग्निमा आहुति दिइरहेका थिए । प्रारब्धले यो उमेरमा उनलाई फेरि दुलाहा बनायो" (पृ.२) । यहाँ सन्तानका नाममा देवीरमणले दोस्रो विवाह गरेको छ । ऊ पुरुष भएकै कारण उसलाई दोस्रो विवाहका लागि सामाजिक, सांस्कृतिक वैधता प्राप्त छ । सन्तान पुरुषकै चाहिन्छ भन्ने स्थापित मान्यता छ तर नारीका सम्बन्धमा कुनै चर्चा नै छैन । सुभद्राले सन्तान जन्माउन सकिन । त्यसकारण उसको महत्त्व नै छैन, लक्ष्मीले सन्तान जन्माइसकी त्यसकारण उसको पनि उपादेयता सकियो । देवीरमण सुभद्रासँग हुँदा पनि ठिक र लक्ष्मीसँग हुँदा पनि ठिक छ । यसको अर्थ पुरुष सधैँ ठिक र महिला सधैँ बेठिक मानिने लैङ्गिक विभेदकारी स्थापित विमर्शलाई यस कथामा सुन्दर ढङ्गले प्रस्तुत गरिएको छ । त्यसकारण तत्कालीन समाजमा प्रचलित लिङ्गका आधारमा विभेद गर्ने स्थापित मान्यताका कारण भएको लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्थालाई यस कथामा स्पष्ट रूपमा झल्काइएको छ ।

दमन र शोषणको पूर्वरूप वा आधार स्तम्भ नै विभेद हो । 'नासो' कथामा सामन्तवादी विमर्शात्मक संरचनामा नारीमाथि हुने दमन र शोषणको सामन्तवादी स्वरूप प्रकट भएको छ । सुभद्राका सन्तान नभएपछि उसको विकल्पको खोजी गर्नु सामाजिक, सांस्कृतिक दमन हो । सन्तान उत्पादनमा हुने नारी र पुरुषको सहकार्यात्मक जैविक प्रक्रियालाई नजरअन्दाज गरी नारीमाथि मात्र दोषको भारी बोकाइएको छ । सुभद्राको विकल्पको खोजी सहज, स्वीकृत र सामाजिक, सांस्कृतिक रूपमा वैध छ । सन्तान उत्पादन नहुनुमा देवीरमणको शारीरिक कमजोरी पनि हुनसक्थ्यो तर त्यसतर्फ कसैले सोचेकै देखिँदैन । त्यति मात्र नभएर देवीरमणको घरमा श्रीमान् र श्रीमतीको ओछ्यान पनि खाटमा र भुईंमा हुने गरेको सन्दर्भलाई कथामा यसरी उल्लेख गरिएको छ :

पाहुनासँग कुराकानी गरेर देवीरमण अबेला कोठामा सुत्न गए । पानसमा कडुवा तेलको बत्ती बलिरहेको थियो । नयाँ दुलही खाटमुनि ओछ्यानमा सुतेकी थिइन् । देवीरमण खाटमा पल्टे, उस ठाउँमा सुभद्राको ओछ्यान देखेनन् । अघि सुभद्राको ओछ्यान देवीरमणको खाटमुनि हुन्थ्यो । आज उस ठाउँमा नदेख्दा बीसौं वर्षदेखि सुतिरहेको कोठा पनि देवीरमणलाई नौलो जस्तो लाग्यो (पृ.३) ।

कथामा प्रस्तुत यस सन्दर्भले तत्कालीन समाजमा ओछ्यान लगाउने ठाउँदेखि नै नारीमाथि विभेद, दमन र शोषण हुने गरेको तथ्यलाई छर्लङ्ग पारेको छ । देवीरमणको घरको गरिबी सुभद्राकै कारण सकियो । सुभद्रा सधैँ पतिको सेवामा जुटी र खुसी पनि राखी । यी उसका सबै सद्गुणहरू सन्तानका अभावमा अर्थहीन भए । लक्ष्मीले बाह्र वर्षकै उमेरमा देवीरमणका घरमा भित्रिएर सेवा गरी । उसले देवीरमणको परत्र सपार्ने छोरो पनि पाइदिई । जब छोरो जन्माइदिई त्यसपछि लक्ष्मीको पनि औचित्य समाप्त भयो । नौलीले आजीवन देवीरमणकै घरमा नोकर्नीका रूपमा रहेर सेवा गरी तर त्यसबापत कुनै पारिश्रमिक पाइन । यसरी यस कथामा रहेका सबै नारी पात्रहरू लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित भएकै कारण पारिवारिक, सामाजिक, आर्थिक र सांस्कृतिक रूपमा दमित र शोषित भएका छन् । तत्कालीन समाजमा स्थापित सामन्ती सोच र संस्कारले देवीरमणका सबै गलत कार्यलाई स्वाभाविक ढङ्गले वैधता प्रदान गरेको छ । त्यसकारण यस कथाका नारी पात्रहरू अधीनस्थ अवस्थामा पुगेका छन् ।

पूर्णदास श्रेष्ठद्वारा लेखिएको 'समाजको अंचलमा' लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्थालाई पितृसत्तासँग जोडेर चित्रण गरिएको कथा हो । कथामा सुब्बिनी एक मात्र नारीको प्रतिनिधित्व गर्ने पात्र हो भने अन्य सबै पात्रले पुरुषकै प्रतिनिधित्व गरेका छन् । यस कथामा लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बनेकै कारण लैङ्गिक विभेदको सामन्तवादी स्वरूप स्पष्ट रूपमा देखिन्छ । समाजमा आफ्नो आडम्बरी इज्जत धान्नका लागि बाबुले छोरीलाई बिक्री गर्नु यसको प्रमाण हो । त्यसकारण उक्त विभेदको सिकार सुब्बिनी भएकी छ । छोरीलाई माइतमै राख्दा बाबुको इज्जत जाने कुरालाई कथामा सुब्बिनी आफैले यसरी भनेकी छ : "उमेर बढ्दै आएकी केटीलाई घरमा को राख्छ ? झुटो बदनामी आउने डर पिताजीलाई कम दुःखको कुरा थिएन" (पृ.४५) । यसले छोरीलाई जतिसक्यो चाँडो वैवाहिक सम्बन्धमा जोड्नै पर्ने स्थापित परम्परागत विमर्शको बोध गराएको छ । छोरो भएको भए पिताजीलाई यस प्रकारको बोझ हुने थिएन तर छोरी पैसा लिएर भए पनि बेच्नै पर्‍यो । यो नै लैङ्गिक विभेदको प्रमाण हो ।

सुब्बिनीमाथि आफ्नै बाबुले गरेको लैङ्गिक विभेदले तयार पारेको धरातलमा उभिएर जेठानी र सासूले दमन र शोषण गरेका छन् । उनीहरूले त्यसलाई अझ फैलाउँदै लोग्ने र छिमेकीसम्म पनि विस्तार गरेका छन् । सुब्बिनीका बाबुले रु.५०० लिएर छोरी दिएकै कारण जेठानीले 'कमारी' (पृ.४७) को संज्ञा दिएकी छ । कान्छी बुहारीका नाममा उसलाई घरका सम्पूर्ण काम गराइएको छ । कपाल दुखेर काम गर्न नसक्दा पनि उसमाथि भएको दमनलाई कथामा यसरी उल्लेख गरिएको छ :

> "अलि अलि कपाल दुख्तैमा कस्तो काम गर्न नसक्नु ए ..." भन्दै उनी (जेठानी) भुत भुताउन थालिन् ।
>
> सासू गइसक्नू भएपछि कोठामा बसिरहेकी छिमेकीसित उनी भन्न थालिन् "पाँच सयमा किनी राखेकी कमारीको कत्रो स्वाँग हो ! अलिकति कपाल दुख्तैमा काम गर्न नसक्ने । हामीलाई ता ख्वै ज्वरै आए पनि सुख थिएन । ज्वर आयो भनी बस्नु हुन्थ्यो र" (पृ.४४-४५) ?

जेठानीको यस प्रकारको कठोर आक्रमण असह्य भएपछि उसले प्रतिवाद गर्छे । त्यसका बदलामा सासूले लोग्नेलाई गलत कुरा लगाएपछि लोग्नेको क्रूरतापूर्ण दमनमा पर्छे । यस कथामा सुब्बिनीमाथि लोग्नेले गरेको दमनलाई निम्नानुसार उल्लेख गरिएको छ :

> मार्तृभक्त छोरालाई आमाको त्यस्तो अपमान कसरी सहन हुन्थ्यो । कौसीमा आई उहाँले भन्न लाग्नुभो "आमालाई कमारी भन्ने भइस् होइन तँ ? कहाँकी चण्डालनी ! घर बरबाद पारिसकी ! घरमा पाइला हालेदेखि एक न एक झगडा लागी रहेकै छ । कंगालकी छोरीले धन देख्यो, आफूलाई यति उति सम्झेन । आमालाई समेत कमारी भन्ने साहु स भयो तेरो ? जा ऐले निस्की, तेरा मुख पनि हेर्न चाहन्न !" भनी वहाँले दुई लात कम्मरमा हान्नुभयो (पृ.४९) ।

कथामा उल्लेख गरिएको यस साक्ष्यले तत्कालीन समाजमा हुने नारीमाथिको षड्यन्त्र र दमनलाई प्रकाश पारेको छ । यसरी यस कथामा नारीमाथि पितृसत्ताले परिवारभित्र सत्ताकै तहमा दमन र शोषण गरेको छ । बाबु, सासू, जेठानी, र लोग्नेको सामुहिक दमनमा सुब्बिनीको जीवन कष्टकर बनेको छ ।

'समाजको अंचलमा' कथामा लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बनेकै कारण लैङ्गिक विभेद दमन र शोषणको परम्परागत सामन्ती स्वरूप प्रकट भएको छ । नारीमाथिको विभेद जन्मदाता बाबुबाटै प्रारम्भ भएर घर हुँदै समाजसम्म पनि फैलिएको छ । लैङ्गिक विभेदको यही आधारमा टेकेर नारीमाथि आजीवन चौतर्फी दमन र शोषण गरिएको छ । त्यसका लागि समाजमा स्थापित परम्परागत सामन्ती विमर्शात्मक संरचना सहायक बनेको छ । यिनै कारणहरूले यस कथाकी प्रमुख नारी पात्र सुब्बिनीको जीवन कष्टकर हुँदै पीडाग्रस्त अवस्थामा पुगेको छ ।

कृष्णप्रसाद चापागाईद्वारा लेखिएको 'दोषी को ?' लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित भएका कारण देखिएको सामाजिक समस्यालाई प्रस्तुत गर्ने कथा हो । यस कथामा चरम रूपमा लैङ्गिक विभेद, दमन र शोषणका कार्य भएका छन् । नारीलाई भोगको साधनका रूपमा मात्र हेर्ने तत्कालीन समाजमा रहेको परम्परागत सामन्तवादी स्वरूपको लैङ्गिक विभेद, दमन र शोषण यस कथामा व्यक्त भएको छ । तत्कालीन समाजमा विद्यमान विभेदकारी अवस्थालाई स्पष्ट पार्दै कथाकारले लेखेका छन् :

> अगाडिपट्टि कैयन दिनदेखि उद्धव सुशीलाको दर्शन गर्न आरती उतारी रहेको थियो । सुशीला लाजले भुतुक्क भइन् । उनलाई ठुलो कसुर गरेजस्तो लाग्यो । उनी विधवा थिइन् । अतः परपुरुषसित आँखा जोडिनु यस लोक र परलोक दुबै ठाउँमा उनले स्थान पाउन सक्तैनथिन् । सबैजना उनलाई यही भन्थे । उनी चारैतरफबाट यही सुन्दथिन् । यस्तो समाजमा पुरुष भने १० ओटी लखौरी ल्याए भने झन बहादुर र जवाँमर्द ठहरिने रे (पृ.४५) ।

कथामा उल्लेख गरिएको माथिको साक्ष्यले तत्कालीन समाजमा रहेको सामन्ती ज्ञानले विमर्शात्मक संरचनामा पारेको प्रभावलाई स्पष्ट गरेको छ । यसले धर्म, नर्क र स्वर्गसँग वैवाहिक सम्बन्धलाई जोडेर पुरुषलाई शक्तिशाली र नारीलाई कमजोर बनाउने ज्ञानको निर्माण, प्रसारण र मानकीकरण गरेको छ । नारीका लागि विधवा जीवनका बन्धनहरू धर्म र परत्रसँग जोडिएका छन् । पुरुषलाई जति पनि विवाह गर्न छुट दिने मान्यता नारीका लागि अत्यन्त अनुदार छ । जुन कुरा पुरुषका लागि मर्दपनको परिचायक मानिएको छ, त्यही कुरा नारीका लागि अपराध सावित गरिएको छ । यसले समाजमा लैङ्गिक उपस्थितिलाई पूर्णतः एकपक्षीय बनाएर लैङ्गिक शक्तिसम्बन्धलाई असन्तुलित बनाएको छ ।

लैङ्गिक विभेदको आधारमा उभिएको पितृसत्ताको शक्तिका माध्यमबाट यस कथामा नारीमाथि चरम दमन र शोषण गरिएको छ । १० वर्षको उमेरमा सुशीलाको विवाह ७० वर्षको मधुसुदनसँग गराएर माइती र घर दुबै पक्षबाट दमन र शोषण गरिएको छ । वृद्ध लोग्नेको निधनपछि विधवा जीवनमा भएका दमनका रूपहरू अझ उग्र छन् । कथामा यसलाई निम्नानुसार चर्चा गरिएको छ :

> तैँले रुखा खाना, सुखा जीवन बिताउनु पर्छ भनी यता घर, माइती, समाज, कानुन दाह्रा किटेर सधैँ सधैँ हप्काइरहन्थे । केही कुरामा काहीँ हानि नोक्सानी भयो भने सुशीलाको कुलक्षणको फल हो भनेर फैसला गर्दथे । राम्रो नाना, मिठो खाना विधवाका निमित्त निषेध थियो । कुनै शुभ काममा अमङ्गल सम्झिन्थे । पाठ, पूजा, व्रत गरेर चोख्याइएको विधवाको शरीर विवाह, व्रतबन्धमा बिटुलो हुन्थ्यो । यो सबै कुरा सुशीलाले मुटु मिची सहेर बसेकी थिइन् (पृ.४८) ।

कथामा उल्लेख गरिएको यस साक्ष्यले तत्कालीन समाजमा हुने लैङ्गिक दमन र शोषणको अवस्थालाई उजागर गरेको छ । विधवा नारीलाई राम्रो र मिठोबाट अलग गरी दमन र शोषण गरिएको छ । त्यसका लागि समाज, घर, माइती, कानुन आदिलाई नारीका विपक्षमा उभ्याइएको छ । त्यतिले मात्र नपुगेर अमङ्गल र बिटुलोपनको रूढिग्रस्त दोषको भारी पनि बोकाइएको छ । माइती, घर र समाज तथा कानुनबाट समेत एक्लिएकी नारी प्रेमी उद्धवको शरणमा जीवन खोज्न पुग्छे । प्रेमीले पनि गर्भवती तुल्याए भागेपछि सामाजिक विभेद, दमन र शोषणको पराकाष्ठामा ऊ मृत्युवरण गर्न पुग्छे । यसरी प्रस्तुत कथामा लैङ्गिक विभेद, दमन र शोषणको चरम अवस्थालाई उल्लेख गरिएको छ ।

'दोषी को ?' कथामा लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित भएकाले परम्परागत सामन्तवादी पितृसत्ताको स्वरूपमा लैङ्गिक विभेद, दमन र शोषणको अवस्थालाई चित्रण गरिएको छ । त्यसलाई माइती, घर, समाज, कानुन आदि संरचनाले वैधता प्रदान गरेका छन् । त्यसकारण लैङ्गिक विभेद दमन र शोषणले पारिवारिक, सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक स्तरमा प्रभावित गरेको छ । यस कथामा विभेद, दमन र शोषणको केन्द्र परिवारलाई बनाइएको छ । त्यसकारण सम्पूर्ण विमर्शात्मक संरचनाको शक्ति नारीका विरुद्धमा प्रयोग गरिएको हुनाले नारीको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

लक्ष्मीप्रसाद देवकोटाद्वारा लेखिएको 'मर्स्याङ्दी' असन्तुलित लैङ्गिक शक्तिसम्बन्ध र पितृसत्ताको दमन, शोषणलाई प्रस्तुत गरिएको कथा हो । यस कथामा मर्स्याङ्दीले नारीको र बाबु, पण्डित, भाइ, धवलसिङ र बगरेले पुरुषको प्रतिनिधित्व गरेका छन् । मर्स्याङ्दी आफ्नै बाबुबाट बेचिएकी नारी पात्र हो । उसका घरमा छोरा र छोरी दुबै थिए तर बेचिनेमा मर्स्याङ्दी नै पर्नु लैङ्गिक विभेदको प्रमाण हो । जब ऊ पण्डितका घरमा बिक्री भई तब उसमाथि चरम दमन र शोषण भएको छ । त्यसकारण यस कथामा दमन र शोषणको आधार लैङ्गिक विभेद बन्न पुगेको छ । मर्स्याङ्दी बाबु, पण्डित, धवलसिङ र बगरेबाट निरन्तर दमित र शोषित छ । बाबुले उसको इच्छाविपरीत पण्डितका घरमा बेचेको छ । यसलाई कथामा निम्नानुसार उल्लेख गरिएको छ :

> तमसुक तयार भयो । लामाले छाप लायो । लमिनी मर्स्याङ्दी ! मर्स्याङ्दी भनेर रुँदै टाउको हल्लाएर छोरीको मुखको सौन्दर्यले झन्झन् धुँक्किँदै छोरीलाई अँगालो हाली । आमा छोरी रोए । लामाले रुपियाँ सोहोऱ्यो र छालाको थैलामा हालेर मुख बाँधी पेटमा पटुकाले कसेर राख्यो । आमाबाबुले सम्झाई-सम्झाई लेग्रो तानीतानी जङ्गली शब्दहरू माघे झरीका लामा सिम्सिमे सुस्केराझैं हिउँदे दरिद्रताले भोका छोराछोरीलाई सम्झाएझैं सम्झाउँदै फर्कंदै, फेरि फर्कंदै बाहिर निस्के (पृ.११२-११३) ।

कथामा उल्लेख गरिएको यस सन्दर्भबाट आफ्नै बाबुले छोरी बेचेर नारीमाथि गरेको चरम शोषणलाई उद्घाटन गरिएको छ । पण्डितका घरमा मर्स्याङ्दीको निरन्तर श्रमको शोषण त भएकै छ । त्यसभन्दा अघि बढेर पण्डितले मर्स्याङ्दीको यौनको शोषण पनि गरेको छ । मर्स्याङ्दीको अबोधपनलाई झुटो आश्वासन तथा प्रलोभन देखाएर पण्डितले यौन शोषणको आधार तयार गरेको छ । जब मर्स्याङ्दीले गर्भधारण गर्छे तब पण्डितले आफ्नै सासूको सहयोगमा मर्स्याङ्दीलाई धवलसिङसँग बिक्री गरेको छ । पितृसत्ताका आडमा गरिएको यो मर्स्याङ्दीमाथिको अर्को शोषण हो । त्यसपछि सुत्केरी मर्स्याङ्दीमाथि भएको दमन र शोषणलाई कथामा निम्नानुसार उल्लेख गरिएको छ :

> बिहान दुध पिलाउन नपाउँदै "मर्स्याङ्दी ! खै ढोका पोतेको ?" मर्स्याङ्दीको ढाड भाँचिन लाग्यो । छिँडीको चिसोले खुट्टा सुनिएको थियो । कम्मर खान्थ्यो । बच्चो "चिहाँ, चिहाँ, चिहाँ !" गरेर कराउँथ्यो । त्यसै छिँडीमा लडाएर काममा जान पर्थ्यो । त्यो कराएको सुन्दा सबैसँग बाजूँ बाजूँ जस्तो लाग्थ्यो । मर्स्याङ्दी झर्किन लागी । जब छिँडीमा पुग्थी तब

> चुँचुँ गर्दै उठाएर म्वाइ खान्थी । अनि दुध पिलाउँथी, फेरि बोलाउँथे । कानमा करकर लाग्थ्यो । बच्चालाई फेरि लडाएर झर्किंदै जान्थी (पृ.१२३) ।

कथामा उल्लेख गरिएको यस सन्दर्भले तत्कालीन समाजमा रहेको नारीमाथिको दमन र शोषणलाई चित्रण गरेको छ । नारीले शक्ति, सामर्थ्य र चाहनाका विपरीत पनि काम गर्नै पर्ने सामाजिक, पारिवारिक स्तरमा निर्मित बाध्यतालाई यस सन्दर्भमा उल्लेख गरिएको छ । अबोध मर्स्याङ्दीले भोग्नु परेको यस प्रकारको पीडाको आधार लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्था र पितृसत्ता बनेको छ ।

'मर्स्याङ्दी' कथामा प्रस्तुत गरिएको लैङ्गिकको विभेद, दमन र शोषणको आधार परम्परागत विभेदकारी पितृसत्ता र लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्था बनेको छ । यसले नारीलाई बाल्यकालबाटै विभेद गर्दै दमन र शोषण गरेको छ । मर्स्याङ्दीका लागि परिवार र समाज दमनका केन्द्र बनेका छन् । उसले पारिवारिक, आर्थिक, शारीरिक, मानसिक अनि कानुनी दमन र शोषणलाई भोगेकी छ । यस प्रकारको विभेद, दमन र शोषणलाई समाजमा स्थापित सामन्ती विमर्शात्मक संरचनाबाट निर्मित असन्तुलित लैङ्गिक शक्तिसम्बन्धले वैधता प्रदान गरेको छ । त्यसैले यस कथाकी प्रमुख नारी पात्र मर्स्याङ्दीलाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ ।

कवीन्द्रमान सिंहद्वारा लेखिएको 'त्यो पहाडी कन्या' लैङ्गिक शक्तिसम्बन्धमा भएको असन्तुलनलाई देखाउने कथा हो । कथामा भुन्टी एक मात्र नारी पात्र हो भने अन्य सबै पुरुष पात्रहरू रहेका छन् । यस कथामा तत्कालीन समाजमा स्थापित सामन्तवादी विमर्शात्मक संरचनाबाट निर्मित लैङ्गिक शक्तिसम्बन्ध असन्तुलनका आडमा नारीमाथि विभेद, दमन र शोषण गरिएको छ । भुन्टीको अबोधपनको फाइदा उठाएर प्रमोदले आफ्नो यौन चाहना पूरा गरेको छ । त्यसकै परिणाममा भुन्टी गर्भवती हुँदा समाज भुन्टीप्रति नै नकारात्मक छ । भुन्टीले उक्त अवस्थामा समाजसँग गरेको याचनालाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> जीवन सहज अब भुन्टीलाई थिएन । दोजिया भुन्टीको अवस्था दिन प्रतिदिन नाजुक हुँदै थियो । बश, डेढ, दुई महिना परको कुरा त थियो । अतः आजदेखि नै छरछिमेकी, नाता कुटुम्बहरू कहाँ गई भुन्टीले कति आफ्नो दिलभित्रको विरह पोखी, आफ्नो लाचारीपना देखाई, आफ्नो निष्कलङ्क शुद्ध आत्मा झल्काई औ दर्शाई, सबैलाई आफ्नो विवशता तर भयो यो सब पत्थर हृदय मानवका दिलमा 'भैँसीका अगाडि बेन बजाझैँ र भालुलाई पूराण सुनाएझैँ' र उल्टै गरे उसलाई नै सबैले कुलटा भनी सम्बोधन (पृ.७१-७२) ।

यस कथामा प्रस्तुत माथिको साक्ष्यले तत्कालीन समाजमा रहेको लैङ्गिक विभेदको अवस्थालाई प्रकट गरेको छ । गर्भधारणमा नारी र पुरुषको सहकार्यात्मक अनिवार्यतालाई यस कथाको धरातलमा लैङ्गिक विभेदले समाप्त गरेको छ । भुन्टीले नारी भएकै कारण एक्लै पीडा सहनुपरेको छ । उसले एक्लै सामाजिक तिरष्कार र घृणा भोग्नुपरेको छ । समाजले लैङ्गिक विभेदको अवस्थालाई स्वीकृत गरेकै कारण प्रमोदले उन्मुक्ति पाएको स्पष्ट हुन्छ । यसबाट

तत्कालीन समाजमा रहेको सामन्तवादी लैङ्गिक विभेदको स्वरूपलाई कथामा व्यवस्थित ढङ्गबाट प्रस्तुत गरिएको स्पष्ट हुन्छ ।

भुन्टीको गर्भमा रहेको भ्रुण बढ्दै गएर प्रसूतिका अवस्थामा पुग्दा उसले भोगेको पीडालाई कथामा यसरी उल्लेख गरिएको छ :

> शनै शनै पला घन्टामा, घन्टा दिनमा एवम् दिन महिनामा परिवर्तन हुँदा भयो दुई महिनाको निशेष । वस्तुतः समयले भुन्टीलाई प्रसूतिका अवस्थामा राखिदियो, फलस्वरूप राम्रो, सुन्दर, श्वेत वर्णको ध्वाँके छोरो भुन्टीको काखमा गर्न लाग्यो क्रीडा । यस कारण भुन्टीलाई सन्तोष भविष्यकालप्रति थियो नै होला नव सुमधुर आश ... ? तर साथै भुन्टीलाई आफू समाजमा अधम ठहरिने कुराको पनि त थियो ख्याल अतः ऊ निराश थिई औ थिई अति दुःखी प्राणी । उसको सुन्दर कलिलो मुखराबिन्दमा थियो मलिनताको छापो (पृ.७२) ।

यस कथांशमा उल्लेख गरिएको माथिको सन्दर्भबाट तत्कालीन समाजमा नारीमाथि हुने दमन र शोषणको अवस्थालाई स्पष्ट पारिएको छ । नारीको आमा बन्न सक्ने नैसर्गिक अधिकारमाथि स्थापित परम्परागत सामन्ती विमर्शबाट निर्मित लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्थाले नैतिकताको बन्धन सिर्जना गरी दमन र शोषण गरेको छ । बाबुका अभावमा सन्तानको असुरक्षा तथा वैधताको प्रश्न सिर्जना गरी नारीमाथि सामाजिक र मानसिक दमन तथा शोषण गरिएको छ । त्यसकारण भुन्टी नचाहेर पनि पुनः प्रमोदकै शरणमा पुगेको सन्दर्भलाई कथामा यसरी चर्चा गरिएको छ :

> अतः एकदिन सबेरै बिहानै कुखुराको डाकमा भुन्टी आफ्नो छोरोलाई काखमा च्यापी शहरतिर प्रस्थान गरी । समयमै ऊ शहर पुगी । त्यहाँ तल्लीन थिई उही प्रमोदको अन्वेषणमा कति खोजतलासपछि लाग्यो प्रमोदको पत्ता । अतः उसको सम्मुख रोई, कराई औ आजसम्म हृदयभित्र गाँठो पारी गुटमुटाइ राखेको करुणकहानी बेदना पोखी भुन्टीले, तर भयो यो सब 'कसाईको अगाडि भैंसीको बिलौना' (पृ.७३) ।

माथिको सन्दर्भले भुन्टीका माध्यमबाट नारीमाथि भएको लैङ्गिक दमन र शोषणलाई प्रस्ट पारेको छ । समाज नारीको लोग्ने र बच्चाको बाबु खोजेर प्रश्न उठाउँछ । सन्तानको वैधता र नारीको चरित्रलाई पुरुषको कसीमा राखेर परीक्षण गर्छ । पुरुष नारीसँगको सहवासमा आनन्दित हुन्छ तर नारी र बच्चालाई स्वीकार्न तयार हुँदैन । यस्तो परिस्थितिमा समाज तमासे बन्छ र नारीमाथि नै निराधार दमन र शोषण गर्छ । यस प्रकारको दमन र शोषणलाई स्थापित लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्थाले वैधता प्रदान गरेको छ ।

'त्यो पहाडी कन्या' कथामा रहेको लैङ्गिक विभेद, दमन र शोषणको स्वरूप परम्परागत सामन्ती ढाँचाको छ । सामाजिक क्षेत्रबाट प्रारम्भ भएको विभेद, दमन र शोषणले आर्थिक, सांस्कृतिक र मनोवैज्ञानिक क्षेत्रलाई पनि प्रभावित गरेको छ । लैङ्गिक शक्तिसम्बन्धको

असन्तुलितताका कारण निर्मित पितृसत्ताको प्रभुत्वमा रहेको शक्तिले नारीमाथिका दमन र शोषणको केन्द्र समाजलाई बनाएको छ । त्यसकारण यस कथाकी प्रमुख नारी पात्र भुन्टी अधीनस्थ अवस्थामा पुगेकी छे ।

कोशराज रेग्मीद्वारा लेखिएको 'छोरीको जात' कथामा तत्कालीन समाजमा स्थापित असन्तुलित लैङ्गिक शक्तिसम्बन्धका आधारमा पितृसत्तालाई शक्तिको रूपमा प्रयोग गरी नारीमाथि लैङ्गिक विभेद, दमन र शोषण गरिएको छ । घर, परिवार वा समाजमा छोरी र छोरा वा नारी र पुरुषका बिचमा गरिने फरक व्यवहार नै लैङ्गिक विभेद हो । त्यसकारण यस कथाका सबै नारी पात्र पुरुषका उपयोगका वस्तु तथा अर्थहीन साधन बनाइएका छन् । यस कथामा छोरी भएकै कारणले निरुपाय बन्नु, छोरीलाई छोरो जन्माउने साधन मात्र ठान्नु, छोरीले मान्छेको स्थान नपाउनु, छोरोको मात्र पिण्डपानी चल्नु, छोरो जन्माउने छोरीले मात्र घरमा सुरक्षित स्थान पाउनु आदि सन्दर्भहरूले लैङ्गिक विभेदलाई उजागर गरेका छन् । पितृसत्ताको दमनमा निरुपाय बनेकी नरीको "छोरीको जातको के चल्दो रहेछ र" (पृ.३५) । भनाइ, "म छोरो भएर जन्मेकी भए" (पृ.३५) । भन्ने नरीको अर्को भनाइ, "यी छोरीका जातको के भर" (पृ.३८) । भन्ने बस्नेतको भनाइ, "मैले तँलाई छोरो पाइदेलिस् कि भनेर विवाह गरेको हुँ" (पृ.३८) । भन्ने बस्नेतको भनाइ, "ऊ रातो दिन छोरो ...... मरेपछि पिण्ड ... केरा र तील मुछेको खिरको मिठो पिण्ड झल्झली देख्तथ्यो" (पृ.३९) । भन्ने लेखकको टिप्पणी आदि यस कथामा लैङ्गिक विभेदलाई देखाउने सन्दर्भहरू हुन् । यस प्रकारको लैङ्गिक विभेदले पुरुषको प्रभुत्वलाई सत्तासम्बन्धसँग जोडेकै कारण समस्त सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पुरुष, वर्चस्व कायम भई नारी माथिको शोषणले उत्कर्षता प्राप्त गरेको हुनाले लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बनेको छ । छोरो मात्र परत्र सपार्ने साधन वा स्वर्ग चढाउने सिँढी हो भन्ने विकृत सोचलाई स्थापित गरिएकै कारण लैङ्गिक विभेद भई नारीले मान्छेको स्तर नै पाउन सकेका छैनन् । विभेदको यो अवस्थाबाट समग्र जीवन प्रताडनामा बाँचेका नारी पात्रमा समेत विद्रोहको सट्टा समर्पणको भाव स्थिर रूपमा रहेको छ । यस प्रकारको विभेदजन्य परिस्थिति निर्माणको कारकका रूपमा रहेको सामन्तवादी विमर्शात्मक संरचनाभित्र नारीहरू अधीनस्थ अवस्थाबाट उठ्नै सकेका छैनन् ।

कोशराज रेग्मीद्वारा लेखिएको 'छोरीको जात' कथामा लैङ्गिक दमन र शोषणलाई पितृसत्ता र लैङ्गिक शक्तिसम्बन्धको असन्तुनले उत्कर्ष स्वरूप प्रदान गरेको छ । प्रस्तुत कथामा अनमेल विवाह गराएर, गर्भवती अवस्थामा भारी बोकाएर, नारीलाई मान्छेभन्दा पनि साधनका रूपमा प्रयोग गरेर, मातृत्वको अवमूल्यन गरेर, नारीको पारिवारिक स्थान समाप्त गरेर, उचित र आवश्यक खानेकुरा नदिएर, सन्तानमा छोरी जन्माएको अवस्थालाई देखाएर, अनावश्यक जिम्मेवारी दिएर लैङ्गिक रूपमा दमन र शोषण गरिएको छ । यस कथामा नरीमाथिको दमनलाई विश्लेषण गर्दै "कस्तो हौ, लोग्ने मान्छेको जात, त्यत्रो बुढो मान्छे भए पनि केही विचार नगरेको ? नानी, जीउ बिग्रियो भने ता पछि साह्रै दुःख पाइन्छ है" (पृ.३४) । भन्ने जेठी धर्तिनीको भनाइ, "बिहे भाको दिनदेखि यही गाग्रामा पानी बोकेर घरको कुट्न-पिंधन, आवतजावत सबै काम टारेकी छु । कहिलेकाहीँ ढाड कटक्क दुख्छ अनि एक्लै बसेर रुन्छु" (पृ.३५) । भन्ने नरीको भनाइ,

नरीले छोरी पाएपछि मसला पोकै अँगेनामा डढाएको सन्दर्भ आदि उदाहरणहरू प्रस्तुत गरिएका छन् । पितृसत्ताभित्रको सामन्तवादी सोच र कुसंस्कारले यस कथामा अनमेल बालविवाहलाई स्वीकृति दिएको छ । त्यसका माध्यमबाट नारी शरीरलाई पुरुष उत्पादन गर्ने साधनका रूपमा उपयोग गरेको छ । उक्त अपेक्षा पूर्ण हुन नसक्दाका अवस्थामा नारीले उपेक्षित बनी बस्नुपरेको छ । सन्तानका रूपमा तीनजना छोरीहरू भएको बस्नेतको उमेरले पचास वर्षको समय व्यतीत गरिसक्दा समेत छोरै चाहिएको छ । मृत्युपछिको पिण्ड पानीको आस अनि परत्रको सुखसमृद्धिको आधार छोरालाई मात्र देख्ने परम्परागत रूढि वा अन्धविश्वास यस कथामा लैङ्गिक दमन र शोषणको आधार बनेको छ । सामाजिक, आर्थिक, सांस्कृतिक आदि समस्त क्षेत्रमा स्थापित पुरुष वर्चस्व तथा पितृसत्ताको प्रभुत्वमा मौलाएको सत्तासम्बन्धलाई वैधानिकता प्रदान गर्ने लैङ्गिक शक्तिसम्बन्धको असन्तुलनकै कारण नारीहरू दमन र शोषणमा परी प्रताडित हुन पुगेको स्पष्ट छ । केवल छोरी भएकै कारणले सत्ताबाट विमुख हुनुपर्ने अनि त्यही कारणले बिनाअपराध तथा बिनाकमजोरीका बाबजुद मानिस हुनुको पन गुमाउँदै पुरुष एकाधिकारको दमन र शोषण सहेर जीउनुपर्ने अवस्थामा नारीको स्थान रहेको छ । यस्तो विभेदकारी अवस्थामा समेत यस कथामा भएको लैङ्गिक शक्तिसम्बन्धको असन्तुलनले गर्दा विद्रोही चेतनाले टाउको उठाउन सकेको छैन । समग्रमा यस कथामा तत्कालीन समाजमा स्थापित पितृसत्ता र लैङ्गिक शक्तिसम्बन्धको असन्तुलनका कारण नारीमाथि चरम दमन र शोषण भएकै कारण नारीहरू अधीनस्थ अवस्थामा बाँच्न विवश रहेका छन् ।

भीमप्रसाद ढकालद्वारा लेखिएको 'जिम्मावारी कसको ?' तत्कालीन समाजको पितृसत्ता र लैङ्गिक शक्तिसम्बन्ध असन्तुलनलाई विषय बनाई लेखिएको कथा हो । यस कथामा गौरी एक मात्र नारी पात्र हो भने अन्य सबै पुरुष पात्रहरू रहेका छन् । गौरीलाई अबोध बालक कालमा नै विभेद गरिएको छ र त्यसकै विस्तारमा दमन र शोषण भएको छ । त्यसका लागि समाजमा स्थापित परम्परागत रूढिग्रस्त ज्ञान निर्णायक बनेको छ । "बहत्तर महिनामा नै छोरीको कन्यादान गर्न पाउनु अहोभाग्य हो ! शास्त्रमा लेखिएका कुरा झुटो हुनै सक्तैनन्" (पृ.४१) । भन्ने पण्डितको बुझाइ वा ज्ञान नै यस कथामा लैङ्गिक विभेदको प्रारम्भिक आधार बनेको छ । चापागाईं पण्डितले ३०/३५ वर्षको अर्धोलाई ६ वर्षकी छोरी दिनु कहाँसम्म न्यायसंगत जँच्छ" (पृ.४१-४२) । माथिका दुबै साक्ष्यले गौरी र नेपाल बाजेको विवाहको उमेरलाई स्पष्ट पारेको छ । विवाहका लागि नारीको उमेर ६ वर्षभन्दा कम हुनु अहोभाग्य मान्ने स्थापित ज्ञानले पुरुषलाई ३५ वर्षमा पनि योग्य नै ठानेको छ । यसरी समाजमा स्थापित सामन्ती स्वरूपको विमर्शात्मक संरचना नै एक पक्षीय वा लैङ्गिक रूपमा विभेदकारी छ । त्यसैका आधारमा नारीमाथि सबै क्षेत्रबाट विभेद गरिएको छ । विभेदको यही स्वरूप नै विस्तारित हुँदै जाँदा गौरीले जीवनभर दमन र शोषण सहनुपरेको छ । प्रारम्भमा बालविवाह र अनमेल विवाहको पीडा उसले भोगेकी छे । विवाह नजान्दै विवाहित हुनु एउटा पीडा हो भने जवान हुँदा लोग्ने अशक्त बन्नु अर्को पीडा हो । अनमेल विवाहकै कारण गौरी जवान हुँदा लोग्नेको निधन भएको छ । त्यस अवस्थामा गौरीले भोगेका पीडालाई कथामा यसरी भनिएको छ : "अठार-उन्नाइस वर्षको उमेरमा नै उसले विधवाको उपाधि पाई । खाऊँ-खाऊँ र लाऊँ-

लाऊँ भन्ने उमेरमा नै उसले आफ्नो जीवनको महत्त्वलाई निमिट्यान्नै पार्नु पऱ्यो । समाजले उसलाई टेढा आँखाले हेर्न थाल्यो" (पृ.४४) । यो उसको अनमेल विवाहको परिणति हो । त्यसपछि गौरीमाथि भएका सामाजिक दमन र शोषणलाई कथामा यसरी उल्लेख गरिएको छ :

> हिजोसम्म स्वतन्त्रसँग कुदेकी गौरीका खुट्टामा आजदेखि समाजले नेल भिरायो । फुकी-फुकी पाइला चाल्नु पर्थ्यो । सुखी जीवन बिताउन उसलाई प्रतिबन्ध थियो । स्वतन्त्रसँग हिँड्डुल गर्दा उसमाथि अनेक किसिमका कलङ्क बर्सन्छन् । समाज उसको बाँच्ने हकमा रोक लगाउन खोज्छ । आफ्ना जन्मसिद्ध अधिकार उपयोग गर्न पाउँदिन । समाजले उसको जीवन भारस्वरूप सम्झन्छ (पृ.४४) ।

कथामा उल्लेख गरिएको माथिको सन्दर्भबाट तत्कालीन समाजमा विधवा नारीले भोग्नु परेका दमन र शोषणको स्वरूप झल्किन्छ । विधवाले सुखी जीवन बाँच्न नपाउने, अनेक कलङ्कको टीका लगाउनुपर्ने, सामाजिक प्रतिष्ठा नहुने, जीवन नै भारजस्तो हुने आदि अवस्था परम्परागत दमन र शोषणको सामन्ती स्वरूप हो । त्यसलाई पाप र पुण्य तथा स्वर्ग र नरकको कथा बुनेर स्थापित गरिएको छ ।

'जिम्मावारी कसको ?' कथामा लैङ्गिक विभेद, दमन र शोषणको परम्परावादी सामन्ती स्वरूप व्यक्त भएको छ । त्यसले समाजमा लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बनाएर पितृसत्ताका लागि बलियो आधार निर्माण गरेको छ । पितृसत्ताकै प्रभुत्वमा सामाजिक, सांस्कृतिक अवधारणाहरूको निर्माण ज्ञानका रूपमा भएको छ । यस कथामा उक्त ज्ञानलाई नै प्रयोग गरी लैङ्गिक विभेद, दमन र शोषण गरिएको हुनाले नारीको जीवन पीडाग्रस्त बनेको छ ।

दलभञ्जन कार्कीद्वारा लेखिएको 'कैली' कथामा लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित भएकाले प्रमुख नारी पात्र कैलीको जीवन लैङ्गिक विभेदको चपेटामा परेको छ । कैलीको प्रेमी गोरे लामो समय विदेश बसेर फर्किएको छ । यौनका सम्बन्धमा गोरेका विषयमा कुनै टिप्पणी कतै पनि छैन । कैलीलाई धेरैले हेर्ने र मन पराउने कुरा सेतेले बताएकै भरमा गोरे कैलीप्रति नकारात्मक बनेको छ । कसैले हेर्नु र मन पराउनु अर्कै कुरा हो अनि चरित्रमा हुने राम्रो र नराम्रो व्यवहार अर्कै कुरा हो । यस सम्बन्धमा गोरेले कैलीसँग कुनै कुरा गर्न आवश्यक नै देख्दैन । एउटा पुरुष सेतेले जे भन्यो त्यो अर्को पुरुष गोरेका लागि प्रमाणित भयो । त्यसैका मात्र आधारमा निरपराध कैली अपराधी प्रमाणित भई । ऊ अब गोरेसँगको वैवाहिक सम्बन्धका लागि अयोग्य बनी । यसरी गोरेका माध्यमबाट कैलीप्रति गरिएको यो लैङ्गिक विभेद प्रतिनिधिमूलक छ । यसले तत्कालीन समाजमा अवस्थित सामाजिक, लैङ्गिक विभेदको अवस्थालाई प्रकट गरेको छ ।

समाजमा स्थापित लैङ्गिक शक्तिसम्बन्धको असन्तुलनले गर्दा नारी भएकै कारण कैली सामाजिक, आर्थिक रूपमा पनि शोषित छ । गाउँको सामन्त फुचेले कैलीमाथि गरेको दमन र शोषणलाई कथामा यसरी उल्लेख गरिएको छ :

> भुवनका साथ लागी कैली गएर फुचेका पिँढीमा बसी, उसलाई देखेर फुचेले भन्यो- "कति संचार पठाएँ, कति जनालाई लिन पठाएँ, तर पनि आइनस् । यस्तो हेपिस् भने निको चाला हुने छैन । लग्ने बेलामा सबै आफ्ना हुन्छन्, तिर्ने बेलामा शत्रु कमाउनु पर्छ । साउनको अनिकालमा लगेको पाँच पाथी कोदो अहिलेसम्म तिर्ने यादब्याद केही छैन । अब तीन दिनभित्रमा नबुझाए यस गाउँमा टिक्ने बाटो मेटिने छ (पृ.३१) ।

कथामा प्रस्तुत यस सन्दर्भले तत्कालीन सामन्ती शक्तिको दमनकारी स्वरूप प्रकट भएको छ । सामन्तले बोलाउनासाथ नारीले पुग्नुपर्ने, तोकेका समयमा नपुगे अपमान सावित हुने र त्यस्तो अवस्थामा थातबास छोड्नुपर्ने स्थिति आउन सक्ने परिस्थितिको निर्माण गरिएको छ । यो सामन्ती लैङ्गिक दमन र शोषणको चरम अवस्था हो ।

'कैली' कथामा लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित भएका कारण लैङ्गिक विभेद, दमन र शोषणको स्वरूप परम्परागत सामन्ती ढाँचाको छ । यसले पितृसत्ताका प्रभावमा सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक क्षेत्रमा पुरुषको एकलौटी प्रभुत्व सिर्जना गरेको छ । त्यसकारण दमन र शोषणको केन्द्र समाज बनेको छ । विभेदजन्य लैङ्गिक शक्तिसम्बन्ध र एकपक्षीय पितृसत्ताका कारण समाजको संस्कृति र अर्थतन्त्रमा पुरुषको मात्र पहुँच स्थापित भएको छ । त्यसका विपरीत नारीले आफ्नो शरीरमाथिको अधिकारसमेत गुमाएर अधीनस्थ अवस्थामा पुग्नुपरेको छ ।

कथाकार रमेश विकलद्वारा लेखिएको 'दुई रुपियाँ नोट' कथामा लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित भएकाले पुँजीवादी स्वरूपको लैङ्गिक विभेद, दमन र शोषणको अवस्था प्रस्तुत गरिएको छ । यस कथामा पुरुषले सत्ताको प्रयोग गरी गर्ने शोषणलाई नरेन्द्रप्रसाद कोइरालाले लेखेका छन् : "...नारीमाथि निराधार आरोप लगाउने, गाली गर्ने, कुटपिट गर्ने, फकाउने, बाध्यात्मक अवस्थामा शोषण गर्नका लागि समाजमा चौतर्फी सञ्जालको निर्माण गरेर निरुपाय अवस्थामा पुऱ्याई यौन शोषण गरी भौतिक वस्तुका रूपमा रूपान्तरण गरिन्छ भन्ने यस कथाको निष्कर्ष रहेको छ" (कोइराला, २०७०, पृ.१२३) । तत्कालीन सहरी समाजको अन्तर्यमा निहित वास्तविकतालाई यस कथामा प्रस्तुत गरिएको छ । लैङ्गिक रूपमा पुरुषको प्रतिनिधित्व गर्ने वीरेले आफ्नै श्रीमती पार्वतीमाथि चरम विभेद, दमन र शोषण गरेको छ । त्यसैगरी टोलका आवारा, साहु र भरिया नाइकेसमेत लैङ्गिक दमन र शोषणका कार्यमा समान ढङ्गले अग्रसर रहेका छन् । वीरेले आफ्नी श्रीमतीको असल चरित्रलाई प्रगतिको बाधक ठानी उसमाथि दमन गरेको प्रसङ्गलाई कथामा यसरी भनिएको छ :

> वीरे बारम्बार जब दिनभरिको मेहेनतबाट पनि एक छाक पीठोलाई पुग्ने पैसा नपाउँदा आफ्नो विवशता मा क्रोधले छटपटाएको हुन्थ्यो, त्यतिबेला ऊ घरमा आएर त्यो गुम्सिएको क्रोध स्वास्नीको थाप्लोमा खन्याएर शान्ति पाउने चेष्टा गर्थ्यो । त्यति मात्र होइन, पार्वतीको जुन गुण र सौन्दर्यमाथि छिमेकका लोग्नेहरू मनमनै ईर्ष्या गर्दथे उसको

आफ्नै लोग्नेले त्यसलाई पेटको बाजीमा थाप्ने घृणित प्रयास पनि कैयौं पटक गरिसकेको थियो (पृ.६४) ।

वीरेले आफ्नो कमजोरीलाई पनि नारीको कमजोरीको रूपमा लिएर दमन र शोषण गरेको छ । उक्त दमनका माध्यमबाट उसले पार्वतीको शरीरको व्यापार चलाउने प्रयास पनि गरेको छ । त्यसकारण यस कथामा पुँजीवादी ढाँचाको दमन र शोषणको स्वरूप प्रकट भएको छ । जब पार्वतीले वीरेको उक्त घृणित योजनामा आफूलाई सहमत गराउन सकिन, तब वीरे झन् झन् आक्रामक बन्दै जान्छ र शारीरिक रूपमै आक्रमण गर्न पुग्छ । "'के रे ... ? मलाई कोर होस् भनेर सराप्ने तँ रण्डी ? ... हुँ ?' वीरेको क्रोधले सीमा नाध्दथ्यो । ढुङ्गा, मुढा, जथाभावी जे पायो त्यसैले ऊ पार्वती-पूजा गर्दथ्यो" (पृ.६५) । यसरी गरेको लैङ्गिक दमनले पार्वतीमाथि निरन्तर दबाबको सिर्जना हुँदै गयो । त्यसपछि उसले सहमतिको ढाँचालाई पनि उपयोग गरेको छ । यस सम्बन्धमा कथामा यसरी उल्लेख गरिएको छ :

> के गर्छेस्, सबै त्यसै गर्छन् । यहाँ कसले आफ्नो पुरुषार्थले खान पाउँछ र ? ... सबै तँलाई हेर्छन्, सबै त्यसै गर्छन् किस्ने, आठपरिया, जमदार पनि । तँलाई थाहै छ, यहाँ कतिलाई रिझाउनु पर्छ, काम पाउनलाई । कि त स्वास्नी चाहिन्छ ... । हेर अब खालि तेरै भर छ । नत्र तेरो-मेरो त के भयो र यी बालबच्चा" ... अनि एकछिन सुस्ताएर ऊ फेरि भन्थ्यो "अस्ति मसँग आएको त्यो भन्सारको भरिया-नाइके हो । मोरो ख्याल टिमुर्केको छैन ? ... तर त्यसलाई हात लिन सकियो भने त के गर्छेस् (पृ.६९) ?

वीरेको यस कथनले तत्कालीन समाजमा विद्यमान लैङ्गिक दमन र शोषणको पुँजीवादी सहमतीय स्वरूपलाई चित्रित गरेको छ । यसरी निरन्तरको दबाब, बलको प्रयोग र सहमतीय दबाबका माध्यमबाट यस कथामा नारीमाथि दमन र शोषण गरिएको छ ।

'दुई रुपियाँ नोट' कथामा लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित भएकाले लैङ्गिक विभेद, दमन र शोषणले परम्परागत पुँजीवादी स्वरूप धारण गरेको छ । यस कथामा दमनको केन्द्र परिवारलाई बनाइएको छ भने त्यसको परिधिका रूपमा सामाजिक, आर्थिक अवस्थालाई समेटिएको छ । ज्ञान र शक्तिको केन्द्र पुरुषलाई बनाएर विभेदकारी पितृसत्ता र असन्तुलित लैङ्गिक शक्तिसम्बन्धका माध्यमबाट वैधता प्रदान गरिएको छ । त्यसैले यस कथाकी प्रमुख नारी पात्र पार्वतीको जीवनलाई पराजित अवस्थामा पुऱ्याएको छ ।

कृष्णप्रसाद सर्वहाराको 'दरबारकी केटी' कथामा सामन्तवादी संरचनाको शक्तिलाई उपयोग गरी लैङ्गिक विभेद गरिएको छ । प्रमिलाले विधवा नारी भएकै कारण बाँच्नका लागि दरबारमा शरण लिनुपरेको, दरबारबाट फ्याँकिएपछि भोककै कारण वेश्यावृत्ति गर्नेसम्मको सोच आएको, आत्मसम्मानका लागि जागृत विद्रोहको आवाजलाई दमन गर्नु परेको, भोक र चौतर्फी सामाजिक शारीरिक आक्रमणबाट बाँच्नका निम्ति पुरुषकै शरणमा पुग्नुपरेको आदि सन्दर्भहरूले यस कथामा लैङ्गिक विभेदलाई देखाएका छन् । प्रमिला विधवा भएपछि "अनुहारमा अँध्यारोपना,

हिँडाइमा भारीपना अनि बोली बचनमा रुखोपना कसबाट अनुभव भएनन्" (पृ.८) । भन्ने लेखकको टिप्पणीले लैङ्गिक विभेदको अवस्थालाई देखाएको छ । "उफ्, ती सेता घरभित्र कति डरलाग्दा काला खेलहरू, धोकाका लुकामारी, तेलकासाहरू कसरी रचिन्छन् ती धर्मावतारहरूद्वारा ! तर कसले पत्ता पाउने ! त्यहाँ कलिली ठिटीहरू कसरी नदीमा नाउको डोब मेटिएझैं मेटिन्छन्" (पृ.७) ! कथामा उल्लेख गरिएको यस सन्दर्भले लैङ्गिक विभेदलाई थप प्रमाणित गरेको छ । यस कथाभित्र रहेको विभेदको यस अवस्थाले प्रमुख पात्र प्रमिलालाई पुरुषका अभावमा खानै नदिएर विवश बनाई उसको विद्रोही सोचलाई समाप्त गरेर पुरुषकै शरणमा पुऱ्याएको छ । समग्रमा पितृसत्ताको सामन्तवादी प्रभुत्वलाई संरक्षण र विकास गर्ने स्थापित विमर्शका कारण यस कथाका नारी पात्रहरू सामाजिक सांस्कृतिक र आर्थिक विभेदकै कारण सत्तासम्बन्धबाट विमुख भएर अधीनस्थ अवस्थामा पुगेका छन् ।

'दरबारकी केटी' कथामा पितृसत्ताका आडमा नारी पात्रले चरम दमन र शोषण भोग्नुपरेको छ । यस कथामा प्रमिलाले विधवा भएपछि असहाय र निरुपाय भई भोकै बस्नुपरेको छ । उसमा आत्महत्या र वेश्यावृत्तिको विचार आएको छ । उसले आत्मसम्मान र विद्रोही चेतलाई त्यागेर पुरुषकै शरणमा पुग्नु परेको सन्दर्भले लैङ्गिक दमन र शोषणलाई प्रस्तुत गरेको छ । विधवा भएपछिको प्रमिलाको दारुण अवस्थालाई कथामा यसरी उल्लेख गरिएको छ : "प्रमिला विधुई भएदेखि आजसम्म दिल फुकाएर हाँसेकी छैनन् । खुसीको पातलो रेखासम्म पनि उनका कलेटिएका ओठमा देखिएको छैन" (पृ.२) । पितृसत्ताको छत्रछाँयामा विधवा नारीको दर्दनाक अवस्थालाई यस सन्दर्भले स्पष्ट पारेको छ । "तँ जस्ती बाहुनी यहाँ वर्षमा पचासौं किनिन्छन्, अनि यसै गरी घरको दुर्गन्ध कसिँगरझैं बढारिँदै निकालिन्छन्" (पृ.५) भन्ने कान्छी रानीको भनाइले नारीमाथिको दमन र शोषणमा नारीकै पनि भूमिका रहेको स्पष्ट हुन्छ । "बिजुली र देशी रक्सीको सुरमा कान्छा राजा र जेठा बाबु साहेबको हामी स्वास्नी मान्छेहरूमाथि क्रूर पाशविक हमला हरे कसलाई थाहा होला" (पृ.६) ! भन्ने प्रमिलाको भनाइले लैङ्गिक दमन र शोषणलाई प्रस्तुत गरेको छ । त्यसैगरी नारीमाथिको दमन र शोषणलाई अझ प्रस्ट पार्दै कथामा लेखिएको छ :

> पैसा लिएर बुढो आउँछ जिउ सुम्पिनु पर्ने, पैसा लिएर रोगी आउँछ, हाँसी हाँसी आफ्नो प्रेम उसका पोल्टामा अर्पण गर्नुपर्ने, पैसा लिएर कुरूप आउँछ, सनातनीहरूले ईश्वरलाई नैबेद अर्पण गरेझैं शरीरको एक एक अङ्ग प्रेम र श्रद्धासँग चढाउनु पर्ने । नगरे सडकको पेटीमा तथा गल्छेडा हुँदी भोकले कराई सुकेर मर्नु पर्ने, झुन्डी फाल हाली आफूलाई सेलाउनु पर्ने (पृ.१५) ।

कथामा उल्लेख गरिएको यस सन्दर्भले तत्कालीन समाजमा रहेको नारीमाथि सामन्ती दमन र शोषणको स्वरूपमाथि प्रकाश पारेको छ । विधवा नारीले हाँस्नै नपाउने, किनिने, बेचिने, बढारिने, रक्सीको सुरमा पुरुषले गरेको पाशविक आक्रमणलाई सहनुपर्ने, पैसावाल पुरुष रोगी, बुढो, कुरूप जस्तो भए पनि उसलाई शरीर सुम्पिनु पर्ने अन्यथा भोकले वा आत्महत्याले जीवन गुमाउनुपर्ने यस प्रकारको ज्यादै क्रूरतापूर्ण दमन र शोषणको अवस्थालाई यस कथामा उल्लेख

गरिएको छ । लैङ्गिक विभेदको उत्कर्षको स्वरूप भएको प्रभुत्वशाली पितृसत्तालाई संरक्षण र विकास गर्ने पुरुषवादी असन्तुलित लैङ्गिक शक्तिसम्बन्धका कारण चरम दमन र शोषण सहन विवश भएका यस कथाका नारी पात्रहरू अधीनस्थ अवस्थाबाट माथि उठ्नै सकेका छैनन् ।

## ४.४ निष्कर्ष

यथार्थवादी कथामा भएको लैङ्गिक शक्तिसम्बन्धको अध्ययन गरिएको यस अध्यायमा लैङ्गिक शक्तिसम्बन्धका दृष्टिबाट सफल रहेका जम्मा १० ओटा कथाको विश्लेषण गरिएको छ । लैङ्गिक सम्बन्धको विश्लेषण गर्दा जैविक र सामाजिक लिङ्गको अवस्था, पारिवारिक, स्थानीय र केन्द्रीय सत्तासँगको नारी र पुरुषको तुलनात्मक पहुँच, परम्परागत चिन्तनले समाजमा पारेको प्रभाव, सामन्तवादी स्वरूपको विमर्शात्मक संरचना, परम्परागत रूढि वा अन्धविश्वास, पारिवारिक र सामाजिक नाता वा सम्बन्धलाई प्रमुख आधार बनाइएको छ । पितृसत्ताको अवस्था विश्लेषणका क्रममा समाजमा स्थापित रहेको नारी र पुरुषसम्बन्धी परम्परागत, सामाजिक र पारिवारिक अवस्था, पुरुषवादी स्थापित विमर्शात्मक संरचना, अधीनता र अधीनस्थताको अवस्था, श्रमको मूल्य र उत्पादनका साधनमाथिको वर्चस्वलाई विशेष ध्यान दिइएको छ । लैङ्गिक विभेद, दमन र शोषणको विश्लेषण गर्दा समाजमा स्थापित पितृसत्ता, सामन्तवादी र पुँजीवादी चिन्तनबाट निर्मित विमर्शात्मक संरचना, तत्काल विद्यमान सबै प्रकारका सत्तासम्बन्ध, दबाब र तनाव, परम्परा र न्यायमा स्थापित पहुँच, प्रभुत्व र अधीनस्थताको अवस्था, श्रमको मूल्य र वितरण प्रणाली, नारीको शरीरमाथिको भोगवादी दृष्टिकोण, धार्मिक र सांस्कृतिक मान्यता, भाषिक स्वरूपको प्रयोग, ज्ञान र शक्तिको निर्माण र प्रसारण अनि वैधताको अवस्थालाई ध्यानमा राखिएको छ ।

यथार्थवादी धाराका विश्लेषित कथाहरूमा लैङ्गिक सम्बन्ध सुमधुर बन्न सकेको छैन । तत्कालीन समाजमा प्राकृतिक लिङ्गलाई बेवास्ता गर्दै सामाजिक रूपमा निर्मित लिङ्गलाई महत्त्व दिइएको छ । त्यसले पारिवारिक, स्थानीय र केन्द्रीय सत्तासँगको नारीको पहुँचमा अवरोध सिर्जना गरेको छ । समाजमा रहेको सामन्तवादी स्वरूपको विमर्शात्मक संरचनाले नारी र पुरुषका बिचको सम्बन्धमा शत्रुताको सिर्जना गरेको छ । त्यसले लिङ्गसम्बन्धी परम्परागत रूढि र अन्धविश्वासलाई मलजल गरेकै कारण नाताभित्र र बाहिर पनि नारी र पुरुषको सम्बन्धमा शत्रुताको निर्माण भएको छ । यसरी समाजमा स्थापित भएको शत्रुतापूर्ण लैङ्गिक सम्बन्धका कारण लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बनेको हुनाले यथार्थवादी नेपाली कथामा नारीको जीवन कारुणिक अवस्थामा पुगेको छ ।

यथार्थवादी धाराका विश्लेषित कथाहरूमा पितृसत्ता नै नारीका लागि सुखभोगको प्रमुख बाधक बनेर उभिएको छ । समाजमा परम्परागत ढाँचाको स्थापित विमर्शात्मक संरचनाले पुरुषको एकाधिकारलाई स्थापित गरेको हुनाले नारीलाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ । उत्पादनका साधन, श्रमको मूल्य र सामाजिक न्यायमा पुरुषको एकाधिकार स्थापित गर्न पितृसत्ताको अवधारणा सफल भएको छ । यस धाराका कथामा पुरुषले गरेका नारी शरीरको बेचबिखन, भोग, बलात्कार, धोकापूर्ण व्यवहार, बालविवाह, अनमेल विवाह नारीमाथिका सबै प्रकारका ज्यादती,

दमन, शोषण आदिलाई पितृसत्ताकै आडमा वैधता प्रदान गरिएको छ । त्यसैले लैङ्गिक शक्तिसम्बन्धलाई असन्तुलित बनाएकै कारण सबै नारीको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

लैङ्गिक विभेद, दमन र शोषणका दृष्टिबाट यथार्थवादी धाराका कथाहरू अत्यन्त पीडादायक छन् । यस धाराका कथामा पुरुषले जन्मलाई नै आधार मानी नारीमाथि चरम विभेद गरेर दमन र शोषणका लागि सामाजिक आधार निर्माण गरेको छ । यसलाई समाजमा स्थापित पितृसत्ताको पक्षपोषण गर्ने विमर्शात्मक संरचनाले सहयोग पुऱ्याएको छ । परिवारदेखि समाज हुँदै केन्द्रसम्मको सत्तामा नारीको पहुँच स्थापित हुन सकेको छैन भने श्रमको मूल्य र वितरण प्रणालीमा पनि पुरुषकै एकाधिकार छ । सामाजिक न्याय र प्रभुत्वमा पुरुषकै मात्र एकाधिकार स्थापित भएको हुनाले नारीको जीवन अधीनस्थ अवस्थामा खुम्चिएको छ । नारीको शरीरलाई सन्तान जन्माउने साधनका रूपमा मात्र प्रयोग गरिएको छ ।

यस अध्यायमा लैङ्गिक शक्तिसम्बन्धका दृष्टिबाट विश्लेषण गरिएका सबै कथाहरूमा लैङ्गिक सम्बन्ध शत्रुतापूर्ण रहेको छ । यी सबै कारणहरूले विश्लेषित अध्यायमा लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बनेको छ । यस अध्यायमा लैङ्गिक शक्तिसम्बन्धका दृष्टिबाट विश्लेषण गरिएका कथाहरूमध्ये 'दुई रुपियाँ नोट', 'छोरीको जात' र 'जिम्मावारी कसको' कथाहरू उत्कृष्ट रहेका छन् ।

यस अध्यायमा विश्लेषण गरिएका सबै कथाहरूको प्रधान विषयवस्तु लैङ्गिक समस्या भए पनि प्रत्यक्ष वा परोक्ष ढङ्गले वर्गीय समस्या पनि सहसम्बन्धित भएर अन्तर्मिश्रण भएको पाइन्छ । 'समाजको अंचलमा' कथाकी 'म', 'मर्स्याङ्दी' कथाकी मर्स्याङ्दी, 'त्यो पहाडी कन्या' कथाकी भुन्टी, 'कैली' कथाकी कैली, 'दर्बारकी केटी' कथाकी 'म' र 'दुई रुपियाँ नोट' कथाकी पार्वती सबै नारी पात्रहरूले लैङ्गिक स्वरूपको उत्पीडनको सामना गर्दा वर्गीय समस्याले पनि उनीहरूलाई कमजोर बनाएको छ । त्यस्तै लैङ्गिक समस्याको उत्पीडन भोग्न विवश 'नासो' कथाकी सुभद्रा, 'दोषी को ?' कथाकी सुशीला, 'छोरीको जात' कथाकी नरी र 'जिम्मावारी कस्को ?' कथाकी गौरी सबै मध्यम वर्गीय परिवारका नारी पात्र भए पनि उनीहरूसँग आर्थिक स्वामित्व नभएका कारण व्यक्तिगत रूपमा सबै निम्न वर्गकै कित्तामा रहेका छन् । त्यसकारण यस चरणका लैङ्गिक समस्या प्रधान भएका कथाहरूमा पनि वर्गीय समस्या जोडिएको हुनाले लैङ्गिक मुक्ति वर्गमुक्तिसँग जोडिएको स्पष्ट हुन्छ ।

सामाजिक यथार्थवादी धाराका कथामा पितृसत्ताद्वारा निर्मित विमर्शात्मक संरचनाले पुरुषलाई शक्ति प्रदान गरेको छ । त्यसकारण समाजको लैङ्गिक सम्बन्धमा शत्रुताको सिर्जना भएको छ । उक्त पितृसत्ताका कारण पुरुषका अमानवीय कार्य पनि वैध भएका छन् भने नारीका जायज कार्य पनि शक्तिका अभावमा अवैध भएका छन् । यस्तो परिस्थितिका कारण लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित भएको हुनाले नारीको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

## अध्याय पाँच

# यथार्थवादी नेपाली कथामा जातीय शक्तिसम्बन्ध

### ५.१ विषयपरिचय

प्रस्तुत अध्याय यथार्थवादी नेपाली कथामा चित्रित जातीय शक्तिसम्बन्धसँग सम्बन्धित रहेको छ । यस अध्यायअन्तर्गत कथाका पात्रहरूको जातीय पहिचानलाई आधार बनाई विश्लेषण गरिएको छ । त्यसका लागि जातीय शक्तिसम्बन्धको पहिचान गर्नसक्ने सैद्धान्तिक अवधारणाको निर्माण गरी त्यसकै आधारमा कथाहरूको विश्लेषण गरिएको छ । कथाहरूको विश्लेषणका क्रममा समाजभित्र जातीय आधारमा रहेको सत्तासम्बन्ध र त्यसको प्रयोगको अवस्था, जातिगत प्रभुत्व, ज्ञानको निर्माण र परिचालनमा जातीय भूमिका, उत्पादनका साधनमाथिको जातीय वर्चस्व, स्थापित परम्परागत सामाजिक विमर्शात्मक संरचना र त्यसका आधारमा निर्माण भएको शक्तिको प्रयोगप्रति विशेष ध्यान पुऱ्याइएको छ । त्यस क्रममा जातीय सम्बन्धको निर्मिति र शक्तिसम्बन्ध, जातीय विभेद र शक्तिसम्बन्ध अनि जातीय दमन, शोषण र शक्तिसम्बन्धका अलग अलग आधार निर्माण गरिएको छ र उक्त आधारहरूमा कथाहरूको विश्लेषण गरी साझा निष्कर्ष निकालिएको छ ।

### ५.२ जातीय शक्तिसम्बन्धको सैद्धान्तिक अवधारणा

जातीय शक्तिसम्बन्धको अध्ययन सांस्कृतिक अध्ययनको विषय हो । यसअन्तर्गत विभिन्न जातिका बिचको सम्बन्ध, जातीय विभेद, जातीय व्यवस्थाका साथै सामाजिक आर्थिक सम्बन्धको अध्ययन गरिन्छ । जाति व्यक्तिको निजी र मानव निर्मित पहिचानको आधार हो । प्राकृतिक रूपमा मानव जातिको जीववैज्ञानिक परिचय छ भने भौगोलिक उपजका रूपमा पनि स्थानगत प्रभावले जातिको निर्धारण भएको पाइन्छ । यसरी प्राकृतिक र जैविक रूपमा निर्मित मानव जातिमा विभेदको कुनै आधार निर्माण नभए पनि मानिसले सामाजिक, सांस्कृतिक आधारहरू निर्माण गरेर ठुलो र सानो जातको परिकल्पना गरी विभेदको सिर्जना गरेका तथ्यहरू जताततै पाइन्छन् । जातलाई नै प्रमुख आधार मानी उच्चजात भनिएकाहरूले निम्नजात भनिएकाहरूको एकपछि अर्को आधार समाप्त पार्दै जान्छन् । कालान्तरमा शासित र अल्पसङ्ख्यक जातिका समग्र पहिचानहरू समाप्त गरी बहुसङ्ख्यक जातिकै पहिचानभित्र समाहित गर्दै उच्चजातले निम्नजातलाई कारुणिक अवस्थामा पुऱ्याउने कार्य गर्छ । त्यसले पनि समाजको विभाजनकारी रेखा कोर्ने कार्यमा सहयोग गरेकै हुन्छ । समुदायका हरेक क्षेत्रमा हुने शक्तिका अभ्यासहरूले अधीनस्थ सांस्कृतिक समूहको सिर्जना गर्छ । सामाजिक दृष्टिबाट निर्मित निम्नजात यस्तै अधीनस्थ सांस्कृतिक समुदाय हो । एउटै समुदायभित्रका मानिसहरू पनि अनेक आधारहरूबाट निर्मित क्षेत्रहरूमा विभक्त भएर सामाजिक जीवनमा क्रियाशील रहेका हुन्छन् । यस प्रकारको विभाजनले पनि समुदायका व्यक्तिहरूका बिचमा प्रभावकारी ढङ्गले विभेदको सिर्जना गर्ने आधार तय गरेको हुन्छ । तिनै

आधारहरूभित्र जातीय शक्तिसम्बन्धलाई असमान बनाउने समाजको जातिवादी विमर्शात्मक संरचनाको निर्माण हुन्छ ।

मिचेल फुकोले विमर्श, ज्ञान, सत्य र सत्तासँग जोडेर शक्तिको नवीन व्याख्या गरेका छन् । फुकोका अनुसार शक्ति सधैँ सबैतिर निहित हुन्छ । शक्तिको क्षेत्रबाट बाहिर आउन, त्यसलाई विभाजन गर्न र आफ्ना हितका लागि कुनै क्षेत्रलाई शक्तिशून्य गराउन कसैले सक्दैन । यसका साथै कुनै पनि हालतमा कसैले शक्तिलाई हराउन र शक्तिमा सधैँ रहिरहन पनि सक्दैन (फुको, सन् १९८०, पृ. १३३-१३४) । यसले शक्तिको क्षेत्र, प्रभाव र सामर्थ्य आदिलाई स्पष्ट पारेको छ । सत्ता र शक्तिको प्रयोगबाट सबैभन्दा बढी अधीनस्थताको प्रक्रिया अगाडि बढाइन्छ । शासक वर्गले सत्ताबाट प्राप्त गरेको शक्ति प्रयोग गरेर कमजोर वर्गलाई अधीनस्थ अवस्थामा पुऱ्याउँछ । यसरी हेर्दा सत्ता शक्तिसम्बन्धमा आधारित हुन्छ । पुरुष र महिला, जाति र जनजाति, उच्चवर्ग र निम्नवर्गका बिचमा पनि सत्तागत सम्बन्ध देखिन्छ । यस प्रकारको सत्तासम्बन्धले निम्नजातलाई अधीनस्थ अवस्थामा पुऱ्याउँछ ।

जातिवादका सम्बन्धमा विश्व परिवेशमा विविध प्रकारका अभ्यासहरू भएका छन् । यस क्रममा भएका अभ्यासहरूको चर्चा गर्दै रमेश भट्टराईले लेखेका छन् : “जातिवादमा वर्चस्वशाली जातिले जातीय समाजको सत्तासम्बन्ध र शक्तिको स्वरूप आफ्नो प्रभावमा पारी दमित जातिमाथि उत्पीडन गर्छ । दमित जातिलाई हीन ठान्ने यस्तो जातिवाद श्वेतहरूले अफ्रिकाली, अमेरिकाली तथा हिन्दु वर्णव्यवस्थामा ब्राह्मणवादका माध्यमबाट उत्पीडित जातिलाई शोषण दमन गर्ने पद्धतिबाट प्रस्तुत हुन्छ” (भट्टराई, २०७७, पृ. १८०) । यसबाट जातीय दमन शोषणको अवस्था संसरभरि नै रहेको तथ्य प्रकट हुन्छ । समाजमा कायम रहेको जातीय विभेदकै कारण विभिन्न जातहरू शोषण, दमन सहन बाध्य छन् । हिन्दु समाजमा कायम रहेको जात व्यवस्थाकै कारण समाजले मानेका उच्चजातहरू सापेक्षित रूपमा शोषक वा उत्पीडनकारी पनि देखिएका छन् ।

समाजमा विभिन्न प्रकारका जातीय विभेदहरू रहेका छन्, जसमध्ये उच्च र निम्नजात बिचको जातीय विभेद मुख्य रहेको छ । ब्राह्मण, क्षेत्री, वैश्य, शूद्र जस्ता हिन्दु सामाजिक जात व्यवस्थाले गर्दा सापेक्षित रूपमा शूद्रहरू उत्पीडित छन् । समाजमा परापूर्व कालदेखि नै कायम रहेको जात व्यवस्थका कारण सबै मानिसको शारीरिक संरचनाका तत्त्वहरू समान हुँदा पनि जातीयताले गर्दा कतिपय जातहरू विभेदमा परेका छन्, जसले गर्दा निम्न तथा सीमान्त जात पीडित र शक्तिविहीन बन्न बाध्य छन् । समाजमा उच्च तथा निम्नजातको उत्पत्तिको बारेमा रमेश भट्टराईले उल्लेख छन् :

> जात व्यवस्थाको उत्पत्तिको मूल आधार श्रम विभाजन हो र त्यही आधारमा प्राचीन कालमा जातको नाम पनि उसको पेसाको भिन्नताका आधारमा राखियो । उदाहरणका लागि ब्राह्मण पुरोहित हो र भूस्वामी पनि हो तर उत्पादनमा सहयोगी नहुने हुँदा उसले श्रम गर्दैनथ्यो । क्षत्रीको भूमिका पनि उत्पादनमा सहयात्री नहुने तर भूस्वामी र राज्य संयन्त्रमा सहयात्री हुने प्रकृतिको थियो । खेती र अन्य श्रममा लाग्ने मानिसहरूको समूह

वैश्य र शूद्र भयो । वेदमा हिन्दु जात व्यवस्थाको यही सरल रूपको वर्णन पाइन्छ । उत्पादन शक्तिको विकास हुँदै गरेको वर्णयुक्त समाजमा उत्पादनका साधन र उत्पादन सम्बन्धको बाँडफाँटको यस विभाजनले विस्तारै जातीय रूप लिन थाल्यो...। यही प्राचीन र मध्यकालीन श्रमका समयमा कौटिल्यको अर्थशास्त्रीय चिन्तनको विकास भयो र त्यस उत्पादनशील व्यवस्थाले श्रम विभाजनका रूपमा जाति विभाजनको रूप लियो । यसरी ३००० हजार वर्ष पहिले भारतवर्षबाट प्रारम्भ भएको श्रम व्यवस्थामा श्रम गराउनेलाई भर्ता र श्रम गर्नेलाई भृतक भनिन्थ्यो भने श्रम नलिने भृतक दण्डनीय हुन्थ्यो (२०७७, पृ. १६६) ।

भट्टराईको यस कथनमा जात व्यवस्थालाई श्रममा आधारित देखाएर जातीय व्यवस्थाले समाजको शक्तिसम्बन्धमा प्रभाव पारेको स्पष्ट गरिएको छ । समाजमा उच्चजात अथवा ब्राह्मण, क्षत्रीहरूको आर्थिक स्रोत साधनमा पहुँच हुँदा तिनीहरू शक्तिसम्पन्न बन्न पुगे । त्यसबाट उत्पादनका साधन वा आधारमा पहुँच स्थापित गरी त्यही अनुसारको अधिरचना निर्माण गर्न पनि तिनीहरू सफल भए । यसरी आधारमा पहुँच हुने जात राज्यका हरेक क्षेत्रमा संलग्न भए, जसले गर्दा अन्य निम्नजातहरू शक्तिविहीन बन्न पुगे । समाजमा भएको उत्पादन र उत्पादनका साधनमा जसको पहुँच स्थापित हुन्छ उसैले शासन गर्दछ भन्ने मार्क्सवादी सिद्धान्त पनि जातीय व्यवस्था अन्तर्गत लागु भएको देखिन्छ किनभने समाजमा पनि सत्ता र शक्तिअनुसार सामाजिक विभेद गरिएको देखिन्छ । जात व्यवस्थाका बारेमा स्पष्ट पार्दै आहुतिले यसरी लेखेका छन् :

सभ्यताको विकाससँग सँगै प्रविधिमा विकास भयो, जनसङ्ख्या थपिँदै गयो र मानिसका आवश्यकता पनि तीव्र गतिमा बढ्दै गए । यो सिलसिलाले कामका क्षेत्र पनि व्यापक मात्रामा थपिन थाले । ब्राह्मण वर्णका शासकहरूले आफ्ना सुविधाका लागि पहिलेदेखि गर्दै आएका काम मात्रै जारी राखी, अन्य क्षेत्रमा थप जिम्मा लिएनन् । तीन हजार वर्षका बीचमा ...ब्राह्मणभित्र विभिन्न जात थपिएनन् । क्षत्री वर्णका निम्ति तोकिएको शासन र प्रशासन अनि क्षेत्रको रक्षाको जिम्माबाहेक कामका अरू क्षेत्र आफ्ना निम्ति नथप्न क्षत्रीहरू स्वतन्त्र थिए, किनकि उनीहरू पनि शासक नै भए । त्यसैले क्षत्रियभित्र पनि धेरै जात थिएनन् । ...यस बिचमा जति पनि कामका क्षेत्र थपिए, ती सबै कामका क्षेत्रको जिम्मा वैश्य, शूद्र र अछुतहरूमा थपिँदै गयो । त्यस थपिने क्रम सँगसँगै जुन खलकले जुन पेशा गर्न थाल्यो, त्यो एउटा पेशागत समूह अर्थात् जातका रूपमा चिनिँदै गयो (२०७७, पृ.१७) ।

आहुतिको यस भनाइमा पनि जात व्यवस्थाको निर्माण श्रमका आधारमा भएको स्पष्ट छ । उनले समाजमा कायम रहेको चार वर्णअर्न्तगत ब्राह्मण र क्षत्रियमा कुनै नयाँ जात नथपेको र पछि कामका आधारमा वैश्य र शूद्रको जात पनि थप्दै गएको कुरा यसमा उल्लेख गरेका छन् । यसबाट पनि समाजमा प्रारम्भदेखि नैं श्रममा आधारित जात व्यवस्थालाई नै मान्यता दिइएको बुझिन्छ भने पछि ती पेसागत जातका रूपमा समाजमा चिनिँदै गएको पनि देखिन्छ ।

जातिवादभित्रको विश्वासले भाग्यवादसँग जोडेर राम्रो काम गर्ने उच्चजात र नराम्रो काम गर्ने निम्नजात बनायो । यो भाग्यवादी विचारले जाति व्यवस्थालाई विशेष आधार प्रदान गऱ्यो र मानिसहरू जातिप्रति श्रद्धावान् भएकाले यसले उच्च र निम्नजातका बिचमा दूरी बढायो । शिक्षामा उच्चजातलाई मात्रै अवसर दिएकै कारण सत्तामा उच्चजातको पहुँच कायम हुँदा निम्नजात दमन र विपन्नताको सिकार भयो । जातिवादी अवधारणाको यस आधारबाट पनि अन्धविश्वासको प्रभाव अनि अवसर र अधिकारको वञ्चितीकरणबाट जातीय शक्तिसम्बन्धमा आउने फरक अवस्थालाई पहिचान गर्न सकिन्छ ।

वर्ण र जातिसँग सम्बन्धित चिन्तनले वंशपरम्परा, संस्कृति, चिन्तन र विशेषाधिकारसँग सम्बन्ध राखेको हुन्छ । वर्ण र जातिकै सम्बन्धमा जनकलाल शर्माले स्पष्ट पार्दै लेखेका छन् : वर्णको धारणा मूलतः वंश, संस्कृति, चरित्र वा स्वभाव र व्यवसायमा आधारित हुन्छ । यसमा व्यक्तिको नैतिक एवम् बौद्धिक योग्यताको समावेश हुन्छ र यो वर्णव्यवस्थाको द्योतक हो । ... यसको विपरीत जातिव्यवस्था जन्म एवम् आनुवंशिकतामा आधारित हुन्छ । यस्तो जातिव्यवस्थामा कर्तव्यभन्दा विशेषाधिकारमा अधिक बल दिइन्छ (शर्मा, २०७७, पृ.७८) । माथिका भनाइहरूबाट जात श्रममा आधारित भएर विशेषाधिकारतर्फ उन्मुख हुन्छ भन्ने बुझिन्छ । यसरी कुनै जातिले विशेषाधिकारको प्रयोग गर्दा अर्को जाति स्वतः विभेदमा पर्ने तथ्यलाई शर्माको यस कथनले स्पष्ट पारेको छ । जात व्यवस्थाकै कारण जन्म, विवाह र मृत्यु जस्ता संस्कारमा पनि जातीय संस्कृतिको प्रभाव परेको देखिन्छ । त्यस्तै समाजमा आर्थिक स्रोतसाधनमा पनि सबै जातको समान पहुँच हुन सकेको छैन । यसले समाजमा विद्यमान जातिहरूका बिचको शक्तिसम्बन्धलाई असमान बनाएको छ ।

जातीय शक्तिसम्बन्धको विश्लेषणका लागि यहाँ भिन्न भिन्न जातिका बिच रहने विभिन्न स्तरीय सम्बन्धलाई आधार बनाइएको छ । यस प्रकारको सम्बन्ध आर्थिक, सामाजिक, पेसागत सांस्कृतिक जस्ता पक्षहरूका आधारमा बन्दछन् । यसरी बन्ने सम्बन्धमा कुनै जाति प्रभुत्वशाली र कुनै अधीनस्थ अवस्थामा रहन्छन् र तिनका बिच शक्तिको असन्तुलित अभ्यास हुन्छ । यस अभ्यासले अधीनस्थ बनाइएका जातिका मानिस शक्तिशाली जातिका दमन, उत्पीडन र उपेक्षा सहन बाध्य हुन्छन् । यसै अवधारणाका आधारमा अगामी उपशीर्षकहरूमा जातीय शक्तिसम्बन्धको विश्लेषण गर्नका लागि जातीय सम्बन्धको निर्मिति र शक्तिसम्बन्ध, जातीय विभेद र शक्तिसम्बन्ध अनि जातीय दमन, शोषण र शक्तिसम्बन्धको आधार निर्माण गरेर कथाहरूको विश्लेषण गरी निष्कर्ष निर्माण छ ।

### ५.२.१ जातीय सम्बन्धको निर्मिति र शक्तिसम्बन्ध

विश्वमानव समुदाय अनेक जातिहरूका बिचको साझा थलोका रूपमा विकसित हुँदै आएको इतिहास छ । समाजका सबै मानिसहरू प्रत्यक्ष वा परोक्ष रूपमा एकआपसमा अन्तरसम्बन्धित भएर रहेका हुन्छन् । समाजका सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, कानुनी, धार्मिक व्यवहारमा यो सम्बन्ध प्रकट हुन्छ र कतिपय अवस्थामा यसले शत्रुतापूर्ण रूप

लिई सङ्घर्ष वा द्वन्द्वमय पनि हुन्छ (भट्टराई, २०७७, पृ.१५१) । यस प्रकारका शत्रुतापूर्ण सम्बन्धले सङ्घर्ष, दमन र शोषणको अवस्थालाई निम्त्याएका थुप्रै उदहरणहरू पनि पाइन्छन् । ज्ञान, शक्ति र वर्चस्वले युक्त सत्तावादी विमर्शमा आधारित नेपाली समाजको जातीय सम्बन्धमा उच्चजात र निम्नजात तथा शोषक र शोषित वा दमनकारी र दमितमा विभाजित भई निर्माण भएको छ । यस प्रकारको जातीय सम्बन्धले समाजमा सिर्जना गर्ने जातीय उत्पीडन र शोषणका सम्बन्धमा रमेश भट्टराईले लेखेका छन् :

> बहुसांस्कृतिक र बहुजातीय समाजमा जातीय सत्तासम्बन्धमा हुने विभेदले जातीय उत्पीडन र शोषणको जन्म हुन्छ । यसले अवसर र पहुँचमा भिन्नता ल्याई एउटा जाति उत्पीडक र अर्को जाति उत्पीडित बन्छ । नेपाली समाजमा जातीय आधारमा सोपानक्रमिक सम्बन्ध विद्यमान छ र यस्तो सम्बन्ध जाति र जनजाति, जाति, जनजाति र दलित तथा दलित दलितका बिचमा पनि रहेको छ । यही सोपानक्रमिक सम्बन्धका कारण जातीय उत्पीडन र शोषण कायम भई जाति जातिका बिच आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक भिन्नता रहन गएको छ (२०७७, पृ.७) ।

जातले समाजमा पहिचानात्मक तथा सांस्कृतिक विभाजन गरेको हुन्छ । जुन समाजमा जुन जाति बहुसङ्ख्यक अवस्थामा रहेको हुन्छ, त्यहाँ उसले सत्ता र जातिवादी विमर्शका बलमा अल्पसङ्ख्यक जातिका पहिचानका आधारहरूमाथि प्रहार गर्छ र कमजोर बनाउँछ । नेपाली समाजमा विद्यमान यस प्रकारको जातीय सम्बन्धको विश्लेषणबाट आधुनिक नेपाली कथाको यथार्थवादी धाराका कथाहरूमा अवस्थित फरक प्रकारको शक्तिसम्बन्धको पहिचान गर्न सकिन्छ ।

### ५.२.२ जातीय विभेद र शक्तिसम्बन्ध

बहुजातीय समाजमा एउटा जाति र अर्को जातिका बिचमा जातकै कारणले हुने फरकपन वा फरक व्यवहार नै जातीय विभेद हो । यसले सत्तासम्बन्ध, अवसर, पहिचान र प्रतिनिधित्वका सबै क्षेत्रमा स्वीकृति र अस्वीकृतिको अवस्था सिर्जना गर्छ । त्यसकारण जातीय विभेद नै जातीय समानताको बाधक हुने हुनाले जातीय एकता वा मित्रतालाई यसले अवरोध गरेको छ । न्यायपूर्ण र आदरयुक्त व्यवहार नहुँदा ‘तल्ला जाति’ भनिएकाहरूको आत्मसम्मानमा चोट पुगेको छ भने भेदभावबाट उनीहरू सबैभन्दा बढी सताइएका छन् (भट्टराई, २०७७, पृ.१७६) । जातीय विभेदकै कारण तल पारिएको समुदायले स्वतन्त्र रूपमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको उपभोग गर्न नपाउने, सम्मानजनक पहिचान र प्रतिनिधित्वको अवसर गुमाएर नियन्त्रित अवस्थामा बस्नुपर्ने हुन्छ । उनीहरूले आफ्ना परम्परा, ज्ञान, सिप र कलाको स्वतन्त्रापूर्वक प्रयोग र विकास गर्न नपाउने आदि समस्या भोग्नुपर्ने हुन्छ । नेपाली समाजमा विद्यमान यस प्रकारको जातीय विभेदको विश्लेषणबाट आधुनिक नेपाली कथाको यथार्थवादी धाराका कथाहरूमा अवस्थित शत्रुतापूर्ण शक्तिसम्बन्धको पहिचान गर्न सकिन्छ ।

### ५.२.३ जातीय दमन, शोषण र शक्तिसम्बन्ध

जातलाई नै मूल आधार बनाएर प्रभुत्वशाली जातिले सत्ताका आधारमा कमजोर जातिलाई हेप्ने, सताउने वा दुख दिने काम जातीय दमन हो भने त्यसकै आधारमा सामाजिक, आर्थिक र सांस्कृतिक रूपमा गरिने शोषण जातीय शोषण हो । नेपाली समाजमा सापेक्षित रूपमा जनजाति र शूद्रहरूमाथि यस प्रकारको दमन र शोषण भएका ऐतिहासिक साक्ष्यहरू उपलब्ध छन् । जनजातिहरूको संस्कृति, पुर्ख्यौली सम्पत्ति, परम्परा, शिक्षा, भाषा, आदिमाथि आक्रमण हुनु तथा उनीहरूलाई राजनीतिक, आर्थिक, प्रशासनिक आदि क्षेत्रमा पहुँचभन्दा बाहिर राख्नु जातीय दमन र शोषणको रूपमा देखिन्छ । दलितका सम्बन्धमा छुत र अछुतको अवधारणा निर्माण गरी सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक रूपमै दमन र शोषण भएको पाइन्छ । जातीय विभेदका लागि समाजको उच्च जातले निर्माण गरेको विमर्शात्मक संरचनाका सम्बन्धमा रमेश भट्टराईले लेखेका छन् : "ब्राह्मणवादले उच्च जातिलाई 'सुसभ्य', 'सुसंस्कृत', 'तागाधारी', 'आत्मिक', 'ईश्वरीय', 'बौद्धिक', 'सफा' जस्ता कोटिमा राख्यो भने अन्य जातिलाई 'बर्बर', 'प्रकृति', 'मतवाली', 'शारीरिक', 'राक्षस', 'विधर्मी', 'संवेदित' र 'फोहोरी' जाति भन्ने मान्यता विकास गरी दमन र शोषण कार्य गऱ्यो" (भट्टराई, २०७७, पृ.१७५) । भट्टराईको यस कथनअनुसार उच्च र निम्न जातिका सम्बन्धमा पहिचानकै लागि फरक प्रकारको सामाजिक विमर्शात्मक संरचनाको निर्माण भएको पाइन्छ । यसले उच्चजात भनिएकाहरूलाई सबै क्षेत्रमा उच्च हुन् भन्ने विमर्शको उत्पादन गऱ्यो भने निम्नजात भनिएकाहरूलाई सबै क्षेत्रमा कमजोर बनाएर विभेद, दमन र शोषणका लागि आधार निर्माण गऱ्यो ।

सत्ता, सत्य र ज्ञानका सम्बन्धमा चर्चा गर्दै र त्यसले समाजमा पार्ने प्रभावका विषयमा स्पष्ट पार्दै फुकोले आफ्ना विचारहरू प्रस्तुत गरेका छन् । उनका अनुसार सत्ताले ज्ञानको निर्माण गर्छ अनि शक्तिका आधारमा त्यसलाई सत्य सावित र स्थापित गर्छ । त्यसकारण सत्यलाई पनि सत्तावादी विमर्शकै रूपमा पहिचान गर्न सकिन्छ । फुकोका विचारमा सत्य शक्तिसँग जोडिएर व्यवस्थामा प्रवाहित भएको हुन्छ र शक्तिमै अडिएको हुन्छ अनि शक्तिकै प्रभावमा समावेश भएर शासन व्यवस्थाका रूपमा विस्तारित हुन्छ (फुको, सन् १९८०, पृ.१३३) । उनको यस अभिव्यक्तिले सत्ता र शक्तिको परिधिभित्रै सत्यको स्थान सुरक्षित बनाएको छ । त्यसै कारणले पनि स्थापित जातिगत विचारधारा सत्य बन्छ भने विस्थापित जातिको विचारधारा असत्य वा अपराधका रूपमा चिनिन्छ । त्यसकारण सत्य सत्तावादी विमर्शको खेलका रूपमा समाजमा स्थापित हुन्छ । राजनीतिक प्रश्न, दोष, भ्रम, उपेक्षा, सचेतना र विचारधारा होइन, यो आफैँमा सत्य हो (फुको, सन् १९८०, पृ.१३३) । फुकोको यस भनाइमा शक्तिद्वारा संरक्षित दोष, भ्रम, विचारधारा जे भए पनि त्यो सत्य सावित हुने स्पष्ट छ । यिनै आधारहरूमा सत्यलाई स्पष्ट पार्दै फुकोले थप लेखेका छन् : सत्य भनेको उत्पादनको प्रक्रिया, नियमन, वितरण, संवहन, भनाइको विश्लेषण आदिको व्यवस्थित निर्देशन हो (फुको, सन् १९८०, पृ.१३३) । फुकोका विचारमा ज्ञान र शक्ति पनि अभिन्न रूपमा जोडिएका हुन्छन् । उनका अनुसार ज्ञान भनेको शक्तिको निर्माता र शक्तिको सिर्जना हो (फुको, सन् १९८०, पृ.२००) । सत्तासँग शक्ति भएकै कारण सत्ताको ज्ञानलाई आम मानिसले यो वा त्यो

कोणबाट मान्छन् वा मान्न बाध्य हुन्छन् । फुकोका अनुसार ज्ञान संवैधानिक र वैज्ञानिक बुझाइका आधारमा स्वीकार्य हुन्छ र यसले वस्तुको क्षेत्र निर्धारण गरी सामाजिक, सांस्कृतिक सत्यको उत्पादन गर्छ (फुको, सन् १९८०, पृ.२०१) । फुकोको यस भनाइले सत्ताले उपयोग गरेको ज्ञानले वैधानिकता पाउने र त्यही ज्ञान सांस्कृतिक सत्यका रूपमा स्थापित हुने तथ्यलाई स्पष्ट पारेको छ । यसरी शक्तिसँगै जोडिएको हुनाले ज्ञानको क्षेत्र पनि विस्तृत र व्यापक हुन्छ । ज्ञानको सङ्ग्रहले विमर्शात्मक संरचना र संस्थाहरू, राजनीतिक घटनाहरू र सामाजिक अभ्यास अनि पद्धतिको अव्यक्त क्षेत्रलाई जनाउँछ (फुको, सन् १९७२, पृ.१६२) । यी सबैको समग्रमा विमर्शको निर्माण हुन्छ र विमर्शकै माध्यमबाट सत्ताले आफ्नो अनुकूलतामा शक्तिको प्रयोग गरेको हुन्छ । त्यसकारण समाजमा स्थापित निश्चित ढाँचाको जातिवादी विमर्शात्मक संरचनाका कारण शासक र शासित जातिका बिचमा असन्तुलित शक्तिसम्बन्धको निर्माण हुन्छ ।

सत्ता, ज्ञान, शक्ति र सत्य एकआपसमा जोडिएका हुन्छन् । सत्ताले शक्तिको उत्पादन गर्छ अथवा सत्ताबाट शक्तिको सिर्जना हुन्छ अनि शक्तिलाई ज्ञानका माध्यमबाट विस्तार गरिन्छ र शक्तिको आडमा उक्त ज्ञानलाई वैधता प्रदान गरी समाजमा स्थापित गराइन्छ । शक्तिकै माध्यमद्वारा सामाजिक सत्यहरूको निर्माण हुन्छ । यसर्थ जहाँ सत्य हुन्छ, त्यही ज्ञानको उत्पादन हुन्छ । ज्ञान शक्ति निरपेक्ष हुँदैन । ज्ञानले आफूलाई सत्य सिद्ध गर्ने शक्ति प्राप्त गरेको हुन्छ । त्यसैले ज्ञान नै शक्ति हो । सत्य पनि शक्तिभन्दा बाहिर हुँदैन (शर्मा, २०७२, पृ.५५) । शर्माका अनुसार सत्ता प्राप्त गर्न शक्ति, सत्ता सञ्चालन गर्न शक्ति, शक्तिको आफूअनुकूल प्रयोग गर्न ज्ञान, शक्तिको विस्तार गर्न ज्ञान र ज्ञानलाई वैधता प्रदान गर्न अनि ज्ञानलाई क्रियान्वयन गराउन शक्ति चाहिने हुनाले सत्ता, ज्ञान, शक्ति र सत्यको सम्बन्ध एकआपसमा जेलिएको हुन्छ । त्यसकारण समाजको सत्तामा रहेको जातिको ज्ञानले सत्यका रूपमा स्थापित हुने अवसर पाउँदा परिधिमा रहेको जाति अधीनस्थ अवस्थामा पुग्छ । यस प्रकारको अधीनता र अधीनस्थताको कारणबाट सामाजिक शक्तिसम्बन्धमा असन्तुलन पैदा हुन्छ ।

### ५.३ जातीय शक्तिसम्बन्धका आधारमा यथार्थवादी नेपाली कथाहरूको विश्लेषण

यथार्थवादी धाराका आधुनिक नेपाली कथाहरूमा तत्कालीन समाजमा रहेका विभिन्न जातजातिका सम्बन्धमा निर्धारित व्यवहार तथा कार्यहरूलाई इतिहासकै सापेक्षतामा प्रस्तुत गरिएको छ । उक्त समयका कथाकारहरूले हिन्दु वर्णव्यवस्थालाई आधार बनाई जातिका सम्बन्धमा समाजले तय गरेको स्थान र हैसियत पात्रहरूलाई प्रदान गरेर त्यसबाट भएका अमानवीय व्यवहारको खण्डन गरेका छन् । मानिसले जातकै आधारमा शक्तिपरास्त हुने र शक्तिशाली हुने दुई विपरीत अवस्थालाई यस चरणका कथामा उल्लेख गरिएको छ । त्यसकारण यस अध्ययनमा जातीय सम्बन्ध, जातीय विभेद र जातीय दमन तथा शोषणलाई प्रमुख आधार बनाई जातीय शक्तिसम्बन्धको निरूपण गरिएको छ ।

### ५.३.१ यथार्थवादी नेपाली कथामा जातीय सम्बन्धको निर्मिति र शक्तिसम्बन्ध

गुरुप्रसाद मैनालीद्वारा लेखिएको 'पापको परिणाम' जातीय शक्तिसम्बन्ध असन्तुलित भएको कथा हो । यस कथामा कान्तु पाध्ये, दाताराम पाध्ये, भैरु पाध्ये, दीनानाथ पाध्ये, हवलदार, मुखिया, बहिदार तत्कालीन समाजले उच्चजात मानेका पात्रहरू छन् । त्यसैगरी चाउरे, धने, जुठे, जिउने, मङ्गली र सन्ते तत्कालीन समाजले निम्न मानेका घर्ती जातका पात्रहरू रहेका छन् । यस कथाको जातीय शक्तिसम्बन्ध परम्परागत वर्णव्यवस्थामा आधारित भएकाले असन्तुलित र सामन्ती स्वरूपको छ । समाजमा प्रचलित उच्चजातीय षड्यन्त्र र शोषणका कारण निम्नजातका घर्तीहरू उत्पीडनमा परेका छन् । त्यसैले यस कथाको जातीय शक्तिसम्बन्धले शत्रुताको रूप धारण गरेको छ । घर्तीहरूले परिवार पाल्नका लागि सिमल चउरको झोडी फाँडेर झुप्रा बनाएको देख्न नसकेर कान्तु पाध्येले षड्यन्त्र र आक्रमण गरेको छ । यस सन्दर्भलाई कथामा यसरी उल्लेख गरिएको छ :

> कान्तेले पाखुरा सुर्कंदै भन्यो "बजिया हो ! तिमीहरूलाई मनपर्दो भो ?"
>
> जुठेले मुन्टो निहुऱ्याएर भन्यो- "केही मनपर्दो गरेका छैनौँ बाजे ! हामी गरिब पो कहाँ जाऔँ ? यो उमेरसम्म जुठोपूरो खाएर तपाईंहरूकै टहल चाकरी गरेर बस्यौं, यहीं जन्मयौं, यही हुर्क्यौं, यही रानी वनमा डुलेर यो उमेर भो । गाँस-बास चुराचुरुङ्गीलाई पनि चाहिने रहेछ । मागेका हौं, दिनुभएन, के गरौं ? मर्न भएन । मुठीका माखा हौं, थिचे मर्छौं, छोडिदिए बाँच्छौं !"
>
> कान्तेले चोर औंला ठड्याएर भन्यो "हेर् जुठे ! यी सारा घर्तीलाई उचाल्ने तैं होस् ! कुराको आकास-पत्ताल जोडेर जितुँला भन्दोहोस् । मरैं भने मरिहालैं बाँचैं भने सरकारको रानीवन फाँड्ने तिमी बजियाहरूलाई झेलखानामा नकुहाई कहाँ छोडुँला (पृ.२९) ?

कथामा उल्लेख गरिएको यस सन्दर्भमा तत्कालीन समाजमा रहेको सामन्ती स्वरूपको असन्तुलित जातीय शक्तिसम्बन्धलाई देखाइएको छ । कान्तेले घर्तीहरूका लागि तल्लोस्तरको भाषाको प्रयोग गरेको छ भने घर्तीले उच्च आदरार्थी भाषा प्रयोग गरेको छ । जुठे घर्तीले उच्चजातकै जुठो खाएर हुर्केको, सेवाचाकर गरेको र उच्चजातकै मुठीको माखा भएको स्वीकार गरेको छ । त्यसका बदलामा कान्तेले घर्तीहरूलाई जेल पुऱ्याउने धम्की दिएको छ । त्यसैका कारण यस कथाको जातीय शक्तिसम्बन्ध शत्रुतापूर्ण बनेको छ । त्यसपछि कान्तेले झुटो प्रमाण बनाएर सोझा घर्तीलाई मुद्दा हाले पनि घर्तीहरूले बेठीमा सघाएर उदारता नै देखाएका छन् । अन्त्यमा कान्तेको षड्यन्त्र सफल भएकाले घर्तीहरू जेल पुग्छन् र उनीहरूको घरबास उजाडिन्छ ।

'पापको परिणाम' कथाको समाज बाहुन, क्षेत्री, घर्ती आदि भएको बहुजातीय स्वरूपको छ । यस कथामा वर्णव्यवस्थामा आधारित उच्चजात उत्पीडनकारी छ । त्यसैले उच्च र निम्नजातका बिचमा दमनकारी र दमितको स्वरूपको सम्बन्ध रहेको छ । समाजमा उच्चजातीय सत्ता स्थापित भएको हुनाले निम्नजात सत्ताको पहुँचभन्दा बाहिर छ । कान्तु पाध्येको उच्चजातीय अहङ्कारलाई सत्तासम्बन्धले सहयोग गरेकै कारण ऊ सफल भएको छ । निम्नजातीय घर्तीहरूमा हीनताबोध छ ।

त्यसकारण उनीहरू भगवान्को भरोसामा पुगेका छन् । उच्चजातले गरेका विभेद, दमन र शोषणललाई समाजमा स्थापित परम्परागत सामन्ती विमर्शबाट निर्मित असन्तुलित जातीय शक्तिसम्बन्धले वैधता प्रदान गरेको छ । त्यसैका परिणतिमा निम्नजातीय घर्तीहरूको जीवन शोषण उत्पीडनमा परेको छ ।

कृष्णबम मल्लद्वारा लेखिएको 'हली' तत्कालीन समाजमा विद्यमान जातीय शक्तिसम्बन्धको असन्तुलित अवस्थालाई प्रस्तुत गर्ने कथा हो । यस कथामा हिन्दु वर्णव्यवस्थाले निर्धारण गरेअनुसार उच्चजातको मणिधर र निम्नजातका पुड्के अनि उजेली पात्रहरू रहेका छन् । उच्च र निम्नजातका बिचको सम्बन्ध परम्परागत वर्णव्यवस्थामा आधारित सामन्ती स्वरूपको छ । त्यसकारण यस कथाका निम्नजातका पात्रहरू उच्चजातीय विभेद, दमन र शोषणमा परी अधीनस्थ अवस्थामा पुगेका छन् । यसलाई कथाको प्रारम्भमा नै यसरी उल्लेख गरिएको छ :

> पोहोर साल भदौ नलाग्दै एकफेरा होइन दश फेरा आएर मणिधरले पुड्के दमाईलाई हली बनाएका थिए । उसले उनको खेत जोत्यो, उनका घरमा परिआउने अरू काम पनि गर्‍यो । उसको सालभरको मजूरी नौ मुरी धान दाइँ हालेका दिन मंगसीर महिनामा खलामा भरिन्थ्यो । पुड्के दमाईको पेशा नै अर्काको हली लाग्नु थियो । यही पेशाको मजूरीमा आफ्नो जीविका उसलाई चलाउनु पर्दथ्यो (पृ.६६) ।

कथामा प्रस्तुत यस साक्ष्यले तत्कालीन समाजमा रहेको जातीय शक्तिसम्बन्धको असन्तुलित र सामन्ती स्वरूपलाई प्रकाश पारेको छ । यहाँ पुड्के र मणिधरको सम्बन्ध मालिक र नोकरका रूपमा रहेको छ । पुड्केलाई नोकर बनाउन मणिधर एक पटक होइन दस पटक गएका हुनाले उनले निम्नजातकै नोकर खोजेको स्पष्ट हुन्छ । त्यसकारण यस कथामा उच्चजातमा निम्नजातलाई सक्दो काममा लगाउनु पर्ने र निम्नजातमा उच्चजातको काम गरिदिनु पर्ने मानसिकता तयार भएको पाइन्छ । कथाको प्रारम्भमा सहज जस्तै देखिने यी दुईका बिचको सम्बन्ध मणिधरको निरन्तर शोषणका कारण धमिलिँदै गएर शत्रुता परिणत भएको छ । त्यसैले मणिधर र उजेलीका बिचको सम्बन्धलाई पनि शत्रुतापूर्ण बनाएको छ । मणिधरले पुड्केलाई एउटा मान्छेका रूपमा नभएर काम गराउने साधनका रूपमा हेरेको विषयलाई कथामा यसरी प्रकाश पारिएको छ :

> यसैगरी पुस-माघ र फागुनका दिन बिते । तर चैत लाग्ने बित्तिकै पुड्के सिकिस्त बिरामी भयो । एक दिन होइन, दुई दिन होइन पूरा पन्ध्र दिनसम्म उसलाई ज्वरो रह्यो । ओछ्यान छाड्न उसले अझ सकेन । जरोले छाड्यो भनेको सुन्नासाथ कुन दिन पुड्के काम गर्न आउँछ भनी सोध्न मणिधरले उसका घरमा प्यादा पनि पठाइसकेका थिए (पृ.६९) ।

कथामा उल्लेख गरिएको यस सन्दर्भमा मणिधरका माध्यमबाट तत्कालीन समाजमा रहेको सामन्तवादी जातीय दृष्टिले असन्तुलित शक्तिसम्बन्ध प्रकट भएको छ । पुड्के बिरामी हुँदा उपचारको चासो नराख्ने मणिधरले कामका विषयमा भने पर्याप्त चासो राखेको छ । पुड्केले

ओछ्यान छाड्न नसक्दै मणिधरले कामको चासो राख्नु सामन्ती प्रचलनको उदाहरण हो । मणिधरले गोरु आफ्नै गोठमा मर्दा पनि पुड्केको वर्ष दिनको तलब दिएको छैन । विवाहमा लिएको ऋणमा गलत तमसुक बनाएर ठगेको छ । पुड्केकी श्रीमती उजेलीलाई वेश्यावृत्ति गर्न आदेश दिएको छ । यी सबै कारणले यस कथामा उच्च र निम्नजातका बिचको जातीय शक्तिसम्बन्धमा असन्तुलन निर्माण भएको छ । त्यसले पुड्के र उजेली उत्पीडनमा परेका छन् ।

'हली' कथामा रहेको उच्च र निम्नजातका बिचको असन्तुलित जातीय शक्तिसम्बन्ध वर्णव्यवस्थाले तय गरेको सामन्ती स्वरूपबाट निर्देशित छ । यहाँ शोषण र उत्पीडनको केन्द्र सामन्तवादी वर्णवादी व्यवस्था रहेको र त्यसले नै दलित समुदायलाई वर्षौंदेखि शोषित र उत्पीडित बनाएको देखिन्छ । वर्णव्यवस्थाका कारण मणिधर आर्थिक तथा सामाजिक दृष्टिले माथिल्लो संरचनामा रहेको छ भने श्रमजीवी वर्गका पुड्के दमाई र उजेली समाजको तल्लो अवस्था र स्थितिमा रहेका छन् (पोखरेल, २०८०, पृ.२६३) । कथामा उच्चजातीय प्रभुत्वका कारण निम्नजातीय पात्र उत्पीडनमा परेको छ । त्यसकारण यस सम्बन्धले दमनकारी र दमितको स्वरूप धारण गरेको छ । यसले कथाको प्रारम्भमा सामान्यजस्तै देखिने जातीय शक्तिसम्बन्ध कथाको अन्त्यमा पुग्दा पूर्ण रूपले शत्रुतामा परिणत भएको छ । यी शत्रुतापूर्ण शक्तिसम्बन्धकै कारण निम्नजातका पुड्के र उजेलीको जीवन समस्याग्रस्त अवस्थामा पुगेको छ ।

वल्लभमणि दाहालद्वारा लिखित 'को अटेरी ?' उक्त समाजमा रहेको असन्तुलित जातीय शक्तिसम्बन्धलाई आधार बनाई लेखिएको कथा हो । यस कथामा कालु, सन्ते, भुजेल्नी, मास्टर, लुइँटेल बाजे, बज्यै, रतन, पण्डित, केटाकेटी पात्रहरू छन् । 'को अटेरी' कथामा समाजको उच्च संरचनामा हैकम, दम्भ, वर्चस्व, अहङ्कार र प्रभुत्व कायम गरेर बसेको लुइटेल बाजेबाट छिमेकी गाउँले सन्ते भुजेलको परिवारप्रति उत्पीडित भएको छ (पोखरेल, २०८०, पृ.२६३) । कथाका प्रमुख पात्रहरूमा काले भुजेल (नेपाली समाजले निम्नजात मानेको) र रतन लुइँटेल (नेपाली समाजले उच्चजात मानेका) छन् । यी दुबै विद्यालयमा अध्ययनरत बालपात्र भए पनि उनीहरूसँगै सम्बद्ध घटनाहरूबाट यस कथाको जातीय शक्तिसम्बन्धले असन्तुलित स्वरूप धारण गरेको प्रस्ट हुन्छ । यस कथामा उच्चजातको रतनले निम्नजातको कालेप्रति गरेको व्यवहार, रतनका बाबुआमाको कुराकानी, रतनकी आमाले पँधेरामा गरेको कुराबाट गाउँलेहरूमा बढेको त्रास, कालेकी आमाको कालेलाई विद्यालय नपठाउने निर्णय, टुकाराम पण्डितले कालेप्रति गरेको अन्याय र मुखियाप्रति गरेको चाकडी अनि शिक्षकलाई हप्काएको सन्दर्भ, मुखियाले कालेप्रति गरेको अन्यायपूर्ण व्यावहार आदिबाट यस कथामा बैरभावपूर्ण जातीय शक्तिसम्बन्ध अभिव्यक्त भएको छ । उच्चजातको रतनले विद्यालयमा निम्नजातको कालेलाई ज्यादती गरेपछि काले विद्यालय नै छोड्ने अवस्थामा पुग्नुबाट बाल पात्रहरूको क्रियाकलापले जातीय शक्तिसम्बन्धको दर्पण प्रस्तुत गरेको छ । यस कथामा निम्नजातको कालेले उच्चजातको रतनबाट पाएको पीडालाई यसरी उल्लेख गरिएको छः "रतन बाजेले एकदम पिट्छ" (पृ.९९) । "र-अ-तन बाजे एकदम चिमट्छ, कुट्छ" (पृ.१००) । यसले प्रस्तुत कथामा उच्चजातलाई उत्पीडक र निम्नजातलाई उत्पीडित अवस्थामा पुऱ्याएको छ । त्यसपछि कालुकी आमा छोरालाई पढाइबाटै छुटाउने अवस्थामा पुगेकी छ "अब कालु जाँदैन

पढ्न, असती चुर्से काठाको कुटाइ खान" (पृ.९९) । यसले समाजमा रहेको उच्चजातीय दमन असह्य भएकै कारण निम्नजातले भाग्नु पर्ने अवस्था सिर्जना भएको देखाएको छ । कालेले रतनको प्रतिकार गरेको विषयमा गाउँलेहरूको भनाइ यस्तो छ : "लौ संतेको छोराले बाजेका छोरालाई हात हालेवापत बाजेले संतेलाई गाउँ निकाला गर्ने रे" (पृ.१०८) । यसबाट तत्कालीन समाजमा रहेको जातीय विभेदको अवस्था प्रकट भएको छ । टुकाराम पण्डितले शिक्षकलाई हकार्दै उक्त समाजमा भएको उच्चजातीय प्रभुत्वलाई यसरी व्यक्त गरेको छ : "नानी ! यस्तो चालले मास्टर हुन त पाइँदैन, बुझ्यौ ! अहिलेसम्म त गाउँमा सूनको र पित्तलको एकै भाउ गर्न दिइएको छैन" (पृ.१०९) । रतनलाई अघि सार्दै टुकरामले भने "कालु लौ यिनलाई ढोग्, बिराएँ भन्" (पृ.११०) । माथि उल्लेख गरिएका सबै सन्दर्भहरूबाट कथामा रहेको सामन्ती ढाँचाको असन्तुलित जातीय शक्तिसम्बन्ध प्रकट भएको छ ।

'को अटेरी ?' कथामा निम्नजात र उच्चजातका बिचमा परस्पर विरोधी मानसिकताको निर्माण भएको छ । त्यसको कारणका रूपमा रहेको स्थापित परम्परागत जातिवादी सत्ता विमर्शलाई सामाजिक व्यवहारले एकातर्फबाट र असमान आर्थिक सम्बन्धले अर्कोतर्फबाट मलजल गरेकै कारण जातीय शक्तिसम्बन्धले शत्रुतापूर्ण स्वरूप धारण गरेको छ । समाजमा अभिजात वर्गीय प्रभुत्वले निर्माण गरेको ज्ञान, सत्य, शक्तिलाई विवशताका कारण अघिल्लो पुस्ताले स्वीकार गरेको छ । उक्त सोचका विपरीत पछिल्लो पुस्ताको कालुले मौन रूपमा अटेर गरी विद्रोह गर्दा कथामा जातीय शक्तिसम्बन्धभित्रको शत्रुतापूर्ण रूपले उत्कर्ष प्राप्त गरेको छ । यस प्रकारको शत्रुतापूर्ण र असन्तुलित जातीय शक्तिसम्बन्धकै कारण यस कथाका निम्नजातका पात्रहरू अधीनस्थ अवस्थामा बाँच्न बाध्य भएका छन् ।

देवमणि ढकालद्वारा लिखित 'सार्की' कथामा हिन्दु परम्परागत वर्णव्यवस्थामा आधारित सामन्ती ढाँचाको विमर्शात्मक संरचनाका कारण जातीय शक्तिसम्बन्ध असन्तुलित रहेको छ । यस कथामा लामगादे सार्की, सार्की र लोकचने तीनजना निम्नजातका र कमर, छोरो, कटकबहादुर, कान्छा सुब्बा, मुखिया, मान्छेहरू उच्चजातका पात्रहरू रहेका छन् । कथामा रहेको उच्च र निम्नजातका मानिसहरूमा विमर्शात्मक संरचनाका आधारमा निर्मित र स्थापित विचारले जातीय शक्तिसम्बन्धको शत्रुतापूर्ण स्वरूप निर्धारण गरेको छ । चमैतामा जातकै आधारमा ज्यादै अन्याय भएपछि लामगादे रातारात भागेर अर्को ठाउँमा पुग्नु, सार्कीले लामगादेको क्रिया गर्न लिएको ऋणका लागि अधियाँ पालेको सुँगुर बन्धक राख्न बाध्य हुनु, चितुवाले सुँगुर खाएपछि कान्छी सुब्बिनीले सार्कीको जायजेथा हडप्नु, ऋणकै कारण मुखियाले सार्कीलाई रातभर बाख्राको खोरमा थुन्नु, बाबुको क्रिया गर्न लिएको ऋण तिर्न छ वर्ष नोकर बस्न बाध्य पारिनु आदि सन्दर्भले यस कथामा जातीय शक्तिसम्बन्धलाई वैरभावपूर्ण रहेको देखाएका छन् । यस कथाको प्रमुख पात्र सार्की र मुखियाका बिचको सम्बन्धलाई कथामा यसरी उल्लेख गरिएको छ : "उनका (मुखियाका) आँखा आफूतर्फ फिर्ने बित्तिकै हात ललाटमा लगेर ज दौ ... साहेब भनी नजर खसाएर बसिरह्यो" (पृ.९) । यसले उच्चजातका आँखामा समेत हेर्न नसक्ने स्थिति भएको तत्कालीन समाजको असन्तुलित जातीय शक्तिसम्बन्धलाई देखाएको छ । लामगादे चमैतामा उच्चजातको दमन सहन

नसकेर रातारात भागेर त्यहाँ सुखी जीवन खोज्न आएको छ । उसको मृत्युपछि छोरो सार्कीले समेत चितुवाले सुँगुर खाएको विषयमा ठिगुँरा बस्नु परेको छ । उसले रातभर बाखाको खोरमा थुनिएर जाडो सहँदै बसेपछि पनि छ वर्षसम्म नोकर बस्ने सर्तमा थुनामुक्त भएको छ । यसले उक्त समाजमा उच्च र निम्नजातका बिचमा पुस्तागत रूपमै वैरभावपूर्ण रहेको जातीय शक्तिसम्बन्धलाई देखाउँछ ।

'सार्की' कथाको समाजमा स्थापित वर्णव्यवस्थाबाट निर्देशित परम्परागत जातिवादी सोच र स्थानीय सत्तासम्बन्धले जातीय शक्तिसम्बन्ध धमिलो बनाउने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । उत्पादनका साधनमाथिको उच्चजातीय वर्चस्व तथा सत्तावादी ज्ञान र प्रभुत्वका कारण जातीय शक्तिसम्बन्ध असन्तुलित बनेको स्पष्ट हुन्छ । त्यसकारण उच्चजातका अगाडि निम्नजातका पात्रहरू निर्णायक स्वरूपको प्रतिरोधी भूमिकामा आउन सकेका छैनन् । जातीय विभेद तथा दमन शोषणलाई सामाजिक प्रतिष्ठा र आर्थिक उपार्जनको एक मात्र माध्यम ठान्ने उच्चजातीय अहम्ले वैरभावपूर्ण सम्बन्ध निर्माण गर्ने कार्यमा मलजल गरेको छ । समग्रमा जातीय विभेद तथा दमन र शोषणको उत्कर्षमा निर्मित यस कथाको असन्तुलित जातीय शक्तिसम्बन्ध ज्यादै शत्रुतापूर्ण रहेको कारण निम्नजातका मानिसले अधीनस्थ अवस्थामा रहन बाध्य हुनु परेको छ ।

कृष्णप्रसाद सर्वहाराद्वारा लिखित 'ऊ रुन थाल्यो' तत्कालीन समाजको जातीय शक्तिसम्बन्धलाई असन्तुलित देखाउन सफल कथा हो । यस कथामा उच्चजातको अधीनस्थता र वर्चस्व भएको तत्कालीन विमर्शात्मक संरचनायुक्त समाजमा उच्चजातिका मानिसबाट निम्नजातिका मानिसले भौतिक, मानसिक र शारीरिक हिंसा र यातना सहन बाध्य हुनुपर्ने सांस्कृतिक विमर्श तत्कालीन समाजमा व्याप्त रहेको यथार्थलाई यस कथामा प्रस्तुत गरिएको छ (पोखरेल, २०८०, पृ.२६४) । यस कथामा पण्डित, हर्के र पण्डितनी पात्रहरू रहेका छन् । तत्कालीन समाजको परम्पराका आधारमा निर्मित वर्णव्यवस्थाले निर्धारण गरेअनुसारको विभेदकारी जातिवादी विमर्शात्मक संरचना रहेको छ । त्यसकारण हर्के दमाई यस कथामा निम्नजातको पात्र रहेको छ भने पण्डित उच्चजातको रहेको छ । सामन्तवादी ढाँचाको असन्तुलित जातीय शक्तिसम्बन्धका आधारमा प्राप्त प्रभुत्वका बलमा यस कथाको उच्चजात र निम्नजातका बिचमा असन्तुलित जातीय शक्तिसम्बन्धको निर्माण भएको छ । यो सम्बन्ध उच्चजातको दमन, उत्पीडनका कारण सामन्तवादी स्वरूपमा झल्किएको छ । पण्डितले हर्केमाथि गरेको निरन्तर प्रहारकै कारण जातीय शक्तिसम्बन्धमा शत्रुताले प्रवेश पाएको छ । कथाको प्रारम्भदेखि अन्त्यसम्म कतै पनि पण्डितले हर्केका लागि जातीय घृणा नझल्किने स्वरूपको भाषाको प्रयोग गरेको छैन । कथाको प्रारम्भमै पण्डितले हर्केप्रति प्रयोग गरेको भाषिक स्वरूपले उच्च र निम्नजातका बिचको सम्बन्धलाई देखाएको छ । यसलाई कथामा यसरी उल्लेख गरिएको छ :

> "क्या हो डुमरा ? हजूरको त दर्शन गर्न पनि अब त सारै मुस्किल भयो होइन ? आफैं मर्नु (आउनु) त कता हो कता झन मान्छेद्वारा चाकरी पठाउँदा पनि सवारी नहुने होइन ? मुर्दाले तीन-तीन दिनसम्म उसको चिहानमा धाउन लगाइसक्यो र पनि पत्तो छैन ।

बाबुसाहेब आज त झुल्किनु भएछ कताबाट सवारी चलेको हो ।" भनेर प. कृष्णहरि तिम्सिनाले ... हर्केको सातो लिए (पृ.९) ।

पण्डितको यस भनाइमा तत्कालीन समाजमा रहेको असन्तुलित जातीय शक्तिसम्बन्धको समान्तवादी स्वरूप प्रकट भएको छ । पण्डितले हर्केका लागि 'डुमरा', 'मर्नु', 'बाबुसाहेब', 'सवारी' आदि शब्दको प्रयोग गरेर अत्यन्त घृणाको भाव व्यक्त गरेको छ । पण्डितको यस प्रकारको आक्रमणमा हर्केले जनाएको प्रतिक्रियालाई कथामा यसरी उल्लेख गरिएको छ : "जदौ हजूर ! विष्ट किन यस्तरी रिसानी भाको ? म छँदै छु नि हजूर । मालिकहरूले भनेका बेलामा म कैले नाइँ नास्ती गर्न सक्थें र प्रभो" (पृ.९-१०) ! हर्केले 'जदौ','रिसानी', 'हजूर', 'विष्ट', 'धर्म-औतार' आदि उच्च सम्मानित भाषाको प्रयोग गरेको छ । पण्डित र हर्केको भाषाले उत्पीडक र उत्पीडित स्वरूपको जातीय शक्तिसम्बन्धलाई देखाएको छ । कथाको अन्त्यमा आफ्नी आमको मृत्यु हुँदा पण्डितकै कारणले पानीसम्म पनि खुवाउन नपाएपछि भने रिसाएर हर्केले पण्डितका लागि 'पापीहरू' शब्दको प्रयोग गरेको छ । यसरी कथामा आद्योपान्त प्रयोग भएको भाषिक स्वरूपका माध्यमबाट यस कथामा सामन्तवादी असन्तुलित जातीय शक्तिसम्बन्धको स्वरूप व्यक्त भएको छ ।

'ऊ रुन थाल्यो' कथामा तत्कालीन समाजमा स्थापित वर्णव्यवस्थाद्वारा निर्देशित सामन्ती स्वरूपको असन्तुलित जातीय शक्तिसम्बन्ध रहेको छ । सामन्तवादी ढाँचाको विमर्शात्मक संरचनाले समाजको प्रभुत्व उच्चजातका हातमा सुम्पिएका कारण निम्नजातको पात्र उत्पीडनमा परेको छ । त्यसले समाजमा उच्च र निम्नजातका बिचको सम्बन्धमा कटुता पैदा गरेको छ । निम्नजातको श्रम र उत्पादनका साधनमाथि उच्चजातको वर्चस्व भएकै कारण निम्नजात दमित र शोषित भएको छ । पण्डितको अमानवीय आक्रमणको परिणतिमा हर्केले आफ्नी आमालाई अन्त्यावस्थामा पानीसम्म खुवाउन पाएको छैन । माथिका सबै कारणहरूले यस कथाको असन्तुलित जातीय शक्तिसम्बन्धले शत्रुताको रूप धारण गरेको छ । त्यसका कारण निम्नजातको पात्र हर्केको जीवन कष्टकर हुँदै अधीनस्थ अवस्थामा पुगेको छ ।

माधव भँडारीद्वारा लेखिएको 'दमाई' नेपालको मध्यपहाडी भूभागमा तत्कालीन अवस्थामा विद्यमान जातीय शक्तिसम्बन्धको असन्तुलित अवस्थालाई प्रकाश पार्ने कथा हो । यस कथामा दमाई, बाहुनी, बज्यै, हरिकृष्ण बाजे र गाउँलेहरू पात्र रहेका छन् । हिन्दु वर्णव्यवस्थाले निर्धारण गरेअनुसारको विभेदकारी र असन्तुलित जातीय शक्तिसम्बन्ध यस कथामा रहेको छ । दमाई एक मात्र यस कथाको निम्नजातको पात्र हो भने बाजे र बज्यै दुबै उच्चजातका पात्रहरू हुन् । कथामा गाउँलेहरूको जातीय स्थान खुलाइएको छैन । उक्त समाजमा उच्चजातले जातीय अहङ्कार बोकेका कारण उच्च र निम्नजातका बिचमा सहज स्वरूपको सम्बन्ध स्थापित हुन सकेको छैन । त्यसकारण निम्नजातको दमाई पात्र उत्पीडनमा परेको छ । पहाडको बाटो हिँडेर साँझ बाहुनका घरमा पुगी दमाईले बास माग्दा भएको संवादलाई कथामा यसरी उल्लेख गरिएको छ :

"यो राति कता जाँऊ बाजे, सिकुवा त पाहुनैको हो, एउटा सुकुल दिए यँही लड्छु ।" बूढाको स्वरमा अझ नम्रता थियो । "हुँदैन, हुँदैन, अहिले अरू बाहुनहरू आए भने त्यहीँ

दिनु पर्छ, बाटाको घर के ठेगान छ । उ पर दमाईकै घर छ, उहीँ जा ।" हरिकृष्ण शर्माले अझ उच्च स्वरमा भने (पृ.४५) ।

कथामा प्रस्तुत यस संवादका माध्यमबाट तत्कालीन समाजमा रहेको जातीय शक्तिसम्बन्धको असन्तुलित परम्परागत सामन्ती स्वरूप झल्किएको छ । जातलाई नै मान्छेको योग्यता ठानी घरमा बस्नका लागि योग्य र अयोग्य छुट्याउने काम भएको छ । त्यति मात्र नभएर सिकुवाको छेउ पनि अहिले आएको दमाईले नपाउने र पछि आउन सक्ने बाहुनका लागि साँचेर राख्ने मानसिकता प्रकट भएको छ । यसले अन्तर्जातीय सम्बन्धमा विभेदका माध्यमबाट विषमता स्थापित गरेको छ । दमाईले राति आँखा नदेख्ने जनाउ दिँदै बासका लागि थप अनुरोध गरेपछिको संवाद यस प्रकारको छ :

"होइन हजूर, यो राति बूढो मान्छे, आँखा देख्तिनँ, कता जाऊँ ? यतै ढिकीमा भए पनि लड्न पाए हुन्छ ।"
"कति जबरदस्ती मोरो र छ !" आफ्नी पत्नीसँग हरिकृष्णले भने । "होस् न त है, लडोस् ढिकीमा" बज्यैले पतिसँग भनिन् ।
"कचकचे मोरो, लोसो लागिगयो, त्यहीँ लड् भनिदे र त्यो बिरालाका छाउरालाई ओछ्याउने गरेको सुकुल दे"- हरिकृष्णले भने
"नाईं मेरा बिरालाका छाउरा मरिहाल्छन् नि !" बज्यैले भनिन् ।
"ऊ त्यो नयाँ चाईं छाउरालाई ओढाइदिनू"- हरिकृष्णले भने (पृ.४५) ।

कथामा उल्लेख गरिएको यस संवादमा उक्त समाजमा भएको अन्तर्जातीय सम्बन्धलाई पहिचान गर्न सकिन्छ । दमाईका जिद्दीले उसले बास त पायो तर बिरालाको भन्दा पनि तल्लो स्तरको बास पायो । नयाँ सुकुल बिरालाका छाउराले पाए र उसले पुरानो पायो । यसले उक्त समाजमा निम्नजातका मानिसलाई बिराला वा पशुभन्दा पनि तल राखेर व्यवहार हुन्थ्यो भन्ने तथ्यलाई प्रकट गरेको छ । त्यसकारण तत्कालीन समाजमा भएको विभेदकारी जातीय शक्तिसम्बन्धबाट निम्नजातका मानिस उत्पीडनमा परेका छन् ।

'दमाई' कथामा तत्कालीन समाजमा आधारित सामन्ती स्वरूपको असन्तुलित जातीय शक्तिसम्बन्ध रहेको छ । त्यसले समाजमा निम्नजातलाई विभेद गरी जातीय उत्पीडनको सिकार बनाएको छ । सामाजिक सत्तामा उच्चजातीय प्रभुत्व कायम रहेको छ । सामन्ती स्वरूपको विमर्शात्मक संरचनाका कारण उच्च र निम्नजातनका बिचमा दमनकारी र दमितको सम्बन्ध स्थापित भएको छ । हिन्दु वर्णव्यवस्थामा उल्लिखित जातीवादी अवधारणाले यस प्रकारको असन्तुलित जातीय शक्तिसम्बन्धलाई आधार प्रदान गरेको छ । त्यसकारण यस कथाको प्रमुख पात्र दमाई अधीनस्थ अवस्थामा पुगेको छ ।

मुकुन्द ढुङ्गेलद्वारा लेखिएको 'त्याग' तत्कालीन समयमा विद्यमान जातीय शक्तिसम्बन्धको असन्तुलनलाई विषय बनाई लेखिएको कथा हो । यस कथामा जुठी, सानुबाबु, साहिला बाजे, खुँडे दमाई र काँहिला बाजे पात्रहरू रहेका छन् । कथामा परम्परागत हिन्दु वर्णव्यस्थाको निर्णायक

प्रभाव रहेको छ । त्यसकारण जुठी र खुँडेले सामाजिक रूपमा निम्नजातको र अरू पात्रहरूले उच्चजातको प्रतिनिधित्व गरेका छन् । समाजमा स्थापित परम्परागत सामन्तवादी संरचनाका कारण यस कथामा दमनकारी र दमितका रूपमा असन्तुलित जातीय शक्तिसम्बन्धले आकार ग्रहण गरेको छ । साँहिला बाजे गाउँका सामन्त हुन् । गाउँमा उनको प्रभुत्व कायम छ । खुँडे गाउँको निम्नजातको पात्र हो । समाजमा उच्चजातले निम्नजातलाई हेप्ने, सताउने तथा निम्नजात हेपिने परम्परा स्थापित छ । यसले बहुजातीय समाजमा जातीय शक्तिसम्बन्धलाई सोपानक्रमिक स्वरूप प्रदान गरेको छ । साँहिला बाजेको छोरो सानोबाबु र खुँडे दमाईकी छोरी जुठीका बिचमा भएको प्रेम सम्बन्धका बारेमा रहेको सामाजिक दृष्टिलाई कथामा यसरी उल्लेख गरिएको छ : “समाजको दृष्टिमा उही पहिलेको प्रेम अब पापमा गनिन थाल्यो किनभने जुठी दमिनी थिई र सानोबाबु बाहुन । कहाँ बाहुन, कहाँ दमाई ! समाजको दृष्टिमा आकाश-पातालको अन्तर थियो” (पृ.११) । मान्छेको प्राकृतिक जातका विरुद्ध वर्णव्यवस्थाले निर्माण गरेको जातीय विभेदले यस कथामा जातीय शक्तिसम्बन्धलाई धमिलो स्वरूप प्रदान गरेको छ । यो दृष्टिकोण सामाजिक शक्तिका रूपमा स्थापित छ । बाहुन र दमाईका बिचको प्रेमसम्बन्ध उच्चजातका दृष्टिमा अपराध सावित भएको छ । त्यसलाई अझ प्रस्ट पार्दै साँहिला बाजेसँग काँहिला बाजेले भनेको छ “तपाईंको छोराले त सारा कुलको नाक काट्ने भयो । कत्रो खानदानको इज्जत आज सब पानीमा मिल्यो” (पृ.१२) । यसरी जातीय शक्तिसम्बन्धलाई कुल र खानदानको इज्जतसँग जोड्ने परम्परित सामन्ती प्रथा कथामा प्रकट भएको छ । यसले समाजमा भएका जातहरूका बिचको सद्भावमा खलल पुऱ्याई विभेद र उत्पीडनको आधार सिर्जना गरेको छ । समाजले निर्माण गरेको असन्तुलित जातीय शक्तिसम्बन्धको यो अवस्थाले उच्चजातमा अहङ्कार र निम्नजातमा हीनत्वको भाव जागृत गराएको छ । त्यसकारण बाहुन परिवारको अङ्कार प्रस्ट देखिन्छ । निम्नजातकी जुठी पनि यसको प्रभाव यसरी परेकी छ “म दमिनी; दमाई र बाहुनमा कसरी मेल ! कहाँ दमाई पानी नचल्ने, कहाँ बाहुन बाजे त्रिपुण्ड-धारी र पवित्र कहलाइएका ! मेल असंभव” (पृ.१३) । जुठीको यस कथनमा तत्कालीन समाजमा रहेको सामन्तवादी असन्तुलित जातीय शक्तिसम्बन्धको स्वरूप प्रकट भएको छ । यसले पहिचानमा मात्र सीमित हुनु पर्ने जातीय शक्तिसम्बन्धलाई पवित्र र अपवित्र स्वरूपमा विभाजित गरेको छ । यसैले अन्ततः जुठी र सानोबाबुका बिचको प्रेमसम्बन्धले बिछोडको कारुणिक स्वरूप धारण गरेको छ ।

‘त्याग’ कथामा रहेको समाज बहुजातीय भए पनि जातीय शक्तिसम्बन्धका दृष्टिबाट असन्तुलित र सामन्ती स्वरूपको छ । ‘त्याग’ कथामा आफ्नी छोरी जुठीले बाहुन साँहिला बाजेको छोरो सानुबाबुसँग प्रेम गरेकै कारण खुँडे दमाईले आफ्नो वर्षौंदेखि भोगचलन गर्दै आएको बासस्थान त्याग्नुपरेको छ । जातलाई शक्तिको आधार स्वीकार गरेको विमर्शात्मक संरचनाले निम्नजातलाई मानसिक रूपमा नै उच्चजातभन्दा कमजोर बनाउँछ (पोखरेल, २०८०, पृ.२६४) । वर्णव्यवस्थाका आधारमा निर्मित विमर्शात्मक संरचनाका कारण जात विभेद, दमन र शोषणको प्रवेश बिन्दु बनेको छ । सामाजिक सत्ता र प्रभुत्वमा उच्चजातको नियन्त्रण भएकै कारण जातीय शक्तिसम्बन्धले दमनकारी र दमितको स्वरूप धारण गरेको छ । त्यसलाई वर्णव्यवस्थाका आधारमा

विमर्शमा निर्मित जातिवादी ज्ञानले निर्देशित गरेको छ । त्यसले उच्च र निम्नजातका बिचको वैवाहिक सम्बन्धमा अवरोध सिर्जना गरेको छ । उच्चजात अहङ्कारी र निम्नजातलाई हीन भावनाको सिकार बनाउन पनि यस प्रकारको जातीय शक्तिसम्बन्धले निर्णायक भूमिका निर्वाह गरेको छ । त्यसैको परिणामस्वरूप यस कथाका निम्नजातका पात्रहरू खुँडे र जुठीले एकातिर आफ्नो थातथलो सधैँका लागि त्याग्नु परेको छ भने जुठीको प्रेमसम्बन्धले वियोगको परिणति भोग्नु परेको छ । यसरी असन्तुलित जातीय शक्तिसम्बन्धकै कारण निम्नजातका यी दुबै पात्रको जीवन पीडाग्रस्त अवस्थामा पुगेको छ ।

कथाकार रमेश विकलद्वारा लेखिएको 'वीरेकी आमा' तत्कालीन काठमाडौँ सहरमा भएको जातीय शक्तिसम्बन्धको असन्तुलनलाई चित्रण गर्ने कथा हो । समाजका सबै विधानको निर्माता र त्यसलाई वैधता प्रदान गर्ने कार्य दुबै उच्च जातबाटै हुने र त्यसैका आधारमा सामाजिक मानसिकताको निर्माण र विकास गरी उच्च जातले निम्न जातलाई सीमान्तीकृत अवस्थामा पुऱ्याउने कुरालाई यस कथामा कलात्मक रूपमा प्रस्तुत गरिएको छ (कोइराला, २०७०, पृ.६८) । यस कथामा 'म', श्रीमती, वीरेकी आमा, राजदलकी जहान, सुवेदार्नी, बैदारकी बुहारी र घिमिरे पात्रहरू रहेका छन् । वीरेकी आमा परम्परागत वर्णव्यवस्थाका आधारमा एक मात्र निम्नजातकी पात्र छ भने अरू सबै पात्रहरू उच्चजातका रहेका छन् । यस कथामा परम्परागत वर्णव्यवस्थामा आधारित सामन्ती ढाँचाको असन्तुलित जातीय शक्तिसम्बन्ध रहेको छ । उक्त सम्बन्ध वीरेकी आमाले गरेको श्रम र गाउँका अरूले उसप्रति गरेको व्यवहारबाट प्रकट भएको छ । गाउँका सबैको घरमा परेका कामका लागि वीरेकी आमा नै सहायक भएकी छ । उसको श्रमलाई आफ्नो समस्याको समाधानका लागि प्रयोग गर्ने उच्चजातीय समाजले उसलाई गरेको व्यवहार कथामा यसरी उल्लेख गरिएको छ :

> आफू बाँचेर ऊ गाउँको अस्तित्व बचाउँथी । तैपनि गाउँका ठुलाबडाका आँखामा ऊ मानिस थिइन मिसिन थिई, एउटा मिसिन । त्यहीं मिसिन पनि बराबर जगेर्ना गर्न नपर्नेजस्तो । उनीहरू घाँस काट्ने हँसिया पनि जगेर्ना नगरेर रातोदिन घामपानीमा फ्याँकिराखे चाँडै खियाले झर्छ भन्ने सत्यलाई सोच्न चाहन्नथे । सोचेर पनि त के फाइदा ? ... न वीरेकी आमाले आधा पेट खाएर कसैको पेट बटारिन्थ्यो, न त चिरैचिरा, प्वालै प्वाल भएको मैलो गन्ह्राउने लुगाका अन्तरबाट च्याउने टाटै-टाटा र दागैदाग भएको उसको अङ्गप्रत्यङ्गले कसैलाई सरमको अनुभव नै हुनथ्यो (पृ.५७) ।

कथामा उल्लेख भएको यस साक्ष्यका माध्यमबाट तत्कालीन समाजमा रहेको असन्तुलित जातीय शक्तिसम्बन्धको सामन्ती स्वरूप प्रकट भएको छ । वीरेकी आमाको कार्य गाउँका सबैका लागि छ तर अरूले उसलाई मान्छे नै ठानेका छैनन् । अरूका नजरमा ऊ एउटा जतन नै गर्नु नपर्ने हतियार भएकी छ । उसको भोक, प्यास, थकान, पहिरन, शरीर आदिका सम्बन्धमा कसैलाई पनि चासो नै छैन । त्यसकारण यस कथाको असन्तुलित जातीय शक्तिसम्बन्ध विभेदमा आधारित छ । वीरेकी आमाले जीवनभर गाउँकै सेवा गरी । उसले कतिलाई हुर्काई, कतिलाई दुध चुसाई,

कतिको भाँडा माझी र कतिको अरू काम गरी । अचानक झाडापखालाले उसको मृत्यु भएपछिको अवस्थालाई कथामा यसरी देखाइएको छ :

> तर आज ऊ मरी; उसँग मान, इज्जत, धन, दौलत केही पनि छैन । त्यसैले ठुलाबडाका आँखामा उसको जात पनि छैन- मान्छेको जात ! सबैलाई उसले मान्छे बनाएकी थिई रे तर उसले बनाएका मान्छे आज ठुला जात थिए, ऊ सानो जात । वास्तवमा समाजको आँखामा आज ऊ मान्छे नभएर जात थिई, केवल जात (पृ.६०) ।

यसले समाजमा उच्चजातले निम्नजातप्रति गरेको निन्दनीय व्यवहारलाई व्यक्त गरेको छ । समाजका उच्चजातका आँखामा निम्नजातको मानिस मान्छे नभएर जात मात्र हुने गरेको अवस्थालाई यस सन्दर्भमा उल्लेख गरिएको छ । त्यसकारण जातीय विभेदमा आधारित सामाजिक चिन्तनकै कारण कथामा निम्नजातका वीरेकी आमा उत्पीडनमा परेकी छ ।

'वीरेकी आमा' कथाको समाज बहुजातीय छ । यस कथामा हिन्दु परम्परामा आधारित वर्णव्यवस्थाले आधिकारिकता प्रदान गरेको सामन्ती ढाँचाको असन्तुलित जातीय शक्तिसम्बन्धको स्वरूप प्रकट भएको छ । त्यसकारण कथामा उच्चजात उत्पीडनकारी बनेकाले निम्नजात उत्पीडनमा परेको छ । उच्चजातमा सामाजिक सत्ता र उत्पादनका साधनमाथिको वर्चस्व रहेको छ । उत्पादित वस्तुको प्रतिफल वितरणमा असमानता भएकै कारण जातीय शक्तिसम्बन्धले शोषक र शोषितको रूप धारण गरेको छ । सम्बन्धको यस स्वरूपलाई समाजमा स्थापित परम्परागत र विभेदकारी सामाजिक विमर्शात्मक संरचनाले वैधता प्रदान गरेको छ । त्यसकारण जातीय शक्तिसम्बन्ध असन्तुलित बनेकै हुनाले यस कथाकी निम्नजातकी प्रमुख नारी पात्रको जीवन समाप्त हुनपुगेको छ ।

### ५.३.२ यथार्थवादी नेपाली कथामा जातीय विभेद

गुरुप्रसाद मैनालीद्वारा लेखिएको 'पापको परिणाम' उक्त समाजमा भएको असन्तुलित जातीय शक्तिसम्बन्धका कारण सिर्जित जातीय विभेदको अवस्थालाई प्रकट गर्न सफल कथा हो । यस कथामा वर्णव्यवस्थामा आधारित उच्च र निम्नजातका पात्रहरू रहेका छन् । कान्तु पाध्येलगायत अरू पाध्ये परिवारका पात्रहरू उच्चजातका छन् भने घर्तीहरू निम्नजातका रहेका छन् । यस कथामा उच्चजातलाई धनी, शिक्षित र प्रभुत्वशाली रूपमा प्रस्तुत गरिएको छ भने निम्नजातलाई गरिब, अशिक्षित र कमजोर देखाइएको छ । त्यसकारण पात्रको उपस्थितिबाटै जातीय विभेदको स्वरूप झल्किन्छ । निम्नजातका घर्तीहरूले झोडी फाँडेको विषयलाई उच्चजातको कान्तेले वन फँडानी गरेको भनी मुद्दा लगाएको छ । सुरुमा घर्तीको साथ दिन्छौँ भनी तयार भएका भैरे, दीनानाथ, दाताराम आदि पाध्ये परिवारका सदस्यहरू डोर आउँदा कान्तेकै पक्षमा उभिएका छन् । कान्तेका ज्यादतीपूर्ण कार्यहरूबाट रिसाएका अन्य गाउँलेहरू पनि अन्ततः घर्तीहरूका विपक्षमा नै हस्ताक्षर गर्न पुग्छन् । समस्याको सत्यता परीक्षण गर्न आएको सरकारी टोली (डोर) ले पनि वास्तविकता नबुझी घर्तीहरूको विपक्षमा सरजमिन तयार पारेको छ । यी

सबैको परिणाममा अदालतबाट घर्तीहरू दोषी प्रमाणित भएर जेलमा पुगेका छन् । यसरी कान्तेले झुटो मुद्दा लगाएर घर्तीहरूमाथि जातीय विभेद गरेको छ भने गाउँलेहरूले झुटो साक्षी बक्दा घर्तीहरू जातीय विभेदमा परेका छन् । त्यस्तै सरकारी डोरले वास्तविकता नबुझ्दा र अदालतले गलत प्रमाणलाई आधार मान्दा पनि घर्तीहरू नै जातीय विभेदमा परे । सरजमिनका समयमा घर्तीहरूमाथि भएको अन्यायलाई कथामा यसरी उल्लेख गरिएको छ :

> सरजमिनहरू कानेखुसी गर्न लागे । एकछिनपछि त्यो गुप्त समितिबाट गरिब मार्ने प्रस्ताव पास भो । दीनानाथ पाध्येले आँखीभौं खुम्च्याए भने- "हामी वन रुँगेर बसेनौं; वनका गोठाला कान्ते मुखिया हुन्, उनी घर्तीहरूले काटेको भन्छन् भने हामी के भनौं ? म त घर्तीहरूले काटेको भनी सही हाल्छु ।"
>
> मुख फोर्ने मानिस चाहिएको थियो । दीनानाथले त्यो भन्नासाथ सबै एकोहोरिए, घर्तीहरूपट्टि कोही हेर्दैनथ्यो । मुचुल्का तयार भो । सही छाप गरेर सबै जना लाखापाखा लागे । संग्राम समाप्त भो, घर्ती हारे, कान्तु पाध्येको विजय भो (पृ.३९) ।

कथामा उल्लेख गरिएको यस सन्दर्भमा तत्कालीन समाजमा भएको जातीय विभेदको अवस्थामाथि प्रकाश पारिएको छ । सरजमिनको सल्लाह नै गरिब मार्ने छ अनि गरिब भनेकै घर्तीहरू छन् । घर्तीहरूलाई हराउन कान्ते, सरजमिन र सारा गाउँलेहरू एकजुट भएका छन् । त्यसकारण निम्नजातका घर्तीहरू सामाजिक बहिष्करणमा परी सजायको भागी बनेका छन् ।

'पापको परिणाम' कथामा तत्कालीन समाजमा रहेको परम्परागत ढाँचाको असन्तुलित जातीय शक्तिसम्बन्धमा आधारित जातीय विभेद रहेको छ । समाजमा उच्चजातको वर्चस्व रहेको छ । त्यसकारण जातीय विभेद हुँदा निम्नजात उत्पीडनमा परेको छ । त्यसका लागि स्थापित परम्परागत सामन्ती स्वरूपको असन्तुलित जातीय शक्तिसम्बन्ध सहायक बनेको छ । उच्चजातीय अहङ्कार र निम्नजातीय हीनताबोधको भावना पनि जातिवादी विमर्शको कारण निर्माण भएको छ । यसरी जातीय दृष्टिबाट असन्तुलित बनेको शक्तिसम्बन्धकै कारण यस कथाका निम्नजातीय घर्तीहरूको जीवन अधीनस्थ बनेको छ ।

कृष्णबम मल्लद्वारा लेखिएको 'हली' तत्कालीन समाजमा रहेको असन्तुलित जातीय शक्तिसम्बन्धलाई व्यक्त गर्ने कथा हो । यस कथामा पुड्के र उजेली परम्परागत आधारमा निम्नजातका र मणिधर उच्चजातका पात्रहरू रहेका छन् । कथामा परम्परागत ढाँचाको सामन्ती जातीय विभेदको स्वरूप प्रकट भएको छ । धनी पात्रका रूपमा उच्चजातलाई र गरिब पात्रका रूपमा निम्नजातलाई उभ्याएर प्रस्तुत गर्नु पनि जातीय विभेद नै हो । मणिधरले जातीय विभेदलाई आधार बनाएर पुड्के र उजेलीमाथि दमन र शोषण गरेको छ । उसले विवाह गरेको भोलिपल्टैदेखि पुड्केलाई जोत्न लगाएर निम्नजातप्रतिको विभेद प्रकट गरेको छ । "बिहे सिद्धिएकै भोलिपल्टदेखि पुड्के मणिधरको खेत जोत्न लाग्यो । उजेली अरूका भोटा र चोला सिउन लागी" (पृ. ६८) । उजेलीले भोटा र चोला सिउनु पनि तत्कालीन समाजमा विभाजित जातीय कार्य हो ।

जातका आधारमा काम लगाउने र कामकै आधारमा विभेद गर्ने तत्कालीन समाजको स्वरूप पनि कथामा प्रस्तुत भएको छ । मणिधरले निम्नजातकी उजेलीप्रति गरेको व्यवहार र बोलेको भाषामा पनि विभेदको स्वरूप झल्किन्छ । रु.९०।- ऋण दिएर रु.१२०।- मागेको विरोध उजेलीले गरेपछि मणिधर भन्छ "डुम्रिनी मनपरी बोल्छे ए ! उमेर त छँदैछनी ! पोइको माया भए जा न पेशा गर, रुपियाँ कमा; उसलाई छुटा" (पृ.७१) ! मणिधरको यस भनाइमा निम्नजातकी नारीप्रति वेश्यावृत्ति गर्न जाने आदेश छ । उसले प्रयोग गरेको भाषा पनि अत्यन्त निम्न स्तरको छ । यसले तत्कालीन समाजमा उच्चजातले निम्नजातमाथि गर्ने विभेदलाई प्रकट गरेको छ ।

'हली' कथामा असन्तुलित जातीय शक्तिसम्बन्धमा आधारित सामन्ती ढाँचाको विभेदको स्वरूप प्रकट भएको छ । समाजको सत्ता वा प्रभुत्व र उत्पादनका साधनमाथि उच्चजातको वर्चस्व रहेको छ । आफै आरोप लगाउने र आफै फैसला गर्ने अधिकार उच्चजातमा भएकै कारण निम्नजातका पात्रहरू उत्पीडनमा परेका छन् । त्यसलाई समाजमा स्थापित भएको असन्तुलित जातीय शक्तिसम्बन्धले वैधता प्रदान गरेको छ । त्यसकारण यस कथाका निम्नजातका पात्रहरूको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

वल्लभमणि दाहालद्वारा लेखिएको 'को अटेरी' तत्कालीन समाजमा रहेको असन्तुलित जातीय शक्तिसम्बन्धका कारण भएको विभेदलाई प्रकाश पार्न सफल कथा हो । यस कथामा नेपाली समाजको परम्परागत वर्णवादी विमर्शमा आधारित जातीय विभेदको स्वरूप प्रकट भएको छ । उच्च र निम्न दुबैका अवधारणाभित्र रहेको चिन्तनले उक्त जातीय विभेदलाई प्रकट गरेको छ । उच्चजातको भएकै कारण रतनले कालुमाथि अन्याय गर्नु, रतनका आमाबाबुले कालुलाई नै दोषी देख्नु, पण्डितले कालुलाई रतनको खुट्टा ढोग्न अन्यायपूर्ण निर्देशन दिनु, पण्डितले शिक्षकलाई सुन र फलामलाई फरक व्यवहार गर्न आदेश दिनु, मुखियाले कालुलाई रतनको खुट्टा ढोगाउन कठालो समातेर निहुराउनु आदि सन्दर्भहरूले यस कथामा भएको जातीय विभेदलाई जनाएका छन् । कथाको प्रारम्भमा नै आएको "रतन बाजेले हिजो पनि कुट्यो । एकदम चिमट्छ" (पृ.९९) । भन्ने कालुको कथनले त्यस समाजमा निरन्तर जातीय विभेद भइरहेको सङ्केत गरेको छ । त्यसैगरी भुजेल्नी भन्छे "अब कालु जाँदैन पढ्न, असती चुर्से काठाको कुटाइ खान" (पृ.९९) । यस भनाइले पनि उच्चजातका समवयस्कबाट निरन्तर प्रताडित भएकै कारण निम्नजातले शिक्षाबाट विमुख हुनु पर्ने विभेदजन्य अवस्थालाई देखाएको छ । त्यसपछि कथाकारको टिप्पणी "उतापट्टि बाजे-बजैलाई रातभरि निद्रा लागेन । छोटो जातको मान्छेले जे भएको एक्लो छोरोमाथि हात हालेकोले दुबैलाई आफ्नू नाकमा कालो लागेको जस्तो लाग्यो" (पृ.१०८) । ले आफ्नो छोराले कालुलाई जति पिटे पनि कुनै समस्या नमान्ने बाजे मानसिकतालाई देखाएको छ । त्यसैगरी कालुले आफ्ना छोरालाई हात हाल्दा रातभरि छटपटिएको र ननिदाएको अनि इज्जतसमेत समाप्त भएको सोचबाट ग्रसित हुनुले जातीय विभेदको उग्ररूप प्रकट गरेको छ । त्यसैगरी "नानी ! यस्तो चालले त मास्टर हुन पाइँदैन बुझ्यौ ! अहिलेसम्म त गाउँमा सुनको र पित्तलको एकै भाउ गर्न दिएको छैन" (पृ.१०९) भन्ने पण्डितको भनाइबाट समाजमा उच्चजातको स्थान सुनको र निम्नजातको स्थान पित्तलको रहेको भन्ने स्थापित जातिवादी विमर्शलाई प्रस्ट पारेको छ । समग्रमा

यस कथामा कथित उच्चजातका मानिसले सधैँ फरक व्यवहार गरी निम्नजातका मानिसलाई सत्तामाथिको पहुँच, प्रभुत्व र जातिवादी विमर्शका आधारमा विभेद गरी अधीनस्थ अवस्थामा पुऱ्याएको स्पष्ट हुन्छ ।

'को अटेरी' कथामा सामन्तवादी विमर्शात्मक संरचना रहेको हुनाले जातीय शक्तिसम्बन्ध असन्तुलित बनेको छ । त्यसकारण समाजमा उच्चजातको प्रभुत्व स्थापना भई निम्नजात जातीय आधारमै उत्पीडनमा परेको छ । उच्चजातले सामाजिक न्याय र शैक्षिक क्षेत्रमा वर्चस्व कायम गरी त्रासपूर्ण वातावरण सिर्जना गरेको छ । सामन्ती ढाँचाको विमर्शात्मक संरचनामा रहेको जातिवादी ज्ञानका माध्यमबाट जातीय शक्तिसम्बन्धलाई असन्तुलित बनाइएको छ । त्यसकै बलमा उच्चजातले निम्नजातमाथि चरम दमन र शोषण गरी अधीनस्थ अवस्थामा पुऱ्याएको छ ।

देवमणि ढकालद्वारा लिखित 'सार्की' कथामा हिन्दु परम्पराको वर्णव्यवस्थामा आधारित विभेदकारी विमर्शात्मक संरचना रहेको छ । उक्त विमर्शात्मक संरचनाका कारण यस कथाको जातीय शक्तिसम्बन्ध असन्तुलित बनेको छ । यस कथामा जातकै आधारमा भएका विभेदले निम्नजातका मानिसले अत्यन्त कष्टपूर्ण जीवन भोग्नु परेको छ । निम्नजातको पात्र लामगादे रातारात पुर्ख्यौली थलो छोडेर भाग्न बाध्य हुनु, सार्कीलाई डाङ्ग्रो शब्द प्रयोग गरी कान्छी सुब्बिनी र मुखियाले गाली गर्नु, दिनभर काम गराएर सानो पोको चामल ज्यालाका रूपमा दिनु, घरका सम्पूर्ण सामान हडप्नु, बाँधेर सजाय दिनु, रातभर बाखाका खोरमा थुन्नु, सानो ऋणमा छ वर्ष नोकर बनाएर कज्याउनु आदि यस कथामा भएका जातीय विभेदका तथ्यहरू हुन् । बाबुको काजक्रिया सकेको भोलिपल्टै बाध्य भएर मालिकको धान कुट्न पुगेको सार्कीलाई मुखियाले जातकै आधारमा विभेदकारी भाषा प्रयोग गर्दै भनेको छ : "यो डांग्रो यति बेला मुलुक्क अनुहार देखाउन आयो" (पृ.९) । अधियाँ पालेको सुँगुर चितुवाले खाएपछि कान्छी सुब्बिनीले पनि जातीय विभेदयुक्त भाषाकै प्रयोग गर्दै भनेकी छ : "ए डाङ्ग्रा ! ए मशान तेरो बाबु गादे चोरले दशघर दाँत डिच्याउँदा पनि कतै बास नपाउँदा मैले उसकै बारीभैँ गरी ढलिमलिसँग बस्न दिएको गुण आज निकालिस" (पृ.१२) । मुखियाले रातिसम्म धान कुट्न लगाउँदा घरमा एक्लै भएको सुँगुरलाई चितुवाले खाएकै कारण उसका घरका सबै जायजेथा कान्छी सुब्बिनीले हडपेकी छ । मुखियाले गरेको सार्कीमाथिको शारीरिक कुटपिट, ठिँगुरा र छ वर्षसम्म नोकर बस्नु पर्ने निर्णय आदिले यस कथामा भएको जातीय विभेदलाई प्रस्तुत गरेको छ ।

'सार्की' कथा परम्परागत वर्णव्यवस्थाको सामन्तवादी विमर्शात्मक संरचनाका कारण निर्मित असन्तुलित शक्तिसम्बन्धलाई सुन्दर ढङ्गले अभिव्यक्त गर्ने कथा हो । यस कथामा उच्चजातले निम्नजातमाथि शक्तिका आधारमा सामाजिक, आर्थिक र न्यायिक क्षेत्रमा विभेद, दमन र शोषण गरेको छ । यी सबै प्रकारका विभेदहरूलाई समाजमा स्थापित असन्तुलित जातीय शक्तिसम्बन्धले संरक्षण गरेको छ । उक्त विभेदकारी मानसिकतालाई प्रभुत्वशाली जातिको उत्पादनका साधनमाथिको वर्चस्व र सत्तासम्बन्धले बलियो आधार प्रदान गरेको छ । विश्लेषित सबै तथ्यहरूलाई आधार मान्दा यस कथाको उच्चजातले स्थापित असन्तुलित शक्तिसम्बन्धका

बलमा निम्नजातमाथि सामाजिक, आर्थिक र मानसिक विभेद गरी उनीहरूलाई अधीनस्थ अवस्थामा पुऱ्याएको स्पष्ट हुन्छ ।

कृष्णप्रसाद सर्वहाराद्वारा लेखिएको 'ऊ रुन थाल्यो' जातीय दृष्टिले असन्तुलित शक्तिसम्बन्धमा आधारित कथा हो । यस कथामा हिन्दु परम्परामा रहेको वर्णव्यवस्थाको गहिरो प्रभाव परेको छ । त्यस आधारमा समाज उच्च र निम्नजातमा विभाजित भएको छ । यस कथामा हर्के निम्नजातको पात्र रहेको छ भने पण्डित उच्चजातको पात्र छ । पण्डितले आफू उच्चजातको भएकै कारण हर्केमाथि विभेद, दमन र शोषण गरेको छ । त्यसकारण यस कथामा जातीय विभेदको सामन्तवादी स्वरूप व्यक्त भएको छ । कथाको सुरुदेखि अन्त्यसम्म प्रयोग भएको भाषा र पण्डितका कार्यहरूबाट विभेदको अभिव्यक्ति भएको छ । पण्डितले हर्केका लागि 'डुमरा', 'मर', 'साइँदुवा', 'चेपारे', 'अन्बरिन', 'थुतुनो', 'चिहान' आदिजस्ता अत्यन्त तुच्छ शब्दको प्रयोग गरेको छ । हर्केले पण्डितका लागि 'जदौ', 'हजूर', 'विष्ट', 'धर्म-औतार', 'बक्स्योस्', 'प्रभो', 'पाल्नुभो', 'ख्वामित', 'मालिक', 'निगाहा'जस्ता अत्यन्त उच्च सम्मानित शब्दहरूको प्रयोग गरेको छ । भाषा प्रयोगको यस प्रकारको विभेदकारी स्वरूपले तत्कालीन सामन्ती स्वभावको जातीय विभेदलाई जनाएको छ । जातीय विभेदलाई धर्मसँग जोडेर ज्ञानका रूपमा विस्तार गरी सामन्ती संरचनाका लागि आधार निर्माण गरिएको तथ्यलाई हर्केका माध्यमबाट यसरी व्यक्त गरिएको छ :

> ख्वामितसँग म कसरी कुरा ढाँट्नु, के हामीले मर्न पर्दैन ? उस जुनीमा कुरा ढाँट्नाले र झुटो कुरा गर्नाले यस जुनीमा यस्तो हुन परेको छ । फेरि यस जुनीमा पनि त्यसै गरेँ भने अर्को जुनीमा झन हामीले कहाँ के भएर जन्मिने प्रभो ! हजूरकै तपस्या प्रतापले अहिलेसम्मन खाँदै छु (पृ.११-१२) ।

यसले समाजमा निम्नजातका मानिस अघिल्लो जन्ममा झुटो बोलेका कारण दुःख सहन बाध्य भएका हुन् भन्ने सामन्ती विमर्शलाई सहयोग पुऱ्याएको छ । त्यसकारण यस प्रकारको चिन्तन जातीय विभेदको कारक बनेको छ । बिरामी आमालाई पानी खुवाउनसमेत नपाएकामा गुनासो गर्दै हर्केले निम्नजातमाथि भएको सामाजिक विभेदलाई यसरी प्रकट गरेको छ :

> बाहुन भन्छ, नित्य ४ घन्टा भने पञ्चायन र देवीदेवताको पूजा गर्छ; दिनहुँ पितृलाई पानी चढाउँछ भन्छन् । नित्य यै चाल छ, त्यसमा पनि पण्डित अनेक पूराण र सप्ताह भन्दै हिँड्छ । यस्ता धर्मात्मा मानिसको स्वभाव बानी, बेहोरा फेरि किन यस्तो ? ... कस्तो अँधेर हो .... आफ्नो पाकेको बाली पनि भन्या बेलामा नपाउनु (पृ.१४) ।

कथामा प्रस्तुत यस सन्दर्भका माध्यमबाट तत्कालीन समाजमा रहेको जातीय विभेदको सामन्तवादी स्वरूप प्रकट भएको छ । बाहुनले आफू पाठपूजा गर्ने, पितृलाई पानी चढाउने, पुराण भन्ने तर निम्नजातका लागि निकृष्ट व्यवहार गर्ने गरेर जातीय विभेद गरेको सन्दर्भ माथिको साक्ष्यमा उल्लेख गरिएको छ ।

'ऊ रुन थाल्यो' कथामा तत्कालीन नेपाली समाजमा रहेको सामन्ती स्वरूप प्रकट भएको हुनाले जातीय शक्तिसम्बन्ध असन्तुलित बनेको छ । त्यसले समाजमा मानिसलाई उच्च र निम्नजातमा विभाजन गरी विभेदको सोपानक्रमलाई स्थापित गरेको छ । त्यसलाई प्रभुत्वका बलमा उच्चजातले जन्म पुनर्जन्मसँग जोडेर संस्थागत स्वरूपको निर्माण गरेको छ । उच्चजातले सामाजिक प्रभुत्वको शक्तिलाई प्रयोग गरेर उत्पादनका साधन, श्रम र वितरणको प्रणालीमाथि पनि कब्जा जमाएको छ । त्यसबाट निम्नजातमाथि विभेदको चक्र चलाएर दमन र शोषण गरेको छ । त्यसैले असन्तुलित स्वरूपको जातीय शक्तिसम्बन्धकै कारण यस कथाको निम्नजातको पात्र हर्केको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

माधव भँडारीद्वारा लेखिएको 'दमाई' असन्तुलित जातीय शक्तिसम्बन्धका कारण समाजमा भएको जातीय विभेदलाई प्रस्तुत गर्न सफल कथा हो । यस कथामा दमाई एक मात्र निम्नजातको पात्र छ भने बाजे र बज्यै उच्चजातका पात्रहरू छन् । गाउँलेहरूको जातीय पहिचान कथामा खुलाइएको छैन । त्यसैले यस कथाको सामाजिक स्वरूप बहुजातीय रहेको छ । हिन्दु वर्णव्यवस्थाका आधारमा सञ्चालित भएको उक्त समाजमा जातीय शक्तिसम्बन्ध असन्तुलित भएकै कारण जातका आधारमा विभेद भएको छ । उक्त वर्णव्यवस्थाअनुसार बाहुन उच्च र दमाई निम्नजातका पात्रहरू हुन् । रातको समयमा आँखा पनि नदेख्ने बुढो दमाईलाई सिकुवामा बास दिन पनि उच्चजातका तर्फबाट अस्वीकार गरिएको छ । उसले बास माग्दा बाहुनले भनेको "हुँदैन, हुँदैन, अहिले अरू बाहुनहरू आए भने त्यहीँ दिनुपर्छ" (पृ.४४) । भन्ने भनाइ नै जातीय विभेदको उदाहरण हो । आइसकेको अशक्त निम्नजातको भएकै कारणले बासका लागि अयोग्य हुनु तर नआएको बाहुन योग्य हुनुले विभेदको परम्परागत सामन्ती स्वरूपलाई झल्काएको छ । दमाईले बास मागेपछि बाहुन हरिकृष्णले दिएको प्रतिक्रियालाई कथामा यसरी उल्लेख गरिएको छ :

> "को रे छ कराउने ?" हरिकृष्ण बाजेले भित्रबाट सोधे । एउटा दमाई रेछ, बास देऊ भन्छ"- बज्यैले उत्तर दिइन् । "छैन भन्दे, दमाई मोरालाई"- हरिकृष्णले अह्राए । पत्नीले अलिक ढिलो गरेको देखेर आफै भित्रबाट"- जा ए अन्तै बस, बाटामा घर कतिलाई बास दिएर सक्नु ? फेरि दमाई भित्र पस्नु हुँदैन, बाहिर ठाउँ छैन (पृ.४४) ।

यस कथामा उल्लेख गरिएको यस कथनमा तत्कालीन समाजमा वर्णव्यवस्थाले निर्देश गरेको स्वरूप प्रस्ट भएको छ । निम्नजातको भएकै कारण मान्छेले मान्छेका घरभित्र पस्न नहुने विभेदमा यहाँ दमाई परेको छ । यो मानवीय संवेदनाभन्दा निक्कै परको कारुणिक परिस्थिति हो । त्यही दमाई त्यही घरमा तीस वर्षपहिला छेत्रीको पहिचान दिएर बास माग्न पुग्दा उसको सम्मान भएको थियो । दमाईले आफ्नो पहिचान लुकाउँदै "म पल्लो मुलुक बस्ने छेत्री हुँ, काठमाण्डू जागीर खान हिँडेको । यहाँ बास पाइन्छ कि ? भनेर पो बाजे" (पृ.४६) । भन्दा बाजेले भनेका थिए "ए ... लहै कान्छी, कहिल्यै नआउने मान्छे पाहुना भएर आए, छेत्री अरे ! खान-पिन देओ" (पृ.४६) । बाजेको आदेशपछि "बज्यैले भात पस्किदिइन् । सुपु-सुपु उँधो मुख लगाएर खायो अनि थपक्क उठ्यो । .... एकछिनपछि बाहुनीले उसलाई एउटा राडी र खास्टो बाहिर निकाली दिइन् र भित्र

पसिन्" (पृ. ४७) । कथामा स्पष्ट छ कि त्यही व्यक्ति तीस वर्ष पहिला छेत्रीको परिचय दिएर बास बस्न आएको छ । त्यो बेला उसले खानेकुरा र ओछ्यान दुबै सजिलै पाएको छ । तीस वर्षपछि त्यही व्यक्ति दमाईको परिचयमा आउँदा बिरालाका बच्चाले ओडेको थोत्रो सुकुल ओछ्यानका रूपमा पाएको छ । माघको ठन्डीमा जाडाले बुढो मान्छे राति थुरथुर कामेको छ । एक गिलास तातो पानी माग्दा पनि नपाएर अकाल मृत्युवरण गरेको छ ।

'दमाई' कथामा असन्तुलित जातीय शक्तिसम्बन्धकै कारण भएको परम्परागत वर्णवादी जातीय विभेदको चित्रण गरिएको छ । एउटै व्यक्तिले आफूलाई छेत्री बताउँदा सम्मान पाएको छ भने दमाई बताउँदा अपमान पाएको छ । यसले सामाजिक व्यवहारमा भएको विभेदलाई प्रकट गरेको छ । उक्त समाजका दृष्टिमा छेत्री स्वीकार्य र दमाई अस्वीकार्य भएको छ । त्यसैले यस कथामा दमाई सामाजिक बहिष्करणको सिकार भएको छ । सामाजिक सत्ताको प्रभुत्व उच्चजातमा रहेको छ । त्यसले निम्नजातलाई विभेदका माध्यमबाट उत्पीडनमा पारेको छ । समाजमा स्थापित असन्तुलित जातीय शक्तिसम्बन्धले विभेदलाई वैधानिकता प्रदान गरेको छ । त्यसकारण यस कथाको निम्नजातको पात्र दमाई मुत्युवरण गर्न पुगेको छ ।

मुकुन्द ढुङ्गेलद्वारा लेखिएको 'त्याग' तत्कालीन समाजमा भएको असन्तुलित शक्तिसम्बन्धका कारण सिर्जित जातीय विभेदमाथि प्रकाश पार्न सफल कथा हो । यस कथामा परम्परागत वर्णव्यस्थाका आधारमा निम्नजातका खुँडे र जुठी दमाई पात्र छन् भने अरू सबै पात्रहरू उच्चजातका रहेका छन् । हिन्दु परम्परामा रहेको वर्णवादी विमर्शात्मक संरचनामा आधारित जातीय विभेदको स्वरूप यस कथामा प्रकट भएको छ । समाजमा उच्च मानिएको बाहुन जातिका तर्फबाट कठोर ढङ्गले सामाजिक शक्तिको प्रयोग निम्नजातका विरुद्ध गरिँदा निम्नजात उत्पीडनमा परेको छ । सानु बाबु र जुठीका बिचको प्रेमसम्बन्धका विषयमा काँहिला बाजेले भनेको कुरा कथामा यसरी राखिएको छ :

> सानु, खुँडे दमाईकी छोरीसँग प्रेम गर्छ । ऊ दिनका दिन उसलाई पनेरामा भेट्न जान्छ । मैले नै उसलाई कतिबाजी सँगसँगै बसी जोरिएर कुरा गरेको देखेको छु । के यो चूप लागेर हेरेर बसिरहने कुरा हो ? कस्ता-कस्तालाई छोडेर दमिनीसँग प्रेम गर्न जाने । नालायक ! सिल्ली कहिँको ! मोतीटारे डिट्ठाले छोरी दिन आएकोमा सानेले बिहे गर्दिनँ भनेर पठायो अहिले चाहिँ त्यस्तो नीच कर्म गरेर हिँड्छ (पृ.१२) ।

कथामा उल्लेख भएको यस सन्दर्भबाट तत्कालीन समाजमा रहेको सामन्तवादी जातीय विभेदको स्वरूप झल्किएको छ । बाहुन र दमाईका बिचमा प्रेम हुनै नहुने तर डिट्ठाकी छोरीसँग हुने भन्ने सन्दर्भले मान्छेका बिचको विभेदलाई देखाएको छ । त्यति मात्र नभई दमाईकी छोरीसँगको प्रेमलाई 'नीच कर्म' को संज्ञा दिएर निम्न जातिमाथि हुने विभेदको उत्कर्ष स्वरूप प्रस्तुत गरिएको छ । निम्नजातसँगको सम्बन्धलाई सामाजिक स्तरबाटै अस्वीकार्य बनाउने गरी काँहिला बाजेले भनेको छ "त्यति मात्रै हो र दाइ ! सारा गाउँलेले हाम्रो भात काड्ने भएका छन् । सानुलाई तह लाउनुहोस्, होइन भने हामी नै पनि तपाईंले छोएको खाँदैनौं" (पृ.१२) । यसले

समाजमा उच्चजातले निम्नजातलाई भात, पानी आदि खाद्य सामग्रीमा अछुत बनाएर विभेद गरेको स्पष्ट हुन्छ । यसरी प्रस्तुत कथामा जातीय विभेदको सामाजिक, सांस्कृतिक र आर्थिक स्वरूप अभिव्यक्त भएको छ । यसले निम्नजातका खुँडे र जुठीलाई उत्पीडनमा पारेको छ ।

'त्याग' कथाको समाज बहुजातीय ढाँचाको रहेको छ । त्यस समाजमा हिन्दु परम्पराको वर्णवादी चिन्तनले सामन्तवादलाई बलियो आधार प्रदान गरेको हुनाले जातीय शक्तिसम्बन्ध असन्तुलित बनेको छ । त्यसकारण समाजका मानिसहरू उच्च र निम्नजातमा विभक्त भएका छन् । जातीय शक्तिसम्बन्धको यो सोपानक्रमका माध्यमबाट विभेदका लागि वैध आधार निर्माण गरिएको छ । सामाजिक प्रभुत्व उच्चजातसँग रहेकै कारण निम्नजातलाई सामाजिक रूपमा बहिष्कार गरी एक्ल्याइएको छ । यसरी जातीय शक्तिसम्बन्ध असन्तुलित भएकै कारण यस कथाका निम्नजातका पात्रहरूको जीवनलाई समस्याग्रस्त अवस्थामा पुऱ्याएको छ ।

रमेश विकलद्वारा लेखिएको 'वीरेकी आमा' तत्कालीन समाजमा विद्यमान जातीय शक्तिसम्बन्धको असन्तुलनका कारण भएको जातीय विभेदलाई प्रस्तुत गर्न सफल कथा हो । यस कथामा वीरेकी आमा एक मात्र परम्परित आधारमा निम्नजात ठानिएकी पात्र छ भने अन्य सबै उच्चजातका पात्रहरू छन् । हिन्दु सामाजिक परम्पराका दृष्टिमा यो कथाको समाज बहुजातीय स्वरूपको रहेको छ । कथामा उच्चजात र निम्नजातका बिचमा परम्परागत सामन्ती ढाँचाको विभेदको स्वरूप प्रकट भएको छ । त्यसकारण उक्त समाजमा निम्नजातकी पात्र वीरेकी आमा सामाजिक उत्पीडनमा परेकी छे । वीरेकी आमाले बाटो हिँड्दा पनि समाजका उच्चजातका मानिसहरूका लागि बाटो छोडिदिनु परेको छ । "... ऊ आफ्नो धुलो र पसिनामा लटपटिएर जिङ्रिङ्ग परेको अनुहारको आधी भाग छोपेको लट्टे कपाललाई दाहिने हातले पन्छाउँथी, लुते कुकुर्नीजस्तो लिप्सिक्क भित्तामा लेस्सिएर गाउँका भलाद्मी, ठुलाबडाका निमित सिङ्गै बाटो छोडिदिन्थी" (पृ.५६) । बाटो हिँड्दा साना जातले ठुलाका लागि बाटै छोडिदिनु पर्ने सामन्ती परम्परालाई कथामा यसरी देखाइएको छ । यसले निम्नजातप्रति भएको विभेदको अवस्थालाई प्रकट गरेको छ । वीरेकी आमालाई निम्नजातकी भएकै कारण विचारी बाजेको कलमा जाने, सुत्केरी स्याहार्ने, भाँडा माझ्ने, धान कुटाउने आदि काम लगाइएको छ । त्यसका बदलामा उसले उचित पारिश्रमिक पाएकी छैन । सबैका घरपरिवारका सदस्यले खाएर बचेको जूठो खानामा उसले रमाउनु परेको छ । रातदिन गाउँका सबैको काममा खटिएर बेफुर्सद बनेकी वीरेकी आमाको करुण जीवनलाई कथामा यसरी उल्लेख गरिएको छ :

> कति निरीह प्राणी छ त्यो वीरेकी आमा, कति करुण जीवन छ उसको ! समाज र व्यवस्थाको घेराभित्र जन्मदेखि आजसम्म भौंतारिएर पनि त्यसको टुङ्गो पाउन सकेकी थिइन । व्यवस्थाको निर्दयी खेलको आफैं एउटी सिकार पनि, एउटी खेलौना भएर पनि उसले त्यसको अनुहार चिनेकी थिइन । ऊ ठिक त्यो निर्जीव चिनिया पुतलीजस्ती थिई, जो रात दिन बालकको हातको खेलौना भएर, रातदिन उसको खोकिलामा थुनिएर अनि उसैको ममताको निर्दयी हातबाट टुटेर फुटेर जान्छ (पृ.५९) ।

'वीरेकी आमा' कथामा उल्लेख गरिएको माथिको सन्दर्भबाट तत्कालीन समाजमा रहेको जातीय विभेदको सामन्ती स्वरूप प्रकट भएको छ । सामन्ती समाजको व्यवस्थाले निम्नजातलाई समाजमा आफ्नो आकार तथा सुरक्षित स्थान निर्माण गर्न दिँदैन । निम्नजातलाई सधैँ प्रयोगको वस्तु मात्र बनाउँछ । त्यसका लागि यस कथामा वीरेकी आमालाई ज्ञानबाट विमुख गराइएको छ । उसलाई उच्चजातले काखमा राखेर गला रेटेको छ । त्यसकारण कथामा जातीय विभेद चरम अवस्थामा पुगेको छ । जीवनभर गाउँको सुखमा आफूलाई समर्पण गरेकी वीरेकी आमाको लास जातीय विभेदकै कारण उठ्न सकेको छैन । "हेर अब त्यो बिचरीको दुर्गति ! एकातिर छोरा मोराको अत्तोपत्तो छैन, न भोटमा छ, न मधेसमा छ, अर्कोतिर आफ्नो भन्ने इष्टमित्र कोही छैन । अब त्यो सिनो कतिन्जेल मझेरीमा सड्ने हो । गाउँका ठुला जातले छुन जानु भएन, के गर्ने" (पृ.६० । बाँचुन्जेल सबैका लागि वीरेकी आमाको श्रम आवश्यक भए पनि मरेपछि ऊ सानो जातकी भएकी छ । उसको लास मझेरीमै कुहुने अवस्था सिर्जना भएको छ । यसरी यस कथामा परम्परित सामन्ती संरचनामा हुने जातीय विभेदको चरम अवस्था प्रकट भएको छ ।

'वीरेकी आमा' कथामा रहेको समाज बहुजातीय स्वरूपको भए पनि समाजमा जातीय शक्तिसम्बन्ध भने असन्तुलित छ । हिन्दु परम्पराको वर्णव्यवस्थाका आधारमा सामन्तवादी चिन्तनले समाजलाई जकडेको छ । त्यसकारण उच्चजातले एकपक्षीय रूपमा निम्नजातमाथि विभेद गरेको छ । त्यस क्रममा निम्नजातलाई सामाजिक रूपमा बहिष्कार गरी एक्ल्याइएको छ । सबै प्रकारका उत्पादनका साधनमाथि उच्चजातीय प्रभुत्व रहेको छ । त्यसैले उच्चजातले समाजमा विद्यमान असन्तुलित जातीय शक्तिसम्बन्धका आधारमा विभेद गरेका कारण वीरेकी आमा अधीनस्थ अवस्थामा पुगेकी छ ।

### ५.३.३ यथार्थवादी नेपाली कथामा जातीय दमन र शोषण

गुरुप्रसाद मैनालीद्वारा लेखिएको 'पापको परिणाम' जातीय दमन र शोषणमा आधारित कथा हो । उक्त समाजमा विद्यमान जातीय शक्तिसम्बन्धको असन्तुलनले जातीय दमन र शोषणका लागि बलियो आधार निर्माण गरेको छ । यस कथामा हिन्दु वर्णव्यवस्थाले निर्धारण गरेअनुसार घर्तीहरू निम्नजातका छन् भने पाध्ये परिवार उच्चजातको रहेको छ । परम्परागत सामन्ती ढाँचाको संरचनालाई शक्तिका रूपमा प्रयोग गरेर उच्चजातले निम्नजातमाथि दमन र शोषण गरेको छ । ग्रामीण क्षेत्रको सिमलचउरमा बसोबास गरेका घर्तीहरूको शासककै रूपमा कान्तु पाध्ये रहेको छ । त्यसकारण गाउँभरि नै उसको प्रभुत्व स्थापित छ । यसलाई कथामा यसरी उल्लेख गरिएको छ :

> यता गाउँका सुकुम्बासी घर्ती तामाङहरू बस्तीका छेउछाउमा सानासाना झुप्रा बसेका थिए । त्यसैमा पनि कान्तु गाउँको निकास, सन्धि सर्पन भनेर कचकच गर्थ्यो । के गरुन, देश काटेर जाऊन भने कहाँ जाऊन; बसून् भने अन्त पाइलो हाल्ने ठाउँ थिएन । बिचराहरू साह्रै दुःखले गुजारा गरिरहेका थिए (पृ.२६) ।

कथामा उल्लेख भएको यस सन्दर्भमा तत्कालीन समाजमा उच्चजातले निम्नजातमाथि गरेको दमनलाई देखाइएको छ । घर्तीहरूका झुप्रामा पुगी गाउँको निकास र सन्धिसर्पनका नाममा कान्तुले शोषण गरी उनीहरूलाई बस्नु कि भाग्नुको अवस्थामा पुऱ्याएको छ । उक्त गाउँका घर्तीहरूमाथि लामो समयदेखि शोषण हुँदै आएको कुरालाई जुठेका माध्यमबाट भनिएको छ : "यो उमेरसम्म जुठोपूरो खाएर तपाईंहरूकै टहलचाकडी गरेर बस्यौं" (पृ.२९) । यसमा निम्नजातका मानिसलाई जुठोपूरो खान दिने श्रमको शोषण गर्ने सामन्ती स्वरूप प्रकट भएको छ । त्यसका साथै कान्तुले घर्तीहरूको दमनका लागि निम्नस्तरको भाषाको प्रयोग गरेको छ । घर्ती परिवारलाई खान नै नपुगेपछि उनीहरूले सिमलचउरको झाडी फाँडेर उत्पादन गर्न थालेका छन् । त्यसलाई कान्तुले वन फँडानीको झुटो प्रमाण बनाई मुद्दा हालेर घर्ती परिवारको कमजोर अवस्थाबाट फाइदा उठाएको छ । सबै घर्तीलाई जेलमा कुहाउने धम्की दिएर मानसिक प्रताडनाको सिकार बनाएको छ । समाजमा कान्तुले गरेका दमन र शोषणलाई कथामा यसरी लेखिएको छ :

> झेलखानामा कुहाउने कुरा सुन्दा धने भुतुक्क भो; अघि सरेर भन्यो- "के उपद्रो गरेका छौं र झेलखानामा कुहुने ? अनेक थरीका कीर्ते तमसुक बनाएर गाउँलेका घरखेत उडाएका छैनौं, निर्धा, निमुखालाई नानावलीका झुटो मुद्दा लगाएर उनका किलाका दुहुना भैंसी र खसीबोका धपाएर ल्याएका पनि छैनौं, रानी वनका रोजारोजा रुख बेचेर पोको पारेका पनि छैनौं । कुन जुगदेखिको नाङ्गो चउरमा बयर र तीतेपातीका घारी पन्छाएर बास बसेका छौं (पृ.२९) ।

धनेको यस भनाइमा कान्तुले गरेका दमन र शोषणको विवरण नै उल्लेख भएको छ । साँघु बनाउँदा, पाटी बनाउँदा, कान्तेले काटेका, अरू गाउँलेले काटेका सबै रूख घर्तीहरूले नै काटेको गलत विवरण तयार गरी उनीहरूमाथि दमन गरिएको छ । त्यसका लागि अरू गाउँलेको साथ जुटाएर कान्तुले घर्तीहरूलाई समाजबाट एक्ल्याएको छ । त्यसैगरी सरकारी डोर र अदालतमा समेत गलत प्रभाव पारी घर्तीहरूलाई सजाय दिलाएको छ । उक्त सजायका कारण पुरुष घर्तीहरू जेलमा परेका छन् भने महिलाहरू असहायझैं भएका छन् र बच्चाहरू बाँच्नकै लागि माग्न बाध्य छन् ।

'पापको परिणाम' कथामा जातीय शक्तिसम्बन्ध असन्तुलित भएकै कारण परम्परागत ढाँचाको सामन्ती जातीय दमन र शोषणको रूप प्रकट भएको छ । यस कथामा घर्तीहरूलाई गरिब र अशिक्षितका रूपमा अनि कान्तुलाई धनी र शिक्षितका रूपमा प्रस्तुत गरी शोषणको जातीय आधार निर्माण गरिएको छ । समाजमा भएका वन, जमिन आदि उत्पादनका साधनमाथि उच्चजातीय वर्चस्व कायम भएको छ । सत्तासम्बन्ध र सांस्कृतिक क्षेत्र पनि निम्नजातका लागि ऋणात्मक नै छ । बेठी लगाएर श्रमको शोषण गर्ने सामन्ती प्रहारमा घर्तीहरू नै परेका छन् । गाउँ, समाज र प्रशासनसम्मको पहुँचमा निर्दोष निम्नजातलाई जरिमाना र जेलको दोहोरो सजाय दिइएको छ । यी सबै दमन र शोषणलाई समाजमा स्थापित असन्तुलित जातीय शत्तिसम्बन्धले वैधता प्रदान गरेको छ । त्यसैले यस कथाका निम्नजातका घर्तीहरूको जीवन कष्टकर हुँदै अधीनस्थ अवस्थामा पुगेको छ ।

कृष्णबम मल्लद्वारा लेखिएको 'हली' तत्कालीन समाजमा भएको जातीय दमन र शोषणलाई अभिव्यक्त गर्ने कथा हो । यस कथामा परम्परागत वर्णव्यवस्थाका कारण जातीय शक्तिसम्बन्ध असन्तुलित बनेको छ । हिन्दु परम्पराको वर्णव्यवस्थाले निर्धारण गरेअनुसार यस कथामा उच्चजातको मणिधर अनि निम्नजातका पुड्के र उजेली पात्रहरू रहेका छन् । स्थापित सामाजिक परम्पराले प्रदान गरेको शक्तिकै आधारमा यस कथाको उच्चजातले निम्नजातमाथि दमन र शोषण गरेको छ । मणिधर आफैँले दस पटक धाएर हली बनाएको पुड्केमाथि चरम दमन र शोषण गरी उसलाई बेघरबार तुल्याएको छ । वर्षको नौमुरी धान ज्यालाका रूपमा दिने भनी मणिधरले पुड्केलाई काममा राखेको छ । केही समय काम लगाएपछि गोरु मारेको आरोप लगाएर मणिधरले गरेको शोषणलाई कथामा यसरी उल्लेख गरिएको छ :

> ... दिनभर तोरी छर्न बाँकी जति सकेर साँझमा बुढो गोरु कटेरामा पुड्केले बाँधिदियो । रोग केही लागेजस्तो पनि थिएन । तर भोलिपल्ट गोरु मर्‍यो । घरमा खलबली मच्चियो । पुड्केको जोताइ नै खराब ! सालभरको मजूरी नौ मुरी अन्न पनि उसले यसपाला भराउन नपाउने भयो । त्यति ठुलो पूरानो गोरु मरेको नोक्सान मणिधर के सहन सक्थे ! मंसीर लागेपछि दाइँ हालेका दिन पुड्के रोयो, करायो, माफी माग्यो; मणिधर पग्लेनन् (पृ.६७) ।

कथामा प्रस्तुत यस साक्ष्यमा उच्चजातले निम्नजातमाथि गरेको शोषणलाई देखाइएको छ । मणिधरले आफ्नै गोठमा गोरु मर्दा पनि पुड्केको अपराध सावित गरी वर्ष दिनको श्रम शोषण गरेको छ । त्यसैगरी पुड्केलाई विवाहका लागि रु.९०।- ऋण दिएर रु.१२०।- को तमसुकमा सहीछाप गराई घरबारी हडपेर बसाईं हिँड्न बाध्य पारेको छ । यसलाई कथाको अन्त्यमा स्पष्ट पार्दै भनिएको छ :

> सही नसक्नु भएर पुड्केले पनि थप्यो- "धीतोसम्मको तिम्रो हक हो, अर्काको इज्जत-आबरु लिने त तिम्रो हक छैन ! घर र बारी हामीले छाड्यौँ, तिमी भोगचलन गर । अब हामी हिँड्यौं ।"
>
> आफ्ना बाबुबाजेका पालादेखिको जमीन उसले राजिनामा गरिदियो । अनि छोरो बोकेकी उजेलीलाई पछि लगाई हिँड्यो (पृ.७१) ।

कथामा प्रस्तुत गरिएको यस सन्दर्भबाट तत्कालीन समाजमा रहेको सामन्ती जातीय दमन र शोषणको रूप प्रकट भएको छ । मणिधरले चक्रवर्ती व्याजमा ऋण दिएर अनि दिएको भन्दा बढी लेखी तमसुक गराएर चेपुवामा पारी पुड्केको थातबास हडपेको छ । यसबाट पुड्के र उजेली जातीय उत्पीडनमा परेका छन् ।

'हली' कथामा जातीय शक्तिसम्बन्ध असन्तुलित भएकै कारण परम्परागत सामन्ती ढाँचाको जातीय दमन र शोषणको रूप प्रकट भएको छ । समाजमा उच्चजातको प्रभुत्व रहेका कारण निम्नजात सत्ताबाट विमुख भएको छ । त्यसकारण उत्पादनका सबै साधनमा उच्चजातीय वर्चस्व रहेको छ । आफै आरोप लगाउने र आफै निर्णय गर्ने अधिकार पनि उच्चजातमै रहेको छ ।

यसले निम्नजातको शारीरिक र मनोवैज्ञानिक रूपमा शोषण भएको छ । शोषणका यी सबै कार्यका लागि समाजमा स्थापित असन्तुलित जातीय शक्तिसम्बन्ध निर्णायक अवस्थामा छ । यिनै कारणहरूले यस कथाका निम्नजातका पात्रहरू समस्याग्रस्त अवस्थामा पुगेका छन् ।

वल्लभमणि दाहालद्वारा लेखिएको 'को अटेरी ?' तत्कालीन समाजमा रहेको जातीय शक्तिसम्बन्धको असन्तुलनका कारण भएको दमन र शोषणमा आधारित कथा हो । यस कथामा नेपाली समाजको परम्परागत वर्णव्यवस्थामा आधारित उच्चजातको जातीय दमन र शोषणमा निम्नजातले अत्यन्त समस्याग्रस्त जीवन भोगेको छ । लुइँटेल बाजे, बज्यै, रतन, पण्डित, आदिको दमनमा निम्नजातका संते, भुजेल्नी, कालु आदि पात्रले भोगेको शारीरिक र मानसिक दमन शोषणलाई यस कथामा प्रस्तुत गरिएको छ । उच्चजातको बालपात्र रतनको ज्यादतीबाट पाएको दुःखलाई कालुले यसरी व्यक्त गरेको छः "रतन बाजेले हिजो पनि कुट्यो । एकदम चिमट्छ" (पृ. ९९) । उच्चजातले सानै उमेरदेखि नै दमन गर्न थालेको विषयमा कालुकी आमाले यसरी भनेकी छेः "कुन हावापानीले बनेका हुन्छन् है ! यी धनीका सन्तान ! जन्मँदैका तीन पात ? चिरैतोभन्दा पनि तीता-फेददेखि टुप्पोसम्म आमाबाबुको बानी पनि कति सानैमा सरक्कै सरेको" (पृ.१०४) । कथामा प्रस्तुत यस सन्दर्भले उक्त समयमा रहेको जातीय दमन शोषणलाई देखाएको छ । "सन्तु तेरो छोराले जे भए पनि ठुलाबडाका छोरालाई हात हालेछ, तँ तेरा छोरालाई यी सबैका अगाडि रतन बाबुका खुट्टामा निहुराउन तयार छस् कि छैनस्" (पृ.११०) भन्ने पण्डितको कथन अनि "खै त्यसलाई यता ।' उनले जुरुक्क उठेर कालुलाई बाबुबाट छुट्टाए 'लौ ढोग' आफ्नो छोराको खुट्टातिर उनी बलैले कालुलाई निहुराउन चाहन्थे" (पृ.१११) । आदि मुखियाका भनाइ र गराइले निम्नजातमाथिको दमन र शोषणलाई देखाएको छ । त्यसैगरी मुखियाले आफ्ना छोराको अन्यायपूर्ण कार्यप्रति आँखा चिम्लेको छ । ऊ निम्नजातको कालुको प्रतिरोधी कार्य र मास्टरको न्यायप्रति क्रुद्ध बनेको छ । मुखियाले कालुलाई विद्यालयको पढाइबाट छुटाउने वा संतेलाई गाउँबाट निकाल्ने अनि मास्टरलाई पनि कारवाही गर्नका लागि रचेको षड्यन्त्र पनि जातीय दमन शोषणकै उदाहरणहरू हुन् । वर्णव्यवस्थाबाट निर्देशित विमर्शका बलमा निर्मित जातीय शक्तिसम्बन्धको असन्तुलित अवस्थालाई उपयोग गरी उच्चजातको मुखियाले पण्डित आदिको सहयोगमा निम्नजातको भुजेल परिवारलाई पीडादायी अवस्थामा पुऱ्याएको छ ।

देवमणि ढकालद्वारा लेखिएको 'सार्की' तत्कालीन नेपाली समाजमा रहेको जातीय शक्तिसम्बन्धको असन्तुलन र त्यसका आधारमा भएको दमन र शोषणलाई प्रकाश पार्न सफल कथा हो । यस कथामा नेपाली समाजमा स्थापित तत्कालीन जातिवादी विमर्शलाई प्रमुख शक्तिका रूपमा उपयोग गरी निम्नजातका मानिसमाथि चरम दमन तथा शोषण गरिएको छ । उक्त दमन र शोषणकै श्रृङ्खलामा लामगादे चमैताबाट रातारत भागेर अर्को ठाउँमा बस्न पुगेको छ । त्यस ठाउँमा पनि उसको मृत्युपश्चात छोरो सार्कीले चरम दमन र शोषण भोग्नु परेको छ । यस कथामा मुखियाले साँझको खाना खाएपछि पनि दिनभरि काम गरेर थाकेका निम्नजातका मानिसलाई ढिकी कुट्न लगाएर श्रमको शोषण गर्ने योजनाअनुसार भन्छ : "लाउनु नि घरका तिघ्रेहरू (गोठालाहरू) लाई ढिकी भकुर्न, बेलुका भात खाइसकेपछि के छ यिनीहरूको काम !

यिनीहरूका तिघ्राको मासु छेकेर खानु हुँदैन, केही गर्नु हुँदैन" (पृ.९) । दिनभर ढिकी कुटेको ज्याला भुसैसँगको सानो पोको चामल दिएर, क्रिया खर्च वापतको ऋणका लागि छ वर्ष नोकर राखेर, रात दिनको गाली र कुटाइ वर्षाएर मुखियाले सार्कीमाथि दमन र शोषण गरेको छ । अँधिया पालेको सुँगुर चितुवाले खाएपछि कान्छी सुब्बिनीले सार्कीको सम्पूर्ण जायजेथा हडपेर शोषण गरेकी छ । यस प्रकारको दमित जातिको सार्कीमा कुनै प्रकारको प्रतिरोधी विचारको उदय भएको छैन । त्यसका बदलामा बरु भाग्यवादी विचार र पराजित मानसिकता प्रस्तुत भएको छ । उक्त विचारलाई स्थापित परम्पराका रूपमा प्रमाणित गर्दै सार्की भन्छ : "ठिकै रहेछ 'अभागीले पूर्व जन्ममा कर्म हारेको हुन्छ' भनी शोषणनाथ पाध्याले भनेको" (पृ.११) । यसले तत्कालीन समाजमा स्थापित सामन्तवादी ज्ञानको सत्तालाई प्रस्ट पारेको छ । त्यस्तै सजातीय लोकचनसँगको कुराका सन्दर्भमा सार्की भन्छ : "के गर्नु लोचकन दाइ हाम्रो केही जोड चल्दो रहेनछ । जसको शक्ति उसको भक्ति त र छ नि" (पृ.१४) । सार्कीका यी दुबै भनाइले उक्त समाजमा रहेको जातीय शोषण र दमनको चक्रमा उठ्नै नसक्ने गरी थिचिएका निम्नजातीय पात्रको पराजित मानसिकतालाई देखाएको छ ।

'सार्की' कथाभित्र असन्तुलित जातीय शक्तिसम्बन्धका कारण निर्मित परम्परागत सामन्तवादी विमर्शात्मक संरचनाका आधारमा सामाजिक क्षेत्रमा उच्चजातको प्रभुत्व स्थापित छ । उत्पादनका सम्पूर्ण साधनमाथि उनीहरूकै वर्चस्व रहेको छ । सामाजिक न्यायका क्षेत्रमा एकपक्षीय र विभेदकारी ज्ञानको निर्माण गरी निम्नजातलाई एक्ल्याइएको छ । त्यसकै आधारमा उभिएर उच्चजातद्वारा पुस्तौँपुस्तादेखि निरन्तर निम्नजातमाथि दमन र शोषण गरिएको छ । यसरी उच्चजातले सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा विभेद, दमन र शोषण गर्नका लागि समाजको असन्तुलित जातीय शक्तिसम्बन्ध निर्णायक बनेको छ । त्यसकारण यस कथाको निम्नजात कहिल्यै अधीनस्थ अवस्थाबाट माथि उठ्न सकेको छैन ।

कृष्णप्रसाद सर्वहाराद्वारा लेखिएको 'ऊ रुन थाल्यो' जातीय शक्तिसम्बन्धको असन्तुलनका कारण भएको जातीय दमन र शोषणलाई प्रकट गर्ने कथा हो । यो कथा परम्परागत वर्णव्यवस्थामा आधारित छ । त्यसकारण यस कथामा जातीय दमन र शोषणका लागि समाजलाई उच्च र निम्नजातमा विभाजन गरिएको छ । यस कथामा पण्डित उच्चजात र हर्के निम्नजातका पात्रहरू प्रमुख भूमिकामा रहेका छन् । सामाजिक शक्तिसम्बन्धका दृष्टिले पण्डित केन्द्रमा रहेकै कारण निम्नजातको हर्केमाथि दमन र शोषण भएको छ । यो सामन्तवादी विमर्शात्मक संरचनाको उपज हो । त्यसकारण यस कथामा जातीय दमन र शोषणको कार्यमा सामन्ती विमर्शात्मक संरचनाको स्वरूप प्रकट भएको छ । हर्के गाउँको सामान्य कृषक परिवारको व्यक्ति हो । उसलाई कथाको प्रारम्भदेखि अन्त्यसम्म नै पण्डितले निरन्तर दमन र शोषण गरेको छ । कथामा पण्डितले बोलाएको समयमा आएन भनी हर्केमाथि गरेको दमनलाई यसरी उल्लेख गरिएको छ : "आइ हालिस् नि डुमरा अस्ति पनि आइहालिस् आज पनि आधादिनमा आफ्नो तीन बित्ताको थुतुनो देखाइहालिस् । दर्शन त दिँदै त छस नि डुमरा ! के हुन्थ्यो र यस डुमरालाई- मेरो कोदो नपचेको त हो नि । कसो ए झुम्रा" (पृ.१०) । यसमा पण्डितले हर्केप्रति ज्यादै अपमान र व्यङ्ग्य गरेको स्पष्ट

छ । उसले हर्केमाथि 'डुमरा', 'झुम्रा', 'थुतुनो' आदि घृणाजन्य कठोर शब्दका माध्यमबाट दमन गरेको छ । त्यसका साथै काम गरेवापत दिएको कोदोको डर देखाएर अझ कडा शोषण हुनसक्ने सङ्केत गरेको छ । यो सामन्तवादभित्र अपनाइने दमन र शोषणको खास प्रकारको स्वरूप हो । हर्केले आफू सधैँ बोलाउँदा सेवामा हाजिर भएको विनम्रतापूर्वक अनुरोध गर्दा पनि नपत्याएर पण्डितले गरेको गालीलाई यसरी उल्लेख गरिएको छ :

> कुरा छाँटछस् पाजी । तँ साइँदुवालाई मैले चिनेको छु । यैः घरको लुगा सिएरै तेरो बाजे काले दमाई मऱ्यो; केही कुरा बनाउन जान्दैनथ्यो । तेरो बाबु भक्ते दमाई त्यसै गरेर मऱ्यो; अब तँ डुमरा चाहिँ निक्कै बाठो हुँदै अनेक टुक्का र उखान छाँट्न लागिरहेछस् होइन ? अहिले भरखर आएको होइनस् तँ, लौ भन त डुमरा । जसरी भे पनि मेरो सालको १० पाथी कोदो पचाउने जुक्ति न हो तेरो । ४०/५० जोर लुगा सिउँदैमा र ४/६ जोर लुगा तुन्दैमा के म तँलाई त्यति दिन्थेँ र ! यो त मेरो बाबुबाजेको इमान र पहिलेदेखिको पूरानो भनेर ला खा भनेको हुँ । यस्तै जोरी खोज्ने कुरा गर्ने होस भने तँलाई एकै गेडा नदिएर काम लिन सक्छु, बुझिस् डुमरा (पृ.११) ।

कथामा उल्लेख भएको यस सन्दर्भबाट तत्कालीन समाजमा रहेको सामन्तवादी जातीय दमन र शोषणको स्वरूप झल्किएको छ । वीरेको सत्य कुरालाई झुट साबित गरेर पण्डितले दमन गरेको छ । दमनको यो चक्र विगतदेखिको निरन्तरता हो भन्ने कुरालाई पण्डितले वीरेका बाबु, हजुरबाबुको उदाहरण दिएर स्पष्ट पारेको छ । यदि पछिल्ले पुस्ताले बोल्न चाहेको हो भने दमन अझ कडा हुन सक्ने चेतावनी पनि पण्डितले दिएको छ । उसका भनाइमा निम्नजातले उच्चजातको काम त्यसै गरिदिनु पर्ने र उच्चजातले जे दियो त्यो मायाले दिएको हुने भाव प्रकट भएको छ । यस प्रकारको ज्यादै अमानवीय दमन र शोषण सामन्तवादको उत्कर्ष कालको स्वरूप हो । हर्केले आमा बिरामी परेको र घरमा खाने कुरा नभएको कारुणिक अवस्था देखाउँदै गत वर्ष काम गरेको बाली माग्दा पण्डितले भनेको छ : "लाज लाग्दैन तँलाई अहिले माग्न ? चुक्ति पारेर नदिँदा त तँ यस्तो, झन चुक्ति पारेर दियो भने त फेरि तेरो चिनो पनि पाइएला र" (पृ.१३) ? यसले सामन्तवादी समाजमा निम्नजातमाथि हुने श्रमको शोषणलाई देखाएको छ । निम्नजातले श्रमको मूल्य माग्न पनि लजाउनु पर्ने र सधैँ सेवामा हाँजिर हुनै पर्ने बाध्यात्मक अवस्थालाई देखाएको छ । रिसको झोँकमा पण्डितले हर्केलाई भनेको छ : "यस्तै गर्दा त तिमीहरूदेखि रिसाउनु पर्ने । गजुरे सार्कीको कुरो बिर्सिस् ? तेरै आँखा अगाडि बहुलाहा भएर हिँडेको देखिनस्" (पृ.१३) ? यसले तत्कालीन समाजमा निम्नजातका सबै मानिसले उच्चजातबाट दमित र शोषित भएर बस्नु पर्ने बिगतको उदाहरणलाई प्रस्तुत गरेको छ । उच्चजातसँग निम्नजातले श्रमको मूल्य खोज्नु महापाप हुने अनि त्यस्तो अवस्थाको दमन र शोषणले बहुलासम्म हुन सक्ने अवस्थालाई देखाएको छ ।

'ऊ रुन थाल्यो' कथाममा तत्कालीन समाजले तय गरेको सामन्तवादी जातीय दमन र शोषणको जातीय शक्तिसम्बन्धको असन्तुलित स्वरूप प्रकट भएको छ । बाहुन, दमाई र सार्कीमा विभाजित उक्त समाज बहुजातीय स्वरूपको छ । स्थापित विमर्शात्मक संरचनाका बलमा उच्चजातले दमनकारी र निम्नजातले दमितको स्वरूप धारण गरेका छन् । त्यसले उच्चजातलाई अहङ्कारी, क्रोधी, आक्रामक र कठोर बनाएको छ भने निम्नजातलाई धैर्यवान, शान्त, कोमल र हीन भावनाको सिकार बनाएको छ । उच्चजातले जन्मजन्मान्तरका कपोलकल्पित र आडम्बरी कथा बुनेर दमन र शोषणको स्थायी संरचना निर्माण गर्ने प्रयास गरेको छ । समाजमा उत्पादनका साधन र निम्नजातको श्रममा पूर्ण रूपले उच्चजातकै वर्चस्व रहेको छ । अपमान, घृणा र उपेक्षाका माध्यमबाट उच्चजातीय, दमन र शोषणले सामन्तवादको उत्कर्ष स्वरूप धारण गरेको छ । यस प्रकारका सबै अन्यायपूर्ण कार्यका लागि जातीय शक्तिसम्बन्धको असन्तुलित स्वरूप निर्णायक आधार बनेको छ । त्यसकारण यस कथाका निम्नजातका पात्रहरू हर्के दमाई र गजुरे सार्कीको जीवन कष्टकर हुँदै अधीनस्थ अवस्थामा पुगेको छ ।

माधव भँडारीद्वारा लेखिएको 'दमाई' नेपालको मध्यपहाडी क्षेत्रमा रहेको जातीय शक्तिसम्बन्धको असन्तुलन र जातीय दमन अनि शोषणलाई विषय बनाएर लेखिएको कथा हो । यस कथामा परम्परागत वर्णव्यवस्थाका आधारमा जातीय दृष्टिकोण निर्माण भएको छ । त्यसले जातीय शक्तिसम्बन्धलाई असन्तुलित बनाएको छ । त्यसअनुसार बाहुन उच्चजात र दमाई निम्नजातका भएका छन् । उच्चजातको बाहुनले निम्नजातको दमाईलाई उत्पीडनमा पारेको छ । कथामा अछुत जात मानी दमाईलाई निम्नस्तरको भाषा अनि अमानवीय व्यवहारका माध्यमबाट दमन र शोषण गरिएको छ । वर्णव्यवस्थाको निम्नस्तर र छुवाछुतजन्य भेदभाव सामन्तवादी शोषणका रूपहरू हुन् । यही रूप यस कथामा प्रकट भएको छ । दमाई निम्नजातको भएकै कारण एक गिलास पानीसमेत नपाई मृत्युको मुखमा परेको सन्दर्भलाई कथामा यसरी उल्लेख गरिएको छ :

> "बाहुनी नानी, अलिकति तातो पानी, मरें म मरें ।" बूढो दमाई चिच्यायो । हरिकृष्ण बाजे रिसले चुर-मुरिए, "कति मर्दो रे छ डुम्रो ! अहिल्यै निकाल्छु झटाराले हानेर" भन्दै दैलो उधारेर बाहिर निस्किए । उनका पछि-पछि पानस लिएर बाहुनी बज्यै पनि निस्किइन् । "किन कराउँछस्, ए मोरा ?" - भनेर हरिकृष्ण बाजे जंगिए ।
>
> बूढो दमाईले बल्ल-बल्ल उभिएर एकछिन दुबैलाई हेऱ्यो अनि कामेको स्वरमा भन्न लाग्यो "यसो नभन ..... मेरा ..... छोरा ..... । वाक्य पूरा गर्न नपाई दौडिएर हरिकृष्णतिर आउँदा-आउँदै बूढो दमाई बीचैमा लड्यो ।
>
> हरिकृष्ण "बौलाहा ! बौलाहा !! भनेर कराउँदै थिए । हल्ला सुनेर गाउँका मानिस भेला भए, तर त्यहाँ बूढा दमाईको लास मात्र थियो (पृ.४८) ।

कथामा उल्लेख गरिएको यस सन्दर्भबाट उक्त समाजमा निम्नजातमाथि गरिने वर्णवादी दमनको स्वरूप प्रकट भएको छ । समाजमा निम्नजातको भएकै कारण पानी पाउन पनि अयोग्य हुनु पर्ने ज्यादै अमानवीय अवस्था यस प्रसङ्गमा उल्लेख भएको छ । दमाईले बाँच्नै नसक्ने

अवस्थामा पानी माग्दा बाहुनले गाली गर्दै झटाराले हानेर निकाल्ने कुरा जातीय दमनको पराकाष्ठा हो । त्यसैगरी दमाईले आफैंलाई उभ्याउन नसकेर ढल्दा बहुला भनी बाहुनले गरेको दमन ज्यादै अमानवीय स्वरूपको छ । यसरी यस कथामा जातीय दमनको परिणामकै कारण निम्नजातको दमाईले आफ्नो जीवन सधैंका लागि गुमाएको छ ।

'दमाई' कथामा परम्परागत वर्णव्यवस्थामा आधारित सामन्ती स्वरूपको जातीय दमन र शोषण रहेको छ । यस प्रकारको दमन र शोषणका लागि समाजमा विद्यमान जातीय शक्तिसम्बन्धको असन्तुलन निर्णायक आधार बनेको छ । सामाजिक सत्ता वा प्रभुत्वका बलमा उच्चजातले निम्नजातमाथि दमन र शोषण गरेको छ । त्यसका लागि निम्न स्तरको भाषा र अमानवीय व्यवहारलाई माध्यम बनाएको छ । प्रारम्भदेखि अन्त्यसम्म निरन्तर घृणा र उपेक्षा गरी दमाईलाई उत्पीडनमा पारिएको छ । यस प्रकारको दमन र शोषणलाई समाजमा स्थापित वर्णव्यवस्थाले रक्षाकवचको काम गरेको छ । त्यसैले यस कथाको निम्नजातको पात्र दमाईको जीवन अत्यन्त कष्टकर बन्दै कारुणिक अवस्थामा पुगेको छ ।

मुकुन्द ढुङ्गेलद्वारा लेखिएको 'त्याग' कथामा परम्परागत हिन्दु वर्णव्यवस्थाको प्रभाव पूर्ण रूपमा परेको छ । त्यसकारण समाजमा रहेका सबै जातिहरूको स्थान स्वतः वा जन्मजात रूपमै तय भएको छ । त्यसअनुसार बाहुन उच्चजात र दमाई निम्नजातका स्थानमा पुगेका छन् । यसले समाजमा जातीय शक्तिसम्बन्धलाई असन्तुलित बनाएको छ । उच्चजातले सामाजिक जीवनमा सम्मानित स्थान पाएको छ भने निम्नजात घृणा, विभेद, दमन र शोषणको सिकार भएको छ । यस कथामा खुँडे र जुठी निम्नजातका पात्रहरू हुन् भने अन्य सबै उच्चजातका पात्रहरू रहेका छन् । बाहुन जातका साँहिला बाजे र काँहिला बाजे यस कथामा दमनकारी पात्रका रूपमा उपस्थित छन् भने खुँडे र जुठी दमाई दमित पात्रका रूपमा प्रस्तुत भएका छन् । यिनै पात्रहरूका माध्यमबाट निम्नजातमाथि भएको सामाजिक, सांस्कृतिक, आर्थिक र मनोवैज्ञानिक दमन र शोषणलाई कथामा उल्लेख गरिएको छ । यस कथामा दमनको आधार सामन्तवादी सत्तासम्बन्धलाई र दमनको माध्यम सामाजिक विभेदलाई बनाइएको छ ।

सानु बाबुले दमाईकी छोरीसँगको प्रेमलाई निरन्तरता दिए सामाजिक बहिष्करणमा पर्ने कुरा काँहिला बाजेले यसरी व्यक्त गरेका छन् : "सारा गाउँलेहरूले हाम्रो भात काड्ने भएका छन् । सानुलाई तह लाउनुहोस्, होइन भने हामी नै पनि तपाईंहरूले छोएको खाँदैनौं" (पृ.१२) । यसले उक्त समाजमा निम्नजातमाथि गरिने सामाजिक बहिष्करणलाई देखाएको छ । नेपाली समाजमा निम्नजातमाथि दमन र शोषण गर्नका लागि अपनाइने यो सामन्तवादको एउटा स्वरूप हो । सानु बाबु र जुठीलाई प्रेमसम्बन्धबाट सधैंका लागि अलग गर्न साँहिला पण्डितले गरेको षड्यन्त्रलाई उसकै संवादका माध्यमबाट कथामा यसरी प्रस्तुत गरिएको छ :

"आफ्नो कारोबार धेरै चल्ने ठाउँमा जान्छस् ?"
"हजूरको निगाहा भए किन नजानु !"
"काठमाडौंको बानेश्वरमा गएर बस् बुझिस् ?

> त्यहाँ मेरो सडककै नजिक जग्गा छ; तँलाई घर बनाउन चाहिने जति जग्गा दिउँला । त्यहाँ यहाँ पहाडभन्दा धेरै कारोबार चल्छ । तँलाई खाना पनि दुःख हुने छैन (पृ.१४) ।

यसले सामन्तवादी समाजमा उच्चजातले आफ्नो आडम्बरी इज्जत जोगाउनका लागि गरेको षड्यन्त्रको झल्को दिएको छ । त्यसबाट यस कथाका खुँडे र जुठी दुबै पात्र उत्पीडनमा परेका छन् । गरिब र निम्नजातका पात्रमाथि गरिएको यो षड्यन्त्रले सामाजिक, आर्थिक र मनोवैज्ञानिक उत्पीडनको आधार निर्माण गरेको छ । त्यसलाई कथामा यसरी उल्लेख गरिएको छ :

> "जानुभन्दा अगि एकपल्ट भए पनि सानुबाबुलाई भेट्नु पर्ने हो ।" जुठीको मनमा यो विचार आयो, तर यसरी सजिलैसँग सानुबाबु जान दिनुहोला र ? …… फेरि नगए साँहिला बाजेको क्रोध सानुबाबु र खुँडे दमाईमाथि खस्ने छ । ……… यसको परिणाम-सानुबाबुलाई घरनिकाला र खुँडे दमाईको कारोबार बन्द किनभने, साँहिला बाजेको इच्छाविरुद्ध खुँडे दमाईकहाँ कोही पनि लुगा सिउन आउनसक्ने छैनन्" (पृ.१८) ।

यहाँ साँहिला बाजेको सामाजिक प्रभुत्वलाई सामन्तवादकै सापेक्षतामा चित्रण गरिएको छ । त्यसले उसको सामाजिक प्रभुत्वको विस्तारित स्वरूपलाई पनि प्रकाश पारेको छ । साँहिला बाजेको रिस र बेखुसी अरूका लागि असह्य हुने सङ्केतबाट निम्नजातमा सामाजिक, आर्थिक र मनोवैज्ञानिक रूपमा उत्पीडन भएको छ । त्यसले यस कथामा निम्नजातका पात्रको जीवनलाई कष्टकर बनाएको छ ।

'त्याग' कथाको समाजमा परम्परागत हिन्दु वर्णव्यवस्थाका आधारमा निर्मित सामन्तवादी स्वरूपको सत्ता संरचना रहेको छ । त्यसले समाजमा जातीय शक्तिसम्बन्धलाई असन्तुलित बनाएको छ । त्यसकारण समाजका मानिसहरू जातकै आधारमा विभेद, दमन र शोषणमा परेका छन् । उच्चजात सत्ताको केन्द्रमा रहेको छ भने निम्नजात सत्ताको परिधिमा पुऱ्याइएको छ । सत्ताको प्रयोगबाट उच्चजातले निम्नजातमाथि षड्यन्त्र गर्ने, सामाजिक रूपमा बहिष्कार गर्ने, आर्थिक प्रलोभन देखाउने, मानसिक रूपमा दबाब र तनाव सिर्जना गर्ने आदि प्रक्रियाबाट दमन र शोषण गरेको छ । यी सबै प्रकारका जातीय दमन र शोषणलाई समाजमा स्थापित असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धले वैधता प्रदान गरेको छ । त्यसले यस कथाका निम्नजातका पात्रको जीवनलाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ ।

रमेश विकलद्वारा लेखिएको 'वीरेकी आमा' कथा हिन्दु परम्पराको वर्णव्यवस्थाबाट प्रभावित भएकाले जातीय शक्तिसम्बन्ध असन्तुलित बनेको छ । उक्त व्यवस्थाअनुसार यस कथाकी वीरेकी आमा निम्नजातकी पात्र हो भने अन्य उच्चजातका पात्रहरू रहेका छन् । परम्परागत सामन्तवादी संरचनाका कारण यस कथाको निम्नजात जातीय दमन र शोषणमा परेको छ । वीरेकी आमाले कसैको शोषण गरेकी छैन तर उसको शोषण सबैले गरेका सन्दर्भलाई कथामा यसरी उल्लेख गरिएको छः "बिचरी हजारै गरिब भए पनि कसैको कनिकाको गेडासम्म पनि सित्तै खाइन है; बरु गाउँभरिकालाई ऋण बोकाएर गई । यो गाउँमा त्यो बिचरीको पसिना नपचाउने पनि कोही

भएनन्" (पृ. ५५) । बिरामी अवस्थामा पनि गरेको श्रममा शोषण भएको कुरा वीरेकी आमा आफैंले यसरी प्रकट गरेकी छ : "सक्तिनँ भन्दा पनि कर लगाएर बिहान धान कुट्न गएँ; आधामाना चामल दिएको पनि कनिकाको मियैमिया" (पृ.५६) । घिमिरिनी बज्यैले दिनभर काम लगाएर दिएको ज्यालाका सम्बन्धमा कथामा यसरी उल्लेख गरिएको छ : "केटाकेटीहरूले लुछ्दा लुछ्दा थाकेर मिल्काएको हाडखोर र गिजलेर फ्याँकेको भात दिइन्" (पृ.५८) । यसरी वीरेकी आमाको श्रममा शोषण गरिएको छ । साँहिली बज्यैले त्यसैलाई उपहासको विषय बनाएर शोषणलाई निरन्तरता प्रदान गरेकी छ । घिमिरेले दिनभर लुगा धुन लगाएर एउटा घिरौँलासम्म पनि नदिई शोषण गरेको छ । यसरी निम्नजातकै भएका कारण वीरेकी आमालाई सबैले आआफ्ना घरका धेरै असजिला कामहरू गराएका तर ज्याला नदिएर आर्थिक शोषण गरेका छन् । यस कथामा वीरेकी आमामाथि भएको चौतर्फी दमन र शोषणलाई यसरी उल्लेख गरिएको छ :

> बिचरी जिन्दगीभर अर्काको घर चलाएर गाली र आशीर्वादको संयुक्त वर्षाले समान रूपले सबैलाई रिफाएर आज ऊ गई । उसले कुटेको चामलले आज उसको क्रियाकर्म चल्दैन, उसले खने-खोस्रेको, उसले लिपे-पोतेको तीन हात जमिनमा उसको कुनै अधिकार छैन । उसले चलाएको घर आज उसको छैन (पृ.६०-६१) ।

यसले तत्कालीन समाजमा निम्नजातले अर्काको घर चलाइदिँदा गाली मात्र खानु पर्ने अवस्था देखाएको छ । निम्नजातले श्रमको प्रतिफलबाट बञ्चित हुनुपरेको अवस्था छ । उच्चजातले निम्नजातको श्रम र अधिकारालई शोषण गरेको छ । यी सबै कारणहरूले वीरेकी आमाले जीवनभर दुःख पाएकी छे भने उसको मृत्युपछि पनि ज्यादै कारुणिक अवस्था सिर्जना भएको छ ।

'वीरेकी आमा' कथामा पात्रहरूको बहुजातीय स्वरूपको उपस्थिति रहेको छ । हिन्दु परम्पराको वर्णव्यवस्थाका आधारमा निर्मित जातीय संरचना यस कथामा सक्रिय छ । त्यसकारण यस कथाको समाजमा जातीय शक्तिसम्बन्ध असन्तुलित बनेको छ । त्यसले मानिसको खास जातलाई उपेक्षा गरेर समाजमा उच्च र निम्नजातको विभेदकारी आधार स्थापित गरेको छ । त्यही आधारमा उच्चजातले निम्नजातमाथि दमन र शोषण गरेको छ । यसका लागि समाजमा स्थापित सामन्तवादी विमर्शात्मक संरचनाका माध्यमबाट उच्चजातलाई सामाजिक सत्ता सुम्पिएको छ । त्यसकै बलमा उच्चजातले उत्पादनका सबै साधन र ज्ञानबाट निम्नजातलाई अलग्याएको छ । त्यसकारण यस कथाको निम्नजात दमन र शोषणमा परी अधीनस्थ अवस्थामा पुगेको छ ।

## ५.४ निष्कर्ष

यथार्थवादी नेपाली कथामा भएको जातीय शक्तिसम्बन्धको अध्ययन गरिएको यस अध्यायमा जातीय शक्तिसम्बन्धका दृष्टिले उत्कृष्ट रहेका ८ ओटा कथाको विश्लेषण गरिएको छ । यस क्रममा जातीय सम्बन्धको विश्लेषण गर्दा परम्परागत वर्णव्यवस्थाका आधारमा निर्मित विमर्शात्मक संरचना, तत्कालीन समाजको बहुजातीय निर्मिति, वैवाहिक सम्बन्धमाथिको सामाजिक

प्रतिबन्धात्मक अवस्था, छुवाछुत र त्यसका आधारमा भएका सामाजिक वञ्चितीकरण, वितरण प्रणाली अनि अधीनस्थताको अवस्थालाई ध्यानमा राखिएको छ । त्यसैगरी जातीय विभेदको विश्लेषणका क्रममा परम्परागत वर्णव्यवस्थाका आधारमा निर्मित र स्थापित विमर्शात्मक संरचना, तत्कालीन समाजको सञ्चालक सामन्तवादी स्वरूपको शासन प्रणाली, छुवाछुत र सामाजिक वञ्चितीकरण, वैवाहिक सम्बन्धमाथिको अवरोध, जातीय अहङ्कार र हीनताबोध अनि वैधताको प्रश्न, ज्ञानको निर्माण र प्रसारण, उत्पादनका साधन र न्यायमाथिको वर्चस्व, प्रभुत्व अनि सत्तासम्बन्धलाई आधार बनाइएको छ । जातीय दमन र शोषणको विश्लेषणका लागि वर्णव्यवस्था निर्देशित विमर्शात्मक संरचना, जातीय सम्बन्ध, जातीय विभेद, उत्पादनका साधन र सत्तासँगको सम्बन्ध, श्रमको मूल्य निर्धारण, वितरण र न्यायमा पहुँच, घृणा, उपेक्षा, प्रभुत्व, भाषाको प्रयोग, शारीरिक अनि मनोवैज्ञानिक दबाब र तनाव अनि ज्ञानको निर्माण र प्रसारणलाई आधार बनाइएको छ ।

यथार्थवादी धाराका नेपाली कथाहरूमा जातीय सम्बन्ध सुमधुर हुन सकेको छैन । समाजमा स्थापित परम्परागत वर्णव्यवस्थाबाट निर्देशित विमर्शात्मक संरचनाका कारण उच्चजातमा अहङ्कार र निम्नजातमा हीनताबोधको भावना विकसित भएको छ । समाजको सत्तासम्बन्धबाट निर्मित शक्तिले उच्चजातका गलत कार्यलाई पनि वैधता प्रदान गरेको छ । छुवाछुत, सामाजिक वञ्चितीकरण र अन्तर्जातीय वैवाहिक सम्बन्धमाथिको प्रतिबन्धले उच्च र निम्नजातका बिचमा फराकिलो खाडल निर्माण गरेको छ । विमर्शात्मक संरचनाबाट प्राप्त शक्तिका आधारमा उच्चजातले निम्नजातप्रति गरेको अन्यायपूर्ण व्यवहारकै कारण यस धाराका कथामा जातीय सम्बन्धमा शत्रुता स्थापित भएको देखिन्छ । यसरी समाजमा भएका उच्च र निम्नजातका सबै पात्रका बिचमा भएको वैरभावपूर्ण जातीय सम्बन्धका कारण जातीय शक्तिसम्बन्ध असन्तुलित हुन पुगी निम्नजातको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

यथार्थवादी धाराका नेपाली कथाहरूमा जातीय विभेदलाई सामन्तवादी स्वरूपको विमर्शात्मक संरचनाले वैधता प्रदान गरेको छ । छुवाछुत र सामाजिक वञ्चितीकरणको स्थापित परम्पराको कारण निम्नजातकी जुठी दमाई र उच्चजातको पण्डितपुत्र सानुबाबुका बिचको प्रेम सम्बन्धमा वियोग मात्र भएको छैन कि दमाई परिवारले गाउँबाटै विदा हुनु परेको छ । यसरी जातकै आधारमा विभेद गरी सबै प्रकारका सत्ता र अधिकारबाट विमुख गराएर निम्नजातलाई उच्चजातले घृणा, तिरस्कार र सामाजिक बहिष्करणका माध्यमबाट समस्याग्रस्त अवस्थामा पुऱ्याएको परिस्थितिलाई यस धाराका कथाकारहरूले चित्रण गरेका छन् । यस प्रकारको जातीय विभेदका कारण जातीय शक्तिसम्बन्धमा असन्तुलन आएका हुनाले निम्नजातको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

जातीय दमन र शोषणका दृष्टिबाट यथार्थवादी नेपाली कथाहरूको विश्लेषण गर्दा सबै कथाहरूमा निम्नजातका पात्रहरू दमित र शोषित हुनुपरेको देखिन्छ । समाजमा उच्चजातले निम्नजातमाथि गरेको दमन र शोषणलाई तत्कालीन वर्णव्यवस्थाबाट निर्देशित विमर्शात्मक

संरचनाले वैधता प्रदान गरेको छ । निर्धारित समयको समाजमा जातीय सम्बन्ध शत्रुतापूर्ण रहेको र जातीय विभेद सर्वस्वीकार्य जस्तै भएको हुनाले पनि जातीय स्वरूपको दमन र शोषणले मौलाउने अवसर प्राप्त गरेको छ । उत्पादनका साधन र सत्तासँगको सम्बन्धमा उच्चजातीय पहुँच भएको र श्रमको मूल्य निर्धारण, उत्पादनको वितरण र न्यायबाट उच्चजातद्वारा निम्नजातलाई पूर्ण रूपमा विमुख पारी दमनर शोषण गरिएको छ । स्थापित विमर्शात्मक संरचनाबाट प्राप्त शक्तिकै कारण चरम अहङ्कारी बनेको उच्चजातले आफ्नो प्रभुत्वको विस्तार गरी निम्नजातका पात्रलाई घृणा, उपेक्षा, शारीरिक र मनोवैज्ञानिक दबाब अनि तनावका माध्यमबाट पनि सताएको देखिन्छ । यी सबै प्रकारका अन्याय र अमानवीय कार्यका लागि तत्कालको वर्णव्यवस्थाबाट निर्देशित विमर्शात्मक संरचनाले उच्चजातलाई शक्ति प्रदान गरेको स्पष्ट चित्रण यस धाराका कथाकारहरूले गरेका छन् । यस प्रकारको जातीय दमन र शोषणका कारण यथार्थवादी धाराका कथामा यसले निम्नजातलाई अधीनस्थ अवस्थाबाट माथि आउन दिएको छैन ।

यस अध्यायमा विश्लेषण गरिएका सबै कथाहरूमा उच्च र निम्नजातका बिचको जातीय सम्बन्ध शत्रुतापूर्ण रहेको छ । त्यसका लागि उच्चजातले निम्नजातमाथि गरेको अन्याय, अत्याचार, दमन र शोषण प्रमुख कारण बनेको छ । 'ऊ रुन थाल्यो', 'दमाई' र 'सार्की' कथाको जातीय सम्बन्धमा पुस्त्यौनी शत्रुता रहेको छ भने 'पापको परिणाम', 'त्याग' 'हली' र 'वीरेकी आमा' कथामा जातीय सम्बन्ध श्रमको शोषणमा आधारित भएर शत्रुतापूर्ण बनेको छ । 'को अटेरी ?' कथामा सामाजिक प्रतिष्ठा तथा प्रभुत्वका कारण जातीय सम्बन्ध शत्रुतापूर्ण बनेको छ । त्यसकारण सबै कथाहरूमा उच्चजातले निम्नजातमाथि विभेदका माध्यमबाट चरम दमन र शोषण गरेको हुनाले जातीय शक्तिसम्बन्ध असन्तुलित बनेको छ । यस अध्यायमा विश्लेषित कथाहरूमध्ये जातीय शक्तिसम्बन्धका दृष्टिले 'वीरेकी आमा', 'दमाई' र 'ऊ रुन थाल्यो' कथाहरू उत्कृष्ट रहेका छन् ।

जातीय शक्तिसम्बन्ध असन्तुलित भएका कारण अधीनस्थ अवस्थादेखि मृत्युसम्मको समस्या भोग्न विवश बनेका निम्न जातका सबै पात्रहरू वर्गीय समस्याबाट पनि प्रताडित रहेका छन् । त्यसका अतिरिक्त 'हली' कथाकी दमिनी, 'ऊ रुन थाल्यो' कथाकी आमा, 'त्याग' कथाकी जुठी र 'वीरेकी आमा' कथाकी वीरेकी आमा लैङ्गिक समस्यासँग पनि जोडिएका छन् । यस अध्यायमा विश्लेषण गरिएका सबै कथाहरूको प्रधान विषयवस्तु जातीय समस्या भए पनि वर्गीय र लैङ्गिक समस्या सहसम्बन्धित भएर अन्तर्मिश्रण भएको स्पष्ट छ । यसले जातीयमुक्तिका लागि वर्गीय र लैङ्गिक समस्याबाट मुक्ति हुनुपर्नेतर्फ स्पष्ट निर्देश गरेको छ ।

यथार्थवादी धाराका आधुनिक नेपाली कथाहरूको जातीय शक्तिसम्बन्धका दृष्टिबाट समग्र अध्ययन गर्दा उच्चजातीय अमानवीय कार्यका कारण जातीय सम्बन्ध शत्रुतापूर्ण बनेको पाइन्छ । त्यसैगरी परम्परागत वर्णव्यवस्थाबाट निर्देशित विमर्शात्मक संरचनाले जातीय विभेद, दमन र शोषणलाई वैधता प्रदान गरेको पनि स्पष्ट छ । यिनै कारणले यस धाराका कथामा जातीय शक्तिसम्बन्ध असन्तुलित बन्दा निम्नजातको जीवन सधैँ अधीनस्थ अवस्थामा पीडाग्रस्त भएर रहेको देखिन्छ ।

# अध्याय छ

# यथार्थवादी नेपाली कथामा प्रतिरोधात्मक शक्तिसम्बन्ध

## ६.१ विषयपरिचय

प्रस्तुत अध्याय यथार्थवादी नेपाली कथामा भएको प्रतिरोधात्मक शक्तिसम्बन्धसँग सम्बन्धित रहेको छ । यस अध्यायभित्र वर्गीय, लैङ्गिक र जातीय दृष्टिबाट सत्तामा रहेका पात्रहरूले सत्ताभन्दा बाहिर रहेका पात्रहरूमाथि गरेको दमन र शोषणका विरुद्धमा अधीनस्थ समुदायले उठाएका आवाज तथा गरेका प्रतिरोधहरूको विश्लेषण गरिएको छ । उक्त विश्लेषणका लागि प्रतिरोधात्मक शक्तिसम्बन्धको सैद्धान्तिक अवधारणाको निर्माण गरी त्यसकै आधारमा साक्ष्यहरूको पहिचान तथा विश्लेषण गरिएको छ । त्यस क्रममा वर्गीय प्रतिरोध र शक्तिसम्बन्ध, लैङ्गिक प्रतिरोध र शक्तिसम्बन्ध अनि जातीय प्रतिरोध र शक्तिसम्बन्धका अलग अलग आधार निर्माण गरिएको छ र उक्त आधारहरूमा कथाहरूको विश्लेषण गरी साझा निष्कर्ष निकालिएको छ ।

## ६.२ प्रतिरोध शक्तिसम्बन्धको सैद्धान्तिक अवधारणा

समाजमा रहेको शासकवर्गीय दमनकारी सांस्कृतिक समुदायका पात्रले गरेको अन्यायका विरुद्ध समाजमै दमित अवस्थामा रहेको परिधीय संस्कृतिक समुदायका पात्रले व्यक्त गर्ने प्रतिवादको चेतनालाई प्रतिरोध भनिन्छ । गैरकानुनी, अमानवीय, अनैतिक र विभेदकारी शक्तिको प्रयोग गर्ने व्यवहारका विरुद्धमा जागरुक भएर उठ्न सक्ने चेतना नै प्रतिरोधी चेतना हो । शक्तिशाली समूहको ज्यादती र प्रभुत्वका कारण अधीनस्थ समुदायले हकअधिकार प्राप्तिका लागि आफ्नै संस्थागत संस्कृति, सामाजिक सांस्कृतिक सम्बन्धका रूपहरू, मूल्य मान्यता र जीवनको अवस्था विकास गरेको हुन्छ । प्रभुत्वशाली समुदायले अधीनस्थ समुदायलाई प्रत्यक्ष वा परोक्ष रूपमा दमन, उत्पीडन र उपेक्षा गरी शासन गरेको हुन्छ । त्यस्तो शासित समुदायले शक्तिका विरुद्धमा विभिन्न रूप र शैलीका प्रतीकात्मक आवाज उठाउने गर्दछ । त्यस्तो प्रतिकार भौतिक र अभौतिक दुबै प्रकारको हुन्छ । प्रतिरोध भनेको उच्चसांस्कृतिक शक्तिहरूलाई बाहिरी सम्बन्धका विभिन्न स्रोतहरूबाट उठ्ने प्रश्नको दबाब हो (बेनेट, सन् १९९८ पृ.१७) । प्रतिरोध चेतनाले सामाजिक विभेद, दमन र शोषणका विरुद्धमा हुने वैयक्तिक वा सामाजिक विद्रोहको स्वरूप निर्माण गर्दछ । यसर्थ प्रतिरोध विमर्शात्मक निर्मिति हो । विमर्शमा देखिने परिवर्तनका आधारमा सत्ताको निर्माण र पुनः निर्माणको प्रक्रिया निरन्तर चलिरहन्छ । सत्तामा स्थापित सांस्कृतिक समूहका विरुद्धमा उदीयमान सांस्कृतिक समूहको प्रतिरोध शक्तिशाली भएर आउँदा सत्तामा परिवर्तन हुन्छ । आधारमा आएको परिवर्तले अधिरचनाको तहमा परिवर्तन हुन्छ । यही बिन्दुमा आउँदा मार्क्सवादको आधार र अधिरचनासम्बन्धी अवधारणा र फुकोको शक्ति निरन्तर प्रवाहशील हुन्छ भन्ने विचार जोडिन पुग्छ । दमन र प्रतिरोधका माध्यमबाट यही क्रममा शक्तिसम्बन्धका रूपहरू निर्माण र पुनः निर्माण हुँदै जान्छन् ।

समाजमा हुने दमन, शोषण तथा विभेदका कारण प्रतिरोध हुन्छ र उक्त प्रक्रियाका माध्यमबाट नै नयाँ शक्तिले जन्म लिन्छ । प्रतिरोध सांस्कृतिक शक्तिका लागि गरिने आत्मरक्षासँग आधारभूत रूपले सम्बन्धित छ । त्यो अधीनस्थ सामाजिक घटना परिघटनाबाट सिर्जित हुन्छ (बार्कर, सन् २०००, पृ.४५४) बार्करको यस भनाइले प्रतिरोधलाई दमन र आत्मरक्षाको सहउत्पादनका रूपमा अर्थ्याएको पाइन्छ । यसरी हेर्दा प्रतिरोध सत्ता र अधीनस्थहरूका कारण जन्मन्छ, जसमा प्रभुत्वशाली संस्कृतिले अधीनस्थ संस्कृतिमाथि आफ्नो वर्चस्व लाद्ने कार्य गरेको हुन्छ (बार्कर, सन् २०००, पृ.७७) । बार्करको यस भनाइले प्रतिरोध प्रभुत्वशाली सांस्कृतिक समुदायका पात्रले गर्ने अन्यायको प्रतिफल हो भन्ने स्पष्ट हुन्छ । टोनी बेनेटका अनुसार प्रतिरोधको चरित्र उत्पादनमूलक हुन्छ र यसमा कसले, कहाँ र कुन बेला प्रतिरोध गर्ने भन्ने कुरा स्पष्ट हुन्छ (बेनेट, सन् १९९८ पृ.१८) । समाजमा शक्तिशाली वर्गले आफ्नो प्रभुत्व स्थापित गर्नका लागि कमजोर समुदायमाथि सांस्कृतिक रूपमै दमनका प्रक्रियाहरूलाई निरन्तर कायम राख्छ । यस्तो बेला अधीनस्थ समूहले शोषण र दमनविरुद्ध प्रत्यक्ष वा परोक्ष ढङ्बाट आवाज उठाउनु नै प्रतिरोध हो । प्रतिरोध प्रभुत्वशाली र अधीनस्थ संस्कृतिसित सम्बन्धित छ, जहाँ दमित संस्कृतिले दमित संस्कृतिभन्दा बाहिर आफ्नो स्थानको खोजी गरिरहेको हुन्छ । प्रभुत्वशाली संस्कृति भनेको समाजमा विचार र शासनको हैकम चलाउनेहरूको संस्कृति हो । यो परम्परित रूपमा राज्यसत्ताको सञ्चालक र समाज व्यवस्थाबाटै सर्वमान्य स्वरूप प्राप्त गरेको संस्कृतिको रूपमा स्थापित भएको हुन्छ । यति हुँदा हुँदै पनि प्रभुत्वशाली संस्कृति समाज र समूहभित्रको जीवनशैलीमा समान ढङ्गले नअर्थिन र नअपनाउन सकिन्छ । त्यसैले समाजमा प्रभुत्वशाली संस्कृतिका विपरीत अन्य सांस्कृतिक चरित्रको विकास हुन थाल्छ । यसैलाई प्रतिरोध संस्कृति भनिन्छ । प्रतिरोधको संस्कृतिले शक्तिसम्बन्धमा सन्तुलन कायम गर्न, कुनै संस्कृतिलाई स्थापित गर्न र कुनै संस्कृतिलाई विस्थापित गर्न पनि सक्छ । त्यसकारण प्रतिरोध र शक्तिसम्बन्ध निरन्तर अन्तरसम्बन्धित हुन्छन् ।

समाजमा एउटा स्थापित संस्कृति हुन्छ तर समाजका हरेक पक्ष परिवर्तनशील भएझैं यो पनि निश्चित समय र परिस्थितिमा परिवर्तन हुन्छ । कहिलेकाहीँ स्थापित संस्कृतिभित्रै समाजका वर्ग वा समूहले भविष्यको चरित्र देख्ने प्रवृत्तिको विकास नभए त्यहाँ वैकल्पिक संस्कृतिको विकास हुन सक्छ र त्यहीँबाट प्रतिरोधको स्थिति जन्मन सक्छ । कुनै पनि समाजको प्रभुत्वशाली संस्कृतिमाथि कुनै समूह, वर्ग, लेखक, चिन्तकहरूले जब प्रश्न गर्छन् त्यहीँबाट प्रतिरोध सुरु हुन्छ (सुवेदी, २०६८, पृ.१३०) । समाजमा स्थापित परम्परागत मूल्य, मान्यतामाथि जब युवा संस्कृतिले सशक्त प्रतिक्रिया व्यक्त गर्छ तब प्रतिरोधको विशिष्ट स्वरूप देखापर्छ । समयको क्रमसँगै शासक वर्गको दमनकारी संस्कृतिका विरुद्धमा श्रमिक वर्गको विचार प्रवाहित हुन थाल्छ । यसरी सिर्जना भएको श्रमिक वर्गको संस्कृतिका रूपमा प्रतिरोधलाई लिन सकिन्छ । यस सन्दर्भमा स्टुवार्ट हलको धारणालाई सुवेदीले यसरी उल्लेख गरेका छन् : “संस्कृतिका दुई पाटा छन् , एउटा पाटो मूलधार हो । यसका मान्यताहरू निश्चित छन् । यो मानक पनि हो अनि अर्कोतिर सीमान्तीकृत वर्ग हुन्छ । त्यस वर्गले त्यही संस्कृतिलाई कसरी सिर्जनात्मक ढङ्गले मोडेर प्रतिरोधात्मक संस्कृतिको रचना गर्न सकिन्छ भन्ने काम गर्छ” (उद्धृत सुवेदी, २०६८, पृ.१३१) । यसबाट प्रतिरोध नकारात्मक

विरोधको स्वरूप मात्र होइन सामाजिकतासँगै सिर्जनात्मक रूपान्तरण पनि हो भन्ने बुझिन्छ । प्रतिरोध शासित वर्गको क्षमतामा आधारित हुन्छ र यसले समाजको परम्परागत शक्ति संरचनासँगै सामाजिक सांस्कृतिक दृष्टिकोणलाई समेत बदल्छ । यस्तो अवस्थामा विगतमा भएको सामाजिक शक्तिसम्बन्धमा परिवर्तन आउँछ ।

शक्तिशाली समुदायले परिधीय संस्कृतिमाथि प्रत्यक्ष रूपमा आफ्नो प्रभाव कायम गर्न खोज्दछ अथवा ग्राम्चीले भनेझैँ प्रभुत्व (हेजेमनी) का माध्यमबाट दमन गर्न खोज्दछ तर "राज्यको दमनकारी तथा आइडियोलजिकल संयन्त्र जति नै शक्तिशाली भए तापनि विद्रोह र विरोधको सम्भावना भने रहिरहन्छ" (उद्धृत उप्रेती, २०६८, पृ.१७९) । यसको अर्थ हो दमन र प्रतिरोध सँगै रहन्छन् अथवा प्रतिरोधको संभावना निशेष चाहिँ हुँदैन । ऐतिहासिक र सामाजिक परिप्रेक्ष्यमा हेर्दा कुनै पनि व्यक्ति वा समुदाय सधैँ प्रभुत्वमा रहिरहन सक्तैन । त्यसले कुनै न कुनै रूपमा प्रतिकार गरेको हुन्छ । त्यस्तो प्रतिरोध क्रियात्मक र भावात्मक दुबै प्रकारको हुन्छ । प्रभुत्वशाली वर्गले समाजका सबै क्षेत्रमा बल र सहमतिका आधारमा प्रभुत्व निर्माण गर्दछ र त्यसलाई सांस्कृतिक स्वरूप दिई सञ्चालनमा ल्याउँछ । त्यस्ता कार्यबाट नकारात्मक प्रभाव परेकाहरूले समयको क्रमसँगै विरोधका स्वरहरू उराल्न थाल्छनु र प्रतिरोधी संस्कृतिको उदय हुन्छ । यसरी समाजमा स्थापित संस्कृतिका विरुद्धमा प्रश्न उठ्न थालेपछि नै सामाजिक शक्तिसम्बन्धमा पनि नयाँ स्वरूपको आगमन प्रारम्भ हुन्छ ।

सांस्कृतिक अध्ययनका क्षेत्रमा फुकोको प्रतिरोध चेतनासम्बन्धी अवधारणा महत्त्वपूर्ण रहेको छ । उनले शक्ति, ज्ञान र विमर्शको व्याख्याका सन्दर्भमा प्रतिरोधबारे विभिन्न धारणाहरू व्यक्त गरेका छन् । उनी शक्तिको अभ्याससँगै प्रतिरोध चेतनाको विकास हुने देख्छन् । फुकोका अनुसार जहाँ शक्तिको अभ्यास देखा पर्छ, त्यहाँ नै त्यसको प्रतिकारको सम्भावना पनि साथसाथै मौलाउँछ । त्यसैले शक्तिको अभ्यास र त्यसको प्रतिरोधलाई छुट्टाछुट्टै नभएर एउटै प्रक्रियाका दुई भागको रूपमा हेर्नु पर्दछ (उद्धृत उप्रेती, २०६८, पृ.४१) । समुदायका हरेक क्षेत्रमा हुने शक्तिका अभ्यासहरूले अधीनस्थ सांस्कृतिक समूहको सिर्जना गर्दछ । त्यसकारण दमन र प्रतिरोधलाई एउटै सिक्काका दुई भागका रूपमा समाजभित्रै एकसाथ भेटिन्छ । फुकोको शक्तिको अवधारणाले भन्छ, शक्ति एउटै बाटोबाट सधैँ एकनासले अघि बढ्दैन, यो समय, स्थान र परिस्थिति अनुरूप परिवर्तित हुन्छ । यही क्रममा सत्य र ज्ञान पनि परिवर्तन हुन्छ । यस अवस्थामा शक्तिशाली शासक र त्यसको विरोधी शक्तिबिच टकराब हुन्छ (उद्धृत श्रेष्ठ, २०६८, पृ.३३) । फुकोको यस भनाइले शक्तिको चलायमान स्वरूप र प्रतिरोधको गतिका सम्बन्धमा स्पष्ट पार्दछ । शक्तिका बहाब र टकराबसँगै ज्ञान र सत्यमा पनि परिवर्तन आउँछ भन्नु नै शक्तिसम्बन्धमा परिवर्तन आउँछ भन्नु हो ।

समाजमा रहेको कुनै पनि समुदायले आफू शक्तिशाली बन्नका लागि अर्को समुदाय वा कमजोर समुदायमाथि दमन, अन्याय, अत्याचार, शोषण र उत्पीडन गर्दछ । जुन समुदाय शक्तिमा हुन्छ, त्यसले नै आफूअनुकूलको ज्ञान उत्पादन गरिरहेको हुन्छ र त्यसैलाई शक्तिका रूपमा प्रयोग

गरी प्रभुत्व निर्माण गर्दछ । आल्थुसरले पनि दमनकारी शक्ति राज्यबाट पनि परिचालित हुने हुँदा यसभित्र व्यक्ति वा नागरिक थिचोमिचोमा पर्ने धारणा प्रस्तुत गरेका छन् ( उद्धृत श्रेष्ठ, २०६८, पृ.४०) । आल्थुसरका अनुसार दमनकारी र विचारधारात्मक अङ्गहरू दुबैले दमनकारी साथसाथै वैचारिक तवरले कार्य गर्छन् तर राज्यका दमनकारी अङ्गहरूले प्रधानतः दमनको रूपबाट कार्य गर्छन् भने वैचारिक तवरले गर्ने कार्य गौण र अप्रत्यक्ष रूपको हुन्छ (उद्धृत पाण्डे, २०७२, पृ.२६९) । यसरी शक्तिशाली समुदायले परिधीय संस्कृतिमाथि प्रत्यक्ष रूपमा आफ्नो प्रभाव कायम गर्न खोज्दछ अथवा ग्राम्चीले भनेझैँ प्रभुत्व (हेजेमनी) का माध्यमबाट दमन गर्न खोज्दछ । त्यसले कुनै न कुनै रूपमा प्रतिकार गरेको हुन्छ । त्यस्तो प्रतिरोध क्रियात्मक र भावनात्मक दुबै प्रकारको हुन्छ । दमनकारी र दमित वर्गका बिचको शक्तिसम्बन्धमा सामान्य स्वरूपको मात्र अन्तर हुँदा प्रतिरोध क्रियात्मक हुन्छ भने यी दुई वर्गका बिचको शक्तिसम्बन्धमा गहिरो अन्तर हुँदा प्रतिरोध भावात्मक अवस्थामै सीमित रहन्छ । यी दुबै अवस्थामा दमनकारी र दमित वर्गका बिचको प्रतिरोधमा आधारित शक्तिसम्बन्धको स्वरूप फरक हुन्छ ।

समाजको सत्ता सञ्चालन गरिरहेको अभिजात वर्गले समाजका सबै क्षेत्रमा बलको प्रयोग र सहमतिका आधारमा प्रभुत्वको निर्माण गर्दछ र त्यसलाई सांस्कृतिक आधारका रूपमा स्थापित गरी आफूअनुकूल सञ्चालनमा ल्याउँछ । अरूमाथि कुनै पनि अर्थ र संस्कृतिलाई लिएर प्रभुत्व जमाउने कर्म त्यहीँबाट सुरु हुन्छ, जब कुनै समूह, वर्ग वा लेखक र चिन्तकहरूले त्यो अर्थमाथि प्रश्न गर्छन्, सांस्कृतिक प्रतिरोध त्यहीँबाट सुरु हुन्छ । साहित्यमा उपेक्षित वर्ग, नारी, शोषित, श्रमिक वर्ग र शासकबाट पीडित वर्गको लेखनमा त्यही सांस्कृतिक प्रतिरोध देखिन्छ । प्रतिरोध असमान शक्तिसम्बन्ध, बहिष्करण, भेदभाव र शोषणका विरुद्ध हुन्छ । यस्तो प्रतिरोध राजनीतिक वैधता र पहुँचका लागि हुन्छ र यो आधिकारिक प्रतिनिधित्वबाट मात्र सम्भव छ । त्यसकारण दमित, उपेक्षित, सीमान्तीकृत र उत्पीडित समुदायबाटै शासकीय संयन्त्र वा शक्तिशाली समूहका विरुद्ध प्रतिरोध हुन्छ । स्टुवार्ट हल प्रतिरोधलाई एकाङ्गी र सार्वभौम नियम मान्दैनन् । यसलाई उनले आफैँमा परिभाषित भइरहने मान्दै यो मान्छेले व्यक्त गरेका गतिविधिद्वारा निर्मित हुन्छ भनेका छन् । उनले प्रतिरोधलाई विशेष स्थान, समय र सामाजिक सम्बन्धहरूमा विशिष्ट अर्थका रूपमा रहन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् (बार्कर, सन् २०००, पृ.४३२) । हलले रीतिरिवाज र परम्पराबाट हुने प्रतिरोधलाई समेत महत्त्वका साथ प्रस्तुत गरेका छन् । यस प्रकार प्रतिरोध समाजमा क्रियाशील प्रभुत्वशाली संस्कृतिका विरुद्धमा उदीयमान संस्कृतिका तर्फबाट व्यक्त हुने त्यस्तो प्रतिवादको चेतना हो, जुन विशिष्ट अर्थका रूपमा सामाजिक घटना परिघटनाबाट अभिव्यक्त भएको हुन्छ ।

प्रतिरोधको स्वरूप भिन्न भिन्न प्रकारको हुन्छ । हलका अनुसार शासित वर्गले मूलधारको संस्कृतिलाई कसरी सिर्जनात्मक ढङ्ले मोडेर प्रतिरोधात्मक संस्कृतिको रचना गर्न सकिन्छ भन्ने काम गर्छ (उद्धृत सुवेदी, २०६८, पृ.१३१) । श्रमिक वर्ग, युवा वर्ग, महिला, विभिन्न जाति जनजातिका प्रतिरोधका स्वरूपहरू फरक फरक हुन्छन् । यसै सन्दर्भमा निनु चापागाईंको भनाइ पनि महत्त्वपूर्ण छ : "श्रमजीवी र शोषित जनसमुदायले समाजमा आफ्नो स्थान बुझ्न र स्वतन्त्रता

प्राप्त गर्नका निम्ति प्रयास गर्दछन् । उनीहरूले शासक वर्गहरूको विचारधारा र संस्कृतिका विरुद्ध स्वयम् आफ्नो विचारधारा र संस्कृतिको निर्माण गर्दछन्" (चापागाईं, २०६७, पृ.१०७) । युवावर्ग परम्परागत संस्कृतिका विरुद्ध पहिरन, हिँडाइ, बोलाइ, हेराइ र अन्य जीवन शैलीद्वारा प्रतिरोध चेतना प्रकट गर्दछन् । पिछडिएका समुदाय केन्द्रीय संस्कृतिका क्रियाकलापहरूप्रतिको असंलग्नता, त्यसप्रतिको बेवास्ता र अन्य व्यवहारहरूबाट पनि प्रतिरोध गर्दछन् । महिलाहरूले आफ्नो अधिकारका लागि लड्ने विषय फरक हुन सक्छन् । सबै जाति र सबै वर्गका महिलाहरू फरक फरक शैलीमा प्रतिरोध गर्दछन् । त्यस्तै मजदुर वर्गको प्रतिरोध इतिहासको गति र प्रवाहको विषय हो, यो कहिल्यै लोप हुँदैन, यो प्रभुत्वशाली संस्कृतिको प्रतिरोध र संरचनात्मक बचाउको अवस्थामा रहेको हुन्छ (बार्कर, सन् २०००, पृ.४१४) । यसरी कुनै पनि जाति, जनजाति, वर्ग, लिङ्ग लगायत सबै सांस्कृतिक समूह स्वतन्त्र हैसियत, अधिकार र स्थानका लागि वैयक्तिक वा संस्थागत रूपमा विध्वंसात्मक वा सिर्जनात्मक प्रतिरोध गर्दछन् ।

प्रतिरोधको अवस्थाले शक्तिसम्बन्धको वास्तविक स्वरूपलाई चिनाउँछ । समाजभित्रै अटाएको शासित समुदायसँग सम्बन्धित आवाजलाई पनि शक्तिको सम्बन्धले निर्देशित गर्छ । वास्तवमा समाजको आवाजभित्रै उनीहरूको आवाज पनि मिसिएर आउँछ । यस चरणका कथामा कतै शासित समुदाय आफै बोल्छ । यसरी आएको यो समुदायको आवाज स्वतःस्फूर्त छ कि निर्देशित छ अनि आफ्नो वर्गको हितमा छ कि सम्भ्रान्त वर्गको हितमा छ भन्ने विषयमा हेक्का राखिएको छ । त्यसैगरी शासित समुदायका पक्षमा शासक समुदाय, बौद्धिकहरू, लेखकहरू पनि बोलेका छन् । यस्ता आवाजहरूमा पनि अर्थले लक्षित गरेको अवस्थाप्रति हेक्का राखिएको छ । सबाल्टर्न बोलेको देखिए पनि उनीहरू कसका हितमा कसरी बोल्दैछन् भन्ने मुद्दा र सबाल्टर्नका नाममा को कसरी बोल्दै आएका छन् भन्ने कुरा विशेष अध्ययनको विषय हो (श्रेष्ठ, २०६८, पृ.४५) । पाठभित्र अधीनस्थ समुदाय आफै बोल्न सक्छ वा अरूका माध्यमबाट पनि उनीहरूको आवाज उठेको हुन सक्छ तर यस्ता आवाजहरूलाई विशेष ठानी हेर्नुपर्ने हुन्छ ।

प्रतिरोध शासकीय दमनका विरुद्धको सांस्कृतिक चेतना हो । यसले कुनै एक शक्ति वा संस्थाको दमनबाट बचाउने कार्य गर्दछ । यस्तो प्रतिरोध वर्गीय, जातीय,लैङ्गिक, उमेरगत र प्रादेशिकसमेत हुन्छ । बेनेट, लरेन्स र मेघनले यसलाई पुँजीवाद र पुँजीपतिका विरुद्ध औद्योगिक श्रमिकहरूले गरेको प्रतिरोध, पितृसत्ताका विरुद्धमा महिलाहरूको प्रतिरोध, जनजातीय अल्पसङ्ख्यकहरूले गर्ने श्वेत वा सांस्कृतिक साम्राज्यवादका विरुद्धको प्रतिरोध, अभिभावकीय सत्ताका विरुद्ध बालबालिकाको प्रतिरोध र दक्षिणका विरुद्ध उत्तरी विश्वको प्रतिरोधका रूपमा लिएका छन् (बेनेट, लरेन्स र मेघन, सन् २००५, पृ.३१०) । यस प्रकार सामाजिक र आर्थिक संरचनाका विभेदहरू, राजनीतिक र प्रशासनिक क्षेत्रका अधिकारमा देखिएका असमानताहरू, शक्तिसम्बन्धका कारण सिर्जित दमन, उत्पीडन, शोषण, अन्याय, अत्याचार र थिचोमिचोहरूका विरुद्ध पिछडिएका तथा अधीनस्थ जाति, वर्ग र लिङ्गले गर्ने विरोध नै प्रतिरोध हो । सापेक्षित रूपमा समाजको उच्चवर्गले निम्नवर्गमाथि गरेको दमनका विरुद्धमा वर्गीय प्रतिरोध हुन्छ भने पुरुषले नारीमाथि गरेको अन्यायका विरुद्धमा लैङ्गिक प्रतिरोध हुन्छ अनि उच्चजातले

निम्नजातमाथि दमन र शोषण गरेका अवस्थामा जातीय प्रतिरोध हुन्छ । यस प्रकारको कार्य तथा व्यवहारको विश्लेषणबाट शक्तिसम्बन्धको अध्ययन हुन सक्छ । प्रस्तुत शोधकार्यमा यसै आधारमा यथार्थवादी नेपाली कथामा भएको वर्गीय, लैङ्गिक र जातीय प्रतिरोधको विश्लेषण गरिएको छ ।

यथार्थवादी धाराका विश्लेष्य कथाहरूमा शासक समुदायको दमन र शासित समुदायको प्रतिरोध उल्लेखनीय रूपमा रहेको छ । साहित्य समाज, शक्ति, परम्परा तथा संस्कृतिको जीवन्त अभिव्यक्ति हो । त्यसकारण यसभित्र समाजका शक्तिसम्बन्धहरूको प्रभाव कुनै न कुनै रूपमा परेकै हुन्छ । प्रतिरोधको मात्रा, कोण, धरातल आदिका माध्यमबाट शासक र शासित समुदायका बिचको शक्तिसम्बन्ध निर्देशित हुने हुनाले यस शोधकार्यको उद्देश्य प्राप्त गर्न कथाहरूको विश्लेषणका लागि यिनै आधारहरू प्रमुख हुन् ।

### ६.३ यथार्थवादी नेपाली कथामा वर्गीय प्रतिरोध

पूर्णदास श्रेष्ठद्वारा लिखित 'सत्यको बाटो' कथा सामन्तवादी विमर्शात्मक संरचनाको परिवेशमा निर्मित छ । यस कथामा धने गरिब तथा निम्नवर्गको भएकै कारण सामन्त प्रजापतिको विभेद, दमन र शोषणमा परेको छ । त्यस प्रकारको अमानवीय कार्यका विरुद्ध उसले सक्दो प्रतिरोध पनि गरेको छ । समाजको रूढिवादीको विरोध गर्न भनी पूर्णदासले कतै कतै सशक्त भावप्रेषण गरेका छन् तापनि तात्कालिक सामाजिक विधानले गर्दा ती सशक्त विद्रोही हुन सकेनन् (बराल, २०२९, पृ. २३८) प्रजापतिले धनेको इच्छा विपरीत उसको घरजग्गा लिन चाहेको छ । त्यसका लागि उसले पैसाको लोभ देखाउँदै धनेको मन जित्ने उद्देश्यले भनेको छ : "एक हजार भनेको धेरै हुन्छ । यस रुपियाँले तिमीले एउटा राम्रो झिँगटी घर बनाउन सक्छौ, तिमी आमाछोरालाई वर्षभरिलाई पुग्ने खेत किन्न सक्छौ । ....तिम्रो सानो छाप्रोको सट्टा किन लिँदैनौ" (पृ.१५)? धनेले आफ्नो पैतृक थलो उसलाई दिन अस्वीकार गरी यसरी प्रतिरोध गरेको छ : "यो हुन सक्दैन" (पृ.१५) । यस क्रममा उसले धनेलाई दिएको दबाबलाई कथाकारले यसरी प्रस्तुत गरेका छन् : "हुन सक्दैन ? ...कसको कुरालाई इन्कार गरिरहेछौ, तँलाई थाहा छ ? ...परिणाम के हुन्छ त्यो पनि थाहा छ" (पृ.१५) ? प्रजापतिको यस भनाइले धनेमाथि थप दबाब सिर्जना गरेको छ । उसले भावी दुखद परिणतिको सङ्केत पनि गरेको छ । यस प्रकारको दमनलाई धनेले प्रतिरोध गर्दै भनेको छ : "भाग्यमा जे लेखेको छ । ....मुसा सम्झी एउटा गरीबलाई दबाउने प्रयत्न कहाँको न्याय हो त" (पृ. १५) ? यसरी घरका लागि तथा न्यायका लागि धनेले सक्दो प्रतिरोध गरेको छ । त्यसैको परिणाममा धनेको घर आगलागीबाट खरानीको थुप्रोमा परिणत भएको छ तर त्यसको कारणको खोजी भएको छैन । त्यसकारण यस कथामा धनेले सबै प्रयास गरेर प्रतिरोध गरेको भए पनि ऊ निम्नवर्गकै भएको हुनाले उसको प्रतिरोधी स्वरले कार्यरूप प्राप्त गर्न सकेको पाइन्न ।

'सत्यको बाटो' कथामा वर्गीय शक्तिसम्बन्ध असन्तुलित भएकै कारण सामन्त प्रजापतिले गरेका अन्यायपूर्ण कार्यको प्रतिरोध गर्न धने विफल भएको छ । धनेको प्रतिरोधले सङ्गठित स्वरूप धारण गर्न सकेको छैन । त्यसका लागि समाजमा स्थापित वर्गीय शक्तिसम्बन्धको असन्तुलित

स्वरूपले प्रजापतिका पक्षमा शक्तिलाई केन्द्रित गरेको छ । त्यसकारण प्रजापतिको प्रभुत्वका विरुद्धमा मनमा केही कुरा आए पनि कसैले खुलेर प्रतिरोध गर्न सक्दैन । स्थानीय सामाजिक सत्ता प्रजापतिकै हातमा छ भने केन्द्रीय सत्तासम्मको पहुँच पनि उसकै मात्र छ । उत्पादनका साधन र सामाजिक न्यायका क्षेत्रमा प्रजापतिकै वर्चस्व स्थापित छ । यी सबै कारणले विमर्शात्मक संरचनाको निर्माण पूर्णतः एक पक्षीय र विभेदकारी ढङ्गबाट भएको हुनाले धनेको प्रतिरोध कमजोर बनेको छ । त्यसकारण कसैले प्रजापतिको दमनका विरुद्धमा निर्णायक प्रतिरोध गर्न सक्दैन । समग्रमा यस कथामा भएको परम्परागत सामन्तवादी ढाँचाको वर्गीय विभेद तथा दमन र शोषणलाई वर्गीय शक्तिसम्बन्धको असन्तुलित स्वरूपले वैधता प्रदान गरेका कारण निम्नवर्गको प्रतिरोध विफल भएको छ । यसले प्रस्तुत कथाको निम्नवर्गीय पात्र धनेलाई अधीनस्थ अवस्थाबाट माथि उठ्न दिएको छैन ।

कृष्णप्रसाद चापागाउँद्वारा लेखिएको 'दाङका थारू' कथा तत्कालीन समाजको यथार्थलाई अभिव्यक्त गर्न सफल रहेको छ । यस कथामा वर्गविभेद, दमन र शोषणका विरुद्धमा भएको प्रतिरोधलाई समाजसापेक्ष दृष्टिबाट प्रस्तुत गरिएको छ । सोझो, सरल र सत्य बाटोबाट जीवन भोगिरहेका थारूहरूमाथि सामन्ती ढाँचाको चरम दमन र शोषण भएको छ । थारूकै घरमा बसेर धितालले हरुवा थारूलाई अधीनस्थ अवस्थामा पुऱ्याएर शोषण गरेको छ । धितालद्वारा उसको थातबास सबै कब्जा गरिएको छ । उसलाई पारिश्रमिक नदिईकन काममा लगाइएको छ । पारिवारिक समस्या पर्दासमेत बलपूर्वक धितालको काममा जान बाध्य बनाइएको छ । धितालले विरामी अवस्थाकी हरुवाकी श्रीमतीलाई गाली गरेको छ । उसले हरुवाको सानो बच्चालाई लात्तले हिर्काएको छ । हरुवाका खानेकुरा छरिदिने र घरमा भएका हाँडाभाँडा फुटाइदिने काम गरिएको छ । धितालले गाउँलेहरूबाट बिना पारिश्रमिक काम गराउनु, पैसा नै नदिई दुध, घिउ आदि ल्याउन बाध्य बनाउनु आदि यस कथामा भएका वर्गविभेद, दमन र शोषणका उदाहरणहरू हुन् । "सेतो कागजमा कालो रङले केरकार गरेको थियो । त्यसैमा मैले आफ्नो बुढी औंलाको सही लगाइ दिएँ । ... पछि त्यही कागजको पासो बनाएर हामीलाई बल्झाए" (पृ.३५) । हरुवाको यस भनाइले निरक्षर थारूलाई धितालले पहिला विश्वासमा लिएर पछि फँसाएको देखिन्छ । उसले उचित समय आएपछि उक्त कागजकै आधारमा थारूको सम्पूर्ण जायजेथा हडपेको स्पष्ट हुन्छ । त्यसपछि गाउँको जिमिदारी हत्याएर धितालले सिङ्गो समुदायलाई कज्याएको सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> धिताल बाजेको घरमा छोरीको विवाह थियो । गाउँभरिका रैती यही कामका निमित्त महिनौं दिनदेखि जोतिएका थिए । कोही पात टिप्न काँटातिर लागेका थिए । कोही दाउरा ल्याउन जङ्गलतिर पसेका थिए । कसैलाई दहीको अडर थियो, कसैलाई दूध, घ्यू र तेल अर्थात् जो चिज विवाहका निमित्त चाहिन्छ इत्यादि कुरा रैतीलाई नै बाँडफाँड भएको थियो । बिना पैसामा रैतीहरूले सबै माल तोकिएको दिन पूराउन पर्दथ्यो । नपूराए, नगरे धिताल बाजेका आँगनमा काठका तुरुङहरू थिए । त्यसैमा ठोकेर सजाय दिन्थे (पृ.३७) ।

कथामा प्रस्तुत यस उद्धरणले थारूहरूमाथि भएको दमन र शोषणको सामन्तवादी स्वरूपलाई प्रकट गरेको छ । सामन्तले चाहेको श्रम र वस्तु निम्नवर्गले बिना पैसा पुऱ्याउनु पर्ने तत्कालको बाध्यात्मक परिस्थितिलाई यस उद्धरणले प्रकाश पारेको छ । यस्तो अवस्थामा पनि कसैले धितालको प्रतिरोधमा आवाज उठाउन सकेको छैन । अझ बिरामी श्रीमतीलाई मरणासन्न अवस्थामा छोडेर धितालको भारी बोक्न जानै पर्ने हरुवा थारूको विवशतालाई कथामा यसरी देखाइएको छ : “ढुङ्गाको छाति तुल्याएर बाटाको सामल सरसपाट गरी नाबालक छोराको जिम्मामा स्वास्नीलाई मृत्युशय्यामा छोडेर आफू चाहिँ पराधीनको पासोमा कसिँदै धिताल बाजेको काममा गयो” (पृ. ३८) । कथामा उल्लेख गरिएको यस सन्दर्भले हरुवा थारूको विकराल परिस्थितिलाई प्रकट गरेको छ । यसले उक्त समाजको ऐतिहासिक यथार्थलाई मार्मिक ढङ्ग अभिव्यक्त गरेको छ । थारूहरूमाथिको दमनका माध्यमबाट श्रम, सम्पत्ति र अधिकारको शोषण गरेको छ । सामन्त धितालले सम्पूर्ण जायजेथा हडप गरी जिमिदारबाट अधीनस्थ अवस्थामा पुऱ्याएपछिको हरुवा थारूको सोचले गरेको प्रतिरोधलाई कथामा यसरी उल्लेख गरिएको छ :

> २० वर्षअघि म यही गाउँको जिमीदार थिएँ, कुनै कुराको अभाव थिएन । मनमा शान्ति र जीउमा चैन थियो । आज यो गति । के यो सबै मेरै कुकर्मको फल हो त ? अहँ होइन । आजसम्म मैले कसैलाई धोका दिएको छैन । झुटो बोलिनँ । मौसमअनुसारको कामकाज घामपानी नभनी मेहनतसाथ गरिआएको नै छु । लाउनु एक कोराको भोटो लगौंटी हो, त्यही पनि सबै आफैले बुनेको । खानु छ आफैले जोतेको खेतको धान त्यही पनि आधा पेट । फेरि किन यो जिमीदारी गयो ? अनि म किन यस्तो कंगाल हुँदै गएँ ? आज मेरो घरमा अनाज, पैसाको त कुरै छोडिदिउँ, पानी खाने एउटा माटाको गाग्रो र पकाई खाने हाँडीसम्म छैन । यसैका निम्ति दुई हात थापेर माग्न जान पर्ने भइरहेछ । कोसँग माग्ने ? यिनै धिताल बाजेसँग । दिए भने दया भयो, पाएँ निगाहा भयो भनी मागी ल्याउने ? ओहो कस्तो गजबको कुरो, जल्ले यत्रो सम्पत्ति लुट्यो, जसको सम्पत्ति पाएर ऊ धनी छ, म गरिब छु । आज मलाई मेरै सम्पत्तिबाट माटाको एउटा हाँडी दिँदैमा त्यसैलाई म दया भनौं त ? अँहँ कसरी भन्ने ? त्यस्तोलाई दया भन्नु दया शब्दको खिल्लत उडाउनु हो भनी हरुवा थारूको मनमा एकाएक विद्रोहको झिल्का निस्कियो । अवकाश नहुँदा बाहिर प्रकाश हुन पाएन । भित्री मन मनैमा सल्किँदै गयो (पृ.४०-४१) ।

कथाको अन्त्यमा पुग्दा हरुवा थारूमा उच्चवर्गीय विभेद, दमन र शोषणका विरुद्धमा विद्रोही भावको सिर्जना भएको छ । उसले आफूले कुनै गलत कार्य नगरेको हुनाले त्यसलाई पापको फल मान्न पनि तयार भएन । आफूले निरन्तर श्रम गर्दा पनि गरिबीमा डुब्नु परेको अवस्था बुझ्यो । उच्च वर्गीय षड्यन्त्र अनि दमन र शोषणकै कारण आफू कमजोर भएको पनि थाहा पायो । उसले मालिकका सामु दयाको भीख माग्न नजाने निर्णय पनि गऱ्यो तर यी सबै कुराले प्रकट हुने अवसर पाएनन् । हरुवाको प्रतिरोधी चेतना प्रबल हुन नसक्दा उसको प्रतिरोध सफल हुन नसकेको अवस्था प्रस्तुत कथामा पाइन्छ ।

'दाङका थारू' तत्कालीन सामन्तवादी विमर्शात्मक संरचनालाई आधार बनाई लेखिएको यथार्थवादी कथा हो । त्यसकारण यस कथामा वर्गीय शक्तिसम्बन्ध असन्तुलित बनेको छ । उक्त समाजको बनोटमा वर्गीय विभेद, दमन र शोषणलाई संरक्षण गर्ने विमर्शात्मक संरचना क्रियाशील रहेको छ । त्यसकारण षड्यन्त्रका माध्यमबाट निम्नवर्गका मानिसप्रति उच्चवर्गले गर्ने अन्यायले वैधानिकता पाउँदा निम्नवर्गको प्रतिरोध विफल भएको छ । ज्ञान र शक्तिका आधारमा उत्पादनका सबै क्षेत्रमाथि उच्चवर्गको वर्चस्व कायम भएकाले निम्नवर्ग शक्तिबाट विमुख भएकै कारण उत्पीडनमा परेको छ । यस प्रकारको अन्यायबाट लडेर मुक्ति पाउन सकिन्छ भन्ने प्रतिरोधी विचारको यथासमयमा उदयसम्म भएको छैन । स्थानीय र केन्द्रीय दुबै सत्तामा उच्चवर्गको मात्र पहुँच रहेका कारण त्यो निम्नवर्ग निरीह अवस्थामा पुगेको छ । त्यसकारण उच्चवर्गले गरेको व्यक्तिगत र सामूहिक दमनका विरुद्धमा कुनै प्रतिरोध भएको छैन । हरुवामा अन्तिम अवस्थामा आएको प्रतिरोधी भावले पनि निकास नपाएका कारण त्यो आफैमा दमित भाव मात्र बन्न पुगेको छ । सीमान्तीकृतहरू पनि प्रतिरोध गर्छन् तर उनीहरूको उक्त प्रतिरोध समाधानको किनारासम्म पुग्न पाउँदैन भन्ने सीमान्तीयताको सैद्धान्तिक अवधारणा यस कथामा पुष्टि भएको छ । समाजमा विद्यमान वर्गीय शक्तिसम्बन्धको असन्तुलनकै कारण यस कथाका निम्नवर्गका थारूहरूको प्रतिरोध सशक्त बन्न नसकेको हुनाले उनीहरू उत्पीडनमा परी अधीनस्थ अवस्थामा पुगेका छन् ।

गोविन्दप्रसाद लोहनीको 'नुनको सोझो' कथा वर्गविभेद, दमन, शोषण र प्रतिरोधलाई प्रमुख विषय बनाई लेखिएको कथा हो । सामन्तवादद्वारा निर्मित र संरक्षित विमर्शात्मक संरचनाभित्रको दमन, शोषणको स्वरूप र त्यसका विरुद्धमा भएको प्रतिरोध यस कथामा अभिव्यक्त भएको छ । त्यसकारण यस कथाको प्रतिरोधात्मक शक्तिसम्बन्ध असन्तुलित बनेको छ । गाउँमा कान्छी आमाले गरेको अन्याय र त्यसका विरुद्धमा कालेले गरेको प्रतिरोधलाई कथामा यसरी उल्लेख गरिएको छ :

> एकदिन कालेले ढोकाबाहिरबाट सुन्यो कान्छी आमा गाउँका २/३ बुढीमाउहरूसँग भन्न लागेकी थिइन् "भुसतिघ्रे मानिस भएर पनि अर्काको कमाइमा मोज गर्न कस्तो लाज नलागेको होला । हाम्राले त १२ वर्षको उमेरदेखि पेट पालेका थिए ।" त्यै दिन काले नेपालतिर हिँड्यो (पृ.९) ।

कथामा प्रस्तुत यस सन्दर्भले कालेलाई अपमानका विरुद्ध तुरुन्तै प्रतिवाद गर्ने पात्रका रूपमा उभ्याएको छ । त्यसपछि सहर पुगेर कर्णेलको घरमा नोकरीमा बसेपछि भने कालेको प्रतिरोधी चरित्र करिबकरिब समाप्तजस्तै भएको छ । यस कथामा उच्चवर्गको कर्णेलले निम्नवर्गको कालेलाई आजीवन दमन र शोषण गरेको छ । कालेले ४६ वर्षसम्म मालिकको सेवा गर्दा पनि उसको तलब बढेको छैन । यस सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> खै, ४६ वर्ष बीचमा कालेले कति कमायो ? उइ मैनाको बीस ! लडाइँले माल चारखण्ड महगों भो तर उइ बीस ! एक पैसा बढेन । कर्णेल भन्थे, "बुझिस् काले, सरकारका

सिपाही र जागिरदारको तलब त बढेन भने हामीले कसरी बढाउने ? महगी त आउँछ जान्छ" (पृ.१२४) ।

कथाको यस सन्दर्भले ४६ वर्षसम्म कालेलाई एउटै तलबमा काम गराएर कर्णेलले गरेको आर्थिक शोषणलाई अभिव्यक्त गरेको छ । वर्गीय शक्तिसम्बन्ध असन्तुलित भएको हुनाले यस्तो अवस्थामा पनि कालेले कुनै प्रतिरोध गरेको छैन । कालेले मालिककै सुरक्षामा चोरसँग लड्दा घाइते भई पाँच महिना अस्पताल बस्नुपरेको समयको तलब काटिएको छ । यस सन्दर्भलाई कथामा यसरी उल्लेख गरिएको छ : "कर्णेलले कारिन्दापट्टि हेरेर भने ए रामलाल, हेर, यसको जम्मा तलब १९० रुपियाँ हुनुपर्ने, त्यसबाट पाँच महिनाको १०० रु कट्टा गरी जम्मा ९० रु. दिएर पठाइदे" (पृ.१७) । यस सन्दर्भले कालेले मालिकको सम्पत्ति जोगाउँदा पनि उसकै अपराध सावित भएको छ । त्यति मात्र होइन उक्त घटनामा आफ्नो खुट्टो गुमाएर अपाङ्ग बनेपछि कालेलाई कामबाट समेत विमुख गराइएको छ । यस अवस्थामा पनि उसले कुनै प्रतिरोधी आवाज उठाएको छैन । जब ऊ बाटामा एक्लै अलपत्र अवस्थामा निकालिन्छ अनि उसले सोचेका कुरालाई कथामा यसरी उल्लेख गरिएको छ :

> ९० रु. को थैलो र भोटो च्यापेर खुट्टा खोच्याउँदै विस्तारै विस्तारै हिँडिरहेको थियो काले । उसको आँखअगाडि थिए तीनौटी बिहे गर्ने उमेर भएका छोरीहरू, भत्केको घर र विरामी कान्छी । उसले झलक्क सम्झ्यो टल्कने गहनाको पोको- कर्णेलकी माइली बुहारीको । उसको आँखा गयो आफ्नो लङ्गडो खुट्टामा । कर्णेलको अग्लो हबेलीपट्टि हेर्दै लामो सास तानेर निधार खुम्च्याएर कालेले बिस्तारै भन्यो, नुनको सोझो (पृ.१८) ।

कथामा प्रतुत यस सन्दर्भबाट अन्तिम अवस्थामा आएको कालेको मौन स्वरूपको प्रतिरोधी विचार व्यक्त भएको छ । यसले पश्चाताप मात्र सिर्जना गरेको छ । कर्णेलको अन्यायपूर्ण शोषणका विरुद्धमा कुनै निर्णायक विद्रोह गर्ने उसको योजना देखिँदैन ।

'नुनको सोझो' कथा २००७ सालपछिको नेपाली समाजमा आधारित कथा हो । तत्कालीन नेपाली समाजमा वर्गीय शक्तिसम्बन्ध असन्तुलित अवस्थामा रहेको हुनाले निम्नवर्गको प्रतिरोध कमजोर भएको देखिन्छ । उत्पादनका साधन र श्रमको मूल्यमा उच्चवर्गीय एकाधिकार भएकाले निम्नवर्गका लागि बोल्न सक्ने परिस्थिति नै देखिँदैन । समाजको उक्त यथार्थलाई यस कथामा विषयवस्तुका रूपमा उल्लेख गरिएको छ । एकपक्षीय र विभेदकारी विमर्शात्मक संरचनाले निम्नवर्गलाई आफ्ना विचार राख्ने र अन्यायका विरुद्धमा आवाज उठाउने मौका नै दिँदैन । त्यसकारण यस कथाको कालेको प्रतिरोधी चेतनाले बाहिर आउने अवसर पाएको छैन । अन्तिममै भए पनि कालेमा प्रतिरोधी चेतना जागेको छ तर समाजमा स्थापित वर्गीय शक्तिसम्बन्धको असन्तुलित अवस्थाका कारण उसको प्रतिरोध सफल हुन सकेको छैन । त्यसैले ऊ अधीनस्थ अवस्थाबाट माथि उठ्न सकेको छैन ।

बल्लभमणि दाहालद्वारा लेखिएको 'सहीको सही' कथा उच्चवर्गीय दमन, शोषण र त्यसका विरुद्धमा भएको प्रतिरोधलाई प्रमुख विषय बनाई लेखिएको कथा हो । यस कथामा निम्नवर्गमाथिको विभेद, दमन र शोषणलाई परास्त गर्नसक्ने प्रतिरोधी विचारको धरातल निर्माण हुनसकेको छैन । कथाको प्रारम्भमा निम्नवर्गीय पात्र काले भुजेलमा उच्चवर्गीय दमन र शोषणका विरुद्धमा सशक्त प्रतिरोधी चेतना देखिन्छ । मुखियाले काले भुजेललाई आफ्नी छोरी पुऱ्याउन जाने आदेश दिँदा भुजेलले श्रीमती विरामी परेको कारण देखाउँदै अवज्ञा गरेको छ । त्यसपछि भुजेलनीले साहु रिभ्फाउन जानूभन्दा भुजेलले अस्वीकार गर्दै भनेको छ :

> जान्नँ, चाकडी गर्दा आफ्ना हाड, छाला मकाइ सके र पनि तेरा मुखिया कहिल्यै खुशी हुने होइनन् । अस्ति गएन भनेर खेत पनि हाम्रोभन्दा दुई मुरी ठेग बढाएर अर्कैलाई दिए रे । यो थोत्रो बारी पनि कसलाई दिइसक्थ्यो । पोहोरको तीन मुरी धानका लोभले खोस्न सकेको छैन (पृ.१८) ।

कथामा प्रस्तुत यस सन्दर्भबाट भुजेलमा मालिकका अन्यायी कार्यका विरुद्धमा यथेष्ठ प्रतिरोधी चेतना जागृत भएको देखिन्छ । जति हाड, छाला खियाएर काम गरे पनि खुसी नहुने मालिकको चाकरीमा अब नजाने उसको विद्रोही भावलाई यस सन्दर्भले व्यक्त गरेको छ । मुखिया रिभ्फाउनु पर्ने भुजेलनीको अनुरोधलाई अस्वीकार गर्दै भुजेलले अभ्फ अगाडि भनेको छ : "नकरा तँ बजिनी, तेरा मुखियालाई केही रिभ्फाउनु ओर्नु पर्दैन" (पृ.१८) । भुजेलको यस अभिव्यक्तिमा पनि अन्यायपूर्ण कार्यका विरुद्धमा उसको चेतना जागृत भएको बोध हुन्छ ।

भुजेल सामन्तवादी विमर्शात्मक संरचनाभित्रको पात्र हो । त्यसकारण सामन्तका सामुन्नेमा भने उसको प्रतिरोध व्यक्त हुन सक्दैन । उच्चवर्गको मुखियाले काले भुजेललाई बिरामी श्रीमती छोडेर आफ्नी छोरी पुऱ्याउन जाने आदेश दिएको छ । निम्नवर्गको भुजेलले आफ्नी बिरामी श्रीमती छोडेर मुखियाकी छोरीको भरिया बन्नु पर्ने अवस्थाले वर्गविभेदलाई प्रस्तुत गरेको छ । मुखियाको उक्त आदेशलाई नमान्दा काले भुजेलमाथि भएको दमनलाई कथामा यसरी प्रस्तुत गरिएको छ : "पिरामा डरले काम्दै बसेको काले भुजेलको पिठमा काँटी ठोकेका जुत्ता बर्सिए । लात बर्सिए, लट्ठी बर्सिए । त्यति गर्दा पनि काले भुजेलले मुखियालाई केही गरेन" (पृ.१९) । भुजेलनीका अगाडि देखिएको भुजेलको प्रतिरोधी विचार मुखियाका अगाडि व्यक्त हुन सक्दैन । समाजमा स्थापित वर्गीय शक्तिसम्बन्धको असन्तुलित अवस्थाले भुजेललाई कमजोर र मुखियालाई शक्तिशाली बनाएको छ । त्यसकै परिणाममा भुजेलले मुखियाको पाउ समाउँदै भनेको छ :"राजा भने पनि द्यौता भने पनि हजूर नै हुनुहुन्छ, बिराएँ" (पृ.१९-२०) । यसरी सामन्त मुखियाका अगाडि पर्नासाथ निम्नवर्गको भुजेलको प्रतिरोधी शक्ति समाप्त भएको छ । त्यसपछि मुखिनीले काले भुजेललाई दाउरा काट्न पठाएर अर्को शोषण गरेकी छ । उक्त अवस्थामा पनि भुजेलले कुनै प्रतिरोध गरेको छैन ।

'सहीको सही' कथामा तत्कालीन समाजमा विद्यमान दमन र शोषणको सामन्तवादी स्वरूपलाई प्रकट गरिएको छ । त्यसकारण यस कथाको प्रतिरोधी शक्तिसम्बन्ध असन्तुलित बनेको छ । यस कथामा उच्चवर्गीय विभेद, दमन र शोषणमा परेका पात्रको प्रतिरोधको अवस्थालाई

तत्कालीन समाजका सापेक्षतामा प्रस्तुत गरिएको छ । सामन्तवादी सत्तासंरचनाका कारण दमित, शोषित वर्गले प्रत्यक्ष रूपमा प्रतिरोध गर्नै नसक्ने तत्कालीन समाजको यथार्थ कथामा सुन्दर ढङ्गले विन्यास गरिएको छ । त्यसकारण निम्नवर्गमा प्रतिरोधको चेतना जागृत भएको भए पनि त्यसले विस्तार हुने अवसर पाएको छैन । निम्नवर्गको भुजेलले मुखियाका विरुद्धमा बोलेको भए पनि त्यसले सुधारका लागि उचित आकार ग्रहण गर्न सकेको छैन । उत्पादनका साधन र सामाजिक शक्तिमाथिको उच्चवर्गीय वर्चस्व नै सफल प्रतिरोधी चेतनाको बाधक बनेर आएको छ । तत्कालीन समाजमा स्थापित प्रतिरोधात्मक शक्तिसम्बन्धको असन्तुलनकै कारण निम्नवर्गको प्रतिरोध विफल हुँदा प्रमुख पात्र भुजेलले मृत्युवरण गर्नु परेको छ ।

श्यामप्रसाद अधिकारीद्वारा लेखिएको 'शान्तिको खोजमा' कथामा सामन्तवादी नेपाली समाजको स्वरूप प्रकट भएकाले वर्गीय शक्तिसम्बन्ध असन्तुलित बनेको छ । त्यसकारण जायज भए पनि निम्नवर्गले गरेको प्रतिरोध विफल भएको छ । विनाकारण निम्नवर्गको सोनमा उच्चवर्गको काजीको विभेद, दमन र शोषणमा परेको छ । उसले सम्पूर्ण जीवन दमन र शोषणमा बिताएको भए पनि अन्तिम अवस्थामा मात्र सामान्य प्रतिरोध गरेको छ । तत्कालीन समाजको वर्गीय शक्तिसम्बन्ध असन्तुलित भएको हुनाले सोनमाको प्रतिरोध निर्णायक बन्न सकेको छैन । बिरामी परेको सोनमा काजीको काममा जानै पर्दाको दमनको अवस्थालाई कथामा यसरी उल्लेख गरिएको छ : "तर ठुला घरे काजी बाजेका साम, दाम, दण्ड, भेदका सामुन्ने सोनमाको के चल्न सक्थ्यो ? गरीबको जीउको मूल्य नै के छ र ? उनको मानौं जीउ नै हुँदैनभैँ" (पृ. ५८) । यसले तत्कालीन समाजमा सामन्तहरूले निम्नवर्गको जीवनलाई आफ्ना आवश्यकता परिपूर्ति गर्ने साधनका रूपमा उपयोग गर्ने गरेको यथार्थमाथि प्रकाश पारेको छ । यस्तो अन्यायपूर्ण अवस्थामा बाँच्नु पर्दा पनि सोनमाले कुनै प्रतिरोध गरेको छैन । सोनमा इमानदार, मेहेनती र जाँगरी पनि थियो तर स्थापित सामन्ती शक्तिसम्बन्धका कारण उच्चवर्गले उसमाथि सधैँ शोषण गरिरहन्थ्यो । यसलाई कथामा प्रस्तुत यस सन्दर्भले प्रकाश पार्छ :

> आफ्ना यी गुणहरू छँदा छँदै पनि उसले पैसावालहरूसँग झुक्नु पर्थ्यो । उसकै घरमा भयङ्कर अन्धकार थियो । उसका दुई छोराहरू रोगग्रस्त थिए । औषधी नपाई अकाल मृत्युको शिकारमा परे । जसलाई दिनरात पशुझैँ काम गर्दा, मजदुरी र मेहेनत गर्दा पनि पेटभरि अन्न मिल्दैनथ्यो, जसले आफू र आफ्ना बालबच्चाका निम्ति एक बित्ता लुगासम्म जोड्न सकेन, जसकी प्यारी जीवन सङ्गिनी फाटेका-टालेका लुगा लगाएर गुजारा गर्थी (पृ.५९) ।

कथामा उल्लेख गरिएको यो सन्दर्भले सोनमाको दर्दनाक जीवनका सम्बन्धमा तत्कालीन समाजमा विद्यमान अवस्थालाई देखाएको छ । आफूसँग जति नै क्षमता भए पनि निम्नवर्गले सधैँ झुक्नुपर्ने, विरामी सन्तानलाई उपचार गर्न नपाउने, पशुझैँ घोटिँदा पनि अभावमै बाँच्नुपर्ने र सधैँ आधारभूत आवश्यकताबाट बञ्चित रहनुपर्ने निम्नवर्गको बाध्यात्मक परिस्थितिलाई यस सन्दर्भले उजागर गरेको छ । सामन्तवादी दमन र शोषणको पक्षमा निर्माण गरिएको स्थापित सामाजिक

विमर्शका कारण सोनमाले श्रमको उचित मूल्य खोजेर प्रतिरोध गर्ने अवस्था नै आउँदैन । त्यसपछि दिन बित्दै जाँदा बुढेसकालमा पुगेको सोनमाले सम्पत्तिकै अभावमा पुत्र वियोग र पत्नी वियोगमा छट्पाउनु परेको छ । सोनमाले आफ्नो सम्पूर्ण जीवन काजीको सेवामा समर्पण गरेको सन्दर्भलाई कथामा यसरी व्यक्त गरिएको छ :

> कसरी आफ्नो जवानी अवस्थामा उसले आफ्नो पूरा शक्ति काजी बाजेका काममा लगाएको थियो, कसरी उसका ती बाँझा मैदानलाई उसले हरियो भरिएको खेतमा परिणत गरिदियो, कसरी उसले उनको पशुधनको वृद्धि गराएको थियो, कसरी उसले उनको त्यो राम्रो दुई तले घर बनाएको थियो (पृ.६१) ।

कथामा प्रस्तुत यस सन्दर्भले सोनमाको बल, जाँगर, उमेर र जीवन उच्चवर्गको विभेद, दमन र शोषणमा समाप्त भएको प्रस्ट छ । जब उमेरले नेटो काट्छ अनि परिवारजनका सबैको निधन हुन्छ, तब ऊ त्यहाँबाट पनि लखेटिन्छ । परिवार, बल र उमेरसमेत गुमाइसकेपछि जीवनको अन्तिम अवस्थातिर भने बल्ल सोनमाभित्र उच्चवर्गीय दमन र शोषणका विरुद्धमा प्रतिरोधको जन्म भएको छ । यसलाई सोनमाले यसरी व्यक्त गरेको छ : "बाबु म तपाईंसँग माग्न आएको होइन", त्रसित र काँतर हेराइले मलाई हेर्दै उसले भनाइ चालू राख्यो-"एउटा नालीश गर्न आएको हुँ । बाबु ! तपाईं नै निसाफ गरिदिनु होस्, नत्र ती काजी बाजेका विरुद्ध कसले मुख लाग्न सक्छ" (पृ.६१) ? यसरी जीवनको अन्तिम कालमा पुग्दा मात्रै सोनमाको प्रतिरोधी चेतना जन्मिएको छ । त्यसपछि उसले म पात्रबाट कुनै समाधान नआउने निश्चित भएसँगै भनेको कुरालाई कथामा यसरी उल्लेख गरिएको छ :

> "म अब जान्छु !" उसले मबाट सहायता नपाउने ठानिसकेको थियो । "कता ?" मैले विश्मय प्रकट गरेँ । "त्यस ठाउँको खोजमा जहाँ परिश्रमीहरू बुढेसकालमा पनि मिल्काइन्नन्, जहाँ बुढेसकालको पनि इज्जत हुन्छ ।" अनि ऊ पूर्वतर्फ लाग्यो । उसको आँखामा मैले देखेँ - अश्रुको अविरल धार बहिरहेको । ती इनारझैँ आँखाले मानौं चीर-संचित आँशु उगेली राखेका थिए । शायद आफ्नो प्यारो गाउँको वियोगले होला ! आज आफ्नो प्यारो गाउँ छोडी ऊ गइरहेको थियो (पृ.६२) ।

कथामा प्रस्तुत गरिएको यो सन्दर्भले सोनमाभित्र आएको प्रतिरोधलाई देखाएको छ तर उक्त प्रतिरोध वर्गीय शक्तिसम्बन्धको असन्तुलनका कारण केवल एक व्यक्तिमा मात्र सीमित रहेको छ । सङ्गठित प्रतिरोधका अभावमा नै सामन्तवाद बाँच्न सक्ने हुनाले तत्कालीन विमर्शात्मक संरचनाको निर्माण नै त्यसै ढङ्गबाट गरिएको देखिन्छ । त्यसले सोनमाको पीडा सुनेर पनि म पात्रलाई सामन्तका विरुद्धमा अग्रसर हुन दिँदैन । वर्गीय शक्तिसम्बन्धको असन्तुलनका कारण अन्त्यमा आएको उक्त प्रतिरोधी चेतना पलायनको बाटोतर्फ अघि बढेको छ । त्यसैको फलस्वरूप उसको प्रतिरोधी चेतनाले कुनै समाधान दिन नसकेको हुनाले सोनमाले आफ्नो गाउँ नै छोड्नु परेको छ ।

श्यामप्रसाद अधिकारीको 'शान्तिको खोजमा' कथामा उच्चवर्गले निम्नवर्गप्रति गरेको अमानवीय विभेद, दमन, शोषण र त्यसका विरुद्धमा निम्नवर्गले गरेको प्रतिरोधलाई विषय बनाई लेखिएको कथा हो । यस कथाको समाजमा स्थापित वर्गीय शक्तिसम्बन्धको असन्तुलनले उच्च वर्गीय शोषणलाई वैधता प्रदान गरेको छ । त्यसकारण निम्नवर्गको प्रतिरोधी चेतना उदाएर पनि निर्णायक तहसम्म पुगेको छैन । त्यसका लागि उच्चवर्गको वर्चस्वमा सीमित रहेको ज्ञान, शक्ति र उत्पादनका साधनको अधिकार बाधक बनेको छ । निम्नवर्गलाई निरन्तर एक्लो बनाएर दमन र शोषण गर्ने वातावरण निर्माण गरिएको हुनाले एक व्यक्तिमा उदाएको चेतनाले अन्य व्यक्तिलाई प्रभावित गर्न सकेको छैन । यसरी समाजमा स्थापित वर्गीय शक्तिसम्बन्ध असन्तुलित बनेका कारण निम्नवर्गीय प्रतिरोध कमजोर बनेको छ । त्यसकारण उच्चवर्गीय विभेद, दमन र शोषणमा परी यस कथाको निम्नवर्ग अधीनस्थ अवस्थामा पुगेको छ ।

एम.बी खत्रीद्वारा लेखिएको 'षड्यन्त्र' कथामा वर्गीय शक्तिसम्बन्ध असन्तुलित भएका कारण निम्नवर्गको प्रतिरोध सशक्त हुन सकेको छैन । यस कथामा उच्चवर्गीय पात्र बाबु साहेबले निम्नवर्गको भएकै कारण कालेमाथि षड्यन्त्रपूर्ण ढङ्गले दमन र शोषण गरेको छ । बाबुको मृत्युपछि एक्लो बनेको कालेको घरजग्गा हडप्ने षड्यन्त्रका साथ बाबु साहेबले भनेको कुरालाई कथामा यसरी उल्लेख गरिएको छ : बाबु साहेब- "तँलाई एउटा राम्रो कुरा सुनाउनलाई डाक्न पठाएको हुँ, काले । आजकल लडाइँ चम्केको बेला छ, तँ जस्तो लायक मानिस पाएदेखि त तुरुन्त भर्ना गर्लान् भन्ने मेरो अडकल छ । तलबको ओइरो लाग्छ । काम सकिएपछि पिन्सिन पनि पाक्छ । कसो त, जान्छस्" (पृ.४२) ? बाबु साहेबको यस षड्यन्त्रलाई नबुझे पनि कालेले उक्त सल्लाह नमानी बाबु साहेबका विचारको प्रतिरोध गर्दै भनेको छ : "आफ्नो घरजग्गा छोडेर को जाओस् । घर लथालिङ्ग हुन्छ । घरमा अरू गर्ने मानिस भएका भए त जे हुन्थ्यो । एक्लो मानिस त्यसमा पनि बाबु-बाजेको दयाबाट बाँकी रहेको तीन-चार रोपनी जग्गा । त्यसैबाट पेट पाली आएको छु" (पृ.४२-४३) । कालेको यस भनाइमा बाबु साहेबको प्रतिरोध त भएको तर उक्त प्रतिरोध बाबु साहेबको षड्यन्त्र विफल पार्नभन्दा पनि पुर्ख्यौली सम्पत्ति बचाउने उद्देश्यबाट प्रेरित छ । कालेले षड्यन्त्रको गन्धसमेत थाहा नपाएको बुझेपछि बाबु साहेबले थप षड्यन्त्र गर्दा कालेले गरेको प्रतिरोधलाई कथामा यसरी उल्लेख गरिएको छ :

> "आ, के जानु धन कमाउन ? मानिस नमारी, नकुटी र नलुटिकन आकाशबाट धन झर्ने ह्वैन क्यारे ! लुटमार गरेर कमाउने हो भने यहाँ पनि त नसकिने ह्वैन नि ! झन त्यहाँ त आफूले पनि वैरीको तारो बन्नु पर्ने- "ज्यानलाई हत्केलामा राखेर त्यसरी नै धन कमाउन गएका हर्के र भुन्टेका जहान-बच्चका बिजोक आज यसै गाउँमा कसले हेरिद्योस् । बरु कसैले मारे पनि यसै ठाउँमा मर्ने ऊँधो नलाग्ने ।" यति भनेर उसले स्पष्ट शब्दमा बाबु साहेबलाई भन्यो "भो म त जान्नँ" (पृ.४३) ।

कथामा प्रस्तुत यस सन्दर्भमा पनि कालेले बाबु साहेबको विचारको खण्डन वा प्रतिरोध गरेको छ तर उसलाई थातथलोबाट खेदाउने षड्यन्त्रको विरोध होइन । उसले मानवतावादी

विचार व्यक्त गरेको छ । पुर्ख्यौली थलाको मायाले उसले गाउँ नछोड्ने विचार व्यक्त गरेको छ । त्यसकारण यस कथामा कतै पनि उच्चवर्गीय षड्यन्त्रको विरोधमा निम्नवर्गको सचेत प्रतिरोध भएको छैन । त्यसपछि समाजमा स्थापित असन्तुलित ढाँचाको वर्गीय शक्तिसम्बन्धलाई प्रयोग गरेर उच्चवर्गले निम्नवर्गमाथि प्रभुत्व जमाएको छ । बाबु साहेबको इच्छाअनुसार घरबारी सुम्पिन र लाहुर जान नमानेको कालेलाई सर्किनीको बात लगाएर पक्राउ गरेपछि मुखियाले गरेको षड्यन्त्रलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> उनले कालेलाई तेजिला र दयालु आँखाले हेर्दै भने “तैँले त्यस्तो काम गर्नु नपर्ने हो काले ! तँ त असल मानिस पो थिइस् । दैवले यही खटाएको रहेछ । अब क्यै गरी हारिस् भने त जात, भात, पानी सबै चीजबाट गिर्ने खण्डमा छस् । यस कली कालमा नियाँ पाइन छोडिसक्यो । जतातती पैसाको जीत छ (पृ.४६) ।

कथामा प्रस्तुत यस सन्दर्भले तत्कालीन समाजमा उच्चवर्गले आफ्नो स्वार्थ पूरा गर्न गरेको षड्यन्त्र व्यक्त गरेको छ । यसका माध्यमबाट बाबु साहेबले कालेको ज्ञानक्षेत्रमा प्रहार गरी आफूअनुकूल हिँडाउने प्रयास गरेको स्पष्ट पारिएको छ । त्यसका विरुद्धमा कालेले कुनै प्रतिरोध गरेको छैन । त्यसपछि बाबु साहेबले गरेको षड्यन्त्रलाई बुझ्न नसकेर काले उसकै शरणमा पुगेको सन्दर्भलाई काले आफैले यसरी व्यक्त गरेको छ “त्यसो भयो भने त खुत्रुक्कै भैहालेँ नि । अब त हजूरकै भरोसा छ । जालीको फेला परेँ” (पृ.४६) । त्यसपछि भोलिपल्ट नै अड्डामा लगी कालेलाई जेलको सजाय दिन बाबु साहेब सफल भएको छ ।

‘षड्यन्त्र’ सामन्तवादी समाजिक संरचनामा सिर्जित कथा हो । त्यसकारण यस कथाको वर्गीय शक्तिसम्बन्ध असन्तुलित बनेको छ । यस कथामा उच्चवर्गको षड्यन्त्रका विरुद्धमा नभए पनि निम्नवर्गको प्रतिरोधले जन्मने अवसर पाएको छ । उक्त प्रतिरोध एक व्यक्तिमा मात्र र त्यो पनि आफ्नो परम्परागत सम्पत्तिको रक्षाका लागि मात्र केन्द्रित रहेको छ । त्यसले उच्चवर्गको चाहनामा केही अवरोध खडा त गरेको छ तर रोक्न सकेको छैन । समाजमा उच्चवर्गकै प्रभुत्व कायम रहेको हुनाले निम्नवर्ग ज्ञान र शक्तिबाट विमुख भएको छ । स्थानीय सत्ता उच्चवर्गकै हातमा छ भने केन्द्रीय सत्तासम्मको पहुँच पनि उच्चवर्गको मात्र रहेको छ । समग्रमा यस कथाको उच्चवर्गले निम्नवर्गमाथि चरम षड्यन्त्र, दमन र शोषण गरेको छ । त्यस कार्यका लागि समाजमा स्थापित वर्गीय शक्तिसम्बन्धको असन्तुलन कारक तत्त्व भएको छ । त्यसकारण अन्यायका विरुद्धमा कुनै पनि पात्रले एकल वा सङ्गठित रूपमा सार्थक प्रतिरोध गर्न सकेको छैन । त्यसैकारणले यस कथाको निम्नवर्ग अधीनस्थ अवस्थामा पुगेको छ ।

तेजबहादुर प्रसाईंद्वारा लेखिएको ‘झोपडीको आँसु’ परम्परागत सामन्तवादी विमर्शात्मक संरचना भएको समाजमा आधारित कथा हो । त्यसकारण यस कथाको वर्गीय शक्तिसम्बन्ध असन्तुलित भएको हुनाले निम्नवर्गको प्रतिरोध कमजोर भएको छ । यस कथामा उच्चवर्गीय दमन र शोषणका विरुद्धमा निम्नवर्गमा चेतना आएको भए पनि त्यसले स्पष्ट रूपमा समाजमा प्रकट भएर समस्याको समाधान दिन सकेको छैन । हर्के र गाउँलेहरू निम्नवर्गका भएकै कारण काजीको

विभेद, दमन र शोषणमा परेका छन् । उनीहरूले गरेको कमजोर प्रतिरोध सफल हुन सकेको छैन । काजीले हर्केको इच्छा विपरीत उसको गोरु र खसी लिने षड्यन्त्र गरेको छ । "रानीका मोटामोटा खसीमा मालिक साहेबले आँखा लगाएका थिए, रानीको एकोहोरो जिद्दीले खसी उम्काउन सकेका थिएनन्" (पृ.८९) । यस सन्दर्भबाट काजीले चाहेको वस्तु प्राप्त गर्न जे पनि गर्थ्यो भन्ने प्रस्ट हुन्छ । त्यसैले उसले हर्केको इमानदारितालाई हतियारका रूपमा प्रयोग गर्दै भनेको छ : "अँ, हर्के, सुन ! तँ हिजोआज धेरै बेइमान हुन थालिस् । अस्ति जेठा साहुले तिरेको २०० रुपियाँ कता हालिस्" (पृ.८९) ? काजीको यस कथनमा तत्कालीन समाजमा रहेको षड्यन्त्रको सामन्तवादी स्वरूप प्रकट भएको छ । त्यसका विरुद्धमा हर्केले प्रतिरोध गर्दै भनेको छ : "उसै दिन हजूरलाई बुझाइहाँले नि गरिबप्रवर ! मालिक्नी साहेबालाई हजूरले राख्न दिइबक्स्यो" (पृ.८९) । हर्केको यो प्रतिरोधलाई मालिक्नीले अस्वीकार गरेपछि उसले फेरि पनि प्रतिरोध गर्दै भनेको छ : "हजूरको ढोकामा न्याय नपाए पनि ईश्वरको ढोकामा न्याय पाउँछु होला नि ! मैले विराएको केही छैन" (पृ.८९) । हर्केको यो प्रतिरोधले भगवान भरोसाकै बाटो अवलम्बन गरेको छ । त्यसले उच्चवर्गको अन्यायी स्वभाव र षड्यन्त्रलाई विफल बनाउन सकेको छैन । त्यसपछि हर्केलाई सजायको डर देखाउँदै अझ अगाडि काजीले भनेको छ "यसरी हाकाहाकी रुपियाँ दबाउनेको सजाय थाहा छ- जन्मकैद, कालापानी कहींको डाकू, चोर ! ... तर, हर्के तँ मेरो घरको नोकर होस्, कारबारी होस्, तँलाई म जेलमा पठाउन्नँ ती रुपियाँको सट्टा तेरा दुई हल गोरु र रानीका दुई खसी दिन मन्जुर गर्छस् भने" (पृ.८९) । कथामा उल्लेख गरिएको यस सन्दर्भले तत्कालीन समाजमा निम्नवर्गप्रति गरिने दमन र शोषणको स्वरूपलाई प्रस्ट पारेको छ । हर्केका दुबै प्रतिरोध यस अवस्थामा आउँदा पूर्ण रूपमा असफल भएका छन् । उच्चवर्गले झुट, षड्यन्त्र र सत्ताको प्रभुत्वका आधारमा गरेको दमन शोषणलाई असन्तुलित वर्गीय शक्तिसम्बन्धले वैधता प्रदान गरेको छ । काजीले सारा गाउँलेहरूमाथि गरेको चरम दमन र शोषणलाई कथामा यसरी उल्लेख गरिएको छ :

> धर्मजङ्ग थापाले अब गाउँमा जग्गाको तिरो बढाए, ब्याज महङ्गो गरेर पैसा लाउन थाले । रैतीहरूले आफ्नो खेती गर्न पाएनन्, मालिकको चाकरीमा व्यस्त भए । गोठालाहरूले आफ्ना गाई, भैंसी, बाख्रा बढाउन पाएनन्, मालिकको गोठालो बस्नुपर्‍यो । थापा काजीले गाउँमा खुब रुपियाँ छरे तर बिचरा कृषकहरू के जानून् कि ती सेतामोहरहरूले बासस्थान उठाउलान् । ऋणको थुप्रोले कृषकको बाख्रो खायो, गाई-भैंसी खायो, खेतबारी खायो अनि अन्त्यमा घर खायो (पृ.९१) ।

कथामा उल्लेख गरिएको यस सन्दर्भबाट सहमतीय ढाँचाको प्रयोग गरी निम्नवर्गमाथि उच्चवर्गले जीवनका सबै क्षेत्रमा प्रहार गरेको स्पष्ट पारिएको छ । निम्नवर्गमाथि कर र ब्याज बढाएर चौपाया हडप्ने, श्रमको मूल्य नदिने र आर्थिक रूपमा कमजोर बनाएर थातथलो हडप्ने सामन्ती ढाँचाको दमन र शोषणको रूपलाई उजागर गरिएको छ । सिङ्गै गाउँमाथि नै यस प्रकारको दमन र शोषण हुँदासमेत त्यसको सशक्त प्रतिरोध हुन सकेको छैन । गाउँलेहरूले हर्केसँग मात्र गरेको गुनासोलाई कथामा यसरी उल्लेख गरिएको छ "मुखिया, हामी अब गाउँमा

बस्न सक्दैनौं, बिदा देऊ ! हामीहरूले सर्वस्व दिइसक्यौं, अब तिमी नै भन, के आफ्ना चेलीबेटी पनि दिऊँ" (पृ.९२) ? गाउँलेहरूले गरेको यो प्रतिरोध केवल गुनासोको तहसम्म मात्र पुगेको छ । त्यो पनि उत्पीडित हर्केसँग मात्र गरिएको गुनासोले परिवर्तनका लागि कुनै आधार निर्माण गर्न सक्ने अवस्था छैन । हर्केले गाउँलेहरूलाई सम्झाउँदै जमिनदार र सरकारबाट भएका अन्यायका विरुद्धमा बोलेका कुरालाई कथामा यसरी उल्लेख गरिएको छ :

> हर्केले विधिको गतिमाथि उपहास गर्दै भन्यो "साथी हो, सरकारले तिमीहरूमाथि न्याय गर्दैन । सरकार थापा काजीको हो, धनी-सेठ-महाजनको हो, जमिनदार, ठुलाठालूको हो, सरकारबाट हाम्रो न्याय हुन सक्दैन । तर साथी हो, त्यो दिन पनि टाढा छैन जब यस संसारबाट जम्मै धनीहरू, जम्मै जमिनदार तथा महाजन साहुहरूलाई ईश्वरले नाश गर्ने छन् अनि माग्ने, लङ्गडा, काना, गरिब किसान, दुःखी मजदुरले सुखको सास फेर्न पाउने छन् (पृ.८२) ।

यो सामन्ती संरचना भएको सामाजिक व्यवस्थाको उपज हो । यस प्रकारको शासन व्यवस्थामा सरकार उच्चवर्गकै सहायक भएर आउने हुनाले निम्नवर्गको प्रतिरोधको कुनै अर्थ हुँदैन भन्ने विचार यस सन्दर्भमा प्रकट भएको छ । त्यसकारण निम्नवर्ग सधैँ भगवानकै मात्र भर पर्नु पर्ने अवस्था यहाँ उल्लेख गरिएको छ । हर्केमा आएको चेतना उच्च स्तरको पनि छ । उसले उच्चवर्ग र सरकार अनि धर्मका गलत कर्यलाई आलोचना गर्दै कथामा राखेको विचार यस्तो छ :

> साथी हो, आजको दुनियाँमा अपराधी, अन्यायी र अत्याचारीको राज छ । गरिबमाथि लुट्नु, उनीहरूको रगत चुस्नु, उनीहरूमाथि अनेकौं कष्ट र यातना दिनु त, साथी हो, युगधर्म हो । एकदिन मैले बारीको पाटो दिएर त्यो महल बनाइयो कत्रो उमेद, कत्रो अभिलाषा अनि कत्रो उत्साहले ! यस महलमा तिमीहरूको एक-एक जिउको परिश्रम छ, एक-एक प्राणीको पीडा र तापको ढुङ्गाले सत्य भावना तथा प्रेमले बनेको पर्खाल छ । तर साथी हो, आज तिमीहरू खान नपाएर कराउँछौ, लाउन नपाएर रुन्छौ (पृ.९२) ।

कथामा प्रस्तुत भएको यस सन्दर्भमा समाजमा निम्नवर्गमाथि उच्चवर्ग, सरकार र धर्मका नाममा भएका शोषणका विरुद्धको सशक्त प्रतिरोधी चेतना छ तर यसले साझा स्वरूप धारण गर्न सकेको छैन । गाउँलेहरू हर्केसँग र हर्के गाउँलेहरूसँग परिस्थितिका विरुद्धमा छलफल गर्छन् तर उनीहरू काजीका अगाडि परेर प्रतिरोध गर्न सक्दैनन् । समाजमा रहेको वर्गीय शक्तिसम्बन्धको असन्तुलित स्वरूप नै यसको प्रमुख कारण बनेको छ ।

'झोपडीको आँसु' कथा परम्परागत सामन्ती विमर्शात्मक संरचनाभित्र भएको विभेदकारी र अन्यायी उच्च वर्गीय व्यवहारलाई यथार्थ ढङ्गले प्रस्तुत गर्ने कथा हो । असन्तुलित ढाँचाको वर्गीय शक्तिसम्बन्धका कारण यस कथामा निम्नवर्गको प्रतिरोधी चेतना सशक्त भएर पनि त्यसले उचित समाधान दिन सकेको छैन । सामाजिक न्याय, सरकार र उत्पादनका साधनमा उच्चवर्गकै मात्र वर्चस्व रहेको छ । सामन्ती ढाँचाको समाजले निर्माण गरेको ज्ञान विभेदकारी भएकै कारण

निम्नवर्गमा सङ्गठित प्रतिरोधी चेतनाको जागरण हुन सकेको छैन । यस प्रकारको उच्चवर्गीय दमन र शोषणलाई तत्कालीन समाजमा स्थापित वर्गीय शक्तिसम्बन्धको असन्तुलित अवस्थाले सामाजिक स्तरमा वैधता प्रदान गरेको छ । प्रभुत्वशाली वर्गको सत्तासम्बन्धले उसलाई संरक्षण प्रदान गरेको छ । यस प्रकारको असन्तुलित वर्गीय शक्तिसम्बन्धका कारण दमित निम्नवर्गको प्रतिरोधी कार्य पराजित भएको छ । त्यसैको परिणामस्वरूप निम्नवर्गको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

श्याम अधिकारीद्वारा लेखिएको 'साह्लोगाह्लो र छेकोभाँजो' कथामा निम्नवर्गका दुबै पात्रहरू जनकु र भजना उच्चवर्गीय विभेद, दमन र शोषणको प्रतिवाद गर्न नसकेकै कारण कारुणिक अवस्थामा पुगेका छन् । यी दुबै पात्रमा आआफ्नाप्रति भएको अन्यायका विरुद्धमा प्रतिरोधको भावना पनि जागृत भएको छ तर असन्तुलित शक्तिसम्बन्धका कारण त्यसले सफलता पाउन सकेको छैन । यस कथाका उच्चवर्गीय पात्रहरू साहु, कप्तान, हाकिम र मुखिया सबैले निम्नवर्गमाथि दमन र शोषण गरेका छन् । यसरी उच्चवर्ग सङ्गठित रूपमा अगाडि बढेको छ भने निम्नवर्ग एक्लाएक्लै सङ्घर्ष गरिरहेको छ । त्यसले निम्नवर्गको प्रतिरोधलाई कमजोर बनाएको छ । वर्गीय शक्तिसम्बन्धको असन्तुलनले निम्नवर्गलाई सङ्गठित हुन दिएको छैन । यस कथाको प्रमुख पात्र भजनालाई घरबारी हडप्ने सूचना दिएर साहुले दमन र शोषण गरेको छ । त्यसपछिको भजनाको अवस्थालाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> मलाई यस पिरोलोले दिक्क लाग्यो र एकदिन सुटुक्क मोरङतिर लागें, जागिर खोज्न । त्यहाँ निकै मारवाडीका गोला र साहुका घर ढुकें तर हरेसाउनु पऱ्यो । त्यहाँ कामका लागि गल्ली गल्ली भर्मिएँ, तर कामको साटो कति ठाउँमा खप्की खानु पऱ्यो, कति ठाउँमा हकार । पैसा कमाएर साहुको ऋण तिरी पुर्खादेखिको घरबारी जोगाउँला, आमालाई बचाउँला, ठूली भैसकेकी बैनी रधियाको बिहे गराइ दिउँला र आफू अऋणी कहाउँला भनी पूर्व लागेको पनि आज यतिका दिन भैसक्यो । कठै, मेरी आमालाई के भो होला (पृ.८६) ।

कथामा प्रस्तुत यस सन्दर्भबाट भजनाले समस्याको समाधान खोज्ने प्रयासमा गाउँ छोडेर प्रतिरोध गरेको स्पष्ट देखिन्छ । ऊ एउटा ठाउँबाट समाधान खोज्न अर्को ठाउँमा पुग्दा पनि उच्चवर्गमै ठोकिन पुग्छ । यसरी उसको प्रतिरोधले समस्याको समाधानका लागि आवश्यक उपाय नै भेट्दैन । यसले उक्त समाजमा व्याप्त रहेको दमन र शोषणको सामन्तवादी स्वरूपलाई व्यक्त गरेको छ । भजनाको यस भनाइबाट उच्चवर्गीय साहुले घरबारी हडप्न चाहेको, बिरामी आमालाई उपचार गर्ने समय पनि नदिएको, ऋण तिर्नका लागि आवश्यक समय नदिएको र परिवार छिन्नभिन्न गराएको अवस्थाको प्रतिरोध गरेको छ । निम्नवर्गको प्रतिरोध विफल भएकै कारण यस कथामा वर्गीय दमन र शोषण शक्तिशाली भएको पाइन्छ । त्यसका विरुद्धमा भजनाले आवश्यक प्रतिरोध गर्न सक्दैन । जनकुको जिज्ञासाका उत्तरमा भजनाले भनेको छ : "यो नसोध्नुहोस्, हामी गरिबका कर्ममा यही नै रहेछ ।...चोरी मैले राजिखुशीले गरेको हुँ र ! चोरी मैले गर्नुपरेको हो ।

करकापमा परी, पेटका लागि, साहू फर्स्याउनलाई अनि रधिया र काखको नथुनियाका लागि" (पृ. ८५) । भजनाको यस कथनमा तत्कालीन समाजमा रहेको सामन्तवादी दमन र शोषणका विरुद्धको विद्रोही चेतना रहेको देखिन्छ । भजनाको कथनबाट जनकुमा पनि विद्रोही चेतना जागृत भएको छ । त्यसलाई कथामा यसरी व्यक्त गरिएको छ :

> तँजस्तो मर्दले त काम गरेर खानु जाती थियो । तर तेरो कथाको छाँटले त यो दुनियाँ कुहेको रहेछ । सारसौंदोको पौरखले सबैलाई महको स्वाद चाख्न दिन नखोज्ने रहेछ । यहाँ जोरनारीको काम गर्ने धोको पनि नपुग्ने रहेछ । संसार यस्तो नभएको भए आज तैँले साहुसँग डराउनु पर्ने थिएन, तेरी आमा जाडोमा कुहिने थिइनन् (पृ.८७-८८) ।

यहाँ जनकुमा पनि तत्कालीन सामन्तवादी सामाजिक व्यवस्थाप्रतिको विद्रोही भाव प्रकट भएको छ । अन्यायपूर्ण शासन व्यवस्थालाई कुहेको भन्दै उसले आलोचना गरेको छ । मानिसले पौरख गरेर खान नपाउने समाजप्रति उसको विरोध रहेको छ । निम्नवर्गले काम गर्न पनि नपाउने र सधैँ साहुसँग डराएर मात्र बाँच्नु पर्ने अवस्थासँग उसको असहमति रहेको छ । यी दुबै पात्र उच्चवर्गीय दमन र शोषणमा परेका छन् र उनीहरूमा विद्यमान व्यवस्थाप्रतिको विद्रोह पनि रहेको छ । उक्त विद्रोहलाई असन्तुलित ढाँचाको वर्गीय शक्तिसम्बन्धले असफल बनाएको छ । त्यसैले निम्नवर्गको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

'साह्रोगाह्रो र छेकोभाँजो' कथामा तत्कालीन नेपाली समाजमा रहेको सामन्तवादी सामाजिक विमर्शात्मक संरचनाबाट सम्पूर्ण परिवेश नियन्त्रित छ । त्यसकारण यस कथाका निम्नवर्गीय पात्र भजना र जनकु दुबै उच्चवर्गीय पात्रहरूबाट दमित र शोषित भएर पनि प्रतिरोध गर्न सक्दैनन् । त्यसका विरुद्धमा उनीहरूभित्र विद्रोही भावनाको जन्म भएको छ । त्यसलाई दुबैले एकआपसमा आदानप्रदान पनि गरेका छन् । यस कथाको प्रमुख पात्र भजना निम्नवर्गको भएकै कारण उच्चवर्गले घरबारीविहीन बनाएर, पक्राउ गरेर र जेल हालेर दमन र शोषण गरेको छ । त्यसका विरुद्धमा उसले निर्णायक प्रतिरोध गर्न सकेको छैन । त्यसैगरी सहायक पात्र जनकु पनि निम्नवर्गको भएकै कारण मुखियाले उसमाथि दमन र शोषण गरेको छ । जनकुले पनि आफू विरुद्ध भएको अन्यायलाई बुझेको छ तर वर्गीय शक्तिसम्बन्ध असन्तुलित भएकाले त्यसको प्रतिरोध गर्न सकेको छैन । यी दुबै पात्रमाथि भएको उच्चवर्गीय दमन र शोषणलाई स्थापित असन्तुलित वर्गीय शक्तिसम्बन्धले वैधता प्रदान गरेकाले यस कथामा निम्नवर्गको प्रतिरोध असफल भएको छ । त्यसकारण यस कथाको निम्नवर्गको जीवन कारुणिक बन्दै अधीनस्थ अवस्थामा पुगेको छ ।

माधव भँडारीद्वारा लेखिएको 'खेतीको फल' कथामा तत्काली सामन्तवादी विमर्शात्मक संरचनाका कारण वर्गीय विभेद, अन्याय, अत्याचार र त्यसका विरुद्धको कमजोर प्रतिरोध रहेको छ । निम्नवर्गको प्रमुख पात्र बलबहादुरमा वर्गीय दमन र शोषणका विरुद्धमा विद्रोहको भावना चरम उत्कर्षमा पुगेको भए पनि उसले मुखियाका अगाडि त्यसलाई प्रकट गर्न सकेको छैन । समाजमा स्थापित वर्गीय शक्तिसम्बन्धको असन्तुलनका कारण निम्नवर्गको प्रतिरोध कमजोर भएको स्पष्ट छ । यस कथामा मुखियाले बलबहादुरको घरबारी हडप्न गरेको षड्यन्त्रलाई यसरी देखाइएको छ :

> जग्गा थियो, जमिन थियो तर उसको आफ्नो कोही थिएन । दुई वर्षअघि नै सबै मुखिया गंगानाथको हातमा परिसकेको थियो । उसका बाबुले नै मुखियाको २५० ऋण खाएको थियो रे, त्यसको ब्याज बढ्दै जाँदा ७०० भएर दुई वर्षपहिले त्यो जग्गा-जमिन सबै मुखियाका नाउँमा पास भएको थियो रे (पृ.४९) ।

कथामा प्रस्तुत यस सन्दर्भबाट तत्कालीन समाजमा रहेको दमन र शोषणको परम्परागत सामन्ती स्वरूप प्रकट भएको छ । चर्को ब्याजमा पैसा दिएर वा गलत कागज बनाएर गरिब किसानको घरबास हडप्ने परम्परागत सामन्तवादी संस्कारलाई कथामा उल्लेख गरिएको छ । बलबहादुरले यसलाई बुझ्दैन बरु सामन्ती षड्यन्त्रभन्दा आफ्नै बाबुको गल्ती भएको अनुमान गर्दै भन्छ : "बाबुले के दशाले त्यत्रो रुपियाँ ऋण लिएछन् ? म सानै थिएँ, नभए त नलेऊ भन्थेँ" (पृ. ५०) । यसले मुखियाको दमन र शोषणप्रति बलबहादुरमा कुनै प्रतिरोधी चेतना पैदा भएको देखिँदैन । यसरी बलबहादुरलाई सुकुम्बासी बनाइसकेपछि फेरि मुखियाले मोही बनाएर उसको श्रममा शोषण गरेको छ । त्यस क्रममा बलबहादुरले मुखियाको रुखो बारी मलिलो बनाएर उत्पादन बढाएपछि मुखियाले तनाम बढाएर शोषण गरेको छ । उक्त शोषणका विरुद्धमा उसले अनुभव त गरेको छ तर प्रकट गर्न सकेको छैन । यस सन्दर्भलाई कथामा यसरी उल्लेख गरिएको छ : "बलबहादुर निकैबेर घोरिएर सोचिरह्यो, हेर यी कस्ता अपराधी ! अर्काले गरेर अलिक धेर उब्जाएको देखिनसक्ने । अब मैले के गर्नु ? कसै गरे पनि नदिने भए" (पृ.५२) । कथामा प्रस्तुत यस सन्दर्भले बलबहादुरमा मुखियाका अन्यायका विरुद्धमा प्रतिरोधी विचारको जन्म भएको देखाएको छ तर उसले यसलाई प्रकट गर्न सकेको छैन । उसकी श्रीमती कान्छी मुखियाका कारण घर छोडेर जानु पर्दा अत्यन्त दुखित भएका अवस्थामा बलबहादुरले यसरी सम्झाएको छ : "नरो न नरो कान्छी ! अब भन् हामी कहाँ जाऊँ ? पापी मुखियाले निकाली दिइहाले, अब जहाँ भए पनि गरेर नखाई हुँदैन" (पृ.५३) । बलबहादुरको यस भनाइमा मुखियाको विरोध छ तर यो आफैमा सीमित छ । उसलाई उत्पादन घटेर बढेको तनाम तिर्न नसक्दा घरबाट निकालेर मुखियाले शोषण गरेको छ । यस्तो अवस्थामा पनि उसले कुनै प्रतिरोध गर्न सकेको छैन । त्यतिले पनि नपुगी अन्त्यमा मुखियाले जालझेल गरी वन मुद्दामा बलबहादुरलाई जेल पठाएर शोषण गरेको छ । जालझेलको यस सन्दर्भलाई कथामा यसरी व्यक्त गरिएको छ : "लैजाओ, अर्डरबिना यी सर्खारी वन फाँड्नेहरूले यसरी फुत्किन पाए त को फुत्किँदैनथ्यो । गंगानाथ मुखिया झुलुक्क देखिएर भने । अब पो सबैले के थाहा पाए भने यो सबै काण्ड यिनै मुखिया बाजेको खेल पो भएको रहेछ" (पृ.५४) । कथामा प्रस्तुत यस साक्ष्यले उच्चवर्गीय मुखियाले निम्नवर्गको बलबहादुरप्रति गरेको षड्यन्त्रपूर्ण शोषणको सन्दर्भलाई प्रस्तुत गरेको छ । गाउँका सबैले मुखियाको यो षड्यन्त्रलाई राम्रैसँग बुझेका छन् तर असन्तुलित वर्गीय शक्तिसम्बन्धका कारण कसैले सशक्त प्रतिरोध गरेको छैन । यसरी प्रस्तुत कथामा मुखियाले गरेको षड्यन्त्र, दमन र शोषणका विरुद्धमा बलबहादुर, उसकी श्रीमती र गाउँलेहरू सबैमा प्रतिरोधी चेतना जागृत भएको भए पनि समाजमा स्थापित असन्तुलित वर्गीय शक्तिसम्बन्धका कारण त्यसले बाहिर प्रकट हुने अवसर नपाई विफल भएको छ । यसबाट निम्नवर्गको प्रमुख पात्र बलबहादुर उत्पीडनमा परेको छ ।

'खेतीको फल' कथा सामन्तवादी विमर्शात्मक संरचना भएको समाजमा आधारित यथार्थवादी कथा हो । त्यसकारण यस कथाको वर्गीय शक्तिसम्बन्ध असन्तुलित बनेको छ । यस कथामा निम्नवर्ग कमजोर रहेको तत्कालीन समाजको वास्तविकतालाई प्रस्तुत गरिएको छ । उच्चवर्गले समाजको स्थानीय सत्तालाई हातमा लिएर केन्द्रीय सत्तासँगको सहकार्यमा निम्नवर्गमाथि दमन र शोषण गर्दा पनि निम्नवर्गको प्रतिरोध शक्तिशाली हुन सकेको छैन । उच्चवर्गले उत्पादनका साधनलाई षड्यन्त्रपूर्ण ढङ्गले हत्याएपछि निरन्तर श्रमको शोषण गर्दा पनि निम्नवर्गको आवाज उठ्न सकेको छैन । उक्त षड्यन्त्रका सम्बन्धमा गाउँका सबैले थाहा पाएर पनि कोही बोल्न सक्दैनन् । समग्रमा यस कथामा भएको दमन शोषणलाई सामन्ती संरचनामा आधारित असन्तुलित वर्गीय शक्तिसम्बन्धले बल प्रदान गरेको छ । त्यसैले निम्नवर्गको प्रतिरोध चेतनाले आवश्यक रूपमा आकार प्राप्त गर्न नसक्दा निम्नवर्गको प्रमुख पात्र अधीनस्थ अवस्थामा पुगेको छ ।

दलभञ्जन कार्कीको 'विदा' नेपाली समाजमा तत्काल विद्यमान सामन्ती स्वरूपको सामाजिक यथार्थलाई अभिव्यक्त गर्ने कथा हो । यस कथामा वर्गीय शक्तिसम्बन्ध असन्तुलित बनेको हुनाले निम्नवर्गको प्रतिरोध अपेक्षित सफलता हासिल गरेको छैन । चङ्खे र रामे निम्नवर्गका भएकै कारण उच्चवर्गीय मुखियाको विभेद, दमन र शोषण सहन बाध्य छन् । उनीहरूले साहुको दमन र शोषणका विरुद्धमा विद्रोह गरी आफूलाई मुक्त गराएका छन् तर उसलाई कुनै कारबाही गर्न सकेका छैनन् । यसले सामन्तवादी व्यवस्था कमजोर हुँदै गएको तर प्रतिरोधी संस्कृतिले उचित स्थान बनाउन नसकेको अवस्थालाई बोध गराएको छ । त्यसकारण मुखियाले निम्नवर्गीय रामेलाई नै प्रयोग गरेर अर्को निम्नवर्गको चङ्खेमाथि दमन र शोषण गरेको छ । चङ्खेले केवल दुई मुरी धान कूत तिर्न केही समय माग्दा मुखियाले गरेको दमनलाई प्रस्ट पार्दै भनिएको छ : "हेर् रामे यसको चाल । लैजा अँध्यारो कोठामा लगेर गुम्स्याइदे अनि त्यसको बाबुको बिहे देखोस् । अघिदेखि साहुको घरमा बसेको रामे साहुको स्वामीभक्त नोकर थियो । त्यसैले साहुको कुरालाई उसले उल्लङ्घन गरेन । तुरुन्तै साहुले भने बमोजिम गऱ्यो" (पृ.५९-६०) । यसले उच्चवर्गीय मुखियाले गरेको अन्यायपूर्ण दमनलाई देखाए पनि त्यसका विरुद्धमा रामेले कुनै प्रतिरोध गरेको छैन । त्यसैगरी दुई मुरी धानमा नै चङ्खेको घरखेत हडप्ने योजनामा पनि मुखियाले रामेलाई नै प्रयोग गरेको छ । यो योजनालाई प्रस्ट पार्दै मुखिया भन्छ "हैन रामे ! चङ्खेको घर र रछानको पाटो अझ चोखै छ । त्यही घर र रछानको पाटो राजिनामा गरी दिऊँ । हाम्रो पनि रुपियाँ असुल भइजान्छ" (पृ.६१) । मुखियाको यस भनाइमा निम्नवर्गको रामेलाई हतियारका रूपमा प्रयोग गरेर मुखियाले चङ्खेको जायजेथा हात पार्न खोजेको स्पष्ट हुन्छ । साहुको उक्त प्रस्ताव अस्वीकार गरेको चङ्खेप्रति दया देखाएकै कारण मुखियाले रामेमाथि पनि आक्रमण गरेको छ । यसरी चङ्खेलाई खोरमा पशुझैँ थुन्नु (पृ.६०), चङ्खेको घरबारी हडप्न खोज्नु (पृ.६१), रामेमाथि आक्रमण गर्नु (पृ.६३) यस कथामा भएका उच्चवर्गीय दमन र शोषणका उदाहरणहरू हुन् । मुखियाले रामेमाथि आक्रमण गरेपछिको प्रतिरोधलाई कथामा यसरी उल्लेख गरिएको छ :

रामेलाई पनि साहु देखेर रिस उठ्यो । दयाको निम्ति बोल्दा साहुले गरेको नीतिले अर्कै काण्ड सुरु भयो । तुरुन्त साहुपट्टि फर्केर जवाफ दियो- 'बुभ्नु भो ? तपाईंको भलो चिताई काम गरेको ऐले २५ वर्ख भैसक्यो, मैले धेरै कुराको विचार गरिसकेको छु । तपाईंलाई माया भनेको रैन छ । हामी गरिबको रगतमा रमाएर बस्न मात्र तपाईंले जानेको रहेछ । आपत्मा परेका गरिबलाई घाँटी समातेर गर्दन रेट्ने मात्रै तपाईंको काम रहेछ (पृ.६३) ।

कथामा प्रस्तुत यस सन्दर्भबाट उच्चवर्गीय दमन र शोषणका विरुद्धमा रामेमा जागृत भएको प्रतिरोधी चेतना शक्तिशाली रहेको स्पष्ट हुन्छ । यसले चंखेमाथि भएको दमन र शोषणको पनि विरोध गरेको छ । अन्त्यमा रामे र चंखे दुबै मुखियाको अन्यायको विरोध गर्दै बाहिर निस्किएका छन् । त्यसकारण यस कथामा निम्नवर्गको प्रतिरोधी चेतना शक्तिशाली रहेको स्पष्ट हुन्छ ।

'विदा' कथा तत्कालीन समाजमा रहेको सामन्तवादी विभेद, दमन र शोषण अनि त्यसका विरुद्धमा जागृत प्रतिरोधको चेतनालाई स्पष्ट रूपमा देखाउने उद्देश्यका साथ लेखिएको कथा हो । यस कथामा मुखियाको प्रभुत्व स्थापना र विस्तारका लागि समाजमा स्थापित सामन्ती विमर्शात्मक संरचना सहायक बनेको छ । त्यसकारण यस कथाका निम्नवर्गीय पात्रहरू चङ्खे र रामे सोभै अन्यायमा परेपछि प्रतिरोधमा उत्रिएका छन् । उच्चवर्गको मात्र सहायक बनेको परम्परागत विमर्शात्मक संरचनाका कारण निम्नवर्ग कमजोर बनेको छ । त्यसकारण उनीहरू प्रतिरोधका माध्यमबाट मुखियाको नियन्त्रणदेखि मुक्त भएका छन् तर मुखियालाई अपराधबापत कुनै कारबाही भएको छैन । सङ्गठित स्वरूपका अभावमा निम्नवर्गको शक्ति क्षतविक्षत भएको छ भने सामन्ती विमर्शात्मक संरचनाका कारण उच्चवर्गको प्रभुत्व विस्तार भएको छ । त्यसकारण यस कथामा दमन र प्रतिरोधको सङ्घर्षले निरन्तरता पाएको छ । त्यसै कारण निम्नवर्गका चंखे र रामेको जीवन कष्टकर हुँदै कारुणिक अवस्थामा पुगेको छ ।

कृष्णप्रसाद सर्वहाराद्वारा लेखिएको 'तोर्मे' कथामा परम्परागत सामन्तवादी विमर्शात्मक संरचनाको स्वरूपभित्र प्रतिरोधको कमजोर अवस्था प्रकट भएको छ । त्यसकारण उक्त कथामा वर्गीय शक्तिसम्बन्ध असन्तुलित भएको हुनाले निम्नवर्गको जीवन समस्याग्रस्त अवस्थामा पुगेको छ । त्यसका विरुद्धमा निम्नवर्गले गरेको प्रतिरोधको अवस्था अपेक्षाकृत रूपमा कमजोर रहेको छ । उच्चवर्गीय जिम्वालले तोर्मेको परिवारको सम्पूर्ण जायजेथा हडपेर पनि नपुगी तोर्मेको शरीरसमेत हडप्न खोजेको सन्दर्भमा तोर्मेका माध्यमबाट भएको प्रतिरोधलाई यसरी प्रस्तुत गरिएको छ : "हाम्रो घरबारी, गाई-गोरु, जरजेथा लिएर पुगेन र अब जिवै पनि लिएर सन्तोष लिन खोज्छ । पापिष्ठ मोराको पाप एकदिन धुरीबाट कराएको आफ्नै आँखाले देख्न पाउँछु कि पाउँदिन" (पृ. २६) । जिम्वालका विरुद्धको तोर्मेको यो प्रतिरोध अत्यन्त आक्रामक भए पनि त्यो केवल उसकै मनमा मात्र सीमित रहेको छ । तत्कालीन समाजमा असन्तुलित अवस्थामा रहेको वर्गीय शक्तिसम्बन्धका कारण त्यसले प्रकाशमा आउने अवसर नै पाएको छैन । समाजका गरिब तथा अशक्त किसानका सम्पूर्ण जायजेथा कब्जा गरेर शरीरको समेत शोषण गर्ने नेपाली समाजको परम्परागत सामन्ती दमन र शोषणका विरुद्धको कमजोर प्रतिरोध यस कथामा व्यक्त भएको छ । कथाको त्यस्तै अर्को

उच्चवर्गीय पात्र जेठा मुखियाले पनि तोर्मेको चरम शोषण गरेको छ । दिनरात काममा लगाउँदा पनि जाडो छेक्ने कपडासमेत नदिएर गरेको शोषणका सम्बन्धमा कथामा यसरी भनिएको छ :

> अब तोर्मे त्यो विचरा डल्लो केटो बिहान भिसमिसै उठेर स्यू-स्यू गरेर काम्दै बाहिर जाडामा निस्केर काम गर्थ्यो र एक डल्लो ढिँडो, अलिकति गनाउने मोही र कुहेको गुन्द्रुकले आफ्नो पेट उक्साएर ती २५/३० ओटा गाई-गोरुका बथान वनतिर लैजान्थ्यो अनि फेरि काम्दै बेलुकी-बेलुकी पिठ्यूँमा घाँसको सानो-सानो भारी भुन्ड्यार थरथर काम्दै लुरु-लुरु फर्कन्थ्यो (पृ.२७-२८) ।

कथामा प्रस्तुत यस सन्दर्भले पनि तोर्मेमाथि भएको दमन र शोषणका विरुद्धमा गाउँलेहरूमा जागृत भएको प्रतिरोधको भावनालाई व्यक्त गरेको छ । यो प्रतिरोधको अभिव्यक्ति गाउँलेहरू आफैभित्र मात्र रहेको हुनाले यसको कुनै सार्थकता देखिँदैन । आफूमाथि यस्तो अन्याय हुँदा पनि तोर्मेको प्रतिरोध केवल अनुरोधात्मक ढाँचाकै मात्र रहेको छ । उसले काम गरेको तीन महिनापछि पूर्वसर्तअनुसारको दौरासुरुवालको माग गरेको सन्दर्भलाई कथामा यसरी उल्लेख गरिएको छ :"जेठा मुखिया, म ता जाडाले सारै-सारै मरैं लौ न" (पृ.२८) । तोर्मेको यस मागमा प्रतिरोधले केवल अनुरोधको स्वरूप मात्र धारण गर्न सकेको छ । त्यसपछि मुखियाको चर्को गालीले तोर्मेको प्रतिरोधी चेतना सधैँका लागि समाप्त भएको छ । शोषणकै क्रममा मुखियाले बिरामी तोर्मेमाथि शारीरिक आक्रमण गरेकै कारण ऊ ढलेको छ ।

'तोर्मे' कथामा असन्तुलित अवस्थामा रहेको वर्गीय शक्तिसम्बन्धलाई आधार बनाई निम्नवर्गको प्रतिरोधलाई उच्चवर्गले कमजोर बनाएको छ । त्यसकारण यस कथामा निम्नवर्गको प्रतिरोध चेतना जागृत भएर पनि त्यसले आवश्यक विकासको अवसर पाएको छैन । समाजमा उच्चवर्गीय प्रभुत्व कायम रहेको छ । उत्पादनका साधन र श्रमको मूल्यमा उच्चवर्गीय वर्चस्व कारम रहेको छ । सामाजिक न्याय र मानवीय मूल्य उच्चवर्गकै स्वेच्छामा मात्र निर्भर रहेको छ । त्यसकारण निम्नवर्गले समाजमा अन्याय तथा दमन र शोषणको विरोध गर्न सक्ने अवस्था नै सिर्जना भएको छैन । तत्कालीन समाजमा स्थापित सामन्तवादी विमर्शात्मक संरचनामा स्थापित ज्ञान र शक्तिका आडमा वर्गीय दमन शोषणले मौलाउने अवसर पाएको छ । यी सबै प्रकारका अन्याय तथा दमन र शोषणलाई समाजमा स्थापित असन्तुलित अवस्थामा रहेको वर्गीय शक्तिसम्बन्धले वैधता प्रदान गरेको छ । त्यसकारण निम्नवर्गको प्रतिरोध कमजोर भएकाले उनीहरू अधीनस्थ अवस्थामा पुग्नु परेको छ ।

कृष्णबम मल्लद्वारा लेखिएको 'तेसू खोलो' असन्तुलित अवस्थामा रहेको वर्गीय शक्तिसम्बन्धका माध्यमबाट निम्नवर्गीय प्रतिरोधलाई कमजोर बनाइएको विषयमा आधारित कथा हो । त्यसकारण यस कथामा निम्नवर्गको प्रतिरोध सशक्त भएर पनि परिणामसम्म पुग्न सकेको छैन । परम्परागत सामन्तवादी विमर्शात्मक संरचनाबाट प्राप्त शक्तिलाई प्रयोग गरेर जेठा पुरोहितले निम्नवर्गीय पात्र डम्बरेमाथि विभेद, दमन र शोषण गरेको छ । तेसू खोलाको बाढीबाट गाउँलाई जोगाउने डम्बरेको योजना ऊ निम्नवर्गको भएकै कारण पुरोहितले तिरस्कार गरेको छ ।

यस सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ : “तेरो कुरो को सुन्छ ? फाल्तु समय कहाँ छ ? तेसू फर्काउने अनुहार तेरो जस्तो हुँदैन” (पृ.५९-६०) । पुरोहितको यस भनाइले निम्नवर्गप्रतिको कुरा जति राम्रो भए पनि त्यसको सुनुवाइ नहुने विभेदजन्य व्यवहारलाई प्रस्तुत गरेको छ । यस्तो विभेद तथा अपमानका विरुद्धमा डम्बरेले केही प्रतिवाद गर्न सकेको छैन ।

तेसू खोलामा बाँध बाँध्ने योजनाका सम्बन्धमा भएको गाउँको भेलामा जेठा पुरोहितले भनेका छन् : “जेठा पुरोहितले भने छलफल त्यसमा के गर्नु छ ? म त्यो पहाड उठाउँछु भन्दैमा के तपाईं मान्नु हुन्छ ? पागल डम्बरेको हाहामा लागेर तपाईं आफूलाई बेबकूफ बनाउनु हुन्छ अनि हामीलाई बेकारको टण्टामा फसाउनु हुन्छ” (पृ.६०) । यस सन्दर्भमा पनि निर्दोष डम्बरेमाथि अपमान गरेर पुरोहितले वर्गीय विभेद गरेको छ । त्यसका विरुद्धमा प्रतिवाद गर्दै डम्बरेले भनेको छ : “मेरा कुरा सुन्नुहोस् । काम ता तपाईंहरूको चित्त बुझे मात्रै हुनेछ” (पृ.६०) । विभेदको यस प्रकारको निरन्तर प्रहारपछि डम्बरेमाथि षड्यन्त्रपूर्ण ढङ्गले दमन र शोषण गरिएको छ । जेठा पुरोहितले उच्चवर्गीय प्रभुत्वलाई प्रयोग गरी गरेको शोषणलाई कथामा यसरी भनिएको छ : “बाढी आएर अरूका खेतको साँध पुरे उनी विस्तारै अरूको जमिन मिची आफ्नै खेतको क्षेत्रफल बढाउँथे” (पृ.५९) । यस्तो सामाजिक स्तरको दमन र शोषण्का विरुद्धमा पनि गाउँका कसैले पुरोहितको प्रतिकार गर्न सकेको छैन । तेसू खोलामा बाँध बाँधे पुरोहितलाई अरूको सिमाना मिच्न समस्या हुने भएकै कारण उनी उक्त कार्यको विरोध गर्थे । त्यसकारण उनले साम, दाम, दण्ड, भेद सबै प्रयोग गरेर डम्बरेलाई शोषण गरेको सन्दर्भलाई कथामा निम्नानुसार प्रस्तुत गरिएको छ :

> जिद्दी नगर ले यो रुपियाँ । खेतको कागजपत्र म भोलि लेखिदिने छु । पुरोहितले भने अनि उसका खोकिलामा उक्त नोट राखिदिने कोशिश गरे । ऊ मानेन, उनका नजिक रहेका अरू मानिसहरूले डम्बरेलाई समाते । डम्बरे छटपटायो र उम्किने कोशिशमा उनीहरूलाई धक्का दिएर ऊ भाग्यो । तर जेठा पुरोहित उसको धक्का खप्न नसकी दलानको थाममा गएर नराम्रोसँग ठोकिए । उनको निधार फुट्यो, रगतपक्ष भयो उनको कुहिनाको सानो एक हाड पनि फुट्यो । ... मौका राम्रो थियो, कुटपिट मुद्दा डम्बरेका नाउमा उनले चलाए (पृ.६४) ।

कथामा प्रस्तुत यस सन्दर्भले पुरोहितले साम, दाम, दण्ड, भेद सबै प्रयोग गर्दा पनि डम्बरेले निरन्तर प्रतिरोध गरेको अवस्थालाई प्रकाश पारेको छ । त्यसपछि पुरोहितले झुटो मुद्दा लगाई डम्बरेलाई जेल पठाएपछि निम्नवर्गको प्रतिरोध समाप्त भएको छ ।

‘तेसू खोलो’ कथामा सामन्तवादी विमर्शात्मक संरचनाले समाजको शासनको आकार निर्माण गरेको हुनाले निम्नवर्गको प्रतिरोध विफल भएको छ । स्थानीय सत्तामा उच्चवर्गको प्रभुत्व कायम छ भने केन्द्रीय सत्तामा पनि उच्चवर्गकै पहुँच विस्तार भएको छ । त्यसकारण निम्नवर्ग सधैँ सत्ताबाट विमुख गराइएको अवस्थामा छ । यसले उच्चवर्गलाई दमन, शोषण र जालझेल गर्नका लागि सहज वातावरणको निर्माण गरेको छ । त्यसकै आडमा उच्चवर्गले उत्पादनका साधनमाथि निरन्तर प्रभाव विस्तार गर्दै निम्नवर्गमाथिको शोषणलाई क्रमशः कठोर बनाउँदै लगेको

छ । समग्रमा यस कथामा सामन्ती स्वरूपको उच्चवर्गीय विभेद, दमन र शोषणको अवस्था प्रकट भएको छ । त्यसलाई समाजमा स्थापित असन्तुलित ढाँचाको वर्गीय शक्तिसम्बन्धले वैधता प्रदान गरेको छ । यसले निम्नवर्गको प्रतिरोधलाई विफल पारी प्रस्तुत कथाको निम्नवर्गीय पात्र डम्बरेलाई अधीनस्थ अवस्थाबाट माथि आउन दिएको छैन ।

रमेश विकलद्वारा लेखिएको 'लाहुरी भैँसी' कथामा २०१९ सालभन्दा अगाडिको नेपाली समाजको सामन्तवादी स्वरूपभित्रको कमजोर प्रतिरोधको अवस्था प्रकट भएको छ । त्यसकारण यस कथामा वर्गीय शक्तिसम्बन्ध असन्तुलित भएकाले सामन्त वर्गको चरम दमन र शोषणको प्रकटीकरण भएको छ । त्यसका विरुद्धमा आएको प्रतिरोधका आवाज भने तत्काली समाजसापेक्षित रूपको भएकाले अपेक्षाकृत कमजोर रहेको छ । यस कथामा वर्गीय दमन र शोषणका लागि प्रभुत्वको शक्ति र सहमतीय स्वरूपको प्रयोग भएको छ । यी दुबै कार्यबाट निम्नवर्गको प्रतिरोधी क्षमतालाई कमजोर बनाएर समाप्त पारिएको छ । लुखुरेको भैँसी देख्नासाथ षड्यन्तको प्रारम्भ गर्दै द्वारेले भनेको छ : "भैँसीलाई त अलि बढी नै हालिछस् । दुध कति देला ? ... कल्चौंडो मात्र भएर के गर्नु, मासु खान भएन मोटो छ भनेर" (पृ.२८) । द्वारेको यस कथनबाटै उसले निम्नवर्गीय लुखुरेमाथि दबाब र तनाव सिर्जना गरी शोषणका लागि बलियो आधार तयार गरेको छ । द्वारेको यस षड्यन्त्रको प्रतिरोध लुखुरेले गर्न सकेको छैन । उसले उल्टै द्वारेमै समाधान खोज्दै भनेको छ : "किन र बा ? उसले सशङ्कित र भयभीत आँखाले द्वारेका आँखामा हेर्‍यो । त्याहाँ उसले कुनै प्रकारको विकार पहिल्याउन सकेन" (पृ.२८) । यसले लुखुरेमा प्रतिरोध चेतना अत्यन्त कमजोर रहेको देखाउँछ ।

द्वारेले दबाबकै निरन्तरतामा उसले भैँसीलाई धम्कीको बिरामी छ भन्ने बनावटी तथ्यलाई रामवीरेका माध्यमबाट प्रमाणित गराएको छ । धैँटीको चेतनामा प्रहार गरी लुखुरेलाई परिवारबाट समेत एक्ल्याएको छ । द्वारेका विचारको प्रतिवाद गर्दै लुखुरेले भनेको छ : "होइन बा, ज्याम्दीका ढकाल त किरिया हाल्थे नि ? केही खोट रहेछ भने सित्तैमा भो भन्थे नि त ? तैपनि उसले छाम्ने कासिस गर्‍यो" (पृ. २८) । अझै पनि लुखुरेले द्वारेका विचारको प्रतिवादलाई निरन्तरता दिएको छ । द्वारेको षड्यन्त्र बुझ्न नसकेको र परिवारबाट पनि एक्लिएको लुखुरेले भैँसी फर्काउन खोज्दा उक्त बाटो छेक्दै द्वारेले भनेको छ : "को त्यै बाउँठे ढकाल ? ... त्यसका कुरा पत्याउन थाले त मान्छे खौलाँ पर्छ । कतिलाई भड्खाराँ जाक्यो त्यसले, त्यस्तो बेमानी पो त त्यो" (पृ.२९) । यसरी द्वारेको षड्यन्त्रले भैँसी फर्काउन पनि दिँदैन र खोटी पनि देखाउँछ । यसले लुखुरेको प्रतिरोध चेतनालाई सधैँका लागि समाप्त पारिदिएको छ ।

'लाहुरी भैँसी' सामन्तवादी विमर्शात्मक संरचनालाई प्रस्तुत गर्ने सामाजिक यथार्थवादी कथा हो । त्यसकारण यस कथामा तत्कालीन नेपाली समाजमा भएका दमन, शोषण र प्रतिरोधको अवस्थालाई यथार्थपरक स्वरूपमा उल्लेख गरिएको छ । वर्गीय शक्तिसम्बन्ध असन्तुलित भएकाले समाजको आधार तहदेखि नै सामन्तको प्रभुत्व कायम रहेको छ । आम मानिसमा वर्गचेतनाको अभावका कारण निम्नवर्ग पनि उच्चवर्गीय संस्कृतिकै मतियार बन्न पुगेको अवस्था चित्रित छ ।

उच्चवर्गको शक्ति, दमन, शोषण र षड्यन्त्रलाई असन्तुलित वर्गीय शक्तिसम्बन्धले वैधता प्रदान गरेको छ । त्यसकारण निम्नवर्गमा प्रतिरोध चेतनाको अवस्था ज्यादै कमजोर रहेको छ । त्यसैको परिणामस्वरूप यस कथाको निम्नवर्ग अधीनस्थ अवस्थामा पुगेको छ ।

### ६.४ यथार्थवादी नेपाली कथामा लैङ्गिक प्रतिरोध

गुरुप्रसाद मैनालीको 'नासो' कथामा पितृसत्तामा आधारित सामन्ती ढाँचाको लैङ्गिक विभेद, दमन, शोषण र त्यसका विरुद्धको कमजोर प्रतिरोधको स्वरूप प्रस्तुत गरिएको छ । यस कथाका नारी पात्रहरूले कतै मौन रूपमा र कतै प्रत्यक्ष रूपमा आफूमाथि भएको अन्यायका विरुद्धमा प्रतिरोध गरेका छन् । समाजमा लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित भएका कारण नारी पात्रको प्रतिरोधले सशक्त स्वरूप धारण गर्न सकेको छैन । सन्तानको जन्म नभएकामा सबैले सुभद्राकै कमजोरी देखाएका कारण देवीरमणले दोस्रो विवाह गर्ने सामाजिक स्वीकृति प्राप्त गरेको छ । यस प्रकारको लैङ्गिक विभेदका विरुद्धमा सुभद्राले गरेको प्रत्यक्ष प्रतिरोधलाई कथामा यसरी उल्लेख गरिएको छ :

> विचरी सुभद्रा पनि खिन्न थिइन् । छिमेकका आइमाईले छोराछोरी खेलाएको देखेर उनलाई रहर लाग्थ्यो । सन्तानका आशाले सरल नारीस्वभाववश धामीझाँक्रीको बुटीजन्तर बाँधिन्, देवीदेवताको भाकल गरिन् । तीर्थ, व्रत, पूजा, पाठ पनि गरिन् । तर दैवले नसुनिदिएपछि कसको के लाग्दो रहेछ र (पृ.१) ?

कथामा प्रस्तुत यस सन्दर्भका माध्यमबाट आफूमाथिको विभेद र अभावका प्रश्नप्रति सुभद्राले गरेको प्रतिरोधको पहिचान गर्न सकिन्छ । दमन र स्थापित विमर्शात्मक संरचनाले आफै प्रतिरोधको आकार र स्वरूप निर्धारण गर्छ । त्यसकारण यो प्रतिरोध तत्कालीन समाजले निर्धारण गरेको आकार र सीमाभित्रै बाँधिएको अवस्थामा रहेको छ । नारीका कार्यलाई कुनै स्थान नदिने विमर्शात्मक संरचनाभित्र योभन्दा ठुलो प्रतिरोध अपेक्षित हुँदैन ।

सन्तानका अभावमा सुभद्राको र सन्तानवती भइसकेपछि लक्ष्मीको उपादेयता सकिए पनि देवीरमण सुभद्रासँग हुँदा पनि मूल्यवान् र लक्ष्मीसँग हुँदा पनि मूल्यवान छ । सन्तान उत्पादन नहुँदा नारीको मात्र दोष देख्ने र सन्तान भइसकेपछि नारीको महत्त्व नै नदेख्ने विचारले समाजमा जरा गाडेको छ । त्यसकारण निसन्तान सुभद्राको विकल्पको खोजीलाई समाजमा स्थापित पितृसत्ताबाट निर्देशित विमर्शात्मक संरचनाले वैधता प्रदान गरेको छ । समाजले देवीरमणलाई दोस्रो विवाह गर्न स्वीकृति दिँदा सुभद्राले गरेको प्रतिरोध कथामा यसरी व्यक्त गरिएको छ :

> के सुभद्राले साँचो मनले सल्लाह दिएकी हो ? सम्मति दिँदा किन अर्कोपट्टि फर्केर 'हुन्छ' भनेकी त ? मेरो ज्यादा आग्रह देखेर 'हुन्छ' भनेकी त होइन ? ओहो ! मानिसहरू आफ्ना तीव्र इच्छामा अरूको सम्मतिलाई कसरी जबरजस्ती तान्छन् । छिः सुभद्राको आजीवन सेवाको पुरस्कार यही हो (पृ.२) ?

देवीरमणका माध्यमबाट कथामा प्रस्तुत गरिएको यो सन्दर्भले अर्को विवाह गर्ने विभेदकारी विचारप्रति सुभद्राको असहमति रहेको स्पष्ट हुन्छ । यहाँ परम्परागत विमर्शात्मक संरचना र लोग्नेको इच्छाका अगाडि उसको स्वीकृति बाध्यकारी बनेको छ । यस्तो अवस्थामा उसको विरोधको सीमा यति नै हो । यहाँ सामन्तवादी ढाँचाको वाध्यकारी सहमतीय स्वरूप निर्माण गरिएको छ । देवीरमणले दोस्रो विवाह गऱ्यो । लक्ष्मीले रोएर प्रतिरोध गरी । १२ वर्षकी अबोध बालिकाले गरेको यो प्रतिरोध स्वाभाविक छ । लक्ष्मीलाई घरमा ल्याइसकेपछि सुभद्राले आफ्नो ओछ्यान अर्को कोठामा सारेर प्रतिरोध गरेको सन्दर्भलाई कथामा यसरी उल्लेख गरिएको छ : "सानू ! तिम्रो ओछ्यान खोइ नि ?" "पल्लो कोठामा छ" (पृ.३) । देवीरमण र सुभद्राका बिचमा भएको यस संवादमा स्पष्ट प्रतिरोधको भावना प्रकट भएको छ । त्यसपछि भोलि घरै छोड्नु पर्ने हो कि भनी नौलीले राखेको प्रश्नमा सुभद्राले गरेको प्रतिरोध कथामा यसरी उल्लेख गरिएको छ : "छोड्नुपरे छोडिदिउँला, कुन दौलथको चैन गरेकी छु र ? एक पेट खस्रोमसिनो खाएर, रात-दिन बुहार्तन सहेकी छु , जुठोचुलो गरिदिए जसले पनि एक गाँस खान दिन्छ" (पृ.४) । सुभद्राको यस कथनमा घर र विमर्शात्मक संरचनाप्रतिको कडा प्रतिरोध व्यक्त भएको छ । उसले घरमा रहेर पनि कुनै चैन गर्न नपाएको, खस्रोमसिनो खानामै चित्त बुझाउनु परेको, बुहार्तन सहनु परेको र सधैँ जुठोचुलोमै सीमित रहनु परेको बाध्यात्मक अवस्थाप्रति कडा प्रतिरोध गरेकी छ । त्यसपछि देवीरमण र लक्ष्मीको तीर्थयात्राका सम्बन्धमा सुभद्राले गरेको प्रतिरोधलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> तीर्थबर्त गर्न त मलाई पो लैजानुपर्थ्यो । मेरो को छ र, छोरा न छोरी ! उसको उमेर थियो, जाँदै गर्दी हो । ऊ छोरो पाएकी स्वास्नी भई, वचन हार्न सक्नुभएन । म टेक्नेसमाउने केही नभएकी अनाथ; मेरो केको खोजी थियो ! मानिस बलेकै आगो ताप्छन् ! जसलाई परमेश्वरले ठगेको छ, उसलाई मानिस पनि हेलाँ गर्छन् ! ओहो ! संसार कति मतलबी छ ! यस्तै तर्क गर्दै सुभद्रा धेरैबेरसम्म रोइरहिन् (पृ.५-६) ।

कथामा प्रस्तुत यस सन्दर्भका माध्यमबाट पुरुष सत्ता र विमर्शात्मक संरचनाका कारण भएका विभेद, दमन र शोषणप्रति सुभद्राले गरेको प्रतिरोध प्रकट भएको छ । छोरो नजन्माउने नारी टेक्ने र समाउने विनाकी अनाथ हुने पुरुषवादी संरचनाप्रतिको उसको प्रतिरोध हो । निसन्तान हुनुलाई निभेको आगो र परमेश्वरले ठगेको ठानी हेला गर्ने मतलबी सामन्ती ढाँचाको विमर्शात्मक संरचनाप्रति सुभद्राले प्रतिरोध प्रकट गरेकी छ । लक्ष्मी र सुभद्राका बिचको विवादमा देवीरमणले तमासे बनी दमन गरेको प्रतिरोधस्वरूप उसले घरै छोडेकी छ । सुभद्राको यस प्रतिरोधलाई कमजोर पार्न उसलाई आत्मआलोचनासहित घरै फर्काइएको छ । यो तत्कालीन समाजमा स्थापित लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्थाको परिणति हो । जीवनभर अर्काकी दासी भएर बाँच्नु पर्दाको अवस्थाप्रति नौलीले पनि प्रतिरोध गर्दै भनेकी छ "बज्यै ! जन्मभर अर्काकी दासी भएर बस्नु पऱ्यो, चारओटा अक्षता भए पनि छरेर आऊँ भनेर बाजेसँग बीसै दिनको विदा मागेर आएकी" (पृ.९) । छोरो जन्माइसकेपछि आफ्नो महत्त्व सकिएको बोध गर्दै लक्ष्मीले त्यस्तो विमर्शात्मक संरचनाप्रतिको प्रतिरोधस्वरूप भनेकी छः "दिदी यो तपाईंको नासो"

(पृ. ११) ! लक्ष्मीको यस कथनमा छोरो जन्माइसकेपछि नारी उपादेयता समाप्त भएको निर्धारण गर्ने विमर्शात्मक संरचनाप्रतिको प्रतिरोध व्यक्त भएको छ ।

'नासो' १९९२ साल आसपासको नेपाली समाजको सामन्ती विमर्शात्मक संरचनालाई आधार बनाई लेखिएको कथा हो । यस कथामा लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित भएका कारण नारीमाथि भएका चरम विभेद, दमन र शोषणलाई व्यक्त गरिएको छ । उक्त विभेद, दमन र शोषणका विरुद्धमा नारी पात्रले गरेको प्रतिरोधलाई समाज सापेक्षित बनाएर कमजोर अवस्थामा उल्लेख गरिएको छ । छोरो नपाउँदा सुभद्राको र छोरो पाइसकेपछि लक्ष्मीको उपादेयता समाप्त गरेर अनि नौलीलाई जीवनभर दास बनाएर विभेद, दमन र शोषण गरिएको छ । यसरी तीनै जना नारी पात्रहरू पारिवारिक, सामाजिक, आर्थिक र सांस्कृतिक रूपमा दमित र शोषित भएका छन् । त्यसको प्रतिरोधमा सुभद्राले व्रतपूजा आदि गरेर, टाउको अर्कैतिर फर्काएर, ओच्छ्यान अर्को कोठामा सारेर, घर छोडेर आफ्ना प्रतिरोधी विचारहरू व्यक्त गरेकी छ । लक्ष्मीले डोलीमै रोएन अनि नासो जिम्मा लगाएर प्रतिरोध गरेकी छ भने नौलीले अक्षता छरेर प्रतिरोध गरेकी छ । यी सबै प्रकारको प्रतिरोधहरूलाई लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्थाले असफल बनाएको छ । त्यसकारण यस कथाका नारी पात्रहरू अधीनस्थ अवस्थामा पुगेका छन् ।

पूर्णदास श्रेष्ठद्वारा लेखिएको 'समाजको अंचलमा' कथा तत्कालीन समाजमा भएको लैङ्गिक व्यवहारलाई आधार बनाई लेखिएको छ । यस कथामा लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्थालाई आधार बनाई नारीको प्रतिरोध कमजोर पारिएको छ । त्यसका प्रभावमा नारी पात्रहरू पनि पुरुष सत्ताका अनुयायी बनेर नारीकै दमन र शोषणमा उत्रिएका छन् । यस कथामा देखाइएको नारीका विवशताका सम्बन्धमा ईश्वर बरालले यसरी लेखेका छन् : "आइमाईमा संघर्षको भावना भने छ तर अनुदारपन्थी पुरुषशासित समाजले गर्दा ती अबला नै देखाइएका छन् । समाजको अंचलमाकी सुब्बिनी ...डटेका भए पनि समाजसँग सिँगौरी खेल्न नसकेर विवश भई बसेका छन् आफ्नो संघर्षमय जीवन व्यतीत गर्दै" (बराल,२०२९, पृ.२३८) समाजमा आफ्नो इज्जत धान्नका लागि बाबुले छोरीलाई बिक्री गर्नु नारीमाथिको अन्याय हो । त्यसबाट यस कथाकी प्रमुख नारी पात्र सुब्बिनी लैङ्गिक उत्पीडनमा परेकी छ । त्यस्तो उत्पीडनका विरुद्धमा उसले गरेको प्रतिरोधलाई कथामा यसरी उल्लेख गरिएको छ :

> पिताजीले लिनुभएको पाँच सयको पोको मेरो अघिल्तिर आएर मेरो खिसी गर्न थाल्यो । पिताजीमाथि अत्यन्त रिस उठ्न थाल्यो । आफ्नी पुत्रीको भविष्यको सुखदुःख, मानअपमानको विचार नगरी खालि समाजमा प्रतिष्ठित हुनाको झुटा अभिमान देखाउनाको निमित्त मेरो बाले त्यो जाबो चाँदीको टुक्रामाथि लोभ नगर्नु भएको भए यत्तिको अपमानित किन हुनु पर्थ्यो (पृ.४५) ?

पितृसत्तामा विलय भएकी जेठानीले 'कमारी' शब्द प्रयोग गरी गाली गरेपछि आएको सुब्बिनीको यो प्रतिरोधले पुरुषका गलत कार्यको विरोध गरेको छ । बाबुले पैसा लिएर छोरीको विवाह गरिदिएकै कारण उसले यस प्रकारको पीडा भोग्नुपरेको छ । छोरीको भविष्यमा आउन

सक्ने समस्यामा कुनै ध्यानै नदिई केवल आफ्नो आडम्बरी प्रतिष्ठाको अभिमान जोगाउन बाबुले गरेको गलत कार्यप्रति सुब्बिनीले विरोध प्रकट गरेकी छ । त्यसैगरी समाजमा नारीमाथि लगाइने झुटा आरोप र गरिने अपमानप्रतिको सुब्बिनीको प्रतिरोध यस प्रकारको रहेको छ : "मेरो जीवनी मेरो आफ्नै कथा होइन, समाजको अर्धअङ्ग निर्बोध, निर्दोष, अबलाहरूको करुण गाथा हो । दुःख सहनु, अपमानित हुनु, लक्षण प्रतिकार नगरी बस्नु औ फेरि त्यसै निर्दोषिताका निम्ति दण्ड स्वीकार गर्नु यही स्त्री जातिको आदर्श हो" (पृ.४३) । सुब्बिनीको यस भनाइमा सामन्तवादी पितृसत्ताले निर्माण गरेको एकपक्षीय र विभेदकारी विमर्शात्मक संरचनाको कडा प्रतिरोध गरिएको छ । समाजको आधाअङ्ग भएर पनि नारीले निर्दोष अवस्थामा समेत दोषी प्रमाणित भएर कारुणिक जीवन बाँच्नु परेकोमा उसको विमति रहेको छ । घरमा जेठानी र सासूको अन्याय चरम अवस्थामा पुगेपछि त्यसको विरुद्ध प्रतिरोध गर्दै उसले भनेकी छे : "मेरो सहिष्णुताको बाँध फुट्यो । अति भएपछि धरतीमाताले त सहन सक्दैन भूकम्प हुन्छ । मेरो ता के कुरा ! मैले भनेँ हरबखत कमारी, मुखैपिच्छे कमारी, देखाउनुहोस् म कसकी कमारी हुँ" (पृ.४७) । यो एउटी नारीले आफूमाथि भएको दमनका विरुद्ध गरेको प्रतिरोध हो । उक्त विद्रोह समाप्त हुन नपाउँदै सासूका कुरा सुनेर लोग्नेले उसमाथि गरेको दमनलाई उसले आफै यसरी भनेकी छ :

> कौसीमा आई उहाँले भन्न लाग्नुभो "आमालाई कमारी भन्ने भइस् होइन तँ ? कहाँकी चण्डालनी ! घर बरबाद पारिसकी ! घरमा पाइला हालेदेखि एक न एक झगडा लागी रहेकै छ । कंगालकी छोरीले धन देख्यो, आफूलाई यति उति सम्झेन । आमालाई समेत कमारी भन्ने साहस भयो तेरो ? जा ऐले निस्की, तेरा मुख पनि हेर्न चाहन्न !" भनी वहाँले दुई लात कम्मरमा हान्नुभयो (पृ.४९) ।

कथामा उल्लेख गरिएको यस साक्ष्यले तत्कालीन समाजमा नारीमाथि भएको पितृसत्ताको षड्यन्त्र र दमनलाई प्रकाश पारेको छ । यसरी यस कथामा नारीमाथिको दमनको प्रमुख स्थान परिवार र आधार लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्था बनेको छ । त्यसको प्रतिरोध यसरी गरिएको छ :

> कङ्गालकी छोरीको शब्द मेरो मुटुसम्म पुग्यो । म रिसले अन्धी भएँ । "कङ्गालकी छोरी थाहा पाउनु हुँदा हुँदै किन व्याहा गर्नुपऱ्यो ? मलाई जे इच्छा छ भन्नु - म सहन्छु । मेरो बाले तपाईंहरूको के बिगार गर्नुभो र उनको नाउँ लिनुभो । तपाईंहरूलाई मन पर्दैन भने पठाइ दिनुस् म ऐले जान्छु ।" क्रोधको आवेशमा मैले भनेँ (पृ.४९-५०) ।

कथामा उल्लेख गरिएको यस सन्दर्भबाट तत्कालीन समाजको सामन्तवादी पितृसत्ताले नारीमाथि गरेको दमन शोषणका विरुद्ध भएको प्रतिरोधमाथि प्रकाश पारिएको छ । आफूलाई आवश्यक पर्दा विवाह गरेर ल्याउने तर सधैँ प्रयोगको वस्तु बनाई अपमानपूर्ण व्यावहार गर्ने परम्पराप्रतिको यो नारी विद्रोह हो ।

'समाजको अंचलमा' कथामा लैङ्गिक विभेद, दमन र शोषणको परम्परागत सामन्ती स्वरूप र त्यसका विरुद्धको असफल प्रतिरोध प्रकट भएको छ । यस कथामा पुरुषले नारीका

जीवनमा सधैँ विभेद, दमन र शोषण गरेको हुनाले त्यसका विरुद्धमा प्रतिरोध पनि भएको छ । नारीमाथिको विभेद जन्मदाता बाबुबाटै प्रारम्भ भएर घर हुँदै समाजसम्म पनि फैलिएको छ । त्यसका लागि समाजमा स्थापित लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्था सहायक बनेको छ । बाबु, सासू, जेठानी र लोग्नेको सामूहिक दमनमा सुब्बिनीको जीवन कष्टकर बनेको छ । उसले यी सबैबाट भएका दमन र शोषणको प्रतिरोध पनि गरेकी छ । परम्परागत सामन्ती संरचना र त्यसले निर्माण गरेको लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्था नारीका विपक्षमा रहेको हुनाले यस कथाको लैङ्गिक प्रतिरोध कमजोर भएको छ । यिनै कारणहरूले यस कथाकी प्रमुख नारी पात्र सुब्बिनीको जीवन कष्टकर हुँदै समस्याग्रस्त अवस्थामा पुगेको छ ।

कृष्णप्रसाद चापागाञीद्वारा लेखिएको 'दोषी को ?' कथामा सामन्तवादी समाज व्यवस्थाका स्वरूपको लैङ्गिक विभेद, दमन र शोषणका कार्यहरू भएका छन् । त्यसका विरुद्धमा यस कथाकी नारी पात्रले यथासक्दो प्रतिरोध गरेकी भए पनि लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्थाले त्यो असफल भएको छ । पितृसत्ताका आडमा नारीको शरीरलाई भोगको साधनका रूपमा मात्र हेर्ने उक्त समाजमा रहेको परम्पराग लैङ्गिक विभेद, दमन र शोषण यस कथामा यसरी व्यक्त भएको छ :

> अगाडिपट्टि कैयन् दिनदेखि उद्धव सुशीलाको दर्शन गर्न आरती उतारी रहेको थियो । सुशीला लाजले भुतुक्क भइन् । उनलाई ठुलो कसुर गरेजस्तो लाग्यो । उनी विधवा थिइन् । अतः परपुरुषसित आँखा जोडिनु यस लोक र परलोक दुबै ठाउँमा उनले स्थान पाउन सक्तैनथिन् । सबैजना उनलाई यही भन्थे । उनी चारैतरफबाट यही सुन्दथिन् । यस्तो समाजमा पुरुष भने १० ओटी लखौरी ल्याए भने झन् बहादुर र जवाँमर्द ठहरिने रे (पृ.४५) ।

कथामा उल्लेख गरिएको यस सन्दर्भले तत्कालीन समाजमा निर्मित सामन्ती परम्पराले व्यक्ति व्यक्तिमा पारेको प्रभावलाई स्पष्ट पारेको छ । यसले धर्म, संस्कार, नर्क र स्वर्गसँग वैवाहिक सम्बन्धलाई जोडेर पुरुषलाई शक्तिशाली र नारीलाई कमजोर बनाएको छ । नारीका लागि विधवा जीवनका बन्धनहरू धर्म र परत्रसँग जोडिएका छन् । पुरुषलाई जति पनि विवाह गर्न छुट दिने मान्यता नारीका लागि अत्यन्त अनुदार छ । जुन कुरा पुरुषका लागि मर्दपनको परिचायक मानिएको छ, त्यही कुरा नारीका लागि अपराध सावित गरिएको छ । यसले समाजमा लैङ्गिक विभेदलाई संस्थागत र मानसिक स्वीकृतिको तहसम्म विकास गरेको छ । यस प्रकारका विभेदका विरुद्धमा यस कथाकी नारी पात्रले छिमेकी उद्धवसँग प्रेम सम्बन्ध स्थापना गरेर प्रतिरोध गरेकी छ । त्यसलाई विमर्शात्मक संरचनाका सबै क्षेत्र (घर, माइती, कानुन र समाज) ले लगाएको बन्धनलाई कथामा यसरी उल्लेख गरिएको छ :

> तैँले रुखा खाना, सुखा जीवन बिताउनु पर्छ भनी यता घर, माइती, समाज, कानुन दाह्रा किटेर सधैँ सधैँ हप्काइरहन्थे । केही कुरामा काहीँ हानि नोक्सानी भयो भने सुशीलाको कुलक्षणको फल हो भनेर फैसला गर्दथे । राम्रो नाना, मिठो खाना विधवाका निमित्त

> निषेध थियो । कुनै शुभ काममा अमङ्गल सम्झिन्थे । पाठ, पूजा, व्रत गरेर चोख्याइएको विधवाको शरीर विवाह, व्रतबन्धमा बिटुलो हुन्थ्यो । यो सबै कुरा सुशीलाले मुटु मिची सहेर बसेकी थिइन् (पृ.४८) ।

कथामा उल्लेख गरिएको यस साक्ष्यले तत्कालीन समाजमा विधवा नारीमाथि हुने लैङ्गिक विभेद, दमन र शोषणको अवस्थालाई देखाएको छ । विधवा नारीलाई जीवनका सुख र आनन्दहरूमा बन्देज लगाइएको छ । समाज, घर, माइती, कानुन सबैलाई पितृसत्ताका आडमा स्थापित विमर्शात्मक संरचनाले नारीका विपक्षमा उभ्याएको छ । त्यतिले मात्र नपुगेर विधवा नारीलाई अमङ्गल र विटुलोपनको रूढिग्रस्त दोषको भारी पनि बोकाइएको छ । माइती, घर र समाज तथा कानुनबाट समेत एक्लिएकी नारी सबैसँग प्रतिरोध गर्दै प्रेमी उद्धवको शरणमा जीवनको पूर्णता खोज्न पुग्छे । यस सन्दर्भमा नारीले गरेको प्रतिरोधलाई कथाकारले यसरी प्रस्तुत गरेका छन् : “सहनुको पनि हद हुन्छ । सीमादेखि बाहिर कसैको हक हुँदैन । फेरि हाताहातपट्टि नलागी भविष्यको गर्भमा लुकेको उधारपट्टि को लाग्ला ? भोलिको स्वर्गलाई पन्छाएर आजको जगत्को बाटोतिर नै सुशीलाको दिलको तराजु ढल्क्यो । उद्धवको प्रस्ताव रुन्चे हाँसोले स्वीकार गरिन्” (पृ.४८) । सुशीलाको यो कार्य तत्कालीन पितृसत्ताको विमर्शात्मक संरचनाले सक्रिय तुल्याएको ज्ञानका विरुद्धको प्रतिरोध थियो । उसको यो कार्यले परम्परागत रूपमा निर्मित एकपक्षीय पुरुषवादी संरचनाको प्रतिरोध गरेको छ । उसले गरेको प्रेमकै परिणामस्वरूप ऊ गर्भवती भएपछि प्रेमीले गर्भपतनको विचार राख्दा उसले त्यसको पनि प्रतिरोध गरेकी छे :

> सुशीलाले अलिक गम्भीर भएर भनी किन त्यस्तो महाभयङ्कर पाप गर्ने ? पहिलेको आफ्नो कबुल, आफ्नो जवान यति चाँडै बिर्सनु भो ? जवाँमर्द भनेर जुँगामा ताउ दिने मानिसले डराएर यत्रो भ्रूणहत्याको पाप गर्न अगाडि सर्नु तपाईंहरू पुरुष जातिलाई सुहाउने कुरा हो ? अहिले के भएको छ र (पृ.४९) ?

सुशीलाको यस प्रतिरोधले पुरुषको भोगवाद र भ्रुणहत्याको विरोध गरेको छ । समाजको सम्पूर्ण शक्ति हातमा लिएर शासन गर्ने पुरुषका प्रभुत्वको धज्जी उडाएको छ । प्रेमी उद्धवले विमर्शात्मक संरचनामा स्थापित विभेदकारी ज्ञानको प्रतिरोध गर्न नसकेर भागेपछि सबैबाट एक्लिएकी नारीले सम्पूर्ण उपाय बन्द भएको अनुभूत गरेकी छ । त्यसको प्रतिरोधमा नवजात शिशुलाई समेत त्यागेर आत्महत्याको बाटो रोजेको सन्दर्भलाई कथामा यसरी उल्लेख गरिएको छ :

> उसलाई कुनै अदृश्य व्यक्तिले हात समाएर आपत्को समुद्र पार लगाइदिए जस्तो लाग्यो । अनि सुशीला मुसुक्क हाँसिन् । जुन सुखको हाँसो ७० वर्षका मधुसुदनका प्यारमा हाँसेकी थिइनन्, जवानीको उर्लंदो बाढीमा डुबेका बेला उद्धवको काखमा हाँसेकी थिइनन् । आफ्नो नवजात रहरलाग्दो छोरालाई नदीको तीरमा स्याल हँसाउन, गिद्द अगाउन छोडेर आफू चाहिं छ्याल्याङ्ग फाल हालिन् । मृत्यु देवले टपक्क दुई हातले च्याप्यो (पृ.५०-५१) ।

कथामा उल्लेख गरिएको यस सन्दर्भबाट तत्कालीन सामन्तवादी स्वरूपको लैङ्गिक दमन र शोषणका विरुद्धमा नारीले गरेको प्रतिरोधको अवस्था स्पष्ट भएको छ । पुरुषप्रधान विमर्शात्मक संरचनामा रहेको अनमेल विवाह, भोगवाद र विभेदका विरुद्धमा यो गतिलो प्रतिरोध हो । यति हुँदाहुँदै पनि प्रतिरोधका लागि नारीले बाध्यतावश गरेको आत्महत्याका कारण विजयका दृष्टिले यो प्रतिरोध सफल हुन सकेको छैन । त्यसकारण प्रेमीले पनि गर्भवती तुल्याएर भागेपछि ऊ सामाजिक विभेद, दमन र शोषणको पराकाष्ठामा मृत्युवरण गर्न पुग्छे । यसरी प्रस्तुत कथामा लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्थाले नारीको प्रतिरोधलाई असफल बनाएको हुनाले नारीको जीवन अधीनस्थ अवस्थामा पुगेको उल्लेख गरिएको छ ।

'दोषी को ?' कथामा लैङ्गिक विभेद, दमन र शोषणको अवस्थालाई चित्रण गरी त्यसका विरुद्धमा भएको प्रतिरोधलाई कमजोर अनि बाध्यकारी देखाइएको छ । आफूमाथिको अन्यायका विरुद्धमा यस कथाकी नारी पात्रले प्रतिरोध गरेको भए पनि त्यसलाई लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्थाले विफल तुल्याएको छ । दमनको उक्त अवस्थालाई माइती, घर, समाज, कानुन आदि संरचनाले वैधता प्रदान गरेका छन् । त्यसकारण लैङ्गिक विभेद, दमन र शोषणले पारिवारिक, सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक स्तरमा प्रभावित गरी प्रतिरोधलाई असफल बनाएर नारीको जीवनलाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ ।

लक्ष्मीप्रसाद देवकोटाद्वारा लेखिएको 'मर्स्याङ्दी' कथामा तत्कालीन नेपाली समाजको सामन्तवादी लैङ्गिक विभेद, दमन र शोषणका बिचमा नारीको प्रतिरोधको कमजोर स्वरूप प्रकट भएको छ । यस कथामा नारी पात्रले उक्त अवस्थाका विरुद्धमा पटक पटक प्रतिरोध गरेकी छ । लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्थाका कारण नारीको प्रतिरोध सफल हुन सकेको छैन । मर्स्याङ्दीलाई बाबुले उसको इच्छाविपरीत पण्डितका घरमा बेचेको छ । यसलाई कथामा यसरी उल्लेख गरिएको छ :

> तमसुक तयार भयो । लामाले छाप लायो । लमिनी मर्स्याङ्दी ! मर्स्याङ्दी भनेर रुँदै टाउको हल्लाएर छोरीको मुखको सौन्दर्यले झन्झन् धुँक्किँदै छोरीलाई अँगालो हाली । आमा छोरी रोए । लामाले रुपियाँ सोहोऱ्यो र छालाको थैलामा हालेर मुख बाँधी पेटमा पटुकाले कसेर राख्यो । आमाबाबुले सम्झाई-सम्झाई लेग्रो तानीतानी जङ्गली शब्दहरू माघे झरीका लामा सिम्सिमे सुस्केराझैँ हिउँदे दरिद्रताले भोका छोराछोरीलाई सम्झाएझैँ सम्झाउँदै फर्कंदै, फेरि फर्कंदै बाहिर निस्के (पृ.११२-११३) ।

कथामा उल्लेख गरिएको यस सन्दर्भबाट बाबुले छोरी बेचेर अनि पण्डितले किनेर पशुकै अवस्थामा पुऱ्याई नारीमाथि गरेको चरम अमानवीय व्यवहारलाई प्रस्तुत गरिएको छ । यस प्रकारको शोषणका विरुद्धमा मर्स्याङ्दीले रुँदै यसरी प्रतिरोध गरेकी छे : "मर्स्याङ्दीलाई केही कुरा भित्र चुँडिन लागेजस्तो लाग्यो । बराबर थाप्लो छुन्थ्यो । बराबर दुःखका आँखा निहुराएर अड्दथ्यो । ऊ झन् झन् रुन थाली" (पृ.११२) । एउटी बाल पात्र मर्स्याङ्दीका तर्फबाट यसभन्दा धेरै ठुलो प्रतिरोध सम्भव थिएन । कालान्तरमा पण्डितका घरमा मर्स्याङ्दीको निरन्तर श्रमको शोषण त

भएकै छ । त्यसभन्दा अघि बढेर विवाहको झुटो आश्वासन दिएर पण्डितले मर्स्याङ्दीको यौनको शोषण पनि गरेको छ । त्यस क्रममा उसले गरेको प्रतिरोधलाई यसरी उल्लेख गरिएको छ :

> उसले भन्ठानेकी थिई म पनि घरको दोस्रो मालिक्नी बन्छु । मलाई फकाउन त्यति कुरा गरेको होला, तर अलिकति त कसो नगर्ला र ?
>
> उसले त्यस रातको लडाइँ सम्झी । बाजेलाई बोकेर बज्यैकहाँ लैजान खोजेकी ! उसले रोएको ! उसले पयर परेको ! पाप लाग्छ भनेर छाती देखाएको ! उसले त्यत्तिको बिन्ती सुनेकी थिइन । उसलाई दया लागेको थियो । बलले जित्न सक्थी तर चूप लागिदी जनै छोएर बेइमानी गर्दिनँ भनेको सुन्दा उसको स्त्रीहृदय पग्लिएको थियो (पृ.११९) ।

कथामा प्रस्तुत यस सन्दर्भका माध्यमबाट मर्स्याङ्दीमाथि भएको शोषण र त्यसको प्रतिरोधलाई स्पष्ट पारिएको छ । मर्स्याङ्दीको अबोधपनलाई झुटो आश्वासन तथा प्रलोभन देखाएर पण्डितले यौन शोषणको आधार तयार गरेको छ । त्यसका विरुद्धमा उसले प्रतिरोध गरेकी भए पनि त्यसलाई अभाव र झुटो आश्वासनले विफल बनाएको छ । यहाँ उसको नारीसुलभ हृदय पनि बाधक बनेको छ ।

गर्भवती अवस्थामा मर्स्याङ्दीले आफू धवल सिङसँग बिक्री भएको थाहा पाएपछि त्यसको प्रतिरोधस्वरूप पण्डितकै घरमा फर्कन प्रयास गर्छे । पण्डितको मृत्यु भैसकेको थाहा पाएपछि उसले पुरुष जातिकै गलत कार्यको विरोध गर्दै भनेकी छ : "बेइमान जात ! तँ झुटो जुँगा ! तँ बदमाश ! तँ छाती नभएको" (पृ.१२१) ! मर्स्याङ्दीको यस कथनमा पुरषलाई इमान नभएको, झुट, बदमास र मनमा धर्म नभएको जातका रूपमा उल्लेख गरिएको छ । यो उसको पुरुष जातिप्रतिकै प्रतिरोध हो । त्यसपछि सुत्केरी मर्स्याङ्दीमाथि भएको दमन र शोषण अनि त्यसका विरुद्धमा उसले गरेको प्रतिरोधलाई कथामा यसरी उल्लेख गरिएको छ :

> बिहान दुध पिलाउन नपाउँदै "मर्स्याङ्दी ! खै ढोका पोतेको ?" मर्स्याङ्दीको ढाड भाँचिन लाग्यो । छिँडीको चिसोले खुट्टा सुनिएको थियो । कम्मर खान्थ्यो । बच्चो "चिहाँ, चिहाँ, चिहाँ !" गरेर कराउँथ्यो । त्यसै छिँडीमा लडाएर काममा जान पर्थ्यो । त्यो कराएको सुन्दा सबैसँग बाजूँ बाजूँ जस्तो लाग्थ्यो । मर्स्याङ्दी झर्किन लागी । जब छिँडीमा पुग्थी तब चुँचुँ गर्दै उठाएर म्वाइ खान्थी । अनि दुध पिलाउँथी, फेरि बोलाउँथे । कानमा करकर लाग्थ्यो । बच्चालाई फेरि लडाएर झर्किँदै जान्थी (पृ.१२३) ।

कथामा उल्लेख गरिएको यस सन्दर्भले तत्कालीन समाजमा रहेको नारीमाथिको दमन र शोषण अनि त्यसका विरुद्धमा भएको प्रतिरोधलाई चित्रण गरेको छ । मर्स्याङ्दीले सबै पुरुषबाट भएका अन्यायपूर्ण कार्यको विरोध गरेकी छ । उसले झर्किएर आफूमाथि भएका गलत व्यवहारको प्रतिरोध गरेकी छ । आफू बेचिएकै कारण सन्तानसमेत बाँधा हुने अवस्था आएपछि उसले गरेको प्रतिरोधलाई कथामा यसरी उल्लेख गरिएको छ : "तँलाई त बाँध्यो, बाँध्यो सेते दाइ करमले ! तर

बच्चुलाई फुकाइदेऊ न" (पृ.१२५) । मर्स्याङ्दीको यस कथनमा सन्तानसमेत बाँधा हुने परम्परागत सामन्ती विमर्शात्मक संरचनाको प्रतिरोध भएको छ ।

पितृसत्ताले निर्माण गरेको असन्तुलित शक्तिसम्बन्धका कारण 'मर्स्याङ्दी' कथामा लैङ्गिक विभेद, दमन र शोषणको प्रतिरोध असफल बनेको छ। यस कथामा मर्स्याङ्दीले आफूमाथि भएका अमानवीय कार्यका विरुद्धमा आजीवन प्रतिरोध गरेकी छ । मर्स्याङ्दीले बाल्यकालमा रोएर, युवा अवस्थामा बल प्रयोग गरेर, लोग्ने मान्छेको झुट, बदमासी आदिको विरोध गरेर, सन्तान बाँधा हुने अवस्थाको विरोध गरेर प्रतिरोध गरेकी छ । उसले पारिवारिक, आर्थिक, शारीरिक, मानसिक अनि कानुनी दमन र शोषणलाई भोगेकी छ । जहाँ जहाँ दमन भएको छ, त्यहाँ त्यहाँ उसले प्रतिरोध गरेकी छ । यस प्रकारको विभेद, दमन र शोषणलाई समाजमा स्थापित लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्थाले वैधता प्रदान गरेको हुनाले मर्स्याङ्दीको प्रतिरोध विफल भएको छ । त्यसैले यस कथाकी प्रमुख नारी पात्र मर्स्याङ्दीलाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ ।

कवीन्द्रमान सिंहद्वारा लेखिएको 'त्यो पहाडी कन्या' कथामा स्थापित पितृसत्ताको आडमा निर्मित विमर्शात्मक संरचनाका कारण लैङ्गिक विभेद, दमन र शोषणका विरुद्धको प्रतिरोध असफल भएको छ । आफूमाथिको अन्यायका विरुद्धमा नारी पात्रबाट गरिएको प्रतिरोधलाई समाजसापेक्ष बनाई उल्लेख गरिएको छ । त्यसकारण यस कथामा नारीले गरेको प्रतिरोध कमजोर बनेको छ । भुन्टीको गर्भवती अवस्थाप्रति समाजको दृष्टिकोण एकपक्षीय वा विभेदकारी रहेको छ । नारी आफ्नो मात्र कारणले गर्भवती हुन नसक्ने जैविक यथार्थलाई नजरअन्दाज गर्दै भुन्टीलाई दोषी र प्रमोदलाई निर्दोष अवस्थामा उभ्याउन सिङ्गो समाज सक्रिय रहेको छ। भुन्टीले उक्त अवस्थामा समाजसँग गरेको प्रतिरोधलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> जीवन सहज अब भुन्टीलाई थिएन । दोजिया भुन्टीको अवस्था दिन प्रतिदिन नाजुक हुँदै थियो । बश, डेढ, दुई महिना परको कुरा त थियो । अतः आजदेखि नै छरछिमेकी, नाता कुटुम्बहरू कहाँ गई भुन्टीले कति आफ्नो दिलभित्रको विरह पोखी, आफ्नो लाचारीपना देखाई, आफ्नो निष्कलङ्क शुद्ध आत्मा झल्काई औ दर्शाई, सबैलाई आफ्नो विवशता सुनाई तर भयो यो सब पत्थर हृदय मानवका दिलमा 'भैंसीका अगाडि बेन बजाझैँ र भालुलाई पूराण सुनाएझैँ' र उल्टै गरे उसलाई नै सबैले कुलटा भनी सम्बोधन (पृ.७१-७२) ।

यस कथामा प्रस्तुत माथिको साक्ष्यले नारीले सामाजिक विवशताका बिचमा गरेको प्रतिरोधलाई प्रकट गरेको छ । यहाँ नारीले छरछिमेकी, आफन्तसँग प्रतिरोधकै तहमा मनका दुःख पोखेकी छ । उसले आफ्ना विवशता र स्वच्छताका विषयमा प्रकाश पार्दै प्रतिरोध गरेकी छ । समाजले लैङ्गिक विभेदको अवस्थालाई स्वीकृत गरेकै कारण उसको प्रतिरोध विफल भएको स्पष्ट हुन्छ । बाबुका अभावमा सन्तानको असुरक्षा तथा वैधताको प्रश्न सिर्जना गरी नारीमाथि सामाजिक र मानसिक दमन र शोषण गरिएको छ । त्यसका विरुद्धमा नारीले गरेको प्रतिरोधलाई कथामा यसरी चर्चा गरिएको छ :

> अतः एकदिन सबेरै बिहानै कुखुराको डाकमा भुन्टी आफ्नो छोरोलाई काखमा च्यापी शहरतिर प्रस्थान गरी । समयमै ऊ शहर पुगी । त्यहाँ तल्लीन थिई उही प्रमोदको अन्वेषणमा । कति खोजतलासपछि लाग्यो प्रमोदको पत्ता । अतः उसको सम्मुख रोई, कराई औ आजसम्म हृदयभित्र गाँठो पारी गुटमुटाइ राखेको करुणकहानी बेदना पोखी भुन्टीले, तर भयो यो सब 'कसाईको अगाडि भैँसीको बिलौना' (पृ.७३) ।

माथिको सन्दर्भले भुन्टीका माध्यमबाट नारीमाथि भएको लैङ्गिक दमन र शोषणका विरुद्धको प्रतिरोधलाई प्रस्ट पारेको छ । समाजले नारीको लोग्ने र बच्चाको बाबु खोजेर प्रश्न उठाएपछि त्यसको प्रतिरोध गर्न भुन्टीले सहरको यात्रा गरेकी छ । उसले रोएर, कराएर अनि मनमा भएका अनेकौँ भावना पोखेर पनि प्रतिरोध गरेकी छ । यस प्रकारको दमन र शोषणलाई स्थापित परम्परागत सामन्ती विमर्शात्मक संरचनाले वैधता प्रदान गरेको कारण उसको प्रतिरोध विफल भएको छ ।

'त्यो पहाडी कन्या' कथामा रहेको परम्परागत सामन्ती ढाँचाको विमर्शात्मक संरचनाका कारण नारीमाथिको अन्यायले सहज वातावरणमा विकसित हुने अवसर पाएको छ । त्यसका विरुद्धमा यस कथाकी नारी पात्रले संभव भएसम्मको प्रतिरोध गर्न कुनै कार्य बाँकी राखेकी छैन । स्थापित लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्थाका कारण नारीमाथिको विभेद, दमन र शोषणले वैधता प्राप्त गरेको छ । स्थापित पितृसत्ताको विमर्शात्मक संरचनामा रहेको विभेदकारी शक्तिले गर्भधारण जस्तो जैविक यथार्थलाई समेत एकपक्षीय ढङ्गबाट व्याख्या गरी नारीको प्रतिरोधलाई कमजोर तुल्याइएको छ । त्यसकारण यस कथाकी प्रमुख नारी पात्र भुन्टी मृत्युको कब्जामा पुगेकी छ ।

कोशराज रेग्मीद्वारा लेखिएको 'छोरीको जात' कथामा लैङ्गिक विभेद, दमन र शोषणका विरुद्धको प्रतिरोध कमजोर भएको छ । जीवनभर भएको अन्यायका विरुद्धमा यस कथामा नारी पात्रले प्रतिरोध गरे पनि समाजको परम्परागत चिन्तनका अगाडि त्यो कमजोर भएको छ । समाजमा लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्थाका कारण कतिपय नारी पात्रको चिन्तन पनि पितृसत्तामै विलय भएको छ । यसले पनि नारीका प्रतिरोधी कार्यलाई नै कमजोर बनाएको छ । समाजमा नारीले आफ्ना वेदना सुनाउने र विद्रोहका माध्यमबाट न्याय पाउने कुनै पनि आधारको निर्माण भएको छैन । यस कथामा गर्भावस्थाकी नरीमाथि चरम श्रमशोषण भएको देखी जेठी घर्तिनीले व्यक्त गरेको सहानुभूतिको उत्तर नरीले यसरी दिएकी छ :

> "के गर्नु जेठी दिदी ? मावलीले यस्तै बूढालाई दिइहाले । अब मेरो त जे भने पनि यही बूढो नै हो । यसै घरलाई लिपीपोती मन्दिर बनाउनु छ । बिहे भाको दिनदेखि यही गाग्रामा पानी बोकेर घरको कुटन-पिँधन, आवत-जावत सबै काम टारेकी छु । कहिले-कहिले ढाड कटक्क दुख्छ अनि एक्लै बसेर रुन्छु । मेरा आमाबाबु बाँचेका भए त अवश्य नै मैले यो घरमा पर्नु पर्ने थिएन । तर खोइ, छोरीको जातको के चल्दो रहेछ र ?" नरीले सुँक्क-सुँक्क गर्दै भनी (पृ.३४-३५) ।

नरीका तर्फबाट कथामा व्यक्त भएको यस सन्दर्भका माध्यमबाट तत्कालीन समाजमा नारीले गर्न सक्ने प्रतिरोधको अवस्था प्रस्तुत गरिएको छ । नारी निरुपाय भएको अवस्थाप्रति नरीको असहमति व्यक्त भएको छ । उसलाई बुढो मान्छेसँग विवाह गरिदिने मावलीको गैरजिम्मेवारपूर्ण कामको पनि उसले विरोध गरेकी छ । नारीका लागि घरका सारा कामको बोझले गर्भवती अवस्थामा दिएको पीडाको प्रतिरोध केवल रोएर मात्र गर्न सकिने अवस्था यस सन्दर्भमा उल्लेख गरिएको छ । नरीले परम्परागत सामाजिक चिन्तनका अगाडि नारीले केही गर्न नसक्ने अवस्थाको विरोध गरेकी छ । त्यसकारण यस कथामा नारीका प्रतिरोधी कार्यको अवरोध बनेर लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्था उभिएको स्पष्ट हुन्छ । त्यसपछि नरीले छोरी जन्माएकामा लोग्ने बस्नेत बुढाले गरेको अन्यायको प्रतिरोध नरीले यसरी गरेकी छ :

> बस्नेत बूढो जथाभावी गाली गर्दैथियो । नरीले कान थुनी अनि विस्तारै नानीलाई पखाली । नरीकी छोरी आमाको छातीमा चुप-चुप-चुप गरेर मातृस्नेह पान गरिरहेकी थिई ।
>
> अलि बेरपछि नरीले पँधेरामा गएर जीउ न्वाई अनि तातो पानी तताएर पेटभरि खाई । यसपछि नरीले बलिन्द्र आँसुका धारा नानीमाथि बगाउँदै 'छोरीको जात' माथि लागेको कालो टीको पखाली (पृ.४०) ।

कथामा प्रस्तुत यस सन्दर्भका माध्यमबाट तत्कालीन समाजमा नारीले गरेको कमजोर प्रतिरोधमाथि प्रकाश पारिएको छ । प्रशव कालमै लोग्नेले गाली गर्दा पनि नारीले केवल कान थुनेर प्रतिरोध गर्नुपरेको कारुणिक अवस्था यस कथामा उल्लेख गरिएको छ । काखमा भर्खर जन्मिएको बच्चालाई बोकेर पनि केवल छोरी जन्माएकै कारण लोग्नेका गालीलाई कान थुनेर प्रतिरोध गर्नुपर्ने अवस्था यहाँ उल्लेख गरिएको छ । त्यसपछि नुहाउनका लागि आफै पँधेरो गएर अनि तातो पानी पिएर पेट भरी नरीले प्रतिरोध गरेकी छ । नरीले भर्खर जन्मिएकी छोरीलाई आफ्नै आँसुका धाराले पखालेर छोरीको जातमाथि भएको अन्यायको प्रतिरोध गरेकी छ । यी सबै प्रकारका प्रतिरोधहरू लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्थाका कारण कमजोर हुँदा नारीको जीवन उत्पीडनमा परेको छ ।

'छोरीको जात' कथामा लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्थाले नारीको प्रतिरोधलाई कमजोर बनाएकै कारण दमन र शोषणका कार्यले निर्बाध रूपमा गति प्राप्त गरेको छ । यस प्रकारको कार्यका विरुद्ध कथामा नारी पात्रका तर्फबाट प्रतिरोध पनि भएको छ । कथामा स्थापित पुरुषको प्रभुत्वले केवल छोरी भएकै कारणले नारीलाई बोल्नै नसक्ने वा बोले पनि त्यसको प्रभाव शून्य हुने अवस्थामा पुऱ्याएको छ । ज्ञान, सत्ता, न्याय र उत्पादनका साधनमाथि पूर्ण रूपमा पुरुषको वर्चस्व स्थापित भएको हुनाले नारीका लागि समाजमा सुरक्षित स्थानको निर्माण भएको छैन । यस्तो विभेदकारी अवस्थामा समेत यस कथामा विद्रोही चेतनाले शिर उठाउन सकेको छैन । समग्रमा यस कथामा भएको लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्थाका कारण नारीको प्रतिरोधी क्षमता कमजोर भएकाले नरी अधीनस्थ अवस्थामा पुगेकी छ ।

भीमप्रसाद ढकालद्वारा लेखिएको 'जिम्मावारी कसको ?' कथामो लैङ्गिक दृष्टिले असन्तुलित शक्तिसम्बन्ध रहेको छ । त्यसकारण यस कथामा नारी पात्रमाथि लैङ्गिक विभेद, दमन र शोषण भएको छ । त्यसका विरुद्धमा नारी पात्रले यथासक्दो प्रतिरोध पनि गरेकी छ । पितृसत्तालाई पृष्ठपोषण गर्ने मानकहरू समाजमा स्थापित र क्रियाशील भएकै कारण नारीको प्रतिरोधी कार्य सफल हुन सकेको छैन । यस कथामा गौरीलाई अबोध बालक कालमा अनमेल बालविवाह गरी विभेद, दमन र शोषण भएको छ । अनमेल विवाहका कारण पति वियोगको सङ्घारमा पुगेकी गौरीलाई माइत पुग्नासाथ सबैले ज्वाँइको स्वास्थ्यावस्थाका विषयमा प्रश्नले प्रहार गरेपछि उसले यसरी प्रतिरोध गरेकी छ :

> माइतबाट बराबर समाचार आएकोले तीन दिनको निम्ति तीज मनाउन गौरी माइत गएकी थिई । "ज्वाइँलाई कस्तो छ ? अब त सन्चो हुनुभयो होला ?" इत्यादि प्रश्नमाथि प्रश्न गरे । साँची भन्नु हो भने यी प्रश्नहरू प्रश्न थिएनन् । बरु गौरीको मुटुमा घोच्ने विषालु काँडाहरू थिए । कुरा टुंगिन पाएकै थिएनन् । गौरीको मुटुभित्रबाट भक्कानो छुटेर आयो । आँखाबाट मोतीका दानाजस्ता ताता-ताता आँसुका ढिकाहरू उर्लेर खहरेझैं झर्न थाले । त्यहाँ बस्न नसकेर तलाको एउटा कुनामा घोप्टो परेर मनका पीरहरू आँसुको रूपमा पोख्न थाली । मनमनै सोच्थी- पैंतालीस वर्षको आफ्नो सेतै फुल्न लागेको लोग्ने अनि आफ्नो चढ्दै गरेको उमेर । ऊ मनमा इच्छा र आकांक्षाका लामालामा पुलहरू बनाउने कोशिश गर्थी, तर झट्ट बाजे (लोग्ने) लाई सम्झन्थी । कल्पनाको पुल बीचैमा भाँचिन्थ्यो । पुललाई अड्याउन कति टेका र खाँबाहरू गाड्ने कोशिश गर्थी तर व्यर्थ हुन्थ्यो, कारण जगमा नै धमिराले खाइसकेको थियो (पृ.४३) ।

कथामा उल्लेख गरिएको प्रस्तुत सन्दर्भका माध्यमबाट तत्कालीन समाजमा नारीले गरेको कमजोर प्रतिरोधको अवस्थालाई प्रकट गरिएको छ । माइतीकै कारण नारीले अनमेल विवाहको पीडालाई सहनु परेको छ । त्यसबाट उत्पन्न हुन गैरहेको वैधव्य जीवनको प्रतिरोध नारीले मुटुको भक्कानो फुटाएर गरेकी छ । उसले आँसुका बलिन्द्र धाराका माध्यमबाट प्रतिरोध गर्नुपरेको छ । आफू बसेको ठाउँबाट सरेर कुनामा पुगी मनका पीरलाई आँसुले पखालेर प्रतिरोध गरेकी छ । तैपनि लोग्नेलाई बचाउने उसका सारा प्रयासहरू विफल भएका छन् । गौरीका यी सारा प्रतिरोधहरूलाई विफल बनाउन समाजमा स्थापित परम्परागत रूढिग्रस्त ज्ञान निर्णायक बनेको छ । यसरी समाजमा स्थापित सामन्ती स्वरूपको विमर्शात्मक संरचना नै एकपक्षीय वा लैङ्गिक रूपमा विभेदकारी छ । त्यसपछि गौरीमाथि भएका सामाजिक दमन र शोषणका विरुद्धमा लेखकले गरेको प्रतिरोध कथामा यसरी उल्लेख गरिएको छ : "समाजले उसको जीवन भारस्वरूप सम्झन्छ । परिवारका सदस्य उसलाई लोग्ने-टोकुवी भन्छन् । 'कालले मर्छ जिब्रालाई दोष' यसमा विचरी गौरीको के दोष ! उसको यो चढ्दो उमेरमा डढेलो लाएबापत को जिम्मा ? चापागाईं बाजे ?, नेपाल ?, समाज कि ? को को" (पृ.४४) ? लेखकले यस उद्धरणका माध्यमबाट अत्यन्त शक्तिशाली प्रतिरोध गरेका छन् । विधवा अवस्थालाई आधार मानी नारीमाथि गरिने दमन र

शोषण जिम्मेवारी कसको हो भनी लेखकले प्रश्नात्मक प्रतिरोध गरेका छन् । त्यसका लागि उनले माइती, घर, समाज र अन्य कोको हुन् भनी सिङ्गो विमर्शात्मक संरचनाकै प्रतिरोध गरेका छन् ।

'जिम्मावारी कसको ?' कथामा नारी र लेखकले गरेको प्रतिरोधले लैङ्गिक विभेद, दमन र शोषणको परम्परावादी सामन्ती स्वरूपमाथि विजय पाउन सकेको छैन । त्यसकारण यस कथामा नारी पात्रमाथि उक्त स्वरूपकै दमन र शोषण भएको छ । नारी पात्रले पनि आफ्नो शक्तिले भ्याएसम्मको सक्दो प्रतिरोध गरेकी छ । समाजको स्थानीय र केन्द्रीय सत्ता पुरुषको हातमा भएकै कारण नारी विभेदमा पर्नुपरेको छ । त्यसले समाजमा पितृसत्ताका जगमा विभेदकारी ज्ञानलाई सांस्कृतिक स्वरूपमा स्थापित गरेको हुनाले नारीको प्रतिरोध कमजोर भएको छ । त्यसलाई समाजमा स्थापित लैङ्गिक शक्तिसम्बन्धको असन्तुलित अवस्थाले वैधता प्रदान गरेको हुनाले नारीको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

दलभञ्जन कार्कीद्वारा लेखिएको 'कैली' कथामा प्रमुख नारी पात्र कैलीले समाजसापेक्षित रूपमा गरेको प्रतिरोध स्थापित पितृसत्ताका कारण सफल हुन सकेको छैन । परम्परागत विमर्शात्मक संरचनामा भएको असन्तुलित ढाँचाको लैङ्गिक शक्तिसम्बन्धले सामाजिक विभेदलाई प्रश्रय दिएकै कारण कैलीको प्रतिरोध कमजोर भएको छ । नारी भएकै कारण सामाजिक, आर्थिक रूपमा पनि शोषित हुनुपरेको अवस्थाका विरुद्धमा कैलीले गरेको प्रतिरोधलाई कथामा यसरी उल्लेख गरिएको छः

> भुवनका साथ लागी कैली गएर फुचेका पिँढीमा बसी, उसलाई देखेर फुचेले भन्यो- "कति संचार पठाएँ, कति जनालाई लिन पठाएँ, तर पनि आइनस् । यस्तो हेपिस् भने निको चाला हुने छैन । लग्ने बेलामा सबै आफ्ना हुन्छन्, तिर्ने बेलामा शत्रु कमाउनु पर्छ । साउनको अनिकालमा लगेको पाँच पाथी कोदो अहिलेसम्म तिर्ने यादब्याद केही छैन । अब तीन दिनभित्रमा नबुझाए यस गाउँमा टिक्ने बाटो मेटिने छ ।" यो कुरा सुन्दा कैलीले के के सम्झिई पिंडीको भूईं कोट्याएर टोलाई रही (पृ.३१) ।

कथामा प्रस्तुत यस सन्दर्भका माध्यमबाट सामन्तवादी ढाँचाको सामाजिक शक्तिसम्बन्धभित्र नारीको कमजोर अवस्थालाई प्रकट गरिएको छ । यसले सामन्तको आदेशको अवज्ञा जघन्य अपराधका रूपमा सावित हुनसक्ने उक्त समाजमा स्थापित ज्ञानलाई सङ्केत गरेको छ । त्यस्तो अवस्थामा कैलीले मौन रहेर प्रतिरोध गरेकी छ । समाजमा स्थापित सामन्ती स्वरूपको लैङ्गिक दमन र शोषणको चरम अवस्थाका कारण कैली जमिन कोट्याएर प्रतिरोध गर्न विवश भएकी छ । सामन्तको आदेश सुन्नु र त्यसका विरुद्धमा मनमा मात्र कुरा खेलाउन पाउनु यस अवस्थामा कैलीको नियति बनेको हुनाले उसले मौनताकासाथ प्रतिरोध जनाएकी छ । त्यसैगरी उसको प्रेमी गोरेलाई गाउँका मानिसले छोरी दिन चाहेको सुन्दा, बाबु बाङ्गेले गोरेसँग विवाह गरिदिन चाहेको सुन्दा र खेतालाले गोरेलाई विवाहका सम्बन्धमा जिस्क्याउँदा पनि कैलीले मौन रूपमै बसेर प्रतिरोध गरेकी छ । विवाहका सम्बन्धमा वा मनका इच्छा, चाहनाका सम्बन्धमा नारीलाई खुलेर आफ्ना कुरा राख्न नदिने परम्परागत चिन्तनको सामाजिक वर्चस्वका कारण कैली मौन प्रतिरोध

गर्न विवश भएकी छ । गोरेको विवाह अन्तै हुन लागेको सुन्दा अत्यन्त पीडित भएर पनि कैलीले त्यसको खुलेर प्रतिरोध गर्न नसकेपछि अरू नै बाहाना बनाउँछे । उसको यस्तो अवस्थालाई कथामा यसरी उल्लेख गरिएको छ :

> सबै गाउँलेहरू फुचे साहुको मकै गोड्न ठुलो पाटोमा मेलो पँट्याई हाँसखेलका साथ काम गरिरहेका हुन्थे, कैली चाहिं कसैसँग नबोली मेलो सारिरहेकी । कुरा गर्दा गर्दै एककान दुईकान मैदान, गोरेले साने मिजारकी छोरीसँग बिहा गर्छ रे । आज केटी हेर्न गएको छ, अब चाँडै नै रत्यौली नाच्न पाउने भयौं भनेर सबै खेताल हलल हाँस्न थाले । कैली भने खेताले हाँसो सुनेर ठिङ्ग उभिरहने । उसको मेलो नसरेको देखेर खेतालाले भने "आज किन जाँगर मारेकी ?" उसले जवाफ दिई "बिहानदेखि सन्चो छैन पखाला लागिरहेको छ । त्यसैले मेरा हातगोडा कामेर आयो" (पृ.३२-३३) ।

कथामा प्रस्तुत गरिएको यस सन्दर्भका माध्यमबाट तत्कालीन समाजमा विद्यमान नारीको प्रतिरोध क्षमताको कमजोर अवस्थालाई व्यक्त गरिएको छ । नारीले मनका दुखद भावनालाई मनमै गुम्स्याएर राख्नु पर्ने र त्यसबाट भएको पीडालाई अन्यत्रै लैजानुपर्ने वाध्यात्मक अवस्थालाई देखाइएको छ । यहाँ गोरेको विवाहको कुराले कैलीलाई कामै गर्न नसक्ने अवस्थामा पुऱ्याएको भए पनि उसले मौन रहेर, ठिङ्ग उभिएर र पखाला लागेको बताएर प्रतिरोध गरेकी छे । उसलाई तत्कालीन समाजमा स्थापित सामन्ती ढाँचाको विमर्शात्मक संरचनाका कारण आफ्ना पीडाजन्य भावना पोख्ने अवसर प्राप्त भएको छैन । त्यसकारण यहाँ कैलीको प्रतिरोध कमजोर भएको छ । त्यसले कैलीलाई चरम उत्पीडनमा पारेकै कारण उसले प्रतिरोध स्वरूप घर छोडेर पलायन हुनुपरेको सन्दर्भलाई कथामा निम्नानुसार प्रस्तुत गरिएको छ :

> "तेरो केटाकेटी देख्ने भन्ने कुरा परै रहोस् । अलि चाँडै लगन निकाली पठाउन पाए तेरो आश रमाएर आउन पाउने थियो ।" बांगेका यी कुरा सुन्दा कैली बसेको थलोबाट जुरुक्क उठी र करेसापट्टि लागी, बांगे चाहिँ दङ्ग परेर हाँस्न लाग्यो ।
>
> धेरैबेर बितिसक्ता पनि कैली करेसातिरबाट फर्केर आइन अनि बांगे आफै उठेर हेर्न गयो तर कतै पनि कैलीलाई देखेन । बांगे बस्ता बस्ता साँझ परिसक्यो, कैली भने घरमा आइन । ढोका औंग्ल्याएर झ्यालमा बसी यताउति हेर्छ, कैलीलाई बोलाउँछ, कैलीको कुनै खबर पाउँदैन (पृ.३४) ।

कथामा उल्लेख गरिएको यस सन्दर्भमा तत्कालीन समाजभित्र रहेको नारीको कमजोर प्रतिरोधी क्षमतालाई कैलीका माध्यमबाट अभिव्यक्त गरिएको छ । बाबुले अबोध ढङ्गले गोरेसँगको विवाहको कुरा उठाउँदा त्यसको सम्भावना समाप्त भएको विषय उसले बुझेर पनि सुझाउन सक्दिन । कैली आफ्नो प्रेमी निराधार हल्लामा फसेको थाहा पाउँछे तर उसलाई त्यो बुझाउन सक्दिन । ऊ आफू वियोगको पीडामा रन्थनिन पुग्छे तर त्यसलाई सबैका अगाडि राखेर समस्याबाट मुक्त हुन सक्दिन । त्यसैको परिणाममा ऊ घरै छोडेर पलायन भई प्रतिरोध गर्न पुग्छे । नारीलाई बोल्नै

नदिने विभेदकारी सामाजिका संरचनाको असन्तुलित ढाँचाको लैङ्गिक शक्तिसम्बन्धले उसको प्रतिरोध कमजोर भएको छ । यसबाट कैलीको जीवन समस्याग्रस्त अवस्थामा पुगेको छ ।

'कैली' कथामा नारीका प्रतिरोधी विचारलाई कमजोर अवस्थामा राखेर देखाइएको छ । यस्तो अवस्थाले असन्तुलित ढाँचाको लैङ्गिक शक्तिसम्बन्धको निर्माण गरेर सामाजिक, सांस्कृतिक र मनोवैज्ञानिक क्षेत्रमा पुरुषको एकलौटी प्रभुत्व सिर्जना गरेको छ । त्यसकारण नारीमाथि चरम विभेद, दमन र शोषण भएको छ । यस्तो कार्यको यथासक्दो प्रतिरोध नारीका तर्फबाट भएको भए पनि परम्परागत चिन्तनका कारण त्यो कमजोर भएको छ । शत्रुतापूर्ण लैङ्गिक सम्बन्ध र एकपक्षीय पितृसत्ताका कारण सामाजिक जीवनका सम्पूर्ण क्षेत्र पुरुषको मात्र पहुँच स्थापित भएको छ । त्यसैले असन्तुलित ढाँचाको लैङ्गिक शक्तिसम्बन्धका कारण नारीको प्रतिरोध असफल हुँदा कैलीको जीवन समस्याग्रस्त अवस्थामा पुगेको छ ।

कथाकार रमेश विकलद्वारा लेखिएको 'दुई रुपियाँ नोट' कथामा पुँजीवादी स्वरूपको लैङ्गिक विभेद, दमन र शोषणका कारण नारीको प्रतिरोधलाई कमजोर अवस्थामा प्रस्तुत गरिएको छ । उक्त अवस्थाका विरुद्धमा नारी पात्रले समाजसापेक्ष रूपमा प्रतिरोध गरेको भए पनि स्थापित असन्तुलित ढाँचाको लैङ्गिक शक्तिसम्बन्धका कारण त्यो सफल हुन सकेको छैन । यस कथामा पार्वतीले आफ्नै लोग्ने, सहरिया आवारा केटाहरू अनि भरिया नाइकेबाट भएका प्रशस्त दमन र शोषण सहनुपरेको छ । त्यसलाई समाजमा स्थापित सामन्ती विमर्शात्मक संरचनाले वैधता प्रदान गरेकै कारण पार्वतीको प्रतिरोध सफल हुन सकेको छैन । पार्वतीलाई वासनात्मक भोगको साधनका रूपमा उपयोग गर्न प्रयास गर्ने टोलका आवाराहरूको आक्रमणलाई पार्वतीले गरेको प्रतिरोध कथामा यसरी उल्लेख गरिएको छ :

> पार्वती बोल्दै नबोल्ने अथवा आजको प्रगतिशील र पढेलेखेका स्वास्नीमानिसजस्तो कसैले बोल्न आयो भने चप्पल फुकालेर दौडने गर्दिनथी । ऊ जस्तालाई तस्तो जवाफ दिएर, सबैसँग एकनास व्यवहार राख्थी; हाँस्थी पनि, बोल्थी पनि, तर किन हो पार्वतीको ज्यादै नजिक आएपछि ती आवाराहरूको कामुकता जड हुन्थ्यो र उनीहरू आफ्ना वास्तविक भावना प्रकट गर्ने साहस नै गर्न सक्तैनथे (पृ.६३) ।

कथामा प्रस्तुत यस सन्दर्भका माध्यमबाट तत्कालीन समाजमा पुरुषका भोगवादी आक्रमणप्रति नारीले गरेको सार्थक प्रतिरोधलाई देखाइएको छ । पार्वतीले यस सन्दर्भमा आफूलाई भोगका आँखाले हेर्न चाहने सबै पुरुषको सफल प्रतिरोध गरेकी छ । जब उसको आफ्नै लोग्ने उसलाई भोगको साधनका रूपमा उपयोग गर्न प्रयास थाल्छ, त्यसपछि भने उसको प्रतिरोध विस्तारै कमजोर बन्दै जान्छ । लोग्नेले टोलभरिका आवारारूलाई घरमा ल्याएर पार्वती सुम्पने प्रयास गरेको विरोधमा पार्वतीले गरेको प्रतिरोध कथामा यसरी उल्लेख गरिएको छ :

> ज्यापतको साथसाथै कुत्सित चेष्टा, उच्छृङ्खल ठट्टा र हाँसोको दुर्गन्धी नालामा त्यो सानो वर्गाकार छिँडी सराबर भएर मुछिन्थ्यो अनि त्यसैले दुर्गन्धले पार्वतीको प्राण घटेसी

लागभैँ हुन्थ्यो । ती आवारा कीराहरू बाहिर नगएसम्म ऊ अपमान, लाज, क्रोध र घृणाले निस्सासिएर त्यहीँ एउटा कुनामा दुई बच्चालाई खोकिलामा च्यापेर दुम्किरहन्थी । उनीहरू गएपछि मात्र उसको छातीभित्र गुँडुल्केर बसेको एक पोको सास एकै पटक नाक, आँखा र मुखबाट ठेलमठेल गर्दै निस्कन्थ्यो (पृ.६५) ।

कथामा उल्लेख भएको यस सन्दर्भमा टोलका आवारालाई भोगका रूपमा पार्वती सुम्पने प्रयास उसको लोग्नेबाटै भएको हुनाले पार्वतीको प्रतिरोध पहिलाको भन्दा कमजोर भएको छ । उसले अपमान, लाज, क्रोध र घृणालाई आफैभित्र दबाएर प्रतिरोध गरेकी छ । कसैसँग बोल्न नडराउने र जस्तालाई त्यस्तै जवाफ दिएर प्रतिरोध गर्ने पार्वतीको सामर्थ्य लोग्नेका अगाडि कमजोर भएको छ । त्यसै कारण ऊ दुई जना बच्चालाई खोकिलामा च्यापेर मौन प्रतिरोध गर्न विवश भएकी छ । लोग्नेले मातेका अवस्थामा पार्वतीको चरित्रमाथि शङ्का गरी प्रश्न उठाउँदा पार्वतीले यसरी प्रतिरोध गरेकी छ : “हरे राम राम ! कस्ता असत्ती तिमी; जिब्रो खस्ला कोरले गलेर” (पृ.६५) । पार्वतीको यो प्रतिरोध परम्परागत विमर्शमा भएको सामन्ती चिन्तनबाट प्रभावित भएको छ । त्यसकारण यो प्रतिरोध वीरेको व्यवहार सच्याउनका लागि मार्गदर्शक बन्न सक्दैन । वीरेको निरन्तरको दबाब, बलको प्रयोग र सहमतीय दबाबका कारण पार्वतीको प्रतिरोध निरन्तर कमजोर बन्दै गएको छ । त्यसका विरुद्धमा पार्वतीले एक पटक भरिया नाइके आउँदा त्यसलाई प्रतिरोध गरी फर्काएकी छ तर उही प्रयास पटक पटक हुँदा उसको प्रतिरोध क्षमता कमजोर हुँदै गएकाले ऊ असफल भएकी छ। कथामा यो सन्दर्भलाई यसरी उल्लेख गरिएको छ :

अब नाइके आएर निशङ्कोच वीरेको फ्याङ्लोमा बस्न थाल्यो, बसेर ठट्टा पनि गर्न थाल्यो । उसको यो बढ्दो साहस देखेर कहिलेकाहीँ पार्वतीको शिथिल विद्रोह, मरेको घृणा घोर रूपमा उर्लन खोज्थ्यो त्यै नजिकैको सिलौटोले खप्परमा बजाएर सधैँका लागि यसबाट छुट्ने हिंसात्मक प्रवृत्तिले जोड गर्थ्यो । तर तत्कालै नजिकै सुतेका कलिला मुनाहरूको भोकले निचोरेको सेप्रो अनुहारमा उसका आँखा पुग्दथे; भोक, बेकारी र विवशताले बहुलाएको वीरेको कठोर र बेकम्मा शरीर र उसको निर्जीव सुस्केराको अनुभव उसलाई हुन्थ्यो । ऊ आफ्नो क्रोध र विद्रोहको विवश आँसु त्यसै घुट्क्याउँथी (पृ.७१) ।

कथामा प्रस्तुत गरिएको यस सन्दर्भका माध्यमबाट नारीको विद्रोहको अत्यन्त कमजोर अवस्थालाई प्रस्तुत गरिएको छ । पुँजीवादी विमर्शात्मक संरचनाका अगाडि पार्वतीका विवशताले उसको प्रतिरोधलाई समाप्तप्रायः अवस्थामा पुऱ्याएको छ । उसको विद्रोह शिथिल छ र हिंसात्मक प्रतिरोधी चेतना बच्चाहरूका अनुहारमा झल्किने भोकका कारण आँसुमा परिणत भएको छ । त्यसकारण लोग्नेलगायतको पुरुष समाजले उसलाई भोगको साधन बनाउन गरेको प्रयास रोक्न ऊ असफल भएकी छ ।

‘दुई रुपियाँ नोट’ कथामा चित्रित सहरिया समाजको लैङ्गिक विभेद, दमन र शोषणले नारीको सबल प्रतिरोधलाई विस्तारै कमजोर बनाउँदै समाप्तप्रायः अवस्थामा पुऱ्याएको छ । यस कथामा पारिवारिक, सामाजिक र आर्थिक क्षेत्रबाट एक्ल्याएर नारीको शक्तिलाई कमजोर बनाई

विभेद, दमन र शोषण गरिएको छ । यस प्रकारको विभेद, दमन र शोषणका विरुद्धमा यस कथाकी नारी पात्रले प्रारम्भदेखि अन्त्यसम्म नै सक्दो प्रतिरोध गरेकी छ । उसमाथि पुरुषको एकोहोरो दमनले निरन्तरता पाएको छ । त्यसका लागि असन्तुलित ढाँचाको लैङ्गिक शक्तिसम्बन्धका माध्यमबाट वैधता प्रदान गरिएको छ । त्यसकारण यस कथामा नारीको प्रतिरोध निरन्तर प्रयासरत रहे पनि सफल हुन सकेको छैन । त्यसैले यस कथाकी प्रमुख नारी पात्र पार्वतीको जीवनलाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ ।

कृष्णप्रसाद सर्वहाराको 'दरबारकी केटी' कथामा नारीको प्रतिरोधी शक्तिलाई स्थापित सामन्तवादी विमर्शात्मक संरचनाभित्र भएको पितृसत्ताले पराजित गरेको छ । त्यसका विरुद्धमा यस कथाका नारी पात्रले यथासम्भव प्रतिरोध गरेको भए पनि असन्तुलित ढाँचाको लैङ्गिक शक्तिसम्बन्धका अगाडि त्यो पराजित भएको छ । धनसम्पत्ति, न्याय र सबैको जीवनको समेत अधिकार दरबारमै केन्द्रित भएको हुनाले नारीको प्रतिरोधले कुनै सार्थक परिणाम निकाल्न सकेको छैन । प्रमिलाले विधवा नारी भएकै कारण भोग्नुपरेका पीडाको प्रतिरोध यसरी गरेकी छ :

> समाजको दोषपूर्ण व्यवस्थाले गर्दा उनको जीवनको दियालो उति सल्किन सकेन; उनी सहाराहीन भइन् । त्यहाँदेखि सबैबाट उनको जिन्दगी दोब्बर घृणाको आँखाले हेरिनथाल्यो । हृदयमा प्रतिकारका अनेकौं भावना विद्रोह गर्न जुर्मुराउँथे तर, समाजका निर्विवेकी डरलाग्दा दाह्रा देख्नासाथ उनको हृदय डरले निसासिएर रुन कराउन थाल्थ्यो, सके कुनै सबलाको धाप नपाएर होला (पृ.२) ।

कथामा प्रस्तुत यस सन्दर्भका माध्यमबाट तत्कालीन समाजमा रहेको नारीको कमजोर प्रतिरोधी सामर्थ्यलाई प्रकाश पारिएको छ । विधवा नारीले घृणा र अपमान सहेर बस्नु पर्ने तर त्यसका विरुद्धमा प्रतिरोध गर्दा केवल रुन र कराउन मात्र पाउने अवस्थालाई यहाँ उल्लेख गरिएको छ । आफ्नो गर्भबाट जन्मिएको बच्चालाई दरबारियाहरूले दिने मृत्युबाट जोगाउन नारीले गरेको प्रतिरोधको अत्यन्त कारुणिक अवस्थालाई यसरी उल्लेख गरिएको छ : "सरकार मलाई दान बक्स्योस् प्रभु, मेरो मुटुको टुक्रालाई नफालिबक्सियोस्, सधैं म सरकारको पाउको धुलो भएर बस्नेछु" (पृ.५) । नारीको शरीर भोगको परिणाम स्वरूप जन्मिएको सन्तानलाई जिउँदै मार्न खेज्दा नारीले गरेको प्रतिरोधको यस प्रकारको अत्यन्त दारुण अवस्थासमेत विफल भएको छ । त्यसपछि आफ्नो सन्तानलाई जिउँदै बगरमा लगेर गाडेको अवस्थामा नारीले गरेको प्रतिरोधलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> असत्तीहरूले कसरी मेरो प्राण निचोरेर लगे । मेरो जवानी लुटे-मेरो वैधव्यमाथि हमला गरे । दरबारिया लाठेहरूले मेरो जिन्दगीको एउटा प्रकाशमान किरण पनि रहन दिएनन् । मेरो आफ्नो रगतको अभिषेकले हुर्केको मेरो हृदयको हाँगालाई कठै त्यस अधर्मी बैठकेले खोलाको कुन उदङ्ग निर्जन बगरको खोकिलामा घुसार्यो होला, उसले बकस पायो, मेरो सर्वस्व लुटियो । उफ ! त्यस विशाल पर्खालले घेरिएको दर्बारभित्र अवलाको यो रुवाबासी कसलाई ज्ञात होला (पृ.६) !

माथिको सन्दर्भबाट नारीको प्रतिरोध केवल रोदनमा मात्र सीमित रहेको अवस्थालाई प्रस्ट पारिएको छ । नारीले विधवा अवस्थामा पीडा भोग्नुपर्ने, जवानी लुटाएर पीडा भोग्नुपर्ने अनि सन्तानको वियोगको पीडा सहनुपर्ने तर त्यसका विरुद्धको प्रतिरोध केवल आँसुले पखाल्नुपर्ने ज्यादै कमजोर अवस्था यस कथामा चित्रित भएको छ । त्यसपछि पुरुष प्रभुत्वको एक पक्षीय विमर्शात्मक संरचनाको विरोधमा नारीले गरेको प्रतिरोधलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> मान्छेलाई के अलिकति बोल्ने ठाउँ मात्र भेट्टाउनु पर्छ । लोग्नेमान्छे सुरुवाल लगाउनेलाई त के हुन्छ र जे भनिदिए पनि भएकै छ; तर म त बजारकी कुकुर्नीभन्दा पनि चार लिस्नो ओर्लिने छु । हामी जस्ता गरीब गुरुवाको यस दुनियामा इज्जतको रक्षा गरिदिने छ नै को र ? पैसा खर्च गर्न सक्तैनौं-एक बटुको भातको निम्ति ढोका ढोका चाहारी हिँड्नेको इज्जत नै कसले मानिदिन्छ र ? निर्विवेकी समाजको भाइमारा व्यवहारको भयले, आफ्नो पुर्ख्यौली नाम राख्ने निहुँले एउटा अनपढ निर्धनको घिच्रोमा मलाई बाँधीदिएर अवस्था सुधार्न मोरङ पस्नुभएका बा औले बृक्षको कुन छहारीमनि जिब्रो कटक्क टोकी खुट्टा तनक्क तन्काउनुभयो (पृ.१३) ।

कथामा प्रस्तुत यस सन्दर्भका माध्यमबाट तत्कालीन समाजमा रहेको दमनकारी व्यवस्थाअगाडि कमजोर बनेको नारीको प्रतिरोधी अवस्थामाथि प्रकाश पारिएको छ । नारीले जनावरको भन्दा तल्लो स्तरको जीवन भोग्नुपर्ने अवस्थाप्रति यस कथाकी नारीले विरोध जनाएकी छ । गरिब नारीको इज्जत नरहने विमर्शात्मक संरचनाप्रति उसले असहमति जनाएकी छ । समाजको भाइमारा व्यवहारका कारण पनि बाबुले छोरीको जीवन पन्छाउनु पर्ने बाध्यताको उसले प्रतिरोध गरेकी छ । समाजमा स्थापित असन्तुलित ढाँचाको लैङ्गिक शक्तिसम्बन्धका कारण नारीका यी सबै प्रतिरोधहरू विफल भएका छन् । त्यसकारण यस कथाकी नारी पात्र उत्पीडनमा परेकी छ ।

'दरबारकी केटी' कथाको समाजमा स्थापित पितृसत्ताका कारण नारीको प्रतिरोध विफल भएको छ । त्यसका विरुद्धमा यस कथाका नारी पात्रले समाज सापेक्षित रूपमा प्रतिरोध गरेका छन् । समाजमा स्थापित असन्तुलित ढाँचाको लैङ्गिक शक्तिसम्बन्धका कारण नारीको प्रतिरोध निर्णायक तहसम्म पुग्न सकेको छैन । सामाजिक प्रभुत्व, न्याय, उत्पादनका साधन र अन्य सबैजसो क्षेत्रमा पुरुषकै मात्र वर्चस्व रहेको हुनाले नारीको प्रतिरोध कमजोर बनेको छ । समाजमा नारीका प्रतिरोधी विचारलाई सम्मान गर्नका लागि कुनै भरपर्दो स्थानको निर्माण भएको छैन । यस ढङ्गबाट निर्माण भएको सन्तुलित ढाँचाको लैङ्गिक शक्तिसम्बन्धले गर्दा नारीको प्रतिरोध असफल भएर जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

## ६.५ यथार्थवादी नेपाली कथामा जातीय प्रतिरोध

गुरुप्रसाद मैनालीद्वारा लेखिएको 'पापको परिणाम' कथामा परम्परागत वर्णव्यवस्थाले निर्धारण गरेअनुसारको विभेदकारी जातीय व्यवस्था र त्यसका विरुद्धको प्रतिरोध रहेको छ ।

घर्तीहरू निम्नजातका छन् भने पाध्ये परिवार उच्चजातको रहेको छ । यस कथामा परम्परागत असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धका कारण उच्चजातले निम्नजातमाथि दमन र शोषण गरेको छ । कथाको प्रारम्भदेखि अन्त्यसम्म नै निम्नजातले आफूमाथि भएको अन्यायको निरन्तर प्रतिरोध गरे पनि त्यो सफल हुन सकेको छैन । घर्तीहरूका झुप्रामा पुगी गाउँको निकास र सन्धिसर्पनका नाममा कान्तुले शोषण गरी उनीहरूलाई बस्नु कि भाग्नुको अवस्थामा पुऱ्याएको छ । त्यस्तो अवस्थाको प्रतिरोध घर्तीहरूले कथाको सुरुदेखि नै गरेका छन् :

> धनेले भन्यो- "दाइ, मालिक भनाउँदो गाउँको छेउछाउमा बस्न पाउँदैनौ, अन्त सर्ने भए सर होइन भने झुप्रा लडाइदिन्छु भन्न लागिरहेछ । एउटा न एउटा निहुँ खोजेर झगडा गर्छ । देश काटेर जाऊँ भने कहाँ जाऊँ, बसूँ भने बस्न नदिने भो, के गर्ने ? एउटा अठोट नगरी भएन ।"
>
> धनेका कुरा सुनेर जुठेलाई कान्तुमाथि साह्रै रिस उठ्यो । तमाखुको सर्को तान्दै भन्यो- "हामीले के नगर्ने गरेका छौँ र देश काटेर जाने कान्छा ? यत्रो गाउँ अटेका ठाउँमा हामी पाँच घर घर्ती अट्दैनौँ र ? सर्नै पर्ने हो भने त्यै बेसीको सिमलचउरमा सर्नुपर्छ" (पृ.२६) ।

कथामा प्रस्तुत यस सन्दर्भका माध्यमबाट घर्तीहरूले गरेको प्रारम्भिक प्रतिरोधलाई देखाइएको छ । पुस्त्यौनी रूपमा बस्दै आएका घर्तीहरूको थातथलोमाथि उच्चजातको कान्तुले प्रभुत्व विस्तार गर्दै गएको छ । त्यसैले कान्तुका विरोधमा घर्तीहरू एकत्रित हुँदै गरेको अवस्था छ । कान्तुले आफ्नो छोरालाई राख्ने भनी योजना बनाएको वनक्षेत्रको जग्गा सिमलचउरमै सर्ने सोच बनाएर घर्तीहरूले बलियो प्रतिरोध गरेका छन् । गाउँमा बस्नै नसक्ने अवस्था भएकाले उनीहरूले रातभरमै सिमलचउर फाँडेर टहरा हालेपछि कान्तुले गरेको दमन र घर्तीहरूले गरेको प्रतिरोधको अवस्था निम्नानुसारको रहेको छ :

> कान्ते उडेर सिमलचउर पुग्यो । ऊ साक्षात् दुर्वासा भैरहेको थियो । पाखुरा सुर्किंदै भन्यो- "बजिया हो ! तिमीहरूलाई मनपर्दो भो ?"
>
> जुठेले अलि मन्टो निहुऱ्याएर भन्यो- "केही मनपर्दो गरेका छैनौं बाजे ! हामी गरिब पो कहाँ जाऔँ ? यो उमेरसम्म जुठोपूरो खाएर तपाईंहरूकै टहलचाकरी गरेर बस्यौं, यहीं जन्म्यौं, यहीं हुर्क्यौं, यही रानीवनमा डुलेर यो उमेर भो । गाँस-बास चराचुरुङ्गीलाई पनि चाहिने रहेछ । मागेका हौं, दिनुभएन, के गरौं ? मर्न हुँदो रहेनछ । मुठीका माखा हौं; थिचे मर्छौं, छोडिदिए बाँच्छौँ" (पृ.२९) ।

कथामा प्रस्तुत गरिएको यस सन्दर्भमा कान्तुले गरेको जातीय दमनको प्रतिरोध जुठे घर्तीले सशक्त रूपमा गरेको छ । उसले मानिसलाई बाँच्नका लागि चाहिने गाँस र बासमाथि भएको अन्यायको विरोध गर्दै पुर्ख्यौली थलोप्रतिको अधिकार पनि खोजेको छ । बाँच्नका लागि गरिखान र माग्न नपाएपछि साझा धरती रानीवनमा बस्न पुगेको कुराका माध्यमबाट उच्चजातीय दमनको प्रतिरोध गरेको जनाएको छ । जुठेको यो प्रतिरोध बाँच्नका लागि मात्र छ । उसले

आफूलाई मुठीको माखा स्वीकार्दै उच्चजातकै शरणलाई बानीकै रूपमा ग्रहण गरेको छ । त्यसपछि कान्तुले घर्तीहरूलाई जेलमा सढाइदिने धम्की दिँदा त्यसको प्रतिरोधमा धने घर्तीले भनेका कुरालाई कथामा यसरी लेखिएको छ :

> झेलखानामा कुहाउने कुरा सुन्दा धने भुतुक्क भो; अघि सरेर भन्यो- "के उपद्रो गरेका छौं र झेलखानामा कुहुने ? अनेक थरीका कीर्ते तमसुक बनाएर गाउँलेका घरखेत उडाएका छैनौं, निर्धा, निमुखालाई नानावलीका झुटो मुद्दा लगाएर उनका किलाका दुहुना भैंसी र खसीबोका धपाएर ल्याएका पनि छैनौं, रानी वनका रोजारोजा रूख बेचेर पोको पारेका पनि छैनौं । कुन जुगदेखिको नाङ्गो चउरमा बयर र तीतेपातीका घारी पन्छाएर बास बसेका छौं (पृ.२९) ।

धनेको यस भनाइमा कान्तुले गरेका दमन र शोषणको विवरण नै उल्लेख गरी त्यसको प्रतिरोध गरिएको छ । यस सन्दर्भमा किर्ते तमसुक बनाएर शोषण गरेको, गाउँलेको घरखेत लुटेको, झुटो मुद्दामा फसाएको, चौपाया हडप्न षड्यन्त्र गरेको, वनका राम्रा राम्रा रूख काटेको आदि कान्तुले गरेका गलत कार्यको प्रतिरोध धनेले गरेको छ । त्यसपछि कान्तुले माझीका टहरा ढाल्न खोजेपछि धनेले भौतिक रूपमै आक्रमण गर्ने आक्रोश व्यक्त गर्दै भनेको छ :

> धनेले मुठीभरिको घोचो उजाएर भन्यो- "हेर, असत्ती ! गाउँका निर्धानिमुखाहरूलाई हेपेझैं हेपुँला भन्दो होस्, सानाको पनि घर, ठुलाको पनि घर । छो मात्रै त, तँलाई यहीँ मारेर गोगनेका ढुङ्गामुनि घुसार्न सकिनँ भने धने नभनेस् । गाउँबाट खेदेर पुगेन र यहाँ पनि जिस्क्याउन आइपुगिस् ? गाँस न बास भएर मर्न जति परेपछि यो एक मुठी सासको यत्राको आश" (पृ.२९) !

धनेको यस अभिव्यक्तिमा निर्णायक तहकै भौतिक प्रतिरोध रहेको छ । उसले कान्तुको आक्रमणलाई भौतिक रूपमा नै असफल तुल्याएको छ । गाँस र बास लुटिएपछि जीवनको आश नै त्यागी लड्न तयार भएर उच्चजातीय दमनलाई तत्कालका लागि असफल बनाएको छ । यसरी घर्ती समाजले स्थानीय सत्तालाई असफल बनाएपछि कान्तुले केन्द्रीय सत्ताको प्रयोग गरी उनीहरूको प्रतिरोधलाई विफल तुल्याएको छ । त्यस क्रममा कान्तुले लगाएको आरोपलाई घर्तीहरूले सरकारी समूह (डोर) का अगाडि यसरी प्रतिरोध गरेका छन् :

> काम बिग्रन लागेको देखेर जुठे उभियो र सरजमिनपट्टि फर्केर हात जोरेर भन्यो- "बाजे हो ! तपाईंहरूको जुठोपूरो खाएर बाँचेका चाकर हौं; रूख काट्नु त के एउटा स्याउलो भाँचेका छैनौं, तपाईंहरूलाई थाहै छ; एकपटक मर्ने जिन्दगी हो; अजम्बरी पाएको कसैले छैन; ईश्वर सबैमाथि छन्; धर्मजस्तो ठुलो केही छैन; पञ्चपरमेश्वर हुनुहुन्छ; हामी पाँच घर गरिब शरणमा छौँ, दूधको दूध, पानीको पानी गरिदिनुहोस्" (पृ.३८) ।

कथामा प्रस्तुत यस सन्दर्भका माध्यमबाट जुठेले सत्य कुरालाई लिएर डोरका सामुन्ने कान्तुले लगाएको आरोपको प्रतिवाद गरेको छ । त्यसका लागि उसले धर्मलाई आधार बनाएर

सरकारी कर्मचारीलाई भगवान्कै अवतार स्वीकार गरेको छ । उसको प्रतिरोधमा रहेको 'बाजे' शब्दले सरकारी मानिसहरू पनि उच्चजातकै हुन् भन्ने स्पष्ट पारेको छ । त्यसकारण सरकारी मानिसहरूले सत्यतथ्य पहिचान नगरी गलत सरजमिन गरी अदालतमा घर्तीहरूको विरोधमा प्रमाण जुटाएका छन् । त्यस क्रममा साँघु बनाउँदा, पाटी बनाउँदा, कान्तेले काटेका, अरू गाउँलेले काटेका सबै रूख घर्तीहरूले नै काटेको गलत विवरण तयार गरी अदालतबाट घर्तीहरूलाई कान्तुले सजाय दिलाएको छ । यसरी स्थानीय जातीय सत्ता कमजोर भएपछि केन्द्रीय सत्ताको प्रयोगबाट निम्नजातको प्रतिरोधलाई समाप्त पारिएको छ ।

'पापको परिणाम' कथामा परम्परागत वर्णव्यवस्थाले निर्माण गरेको सामन्ती उच्चजातीय दमन र शोषणका अगाडि निम्नजातको प्रतिरोध पराजित भएको छ । यस कथामा निम्नजातका घर्तीहरूले दमन र शोषणको चर्को प्रतिरोध गरेका छन् । त्यस क्रममा उनीहरूले बाँच्नका लागि कान्तुसँग मौखिक, भौतिक र सामाजिक स्वरूपको प्रतिरोध गरेका छन् भने सरकारी डोरसँग सत्यतथ्यका लागि धार्मिक दृष्टिले प्रतिरोध गरेका छन् । उच्चजातको प्रभुत्वभित्र रहेको स्थानीय सत्तालाई केन्द्रीय सत्ताको सहयोग र समर्थन रहेको हुनाले निम्नजातको प्रतिरोधी शक्ति कमजोर बनेको छ । त्यसकारण यस कथामा सत्य केवल सत्तावादी विमर्शका रूपमा प्रस्तुत हुँदा अधीनस्थ जातिको शक्ति र सत्य दुबै क्षय भएको छ । त्यसले स्थानीय रूपमा शक्तिशाली भएको घर्तीहरूको प्रतिरोधलाई केन्द्रीय सत्ताको प्रयोग गरी असफल बनाएको छ । त्यसकारण असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धका कारण घर्तीहरूको प्रतिरोध असफल भएकाले उनीहरू अधीनस्थ अवस्थाबाट माथि आउन सकेका छैनन् ।

कृष्णबम मल्लद्वारा लेखिएको 'हली' कथामा उच्चजातको निरन्तरको विभेद, दमन र शोषण अनि निम्नजातको कमजोर प्रतिरोध रहेको छ । निम्नजातका पुड्के र उजेलीले आफूमाथि भएका दमन र शोषणको प्रतिरोध सशक्त रूपमा गरेका छन् । समाजको केन्द्रमा रहेको सामन्तवादी विमर्शात्मक संरचनाभित्रको असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धका कारण उनीहरूको प्रतिरोध सफल हुन सकेको छैन । उत्पादनका साधन र स्थानीय सत्तामा उच्चजातको प्रभुत्व स्थापित भएका कारण निम्नजात उत्पीडनमा परेको छ । वर्षको नौमुरी धान ज्यालाका रूपमा दिने भनी मणिधरले पुड्केलाई काममा राखेको छ । केही समय काम लगाएपछि गोरु मारेको आरोप लगाएर मणिधरले गरेको शोषण र पुड्केले गरेको प्रतिरोधलाई कथामा यसरी उल्लेख गरिएको छ :

> ... दिनभर तोरी छर्न बाँकी जति साँझमा बुढो गोरु कटेरामा पुड्केले बाँधिदियो । रोग केही लागेजस्तो पनि थिएन । तर भोलिपल्ट गोरु मर्‍यो । घरमा खलबली मच्चियो । पुड्केको जोताइ नै खराब ! सालभरको मजूरी नौ मुरी अन्न पनि उसले यसपाला भराउन नपाउने भयो । त्यति ठुलो पूरानो गोरु मरेको नोक्सान मणिधर के सहन सक्थे ! मंसीर लागेपछि दाइँ हालेका दिन पुड्के रोयो, करायो, माफी माग्यो; मणिधर पग्लेनन् (पृ.६७) ।

कथामा प्रस्तुत यस साक्ष्यमा उच्चजातले निम्नजातमाथि गरेको शोषण र निम्नजातले गरेको प्रतिरोधलाई देखाइएको छ । समाजमा स्थापित आफ्नो प्रभुत्व र सत्तालाई प्रयोग गरी मणिधरले आफ्नै गोठमा गोरु मर्दा पनि पुड्केको अपराध सावित गरी वर्ष दिनको श्रम शोषण गरेको छ । यसले सामाजिक न्यायमा उच्चजातको प्रभुत्व रहेको स्पष्ट पारेको छ । त्यसका विरुद्धमा पुड्केले रोएर, कराएर माफी मागी प्रतिरोध गरेको छ । पुड्केको यो प्रतिरोध श्रममाथिको अधिकारका रूपमा नभएर मालिकका दयाका आधारमा अडिएको छ । समाजमा स्थापित असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धका कारण पुड्केले अधिकारका आधारमा प्रतिरोध गर्न सकेको छैन । त्यसकारण उसको प्रतिरोध कमजोर बनेको छ । त्यसपछि मङ्सिर महिना आएपछि मणिधरले गरेको अन्याय र उजेलीले गरेको प्रतिरोधलाई कथामा यसरी लेखिएको छ :

> अनि मङ्सीर पनि फेरि आयो । पुड्केलाई साउँ ब्याज चाँडो बुझा भन्न मणिधरको प्यादा आयो । उजेली र पुड्केले मणिधरकहाँ गएर हात जोडी दया मागे । तर मणिधर केही सुन्न तयार थिएन । पुड्केलाई छिँडीमा थुन्न उनले आज्ञा दिए । उजेली यो के सहन सक्थी ? उसले भनी- "वर्ष दिन तिम्रा खेत जोतेको मजूरी ता पहिला भर, अनि तिम्रा पैसा तिरौँला । कुन मुखले नब्बे रुपियाँ दिएर अहिले तिमी एक सय एक बीस र बाह्र रुपियाँ माग्छौ ? तिमीलाई लाज हुनुपर्ने" (पृ.७०) !

कथामा उल्लेख गरिएको यस सन्दर्भका माध्यमबाट जातीय दमन शोषणको सामन्तवादी स्वरूप र त्यसका विरुद्धमा भएको कमजोर प्रतिरोधलाई देखाइएको छ । मणिधरले पुड्केलाई दिएकोभन्दा धेरै रकमको तमसुक देखाएर धेरै ऋणको सावाँब्याज मागी शोषण गरेको छ । त्यसका विरुद्धमा पुड्के र उजेलीले हात जोडेर प्रतिरोध गर्ने असफल प्रयास गरेका छन् । त्यसले नपुगेपछि र पुड्केलाई छिँडीमा थुन्ने आदेश भएपछि असह्य भई उनीहरूले श्रममाथिको अधिकारको माग गरी प्रतिरोध गरेका छन् । प्रतिरोधकै क्रममा उजेलीले गलत तमसुकको विरोध गरेर इमानमा रहन सम्झाएकी पनि छ । मणिधरले पैसा ल्याएर लोग्नेलाई छुटाउन दिएको आदेशलाई प्रतिरोध गर्दै उजेलीले भनेकी छ : "म अबला कहाँ जाऊँ ? कसरी रुपियाँ ल्याऊँ ? रुपियाँ तिर्न सक्ने भए तिमीसँग भीक माग्ने थिइनँ । भीक पनि होइन तिम्रा खेत जोतेको मजूर" (पृ.७१) ! उजेलीले यस अवस्थामा पनि श्रमको अधिकारलाई विषय बनाएर प्रतिरोध गरेकी छ । मणिधरले जातीय आधारमै विभेद हुने गरी अपमानजनक ढङ्गले तुच्छ भाषाको प्रयोग गरी भनेको छ : "डुम्निनी मनपरि बोल्छे ए ! उमेर त छँदै छ नि ! पोइको माया भए जा न पेशा गर, रुपियाँ कमा; उसलाई छुटा" (पृ.७१) ! मणिधरको यो भनाइ सामन्ती परम्पराको भाषिक रूपको प्रयोग हो । निम्नजातलाई शरीर बेचेर आयआर्जन गर्ने तुच्छ व्यवसायमा संलग्न गराउने सोचको उपज हो । यसका विरुद्धमा पुड्के र उजेलीले यसरी प्रतिरोध गरेका छन् :

> "ए विष्ट मुख समालेर बोल !" गर्जेर उजेलीले भनी । उसले एकछिन आँखै देखिन । काखको बालक रोएको पनि उसले सुनिन ।

सही नसक्नु भएर पुड्केले पनि थप्यो- "धीतोसम्मको तिम्रो हक हो, अर्काको इज्जत-आबरु लिने त तिम्रो हक छैन ! घर र बारी हामीले छाड्यौं, तिमी भोगचलन गर । अब हामी हिँड्यौं ।"

आफ्ना बाबुबाजेका पालादेखिको जमीन उसले राजिनामा गरिदियो । अनि छोरो बोकेकी उजेलीलाई पछि लगाई हिँड्यो (पृ.७१) ।

कथामा प्रस्तुत गरिएको यस सन्दर्भबाट तत्कालीन समाजमा रहेको जातीय दमन र शोषणका विरुद्धको प्रतिरोधको ज्यादै चर्को रूप प्रकट भएको छ । आफूमाथि भएको अन्यायका विरुद्धमा निम्नजातका दुबै पात्रले सक्दो प्रतिरोध पनि गरेका छन् । उजेलीले बोलीमा नियन्त्रण गर्न भनेकी छ भने पुड्केले आवेशमा घरबारी नै जिम्मा लगाएको छ । त्यसकारण उनीहरूको यहाँसम्मको सबै प्रतिरोध एकै पटक समाप्त भएको छ । पुड्केको घरजग्गा हडप्ने मणिधरको योजना सफल भएको छ । यसबाट पुड्के र उजेली उत्पीडनमा परेका छन् ।

'हली' कथामा अत्यन्तै सशक्त रूपमा प्रस्तुत भएको निम्नजातको प्रतिरोध परम्परागत सामन्ती ढाँचाको जातीय दमन र शोषणका अगाडि कमजोर भएको छ । समाजमा भएको अन्यायका विरुद्धमा यस कथाका निम्नजातका पात्रले सक्दो प्रतिरोध गरेका छन् । समाजमा भएको असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धका कारण निम्नजातले गरेको प्रतिरोध कमजोर भएको छ । सामाजिक प्रभुत्व, न्याय, उत्पादनका साधन र ज्ञानमा उच्चजातको वर्चस्व रहेका कारण निम्नजात निरुपाय अवस्थामा पुगेको छ । यसले निम्नजातले निरन्तर रूपमा गरेको न्यायिक प्रतिरोधलाई क्रमशः कमजोर बनाउँदै असफल तुल्याएको छ । निम्नजातीय प्रतिरोध विफल बनाउने कार्यका लागि समाजमा स्थापित असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्ध निर्णायक अवस्थामा छ । यिनै कारणहरूले यस कथाका निम्नजातका पात्रहरू समस्याग्रस्त अवस्थामा पुगेका छन् ।

वल्लभमणि दाहालद्वारा लेखिएको 'को अटेरी ?' कथामा उच्चजातको जातीय दमन र शोषणका विरुद्ध निम्नजातले गरेको प्रतिरोध विफल भएकाले अधीनस्थ जातले अत्यन्त समस्याग्रस्त जीवन भोगेको छ । त्यसका विरुद्धमा निम्नजातका पात्रहरूले प्रतिरोध गरेका भए पनि असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धका कारण त्यो सफल हुन सकेको छैन । उच्चजातको बालपात्र रतनको ज्यादतीबाट पाएको दुःखलाई कालुले यसरी व्यक्त गरेको छ : "रतन बाजेले हिजो पनि कुट्यो । एकदम चिमट्छ" (पृ.९९) । यो निम्नजातीय बाल पात्रले गरेको प्रतिरोध हो । त्यसलाई अझ पुष्टि गर्दै भुजेल्नीले गरेको प्रतिरोधलाई कथामा यसरी उल्लेख गरिएको छ : "भुजेल्नीले अँगेनावरिपरि लोटाउँदै गरेको गोबर हातमा लिँदै लोग्नेतिर मुन्टो फर्काएर भनी 'अब कालु जाँदैन पढ्न, असत्ती चुर्से काठाको कुटाइ खान; कालुको बाबुलाई मैले पहिले पनि नपठाऊँ भनेकी त हुँ नि" (पृ.९९) । उसको यस भनाइमा उच्चजातले गरेको अन्यायको प्रतिरोध रहेको छ । उसले प्रयोग गरेको 'काठा' शब्दले तत्कालीन समाजमा रहेको उच्चजातलाई सङ्केत गरेको छ अनि 'असत्ती' शब्दले उच्चजातका असत्य व्यवहारबाट भएको प्रताडनाको विरोध जनाएको छ ।

उच्चजातले सानै उमेरदेखि नै दमन गर्न थालेको विषयमा कालुकी आमाले यसरी प्रतिरोध गरेकी छे : "कुन हावापानीले बनेका हुन्छन् है ! यी धनीका सन्तान ! जन्मँदैका तीन पात ? चिरैतोभन्दा पनि तीता-फेददेखि टुप्पोसम्म । आमाबाबुको बानी पनि कति सानैमा सरक्कै सरेको" (पृ.१०४) । कथामा प्रस्तुत यस सन्दर्भले उक्त समयमा रहेको जातीय दमन शोषणका विरुद्धमा भएको प्रतिरोधलाई देखाएको छ । यसले उच्चजातको संस्कार नै गलत हुने हुनाले बच्चैदेखि मानिस दमनकारी प्रवृत्तिको हुन्छ भन्दै संस्कारको समेत प्रतिरोध जनाएको छ । त्यसपछि कालुमाथि दमन गर्ने उद्देश्यले पण्डितले भनेको कुरा र सन्तेले गरेको प्रतिरोधलाई यसरी लेखिएको छ : "सन्तु तेरो छोराले जे भए पनि ठुलाबडाका छोरालाई हात हालेछ, तँ तेरा छोरालाई यी सबैका अगाडि रतन बाबुका खुट्टामा निहुराउन तयार छस् कि छैनस्" (पृ.११०) ? पण्डितको यस कथनको प्रतिरोध गर्दै सन्तेले भनेको छ : "'हुन्छ हजुर' सन्तेले यति भन्दा पनि उसको हियोलाई यो मन परेको थिएन" (पृ.११०) । सन्तेको यो प्रतिरोधभित्रको उसको स्वीकृति असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धको परिणति बनेर आएको छ । उसलाई छोरो झुकाउन मन नभए पनि बाध्यताले ऊ घेरिएको छ । त्यसकारण सन्तेको यो प्रतिरोध कमजोर बनेको छ । त्यसपछि पण्डितले गरेको अर्को दमन र कालुले गरेको प्रतिरोधलाई स्पष्ट पार्दै कथामा यसरी लेखिएको छ : "रतनलाई अघि सार्दै टुकारामले भने 'कालु लौ यिनलाई ढोग, बिराएँ भन्' तर जहाँ थियो त्यहीँबाट कालु पण्डितलाई धुइरा आँखाले हेर्नलाग्यो" (पृ.११०) । यहाँ पण्डितले गरेको अन्यायलाई बाल पात्र कालुले अटेर गरी मौन रूपमा प्रतिरोध गरेको छ । उसले धुइरा आँखाले हेरी पण्डितप्रतिको आक्रोश व्यक्त गरेको छ । त्यसैगरी मुखियाले गरेको दमनलाई पनि कालुले यसरी प्रतिरोध गरेको छ :

> "खै त्यसलाई यता ।" उनले जुरुक्क उठेर कालुलाई बाबुबाट छुट्टाए 'लौ ढोग' आफ्नो छोराको खुट्टातिर उनी बलैले कालुलाई निहुराउन चाहन्थे । तर कालु भने बल गर्दै थियो, फुत्किन खोज्दै थियो - ऊ टीठलाग्दो हेराइले बाबुतिरै हेर्दै थियो, तैपनि मुखियाका दर्बिला नारीले गर्दा ऊ बाबुको प्यारो काखमा जान नपाउने भएको थियो । अझै बाजे त्यो कलिलो बालखलाई रतनको खुट्टातिर निहुराउनमै लग्गू थिए, तर कालु भने झन् रुन पो लाग्यो । सके रतनका खुट्टादेखि उसको मन तर्सिएको हो (पृ.१११) ।

कथामा प्रस्तुत यस सन्दर्भमा मुखियाले गरेको दमनका विरुद्धमा कालुले गरेको विविध प्रकारको प्रतिरोधलाई स्पष्ट पारिएको छ । यहाँ कालुले बल गरेर, फुत्किन खोजेर, बाबुतिर टिठलाग्दा आँखाले हेरेर अनि रोएर मुखियाको दमनको प्रतिरोध गरेको छ । समाजको सम्पूर्ण शक्ति हातमा लिएका उच्चजातका मुखिया र पण्डितको प्रतिरोध बाल पात्रका माध्यमबाट गराएर उक्त सामन्तवादी व्यवस्थाको भविष्यप्रति नै कथाकारले बलियो प्रश्न उठाएका छन् ।

'को अटेरी ?' कथामा व्यक्त भएको निम्नजातको प्रतिरोध सामन्तवादी परम्पराको वर्णव्यवस्थाका आडमा गरिएको जातीय दमन र शोषणका अगाडि पराजित भएको छ । यस कथामा भएको असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धका कारण निम्नजातले अधीनस्थ जीवन भोग्नुपरेको छ । त्यस प्रकारको अन्यायपूर्ण कार्यको यस कथाका निम्नजातका पात्रले सुरुदेखि

अन्त्यसम्म निरन्तर प्रतिवाद गरेका छन् । सामाजिक न्यायका क्षेत्रबाट उच्चजातका पात्रलाई विस्थापित गरिएको छ । स्थानीय सत्तालाई हातमा लिएर उच्चजातले सत्यलाई सत्तावादी विमर्शका रूपमा प्रयोग गरेको हुनाले निम्नजातको शक्ति क्षय भएको छ । समाजमा स्थापित असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धले निम्नजातको प्रतिरोधी शक्तिलाई सबै कोणबाट विफल बनाएको छ । त्यसकारण यस कथामा निम्नजातको भुजेल परिवार उत्पीडनमा परी अधीनस्थ अवस्थामा पुगेको छ ।

देवमणि ढकालद्वारा लेखिएको 'सार्की' कथामा निम्नजातका पात्रले गरेको प्रतिरोधलाई समाजमा स्थापित असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धको उपयोग गरी उच्चजातले असफल बनाएको छ । त्यसका आधारमा निम्नजातका मानिसमाथि चरम दमन तथा शोषण गरिएको छ । यस कथामा निम्नजातका पात्रले उक्त कार्यको सकेसम्म प्रतिरोध गरेका छन् । समाजको सम्पूर्ण शक्ति उच्चजातका प्रभुत्वमा रहेका कारण निम्नजातको प्रतिरोध सफल हुन सकेको छैन । उक्त दमन र शोषणकै शृङ्खलामा निम्नजातको लामगादे सार्की चमैताबाट रातारत भागेर अर्को ठाउँमा बस्न पुगी आफ्नो पुर्ख्यौली थातथलो छोडेर प्रतिरोध गरेको छ । जहाँ दमन हुन्छ, त्यहाँ प्रतिरोध हुन्छ भन्ने सैद्धान्तिक मान्यता यस कथामा साकार पारिएको छ । त्यस ठाउँमा पनि उसको मृत्युपश्चात् छोरो सार्कीले चरम दमन र शोषण भोग्नु परेको छ । सुब्बा र महाजनका कारण सार्कीमाथि भएको अन्याय र त्यसप्रति निम्नजातले गरेको प्रतिरोधलाई कथामा यसरी उल्लेख गरिएको छ :

> लोकचने- "आजसम्म त एक मुठी प्रान जेने-तेने गर्दै अड्याएर नै ल्याइयो कान्छा साहु, अब उप्रान्त कस्तो भोग्नु पर्ने हो; होइन कलिजुगमा मनुखेमा धर्म हराउँछ भनेको हो र'छ है ! अस्ति तँलाई त्यो कान्छो सुब्बा भनाउँदोले साह्रै नाराम्रो गरी कुट्यो हौ ! फेरि भएन कमरले उस्तै गरी सिस्नो लगायो !! यिनीहरूको यो चर्तिकाला देख्दा त मैले चित्तै थाम्न सकिन हौ ! छ्याः कस्तो पत्थरका हृदय भएका मान्छेहरू हौ !! के गर्नु कान्छा हामी गरीब मोराले केही गर्न सक्दो रहेनछ ।" यो सुन्ने बित्तिकै खाटो बसेको घाउ बल्झेझैँ गरी सार्कीको छाती चिरिएर आयो । अर्कापट्टि फर्किएर आँशु पुछ्यो र भन्यो "के गर्नु लोकचन दाइ हाम्रो केही जोर चल्दो रै' नछ ? जस्को शक्ति उसको भक्ति त र' छनी" (पृ.१४) ।

कथामा प्रस्तुत यस सन्दर्भका माध्यमबाट निम्नजातले उच्चजातीय दमन र शोषणका विरुद्धमा गरेको प्रतिरोध व्यक्त भएको छ । समाजमा निम्नजातका मानिसका लागि बाँच्नै कठिन अवस्था सिर्जना भएकोप्रति यी दुबै पात्रको विरोध रहेको छ । उच्चजातले निम्नजात भएकै कारण दिने शारीरिक यातनाप्रति पनि दुबै पात्रले प्रतिरोध गरेका छन् । समाजमा शक्ति हुनेको अन्याय सहेरै बाँच्नुपर्ने परिस्थितिका विरुद्धमा दुबैको प्रतिरोधी विचार जागृत भएको छ । त्यसपछि कथामा प्रवेश भएको युवकसँग भने उच्च स्तरको प्रतिरोधी चेतना रहेको छ । यसलाई कथामा निम्नानुसार उल्लेख गरिएको छ :

"म तपाईंहरूको साथी हुँ । म जस्ता मेरा साथीहरू अरू पनि असङ्ख्य छन् तर तिनीहरू पनि तपाईंहरू जस्तै गरीब छन् । वास्तवमा हामी सबै गरीब छौँ । हामी यस गाउँमा आएको धेरै भएको छैन, भर्खरै हो । मेरो नाम 'नेपाल' हो ।"

यो सुन्ने बित्तिकै लोकचनले एक बित्ता लामो जिब्रो काढेर भन्यो- "तुरुन्तै यहाँबाट भाग्नुहोस् । तपाईंहरूलाई पक्रिनु पर्छ भनेर सुब्बा, माहाजन र थरीहरू सल्लाह गर्दै थिए ।" "होइन, भाग्ने हुँइन" युवकले हाँस्दै भने- "हामी यहाँबाट भाग्दौन । हामी तपाईंहरूलाई नरकरूपी गरीबी र अन्धविश्वासपूर्ण कुप्रथाबाट पार लगाउन चाहन्छौँ । कोही दरबारमा उड्ने र कोही छाप्रो र दोबाटो रुड्ने प्रथा हामी देख्न चाहन्नौं औ राख्न पनि चाहन्नौं" (पृ.१५) ।

माथिको सन्दर्भबाट समाजमा विद्यमान उच्चजातीय अनि उच्चवर्गीय दमन र शोषणका विरुद्धमा भूमिगत ढङ्गले निम्नजात र निम्नवर्गमा चेतना जागृत हुँदै गरेको अवस्था प्रस्तुत गरिएको छ । लोकचनले डराएर भाग्ने सल्लाह दिए पनि युवकले अन्यायको डटेर सामना गर्ने बलियो प्रतिरोधी विचार व्यक्त गरेको छ । एउटै समाजमा बस्ने मानिसका बिचमा भएको विभेदको अन्त्य गर्ने दृढता युवकमा रहेको छ । त्यसपछि सार्कीमा आएको प्रतिरोधी चेतनालाई कथामा निम्नानुसार उल्लेख गरिएको छ :

छ महिनापछिको कुरा हो, थरी कटकबहादुरको दलानमा पञ्चायती बसेको थियो । कान्छा सुब्बा एउटा नाङ्गेभार पारेको अपराधीलाई सिस्नो लगाइरहेका थिए । टाढाबाट एउटा असङ्ख्य लामो लस्कर त्यतै बढिरहेको थियो । त्यो ठुलो समूहबाट 'दलित वर्ग जिन्दावाद' भन्ने महान् आवाज उठिरहेको थियो, जुन आवाजको प्रतिध्वनि त्यहाँ भएका ठुला ठुला भवन र पहाडका कन्दराहरूमा गुञ्जायमान भएर टाढा टाढासम्म पुग्थ्यो । सार्की सबैभन्दा अगाडि थियो र उसको स्वर सबैभन्दा चर्को र स्पष्ट थियो (पृ.१६) ।

यस सन्दर्भका माध्यमबाट निम्नजातमा विकसित भएको प्रतिरोधी चेतनालाई देखाइएको छ । यहाँ उच्चजातका दमन र शोषणका विरुद्धमा निम्नजात सङ्गठित हुँदै गरेको उदीयमान अवस्थालाई प्रस्तुत गरिएको छ । समाजले घृणा गरेको निम्नजात वा दलित जातलाई जिन्दावादको नाराद्वारा सम्मान गरिएको छ । उक्त नाराले उच्चजातका सबै घरहरू गुन्जायमान भएका छन् । त्यसमा सबैभन्दा अगाडि र प्रस्ट स्वरमा सार्कीको आवाज गुन्जिएको छ । यसले सार्कीमा आएको प्रतिरोध चेतनाको विकासलाई देखाएको भए पनि उसको विजयलाई भने देखाउन सकेको छैन । त्यसकारण यस कथाको प्रतिरोधी सामर्थ्यले निर्णायक किनारासम्मको यात्रा तय गर्न सकेको छैन ।

'सार्की' कथाभित्र असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धका कारण अधीनस्थ जातिको प्रतिरोध असफल भएको छ । त्यसकारण निम्नजातमाथि सामन्ती स्वरूपको चरम विभेद, दमन र शोषण कायम रहेको छ । निम्नजातका पात्रले पहिला मौन रूपमा र पछि प्रत्यक्ष रूपमा नै प्रतिरोध गरेका छन् । त्यसकारण सामाजिक न्यायका क्षेत्रमा एकपक्षीय र विभेदकारी ज्ञानको

निर्माण गरी निम्नजातलाई एक्ल्याइएको छ । त्यसकै आधारमा उभिएर पुस्तौँपुस्तादेखि निरन्तर निम्नजातमाथि दमन र शोषण गरिएको छ । त्यसका विरुद्ध निम्नजातको चेतना विकसित हुँदै गरेको अवस्थालाई देखाइएको भए पनि त्यसले समस्याको भरपर्दो समाधान दिन सकेको छैन । यसरी उच्चजातले गरेको सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रको विभेद, दमन र शोषणका कार्यलाई असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धका माध्यमबाट वैधता प्रदान गरिएको छ । त्यसकारण उच्चजातीय दमन र शोषणका विरुद्धको प्रतिरोध निर्णायक हुन नसकेको हुनाले निम्नजात कहिल्यै अधीनस्थ अवस्थाबाट माथि उठ्न सकेको छैन ।

कृष्णप्रसाद सर्वहाराद्वारा लेखिएको 'ऊ रुन थाल्यो' कथामा परम्परागत वर्णव्यवस्थाका विरुद्धमा निम्नजातका पात्रले गरेको प्रतिरोध प्रस्तुत गरिएको छ । यस कथामा भएको असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धका कारण निम्नजातको प्रतिरोधको पराजित स्वरूप व्यक्त भएको छ । पण्डितले बोलाउनासाथ नआएको आरोपमा हर्केमाथि व्यङ्ग्यका माध्यमबाट दमन गर्दा हर्केको प्रतिरोध यस प्रकारको रहेको छ :

> (कालो मुख लगाएर, हडबडे स्वरमा, साविक बमोजिम आफ्नो अदब देखाएर) "जदौ हजूर ! विष्ट किन यसरी रिसानी भाको ? म त छँदै छु नि हजूर ! मालिकहरूले भनेका बेलामा म कैले नाई नास्ती गर्न सक्थेँ र प्रभो ! विष्टहरूले भनेको नमानेर म जैरे कहाँ जाउँला र धर्म-औतार- बोलाइबक्स्योस् न, म जैले पनि हाँजिरै छु, आइहाल्छु नि प्रभो" (पृ.९-१०) !

हर्केको यो प्रतिरोधमा पण्डितले लगाएको आरोपको खण्डन भएको भए पनि त्यो पूर्ण रूपले कमजोर छ । उसको अनुहारको भाव र बोलीमा पण्डितप्रतिकै सर्मपण झल्किएको छ । प्रतिरोधको उसको भाषाले पनि पण्डितका अगाडिको उसको अवस्थालाई प्रस्ट पारेको छ । हर्केले प्रयोग गरेका शब्दहरू जदौ, हजूर, विष्ट, रिसानी, मालिक, प्रभो, बक्स्योस् आदिले समाजमा हर्केको स्थान र उसले गरेको प्रतिरोधको कमजोर अवस्थालाई देखाएको छ । यो असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धका कारण सिर्जित अवस्था हो । कथामा पण्डितले बोलाएको समयमा आएन भनी हर्केमाथि गरेको दमन, अपमान र व्यङ्ग्य गरेको स्पष्ट छ । यस प्रकारको दमनका सम्बन्धमा हर्केले गरेको प्रतिरोधलाई यसरी उल्लेख गरिएको छ : (मसिनो स्वरमा हात जोरेर ) "त्यसो नभनी बक्स्योस् प्रभो ! अस्ति पनि तावेदार हबेलीमा हाँजीर भाको थिएँ, मालिक पूजामा होइबक्सिनु भा' कै रै' छ । तीन घन्टासम्म जति त कुरी बसेथेँ प्रभो ! कसैले केही नभनेकाले फर्केर गएँ" (पृ.१०) । हर्केको यस प्रतिरोधमा पनि सामन्तवादी सामाजिक प्रभुत्वका दमनमा परेको स्वर व्यक्त भएको छ । त्यसकारण पण्डितका अत्यन्त घृणित शब्द र आरोपको प्रतिवादमा पनि उसले अपेक्षित भाषाको प्रयोग गर्न सकेको छैन । पण्डितले निरन्तर घृणा र दमनको भाषा प्रयोग गरिरहँदा पनि हर्केको प्रतिरोधमा परिवर्तन आउन सकेको छैन । उसले उक्त अवस्थाबाट छुटकारा पाउने उद्देश्यले क्षमा मागेको सन्दर्भलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> हर्के (गहभरि आँशु पारेर) "क्षमा गरिबक्सियोस् धर्म औतार कति कति छेडी बक्सिन्छ म टुहुरालाई । भएको कुरो पाउमा पोख्या हुँ । ख्वामितसित पनि कसरी कुरा छाँट्नु, के

हामीले मर्न पर्दैन ? उस जुनीमा कुरा छाँट्नाले र झुटो कुरा गर्नाले यस जुनीमा यस्तो हुनु परेको छ । फेरि यस जुनीमा पनि त्यसै गरेँ भने अर्को जुनीमा झन् हामीले के भएर जन्मिने र प्रभो ! हजूरहरूकै तपस्या र प्रभावले अहिलेसम्म खाँदै छु" (पृ.११-१२) ।

कथामा उल्लेख गरिएको यस सन्दर्भका माध्यमबाट निम्नजातको प्रतिरोधको कमजोर अवस्थालाई स्पष्ट पारिएको छ । हर्केको प्रतिरोधमा परम्परागत धार्मिक अन्धविश्वासले स्थान पाएको छ । सामन्ती संरचनामा रहेको जातिवादी विमर्शले निर्माण गरेको ज्ञानका कारण उसको विचार नै धमिलिएको छ । जन्मजन्मान्तरको कपोलकल्पित ज्ञानका कारण उसले अझै पनि भक्षकलाई नै रक्षक ठान्न पुगेको छ । त्यसकारण पनि उसको प्रतिरोध कमजोर भएको छ ।

हर्केले आमा बिरामी परेको र घरमा खाने कुरा नभएको कारुणिक अवस्था देखाउँदै गत वर्ष काम गरेको बाली माग्दा पण्डितले भनेको छ : "लाज लाग्दैन तँलाई अहिले माग्न ? चुक्ति पारेर नदिँदा त तँ यस्तो, झन चुक्ति पारेर दियो भने त फेरि तेरो चिनो पनि पाइएला र" (पृ.१३) ? यसले सामन्तवादी समाजमा निम्नजातमाथि हुने श्रमको शोषणलाई देखाएको छ । निम्नजातले श्रमको मूल्य माग्न पनि लजाउनु पर्ने र सधैँ सेवामा हाँजिर हुनै पर्ने बाध्यात्मक अवस्थालाई देखाएको छ । यस प्रकारको अन्यायका विरुद्धमा हर्केले गरेको प्रतिरोध यस प्रकारको छ :

> आफ्नो पाकेको बाली पनि भन्या बेलामा नपाउनु । हामीले चाहिं केही गर्न पनि नहुने, उनीहरूले भने मनमा जे आयो उही गर्न पाउने रे । यहाँभन्दा अरू अत्याचार अरू के हुनु । माग्न पनि नहुने; माग्यो भने उल्टै आइलाग्ने । कस्तो सित्तै दिनपर्ला जस्तो भाको छि: न निल्नु न ओकल्नु (पृ.१४-१५) ।

हर्केले एकान्तमा गरेको यो प्रतिरोध यसअघिका प्रतिरोधहरूभन्दा उन्नत स्तरको छ । उसले पण्डितबाट भएका अत्याचारलाई बोध गरेको छ । आफ्नो श्रममाथिको अधिकारलाई बुझेर त्यसमा भएको शोषणप्रति विरोध जनाएको छ । पण्डितसँगको सम्बन्धलाई निल्नु न ओकल्नुको अवस्थाका रूपमा लिएर पर्याप्त असन्तुष्टि प्रकट गरेको छ । पण्डितकै कारण आफ्नी विरामी आमालाई मर्ने बेलामा एक घुट्को पानीसमेत खुवाउन नपाएको विरोधमा भने हर्केले बलियो प्रतिरोधी भाव व्यक्त गरेको छ । त्यसलाई कथामा यसरी उल्लेख गरिएको छ :

> उसकी बुढी आमै पिँढीमा सुती नै रहेकी थिई भूमिमा लम्पसार भएर निश्चाल अनि निष्प्राणसित । मुखमा झिँगाहरू भन्किरहेका थिए । हर्केले नजिकै गएर के यसो हेरेथ्यो उसले आफ्नी आमैका ट्वाल्ल परेर उघ्रेका दुईटा आँखा देख्यो । हर्के एकदम कहालियो । एकदम बेहोसिएर आफ्नी आमैमाथि छाँद हाल्न पुग्यो । अनि उल्ले अनायास वेदनाले भरिएको अत्यन्त दीन शब्दमा- "आमै, तिमीलाई पापिष्ट तिम्सिना बाहुनले मर्ने बेलामा पनि एक घुड्को पानीसम्म पनि पिउनै नदिई माऱ्यो नि !" भनेर ऊ डाको छोडेर रुन थाल्यो (पृ.१५) ।

कथाको अन्तिममा हर्केले गरेको यो प्रतिरोधका माध्यमबाट निम्नजातले अतिका विरुद्धमा गरेको विद्रोहलाई देखाइएको छ । उच्चजातीय अत्याचारका कारण आमाको निधन भएको हुनाले हर्केले पण्डितलाई अपराधीको संज्ञा दिएको छ । उसको यो प्रतिरोध पण्डितका अगाडि भएको प्रतिरोध होइन । त्यसकारण यसले पनि कुनै समाधान दिन सक्ने अवस्था भने छैन ।

माधव भँडारीद्वारा लेखिएको 'दमाई' कथामा परम्परागत वर्णव्यवस्थाका आधारमा समाजको जातीय विभाजन भएको हुनाले निम्नजातको प्रतिरोधले सफलता पाएको छैन । असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धका कारण यस कथामा उच्चजातलाई शक्तिशाली र निम्नजातलाई कमजोर देखाइएको छ । उच्चजातको बाहुनले वर्णव्यवस्थाबाट निर्देशित विमर्शात्मक संरचनामा भएको शक्तिलाई प्रयोग गरेर निम्नजातको दमाईलाई उत्पीडनमा पारेको छ । दमाईले आफूमाथि भएको दमन र शोषणको प्रतिरोध गरेको भए पनि असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धका कारण त्यसले सफलता पाउन सकेको छैन । कथामा अछुत जात मानी दमाईलाई निम्नस्तरको भाषा अनि अमानवीय व्यवहारका माध्यमबाट दमन र शोषण गरिएको छ । रातको समयमा बास माग्न आएको मान्छेलाई दमाई भएकै कारण बास नदिने स्पष्ट कुरा सुनेपछि दमाईले त्यसको प्रतिकार गर्दै भनेको छ : "'यो राति कता जाऊँ बाजे, सिकुवा त पाहुनैको हो, एउटा सुकुल दिए यहीँ लड्छु'- बूढाको स्वरमा अझ नम्रता थियो" (पृ. ४४) । दमाईका माध्यमबाट कथामा प्रस्तुत गरिएको यस कथनले तत्कालीन समाजमा रहेको निम्नजातको प्रतिरोधात्मक कमजोर शक्तिको पहिचान गराएको छ । दमाईले सिकुवामाथिको पाहुनाको अधिकार शिष्टतापूर्वक माग गरेको छ । उसको भाषामा विनम्रता भए पनि मागमा हिचकिचाहट छैन । त्यसकारण उसले त्यसमा सुकुलको थप माग पनि गरेको छ । उसको स्वरमा भएको नम्रताले उक्त मागलाई थप बलियो बनाएको छ । यस्तो अवस्थामा पनि उच्चजातको घरमालिकले जातकै आधारमा यसरी विभेद गरेको छ : "हुँदैन, हुँदैन, अहिले अरू बाहुनहरू आए भने त्यहीँ दिनु पर्छ, बाटाको घर के ठेगान छ । उ पर दमाईकै घर छ उहीँ जा' हरिकृष्ण शर्माले अझ उच्च स्वरमा भने" (पृ.४५) यस भनाइले उक्त समाजमा रहेको जातीय विभेदको परम्परागत अवस्थालाई प्रकट गरेको छ । त्यसपछि पनि मानवीय आधारमा दमाईले आफ्नो प्रतिरोधलाई निरन्तरता दिएको छ : "होइन हजूर, यो राति बूढो मान्छे, आँखा देख्तिनँ, कता जाऊँ ? यतै ढिकीमा भए पनि लड्न पाए हुन्छ" (पृ.४५) । दमाईका माध्यमबाट कथामा उल्लेख गरिएको यस भनाइले निम्नजातको कमजोर प्रतिरोधलाई देखाएको छ । असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्ध भएको समाजमा निम्नजातलाई दमनका विरुद्धमा चर्को प्रतिरोध गर्ने अवसर नभएकै कारण उसको प्रतिरोध अनुरोधात्मक ढाँचाको बनेको छ । बल्लतल्ल ढिकीको कुनामा सुत्नसम्म पाएको दमाई रातभर भोकै छटपटिनु पर्दाको अनुभवले दुखी बनेको छ । त्यसै क्रममा ऊ सम्झन्छ : "'मलाई पनि सबैले बाहुनै भन्ने गरेका भए ?' उसले मनमनै सोच्यो र अलिकति हाँस्यो पनि" (पृ.४५) । दमाईको यो प्रतिरोध निकै गहन छ । उसको विचारमा मानिस कसैले भनेकै भरमा बाहुन वा दमाई भएको हो । त्यस्तो अवस्थाको उपहास गर्दै प्रतिरोधमा ऊ हाँसेको पनि छ । त्यसकारण उसले मान्छेको

प्राकृतिक जाततर्फको पहिचान मेटिएर कृत्रिम जातको पहिचान स्थापित भएका अवस्थाको प्रतिरोध गरेको छ ।

दमाईले तीस वर्षअगाडि त्यही घरमा आएर छेत्रीको पहिचान बताई बस्दा भएको घट्नालाई सम्झिएको छ । उक्त घटनालाई कथामा निम्नानुसार उल्लेख गरिएको छ :

> अँधेरी रात थियो-औँसीको, निष्पट्ट । कता-कता भ्यागुता कोटेटे-कोटेटे गरेर कराएको मात्र सुनिन्थ्यो । सबै संसार निद्रा-देवीको आनन्ददायी काखमा मुक्तिको आनन्द अनुभव गरिरहेको थियो ।
>
> यतिखेरै बाहुनीलाई बाहिर निष्कन मन लाग्यो । उनले बत्ती जलाइन्, बिमारले दिनभरि अस्पटिएका बूढा पनि गहिरो निद्रा लागेर घुर-घुर गरिरहेका थिए । उनी टुकी हातमा लिएर बाहिर निस्किइन् । सरासर आँगनदेखि पर गएर फर्किरहेकी थिइन्, उनको आँखा झट्ट आजै आएर सुतेका पाहुनामाथि पऱ्यो । ऊ सबै लुगा फ्याँकेर निदाइरहेको थियो । आहा, कति बलियो शरीर, कति मोटा हात-पाखुरा-जवान हृष्ट-पुष्ट ! जीवनमा यस्तो जवान पुरुष नाङ्गो देखेको उनको लागि पहिलो अवसर थियो । उनका जीउमा कता-कता करेन्ट लागेजस्तो सिरिङ्ग भयो । उनले धेरै वेर हेरिरहन सकिनन् र हातको टुकी निभाइन् । भित्रतिर जान उनका खुट्टा लागेनन् र एक्कासि त्यो पाहुनाको विस्ताराको छेउमा पल्टिइन र दुई हातले उसलाई तानिन् । पाहुना आत्तियो तर कराएन ! अनि पो उसले थाहा पायो (पृ.४७-४८) ।

कथामा प्रस्तुत गरिएको यस सन्दर्भका माध्यमबाट उक्त रात दमाई र बाहुनीका बिचमा शारीरिक सम्बन्ध भएको स्पष्ट हुन्छ । यसैको परिणतिलाई तलको सन्दर्भले अझ स्पष्ट पारेको छ । तीस वर्षपछि उही व्यक्ति उही घरमा दमाईको पहिचानसहित आएर बस्दा भएको जातीय दमन र त्यसका विरुद्ध भएको प्रतिरोधलाई कथामा यसरी लेखिएको छ :

> "बाहुनी नानी, अलिकति तातो पानी, मरें म मरें ।" बूढो दमाई चिच्यायो । हरिकृष्ण बाजे रिसले चुर-मुरिए, "कति मर्दो रे छ डुम्रो ! अहिल्यै निकाल्छु झटाराले हानेर" भन्दै दैलो उधारेर बाहिर निस्किए । उनका पछि-पछि पानस लिएर बाहुनी बज्यै पनि निस्किइन् । "किन कराउँछस्, ए मोरा ?" - भनेर हरिकृष्ण बाजे जंगिए ।
>
> बूढो दमाईले बल्ल-बल्ल उभिएर एकछिन दुबैलाई हेऱ्यो अनि कामेको स्वरमा भन्न लाग्यो "यसो नभन ..... मेरा ..... छोरा ..... । वाक्य पूरा गर्न नपाई दौडिएर हरिकृष्णतिर आउँदा-आउँदै बूढो दमाई बीचैमा लड्यो ।
>
> हरिकृष्ण "बौलाहा ! बौलाहा !! भनेर कराउँदै थिए । हल्ला सुनेर गाउँका मानिस भेला भए, तर त्यहाँ बूढा दमाईको लास मात्र थियो (पृ.४८) ।

कथामा उल्लेख गरिएको यस सन्दर्भमा मृत्युको मुखमा पुगेको निम्नजातले पानीको अनुरोध गर्दा पनि उच्चजातले मानवीय व्यवहार देखाउन नसकेको स्पष्ट छ । यस सन्दर्भमा निम्नजातको जीवनलाईभन्दा एक गिलास पानीलाई बढी मूल्य प्रदान गर्ने उच्चजातको व्यवहारले तत्कालीन समाजमा भएको जातीय सम्बन्धभित्रको शत्रुतालाई प्रकट गरेको छ । यी सबै प्रकारका दमनका विरुद्धमा दमाईले बाहुनलाई ‘मेरो छोरो’ भनी प्रतिरोध गरेको छ । दमाईको यस प्रतिरोधले समाजद्वारा निर्मित जातको औचित्यमाथि नै प्रश्न उठाएको छ । यस कथामा समाजले निर्माण गरेको जातव्यवस्थाका आधारमा छोराले बाबुमाथि दमन र शोषण गरेको छ भने बाबुले छोराबाट भएको उक्त कार्यको प्रतिरोध गरेको छ । यसरी यस कथामा जातीय दमनको परिणामकै कारण निम्नजातको दमाईले आफ्नो जीवन सधैँका लागि गुमाएको छ ।

‘दमाई’ कथामा परम्परागत वर्णव्यवस्थामा आधारित जातीय दमन र शोषण अनि त्यसका विरुद्धको बलियो प्रतिरोध रहेको छ । असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धका कारण प्राप्त भएको सामाजिक सत्ता वा प्रभुत्वका बलमा उच्चजातले निम्नजातमाथि दमन र शोषण गरेको छ । दमाईले पनि सुरुदेखि अन्त्यसम्म नै आफूमाथि भएका गलत कार्यको निरन्तर प्रतिरोध गर्दै आएको छ । समाजमा स्थापित असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धका कारण उसको प्रतिरोध कमजोर भएको छ । प्रतिरोधकै क्रममा दमाईले बाहुनलाई छोरा भनेर प्रतिरोध गरेपछि सामन्तवादी जातीय विभेदमा आधारित विमर्शात्मक संरचनाको औचित्यमाथि नै प्रश्न उठेको छ । त्यसकारण यस कथाको प्रतिरोध चेतना अत्यन्त उच्चस्तरको रहेको छ । यसो हुँदाहुँदै पनि दमाईले समाजका अगाडि सम्पूर्ण कुरा पुष्टि गर्न नभ्याउँदै उसको निधन भएकाले यो प्रतिरोध पनि जातीय समस्याको समाधान दिन सफल भएको छैन । असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धका कारण यस कथाको निम्नजातको पात्र दमाईको जीवन अत्यन्त कष्टकर बन्दै मृत्युको अवस्थामा पुगेको छ ।

मुकुन्द ढुङ्गेलद्वारा लेखिएको ‘त्याग’ कथामा परम्परागत वर्णव्यवस्थाका आधारमा मानिसहरूको जातीय विभाजन गरिएको हुनाले निम्नजातले अन्यायका विरुद्ध गरेको प्रतिरोध विफल भएको छ । यसले समाजमा असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धको निर्माण गरेको छ । त्यसले उच्चजातका लागि सामाजिक जीवनमा सम्मानित स्थान सुरक्षित गरेको छ भने निम्नजातका लागि घृणा, विभेद, दमन र शोषणका लागि योग्यता निर्धारण गरेको छ । त्यसका विरुद्धमा आधुनिक विचार भएका उच्चजातका नवयुवक र निम्नजातले प्रतिरोध गरेको भए पनि असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धका कारण त्यो सफल हुन सकेको छैन । यस कथामा उच्च र निम्नजातका बिचको प्रेम सम्बन्ध असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धका कारण असफल भएको छ । दमाईकी छोरीसँगको पण्डितका छोराको प्रेम सामन्तवादी विमर्शात्मक संरचनाका विरुद्ध थियो । त्यसको प्रतिरोधमा उच्चजातको सानुबाबुले भनेका कुरालाई कथामा यसरी उल्लेख गरिएको छ : “सानुबाबु आधुनिक विचारधाराका नवयुवक थिए । उनको शिक्षा-दीक्षा पनि विदेशमै भयो । उनको विचारअनुसार प्रेमको संसारमा मानिसले बनाएको सामाजिक व्यवस्थाको कुनै महत्त्व छैन । प्रेम ईश्वरीय प्रेरणा हो-ईश्वरीय सन्देश हो । जात-सात भनेको

खालि भिन्न-भिन्न काम गर्नेहरूको समूह हो" (पृ.११) । सानुबाबुको यस कथनमा विद्यमान जातिवादी विमर्शात्मक संरचनाका विरुद्धमा स्पष्ट र वैज्ञानिक आधारसहितको प्रतिरोध रहेको छ । उसले जातलाई श्रमका आधारमा गरिएको विभाजन मानी प्रगतिशील स्वरूपको विचारधारा अगाडि सारेको छ । उसकी प्रेमिका जुठीले निम्न र उच्चजातका बिचको प्रेमका सम्बन्धमा शङ्का गर्दा सानुबाबुले यसरी प्रतिरोध गरेको छ :

> "...म दमिनी; दमाई र बाहुनमा कसरी मेल ! कहाँ दमाई पानी नचल्ने, कहाँ बाहुन बाजे, त्रिपुण्डधारी र पवित्र कहलाइएका । मेल असम्भव !".... "जुठी ! तिमी नीच जातकी भएर के, तिमीमा कस्तो गुण छ, जुन ठुला-ठुला घरानियाँहरूमा पाउन मुस्किल छ । जात-सात भनेको त समाजको एक वर्गले अर्को वर्गलाई होच्याउने एउटा सजिलो उपाय हो; स्वर्थीहरूको ढोङ हो । आपसमा वैमनस्यता ल्याउने बीज हो" (पृ.१३) ।

कथामा प्रस्तुत भएको यस सन्दर्भका माध्यमबाट सानुबाबुमा रहेको जातीय विभेद, दमन र शोषणका विरुद्धको प्रतिरोध स्पष्ट पारिएको छ । उसले मानिस जातले नभएर गुणले योग्य हुन्छ भन्ने विचार राखी परम्परागत विमर्शात्मक संरचनाको प्रतिरोध गरेको छ । ठुलो घर र ठुलो जात नै मानिसको सामर्थ्य होइन भन्ने उसको विचार रहेको छ । उसका विचारमा जात सामाजिक विभाजन, विभेदको आधार र वैमनस्यको बीज हो । यो तत्कालीन समाजमा स्थापित जातिवादी विमर्शप्रतिको शक्तिशाली प्रतिरोध हो । त्यसपछि सानुबाबुले आफ्नै बाबुका अगाडि पनि प्रतिरोधी विचारलाई यसरी व्यक्त गरेको छ :

> "अब त्यस दमिनीलाई छाड्छस् कि छाड्दैनस् ?"
>
> "मैले त्यागनका निमित्त प्रेम गरेको होइन, बा !"
>
> "मेरो जिउ छँदाछँदै यस्तो हुन सक्दैन ।"
>
> "या तैंले घर छोड्नु पर्छ या त्यसलाई । तेरो निमित्त यही दुई बाटा छन्, त्यसमध्ये एउटालाई छान्नु पर्छ ।" सानुबाबु बडो अप्ठ्यारोमा परे, उनले केही पनि जवाफ दिएनन् (पृ.१४-१५) ।

कथामा उल्लेख गरिएको यस सन्दर्भमा नयाँ र पुरानो पुस्ताका बिचको वैचारिक द्वन्द्वलाई देखाइएको छ । त्यस क्रममा पुरानो पुस्ताको अडानका अगाडि नयाँ पुस्ताको प्रतिरोध कमजोर भएको छ । समाजमा स्थापित असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धका कारण पुरानो पुस्ताको विचार शक्तिशाली छ । त्यसले उच्चजातकै भए पनि नयाँ पुस्ताको प्रगतिशील स्वरूपको प्रतिरोधलाई विफल तुल्याएको छ ।

असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धका कारण यस कथामा निम्नजातका पात्रहरूले आफूमाथि भएका अन्यायको अपेक्षित प्रतिरोध गर्न सकेका छैनन् । साहिँला बाजेले गरेको षड्यन्त्र थाहा पाएर पनि जुठीले गाउँ छाड्नै पर्ने बाध्यताको प्रतिरोध सफल ढङ्गले गर्न सकेकी छैन । यस अवस्थामा उसले गरेको प्रतिरोधलाई कथामा यसरी उल्लेख गरिएको छ : "गाउँ छोड्नु पर्ने

कुराले उसको वेदना साउन भदौको बादल जस्तो गरी उठेर आयो र बाढी आएको नदी जस्तो गरी आँखाबाट अविरल अश्रुप्रवाह छुट्न थाल्यो । ऊ रातभर सुतिन, रुँदैमा उसको समय बित्यो" (पृ.१७) । जुठीको यस अवस्थाको विश्लेषणबाट उसको कमजोर प्रतिरोध पहिचान गर्न सकिन्छ । उसले आफूमाथि भएको अन्याय र षड्यन्त्रलाई बुझेर पनि रुनुबाहेक कुनै उपाय गर्न सकेकी छैन । त्यसैगरी खुँडे दमाईले पनि आफूमाथि भएको अन्यायको आवश्यक प्रतिरोध गर्न सकेको छैन । उसले समाजमा आफूमाथि भएको अन्यायलाई बोध गरेको छ तर समाजको सीमा नाघेपछि मात्र त्यसको विरुद्धमा बोलेको छ । यस सन्दर्भलाई कथामा यसरी व्यक्त गरिएको छ :

> "नानी ! त्यसरी के रोएकी ? हामी परदेश जान लागेका होइनम् ! नेपाल सबै आफ्नै हो । जहाँ बसे पनि त हामी गरीबको निमित्त एकै हो । यहीँ पनि त हामीले कुन दूध-भात खान पाएका छौं र ? छिः छिः र दुत्कारबाहेक हामीले यहाँ के बढ्ता पाउँथ्यौं ?" खुँडेले छोरीको टाउकामाथि हात राख्दै भन्यो (पृ.१९) ।

खुँडेको यो कथनबाट उनीहरूले आजीवन भोग्नुपरेको पीडाको प्रतिरोध व्यक्त भएको छ । उनीहरूले जहाँ बसे पनि अन्याय सहनुपर्ने कुरामा उसको सहमति छैन । सधैँ अभाव र भोकको सामना गरेर पनि घृणा र अपमान सहनुपर्ने परिस्थितिप्रति ऊ विद्रोही बनेको छ । उसको यो विद्रोह समाजको सीमाभन्दा बाहिर पुगेपछि मात्र व्यक्त भएको छ । त्यसकारण यसले जातीय आधारमा हुने अन्यायको समस्यालाई समाधान गर्न सहयोग गरेको छैन ।

'त्याग' कथाको समाजमा स्थापित परम्परागत स्वरूपको विमर्शात्मक संरचना रहेको हुनाले निम्नजातको प्रतिरोध कमजोर भएको छ । असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धका कारण निम्नजातका मानिसहरू विभेद, दमन र शोषणमा परेका छन् । उनीहरूले यस्तो अन्यायपूर्ण अवस्थाको प्रतिरोध गरेका भए पनि त्यो सफल हुन सकेको छैन । उच्चजातकै पनि शिक्षित युवा पुस्ताले जातीय विभेदको प्रतिरोध गरेको छ । सामन्तवादी विमर्शात्मक संरचनामा रहेको विभेदकारी ज्ञानले त्यसलाई पनि सफल हुन दिएको छैन । उच्चजातले सत्ताको केन्द्रमा बसेर निम्नजातलाई षड्यन्त्र गरी समाज र जीवनका सबै क्षेत्रका अधिकारबाट वञ्चित गराउनकै लागि कमजोर तुल्याएको छ । त्यसले यस कथामा प्रतिरोधी विचारलाई समाप्त पारी निम्नजातका पात्रको जीवनलाई समस्याग्रस्त अवस्थामा पुऱ्याएको छ ।

रमेश विकलद्वारा लेखिएको 'वीरेकी आमा' कथामा परम्परागत वर्णव्यवस्थाबाट प्रभावित विमर्शात्मक संरचना रहेको हुनाले अधीनस्थ जातिको प्रतिरोध विफल भएको छ । असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धका कारण यस कथामा जातीय विभेद, दमन र शोषण भएको छ । वीरेकी आमाले आफूमाथि भएका अन्यायको कडा प्रतिरोध गरेकी भए पनि असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धका कारण त्यो सफल हुन सकेको छैन । परम्परागत सामाजिक शक्तिसंरचनाले उसलाई समाजबाट एक्ल्याएको छ । उत्पादनका साधन र श्रमको मूल्यमा उच्चजातकै वर्चस्व रहेको छ । यी सबै प्रतिकूल अवस्थामा पनि वीरेकी आमाले आफ्नो प्रतिरोधलाई निर्धक्कसँग प्रस्तुत

गरेकी छ । माइला बाहुनले काम लगाएर उचित पारिश्रमिक नदिएकामा वीरेकी आमाले गरेको प्रतिरोधलाई कथामा यसरी उल्लेख गरिएको छ :

> "गरिबमारा काठो, असत्ती काठो, त्यसको भस्मखरानी भा देखिहालूँ, परमेश्वरी ।....त्यै माइलो काठो गरिबमारा,....धनी भएँ भनेर होला...मर्न नसकेको कात्तिके ! हिजो बेलुकी पेट दुखेर सन्चो भएन, जरो पनि आयो, ... सक्तिनँ भन्दा पनि कर लगाएर बिहान धान कुट्न गएँ; आधा माना चामल दिएको पनि कनिकाको मियैमिया ! मर्न नसकेको काठो" (पृ.५५-५६) ।

कथामा प्रस्तुत भएको यस सन्दर्भका माध्यमबाट वीरेकी आमामा भएको शक्तिशाली प्रतिरोध क्षमतामाथि प्रकाश पारिएको छ । ऊ श्रमको शोषणलाई सहन नसक्ने र तत्काल प्रतिरोध गर्ने पात्रका रूपमा प्रस्तुत भएकी छ । उसले समाजमा उच्चजातले गरेको श्रमको शोषणलाई सामाजिक स्तरबाटै विद्रोह गरी सबैका अगाडि पोखिदिएकी छ । त्यसैगरी घिमिरे बाहुनले काम लगाएर उचित ज्याला नदिएका विषयमा पनि वीरेकी आमाले सार्वजनिक रूपमा नै प्रतिरोध जनाएकी छ । उसले यस अवस्थामा गरेको प्रतिरोधलाई कथामा यसरी प्रस्तुत गरिएको छ :

> "भस्मखरानी होस् ! सन्तानको मुख देख्न पनि नपाइजाओस् ! पापी असत्ती काठो । ... यत्रो डुङ्गुर लुगा धुन लायो, ह्याँ आफ्नो पाखुरा दुखेर अझसम्म ! दिउँसो खाजा खान पनि दिएन । एउटा घिरौँला टिपेकी, भरे ढिडोसँग मिठो गरी खाउँला भनेको त चोर्नी पो भन्यो ! ... मर्न नसकेको काठो ! ...ह्याँ आफ्नो दुलै बज्यैको काम गरिदिएको त एक माना चामल, नुन, तिउन सबैथोक दिन्छन्" (पृ.५७) ।

माथिको सन्दर्भका माध्यमबाट समाजमा भएको उच्चजातीय दमन र शोषणका विरुद्धमा निम्नजातले गरेको विद्रोहलाई प्रकाश पारिएको छ । समाजमा उच्चजातले काम लगाउने तर खाजा पनि खान नदिने र सामान्य कुरामा चोरको आरोप लगाएर अपमान गर्ने जातीय दमनको प्रतिरोध वीरेकी आमाका माध्यमबाट भएको छ । उसले अन्याय गर्नेको विरोध मात्र गरेकी छैन, श्रमको उचित मूल्य दिनेको सम्मान पनि गरेकी छ । वीरेकी आमाको यो प्रतिरोध अत्यन्त उग्र स्वरूपको भए पनि त्यसले समाजमा रहेको जातीय विभेद, दमन र शोषणको समस्या समाधान गर्न भने सहयोग गरेको छैन । वीरेकी आमासँग रहेको प्रतिरोध चेतनालाई अझ स्पष्ट पार्दै कथाकारले लेखेका छन् : "...जब ऊ कुनै बखत यही नगण्य अधिकार र कर्तव्यको सीमाबाट पनि जबरजस्ती बाहिर मिल्काइन्थी, त्यसै बेला उसको भित्रको सुप्त मानव विद्रोहको राँको लिएर उठ्थ्यो, गोली श्रापको माध्यमबाट आफ्नो विद्रोहको प्रदर्शन गर्दै तमाम गाउँ हल्लाइदिन्थ्यो" (पृ.५९-६०) । लेखकले गरेको वीरेकी आमाको यो मूल्याङ्कनमा पनि उसमा रहेको प्रतिरोध चेतनालाई स्पष्ट पारिएको छ । ऊ कुनै पनि अवस्थामा आफ्नो अधिकार खोसिएको सहन नसक्ने पात्रका रूपमा प्रस्तुत भएकी छ । अन्यायका विरुद्धमा ऊभित्रको मानव राँको र गोलीका रूपमा उभिन्थ्यो भन्ने लेखकको स्वीकृति रहेको छ । यस्तो अवस्थामा पनि वीरेकी आमाको प्रतिरोधलाई

सुनुवाई गरिएको छैन । उसको आवाज जतिसुकै ठुलो भए पनि त्यसले कुनै किनारा छुन सकेको छैन ।

'वीरेकी आमा' कथामा रहेको बहुजातीय समाजभित्र निम्नजातको शक्तिशाली प्रतिरोध पनि विफल भएको छ । तत्कालीन समाजमा परम्पराको वर्णव्यवस्थाका आधारमा निर्मित असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्धले यस कथामा उच्च र निम्नजातका लागि अलग अलग स्थान तय गरिदिएको छ । त्यसले मानिसको खास जातलाई उपेक्षा गरेर समाजमा उच्च र निम्नजातको विभेदकारी आधार स्थापित गरेको हुनाले निम्नजातको प्रतिरोध कमजोर भएको छ । यस प्रकारको कार्यका विरुद्धमा वीरेकी आमाले अत्यन्त कडा प्रतिरोध जनाएकी छ । समाजमा स्थापित परम्परागत विभेदकारी संचनाका कारण उसको प्रतिरोधले कुनै निर्णायक स्थान पाउन सकेको छैन । त्यसकारण निम्नजातले जति बोले पनि विभेद, दमन र शोषण यथावत् नै कायम रहेको छ । सीमान्तीकृत समुदायका मानिसले जति आवाज उठाए पनि त्यसले स्थान पाउँदैन भन्ने सैद्धान्तिक मान्यता यस कथामा पुष्टि भएको छ । उत्पादनका साधन र श्रमको मूल्यमा उच्चजातकै प्रभुत्व रहेको छ । त्यसकै बलमा निम्नजातको प्रतिरोधलाई कमजोर बनाएर सीमान्तीकृत अवस्थाबाट उठ्नै नदिई मृत्युको मुखमा पुऱ्याइएको छ ।

### ६.६ निष्कर्ष

प्रस्तुत शोधकार्यको यस अध्यायमा यथार्थवादी नेपाली कथामा भएको वर्गीय, जातीय र लैङ्गिक विभेद, दमन र शोषणका विरुद्धमा अधीनस्थ समुदायका पात्रले गरेको प्रतिरोधको विश्लेषण गरिएको छ । यस धाराका वर्गीय दृष्टिले अध्ययनीय रहेका कथाहरूमा धिताल, कर्णेल, पण्डित, साहु, कप्तान, हाकिम, मुखिया, बाबु साहेब, काजी, जिम्वाल र द्वारे उच्च वर्गीय पात्रहरू दमनकारी चरित्रका रूपमा प्रस्तुत भएका छन् । उनीहरूले गरेका विभेद, दमन र शोषणका विरुद्धमा निम्नवर्गका हरुवा थारू, काले, भुजेल, सोनमा, भजना, जनकु, तोर्मे र लुखुरेले प्रतिरोध गरेका छन् । वर्गीय प्रतिरोधका क्रममा निम्नवर्गका पात्रहरूले अधिकांश स्थानमा मौन रहेर, एक्लै रिसाएर, आँखा तरेर, अटेर गरेर, गुनासो गरेर प्रतिरोध गरेका छन् । त्यसै गरी उच्चवर्गका अन्यायपूर्ण कार्यका विरुद्धमा निम्नवर्गका पात्रहरूले प्रत्यक्ष रूपमा बोलेरै पनि प्रतिरोध जनाएका छन् । यस धाराका कथामा अधीनस्थ समुदायका पात्रहरूले जेजसरी प्रतिरोध जनाएका भए पनि त्यो सफल हुन सकेको छैन । तत्कालीन समाजमा रहेको सामन्तवादी व्यवस्था, उत्पादनका साधनमाथिको उच्च वर्गीय वर्चस्व, प्रभुत्व तथा निम्नवर्गका विरुद्धमा निर्मित विमर्शात्मक संरचनाका कारण निम्नवर्गले गरेको सबै प्रकारको प्रतिरोध विफल भएको देखिन्छ । त्यसकारण यस धाराका कथामा वर्गीय शक्तिसम्बन्ध असन्तुलित हुन पुगेकाले निम्नवर्गको जीवन अधीनस्थ अवस्थामा पुगेको छ ।

यथार्थवादी धाराका कथाहरूमा पितृसत्ता नारीमाथिको विभेद, दमन र शोषणको प्रमुख आधार बनेको छ । यस आधारमा विश्लेषित कथाहरूभित्र नारीलाई भोगको साधन बनाएर, शारीरिक र मानसिक दबाब र तनाव सिर्जना गरेर, बालविवाह र अनमेल विवाह गरेर, सन्तान

जन्माउने साधनका रूपमा उपयोग गरेर, श्रमको शोषण गरेर, विधवा अवस्थामा घृणा र अपमान गरेर आदि अनेक ढङ्गले विभेद, दमन र शोषण गरिएको छ । पुरुष समुदायबाट गरिएका यस प्रकारका अमानवीय कार्यका विरुद्धमा यस धाराका कथामा भएका नारी पात्रहरूले कतै मौन रूपमा बसेर, कतै घर छोडेर, कतै प्रत्यक्ष रूपमा बोलेर र कतै विवश भई आत्महत्या गरेर पनि प्रतिरोध जनाएका छन् ।

यथार्थवादी धाराका कथाका नारी पात्रहरूले पुरुषबाट भएका अन्यायका विरुद्धमा घरै छोडेर पनि प्रतिरोध जनाएका छन् । आफूमाथि भएको अन्यायका विरुद्धमा प्रत्यक्ष रूपमै बोलेर पनि नारी पात्रले प्रतिरोध गरेका छन् । नारी पात्रले आफूमाथि भएको अन्यायको कुनै समाधान नपाएपछि बाध्य भएर आत्महत्याको बाटो अवलम्बन गरेर पनि प्रतिरोध जनाएका छन् । यस धाराका नारी पात्रहरूले जुन जुन रूपमा प्रतिरोध गरेका भए पनि ती सबै प्रकारका प्रतिरोधहरू विफल भएका छन् । त्यसका लागि तत्कालीन समाजमा स्थापित सामन्तवादी शासन व्यवस्थाको बलियो आधारमा उभिएको पितृसत्ता र त्यसले निर्माण गरेको नारीविरोधी विमर्शात्मक संरचना प्रमुख कारण बनेको देखिन्छ । त्यसैले यस धाराका कथामा लैङ्गिक शक्तिसम्बन्धलाई असन्तुलित बनाएको हुनाले नारीको जीवन अधीनस्थ अवस्थाबाट माथि उठ्न सकेको छैन ।

नेपाली समाजको विभाजनमा जातसम्बन्धी अवधारणा पनि एउटा प्रमुख आधार बनेको छ । यथार्थवादी धाराका आधुनिक नेपाली कथाहरूमा त्यसको प्रत्यक्ष प्रभाव परेको पाइन्छ । हिन्दु परम्पराको वर्णव्यवस्थाबाट निर्देशित जातिवादी चिन्तनका आधारमा यस धाराका कथामा रहेका पात्रहरू उच्चजात र निम्नजातमा विभाजित भएका छन् । उच्चजातका मणिधर, पण्डित, मुखिया, सुब्बा र पाध्ये दमनकारी शोषक चरित्रमा प्रस्तुत भएका छन् भने निम्नजातका पुड्के दमाई, सार्की, हर्के, घर्तीहरू दमित तथा शोषित पात्रका रूपमा चित्रित छन् । यस धाराका कथामा उच्चजातले निम्नजातलाई जातकै आधारमा श्रमको शोषण गरेर, घरबास हडपेर, सामाजिक रूपमा वञ्चितीकरणमा पारेर, वैवाहिक सम्बन्धमा रोक लगाएर, छवाछुत गरेर, शारीरिक र मानसिक यातना दिएर, षड्यन्त्र गरेर, कानुन हातमा लिएर अपमान, घृणा र तिरस्कार गरेर विभेद दमन र शोषण गरेको छ । त्यसका विरुद्धमा निम्नजातका पात्रहरूले प्रत्यक्ष वा परोक्ष रूपमा समाजसापेक्षित प्रतिरोध गरेका छन् ।

निम्नजातका पात्रहरूले आफूमाथि भएको अन्यायका विरुद्धमा कतै मौन रहेर प्रतिरोध गरेका छन् भने कतै प्रत्यक्ष रूपमा बोलेर अनि कतै शारीरिक रूपमै प्रतिरोध गरेका छन् । त्यसै गरी यस धाराका कथामा निम्नजातका पात्रहरूले आफूमाथि भएको अमानवीय कार्यका विरुद्धमा प्रत्यक्ष रूपमा तत्कालै बोलेर पनि प्रतिरोध जनाएका छन् । निम्नजातका पात्रले आफू र आफ्नो थातथलोमाथि आक्रमण गर्न आउने उच्चजातका पात्रमाथि शारीरिक रूपमै प्रतिकार पनि गरेका छन् । कथामा निम्नजातका पात्रहरूले जुन जुन रूपमा प्रतिरोध गरेको भए पनि त्यो सफल हुन सकेको छैन । त्यसका लागि समाजमा परम्परागत रूपमै जरा गाडेर बसेको वर्णव्यवस्था र

त्यसकै आधारमा उभिएको निम्नजातका विरुद्धको विमर्शात्मक संरचना प्रमुख कारण बनेको देखिन्छ ।

यथार्थवादी धाराका नेपाली कथाहरूमा वर्गीय, जातीय र लैङ्गिक दृष्टिबाट अत्यन्त धेरै विभेद, दमन, शोषण र उत्पीडनहरू भएका छन् । त्यस प्रकारका अन्यायी एवम् अमानवीय कार्यका विरुद्धमा अधीनस्थ समुदायका पात्रहरूले उल्लेख्य मात्रामा विविध प्रकारका प्रतिरोधहरू पनि गरेका छन् । यसरी अधीनस्थ समुदायले गरेको कुनै पनि प्रतिरोध सफल हुन सकेको छैन । नेपाली समाजमा विद्यमान सामन्तवाद, पितृसत्ता र वर्णव्यवस्था तथा तिनको वर्चस्वका कारण उत्पीडनमा परेका सीमान्त वर्गको सशक्त प्रतिरोध हुन नसक्नु स्वाभाविक देखिन्छ । यही कारण प्रस्तुत कथाहरूमा प्रतिरोध चेतना प्रबल बन्न सकेको छैन । यस समयमा नेपाली समाजमा जागरण र चेतना पूर्ण विकास नभएको र त्यही सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्थाको चित्रणका क्रममा शक्तिसम्बन्धको उत्पीडनकारी स्वर तीव्र रहेको छ भने प्रतिरोधी स्वर निम्छरो हुन पुगेको छ । यसरी प्रतिरोध शक्तिसम्बन्धमा तीव्रता, गति र सचेतता नहुँदा यी कथाका दमित पात्र पनि प्रतिरोधी बन्न नसकेको निष्कर्ष यस अध्यायबाट प्राप्त हुन्छ ।

# अध्याय सात

# सारांश, प्राप्ति तथा निष्कर्ष

## ७.१ सारांश

*यथार्थवादी नेपाली कथामा शक्तिसम्बन्ध* शीर्षकको शोधप्रबन्धको दोस्रो अध्यायमा *यथार्थवादी नेपाली कथाको सर्वेक्षण र नमुना छनोट* शीर्षकअन्तर्गत १९९२ देखि २०१९ सम्ममा प्रकाशित भएका यथार्थवादी धाराका जम्मा ५१ जना कथाकारहरूका ४९८ कथाहरूको अध्ययन गरी वर्गीय, लैङ्गिक र जातीय शक्तिसम्बन्धका दृष्टिले अध्ययनीय ९९ ओटा कथाको सर्वेक्षणपश्चात् विश्लेषणका लागि जम्मा ३१ ओटा कथा छनोट गरिएको छ । वर्गीय शक्तिसम्बन्धको अध्ययनका लागि जम्मा ४३ ओटा कथाको सर्वेक्षण गरी १३ ओटा कथा विश्लेषणका लागि नमुना छनोट गरिएको छ । उक्त कथाहरूको सर्वेक्षणका क्रममा वर्गीय सम्बन्धको निर्मिति, वर्गीय चेतना, वर्गीय हित अनि वर्गीय विभेद, दमन र शोषणलाई प्रमुख आधार मानिएको छ । त्यसैगरी लैङ्गिक शक्तिसम्बन्धको अध्ययनका लागि ३१ ओटा कथाको सर्वेक्षणपश्चात् १० ओटा कथा नमुना विश्लेषणका लागि चयन गरिएको छ । त्यस क्रममा लैङ्गिक शक्तिसम्बन्ध, पितृसत्ता अनि लैङ्गिक विभेद, दमन र शोषणलाई प्रमुख आधार मानिएको छ । जातीय शक्तिसम्बन्धको विश्लेषणका लागि २५ ओटा कथाको सर्वेक्षणपछि आठ ओटा कथा नमुना विश्लेषणका लागि चयन गरिएको छ । यस क्रममा जातीय शक्तिसम्बन्ध, जातीय विभेद अनि जातीय दमन र शोषणलाई प्रमुख आधार मानिएको छ ।

प्रस्तुत शोधप्रबन्धको तेस्रो अध्यायमा *यथार्थवादी नेपाली कथामा वर्गीय शक्तिसम्बन्ध* शीर्षकभित्र वर्गीय शक्तिसम्बन्धको सैद्धान्तिक अवधारणाको निर्माण गरी त्यसका आधारमा यथार्थवादी नेपाली कथामा भएको वर्गीय शक्तिसम्बन्धको विश्लेषण गरिएको छ । उक्त विश्लेषणका लागि वर्गीय सम्बन्धको निर्मिति, वर्गीय हित, वर्गीय चेतना अनि वर्गीय विभेद, दमन र शोषणलाई प्रमुख आधार मानिएको छ । अध्याय दुईमा वर्गीय शक्तिसम्बन्धका दृष्टिबाट विश्लेषणीय ठानी नमुना छनोट गरिएका जम्मा १३ ओटा कथाको विश्लेषण गरिएको छ ।

वर्गीय शक्तिसम्बन्धको विश्लेषणका क्रममा वर्गीय सम्बन्धको पहिचान गर्दा सामन्तवादी विमर्शात्मक संरचना, उत्पादनका साधनमाथिको पहुँच, सामाजिक प्रभुत्व, स्थानीय र केन्द्रीय सत्तासँगको सम्बन्ध, ज्ञान र शक्तिको अवस्था, अधीनस्थताको अवस्थालाई विशेष ध्यान पुऱ्याइएको छ । त्यसैगरी वर्गीय चेतनाको विश्लेषण गर्दा उच्च र निम्नवर्गमा रहेको विपरीतधर्मी स्वार्थमा आधारित वर्गबोधसहितको चेतनालाई ध्यान दिइएको छ । वर्गीय हितको विश्लेषण गर्दा उत्पादनका साधनमाथिको स्वामित्व, श्रमको मूल्यको अवस्था, वितरण प्रणाली, अन्तरविरोध, सवर्गी र विरोधी वर्गका हितमा भएका कार्यलाई प्रमुख आधार मानिएको छ । त्यसैगरी वर्गीय विभेद, दमन र शोषणको विश्लेषण गर्दा उच्च र निम्नवर्गको सामाजिक स्थान, सामन्तवादी विमर्शात्मक

संरचना, ज्ञान र शक्तिको अवस्था, उत्पादनका साधनमाथिको वर्चस्व, सामाजिक प्रभुत्व, अधीनस्थताको अवस्था, स्थानीय र केन्द्रीय सत्तासँगको सम्बन्ध, श्रमको मूल्य निर्धारण, सामाजिक न्याय, श्रमको अतिरिक्त मूल्यको अवस्था, परम्परित र कानुनी अवस्था आदिलाई ध्यान पुऱ्याइएको छ ।

वर्गीय सम्बन्धको विश्लेषण गर्दा समाजमा सामन्तवादी विमर्शात्मक संरचना क्रियाशील रहेका कारण उत्पादनका साधनमाथि उच्चवर्गीय वर्चस्व कायम भएको पाइन्छ । त्यसले उच्चवर्गलाई सामाजिक प्रभुत्व विस्तार गर्न सहयोग पुऱ्याएको छ । स्थानीय सत्ता उच्चवर्गको वर्चस्वभित्र रहेको र केन्द्रीय सत्तासम्मको पहुँच पनि उच्चवर्गकै मात्र भएको हुनाले निम्नवर्ग समस्यामा परेको छ । सामन्तवादी विमर्शात्मक संरचनाका माध्यमबाट निर्मित र प्रसारित ज्ञानका कारण वर्गीय सम्बन्ध शत्रुतापूर्ण भएको छ । त्यसले निम्नवर्गलाई उच्चवर्गको अधीनस्थताभित्र बलपूर्वक पुऱ्याएको छ । माथिका यिनै कारणहरूले तत्कालीन समाजको वर्गीय सम्बन्ध असन्तुलित बनेको छ ।

वर्गीय चेतनाको विश्लेषण गर्दा सबै कथामा रहेका उच्चवर्गका पात्रमा सचेतता पाइए पनि निम्नवर्गका पात्रमा त्यस्तो अवस्था छैन । उच्चवर्गमा स्पष्ट रूपमै वर्गबोध भए पनि निम्नवर्ग अवसरका अभावमा कमजोर भएको छ । आफूमाथिको विभेद, दमन र शोषणलाई पहिचान गर्न सक्ने ज्ञानको अभावका कारण निम्नवर्गमा वर्गीय चेतना जागृत हुन सकेको छैन । उच्चवर्गले शक्तिलाई एकतर्फी रूपमा प्रयोग गरेकै कारण निम्नवर्ग वर्गीय ज्ञानबाट विमुख भएको छ । निम्नवर्गका केही पात्रहरूमा वर्गीय चेतना जागृत भएको भए पनि कतै ढिलो भएको छ भने कतै शक्तिको अभाव र कतै सामन्ती ढाँचाको विमर्शात्मक संरचनाका कारण त्यसले विकसित हुने अवसर पाएको छैन । यसरी निम्नवर्गको वर्गीय चेतना कमजोर भएका कारणले तत्कालीन समाजको वर्गीय शक्तिसम्बन्ध असन्तुलित बनेको छ ।

शोधकार्यमा विश्लेषण गरिएका सबै कथाहरूमा उच्चवर्ग आफ्नो वर्गीय हितमा स्पष्ट भए पनि निम्नवर्ग वर्गीय हितका सम्बन्धमा विभाजित रहेको छ । तत्कालीन समाजमा उत्पादनका सबै साधनमाथि उच्चवर्गको वर्चस्व रहेको हुनाले वितरण प्रणाली र सामाजिक प्रभुत्वमा पनि उच्चवर्गकै आधिपत्य स्थापित भएको छ । त्यसकारण निम्नवर्गको श्रमको मूल्य निर्धारण गरी श्रमको अतिरिक्त मूल्यलाई आफ्ना हितमा प्रयोग गर्ने अवसर उच्चवर्गले पाएको छ । एकातिर शक्तिका अभावमा निम्नवर्गले चाहेर पनि आफ्नो वर्गको हितमा काम गर्न सकेको छैन भने अर्कातिर ज्ञानका अभावमा मित्र वर्ग र शत्रु वर्ग छुट्याउन सकेको छैन । त्यसले निम्नवर्गलाई आफ्नो वर्गको अहित हुने गरी उच्चवर्गको हितमा क्रियाशील गराएको छ । यसबाट तत्कालीन समाजमा रहेको असमान वर्गीय हितले वर्गीय शक्तिसम्बन्धलाई असन्तुलित बनाएको स्पष्ट हुन्छ ।

वर्गीय विभेद, दमन र शोषणका दृष्टिबाट विश्लेषण गरिएका सबै कथाहरूमा सामन्तवादी दमन र शोषणको स्वरूप प्रकट भएको छ । तत्कालीन समाज स्थापित सामन्ती ढाँचाको विमर्शात्मक संरचनाका कारण उच्चवर्गले समाजमा उच्चस्थान पाएको छ भने निम्नवर्गले निम्नस्थान नै पाएको छ । त्यसले उच्चवर्गलाई शासक र निम्नवर्गलाई शासितको स्थान तय

गरिदिएर वर्गीय दमन र शोषणका लागि आधार तयार पारेको छ । उत्पादनका सबै साधन र सामाजिक प्रभुत्वमा उच्चवर्गकै वर्चस्व रहेको हुनाले निम्नवर्ग अधीनस्थ अवस्थामा पुगेको छ । स्थानीय सत्तामा उच्चवर्गकै वर्चस्व रहेको र केन्द्रीय सत्तासम्मको पहुँचसमेत उच्चवर्गकै भएका कारण श्रमको मूल्य निर्धारण, सामाजिक न्याय, श्रमको अतिरिक्त मूल्यको शोषण जस्ता कार्यमा उसले छुट पाएको छ । त्यसलाई समाजमा स्थापित विमर्शात्मक संरचना, सत्तासम्बन्ध, परमपरागत सोच र संस्कृतिले वैधता प्रदान गरेको छ । यी सबै परिस्थिति र अवस्थालाई अवसरका रूपमा प्रयोग गरी उच्चवर्गले निम्नवर्गमाथि विभेद, दमन र शोषण गर्दा निम्नवर्गको जीवन उत्पीडनमा परेको छ । त्यस क्रममा निम्न र उच्चवर्गका बिचको वर्गीय सम्बन्धको निर्मिति शत्रुतापूर्ण भएको, उच्चवर्गमा वर्गीय हित स्पष्ट भए पनि निम्नवर्गमा त्यस्तो अवस्था नरहेको निष्कर्ष प्राप्त भएको छ । त्यसैगरी उच्चवर्गमा वर्गीय चेतना प्रबल भए पनि निम्नवर्गमा कमजोर भएको जानकारी विश्लेषणबाट प्राप्त भएको छ । यिनै कारणले समाजमा निम्नवर्गमाथि विभेद, दमन र शोषण भएकाले उनीहरू अधीनस्थ अवस्थाबाट माथि आउन नसकेको देखिन्छ । त्यसकारण यथार्थवादी नेपाली कथामा वर्गीय शक्तिसम्बन्ध असन्तुलित भएको निष्कर्ष निकालिएको छ । उक्त निष्कर्षलाई प्रमाणित गर्ने 'लाहुरी भैँसी', 'दाङका थारू', 'तेसू खोलो' र 'सत्यको बाटो' उत्कृष्ट कथाहरू हुन् ।

शोधप्रबन्धको चौथो अध्यायमा *यथार्थवादी नेपाली कथामा लैङ्गिक शक्तिसम्बन्ध* शीर्षकअन्तर्गत लैङ्गिक शक्तिसम्बन्धको सैद्धान्तिक अवधारणा निर्माण गरी त्यसका आधारमा यथार्थवादी नेपाली कथामा भएको लैङ्गिक शक्तिसम्बन्धको विश्लेषण गरिएको छ । लैङ्गिक शक्तिसम्बन्धको विश्लेषणका क्रममा प्राकृतिक र सामाजिक लिङ्ग, पारिवारिक र सामाजिक सत्तासम्बन्ध, सामन्ती ढाँचाको विमर्शात्मक संरचना, रूढि, अन्धविश्वास, पारिवारिक र सामाजिक नाता, सम्बन्ध, अधीनता र अधीनस्थता आदिमा ध्यान दिइएको छ । त्यसैगरी पितृसत्ताको विश्लेषण गर्दा नारी र पुरुषसम्बन्धी परम्परागत सामाजिक र पारिवारिक दृष्टिकोण, पुरुषवादी स्थापित विमर्शात्मक संरचना, अधीनस्थताको अवस्था, उत्पादनका साधनमाथिको वर्चस्व, श्रमको मूल्यसम्बन्धी आमधारणा, रूढि र अन्धविश्वास, प्रतिरोधको अवस्था आदितर्फ विचार पुऱ्याइएको छ । त्यसैगरी लैङ्गिक विभेद, दमन र शोषणको विश्लेषण गर्दा पितृसत्ता, सामन्तवादी-पुँजीवादी ढाँचाको विमर्शात्मक विमर्शात्मक संरचना, पारिवारिक, सामाजिक र केन्द्रीय सत्तासम्बन्ध, परम्परा र न्याय, दबाब र तनाव, उत्पादनका साधनमाथिको वर्चस्व, सामाजिक प्रभुत्व, अधीनस्थताको अवस्था, प्रतिरोध, अन्धविश्वास, श्रमको मूल्य र वितरण प्रणाली, नारीको शरीरमाथिको भोगवादी दृष्टिकोण, नातासम्बन्धभित्रको परम्परागत धारणा, धार्मिक, सांस्कृतिक मान्यता, ज्ञानको निर्माण र प्रसारण, ज्ञान र सत्ताको सम्बन्ध, भाषाको प्रयोग, कानुन, मूल्यमान्यता र वैधताको अवस्था आदिलाई प्रमुख आधार बनाइएको छ ।

लैङ्गिक सम्बन्धका दृष्टिबाट विश्लेषण गरिएका कथाहरूमध्ये दुई रुपियाँ नोट कथामा पुँजीवादी ढाँचाको विमर्शात्मक संरचना रहेको छ भने अन्य सबै कथाहरूमा सामन्तवादी स्वरूपको विमर्शात्मक संरचना क्रियाशील छ । विश्लेषित कथाहरूमा मानिसको प्राकृतिक लिङ्गका विपरीत सामाजिक, सांस्कृतिक आधारमा निर्मित विभेदकारी लैङ्गिक शक्तिसम्बन्ध

स्थापित भएको छ । त्यसले पारिवारिक र सामाजिक सत्ता पुरुषका हातमा सुम्पिएर असमान लैङ्गिक शक्तिसम्बन्ध निर्माण गरेको छ । विमर्शात्मक संरचनामा रहेको रूढि, अन्धविश्वास र कतिपय परम्परागत सांस्कृतिक मान्यताहरूले पनि नारी र पुरुषको सम्बन्धमा असमानता ल्याउन भरथेग गरेका छन् । पारिवारिक र सामाजिक क्षेत्रमा परम्पराले तय गरेका लैङ्गिक शक्तिसम्बन्धका आधारहरू नारीका विपक्षमा भएका कारणले पनि लैङ्गिक शक्तिसम्बन्धमा समता आउन सकेको छैन । उत्पादनका साधन, वितरण प्रणाली र श्रमको मूल्य निर्धारणमा नारीको सहभागिता शून्य भएकाले नारीहरूको अवस्था अधीनस्थ बनेको छ । यी सबै तथ्यहरूलाई आधार मानी तत्कालीन समाजको लैङ्गिक शक्तिसम्बन्ध असमानतापूर्ण थियो भन्ने निष्कर्ष निकालिएको छ ।

पितृसत्तात्मक कोणबाट विश्लेषण गरिएका कथाहरूमा सामन्तवादी-पुँजीवादी स्वरूपको विभेदकारी विमर्शात्मक संरचना रहेको छ । त्यसले परम्परागत रूपमै नारी र पुरुषलाई हेर्ने विभेदकारी दृष्टिकोण निर्माण गरेको छ । समाजमा स्थापित पुरुषवादी विमर्शात्मक संरचनाले पुरुषलाई वर्चस्वशाली र महिलालाई अधीनस्थ बनाएको छ । नारीको श्रमलाई अवमूल्यन गर्ने र पुरुषको श्रमलाई मूल्यवान् बनाउने कार्यमा पनि उक्त संरचनाकै भूमिका निर्णायक बनेको छ । उत्पादनका साधनमाथिको पुरुषको एकाधिकार र वितरण प्रणालीमा रहेको एकपक्षीय वर्चस्वले पनि पितृसत्तालाई नै बलियो बनाएको छ । तत्कालीन समाजमा विद्यमान विभेदकारी अन्धविश्वास र रूढिले पनि नारीका विपक्षमा आधार निर्माण गरेको छ । त्यसकारण तत्कालीन समाजमा क्रियाशील रहेको पितृसत्ताका कारण लैङ्गिक विभेद, दमन र शोषणको सामन्तवादी स्वरूप प्रकट भएको छ । यिनै कारणहरूले तत्कालीन समाजमा लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित भएको निष्कर्ष निकालिएको छ । 'दुई रुपियाँ नोट', 'छोरीको जात' र 'जिम्मावारी कसको' कथाहरू यस दृष्टिबाट उत्कृष्ट रहेका छन् ।

शोधपत्रको पाँचौं अध्यायमा *यथार्थवादी नेपाली कथामा जातीय शक्तिसम्बन्ध* शीर्षकअन्तर्गत जातीय शक्तिसम्बन्धको सैद्धान्तिक अवधारणा निर्माण गरी त्यसका आधारमा यथार्थवादी नेपाली कथामा भएको जातीय शक्तिसम्बन्धको पहिचान गरिएको छ । जातीय शक्तिसम्बन्धको विश्लेषणका क्रममा हिन्दु परम्पराको वर्णव्यवस्थाका आधारमा निर्मित सामन्ती ढाँचाको विमर्शात्मक संरचना, समाजको बहुजातीय स्वरूप, वैवाहिक सम्बन्धमाथिको प्रतिबन्ध, छुवाछुत र सामाजिक वञ्चितीकरण स्थानीय र केन्द्रीय सत्तासँगको सम्बन्ध, उत्पीडन, शोषण र दमनको रूप, भाषाको प्रयोग, उत्पादनका साधनमाथिको वर्चस्व, सामाजिक प्रभाव, श्रमको मूल्य निर्धारण र वितरण प्रणाली, अधीनस्थताको अवस्थालाई ध्यानमा राखिएको छ । जातीय विभेदको विश्लेषण गर्दा परम्परागत वर्णव्यवस्थाका आधारमा निर्मित विमर्शात्मक संरचना, समाजमा क्रियाशील सामान्तवादी व्यवस्था, जातसम्बन्धी आमधारणा, छुवाछुत, वैवाहिक सम्बन्धमाथिको प्रतिबन्ध, सामाजिक वञ्चितीकरणको अवस्था, जातीय अहङ्कार र हीनत्वबोधको अवस्था, सत्तासम्बन्ध र वैधताको अवस्था, दमन र शोषणको स्वरूप, समान कार्य र अवस्थामा जातसम्बन्धी आमधारणा, ज्ञानको निर्माण र प्रसारण, उत्पादनका साधनमाथिको वर्चस्व र सामाजिक प्रभुत्वलाई आधार बनाइएको छ । जातीय दमन र शोषणको विश्लेषण गर्दा परम्परागत वर्णव्यवस्थामा आधारित विमर्शात्मक

संरचना, जातीय सम्बन्ध, जातीय विभेद, उत्पादनका साधनमाथिको पहुँच, सत्ताको सम्बन्ध र न्यायको निरूपण, उत्पादित वस्तुको वितरण र श्रमको मूल्यनिर्धारण, घृणा र उपेक्षा, अवसर र वञ्चितीकरण, अधीनस्थताको अवस्था, सामाजिक प्रभुत्व, ज्ञानको निर्माण र प्रसारण, भाषाको प्रयोग, शारीरिक अनि मनोवैज्ञानिक दबाब र तनावजस्ता विषयमा खासगरी केन्द्रित गरिएको छ । हिन्दु परम्पराको वर्णव्यवस्थामा आधारित विमर्शात्मक संरचना क्रियाशील रहेको तत्कालीन समाजमा उच्च र निम्नजातका बिचको जातीय सम्बन्ध वैरभावपूर्ण भएको निष्कर्ष निकालिएको छ । परम्पराकै कारण उच्चजातको अधीनस्थतामा निम्नजातले बाँच्नु परेको हुनाले जातीय विभेदको सामन्तवादी स्वरूप प्रकट भएको देखिन्छ । यी दुबै कारणले यस समयका कथामा जातीय दमन र शोषणले निम्नजातको जीवन अधीनस्थ अवस्थाबाट माथि आउन सकेको छैन । त्यसकारण तत्कालीन समाजमा जातीय शक्तिसम्बन्ध असन्तुलित रहेको निष्कर्ष निकालिएको छ ।

जातीय सम्बन्धको विश्लेषण गरिएका सबै कथाहरूमा हिन्दु परम्परामा रहेको वर्णव्यवस्थाद्वारा निर्देशित जातिवादी स्वरूपको विमर्शात्मक संरचना सक्रिय छ । त्यसकै कारण बहुजातीय स्वरूपको समाजलाई जातीय आधारमा खण्डित गरी दमन र शोषणको आधार तय गरिदिएकै कारण जातीय शक्तिसम्बन्ध असन्तुलित भएको छ । परम्परागत वर्णव्यवस्थाकै निर्देशानुसार भिन्न जातमा वैवाहिक सम्बन्धमाथि प्रतिबन्ध, छुवाछुत र सामाजिक बहिष्करण जस्ता अमानवीय कार्यले जातीय मित्रतालाई खण्डित गरेको छ । समाजमा स्थापित विमर्शात्मक संरचनाकै कारण उच्चजातको वर्चस्वमा स्थानीय सत्ता रहेको छ भने केन्द्रीय सत्तामा पनि उच्चजातकै मात्र पहुँच स्थापित भएको छ । यसले उत्पादनका साधन, सामाजिक न्याय र श्रमको मूल्य निर्धारण, वितरण प्रणालीबाट निम्नजातलाई वञ्चित गराएर दमन र शोषणका लागि आधार निर्माण गरेको छ । त्यसैगरी उक्त कार्यका माध्मयबाट निम्नजातलाई आर्थिक दृष्टिले निरुपाय अवस्थामा पुऱ्याएर अधीनस्थ बनाइएको छ । यी सबै कारणले तत्कालीन समाजको जातीय शक्तिसम्बन्ध असन्तुलित थियो भन्ने निष्कर्ष निकालिएको छ ।

जातीय विभेदको विश्लेषण गरिएका सबै कथाहरूमा हिन्दु परम्परामा रहेको जातिवादी वर्णव्यवस्थाबाट निर्देशित विमर्शात्मक संरचना क्रियाशील रहेको छ । समाजमा स्थापित असन्तुलित ढाँचाको जातीय शक्तिसम्बन्ध नै जातीय विभेदको प्रमुख आधार बनेको छ । उक्त संरचनाकै कारण मानिसको प्राकृतिक जातलाई बेवास्ता गरी समाजका मानिसलाई उच्च र निम्नजातमा खण्डित गरेर विभेदको आधार निर्माण गरिएको छ । त्यसलाई उच्चजातद्वारा सामन्तवादी सामाजिक व्यवस्थाको अनुकूल बनाएर जातसम्बन्धी विभेदकारी ज्ञानको निर्माण र प्रसारण गरिएको छ । परम्परागत वर्णव्यवस्थाकै आधारमा भिन्न स्तरका जातका बिचको वैवाहिक सम्बन्धमा रोक लगाउने, छुवाछुत गर्ने र निम्नजातलाई सामाजिक रूपमै बहिष्करणमा पार्ने विभेदकारी अमानवीय कार्यलाई संस्थागत स्वरूप प्रदान गरिएको छ । त्यसबाट कथित उच्चजातमा अहङ्कारको विकास भएको छ भने निम्नजातमा हीनत्वको भावना भरिएको छ । सामन्तवादी शासन व्यवस्थाकै कारण उत्पादनका साधन, वितरण प्रणाली, श्रमको मूल्यनिर्धारण उच्चजातको वर्चस्वभित्र पुगेको छ र त्यसका माध्यमबाट शोषणलाई वैधता प्रदान गरिएको छ । त्यसको औचित्य प्रमाणित गर्नका लागि

जातिवादी, विभेदकारी ज्ञानको निर्माण गरी समाजमा त्यसलाई स्थापित गरिएको छ । उक्त ज्ञानकै माध्यमबाट समाजका सबै क्षेत्रमा उच्चजातकै मात्र प्रभुत्वको विस्तार गरिएको हुनाले विश्लेषित कथाहरूमा जातीय विभेद हुँदा निम्नजातका पात्रहरू उत्पीडनमा परेका छन् । यी सबै तथ्यहरूले तत्कालीन समयको नेपाली समाजमा जातीय शक्तिसम्बन्ध असन्तुलित थियो भन्ने स्पष्ट हुन्छ ।

शोधकार्यमा जातीय दमन र शोषणको विश्लेषण गरिएका सबै कथाहरूमा परम्परागत वर्णव्यवस्थाका आधारमा निर्मित विमर्शात्मक संरचना दमन र शोषणको प्रमुख आधार बनेको छ । उक्त कथाहरूमा रहेको शत्रुतापूर्ण जातीय सम्बन्ध र अमानवीय जातीय विभेद पनि विमर्शात्मक संरचनाकै सहउत्पादन बनी दमन र शोषणका सहायक सामग्री बनेका छन् । विश्लेषित कथाहरूभित्र उत्पादनका साधनमाथि उच्चजातकै वर्चस्व रहेको छ भने स्थानीय र केन्द्रीय सत्तामा पनि उच्चजातकै मात्र प्रभुत्व स्थापित भएको छ । त्यसले निम्नजातमाथिको दमन र शोषणलाई वैधानिक स्वीकृति प्रदान गरेको छ । उत्पादित वस्तुको वितरण र श्रमको मूल्यनिर्धारणमा उच्चजातको एकाधिकारले वैधता पाएकै कारण निम्नजात दमन र शोषणमा परेको छ । सामाजिक बहिष्करण, उपेक्षा र घृणाका कारण निम्नजात सामाजिक र मानसिक रूपमा दमन र शोषणमा परेको छ । जातीय दमन र शोषणलाई संस्थागत गर्नका लागि अन्धविश्वासजन्य विभेदकारी ज्ञानको निर्माण र प्रसारण गरिएको छ । सामाजिक कार्य र व्यवहारमा निम्नजातका पात्रका लागि अपमानजनक भाषाको प्रयोग गरेर मानसिक प्रताडना सिर्जना गरिएको छ भने कतिपय अवस्थामा मरणाशन्न हुनेगरी कुटपिटसमेत गरिएको छ । यसरी विश्लेषित सबै कथाहरूमा निम्नजातका पात्रहरूमाथि शारीरिक र मानसिक दबाब अनि तनाव सिर्जना गरी जातीय दमन र शोषण गरिएको छ । त्यसकारण विश्लेषणका क्रममा प्राप्त भएका सबै तथ्यहरूका आधारमा तत्कालीन नेपाली समाजमा जातीय शक्तिसम्बन्ध असन्तुलित थियो भन्ने निष्कर्ष निकालिएको छ । यस अध्यायमा विश्लेषित कथाहरूमध्ये जातीय शक्तिसम्बन्धका दृष्टिले 'वीरेकी आमा', 'दमाई' र 'ऊ रुन थाल्यो' कथाहरू उत्कृष्ट रहेका छन् ।

शोधप्रबन्धको छैटौँ अध्यायमा *यथार्थवादी नेपाली कथामा प्रतिरोधात्मक शक्तिसम्बन्ध* शीर्षकअन्तर्गत प्रतिरोधसँग सम्बन्धित सैद्धान्तिक अवधारणाको निर्माण गरी त्यसका आधारमा अभिजात वर्गीय विभेद, अन्याय, दमन र शोषणका विरुद्धमा अधीनस्थ समुदायले गरेको प्रतिरोधको विश्लेषण गरिएको छ । त्यस क्रममा उच्चवर्गले निम्नवर्गको श्रमको शोषण गरेर, थातथलो हडपेर, जालझेल तथा षड्यन्त्र गरेर, शारीरिक र मानसिक सजाय दिएर, वर्गकै आधारमा अपमान तथा घृणा गरेर, सधैँ ज्ञान, शक्ति र अवसरहरूबाट विमुख गराएर, उत्पादनका साधन, सामाजिक न्याय र प्रभुत्वबाट वञ्चित गराएर वर्गीय विभेद, दमन र शोषण गरेको अवस्थाको पहिचान गरिएको छ । त्यसका विरुद्धमा निम्नवर्गले मौन रहेर, शारीरिक प्रतिक्रिया व्यक्त गरेर, बोलेर र भौतिक रूपमै प्रतिकार गरेर पनि प्रतिरोध जनाएका छन् तर त्यो सफल हुन सकेको छैन । त्यसकारण वर्गीय विभेद, दमन र शोषणका विरुद्धमा निम्नवर्गले गरेको प्रतिरोध कमजोर भएको निष्कर्ष निकालिएको छ ।

वर्गीय प्रतिरोध विश्लेषण गरिएका सबै कथाहरूमा सामन्तवादी विचारधारालाई समाजमा स्थापित र विकसित गराउन सहयोग गर्ने एकपक्षीय र विभेदकारी स्वरूपको विमर्शात्मक संरचना रहेको छ । त्यसकारण समाजमा भएका सबै प्रकारका उत्पादनका साधनमाथि उच्चवर्गको एकाधिकार रहेको छ । त्यसले उच्चवर्गलाई प्रभुत्व विस्तार गर्न र निम्नवर्गलाई आर्थिक दृष्टिले पराधीन बनाउन निर्णायक भूमिका निर्वाह गरेको छ । त्यसैले समाजको स्थानीय सत्तामा उच्चवर्गको वर्चस्व स्थापित भएको छ भने केन्द्रीय सत्तासम्म पनि उच्चवर्गकै पहुँच विस्तार भएको छ । सत्तासम्बन्धकै कारण श्रमको मूल्यनिर्धारण गर्ने र न्यायिक निर्णय गर्ने अधिकारबाट निम्नवर्गलाई विमुख गराइएको छ । समाजको समकालीन वर्गीय अवस्थालाई धर्म, परम्परा, स्वर्ग, नर्क, भाग्य र भगवानसँग जोडेर विभेदकारी ज्ञानको निर्माण गरी समाजमा प्रसारण गरिएको छ । त्यसका प्रभावमा निम्नवर्गका मानिहरूले पनि अज्ञानताका कारण परम कर्तव्य ठानेर उच्चवर्गको हितमा आफूलाई समाहित गराएका छन् । ज्ञान र शक्तिमाथिको उच्चवर्गीय एकलौटी वर्चस्वका कारण निम्नवर्गमा आवश्यक सचेतताको विकास हुन सकेको छैन । त्यसलाई अवसरका रूपमा उपयोग गरेर उच्चवर्गले चरम दमन र शोषण गरेको छ । त्यस प्रकारको अन्यायलाई समाजमा स्थापित सामन्तवादी विमर्शात्मक संरचनाका माध्यमबाट वैधता प्रदान गरिएको छ । यस प्रकारका अन्यायका विरुद्धमा निम्नवर्गले जुनसुकै प्रकारको प्रतिरोध गरेको भए पनि माथिका सबै अवस्थाहरू एक पक्षीय भएका कारण उक्त प्रतिरोध विफल भएको छ । त्यसकारण तत्कालीन समाजको वर्गीय शक्तिसम्बन्ध असन्तुलित भएको हुनाले निम्नवर्गको प्रतिरोध शक्ति कमजोर भएको निष्कर्ष प्राप्त भएको छ ।

विश्लेषित कथाहरूभित्र पुरुषले नारीमाथि सामाजिक लिङ्गका आधारमा पितृसत्ताको शक्तिका माध्यमबाट विभेद, दमन र शोषण गरेको छ । त्यस क्रममा नारीको शरीरलाई भोगको साधन बनाएर, सन्तान उत्पादन गर्ने साधनका रूपमा उपयोग गरेर, पारिवारिक, सामाजिक र केन्द्रीय सत्तासँग विमुख गराएर, आधारभूत मानवीय अधिकारबाट वञ्चित गराएर, उत्पादनका साधन, सामाजिक न्याय, श्रमको मूल्यनिर्धारण र वितरणको एकपक्षीय आधारहरू निर्माण गरेर, परम्परागत रूढि र अन्धविश्वासलाई समाजमा मानककै रूपमा स्थापित गरेर, अपमान र घृणा गरेर गरिएको अन्यायपूर्ण कार्यहरूको पहिचान गरिएको छ । त्यस प्रकारका अमानवीय कार्यका विरुद्धमा नारी पात्रहरूले मौन बसेर, बोलेर, शारीरिक प्रतिक्रिया जनाएर, घर छोडेर, रोएर, आत्महत्या गरेरसमेत असफल प्रतिरोध गरेका छन् । त्यसकारण विश्लेषित कथाहरूमा लैङ्गिक विभेद, दमन र शोषणका विरुद्धमा नारीको प्रतिरोध सशक्त हुन सकेको छैन ।

लैङ्गिक प्रतिरोध विश्लेषण गरिएका सबै कथाहरूमा सामन्तवादी-पुँजीवादी विचारधारालाई समाजमा स्थापित र विकसित गराउन सहयोग गर्ने एकपक्षीय अनि विभेदकारी स्वरूपको विमर्शात्मक संरचना रहेको छ । त्यसले परम्पराकै आधारमा विभेदकारी पितृसत्तालाई संस्थागत गर्ने सामाजिक आधारहरू निर्माण गर्न सहयोग गरेको छ । त्यस क्रममा जीवनका लागि आवश्यक सबै कुराबाट नारीलाई विमुख गराउने कार्यलाई रणनीतिक रूपमै क्रमशः अघि बढाउँदै लगिएको छ । उक्त योजनाअनुसार नै नारीलाई उत्पादनका साधनमाथिको पहुँचबाट बाहिर राखिएको छ

भने सामाजिक न्यायबाट पनि विमुख गराइएको छ । त्यसका लागि स्वर्ग, नर्क, धर्म, भगवान् र भाग्य आदिका कपोलकल्पित ज्ञानको निर्माण र प्रसारण गरी नारीको वैचारिक अवस्थालाई नै धमिलो बनाइएको छ । त्यसले समाजमा नारीप्रतिको साझा धारणालाई नै नकारात्मक प्रभाव पारेको हुनाले नारीलाई भोगको साधन र सन्तान उत्पादन गर्ने मेसिनका रूपमा चित्रण गरिएको छ । सामाजिक र पारिवारिक सत्ताबाट नारीलाई विमुख गराएर सर्वत्र दमन र शोषणका लागि आधार तय गरिएको छ । नारीको श्रमको मूल्यलाई अवमूल्यन गरी ज्ञान र शक्तिको पहुँचबाट अलग राखिएको छ । त्यसकारण विश्लेषित कथाहरूमा नारीमाथि पारिवारिक, सामाजिक, आर्थिक, सांस्कृतिक, मानसिक, शारीरिक रूपमा चरम दमन र शोषण गरिएको छ । यसका विरुद्ध नारीहरूले समाजसापेक्ष, मौन, प्रत्यक्ष, आक्रामक आदि अनेक स्वरूपको प्रतिरोध गरेका भए पनि सङ्गठित शक्तिका अभावमा उक्त विद्रोह सफल हुन सकेको छैन । त्यसकारण तत्कालीन समाजमा रहेको लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित भएकाले नारीका प्रतिरोध विफल भएको पाइन्छ ।

लैङ्गिक शक्तिसम्बन्धको विश्लेषण गरिएका कथाहरूमा रहेको शत्रुतापूर्ण लैङ्गिक सम्बन्ध र पितृसत्ता लैङ्गिक विभेद, दमन र शोषण प्रमुख आधार बनेका छन् । विश्लेषित कथाहरूमा रहेको असन्तुलित ढाँचाको लैङ्गिक शक्तिसम्बन्ध लैङ्गिक विभेद, दमन र शोषणको लागि निर्णायक कारण बनेको छ । त्यसकै कारण पारिवारिक, सामाजिक र केन्द्रीय सत्तासम्म पुरुषकै मात्र प्रभुत्व स्थापित भएको छ भने उत्पादनका साधन, सामाजिक न्याय र वितरण प्रणालीमा पनि पुरुषकै एकाधिकार स्थापित भएको छ । त्यसले परम्परागत रूपमा नै नारीलाई अधिकारशून्य बनाएर अधीनस्थ अवस्थामा पुऱ्याएको छ । त्यसले नारीको प्रतिरोधलाई कमजोर तुल्याएर उनीहरूलाई अबलाका रूपमा स्थान तय गरिएको छ । पितृसत्ताका आडमा नारीको शरीरलाई भोगको साधन र सन्तान जन्माउने मेसिनका रूपमा उपयोग गरिएको छ । पारिवारिक र सामाजिक नातासम्बन्धभित्र पनि विभेदको परम्परागत आधार निर्माण गरी दमन र शोषण गरिएको छ । परम्परागत मान्यता, रूढि, अन्धविश्वास र सांस्कृतिक मूल्यलाई नारी विरोधी ज्ञानका रूपमा निर्माण र प्रसारण गरी दमन र शोषणका लागि बलियो आधार निर्माण गरिएको छ । विश्लेषणका क्रममा माथि भनिएका सबै क्षेत्रहरूमा नारीमाथि गरिएका विभेद, दमन र शोषणलाई कानुन तथा असन्तुलित ढाँचाको लैङ्गिक शक्तिसम्बन्धका माध्यमबाट वैधता प्रदान गरी नारीको प्रतिरोधलाई विफल पारिएको छ । यिनै तथ्यहरूका आधारमा तत्कालीन समाजमा असन्तुलित लैङ्गिक शक्तिसम्बन्ध भएको निष्कर्ष निकालिएको छ ।

शोधप्रबन्धमा जातीय प्रतिरोधका आधारमा विश्लेषण गरिएका कथाहरूमा समाजको उच्चजातको पात्रले निम्नजातको पात्रमाथि छुवाछुत, सामाजिक वञ्चितीकरण, वैवाहिक सम्बन्धमा अवरोध, जालझेल तथा षड्यन्त्र गरी जायजेथा हडपेर दमन तथा शोषण गरेको देखिन्छ । त्यसैगरी उच्चजातले निम्न जातका पात्रलाई निम्नस्तरको भाषाको प्रयोग गरेर, स्थानीय र केन्द्रीय सत्ताबाट विमुख गराएर, उत्पादनका साधनबाट अलग पारेर, सामाजिक न्याय र श्रमको मूल्यमा एकलौटी प्रभुत्व जमाएर विभेद, दमन र शोषण गरेको छ । त्यसका विरुद्धमा निम्नजातका पात्रले

मौन बसेर, बोलेर, शारीरिक प्रतिक्रिया जनाएर, भौतिक रूपमा प्रतिकार गरेर, रोएर, पुर्ख्यौली थातथलो छोडेर प्रतिरोध जनाएका छन् । जातीय विभेद, दमन र शोषणका विरुद्धमा निम्नजातका तर्फबाट गरिएको प्रतिरोध पनि निर्णायक हुन सकेको छैन । सामाजिक प्रभुत्व, उत्पादनका साधनमाथिको अभिजातीय वर्चस्व, वर्णव्यवस्थाबाट निर्देशित सामन्तवादी विमर्शात्मक संरचनाका कारण अधीनस्थ समुदायको प्रतिरोध विफल भएको हुनाले तत्कालीन समाजमा जातीय दृष्टिले असमान शक्तिसम्बन्ध रहेको निष्कर्ष निकालिएको छ ।

शोधप्रबन्धमा जातीय प्रतिरोध विश्लेषण गरिएका सबै कथाहरूमा हिन्दु परम्परामा रहेको वर्णव्यवस्थाद्वारा निर्देशित सामन्तवादी विचारधारालाई समाजमा स्थापित र विकसित गराउन सहयोग गर्ने एकपक्षीय र विभेदकारी स्वरूपको विमर्शात्मक संरचना रहेको छ । त्यसकै आधारमा मानिसको प्राकृतिक जातलाई बेवास्ता गरी सामाजिक निर्मितिका आधारमा जातीय विभेद, दमन र शोषण गरिएको छ । त्यस क्रममा छुवाछुत जस्तो अमानवीय कार्यलाई समाजमा संस्थागत स्वरूपमा विकास गर्ने, भिन्न जातका बिचमा वैवाहिक सम्बन्धमा रोक लगाउने र निम्नजातलाई सामाजिक बहिष्करणमा पार्ने आदि विभेदजन्य कार्यहरू भएका छन् । निम्नजातलाई उत्पादनका साधन र सत्तासम्बन्धबाट विमुख गराई कमजोर तुल्याइएको छ । जातीय विभेद, दमन र शोषणलाई संस्थागत गर्ने उद्देश्यका साथ धर्म, परम्परा, भाग्य, स्वर्ग, भगवान् आदिका सम्बन्धमा विभेदकारी ज्ञानको निर्माण र प्रसारण गरी सामाजिक दृष्टिकोणलाई विकृत तुल्याइएको छ । ज्ञान र शक्तिको पहुँच उच्चजातसम्म मात्र सीमित गरी निम्नजातका माथि उठ्न सक्ने आधारहरू समाप्त गरेर समान्ती ढाँचाको दमन र शोषण गरिएको छ । यस्तो अवस्थामा निम्नजातका पात्रहरूले आफूमाथि भएका विभेद, दमन र शोषणका विरुद्धमा मौन वा आक्रामक जस्तोसुकै प्रतिरोध गरेको भए पनि सङ्ठित शक्तिका अभावमा त्यो सफल हुन सकेको छैन । त्यसकारण तत्कालीन नेपाली समाजमा जातीय शक्तिसम्बन्ध असन्तुलित भएकै कारण निम्नजातको प्रतिरोध असफल भएको निष्कर्ष प्राप्त भएको छ ।

### ७.२ प्राप्ति तथा प्राज्ञिक योगदान

यथार्थवादी नेपाली कथामा शक्तिसम्बन्ध शीर्षकको प्रस्तुत शोधकार्यबाट नेपाली साहित्यको शोध र समालोचनाका क्षेत्रमा केही महत्त्पूर्ण उपलब्धिहरू भएका छन् । उक्त उपलब्धिहरूलाई निम्नलिखितअनुसार प्रस्तुत गरिएको छ :

- यथार्थवादी नेपाली कथामा प्रस्तुत शक्तिसम्बन्धसम्बन्धी ज्ञानको प्रतिपादन यस शोधको प्रमुख प्राप्ति वा योगदान रहेको छ ।
- साहित्यमा वर्गीय, लैङ्गिक, जातीय र प्रतिरोधात्मक शक्तिसम्बन्ध विश्लेषण गर्ने सैद्धान्तिक ढाँचाको निर्माण गरिएको छ ।

- यथार्थवादी नेपाली कथामा वर्गीय शक्तिसम्बन्ध असन्तुलित हुनुमा सामन्तवादी व्यवस्था, लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित हुनुमा पितृसत्ता, जातीय शक्तिसम्बन्ध असन्तुलित हुनुमा वर्णव्यवस्था र प्रतिरोधात्मक शक्तिसम्बन्ध असन्तुलित हुनुमा माथिका सबै प्रमुख कारक हुन् भन्ने तथ्य पहिचान गरिएको छ ।

- असन्तुलित शक्तिसम्बन्धले सामाजिक विकासमा अवरोध आउने हुनाले सामाजिक उत्थानका लागि सबै वर्ग, जाति, लिङ्गका बिचमा सन्तुलित शक्तिसम्बन्ध आवश्यक हुने निष्कर्ष निकालिएको छ ।

## ७.३ निष्कर्ष

*यथार्थवादी नेपाली कथामा शक्तिसम्बन्ध* शीर्षकको यस शोधकार्यमा आधुनिक नेपाली कथाको पहिलो चरण (१९९२-२०१९) सम्मका यथार्थवादी धाराका कथाहरूको अध्ययनपछि शक्तिसम्बन्धका दृष्टिले विश्लेषणीय कथाहरूको सर्वेक्षण गरी वर्गीय, जातीय, लैङ्गिक र प्रतिरोधात्मक शक्तिसम्बन्धको विश्लेषण गरिएको प्रस्तुत शोधको निष्कर्षलाई समस्याकथनमा प्रस्तुत शोधप्रश्न र उद्देश्यअनुरूप बुँदागत रूपमा यस क्रममा प्रस्तुत गरिएको छ :

१. प्रस्तुत शोधप्रबन्धको दोस्रो अध्याय *यथार्थवादी नेपाली कथाको सर्वेक्षण र नमुना छनोट* शीर्षकमा गरिएको विश्लेषणबाट प्राप्त निष्कर्षलाई यस प्रकार प्रस्तुत गरिएको छ :

(क) वर्गीय, जातीय, लैङ्गिक र प्रतिरोधात्मक शक्तिसम्बन्धको सिद्धान्तलाई मूल आधार मानी १९९२ देखि २०१९ सम्मका यथार्थवादी धाराका जम्मा ५१ जना कथाकारहरूको ४९८ ओटा कथाको अध्ययनपश्चात ९९ ओटा कथाको सर्वेक्षण गरिएको छ ।

(ख) सर्वेक्षण गरिएका कथाहरूमध्ये जम्मा ९९ ओटा कथामा शक्तिसम्बन्धको सघन प्रस्तुति भएको पाइन्छ । यिनै कथाहरूमध्येबाट जम्मा ३१ ओटा कथा विश्लेषणका लागि चयन गरिएको छ ।

(ग) यथार्थवादी नेपाली कथाहरूमा उच्च र निम्नवर्ग, नारी र पुरुष अनि उच्च र निम्नजातका बिचको शक्तिसम्बन्ध सघन रूपमा प्रस्तुत गरिएको छ र त्यसलाई तत्कालीन समाजमा विद्यमान सामन्तवादी शासन व्यवस्था, परम्परागत वर्णव्यवस्था र पितृसत्ताका आधारमा निर्मित विमर्शात्मक संरचनाका माध्यमबाट अभिव्यक्त गरिएको छ ।

२. प्रस्तुत शोधप्रबन्धको तेस्रो अध्याय *यथार्थवादी नेपाली कथामा वर्गीय शक्तिसम्बन्ध* शीर्षकमा गरिएको विश्लेषणबाट प्राप्त निष्कर्षलाई यस प्रकार प्रस्तुत गरिएको छ :

(क) वर्गीय शक्तिसम्बन्धलाई कार्ल मार्क्स, एन्टोनियो ग्राम्सी, मिचेल फुको आदि विचारकहरूका दृष्टिकोणका आधारमा पुष्टि गरिएको छ । यसले समाजमा उच्च र निम्नवर्गले प्रयोग गर्ने शक्तिको अवस्था र त्यसको सन्तुलित, असन्तुलित स्वरूपको पहिचान गर्छ ।

(ख) समाजमा विद्यमान वर्गीय सम्बन्ध, वर्गीय चेतना, वर्गीय हित र वर्गीय विभेद, दमन र शोषणको विश्लेषणका माध्यमबाट वर्गीय शक्तिसम्बन्धको वास्तविक स्वरूपको पहिचान हुन्छ ।

(ग) यथार्थवादी नेपाली कथाहरूमा सामन्तवादी शासन व्यवस्थाबाट निर्देशित विमर्शात्मक संरचनाबाट प्राप्त शक्तिलाई प्रयोग गरी उच्चवर्गले निम्नवर्गको श्रमको शोषण गरेको, जालभ्enल र षड्यन्त्र गरी जायजेथा हडपेको, हत्या गरेको, शारीरिक र मानसिक पीडा दिएको, जेल हालेको, अपमान र घृणा गरेको हुनाले वर्गीय सम्बन्धले शत्रुतापूर्ण स्वरूप धारण गरेको छ । त्यसकारण यस धाराका कथामा शक्तिसम्बन्ध असन्तुलित बनेर निम्नवर्गको जीवन अधीनस्थ अवस्थामा पुगेको छ । 'नुनको साझो', 'सहीको सही', 'शान्तिको खोजमा', 'विदा', 'तोर्मे' जस्ता कथाहरूमा यसप्रकारको प्रवृत्ति पाइन्छ ।

(घ) सामन्तवादबाट निर्देशित विमर्शात्मक संरचनाका आधारमा निर्मित ज्ञानको प्रसारण तथा विस्तारका कारण निम्नवर्गमा आत्मबोधसहितको वर्गचेतनाको उदय हुन नसकेको, ढिलो भएको तथा वर्गचेतना नै विभाजित भएका कारणले उच्चवर्गको शक्ति विस्तार हुँदा वर्गीय शक्तिसम्बन्ध असन्तुलित बन्न पुगेको छ । यसले निम्नवर्गको अवस्था पीडादायी बनेको छ । 'खेतीको फल', 'तेसू खोलो', 'शान्तिको खोजमा', 'लाहुरी भैँसी', 'तोर्मे' जस्ता कथाहरूमा यसप्रकारको प्रवृत्ति पाइन्छ ।

(ङ) निम्नवर्गमा भएको कमजोर वर्गचेतनाकै कारण उनीहरूका कार्य र व्यवहारबाट उच्चवर्गको हितमा सघाउ पुगेको हुनाले वर्गीय शक्तिसम्बन्धमा असन्तुलन आएको छ । त्यसले निम्नवर्गको जीवनलाई थप कष्टकर बनाउने कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष ढङ्गबाट सहयोग गरेको छ । 'नुनको साझो', 'सहीको सही', 'शान्तिको खोजमा', 'तोर्मे' जस्ता कथाहरूमा यसप्रकारको प्रवृत्ति पाइन्छ ।

(च) तत्कालीन समाजमा स्थापित सामन्तवादी स्वरूपको विमर्शात्मक संरचनाका कारण ज्ञानका क्षेत्रमा, उत्पादनका साधनमा, वितरण प्रणालीमा, सामाजिक न्यायमा, सत्तासँगको सम्बन्धमा सबैतिर नै उच्चवर्गको मात्र वर्चस्व स्थापित भएको हुनाले निम्नवर्गमाथि चरम विभेद, दमन र शोषण भएको हुनाले वर्गीय शक्तिसम्बन्ध असन्तुलित हुन पुग्दा निम्नवर्गको जीवन अधीनस्थ अवस्थाबाट मुक्त हुन सकेको छैन । 'दाङका थारू', 'सहीको सही', 'शान्तिको खोजमा', 'झोपडीको आँसु', 'साह्रोगाह्रो र छेकोभाँजो' जस्ता कथाहरूमा यसप्रकारको प्रवृत्ति पाइन्छ ।

(छ) यस अध्यायमा विश्लेषण गरिएका कथाहरूमध्ये वर्गीय शक्तिसम्बन्धका दृष्टिले उत्कृष्ठ कथाहरू 'लाहुरी भैँसी', 'दाङका थारू', 'तेसू खोलो' र 'सत्यको बाटो' हुन् ।

३. प्रस्तुत शोधप्रबन्धको चौथो अध्याय *यथार्थवादी नेपाली कथामा लैङ्गिक शक्तिसम्बन्ध* शीर्षकमा गरिएको विश्लेषणबाट प्राप्त निष्कर्षलाई यस प्रकार प्रस्तुत गरिएको छ :

(क) लैङ्गिक शक्तिसम्बन्धलाई तत्कालीन समाजमा स्थापित विभेदकारी पितृसत्ता र त्यसका आधारमा निर्मित विमर्शात्मक संरचनाका सापेक्षतामा पुष्टि गरिएको छ । यसले समाजमा पुरुष र नारी समुदायले प्रयोग गर्ने शक्तिको अवस्था र त्यसको सन्तुलित, असन्तुलित स्वरूपको पहिचान गर्छ ।

(ख) विश्लेषित कथाहरूमा नारीलाई सन्तान जन्माउने साधनका रूपमा उपयोग गरेर, यौनचाहना परिपूर्तिका लागि प्रयोग गरेर, विधवा अवस्थामा अपमान र घृणा गरेर, भोग र आम्दानीको माध्यम बनाएर, बिक्रीको वस्तु बनाएर, श्रमको शोषण गरेर, शारीरिक र मानसिक यातना दिएर पुरषले चरम अन्याय गरेको हुनाले लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बनेको देखिन्छ । यसले नारीको जीवनलाई निरुपाय अवस्थामा पुऱ्याएर पुरुषलाई सर्वशक्तिमान् बनाउन निर्णायक भूमिकाको निर्वाह गरेको छ । 'समाजको अंचलमा', 'दोषी को ?', 'नासो' जस्ता कथाहरूमा यसप्रकारको प्रवृत्ति पाइन्छ ।

(ग) विश्लेषित सबै कथाहरूमा लैङ्गिक हिंसालाई पितृसत्ताका माध्यमबाट वैधता प्रदान गरिएको छ । त्यसका लागि नारीलाई उत्पादनका साधन, सामाजिक न्याय, पारिवारिक, सामाजिक र केन्द्रीय सत्तासँगको सम्बन्ध, अवसर आदि जीवनका सबै महत्त्वपूर्ण क्षेत्रबाट विमुख गराएर अनि रूढि र अन्धविश्वासका आधारमा निर्मित ज्ञानको प्रयोग गरेर एक्ल्याइएको हुनाले लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बनेको छ । त्यसले बलपूर्वक नारीको जीवनलाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ । 'छोरीको जात', 'दोषी को ?', 'त्यो पहाडी कन्या' जस्ता कथाहरूमा यसप्रकारको प्रवृत्ति पाइन्छ ।

(घ) तत्कालीन समाजमा रहेको विभेदकारी पितृसत्ता र सामन्तवादी शासन व्यवस्थाबाट निर्देशित विमर्शात्मक संरचनाका आधारमा पुरुषका सापेक्षतामा मात्र नारीको मूल्य र महत्त्व स्थापित गरी नारीमाथि चरम विभेद, दमन र शोषण गरिएको हुनाले लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित बन्न पुगी नारीको जीवन पीडाग्रस्त भएको छ । 'जिम्मावारी कसको ?', 'कैली', 'दुई रुपियाँ नोट' जस्ता कथाहरूमा यसप्रकारको प्रवृत्ति पाइन्छ ।

(ङ) लैङ्गिक शक्तिसम्बन्धका दृष्टिबाट अध्ययन गरिएका कथाहरूमध्ये 'दुई रुपियाँ नोट', 'छोरीको जात' र 'जिम्मावारी कसको ?' उत्कृष्ट रहेका छन् ।

४. प्रस्तुत शोधप्रबन्धको पाँचौं अध्याय *यथार्थवादी नेपाली कथामा जातीय शक्तिसम्बन्ध* शीर्षकमा गरिएको विश्लेषणबाट प्राप्त निष्कर्षलाई यस प्रकार प्रस्तुत गरिएको छ :

(क) जातीय शक्तिसम्बन्धलाई तत्कालीन समाजमा स्थापित विभेदकारी वर्णव्यवस्था र त्यसका आधारमा निर्मित विमर्शात्मक संरचनाका सापेक्षतामा पुष्टि गरिएको छ । यसले समाजमा उच्च र निम्नजातले प्रयोग गर्ने शक्तिको अवस्था र त्यसको सन्तुलित, असन्तुलित स्वरूपको पहिचान गर्छ ।

(ख) विश्लेषित कथाहरूभित्र वर्णव्यवस्थाबाट निर्देशित विमर्शात्मक संरचनाका आधारमा शक्ति प्राप्त गरी उच्चजातले निम्नजातको जीवनमा सधैँ समस्या मात्र सिर्जना गर्ने कार्य गरेको हुनाले जातीय सम्बन्धले शत्रुतापूर्ण स्वरूप धारण गरेको छ । यसबाट जातीय शक्तिसम्बन्ध असन्तुलित बन्न पुगी निम्नजातको जीवन ज्यादै कष्टकर भएको छ । 'दमाई', 'पापको परिणाम', 'हली' जस्ता कथाहरूमा यसप्रकारको प्रवृत्ति पाइन्छ ।

(ख) मानिसको प्राकृतिक जातलाई उपेक्षा गरी समाजद्वारा निर्मित विभेदकारी जातकै आधारमा उच्चजातले निम्नजातलाई सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक क्षेत्रबाट एक्ल्याएर अत्यन्त घृणा तथा अपमान गरेको हुनाले विश्लेषित कथाहरूभित्र जातीय सम्बन्धको सुमधुर स्वरूप निर्माण हुन सकेको छैन । 'वीरेकी आमा', 'पापको परिणाम', 'सार्की ' जस्ता कथाहरूमा यसप्रकारको प्रवृत्ति पाइन्छ ।

(ग) विश्लेषित कथाहरूभित्र जातलाई नै आधार बनाई राज्यका स्रोतसाधनबाट विमुख गराएर, उत्पादनका साधनमाथिको स्वामित्व खोसेर, यौनको शोषण गरेर, अपमान तथा घृणा गरेर, छुवाछुतजस्तो जघन्य अपराध गरेर, वैवाहिक सम्बन्धमा रोक लगाएर, सामाजिक वञ्चितीकरणमा पारेर, धार्मिक कार्यमा बिटुलो बनाएर, ज्यादै क्रुरतापूर्वक सजाय दिएर, अत्यन्त तल्लोस्तरको भाषाको प्रयोग गरेर उच्चजातले निम्नजातमाथि गरेको विभेदलाई वर्णव्यवस्थाबाट निर्देशित विमर्शात्मक संरचनाका माध्यमबाट वैधता प्रदान गरिएको हुनाले जातीय शक्तिसम्बन्ध असन्तुलित बनेको छ । त्यसले निम्नजातको जीवनलाई अधीनस्थ अवस्थामा पुऱ्याएको छ । 'को अटेरी ?', 'ऊ रुन थाल्यो', 'हली ' जस्ता कथाहरूमा यसप्रकारको प्रवृत्ति पाइन्छ ।

(घ) निम्नजातको जायजेथामाथि कब्जा जमाएर, सामाजिक र शैक्षिक बहिष्करणमा पारेर, अमानवीय स्वरूपको सजाय दिएर, सम्पत्ति हडपेर, श्रमको शोषण गरेर, घृणा गरेर, पुर्ख्यौली थातथलो छोड्न विवश बनाएर उच्चजातले गरेको दमन र शोषणलाई वर्णव्यवस्थाबाट निर्देशित विमर्शात्मक संरचनाले वैधता प्रदान गरेको हुनाले जातीय शक्तिसम्बन्ध असन्तुलि हुन गई निम्नजातको जीवन समस्याग्रस्त बनेको छ । 'वीरेकी आमा', 'पापको परिणाम', 'सार्की' जस्ता कथाहरूमा यसप्रकारको प्रवृत्ति पाइन्छ ।

(ङ) यस अध्यायमा जातीय शक्तिसम्बन्धका दृष्टिले अध्ययन गरिएका कथाहरूमध्ये 'वीरेकी आमा', 'दमाई' र 'ऊ रुन थाल्यो' कथाहरू उत्कृष्ट रहेका छन् ।

५. प्रस्तुत शोधप्रबन्धको छैटौँ अध्याय *यथार्थवादी नेपाली कथामा प्रतिरोधात्मक शक्तिसम्बन्ध* शीर्षकमा गरिएको विश्लेषणबाट प्राप्त निष्कर्षलाई यस प्रकार प्रस्तुत गरिएको छ :

(क) प्रतिरोधात्म शक्तिसम्बन्धलाई तत्कालीन समाजमा स्थापित विभेदकारी सामन्तवादी शासन व्यवस्था, पितृसत्ता अनि वर्णव्यवस्था र त्यसका आधारमा निर्मित विमर्शात्मक संरचनाका सापेक्षतामा पुष्टि गरिएको छ । यसले समाजमा दमनकारी र दमित समुदायले प्रयोग गर्ने शक्तिको अवस्था र त्यसको सन्तुलित, असन्तुलित स्वरूपको पहिचान गर्छ ।

(ख) विश्लेषित कथाहरूमा उच्चवर्गले गरेको अन्याय, अत्याचार, दमन, शोषण र उत्पीडनका विरुद्धमा निम्नवर्गका पात्रले बोलेर, मौन बसेर, शारीरिक रूपमा प्रतिक्रिया जनाएर वा भौतिक आक्रमणमै उत्रिएर प्रतिरोध गरेका छन् । सामन्तवादी शासन व्यवस्थाबाट निर्देशित विमर्शात्मक संरचनाका कारण उक्त प्रतिरोध विफल भएको छ । त्यसकारण वर्गीय शक्तिसम्बन्ध असन्तुलित हुन पुगेको छ र त्यसले निम्नवर्गको जीवनलाई अधीनस्थ अवस्थाबाट माथि आउन दिएको छैन । 'लाहुरी भैँसी', 'दाङका थारू', 'तेसू खोलो', 'सत्यको बाटो', र 'ऊ रुन थाल्यो' जस्ता कथाहरूमा यस प्रकारको प्रवृत्ति पाइन्छ ।

(ग) जमिन, जङ्गल र श्रम जस्ता उत्पादनका साधन, सामाजिक न्याय, प्रभुत्व, ज्ञान, वितरण प्रणाली र सत्तासम्बन्धमाथि केवल उच्चवर्गकै मात्र वर्चस्व कायम रहेको छ । त्यसकारण निम्नवर्गको प्रतिरोधले निर्णायक स्वरूप धारण गर्न नसकेको हुनाले वर्गीय शक्तिसम्बन्धमा असन्तुलन आई निम्नवर्गको अवस्था ज्यादै कारुणिक बनेको छ । 'लाहुरी भैँसी', 'दाङका थारू', 'सत्यको बाटो', 'दुई रुपियाँ नोट', 'दमाई' र 'ऊ रुन थाल्यो' जस्ता कथाहरूमा यस प्रकारको प्रवृत्ति पाइन्छ ।

(घ) पितृसत्ताका पक्षमा निर्णायक बनेर उभिएको सामन्तवादी विमर्शात्मक संरचनाको शक्तिलाई उपयोग गरी पुरुषले अपमान गरेर, यौनको शोषण गरेर, सन्तान जन्माउने साधनका रूपमा उपयोग गरेर, सामाजिक न्यायबाट विमुख गराएर, उत्पादनका साधनबाट अलग गरेर, श्रमको शोषण गरेर, पुरुषका सापेक्षतामा मात्र नारीको अस्तित्व स्थापित गरेर गरेको विभेद, दमन र शोषण गरेको छ । त्यसका विरुद्धमा नारी पात्रहरूले रोएर, मौन बसेर, शारीरिक प्रतिक्रिया जनाएर, आत्महत्या गरेर, घर र समाज नै छोडेर जेजसरी प्रतिरोध जनाए पनि त्यसले सफलता नपाउँदा लैङ्गिक प्रतिरोधात्मक शक्तिसम्बन्ध असन्तुलित हुन पुगेको छ । त्यसले नारीको जीवनलाई अधीनस्थ अवस्थामा नै सीमित गरेको छ । 'छोरीको जात', 'जिम्मावारी कसको ?', 'वीरेकी आमा', 'दमाई' जस्ता कथाहरूमा यस प्रकारको प्रवृत्ति पाइन्छ ।

(ङ) वर्णव्यवस्थाबाट निर्देशित र सामन्तवादी शासन व्यवस्थाबाट संरक्षित विमर्शात्मक संरचनाको शक्तिलाई उपयोग गरी उच्चजातले अपमान गरेर, निम्नस्तरको घृणित भाषाको प्रयोग गरेर, श्रमको शोषण गरेर, अमानवीय स्वरूपको सजाय वा यातना दिएर, पुर्ख्यौली थातथलो वा सम्पत्ति हडपेर, सामाजिक बहिष्करणमा पारेर, छुवाछुतजन्य विभेद गरेर, हत्या गरेर निम्नजातमाथि गरेको अन्याय, अत्याचार, दमन, शोषण र उत्पीडन गरेको छ । त्यसका विरुद्धमा निम्नजातले मौन बसेर, एक्लै रिसाएर, शारीरिक, मानसिक, भौतिक जेजस्तो प्रतिरोध गरेको भए पनि त्यो सफल हुन सकेको छैन । उक्त कारणले जातीय शक्तिसम्बन्ध असन्तुलित बनी निम्नजातको जीवन अधीनस्थ अवस्थामा सीमित हुन पुगेको छ । 'वीरेकी आमा', 'दमाई' र 'ऊ रुन थाल्यो' कथाहरूमा यसप्रकारको प्रवृत्ति रहेको पाइन्छ ।

'लाहुरी भैँसी', 'दाङका थारू', 'तेसू खोलो', 'सत्यको बाटो', 'दुई रुपियाँ नोट', 'छोरीको जात', 'जिम्मावारी कसको ?', 'वीरेकी आमा', 'दमाई' र 'ऊ रुन थाल्यो' कथाहरू शक्तिसम्बन्धका दृष्टिबाट उत्कृष्ट रहेका छन् । यथार्थवादी धाराका यी कथाहरूभित्र तत्कालीन समाजमा विद्यमान वर्गीय, लैङ्गिक र जातीय विभेद, दमन, शोषण तथा उत्पीडनका विरुद्धमा विस्तारै सामाजिक संचेतनाको स्वर प्रबल हुन थालेको छ । त्यसले समाजको अग्रगतिका लागि मार्गदर्शन प्रारम्भ गरेको पाइन्छ । तत्कालीन समाजको निम्नवर्गमा भएको कमजोर वर्गीय चेतना र अस्पष्ट अवस्थामा रहेको वर्गीय हितका कारण विभेद, दमन र शोषणको पराकाष्ठामा वर्गीय सम्बन्ध शत्रुतापूर्ण बनेको हुनाले त्यसलाई प्रबल वर्गीय चेतनाका माध्यमबाट शक्तिशाली प्रतिरोधी स्वरको विस्तार गरी समाधान गर्न सकिने स्पष्ट विचार कथाहरूमा उल्लेख गरिएको छ । सामन्तवादबाट निर्देशित विमर्शात्मक संरचना र त्यसका आडमा टिकेको पितृसतात्मक विभेदकारी तथा अन्यायपूर्ण सामाजिक विचारधाराका बलमा भएको नारीमाथिको विभेद, दमन तथा शोषणको अन्त्यका लागि लैङ्गिक रूपमा समानतामूलक शक्तिसम्बन्धको अपेक्षा गर्दै कथाकारहरूले लैङ्गिक जागरणका लागि उन्नत स्तरको प्रतिरोधको आवश्यकतातर्फ स्पष्ट सङ्केत गरेका छन् । सामन्तवादकै आधारभूमिमा उभिएर निर्माण गरिएको जातिवादी विमर्शात्मक संरचनाका कारण निम्नजातका पात्रहरूमाथि उच्चजातका पात्रको विभेद, दमन र शोषणले दमित जातिका पात्रलाई अधीनस्थ अवस्थामा पुऱ्याएको हुनाले त्यसबाट मुक्तिका लागि जातीय एकता र जागरण आवश्यक रहेको देखिन्छ । यथार्थवादी नेपाली कथामा भएको वर्गीय, लैङ्गिक र जातीय समस्याको प्रमुख कारक नै तत्कालीन समाजमा विद्यमान सबै क्षेत्रको असन्तुलित शक्तिसम्बन्ध बनेको छ । यसकै कारण समाजमा वर्गमैत्री, लिङ्गमैत्री र जातिमैत्री वातावरण बन्न नसकेको हुनाले शक्तिसम्बन्धमा सन्तुलन वा समता आवश्यक रहेको छ । यसप्रकारको समाधानको प्रमुख बाधकका रूपमा वर्गीय अवस्था रहेको छ । समाजमा शोषण, दमन र उत्पीडनमा परी अधीनस्थ अवस्थामा पुगेका नारी र निम्नजातका पात्रहरू सबै वर्गीय रूपमा कमजोर रहेका छन् । त्यसकारण वर्गीय शक्तिसम्बन्धमा सन्तुलन आउँदा त्यसले धेरै हदसम्म जातीय र लैङ्गिक शक्तिसम्बन्धमा पनि सन्तुलन ल्याउन सक्छ तर लैङ्गिक र जातीय क्षेत्रका समस्यालाई निमिट्यान्न पार्न भने थप पहल आवश्यक हुन्छ । समग्रतः यथार्थवादी नेपाली कथामा उच्चवर्गले निम्नवर्गमाथि गरेको विभेद, दमन र शोषणका कारण वर्गीय शक्तिसम्बन्ध असन्तुलित भएको छ भने पुरुषले नारीमाथि गरेको विभेद, दमन र शोषणका कारण लैङ्गिक शक्तिसम्बन्ध असन्तुलित हुन पुगेको छ । त्यसैगरी उच्चजातले निम्नजातमाथि गरेको विभेद, दमन र शोषणका कारण जातीय शक्तिसम्बन्धमा असमानता आएको छ । यस प्रकारको वर्गीय, जातीय र लैङ्गिक शक्तिसम्बन्धको निर्माणमा तत्कालीन समाजमा स्थापित सामन्तवादी स्वरूपको विमर्शात्मक संरचना मुख्य रूपमा निर्णायक बनेको छ । त्यसकै कारण निम्नवर्ग, नारी र निम्नजातको प्रतिरोध कार्य कमजोर भएकाले सबैका बिचको शक्तिसम्बन्धमा असन्तुलन आउँदा सामाजिक उत्थानमै अवरोध सिर्जना भएको छ । त्यसकारण सामन्तवादी शासन व्यवस्था, पितृसत्ता र वर्णव्यवस्थाका कारण तत्कालीन समयको समग्र युगीन शक्तिसम्बन्ध नै असन्तुलित थियो भन्ने आधार प्राप्त भएको हुनाले वर्गीय, लैङ्गिक र जातीय समस्याबाट मुक्तिका लागि वर्चस्वशाली शक्तिको प्रभुत्व अन्त्य गर्न शोषित, पीडित वर्ग, जाति र लिङ्गको एकतावद्ध र सशक्त प्रतिरोधी कार्यले मात्र समाजको शक्तिसम्बन्धमा सन्तुलन ल्याउन सक्ने अन्तिम निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ ।

# परिशिष्ट

समग्रमा कथाहरूको अध्ययन, सर्वेक्षण र वर्गीकरणलाई निम्न तालिकामा राखी तिनको अवस्था स्पष्ट पारिएको छ । त्यस क्रममा कथाहरूको पछाडि दिइएको जोड (+) चिह्नले सम्बन्धित गुण भएको जनाइएको छ ।

| क्र.स | कथाकार/ सम्पादक | कथासङ्ग्रह | क्र.स | कथाको नाम | वर्गीय | जातीय | लैङ्गिक | अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पूर्णदास श्रेष्ठ | धानको बाला (२००१) | १ | धानको बाला झूल्यो है, देशै रमाइलो | + | | | | |
| | | | २ | सत्यको बाटोमा | + | | | | |
| | | | ३ | मातृत्व | | | | + | |
| | | | ४ | संघारैनेर | | | | + | |
| | | | ५ | समाजको अंचलमा | | | + | | |
| | | | ६ | बेसुरो राग | | | | + | |
| | | | ७ | टुटेको वीणा | | | | + | |
| | | | ८ | परिवर्तन | | | | + | |
| | | | ९ | संगम | | | | + | |
| २ | पूर्णप्रसाद ब्रह्मण | एक्काईस कथा (२००३) | १० | दम्पती | | | | + | |
| | | | ११ | अतृप्त कामन | | | | + | |
| | | | १२ | चढ्दो उमेर | | | | + | |
| | | | १३ | करुण जीवन | + | | | | |
| | | | १४ | स्वयंवर | | | | + | |
| | | | १५ | डिट्ठा बाजे | | | | + | |
| | | | १६ | मेरो काले | | | | + | |
| | | | १७ | परिणाम | | | | + | |
| | | | १८ | कहाँ आएँ ? | | | | + | |
| | | | १९ | करुण घटना | + | | | | |
| | | | २० | सच्चा उत्तर | | | | + | |
| | | | २१ | आत्मसमर्पण | | | | + | |
| | | | २२ | अभिमान | | | | + | |
| | | | २३ | उद्भट चिन्ता | | | | + | |
| | | | २४ | दुराशा | | | | + | |
| | | | २५ | जोगी | | | | + | |
| | | | २६ | लाहुरे | | | | + | |
| | | | २७ | अमर्ष | | | | + | |
| | | | २८ | सौताका छोरा | | | | + | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २९ | बौलाहा | | | | + | |
| | | | ३० | स्वामीभक्ति | | | | + | |
| ३ | मणिकलाल गुभाजू | त्यागसित विवाह र अरू कहानी (२००७) | ३१ | विचरी इन्दिरा खोई ? | | | | + | |
| | | | ३२ | त्यागसित विवाह | | | | + | |
| | | | ३३ | मसानमा | | | | + | |
| ४ | केशवलाल कर्माचार्य | हराएको सारी र अरू कथाहरू (२००८) | ३४ | हराएको सारी | | | | + | |
| | | | ३५ | अफन्त या पराई | | | + | | |
| | | | ३६ | सिनाचाको एकदिन | | | | + | |
| | | | ३७ | कलङ्क | | | | + | |
| | | | ३८ | कुञ्जली | | | | + | |
| | | | ३९ | लिली | | | | + | |
| | | | ४० | ससुराली जाँदा | | | | + | |
| | | | ४१ | जुँगे दाइको जुँगा | | | | + | |
| ५ | कृष्णप्रसाद चापागाञी | टुक्राटाक्री (२००८) | ४२ | जागिरदार | | | | + | |
| | | | ४३ | आहुती | + | | | | |
| | | | ४४ | दाङका थारू | + | | | | |
| | | | ४५ | दोषी को ? | | | + | | |
| | | | ४६ | जीवनको मोल | + | | | | |
| | | | ४७ | एक झलक | | | | + | |
| | | | ४८ | भाउजू | | | + | | |
| | | | ४९ | दाजु बहिनी | | | | + | |
| | | | ५० | नहुनेलई काँही न काँही | | | | + | |
| | | | ५१ | कामत | | + | | | |
| | | | ५२ | माधब बाबु | | | | + | |
| | | | ५३ | गरिबी जीवन | | | | + | |
| | | | ५४ | धोकाबाज | | | + | | |
| ६ | कृष्णप्रसाद चापागाञी | रसभरी चमचम (२००८) | ५५ | पर्दा | | | | + | |
| | | | ५६ | बीसमारा | | | | + | |
| | | | ५७ | रेलको सफर | | | | + | |
| | | | ५८ | झिँगो | | | | + | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ५९ | अपुताली | | | | + | |
| | | | ६० | ज्वाँइ साहेब | | | | + | |
| | | | ६१ | माइत जाँदा साथी | | | | + | |
| ७ | पूर्णप्रसाद ब्राह्मण | म लोग्ने हुँ (२००८) | ६२ | छोरी | | | + | | |
| | | | ६३ | गरीबकी छोरी | | | + | | |
| | | | ६४ | आमा | + | | | | |
| | | | ६५ | म पनि आउँछु | | | | + | |
| | | | ६६ | सुसारे | | | | + | |
| | | | ६७ | म लोग्ने हुँ | | | + | | |
| | | | ६८ | हत्या | | | | + | |
| | | | ६९ | उमा | | | | + | |
| ८ | भीमनिधि तिवारी | नेपाली सामाजिक कहानी अन्तरे भाग (२००८) | ७० | मनस्ताप र पश्चाताप | | | | + | |
| | | | ७१ | वनको बाघले खाओस् नखाओस् मनको बाघले खान्छ | | | | + | |
| | | | ७२ | अभिनय | | | | + | |
| | | | ७३ | एक सामाजिक चित्र | | | + | | |
| | | | ५१ | खटप्वालको पूजा | | | | + | |
| | | | ७५ | भोज | | | | + | |
| | | | ७६ | अज्ञात प्रेम | | | | + | |
| | | | ७७ | झीँगेदाउ | | | | + | |
| | | | ७८ | खरानीको शीशी | | | | + | |
| | | | ७९ | ऐनबमोजिम | + | | + | | |
| | | | ८० | अर्धसिल्ली | | | | + | |
| | | | ८१ | कहानीभित्र कहानी | | | | + | |
| | | | ८२ | लिच्चीको कच्ची | | | | + | |
| | | | ८३ | भन्न सजिलो सहन गाह्रो | | | | + | |
| | | | ८४ | जम्काभेट | | | | + | |
| | | | ८५ | दुर्भाग्यको चोइटा | | | | + | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | कृष्णबम मल्ल | गुरुजीको मलामी (२००९) | ८६ | गुरुजीको मलामी | | | | + | |
| | | | ८७ | अन्तिम भेट | | | | + | |
| | | | ८८ | विपथ विद्रोह | | | | + | |
| | | | ८९ | जनसेनाको सिपाही | | | | + | |
| | | | ९० | सन्तानको बोध | | | + | | |
| | | | ९१ | फटाहाको बाटो | | | | + | |
| | | | ९२ | शोभा र विनोद | | | | + | |
| | | | ९३ | सीप | | | | + | |
| | | | ९४ | भूल | + | | | | |
| | | | ९५ | जीवन | | | | + | |
| | | | ९६ | हली | | | | + | |
| | | | ९७ | बोनसका निमित्त | + | | | | |
| ११ | श्री शर्मा (भवानीप्रसाद शर्मा) | आत्मज्वाला (२००९) | ९८ | क्रान्तिको ज्योति | + | | + | | |
| | | | ९९ | जनप्रिय | | | | + | |
| | | | १०० | जन-युग | + | | | | |
| | | | १०१ | यो अत्याचार हो | | | | + | |
| | | | १०२ | के धोका होइन ? | | | | + | |
| | | | १०३ | कहिले बिसन्न | | | | + | |
| | | | १०४ | आत्मज्वाला | + | | | | |
| | | | १०५ | जुँगे पण्डित | | | | + | |
| | | | १०६ | जनमत | | | | + | |
| | | | १०७ | दुई थोपा आँसु | | | | + | |
| १२ | कवीन्द्रमान सिंह | विरहिणी (२०१०) | १०८ | स्नेह | | | | + | |
| | | | १०९ | शवस्मृति | + | | | | |
| | | | ११० | तीज फेरि आयो | | | | + | |
| | | | १११ | विवाह | | | + | | |
| | | | ११२ | सधवा कि विधवा? | | | + | | |
| | | | ११३ | त्यो चित्रकार | | | | + | |
| | | | ११४ | त्यो पहाडी कन्या | | | + | | |
| १३ | गोविन्दप्रसाद लोहनी | नेतृत्वको भोक (२०१०) | ११५ | नुनको सोभ्को | + | | | | |
| | | | ११६ | अन्तरद्वन्द्व | | | | + | |
| | | | ११७ | बैडमिन्टन टुर्नामेन्ट | + | | | | |
| | | | ११८ | मेरा छिमेकी | | | | + | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ११९ | सपना | | | | + | |
| | | | १२० | त्यो नाङ्गी स्त्री | | | + | | |
| | | | १२१ | नेतृत्वको भोक | | | | + | |
| | | | १२२ | आखिर यो सब किन ? | | | | + | |
| १४ | भीमनिधि तिवारी | नेपाली सामाजिक कहानी (काँहिलो भाग) २०१० | १२३ | चतुर्मास निराहार | | | | + | |
| | | | १२४ | ऐँसेलु | | | | + | |
| | | | १२५ | जेतिसिनी | | | | + | |
| | | | १२६ | गाँजा | | | | + | |
| | | | १२७ | जीते | | | | + | |
| | | | १२८ | फूलचोरी | | | | + | |
| | | | १२९ | ! ! ! | | | | + | |
| | | | १३० | अन्तर्द्वन्द्व | | | | + | |
| | | | १३१ | नोकडाको बच्चा | | | | + | |
| | | | १३२ | लड्डु खाने गोपालजी | | | | + | |
| | | | १३३ | स्नेह | | | | + | |
| | | | १३४ | छोरा कि छोरी | | | | + | |
| | | | १३५ | दरिद्रता | | | | + | |
| | | | १३६ | पुत्रहत्या ! | | | | + | |
| | | | १३७ | तीजको पर्व | | | | + | |
| | | | १३८ | नाता ! | | | | + | |
| १५ | भीमनिधि तिवारी | नेपाली सामाजिक कहानी (ठाँहिलो भाग) २०१० | १३९ | निरुद्देश्य | | | | + | |
| | | | १४० | घर | | | | + | |
| | | | १४१ | गजूर | | | | + | |
| | | | १४२ | दाउरे, चाउरे र लाहुरे | | | | + | |
| | | | १४३ | पापी भक्त | | | | + | |
| | | | १४४ | कार्पेट गुण्डा | | | | + | |
| | | | १४५ | समाज अन्धो छ | | | | + | |
| | | | १४६ | ओस्ताज | | | | + | |
| | | | १४७ | धनको सदुपयोग(?) | | | | + | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १४८ | मित्रताको महत्ता | | | | + | |
| | | | १४९ | आज्ञाकारी नोकर | | | | + | |
| | | | १५० | जुत्ता | | | | + | |
| | | | १५१ | आमाको मुख हेर्ने | | | | + | |
| | | | १५२ | नीलकण्ठ खत्यौडाको चिठी | | | | + | |
| | | | १५३ | वल्लो घाट न पल्लो तिर | | | | + | |
| | | | १५४ | बा | | | | + | |
| १६ | कोसराज रेग्मी (सम्पा.) | को अटेरी ? (२०११) | | | | | | | |
| | गणेशप्रसाद भण्डारी | | १५५ | चोर | + | | | | |
| | देवमणि ढकाल | | १५६ | आँसु पुछौनी | | | | + | |
| | बालकृष्ण पोखरेल | | १५७ | तिमी अर्काको देशकी भयौ | | | | + | |
| | कोसराज रेग्मी | | १५८ | यो एउटा कहानी हुन सक्ला ? | | | | + | |
| | यज्ञप्रसाद आचार्य | | १५९ | सङ्कल्प | | | | + | |
| | दुर्वासा उपाध्याय | | १६० | सिन्दुरको टीको | | | + | | |
| | माधवप्रसाद गौतम | | १६१ | एउटी वेश्या | | | | + | |
| | जयप्रसाद ढकाल | | १६२ | हस्ते | | | | + | |
| | पासङ गोपर्मा | | १६३ | हृदयान्तरको चिरस्थायी भक्कानो | | | | + | |
| | तारानाथ शर्मा | | १६४ | स्वच्छ रातको कालो इतिहास | | | + | | |
| | श्याम अधिकारी | | १६५ | साह्रोगाह्रो छेकोभाँजो | + | | | | |
| | मदनकृष्ण प्रसाईं | | १६६ | गडेर सम्भे त स्वाभाविकै हो | | | | + | |
| | वल्लभमणि दाहाल | | १६७ | को अटेरी | | + | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १७ | जगदीश नेपाली ( सम्पा.) | आदर्श-श्री (२०११) | १६८ | आदर्श-श्री | | | + | | |
| | जगदीश नेपाली | | १६९ | चुम्ना | | | | + | |
| | तारानाथ शर्मा | | १७० | राँको | | + | | | |
| | पासाङ गोपर्मा | | १७१ | अर्मल | | | | + | |
| | वीरेन्द्र खुँजेली | | १७२ | विलाउनेको सन्तान | | | | + | |
| | जगदीश नेपाली | | १७३ | पतिया | | + | | | |
| | पासाङ गोपर्मा | | १७४ | आदर्श- श्री | | | + | | |
| १८ | बालकृष्ण पोखरेल (सम्पा.) | कालोभूत (२०११) | १७५ | | | | | | |
| | देवमणि ढकाल | | १७५ | कालोभूत | + | | | | |
| | गोकुलप्रसाद पोखरेल | | १७६ | दुर्घटना | + | | | | |
| | मुक्तिप्रसाद काफ्ले | | १७७ | धोका | | | | + | |
| | बालकृष्ण पोखरेल | | १७८ | सपना | | | | + | |
| | एम.बी. खत्री | | १७९ | षड्यन्त्र | + | | | | |
| १९ | बालकृष्ण पोखरेल | सोधाइ र जवाफ (२०११) | १८० | एउटा रमाइलो स्वर्गमा नारकी बादल | | | | + | |
| | | | १८१ | पुतली संसार | | | | + | |
| | | | १८२ | अरून्धती | | | | + | |
| | | | १८३ | जनकवि जुरेली | | | | + | |
| | | | १८४ | सोधाइ र जवाफ | | | | + | |
| | | | १८५ | दिघो तिर्सना | | | | + | |
| | | | १८६ | भ्यागुतो भएको बाकस | | | | + | |
| | | | १८७ | मनको बाघ | | | | + | |
| | | | १८८ | निरञ्जन केशी | | | | + | |
| | | | १८९ | ढुङ्गामा टुसाएका | | | | + | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | उनिऊँ | | | | | |
| | | | १९० | तिमी अर्काको देशकी भयौ | | | | + | |
| | | | १९१ | सुनकेशा मैयाँ | | | | + | |
| २० | वीरेन्द्र खुँजेली र देवमणि ढकाल (सम्पा.) | भेट (२०११) | १९२ | | | | | | |
| | यज्ञप्रसाद आचार्य | | १९३ | चतुरे सार्की | | + | | + | |
| | वीरेन्द्र खुँजेली | | १९४ | अभागिनीको कहानी | | | + | | |
| | भीमप्रसाद ढकाल | | १९५ | परिवर्तन | | | + | | |
| | विन्दुप्रसाद नेपाली | | १९६ | पश्चाताप | | | | + | |
| | भक्तबहादुर कोइराला | | १९७ | धर्म गर है | | | | + | |
| | टेकबहादुर कार्की | | १९८ | विरामी भूत | | | | + | |
| | श्यामप्रसाद अधिकारी | | १९९ | शान्तिको खोजमा | + | | | | |
| | | | २०० | | | | | | |
| २१ | तेजबहादुर प्रसाई | २००७ साल (२०१२) | २०१ | २००७ साल | + | | | | |
| | | | २०२ | झन अरूले थाहा पाए भने ! | | | | + | |
| | | | २०३ | बनारसी सारी | | | | + | |
| | | | २०४ | लभको धुनमा | | | | + | |
| | | | २०५ | धोवीधारा | | + | | | |
| | | | २०६ | भरिया दाइ | + | | | | |
| | | | २०७ | तरुनी स्वास्नी | | | + | | |
| | | | २०८ | मृत्युशय्याबाट | | | | + | |
| | | | २०९ | चमेलीको घर | + | | | | |
| | | | २१० | झोपडीको आँसु | + | | | | |
| | | | २११ | नाबालिका दाउरेनी | | | | + | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २२ | फलेन्द्र जगत्कुमारी राणा | दिदी बैनीहरूमा भेट (२०१२) | २१२ | एउटी नारीको आत्मकथा | | | | + | |
| | | | २१३ | प्रभा | | | | + | |
| | | | २१४ | माधवी | | | | + | |
| २३ | रमेश विकल | तेह्र रमाइला कथा (२०१३) | २१५ | इमानदार सार्की | | | | + | |
| | | | २१६ | महात्मा चाँडक्य | | | | + | |
| | | | २१७ | इमानदारीको जाँच | | | | + | |
| | | | २१८ | संगतगुनको बुद्धि | | | | + | |
| | | | २१९ | विद्वान र बुद्धिमान | | | | + | |
| | | | २२० | दुष्टले मरेपछि पनि दु:ख दिन्छ | | | | + | |
| | | | २२१ | कोशिश | | | | + | |
| | | | २२२ | दूधको दूध, पानीको पानी | | | | + | |
| | | | २२३ | अल्छीको भाग्य: चाल्नाको पानी | | | | + | |
| | | | २२४ | मानिसको धर्म | | | | + | |
| | | | २२५ | घोडाको चलाखी | | | | + | |
| | | | २२६ | पुण्यको पाप | | | | + | |
| | | | २२७ | जस्तालाई त्यस्तै | | | | + | |
| २४ | हृदयचन्द्रसिंह प्रधान | उसको आँशु (२०१२) | २२८ | कलाको मूल्य | | | | + | |
| | | | २२९ | दाउरी | | | | + | |
| | | | २३० | उसको आँशु | + | | | | |
| | | | २३१ | कुकुर | | | | + | |
| | | | २३२ | उसलाई हेरि नै रहेँ | + | | | | |
| | | | २३३ | बाबुलाल | | | | + | |
| | | | २३४ | दया | | | | + | |
| | | | २३५ | डाइरेक्टर कुलवीर सिंह | | | | + | |
| | | | २३६ | बर्तबन्ध | | + | | | |
| | | | २३७ | प्रभातको प्रतीक्षामा | | | | + | |
| | | | २३८ | जन्मोत्सवको दिन | | | | + | |
| | | | २३९ | तमसुक | | | | + | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २५ | कृष्णप्रसाद सर्वहारा | दुई छेस्का सलाइ (२०१३) | २४० | घलेको आँशु | + | | | | |
| | | | २४१ | ऊ रुन थाल्यो | | + | | | |
| | | | २४२ | म खोसिएँ | | | | + | |
| | | | २४३ | केवल तीन महिना | + | | | | |
| | | | २४४ | विधवा श्यामा | | | + | | |
| | | | २४५ | दुई छेस्का सलाई | | | | + | |
| | | | २४६ | दशको नोट | | | + | | |
| २६ | खेमराज शर्मा, पोखरेल | तस्विर (२०१३) | २४७ | नांगो तस्विर | + | | | | |
| | | | २४८ | भोट | + | | | | |
| | | | २४९ | मेरो एक दिनको मधुर स्वप्न | | | | + | |
| | | | २५० | मेरो जीवनमा एक सत्य घटना | | | | + | |
| | | | २५१ | आर्थिक विकास नै देशोत्थानको माग हौ | | | | + | |
| २७ | तारानाथ शर्मा संपा) | बल्दो दीयो (२०१३) | २५२ | बल्दो दीया | | | | + | |
| | मदनकृष्ण प्रसाई | | २५३ | धनको पुर्नविवाह | | | | + | |
| | चूडामणि रेग्मी | | २५४ | स्वतन्त्रता | | | | + | |
| | तारानाथ शमा | | २५५ | कान्छी | | | | + | |
| | वीरेन्द्र खुँजेली | | २५६ | धृष्टता | | | | + | |
| | कोशराज रेग्मी | | २५७ | छोरीको जात | | | + | | |
| | भीमप्रसाद ढकाल | | २५८ | जिम्मावारी कस्को ? | | | + | | |
| | केकेमनुक्च्यो पोखरेल | | २५९ | घुस्याहा | | | | + | |
| | रमेशजङ्ग थापा | | २६० | नीलो खाम | | | | + | |
| | माधव भँडारी | | २६१ | माइत घर | | | + | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | वल्लभमणि दहाल | | २६२ | अप्जसी आँखा | | | | + | |
| २८ | वल्लभमणि दहाल, कोशराज शर्मा र भोलानाथ दाहाल (सम्पा) | गाउँको सन्देश (२०१३) | २६३ | | | | | | |
| | कोशराज शर्मा | | २६४ | दशैं | + | | | | |
| | भोलानाथ दाहाल | | २६५ | सनातनी मखुण्डो | | | | + | |
| | बल्लभमणि दाहाल | | २६६ | देबे भुजेल | | + | | | |
| | बल्लभमणि दाहाल | | २६७ | सहीको सही | + | | | | |
| | बल्लभमणि दाहाल | | २६८ | बेइमानी कि इमानी | + | | | | |
| | | | २६९ | | | | | | |
| २९ | शिवकुमार प्रधान | आकाश-गंगा (२०१४) | २७० | घटनाचक्रको फेर | | | | + | |
| | | | २७१ | उघ्रेको अन्धकार | | | | + | |
| | | | २७२ | नीरव मरण | | | | + | |
| | | | २७३ | आशा प्रतिमाको अन्त | | | | + | |
| | | | २७४ | अन्धकारको तारो | | | | + | |
| | | | २७५ | त्रिलोक यात्रा | | | | + | |
| | | | २७६ | भवचक्र | | | | + | |
| | | | २७७ | अधुरो प्रेम | | | | + | |
| ३० | गोरखप्रसाद श्रेष्ठ ‘विनयी’ | श्री गङ्गाजी (उत्पति) कथा (२०१५) | २७८ | अयोध्या वर्णन | | | | + | |
| | | | २७९ | राजा सागर | | | | + | |
| | | | २८० | सागरको तपस्या गर्ने विचार | | | | + | |
| | | | २८१ | सगर वन गमन | | | | + | |
| | | | २८२ | सगरलाईश्रीमहादेव | | | | + | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | को बरदान | | | | | |
| | | | २८३ | सगरलाई पुत्रलाभ | | | | + | |
| | | | २८४ | राजकुमार अशामञ्जको उपद्रव | | | | + | |
| | | | २८५ | अशामञ्जलाई देश निकाला | | | | + | |
| | | | २८६ | साठी हजार कुमारहरूको उपद्रव | | | | + | |
| | | | २८७ | सगरको यज्ञाऽभिलाषा | | | | + | |
| | | | २८८ | देवराजइन्द्रद्वारा अश्वाऽपहरण | | | | + | |
| | | | २८९ | यज्ञाऽश्वको तलासमा सगर कुमारहरू | | | | + | |
| | | | २९० | यज्ञाऽश्वको पुनर्प्राप्ति | | | | + | |
| | | | २९१ | सगर कुमारहरूको संहार | | | | + | |
| | | | २९२ | अंशुमन | | | | + | |
| | | | २९३ | अंशुमनद्वारा काकाहरूको खोज | | | | + | |
| | | | २९४ | सगरको स्वर्गबास | | | | + | |
| | | | २९५ | अंशुमनको राज्यारोहण | | | | + | |
| | | | २९६ | भगीरथको उग्र तपस्या | | | | + | |
| | | | २९७ | श्रीगङ्गामाईको आश्वासन | | | | + | |
| | | | २९८ | श्रीगङ्गाजी पृथ्वीप्रवेश | | | | + | |
| | | | २९९ | भगीरथको सफलता | | | | + | |
| ३१ | दौलतबिक्रम विष्ट | गालाको लाली (२०१५) | ३०० | पापको ज्वरो | | | | + | |
| | | | ३०१ | पासनी | | | | + | |
| | | | ३०२ | प्रमाण पत्र | | | | + | |
| | | | ३०३ | राधाकृष्ण | | | | + | |
| | | | ३०४ | राजीनामा | | | | + | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३०५ | गालाको लाली | | | | + | |
| | | | ३०६ | परदेश जाँदा | | | | + | |
| | | | ३०७ | उ गयो | | | | + | |
| | | | ३०८ | भेट | | | | + | |
| | | | ३०९ | कुप्री | | | | + | |
| | | | ३१० | उफान | | | | + | |
| | | | ३११ | क्रान्तिको बादल | | | | + | |
| ३२ | चूडामणि रेग्मी र माधव भँडारी | नेपाली कथा-साहित्य (२०१५) | | | | | | + | |
| | चूडामणि रेग्मी | | ३१२ | साहित्य सेवक | | | | + | |
| | | | ३१३ | नयाँ धामी | | | | + | |
| | | | ३१४ | सारी | | | | + | |
| | | | ३१५ | गोडा भए जुत्ताको के खाँचो ? | | | | + | |
| | | | ३१६ | वेश्या | | | | + | |
| | | | ३१७ | सहमति | | | | + | |
| | माधव भँडारी | | ३१८ | रिन | | | | + | |
| | | | ३१९ | दमाई | | + | | | |
| | | | ३२० | खेतीको फल | + | | | | |
| | | | ३२१ | उज्याले र अँध्यारो | | | | + | |
| | | | ३२२ | जुवारी | | | | + | |
| | | | ३२३ | तर्पन | | + | | + | |
| ३३ | शैल के.पी. | मिस नेपाल र वियोगिनीको डायरी (२०१६) | ३२४ | मिस नेपाल | | | | + | |
| | | | ३२५ | वियोगिनीको डायरी | | | | + | |
| ३४ | दलभञ्जन कार्की | मामाघर (२०१६) | ३२६ | श्रृङ्गार | | | | + | |
| | | | ३२७ | सुमित्रा | | | | + | |
| | | | ३२८ | मामाघर | | | | + | |
| | | | ३२९ | कान्छाको कुकुर | | | | + | |
| | | | ३३० | कैली | | | + | | |
| | | | ३३१ | चाउरे | + | | | | |
| | | | ३३२ | कविता | | | | + | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३३३ | नेपे | | | | + | |
| | | | ३३४ | बिदा | + | | | | |
| ३५ | रमेश विकल | बिरानो देशमा२०१६) | ३३५ | मधुमालतीको कथा | + | | | | |
| | | | ३३६ | तर कोपिला फक्रेन | + | | | | |
| | | | ३३७ | बमको छिर्का | | | | + | |
| | | | ३३८ | बिरानो देशमा | | + | | | |
| | | | ३३९ | युवकको डायरी | | | | + | |
| | | | ३४० | पृथ्वी अझै घुम्दै थियो | | | | + | |
| | | | ३४१ | कमल | | | | + | |
| ३६ | ? | वागीश्वरी कहानी संग्रह (२०१६) | | | | | | | |
| | लोकेन्द्रराज शर्मा | | ३४२ | स्मृतिको प्रतिक्रिया | | | | + | |
| | केशवराज पिँडाली | | ३४३ | बाघबजारको बाटो | | | | + | |
| | मोहन हिमांशु थापा | | ३४४ | देवता हाँस्यो | | | | + | |
| | पोषणप्रसाद पाण्डे | | ३४५ | एक रुपियाँ, पाँच आना | | | | + | |
| | कृष्णप्रसाद पराजुली | | ३४६ | हृदय | | | | + | |
| | शशिकला शर्मा | | ३४७ | जागीर | | | | + | |
| | पूर्ण लामा | | ३४८ | नैना | | | | + | |
| | श्री खालिङ | | ३४९ | रोगको दिन | | | | + | |
| | श्री शङ्करप्रसाद कोइराला | | ३५० | एकजना | | | | + | |
| | दमन ढुङ्गाना | | ३५१ | ज्योतिषी बाजे | | | | + | |
| | खनेमी सम | | ३५२ | ओबरकोट | | | | + | |
| | भुवनेश्वर | | ३५३ | हार कि जीत | | | | + | |
| ३७ | जुजुमान कुशले | सुनौला कथा (२०१६) | ३५४ | किसानको छोरा राजा | | | | + | |
| | | | ३५५ | राजा अमर सिंह | | | | + | |
| | | | ३५६ | अति लोभी | | | | + | |
| | | | ३५७ | घमण्डी राजा | | | | + | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३५८ | संसारपारिको देश | | | | + | |
| ४८ | गोविन्दलाल श्रेष्ठ | अधूरो सपना (२०१६) | ३५९ | प्रेम मिलन | | | | + | |
| | | | ३६० | सम्झना | | | | + | |
| | | | ३६१ | अधूरो सपना | | | | + | |
| | | | ३६२ | लोग्नेलाई के भन्ने ? | | | | + | |
| | | | ३६३ | मेरो शेरवानी कोट | | | | + | |
| | | | ३६४ | चुरोट | | | | + | |
| | | | ३६५ | शशिमा दाग | | | | + | |
| | | | ३६६ | सत्याग्रह | | | | + | |
| | | | ३६७ | घोषित स्वयम्वर | | | | + | |
| ३९ | मुकुन्द ढुङ्गेल | नसोचेको कुरा (२०१६) | ३६८ | अप्रत्यासित | | | | + | |
| | | | ३६९ | बदला | | | | + | |
| | | | ३७० | त्याग | | + | | | |
| | | | ३७१ | नसोचेको कुरा | | | | + | |
| | | | ३७२ | आमाको माया | | | | + | |
| | | | ३७३ | परिवर्तन | | | | + | |
| | | | ३७४ | सहानुभूति | | | | + | |
| | | | ३७५ | प्रतीक्षा | | | | + | |
| | | | ३७६ | तीनवर्षपछि | | | | + | |
| | | | ३७७ | आस | | | | + | |
| ४० | भीमनिधि तिवारी | नेपाली सामाजिक कहानी जन्तरे भाग(२०१७) | ३७८ | नाटककार | | | | + | |
| | | | ३७९ | दुई कैदिनीको कहानी | | | | + | |
| | | | ३८० | धनमती | | | | + | |
| | | | ३८१ | आत्माभिमान | | | | + | |
| | | | ३८२ | यस्तो पनि पर्दोरहेछ | | | | + | |
| | | | ३८३ | बूढो किन रोयो ? | | | | + | |
| | | | ३८४ | निम्ताको निम्ति | | | | + | |
| | | | ३८५ | कुर्कुरे बैंस | | | | + | |
| | | | ३८६ | अखबार | | | | + | |
| | | | ३८७ | मूर्छाको ओखती | | | | + | |
| | | | ३८८ | चिर सम्झना | | | | + | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३८९ | आमाको चिन्हा (?) | | | | + | |
| | | | ३९० | जन्हैपूर्ण | | | | + | |
| | | | ३९१ | त्यो युग र यो युग | | | | + | |
| | | | ३९२ | भैरव कि देवी | | | | + | |
| | | | ३९३ | तस्वीर | | | | + | |
| ४१ | कृष्णप्रसाद सर्वहारा | दर्बारकी केटी (२०१८) | ३९४ | दर्बारकी केटी | | | + | | |
| | | | ३९५ | तोर्मे | + | | | | |
| | | | ३९६ | भोक | | | | + | |
| | | | ३९७ | तर्किरहेको आँसु | | + | | | |
| | | | ३९८ | विरानो देशकी आइमाई | | + | | | |
| | | | ३९९ | म कथाकार होइन | | | | + | |
| | | | ४०० | बौरेको माया | | | | + | |
| ४२ | कृष्णबम मल्ल | देवता (२०१८) | ४०१ | देवता | | | | + | |
| | | | ४०२ | सिन्दुरको चाहना | | | | + | |
| | | | ४०३ | गोमा | | | | + | |
| | | | ४०४ | भाइचाकी पत्नी | | | | + | |
| | | | ४०५ | नायब राइटरी | | | | + | |
| | | | ४०६ | नक्कली | | | | + | |
| | | | ४०७ | अप्रजातान्त्रिक प्रजातन्त्री | | | | + | |
| | | | ४०८ | तेसू खोलो | + | | | | |
| ४३ | मुकुन्द ढुङ्गेल | नयाँ मोड रमाइलो सफर( २०१८) | ४०९ | पाँच मिनट | | | | + | |
| | | | ४१० | आकाशमाथि | | | | + | |
| | | | ४११ | एक बिहान | | | | + | |
| | | | ४१२ | एक सम्झना: एक असमन्जस | | | | + | |
| | | | ४१३ | झिल्को निभ्यो | | | | + | |
| | | | ४१४ | हक | | | | + | |
| | | | ४१५ | नयाँ मोडः रमाइलो सफर | | | | + | |
| | | | ४१६ | उनले हाँस्न छाडिन | | | | + | |
| | | | ४१७ | सुश्री कल्पनासँगको एक भेट | | | | + | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ४१८ | फाट्न लागेको बादल र एक झुल्को घाम | | | | | + | |
| | | | ४१९ | भोक-जुठो-चोखो-मन | | | | | + | |
| | | | ४२० | मूक प्रेम | | | | | + | |
| | | | ४२१ | ड्राइभर | | | | | + | |
| | | | ४२२ | एक फूल दुई पात | | | | | + | |
| | | | ४२३ | शान्तिको बिहा | | | | | + | |
| ४४ | दुर्गाप्रसाद श्रेष्ठ 'उपेन्द्र' | सम्झनाको बादल (२०१८) | ४२४ | फेयरवेल पाटी | | | | | + | |
| | | | ४२५ | स्नेह दान एक चिठी | | | | | + | |
| | | | ४२६ | सम्झनाको बादल | | | | | + | |
| | | | ४२७ | सिपाही र सिन्दूर | | | | | + | |
| | | | ४२८ | प्रश्नचिन्ह | | | | | + | |
| | | | ४२९ | बहादुर | | | | | + | |
| | | | ४३० | गुलाबको फूल | | | | | + | |
| | | | ४३१ | चोर | | | | | + | |
| | | | ४३२ | कांछी | | | | | + | |
| | | | ४३३ | धने बौलायो | | | | | + | |
| ४५ | विश्वनाथ अधिकारी | नाइलनको सारी(२०१९) | ५३४ | अवनिकुमार बी.ए | | | | | + | |
| | | | ४३५ | आघात | | | | | + | |
| | | | ४३६ | आखिर अभागिनी मरेरै गइन | | | | | + | |
| | | | ४३७ | कविता कुन्दन | | | | | + | |
| | | | ४३८ | ...के भन्छ्यौ नि...! | | | | | + | |
| | | | ४३९ | नाइलनको सारी | | | | | + | |
| | | | ४४० | बिजुला | | | | | + | |
| ४६ | रमेश विकल | नयाँ सडकको गीत (२०१९) | ४४१ | भन्ज्याङको चौतारो | | | | | + | |
| | | | ४४२ | प्रतिहिंसा | | | | | + | |
| | | | ४४३ | लाहुरी भैंसी | + | | | | | |
| | | | ४४४ | नयाँ सडकको गीत | + | | | | | |
| | | | ४४५ | बिहानी पखको बत्ती | | | | | + | |
| | | | ४४६ | वीरेकी आमा | | + | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ४४७ | दुई रुपियाँ नोट | | | + | | |
| | | | ४४८ | सिँगारी बाख्रो | | | | + | |
| | | | ४४९ | सुबेदार रणे बूढो | | | | + | |
| ४७ | शशिकला शर्मा | उसको सुरुवाल (२०१९) | ४५० | उसको सुरुवाल | | | | + | |
| | | | ४५१ | जप | | | | + | |
| | | | ४५२ | जाँदा र आउँदा | | | | + | |
| | | | ४५३ | स्वास्थ्य - सप्ताह | | | | + | |
| | | | ४५४ | समानता | | + | | | |
| | | | ४५५ | बिजोक | | | | + | |
| | | | ४५६ | रमाको मुक्ति | | | | + | |
| | | | ४५७ | अपूरो कल्पना | | | | + | |
| | | | ४५८ | करको व्यापार | | | | + | |
| | | | ४५९ | सामाजिक क्रान्ति | | | | + | |
| ४८ | गुरुप्रसाद मैनाली | नासो (२०२०) | ४६० | नासो | | | + | | |
| | | | ४६१ | छिमेकी | | | | + | |
| | | | ४६२ | प्रायश्चित | | | | + | |
| | | | ४६३ | पापको परिणाम | | + | | | |
| | | | ४६४ | विदा | | + | | | |
| | | | ४६५ | परालको आगो | | | | + | |
| | | | ४६६ | अभागी | | | | + | |
| | | | ४६७ | सहिद | | | | + | |
| | | | ४६८ | कर्तव्य | | | | + | |
| | | | ४६९ | प्रत्यागमन | | | | + | |
| | | | ४७० | चिताको ज्वाला | | | | + | |
| ४९ | पुष्कर शमशेर | पुष्कर शमशेरका कथाहरू (२०४४) | ४७१ | परिबन्द | | | | + | |
| | | | ४७२ | लोग्ने | | | + | | |
| | | | ४७३ | स्वार्थत्याग | | | | + | |
| | | | ४७४ | मनको पलट | | | | + | |
| | | | ४७५ | धनको मुख रातो | | | | + | |
| ५० | बालकृष्ण सम | तलतल (२०४७) | ४७६ | तलतल | | | | + | |
| | | | ४७७ | खुकुरी | | | | + | |
| | | | ४७८ | हरिसिद्धि | | | | + | |
| | | | ४७९ | टाँगन घोडा | | | | + | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ४८० | नौली | | | | + | |
| | | | ४८१ | पराइ घर | | | | + | |
| | | | ४८२ | शरण | | | | + | |
| | | | ४८३ | कैकेयी | | | | + | |
| | | | ४८४ | फुकेको बन्धन | | | | + | |
| | | | ४८५ | रूपको मूल्य | | | | + | |
| ५१ | लक्ष्मीप्रसाद देवकोटा | लक्ष्मी कथा सङ्ग्रह २०५१) | ४८६ | उनको मने | | | | + | |
| | | | ४८७ | मेमसाहेबसँग | | | | + | |
| | | | ४८८ | गुरु ज्ञानसिहं | | | | + | |
| | | | ४८९ | शिशिली आफ्नो बिहे आफै गर्छिन् | | | | + | |
| | | | ४९० | बङ्गाली बाबु | | | | + | |
| | | | ४९१ | व्यक्तित्व | | | | + | |
| | | | ४९२ | घरेलु धर्म | | | | + | |
| | | | ४९३ | तीज | | | | + | |
| | | | ४९४ | मर्स्याङ्दी | | | + | | |
| | | | ४९५ | तारा | | | | + | |
| | | | ४९६ | मन र तन | | | | + | |
| | | | ४९७ | अजिमा | | | | + | |
| | | | ४९८ | उपकारको बाटोमा | | | | + | |

# नेपाली र हिन्दी भाषाका सन्दर्भ सामग्रीसूची


अग्रवाल, नवीन नारायण (सन्. १९६७), *राजनीतिक विज्ञान के मूल सिद्धान्त,* दिल्ली : हिन्दी माध्यम मण्डल, दिल्ली विश्वविद्यालय ।

अधिकारी, रविलाल (२०५३), (श्रावण-भाद्र-आश्विन), हावर्ड फास्टका यथार्थवादसम्बन्धी मान्यताहरू, *प्रलेस,* पृ. २७ - ३३ ।

अधिकारी, रविलाल (२०५६), *प्रगतिवादी नेपाली समालोचना,* पोखरा : लेकाली प्रकाशन ।

अधिकारी, विश्वनाथ मूक (२०१९), *नाइलनको सारी,* काठमाडौँ : शङ्करनाथ अधिकारी ।

अधिकारी, शैलेन्द्र (२०७२), *अमर न्यौपानेका आख्यानमा सबाल्टर्न,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, काठमाडौँ ।

अर्याल, भैरव, सम्पा. (२०२५), *साझा कथा,* ललितपुर : साझा प्रकाशन ।

अवस्थी, महादेव, सम्पा. (२०५५), *नेपाली कथा भाग - २,* काठमाडौँ : साझा प्रकाशन ।

आचार्य, नरहरि, अवस्थी, महादेव र गौतम, देवीप्रसाद, सम्पा. (२०४६), *नेपाली कथा भाग- १,* काठमाडौँ : साझा प्रकाशन ।

आचार्य, बलराम (२०६२), *सामाजिक संस्था र प्रक्रियाको समाजशास्त्रीय विश्लेषण,* काठमाडौँ : नेसनल बुक सेन्टर ।

आचार्य, यज्ञप्रसाद (२०२०), *मुक्तात्मा,* काठमाडौँ : वसुन्धरा पुडासैनी ।

आचार्य, यज्ञप्रसाद (२०७०), *फ्युजनको जगमा शिलान्यास,* काठमाडौँ : नइ प्रकाशन ।

आहुति (२०६७), *नेपालमा वर्णव्यवस्था र वर्ग-सङ्घर्ष,* ललितपुर : समता फाउन्डेसन ।

आहुति (२०७७), *जात वार्ता,* काठमाडौँ : बेला पब्लिकेसन्स

इस्माली र गौतम, लक्ष्मणप्रसाद, सम्पा. (२०७२), *प्रज्ञा आधुनिक नेपाली कथा भाग -३,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

उप्रेती, गङ्गाप्रसाद (२०५३ ), पारिजातका सौन्दर्य चिन्तनको विकासक्रम, *प्रलेस.* (श्रावण-भाद्र-आश्विन), पृ. १०- २५ ।

उप्रेती, गङ्गाप्रसाद र अन्य, सम्पा. (२०५१), *द्रोणाचार्य स्मृति-ग्रन्थ,* काठमाडौँ : द्रोणाचार्य स्मृति ग्रन्थ प्रकाशन समिति ।

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* काठमाडौँ : अक्षर क्रियसन्स नेपाल

एटम, नेत्र (२०६१), *समालोचनाको स्वरूप,* ललितपुर : साझा प्रकाशन ।

एटम, नेत्र (२०६८), उत्तरवर्ती नेपाली कथा : पृष्ठभूमि, प्रतिभा र प्रवृत्ति, *रत्न बृहत् नेपाली समालोचना,* सम्पा., राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

कर्माचार्य, केशवलाल (२००९), *हराएको सारी र अरू कथाहरू,* काठमाडौँ : एजुकेसनल इन्टरप्राइजेज प्रा.लि. ।

काफ्ले, चूडामणि (२०५१), *केही समीक्षा केही विवक्षा,* भक्तपुर : वृन्दा काफ्ले ।

कार्की, दलभञ्जन (२०१६), *मामाघर,* काठमाडौँ : गणेशप्रसाद शर्मा र रत्नप्रसाद पराजुली ।

कार्की, महेश (२०७२), *नयराज पाण्डेका उपन्यासमा सबाल्टर्न,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, काठमाडौँ ।

कुसले, जुजुराम (२०१६), *सुनौला कथा,* काठमाडौँ : मधुराम कपाली ।

कोइराला, नरेन्द्रप्रसाद (२०६९), मार्‍यो च्याङ्बा मार्‍यो असिनामा पार्‍यो कथाको सबाल्टर्न विश्लेषण, *प्राज्ञिक संसार,* वर्ष - १, अङ्क - ६, पृ.४८-५४ ।

कोइराला, नरेन्द्रप्रसाद (२०७०), *रमेश विकलका कथामा सीमान्तीयता,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

कोइराला, श्रीकृष्णप्रसाद (२०७३), *भवानी भिक्षुका कथामा सीमान्तीयता (सबाल्टर्न),* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, काठमाडौँ ।

खतिवडा, विश्वराज (२०६९), *गुरुप्रसाद मैनालीका कथामा सामाजिक वास्तविकता,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, काठमाडौँ ।

खनाल, राजेन्द्र (२०७५), *लैङ्गिक समालोचना : सिद्धान्त र प्रयोग,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

खरेल, एमपी (२०७० असार), संरचनावाद, उत्तरसंरचनावाद र सांस्कृतिक अध्ययन, *भृकुटी,* भाग-१९, पृ. ६०-५१ ।

खुँजेली, वीरेन्द्र र ढकाल, देवमणि (२०११), *भेट,* वनारस : लेखक वर्ग ।

गिरी, अमर (२०७०), सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा, *भृकुटी,* भाग १९ असार, पृ. १२ - ४६ ।

गिरी, अमर (२०५१), *भूमण्डलीकरण र साहित्य,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गिरी, जयनारायण (सन्. १९५१), *कसिङ्गर,* कलकत्ता : नेपाल क्रान्ति दिवस ।

गुभाजु, माणिकलाल (२००७), *त्यागसित विवाह र अरू कहानीहरू,* काभ्रे : आँखा प्रकाशिनी समिति ।

गुरुङ, सुशान्त (२०७० असार), भूमण्डलीकरण र सांस्कृतिक अध्ययन, *भृकुटी,* भाग- १९, पृ. १०४-११२ ।

गौतम, कृष्ण (२०५०), *आधुनिक आलोचना : अनेक रूप, अनेक पठन,* ललितपुर : साझा प्रकाशन ।

गौतम, कृष्ण (२०६४), *उत्तर आधुनिक जिज्ञासा,* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स् ।

गौतम, कृष्ण (२०६६), *'संस्कृति/उत्तर संस्कृति',* भृकुटी ६, (माघ फागुन चैत), पृ. ३३-४२ ।

गौतम, कृष्ण (२०७०, असार), युग्मक विनिर्माणको सङ्कर संस्कृतिको पहिचान, *भृकुटी,* भाग-१९.पृ.८४-९१ ।

गौतम, कृष्ण (२०७१), *उत्तरसिद्धान्त,* काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, कृष्ण (२०७५), *मार्क्सवाददेखि उत्तरमार्क्सवादसम्म,* काठमाडौंः भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, दीपक, सम्पा. (२०६४), *समकालीन प्रगतिवादी नेपाली कथाका प्रवृत्ति,* काठमाडौं : लेखक स्वयम् ।

गौतम, देवीप्रसाद, सम्पा. (२०५४), *नेपाली कथा,* काठमाडौं : नवीन प्रकाशन ।

गौतम, देवीप्रसाद र घिमिरे, कृष्णप्रसाद, सम्पा. (२०६८), *आधुनिक नेपाली कथा भाग-३,* काठमाडौं : साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६६), *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना,* काठमाडौं : ओरिएन्टल पब्लिकेसन ।

गौतम, लक्ष्मणप्रसाद (२०६८), *उत्तरवर्ती नेपाली समालोचनाः केही प्रतिरूप,* काठमाडौंः पैरवी प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद र अधिकारी, ज्ञानु (२०६९), *नेपाली कथाको इतिहास,* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

घिमिरे, मुकुन्द (२०६०), *नासो कथासङ्ग्रहको समाजशास्त्रीय अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, काठमाडौं ।

घिमिरे, वासुदेव (२०३७), *कथाकार मैनालीमा पाइने आदर्शोन्मुख यथार्थवाद,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, कीर्तिपुर ।

चापागाईं, कृष्णप्रसाद (२००८), *टुक्राटाक्री,* काठमाडौं : कृष्णप्रसाद चापागाईं ।

चापागाईं, कृष्णप्रसाद (२००८), *रसभरी चमचम,* काठमाडौं : कृष्णप्रसाद चापागाईं ।

चापागाईं, निनु (२०५१), *यथार्थवादी रचना दृष्टि र विवेचना,* काठमाडौं : दिलबरदान महिम चापागाईं ।

चापागाईं, निनु (२०६४), *सन्दर्भ : संस्कृति र सांस्कृतिक रूपान्तरण* (दो.सं.), काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

चापागाईं, निनु (२०६९), सबाल्टर्न अध्ययनः एक विवेचना, *वेदना,* (कार्तिक-मङ्सिर-पुस), ३९/२. पृ.२०-४८ ।

चैतन्य (२०६५), *मार्क्सवाद र संस्कृति,* काठमाडौं : सहिद स्मृति प्रकाशन ।

चैतन्य (२०७०). समकालीन बुर्जुवा दर्शन र सांस्कृतिक अध्ययन, *भृकुटी, १९.* पृ. १४३–१६५ ।

जोशी, रत्नध्वज (२०२५), *कथा, कथाकार, आलोचक, साझा समालोचना,* (सम्पा.) कृष्णचन्द्रसिंह प्रधान, काठमाडौँ : साझा प्रकाशन ।

जोशी, रत्नध्वज (२०२५), *नेपाली कथाको कथा,* काठमाडौँ : साझा प्रकाशन ।

जोशी, रत्नध्वज (२०३४), *केही कथाकारहरू, आधुनिक साहित्यको झलक,* काठमाडौँ : साझा प्रकाशन ।

ज्ञवाली, विष्णुप्रसाद (२०७०-७१), सांस्कृतिक अध्ययन : अवधारणात्मक ढाँचा, *तन्नेरी,* (चैत - वैशाख), ३५/४ पृ. १-४९ ।

ज्ञवाली, विष्णुप्रसाद (२०७३), *सांस्कृतिक अध्ययन र विकलका उपन्यास,* काठमाडौँ : तन्नेरी प्रकाशन ।

ज्ञवाली, सूर्यविक्रम (सम्पा.), (१९९५), *कथा कुसुम,* दार्जिलिङ : नेपाली साहित्य सम्मेलन ।

ढकाल, जयप्रसाद (२०५४), आधुनिक साहित्यः यथार्थ दृष्टि, *प्रलेस,* (वैशाख-जेठ-असार), पृ.७८-८५ ।

ढुङ्गेल, मुकुन्द (२०१६), *नसोचेका कुरा,* काठमाडौँ : लेखक स्वयम् ।

ढुङ्गेल, मुकुन्द (२०१८), *नयाँ मोड : रमाइलो सफर,* काठमाडौँ : सुशील ढुङ्गेल ।

तिमसिना, अनिरुद्र (२०५४), प्रगतिवाद र यसका आधारभूत मान्यताहरू, *प्रलेस,* (माघ-चैत्र), पृ.२८-४३ ।

तिवारी, भीमनिधि (२००८), *नेपाली सामाजिक कहानी जेठो भाग,* काठमाडौँ : नेपाली भाषा प्रकाशिनी समिति ।

तिवारी, भीमनिधि (२००९), *नेपाली सामाजिक कहानी माहिलो भाग,* काठमाडौँ : नेपाली भाषा प्रकाशिनी समिति ।

तिवारी, भीमनिधि (२०१०), *नेपाली सामाजिक कहानी साहिँलो भाग,* काठमाडौँ : नेपाली भाषा प्रकाशिनी समिति ।

तिवारी, भीमनिधि (२०१०), *नेपाली सामाजिक कहानी काहिँलो भाग,* काठमाडौँ : नेपाली भाषा प्रकाशिनी समिति ।

तिवारी, भीमनिधि (२०१०), *नेपाली सामाजिक कहानी ठाहिँलो भाग,* काठमाडौँ : नेपाली भाषा प्रकाशिनी समिति ।

तिवारी, भीमनिधि (२०१५), *नेपाली सामाजिक कहानी राहिँलो भाग,* काठमाडौँ : नेपाली भाषा प्रकाशिनी समिति ।

तिवारी, भीमनिधि (२०१५), *नेपाली सामाजिक कहानी अन्तरे भाग,* काठमाडौँ : नेपाली भाषा प्रकाशिनी समिति ।

तिवारी, भीमनिधि (२०१७), *नेपाली सामाजिक कहानी जन्तरे भाग,* काठमाडौँ : नेपाली भाषा प्रकाशिनी समिति ।

तोमर, राम विहारी सिंह (सन् १९७३), *सामाजिक विघटन,* अजमेर : दत्त बन्धु प्रा.लि ।

त्रिपाठी, वासुदेव (२०२८), *विचरण,* काठमाडौँ : भानु प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०३०),*पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग- १,* काठमाडौँ : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०३६),*पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग- २,* काठमाडौँ : साझा प्रकाशन ।

त्रिपाठी, विश्वनाथ (सन्.२०१०), *इन्द्रबहादुर राईका कथाहरूमा वस्तु तथा पात्रविधानको विवेचनात्मक अध्ययन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, काशी हिन्दु विश्वविद्यालय, वाराणसी ।

त्रिपाठी, सुधा (२०६७), *नारीवादको कठघरामा नेपाली साहित्य,* ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, सुधा (२०७२), *नारीवादी सौन्दर्य चिन्तन,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

दास, चतुर्भुजलाल (२०५१), *राजन मुकारुङका उपन्यासमा प्रतिनिधित्त्व, पहिचान, प्रतिरोध र सीमान्तीयता,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, काठमाडौँ ।

दाहाल, वल्लभमणि, शर्मा, कोशराज र दाहाल, भोलानाथ (२०१०), *गाउँको सन्देश,* काठमाडौँ : जनयुग प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०५१), *लक्ष्मी कथासङ्ग्रह,* काठमाडौँ : मञ्जरी पब्लिकेशन ।

नेपाली, जगदीश,सम्पा. (२०११), *आदर्श-श्री,* इलाम : तारानाथ शर्मा ।

पाठक, गिरीराज, (२०७५), *गुरुप्रसाद मैनालीका कथामा प्रतिनिधित्त्व, पहिचान र प्रतिरोध,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्याल, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, काठमाडौँ ।

पाण्डे, ज्ञानु (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाण्डे, हेमलाल (२०७२), विचारधारा र राज्यका विचारधाराका अङ्गहरू, *मार्क्सवादी साहित्यसिद्धान्तका प्रतिनिधिमूलक विचारहरू,* (सम्पा.), कृष्णचन्द्र शर्मा, काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान, पृ. २६१-२८४ ।

पाण्डेय, ताराकान्त (२०७०), संस्कृति, सांस्कृतिक अध्ययन र मार्क्सवाद, *भृकुटी,* (असार), भाग-१९, पृ. १७३-१९३ ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* काठमाडौँ : साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् १९५१), *साहित्य के समाजशास्त्र की भूमिका,* पंचकूला : हरियाणा साहित्य अकादमी ।

पुलामी, वासुदेव, ले. सम्पा. (सन् २०११), किनाराका आवाजहरूभित्र सबाल्टर्नका स्वरहरू, *किनारा विमर्श.* मनप्रसाद सुब्बा र रेमिका थापा, दार्जिलिङ : गामा प्रकाशन, पृ.५१-६३ ।

पोखेल, कृष्णप्रसाद (२०६५), *गोविन्द गोठालेका कथामा द्वन्द्वविधान,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, काठमाडौं ।

पोखरेल, खेमराज शर्मा (२०१३), *तसवीर,* खोटाङ : लेखक स्वयम् ।

पोखरेल, गुरुप्रसाद (२०७०), माधव भँडारीको गाउँघर कथासङ्ग्रहको कृतिपरक विश्लेषण, इलाम : अनुसन्धान समिति, महेन्द्ररत्न बहुमुखी क्याम्पस ।

पोखरेल, गुरुप्रसाद (२०८०), *सामाजिक यथार्थवादी नेपाली कथामा प्रतिनिधित्व,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, काठमाडौं ।

पोखरेल, बालकृष्ण (२०११), *सोधाइ र जवाफ,* काठमाडौं : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण, सम्पा. (२०११), *कालो भूत,* विराटनगर : लेखक स्वयम् ।

पौडेल, गोपीन्द्रकुमार, (२०६२), *प्रगतिवादी नेपाली कथाका प्रवृत्ति,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, काठमाडौं ।

पौडेल, राम (२०६०), *आधुनिक नेपाली कथाका बाल पात्रको मनोवैज्ञानिक विश्लेषण (१९९२-२०१९),* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, काठमाडौं ।

पौड्याल, षडानन्द (२०७६), *आधुनिक नेपाली कथामा सामाजिक सम्बन्ध,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौडेल, हेमनाथ (२०६९), प्रगतिवादका सन्दर्भमा यथार्थवाद र यसका प्रमुख भेद, *भृकुटी,* १५, (वैशाख-जेठ-असार), पृ. ३८९-४०३ ।

प्रधान, कृष्णचन्द्रसिंह (२०४०), *सिर्जनाको सेरोफेरो,* काठमाडौं : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह, सम्पा. (२०२५), *साझा समालोचना* (पाँचौं संस्क.), ललितपुर : साझा प्रकाशन ।

प्रधान, शिवकुमार (२०१४), *आकाश-गंगा,* बुटवल : श्री युक्तप्रसाद प्रधान ।

प्रसाईं, तेजबहादुर (२०१२), *२००७ साल,* काठमाडौं : उन्नयन प्रकाशन ।

प्रभात, विष्णु (२०५६), संस्कृति र सामाजिक जीवन, *गरिमा,* १७/७, पृ. ५५-५८ ।

बर्मा, धीरेन्द्र र अन्य (सन् २०१५), *हिन्दी साहित्य कोश,* बनारस : ज्ञान मण्डल लिमिटेड ।

बराल, ईश्वर (२००६), *झ्यालबाट,* ललितपुर : साझा प्रकाशन ।

बराल, ईश्वर, सम्पा. (२०२५), नेपाली कथा-साहित्यका विषयमा, *साझा समालोचना,* कृष्णचन्द्रसिंह प्रधान, काठमाडौँ : साझा प्रकाशन ।

बराल, ईश्वर (२०१०), आधुनिक नेपाली साहित्यको क्रमविकास, *प्रगति,* वर्ष १, अङ्क २५, पृ.५१-६२ ।

बराल, ईश्वर (२०२९), *झ्यालबाट,* ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६४), सामाजिक रूपान्तरणमा स्रष्टाहरूको भूमिका, *राष्ट्रिय साहित्य सङ्गोष्ठी,* पृ. ४५-५८ ।

बराल, ऋषिराज (२०७३), *मार्क्सवाद र सबाल्टर्न अध्ययन,* ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज र घिमिरे, कृष्णप्रसाद (२०६१), *नेपाली कथा भाग ३* (तेस्रो संस्क), काठमाडौँ : साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०६१), *वस्तुपरक समालोचना,* काठमाडौँ : स्टुडेन्ट बुक्स पब्लिसर्स एन्ड डिस्टिब्युटर्स ।

बराल, प्रभाकुमारी (२०५१), *प्रदीप नेपालका कथामा सीमान्तीयता,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

बराल, वासु (२०४४), *हिन्दु सामाजिक सङ्गठनको प्रारूप,* काठमाडौँ : साझा प्रकाशन ।

बस्नेत, ढकबहादुर (२०७५), *विजय मल्लका कथामा यौनमनोविश्लेषण,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, काठमाडौँ ।

बस्याल, बिन्दु (२०७०), सिटिहलको एउटा बुढो कथामा सबाल्टर्न चेतना, *प्राज्ञिक संसार,* (वर्ष- १/९), पृ. ८१-८५ ।

ब्राह्मण, पूर्णप्रसाद (२००३), *एक्काईस कथा,* काठमाडौँ : नेपाली भाषा प्रकाशिनी समिति ।

ब्राह्मण, पूर्णप्रसाद (२००७), *झिल्का,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

ब्राह्मण, पूर्णप्रसाद (२००८), *म लोग्ने हुँ,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बिष्ट, दौलतविक्रम (२०१५), *गालाको लाली,* काठमाडौँ : नेपाल भारत मैत्री संघ ।

भँडारी, माधव (२०२५), *गाउँघर,* इलाम : चन्द्रप्रसाद उपाध्याय घिमिरे साहित्यशास्त्री ।

भण्डारी, गोपालप्रसाद (२०५१), *भवानी भिक्षुका कथामा मनोविज्ञान,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, काठमाडौँ ।

भट्टराई, गोविन्दराज (२०६१), *पश्चिमी बलेसीका बाछिटा,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान. ।

भट्टराई, गोविन्दराज (२०६९), *समयबोध र उत्तरआधुनिकता,* काठमाडौँ : ओरिएन्टल पब्लिकेशन प्रा.लि. ।

भट्टराई, डिजन (२०६८), *नेपाली मार्क्सवादी उपन्यासका मूलभूत प्रवृत्ति,* अप्रकाशित विद्यावारिधि शोधपत्र, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, काठमाडौँ ।

भट्टराई, बदरीनाथ (२०१०), *पौराणिक कहानी,* काठमाडौँ : साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०६९), सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू, *भृकुटी,* १६ (साउन- भदौ- असोज), पृ. ४८-७७ ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७७), *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

भद्रा, चन्द्रा (२०६७), लैङ्गिक अध्ययन, काठमाडौँ : अक्सफोड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

भुसाल, घनश्याम (२०६४), *आजको मार्क्सवाद र नेपाली क्रान्ति,* काठमाडौँ : नेपाली अध्ययन केन्द्र ।

भुसाल, वेदुराम (२०५९), *दर्शनशास्त्र परिचय,* काठमाडौँ : बुधबार साप्ताहिक ।

भुसाल, वेदुराम (२०६८), *नेपालमा प्रचलित दार्शनिक चिन्तनहरू,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

मल्ल, कृष्णबम (सन्. १९५२), *गुरुजीको मलामी,* (सम्पा.), काशीबहादुर श्रेष्ठ, वनारस : नेपाली साहित्य मण्डल ।

मल्ल, कृष्णबम (२०१८), *देवता,* काठमाडौँ : नेपाल एकेडेमी ।

मार्क्स र एङ्गेल्स (सन्. १९४८), *कम्युनिस्ट पार्टीका घोषणापत्र,* मस्को : प्रगति प्रकाशन ।

मिश्र, चैतन्य (२०६७), *बदलिँदो नेपाली समाज,* काठमाडौँ : फाइन प्रिन्ट ।

मिश्र, चैतन्य (२०७०), *पुँजीवाद र नेपाल,* काठमाडौँ : फिनिक्स बुक्स ।

मैनाली, गुरुप्रसाद (२०७६), *नासो,* काठमाडौँ : साझा प्रकाशन ।

राणा, फलेन्द्र जगत्कुमारी (२०१२), *दिदी बहिनीहरूमा भेट,* काठमाडौँ : लेखक स्वयम् ।

रेग्मी, कोशराज (२०१२), *को अटेरी ?,* चैनपुर : जनसांस्कृतिक सभा ।

रेग्मी, मुरारीप्रसाद (२०६६), 'सांस्कृतिक मनोविज्ञान : परागामी सांस्कृतिक सन्दर्भ', *भृकुटी,* ६ माघ-फागुन-चैत, पृ. १८९-१९४ ।

रेग्मी, चूडामणि र भँडारी, माधव (२०१५), *नेपाली कथा-साहित्य,* झापा : जुही प्रकाशन ।

रेग्मी, रामराज (२०६०), मानव समाजको रूपान्तरण, पोखरा : सामुदायिक विकास प्रतिष्ठान ।

लेनिन (सन् १९८५), *सङ्कलित रचनाएँ भाग ५,* मस्को : रादुगा प्रकाशन ।

लोहनी, गोविन्दप्रसाद (२०१०), *नेतृत्वको भोक,* काठमाडौँ : प्रगतिशील प्रकाशन मण्डल ।

विकल, रमेश (२०१३), *तेह्र रमाइला कथाहरू,* काठमाडौँ : एडुकेसनल इन्टरप्राइज प्रा. लि. ।

विकल, रमेश (२०१६), *बिरानो देशमा,* काठमाडौँ : नेपाल भारत मैत्री सङ्घ ।

विकल, रमेश (२०१९), *नयाँ सडकको गीत,* काठमाडौँ : साझा प्रकाशन ।

वियोगी, गोविन्द (२०१६), *वागीश्वरी कहानी-सङ्ग्रह,* काठमाडौँ : भक्तबहादुर पब्लिसर्स एण्ड बुक्स सेलर ।

विष्ट, डोरबहादुर (२०३०), *सबै जातको फूलबारी,* काठमाडौँ : साझा प्रकाशन ।

वैद्य, मोहन, किरण (२०६७), *मार्क्सवादी दर्शन,* काठमाडौँ : प्रगतिशील अध्ययन केन्द्र ।

शर्मा, जनकलाल (२०३९), *हाम्रो समाज : एक अध्ययन,* काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, तारानाथ (२०२१), *घोत्ल्याईहरू,* काडमाडौँ : रत्न पुस्तक भण्डार ।

शर्मा, तारानाथ र खुँजेली, वीरेन्द्र, सम्पा. (२०१३), *बल्दो दीयो,* धनकुटा : जनसांस्कृतिक सभा प्रकाशन ।

शर्मा, बालकृष्ण (२०७२), *पारिजातका कथाको सांस्कृतिक अध्ययन,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग, काठमाडौँ ।

शर्मा, भेषप्रसाद (२०१३), *केही कहानी,* काठमाडौँ : हरेक नयाँ पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०७०), अवरजन अध्ययन र साहित्य, *भृकुटी,* (असार), भाग-१९, पृ.३१५-३२५ ।

शर्मा, शशिकला (२०१९), *उसको सुरुवाल,* काठमाडौँ : साहित्य सेवा सदन ।

शर्मा, श्री (सन् १९५२), *आत्मज्वाला,* वनारस : प्रगतिशील प्रकाशन मण्डल ।

शाक्य, जगमोहन (२०१८), *बाह्र मसला,* ताप्लेजुङ : तुलसीप्रसाद उपाध्याय दाहाल ।

शाह, राजकुमारी पद्मा (२००९), *इस्प किस्सा कहानी,* काठमाडौँ : लेखक स्वयम् ।

शैल, के.पी (२०१६), *मिस नेपाल र वियोगीको डायरी,* काठमाडौँ : शैलेन्दु प्रकाशन ।

श्रेष्ठ, आर.पी. (२०५३), 'यथार्थवाद र प्रगतिवाद' *प्रलेस* (वैशाख-असार), पृ. ५१-५४ ।

श्रेष्ठ, गोरखप्रसाद (२०१५), *श्री गङ्गाजी उत्पत्ति कथा,* काठमाडौँ : लेखक स्वयम् ।

श्रेष्ठ, गोविन्दलाल (२०१६), अधुरो सपना, काठमाडौँ : जोरगणेश प्रेश ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा सबाल्टर्न,* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

श्रेष्ठ, दयाराम (२०३८), *नेपाली कथा र यथार्थवाद,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

श्रेष्ठ, दयाराम (२०५०), *पुष्करशमशेरका कथाहरू* (दोस्रो संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम, सम्पा. (२०५७), *नेपाली कथा भाग - ४,* काठमाडौँ : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम, सम्पा. (२०६०), *नेपाली कथा भाग ४,* ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०६८), *अभिनव कथाशास्त्र,* काठमाडौँ : पालुवा प्रकाशन प्रा.लि. ।

श्रेष्ठ, दयाराम (२०७०), *नेपाली कथा र कथाकार,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०७५), *प्रज्ञा आधुनिक नेपाली कथाकोश,* काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (२०३४), *नेपाली साहित्यको संक्षिप्त इतिहास,* काठमाडौँ : साझा प्रकाशन ।

श्रेष्ठ, दुर्गाप्रसाद (२०१८), *सम्झनाको बादल,* वनारस : नेपाली साहित्य मण्डल ।

श्रेष्ठ, पूर्णदास (२००१), *धानको बाला,* वनारस : नेपाली साहित्य मण्डल ।

श्रेष्ठ, रामकुमार (२०१६), *पाथीभरा,* ताप्लेजुङ : श्रीमती केशरीदेवी श्रेष्ठ ।

श्रेष्ठ, हरि (२००८), *जागिर,* काडमाडौँ : हरि श्रेष्ठ ।

सम, बालकृष्ण (२०४७), *तलतल* (सम्पा.), दयाराम श्रेष्ठ, काठमाडौँ : साझा प्रकाशन ।

सर्वहारा, कृष्णप्रसाद (२०१३), *दुई छेस्का सलाई,* काठमाडौँ : लेखक आफै ।

सर्वहारा, कृष्णप्रसाद (२०१८), *दर्बारकी केटी,* काठमाडौँ : बिप्लवी पुस्तकालय ।

सिंह, कवीन्द्रमान (२०१०), *विरहिणी,* पाल्पा : हरिहरप्रसाद प्रधान ।

सुब्बा, मनप्रसाद (सन् २००८), *किनाराका आवाज,* दार्जिलिङ : गामा प्रकाशन ।

सुब्बा, मनप्रसाद र थापा, रेमिका (सन् २०११), *किनारा विमर्श,* दार्जिलिङ : गामा प्रकाशन ।

सुवेदी, अभि (२०६८), 'सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास', *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड) राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), पृ. १२५-१३९, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

## अङ्ग्रेजी भाषाका सन्दर्भ सामग्रीसूची

Barker, C. (2000). *Cultural Studies : Theory and practice*. London : Sage publication.

Bennett, T. (1998). *Culture: A Reformer's Science*. Sydney: Allen and Unwin.

Bennett, T, lawerence G, and Meaghan M. (2005). *New key words: A Revised Vocabulary of culture and socity*. Maldou Blackweell publishing.

Beteille, A. (2012). *Cast, Class and Power*. (Third Ed.). New Delhi: Oxford University Press .

Bhasin, K. (2000), *Understanding Gender*. New Delhi : Paul's Press.

Connel, R. (1987). *GENDER & POWER*. Polity press in association with Basil Blackwell : U.K.

Foucault, M. (1978). *The History of Sexuality. Vol. 1: An Introduction*. (Robert Hurley, Trans.) Harmondsworth : Penguin.

Foucault, M. (1979). *Truth and power. interview with fontano and pasquino*. ( M. Morris and P. Patton. Interviewer ). Michele Foucault : *Power/Truth/Strategy*. Sydney : Feral publication, pp.29-48

Foucault, M. (1980). *Power/ Knowledge.* New York : Pantheon Books.

Foucault, M. (1980). *Power/ Knowledge Selected interview and Other Writings 1972-1977*. (Colin Gordon, Ed.) New York : Pantheon Books.

Foucault, M. (1982). *THE ARCHAEOLOGY OF KNOWLEDGE AND THE I)ISCQURSE ON LANGUAGE*. (A.M. Sheridan Smith, Trans.). New York : Pantheon Books.

Foucault, M. (1999). *Madness and civilization*. London : Routledge.

Gramsci, A. (1973). *The Prison Notebook Selection*. (Hoare and Smith, Tras. and Ed.). London : Lawrence and Wishart.

Gramsci, A. (2000). *Hegemoney,Intellectuals and the state, Cultural Theory and Popular Culture.* A Reader. Ed J. Storey, Athens : University of Georgia Press.

Gramsci, A. (2010). *Seliction from the Prison Notebooks*. New Delhi : Orient Blackswamn Private Limited.

Hall, S. (1997). *Representation*. London : Sage Publication.

Jessop,B. (2014).'Marsist opproaches to power'. *Political Psychology.* (Ed.)Adwinamenta katenash and Aanscott. Oxford and Malden: loiley Blackwell.

Lorber, J. (2011). *Gender Inequality. (*5th Ed.). Los Angeles : Rocks berray publising House.

Mclaner.P. (2017). Critical Pedagogi *:A look at the meser concept. The critical* Pedagogi rider.(Ed. Antonio Darder Rodolfo D. Tores and Marta P. Baltodano. London and Newyork : Routledge.

Marks.K.(1964). *Karl Marks: Selected writings in sociology and social philosophy.* (T.B.Bottomone. Trans.). Newyork and London: Mcgraw hill, inc. pg.179.

Shrestha, S. (1994). Gender sensitive planning : What, why, how in Nepal. Kathmandu: Womens awareness centre.